**केन्द्रीय कार्यालय**

हरिहरभवन, ललितपुर
पो.ब.न. ९१८२, काठमाडौं
इमेल nhrc@nhrcnepal.org
फाने ०१ ५०१००१५, १६, १७, १८
वेवसाइट www.nhrcnepal.org
फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५
हटलाइन ५० १० ०००

**क्षेत्रीय कार्यालयहरु**

विराटनगर, बरगाछी चोक
फोन ०२१ ४६१९३१, ४६१०९३
फ्याक्स ०२१ ४६११००

जनकपुर,
फोन ०४१ ५२७८११, ५२७८१२
फ्याक्स ०४१ ५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन ०६१ ४६२८११, ४६३८२२
फ्याक्स ०६१ ४६५०४२

नेपालगञ्ज, शान्तिनगर
फोन ०८१ ५२६७०७, ५२६७०८
फ्याक्स ०८१ ५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन ०९१ ५२५६२१, ५२५६२२
फ्याक्स ०९१५२५६२३

**उपक्षेत्रीय कार्यालयहरु**

खोटाङ, दिक्तेल, फोन ०३६ ४२०२८४
रूपन्देही, बुटवल, फोन ०७१ ५४६९११
जुम्ला, खलङ्गा, फोन ०८७५२०२२२


छ वर्षीय समष्टिगत प्रतिवेदन

राष्ट्रिय मानव अधिकार आयोग

# छ वर्षीय समष्टिगत प्रतिवेदन

(वि.सं.२०६४–२०७०)





राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, ललितपुर
नेपाल

राष्ट्रिय मानव अधिकार आयोग

# छ वर्षीय समष्टिगत प्रतिवेदन

(वि.सं.२०६४–२०७०)




राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, ललितपुर
नेपाल

# आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

माननीय केदारनाथ उपाध्याय

**सदस्यहरू**

माननीय रामनगिना सिंह

माननीय गौरी प्रधान

माननीय डा.लीला पाठक

माननीय डा.के.बी. रोकाया

**का.मु.सचिव**

वेदप्रसाद भट्टराई

| | |
|---|---|
| **संयोजन/लेखन** | : **सुवर्ण कुमार कर्माचार्य र सरिता ज्ञवाली** |
| **प्रकाशक** | : राष्ट्रिय मानव अधिकार आयोग<br>हरिहरभवन, ललितपुर, नेपाल |
| **प्रकाशन मिति** | : २०७० भाद्र |
| **संस्करण** | : **पहिलो** |
| **प्रति** | : ५०० |
| **प्रतिवेदन नं.** | : १७१ के.का. |
| **मुद्रण** | : सिमोन प्रिन्टर्स एण्ड ट्रेडर्स |
| **प्रकाशन सहयोग** | : मानव अधिकार सम्बर्द्धन र शान्ति प्रकृयामा योगदान परियोजना |
| **सर्वाधिकार** | : राष्ट्रिय मानव अधिकार आयोग, नेपाल |

---

आयोगको पूर्व स्वीकृतिबिना यस पुस्तकलाई बौद्धिक तथा शैक्षिक प्रयोजनबाहेक व्यापारिक वा अन्य प्रयोजनको लागि पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न वा कुनैपनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# मन्तव्य

मानव अधिकार सम्बन्धमा नेपाल पक्ष रहेका २ दर्जन भन्दा बढी अन्तर्राष्ट्रिय संन्धि-सम्झौता भइसकेका छन् । ती सन्धि-सम्झौताका शर्त र प्रतिबद्धताहरू पालन भएको छ छैन, त्यसको पालन गर्नका लागि अपनाउनु- पर्ने कानुनी, प्रशासनिक, एवं संयन्त्रात्मक विधि र ढाँचा इत्यादि निर्माणमा संयुक्त राष्ट्रसंघको सहयोगीको भूमिका सम्म रहेको हुन्छ । त्यसको समुचित अनुगमनको व्यवस्था भने नेपाल स्वयंले गर्नुपर्दछ । सन् १९९३मा पेरिसमा भएको सम्मेलनले संयुक्त राष्ट्रसंघको हरेक सदस्य राष्ट्रले आ-आफ्नो छुट्टा-छुट्टै राष्ट्रिय मानव अधिकार संस्था स्थापना गर्नुपर्ने भनी पेरिस सिद्धान्त प्रतिपादन भएको थियो । सोही अनुसार मानव अधिकार संरक्षण र संवर्द्धन कार्य गर्नका लागि नेपाल सरकारलाई सघाउन समेत राष्ट्रिय मानव अधिकार आयोगको स्थापना गर्न २०५३ सालमा मानव अधिकार आयोग ऐन जारी भएको भएतापनि राष्ट्रिय मानव अधिकार आयोगको स्थापना २०५७ साल जेठ १३ मा मात्र भयो । ऐतिहासिक दशवर्षे द्वन्द्वको अन्त्यपछि नेपालको अन्तरिम संविधान, २०६३ ले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक निकाय बनाइएको छ । यद्यपि यसको प्रकृति अरूसंवैधानिक निकायभन्दा फरक छ तर पनि त्यस कुरालाई २०६८ सालको राष्ट्रिय मानव अधिकार ऐनले राम्ररी समेट्न सकेको पाइँदैन ।

आयोगको तेस्रो कार्यकालको लागि वर्तमान आयोगको गठन २०६४ साल असोजमा भयो । नवगठित आयोगको साम‍ु अवसर तथा चुनौतीहरू प्रशस्त थिए । एकातर्फ अघिल्ला २ आयोगले अनुसन्धान र निर्णय गर्न बाँकी छाडेर गएका ठूलो सख्यामा पुराना कार्यहरु बक्यौता थिए भने अर्कोतर्फ विस्तृत शान्ति सम्झौताले सुम्पिएको दायित्व, मानव अधिकारमैत्री वातावरणमा संविधान सभाको निर्वाचन, द्वन्द्वबाट अवतरित नेपाली समाजलाई शान्ति रमानव अधिकार संस्कृतिको संचार गरी संयन्त्रित बनाउन निरन्तरको काम रहिआएको छ । त्यसैगरी युगौंदेखिको कुसंस्कार, भेदभाव अन्त्य गर्न पनि आयोगको प्रमुख भूमिका रहिआएको छ । यसको अतिरिक्त दलित, आदिवासी, जनजाति र तराई आन्दोलनको क्रममा भएका मानव अधिकार हनन, त्यसपछि पनि तराईमा निरन्तर हुने गरेका हत्या, हिंसा, अपहरण, बलजफ्ती फिरौती लिने जस्ता मानव अधिकार हननको अनुसन्धान र सिफारिसगर्नु नियमित काम थियो ।

आयोगले यस अवधि बीच दुईवटा (२००८-२०१० र २०११-२०१४) रणनीतिक योजना तयार गरी सो अनुसार काम शुरुवात गरेको थियो । रणनीतिक योजनामा महिला, आदिवासी जनजाति, पिछडिएको समुदाय, अपाङ्गता भएका व्यक्तिहरु, लैगिंकर अन्य अल्पसंख्यक समुदायलाई सामाजिक समावेशीकरणको सिद्धान्त अनुरूप आयोगको काम कारवाहीमा समाहित गर्न पहल गरियो । आयोगमा लामो समयदेखि ठूलो संख्यामा रहेको अस्थायी जनशक्तिलाई स्थायित्व दिन आयोगले प्रयास गर्दापनि सर्बोच्च अदालतमा अनाहकमा मुद्दा परी ती प्रयत्नलाई निष्क्रिय बनाई हाल मात्र सर्वोच्च अदालतले आयोगका पक्षमा निर्णय गरेको संचार माध्यमबाट जानकारी भएको छ । सीमित जनशक्तिलाई परिचालन गरी आयोगले यस अवधिमा धेरै उल्लेख्य काम

गरेको छ । सर्वोच्च अदालतको फैसलाले जनशक्ति पूरा गर्न मार्ग प्रशस्त गरेको भए पनि आधिकारिक फैसला नक्कल पाउन्जेल वर्तमान आयोगको कार्यकाल समाप्त भइसक्ने छ । संविधान सभा निर्वाचनको अनुगमन गरी प्रतिवेदन प्रकाशन, विस्तृत शान्ति-सम्झौता अनुरूप निरन्तररूपमा ४ वर्षसम्म अनुगमन गरी नेपाल सरकारलाई सिफारिस, संक्रमणकालीन अवस्थाको अनुगमन, संक्रमणकालीन न्याय तथा मानव अधिकारसम्बन्धी विभिन्न विषयमा अन्तर्क्रिया तथा छलफल, सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोगसम्बन्धी विधेयकमा नेपाल सरकारलाई सिफारिस इत्यादि कामहरू पनि भए ।

आयोगले बेपत्ता पारिएका व्यक्तिहरूको खोजी कार्यलाई निरन्तरता दिँदैआएको छ । कतिको सम्बन्धमा हत्याभएको र कति फेला परेको समेत आयोगले सरोकारवालालाई अवगत गराएको छ । बेपत्ता पारिएका व्यक्तिहरूको खोजीकार्यको सिलसिलामा पीडितको अनुरोधलाई प्राथमिकता दिई गम्भीर प्रकृतिका घटनाहरू अनुसन्धान गरी सार्वजनिक पनि गरिएको छ । दैलेखको द्वारीमा ने.क.पा माओवादीद्वारा हत्या गरी गाडेका पत्रकार डेकेन्द्रराज थापाको अबशेष, धनुषाको गोदारमा संजीवकुमार कर्ण सहित ५ जनालाई राज्यपक्षले हत्या गरी गाडेको अबशेष, कैलाली रामशिखर झालामा ए.ने.क.पा.माओवादीद्वारा हत्या गरी गाडिएको अवशेषको शवोत्खनन इत्यादि कार्य भए । यसै प्रसङ्गमा शिवपुरीमा मानव अवशेषको अनुसन्धान प्रायः सम्पन्न भइसकेको छ ।

आयोगले यस तेस्रो कार्यकालमा मानव अधिकार संरक्षण गर्ने सिलसिलामा उजुरी २,९७४ वटा ग्रहण गरेको छ । ती मध्ये २,६७१ वटा उजुरी उपर अनुसन्धान गरिएको छ । ३,८८१ वटा उजुरीहरूमा तामेली, खारेजी तथा टुङ्ग्याउने गरी अन्तिम किनारा लगाइएको छ । त्यसैगरी ६७२ वटा उजुरी उपर गम्भीर मानव अधिकार उल्लङ्घन भएको पाइएकोले पीडकलाई कारवाही र पीडितलाई क्षतिपूर्तिको सिफारिस गरिएको छ । मानव अधिकार सम्बन्धित विशेष घटनाहरू र समग्र मानव अधिकार गरी १,३९१ वटा अनुगमन सम्पन्न गरिएको छ । त्यसैगरी ३७ वटा नीतिगत निर्णयहरू गरिएका छन् । तथ्याङ्क र त्यसमा अंकित संख्याहरू आयोगका काम कारवाहीलाई प्रतिविम्बित गर्ने महत्वपूर्ण आधारहरू हुन् ।

मानव अधिकार संवर्द्धनतर्फ आयोगले यस कार्यकालमा १,१९० वटा तालिम गोष्ठी, कार्यशाला, बैठक तथाछलफल सम्पन्न गरेको छ । २६२ वटा प्रेस विज्ञप्ति तथा प्रेस सम्मेलन पनि सम्पन्न भइसकेका छन् । आयोगले मानव अधिकारका सवालमा पुस्तिकाहरू प्रकाशन तथा वितरण गर्दै आइरहेकोमा यस कार्यकाल सम्म १८९ वटा प्रकाशन गरी वितरण समेत गरेको छ । आयोगले १५२४वटा कार्यक्रमहरूमा स्रोतव्यक्ति, प्रशिक्षक तथा सहभागिता जनाएर आफ्नो कार्य प्रक्रियालाई अगाडि बढाएको छ । मानव अधिकारको संवर्द्धनका लागि आयोगले मानव अधिकार संवर्द्धन र संरक्षणमा टेवा पुऱ्याउन मानव अधिकारसँग सम्बन्धित ६ वटा निर्देशिकाहरू समेत जारी गरी कार्यान्वयनमा ल्याएको छ । यसका साथै मानव अधिकारका प्रमुख विषयमा विषयगत अधिकार सम्बन्धी पुस्तिकाहरू पनि प्रकाशन गरेको छ ।यी सबै काम कारवाहीको समष्टिगत प्रभाव अवश्य पनि मानव अधिकार संस्कृतिको निर्माणमा परेको विषयमा हामी विश्वस्त छौं ।

यसै आधारमा आयोगले अन्तर्राष्ट्रिय स्तरमा ए स्तरको मानव अधिकार संस्थाको रूपमा स्थापित हुन र निरन्तरता कायम गर्न सफल भएको छ। सन्२०११मा राष्ट्रिय मानव अधिकार आयोगको संयोजकत्वमा राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगको संयुक्त प्रयासमा विश्वव्यापी आवधिकसमीक्षा प्रतिवेदन बुझाएको छ भने सो प्रतिवेदन उपर समितिले नेपाल सरकारलाई दिएको सिफारिस कार्यान्वयनको अवस्था सम्बन्धमा वार्षिक र मध्यावधिक अनुगमन गरी प्रतिवेदन प्रकाशन कार्य समेत भएको छ।

आयोगले आफ्नो यस कार्यकाल भित्र दक्षिण एशियाका मानव अधिकार संस्थाबीच बाल-बालिका सम्बन्धी अन्तरर्राष्ट्रिय सम्मेलनको साथै आप्रवासी कामदारहरु सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन समेत आयोजना गरी ती सम्मेलनहरू सफलतापूर्वक सम्पन्न गरेको छ। यसका साथै भारतका पूर्व प्रधान न्यायाधीश एवं भारतकाराष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष, माल्दिभ्सका राष्ट्रिय मानव अधिकार आयोगका पूर्वअध्यक्ष, दक्षिण कोरियाका राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष, सं. रा. मानव अधिकार उच्च आयोगका आयुक्त एन. पी. पिल्ले, उप-आयुक्त तथा ब्रिटिश विकास मन्त्री तथा प्रतिनिधिहरू, नर्बे, डेनमार्क र फ्रान्सका यूरोपियन यूनियनसँग सम्बन्धित मन्त्री ब्रिटिस हाउस अफ लर्डसका प्रतिनिधि सहितका विशिष्ट वैदेशिक अतिथिहरूको यस अवधिभित्र आयोगले स्वागत तथा मानव अधिकारका समसामयिक विषयमा अन्तर्क्रिया गरेको थियो।

साथै आयोगको प्राङ्गणमा उपस्थित भई प्रमुख अतिथिको रूपमा आयोगको कार्यक्रममा भाग लिने प्रधान मन्त्रीहरूमा स्व. गिरिजा प्रसाद कोइराला, सम्माननीय श्री पुष्पकमल दाहाल "प्रचण्ड" सम्माननीय श्री माधव कुमार नेपाल, सम्माननीय श्री झलनाथ खनाल, सम्माननीय डा.बाबुराम भट्टराईको नाम उल्लेखनीय छ। आयोगको तत्वाधानमा आयोजित आप्रवासी कामदारहरुको हक-हित संरक्षण सम्बन्धी सम्मेलनको उद्घाटन सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट भएको कुरा समेत स्मरणीय छ।

यस आयोगको कार्य अवधिभित्र आयोगमा अनौपचारिक भेटमा पाल्नुहुने महामहिम नर्वेका राजदूतहरू, ब्रिटिश राजदूत, भारतीय राजदूत, फ्रेन्चराजदूत, स्वीस राजदूत, डेनिस राजदूत, यूरोपियन यूनियनका राजदूतको उपस्थिति उल्लेखनीय छ। यसबाहेक, देशमा मानव अधिकारको संरक्षण र संवर्द्धनको सन्दर्भमा नेपालस्थित ओएचसीआर, युएनडिपी यूनिसेफ, एफएओ, आईएलो जस्ता सं.रा. संघीय विशेषज्ञ संस्थाहरूसंगको सहकार्य पनि उल्लेखनीय रह्यो। आयोगको क्षमता सबलीकरणको सन्दर्भमा युएनडिपी मार्फत विभिन्न दातृ निकायहरूले पुऱ्याएको सहयोग पनि महत्वपूर्ण रहेको छ।

आयोगको अध्यक्षको हैसियतले यो प्रतिवेदन जनसमक्ष ल्याउन पाउनु मेरो निम्ति र समस्त आयोगकै लागि खुशीको कुरा हो। नेपालको वर्तमान परिप्रेक्ष्य र लम्बिदो संक्रमणकालीन अवस्था आफैंमा एउटा चुनौती भएको छ। सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता सम्बन्धी आयोग ६ वर्षसम्म पनि गठन एकातर्फ नहुनु र ती आयोगको नाममा यस आयोगको

सिफारिस थाती राख्नाले दण्डहीनताको कुसस्कार नियन्त्रण हुन सकेको छैन । द्वन्द्वकालमा राजनैतिक कारणले लगाइएका मुद्दा र सो मुद्दाको कारण अनुसन्धान तहकिकात समेत रोकी थुनाबाट मुक्त गर्नुपर्ने भन्ने निहुँमा मानव अधिकार हनन र मानवता विरुद्धका अपराधमा समेत तहकिकात रोकिनु, नेपाल सरकारले अदालतमा मुद्दा फिर्ता माग्नु र अदालतले त्यस्ता मुद्दाहरू फिर्ता दिनाले मानवता विरुद्धका अपराध र मानव अधिकारको गम्भीर उल्लङ्घनबाट पीडितले न्याय नपाउने अवस्था भएका छन् ।तथापी आयोगका काम र यसका सुझाव, सिफारिस र निर्देशनहरू पालना गरी मानव अधिकारको संरक्षण र संवर्द्धनमा योगदान दिने नेपाल सरकार राज्यका विभिन्न निकायहरू र राष्ट्र सेवक कर्मचारीहरू धन्यवादका पात्र हुनुहुन्छ । यसबाहेक मानव अधिकार रक्षकहरू र नागरिक समाजको क्षेत्रबाट भएका सहयोग र सहकार्यको निमित्त पनि आयोग आभार व्यक्त गर्दछ ।

द्वन्द्वकालीन अपराधको सही र न्यायोचित निराकरण एवं मेलमिलापको राष्ट्रिय वातावरण नबनेसम्म आउँदो दशकहरूमा पीडित र पीडकहरू दुवैले चैनको सास लिन सक्ने वातावरण हुननसक्ने सम्भावना प्रबल हुँदै गइरहेको छ । यस्तो विषम परिस्थितिमा पनि सफलतापूर्वक काम गर्ने वातावरण अब आउने आयोगले प्राप्त गरोस् भन्ने शुभकामना छ ।

प्रस्तुत प्रतिवेदन तयार गर्ने क्रममा सघाउनु हुने आयोगका माननीय सदस्यहरू, आयोगका कर्मचारीहरू तथा अन्य कर्मचारीहरू धन्यवादका पात्र छन् । आयोगका निर्देशक श्री सुवर्ण कर्माचार्यको निर्देशन र मानव अधिकार अधिकृत श्री सरिता ज्ञवालीको अथक परिश्रमलाई म विशेषरूपले प्रशंसा गर्दछु । मानव अधिकार अधिकृत श्री ज्ञवालीले प्रतिवेदन समय तालिका भित्रै समापन गर्न आफ्नो कर्तव्यप्रति देखाउनुभएको निष्ठाका कारण यो प्रतिवेदन, यो रूपमा, यो समयमा आउन सकेको हो भन्नुमा अत्युक्ति हुँदैन भन्ने कुरामा म निश्चित छु । आशा छ, राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी अध्ययन, अनुसन्धान गर्नेर जानकारी चाहने वा चासो राख्ने सबैको लागि यो प्रतिवेदन उपयोगी हुनेछ ।

धन्यवाद ।

केदारनाथ उपाध्याय

अध्यक्ष

# संक्षिप्त-रूप

| | |
|---|---|
| APF | Asia Pacific Forum of NHRIs |
| CAT | International Convention against Torture, Inhuman and Degrading Treatment 1984 |
| CEDAW | International Convention on Elimination of All Forms of Discrimination Against Women 1979 |
| CRC | International Convention on Rightsof the Child 1989 |
| ICC | Internatioal Coordinating Committee of NHRIs |
| ICCPR | Intermational Covenant on Civil and Political Rights 1966 |
| ICERD | International Convention on Elimination of All Forms of Racial Discrimination 1969 |
| ICESCR | International Covenant on Economic, Social, and Cultural Rights 1966 |
| MoU | Memorandums of Understanding |
| NHRI | National Human Rights Institution |
| UDHR | Universal Decleration of Human Rights 1948 |
| UNDP | United Nations Development Programme |
| UPR | Universal Priodic Review |

# विषय सूची


| | पेज नं. |
|---|---|
| कार्यकारिणी सारांश | १ |
| पृष्ठभूमि | १३ |
| **१ आयोगको कामकारवाहीको तथ्याङ्कगत एक झलक** | १५ |
| **२ आयोगका विशेष कार्यहरू** | १७ |
| २.१ संगठनात्मक सुधार | १७ |
| २.२ कार्ययोजना/नीतिगत निर्णय तथा सिफारिस | १८ |
| २.३ मानव अधिकार उल्लङ्घनका घटनाको शवोत्खनन | २० |
| २.३.१ द्वारी, दैलेखको घटना | २१ |
| २.३.२ शिवपुरी, काठमाडौं घटना | २१ |
| २.३.३ राम शिखरझाला, कैलालीको घटना | २२ |
| २.३.४ गोदार, धनुषाको घटना | २३ |
| २.४ संविधान सभा निर्वाचन अनुगमन | २४ |
| २.४.१ समन्वय समिति गठन | २४ |
| २.४.२ प्रकाशन तथा वितरण | २४ |
| २.४.३ तालिम तथा अभिमुखीकरण | २४ |
| २.४.४ संविधान सभा निर्वाचन अनुगमनः | २४ |
| २.५ विस्तृत शान्तिसम्झौता अनुगमन | २५ |
| २.६ आयोगको स्वतन्त्रता र स्वायत्तता रक्षार्थ आयोगको पहल | २७ |
| २.७ बलपूर्वक बेपत्ता तथा अपहरण विरुद्धको अधिकार संरक्षण र संवर्द्धन | २८ |
| २.८ मानव अधिकार रक्षकहरूको अधिकार संरक्षण र संवर्द्धन | ३० |
| २.९ आयोगले संक्रमणकालीन न्यायका लागि गरेको संवर्द्धन तथा संरक्षण | ३१ |
| २.१० अन्तर्राष्ट्रिय स्तरमा सम्बन्ध र समन्वय | ३३ |
| २.१०.१ आयोग र मानव अधिकार सस्थाहरूको समन्वय समिति (ICC) | ३३ |
| २.१०.२ आयोग र एशिया प्यासफिक फोरम(AP) | ३३ |
| २.१०.३ विभिन्न देशका मानव अधिकार संस्थाहरूसँग आयोगको सम्बन्ध | ३४ |
| २.१०.४ आयोग र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्च आयुक्तको कार्यालय | ३६ |

२.१०.५ संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद् ३६
२.१०.६ दक्षिण एशियाली मानव अधिकार संस्थाहरूसँग सहकार्य ३६

**३ आयोगका नियमित कार्यहरू** ३९
३.१ मानव अधिकार संरक्षण ३९
३.१.१ उजुरी ग्रहण ४०
३.१.२ अनुसन्धान ४०
३.१.३ उजुरी उपर निर्णय (सिफारिस/क्षतिपूर्ति/कारवाही / तामेली/खारेजी/टुङ्ग्याउने ) ४१
३.१.४ यातना, कुटपिट तथा दुर्व्यवहार अन्त्यका लागि पहल ४२
३.१.५ मानव अधिकार हननका मुद्दाको अभिलेखीकरण ४३
३.२ मानव अधिकार अनुगमन ४४
३.२.१ कारागार तथा हिरासत अनुगमन ४८
३.३ बालअधिकार संरक्षण र संवर्द्धन ४९
३.४ महिला अधिकार संरक्षण तथा संवर्द्धन ५२
३.४.१ बोक्सीको आरोपमा गरिने दुर्व्यवहार विरुद्ध भएका प्रयासहरू ५४
३.५ मानव बेचबिखनविरुद्धमा भएका कार्यहरू ५५
३.६ ज्येष्ठ नागरिकहरूको अधिकार संरक्षण तथा संवर्द्धन ५६
३.७ आदिवासी जनजाति, अल्पसंख्यकहरूको अधिकारको संरक्षण र संवर्द्धन ५८
३.८ जातीय विभेदविरुद्ध अधिकारसंरक्षण तथा संवर्द्धन ६०
३.९ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण तथा संवर्द्धन ६२
३.१० आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको संरक्षण र संवर्द्धन ६४
३.१०.१ खाद्यअधिकार संरक्षण र संवर्द्धन ६४
३.१०.२ स्वास्थ्यको अधिकार संरक्षण तथा संवर्द्धन ६७
३.१०.३ एचआईभी संक्रमित तथा प्रभावित व्यक्तिहरूको मानव अधिकार संरक्षण तथा संवर्द्धन ६७
३.१०.४ मानसिक रोगीहरूको हक अधिकार सरंक्षण तथा संवर्द्धन ६८
३.१०.५ विस्थापित भएका व्यक्तिहरूको अधिकार संरक्षण तथा संवर्द्धन ६९
३.१०.६ उपभोक्ताको अधिकार संरक्षण र संवर्द्धन ७०
३.१०.७ मानव अधिकार र वातावरण संरक्षण र संवर्द्धन ७२

**४ मानव अधिकार संवर्द्धन, वकालत तथा पैरवी र सामूहिक अधिकारमा आयोगको पहल** ७३
४.१ दयाराम स्मृति सम्मान ७५
४.२ लैङ्गिक तथा सामाजिक समावेशीकरणका लागि भएका संवर्द्धन तथा संरक्षण ७५
४.३ सामूहिक अधिकार सम्बन्धीसंवर्द्धन तथा सरक्षण ७६
४.४ अन्तर्राष्ट्रिय दिवस र वार्षिकोत्सव ७७
४.५ मानव अधिकार शिक्षाको क्षेत्रमा आयोगको प्रयासहरू ७८
४.६ सूचना तथा सञ्चार सम्बन्धी ७९
४.७ प्रकाशन तथा वितरण ८२
४.८ वार्षिक प्रतिवेदन प्रकाशन ८२
४.९ विश्वव्यापी आवधिक समीक्षा (UPR) ८३
४.१० महासंन्धिहरूमा आधारित प्रतिवेदन प्रकाशन ८३
४.११ विस्तृत शान्ति सम्झौतामा आधारित प्रतिवेदन ८३
४.१२ दशवर्षीय र तेह्रवर्षीय प्रतिवेदन ८४
४.१३ मानव अधिकार प्रश्नोत्तरसँगालो ८४
४.१४ मार्ग निर्देशिकाहरू ८४
४.१५ रोमविधान ८४
४.१६ श्रव्यदृश्य सामग्रीहरु निर्माण ८५
४.१७ विविध प्रकाशनहरू ८५
४.१८ अन्तर्राष्ट्रिय स्तरका कार्यक्रम ८६

**५ कानून सुधार सम्बन्धी** ८९
५.१ विद्यमान कानूनमा सुधारका लागि सुझाव ८९
५.२ महासन्धिमा आधारित सुझाव ९०
५.३ नीति तथा निर्देशिका कार्यान्वयन ९१
५.४ रोम विधान अनुमोदनका लागि आयोगको पहल ९२

**६ अन्य संघसस्थाहरूसँग सम्बन्ध र समन्वय** ९५
६.१ आयोग र नेपाल सरकारसँग सम्बन्ध ९५
६.२ आयोग र न्यायालयको सम्बन्ध र समन्वय ९६
६.३ नागरिक समाज र मानव अधिकार सङ्घसस्थासँग सहकार्य ९७
६.४ आयोग र सञ्चार माध्यमसँग सम्बन्ध ९७
६.५ परियोजनाहरू ९७

६.५.१ राष्ट्रिय मानव अधिकार आयोग क्षमता सबलीकरण परियोजना ९८
६.५.२ बालअधिकार परियोजना ९८
६.५.३ मानव अधिकार प्रवर्द्धन  तथा शान्ति प्रक्रियामा योगदान परियोजना ९८
६.५.४ राष्ट्रिय मानव अधिकार आयोगसबलीकरण(दोश्रो चरण) परियोजना ९९

**७ सिफारिस कार्यान्वयनको अवस्था** १०१

**८ उपलब्धि तथा चुनौतीहरू** १०३
८.१ उपलब्धिहरू १०३
८.२ चुनौतीहरू १०४
८.२.१ दण्डहीनताको अवस्था १०४
८.२.२ आयोगको सिफारिस कार्यान्वयन अबस्था १०५
८.२.३ जनशक्तिको व्यवस्थापन १०५
८.२.४ नयाँ ऐनका प्रावधान १०५
८.२.५ आन्तरिक समस्या १०५
८.२.६ भौतिक संरचना एवम् पूर्वाधार १०६

**९ निष्कर्ष** १०७
१ परिशिष्टाङ्गहरू १११
१.१ तथ्याङ्कहरू १११
१.२ प्रकाशन (प्रतिवेदन र अन्य) नामावली ११२
१.३ प्रकाशित केही विज्ञप्तिहरू(वि.स. २०६४–७०) ११८
१.४ नेपाल सरकारसँगको महत्वपूर्ण पत्राचारहरू २७४
१.५ आयोगको सांगठानिक ढाँचा ३३२
१.६ माननीय अध्यक्षको वक्तव्य ३३३

# कार्यकारिणी सारांश

ऐतिहासिक सशस्त्र द्वन्द्वको अन्त्य र गणतान्त्रिक लोकतन्त्रको आगमनसँगै राष्ट्रिय मानव अधिकार आयोग संवैधानिक आयोगमा रूपान्तरण भयो । सबैंधानिक निकायको रूपमा स्थापित आयोगको कार्यशैलीलाई सक्रिय बनाउन आन्तरिक प्रशासनिक सुधार गरेर संगठनात्मक परिवर्तन गरियो । आयोगका मूल्य मान्यताहरू पहुँच कायम गर्दै जवाफदेहिता, विविधता, समानता र समता, निष्पक्षता, स्वतन्त्रता, इमान्दारिता, सहभागिता र पारदर्शिताका आधारमा आफ्नो संवैधानिक दायित्व निर्वाह गर्दै नेपालको एक विश्वसनीय राष्ट्रिय मानव अधिकार संस्थाको छवि कायम राख्न आयोग सफल भएको छ ।

वि.सं.२०६२-०६३ को ऐतिहासिक परिवर्तनपछि एकातिर द्वन्द्वको कारणबाट मानव अधिकार को उल्लङ्घन भई सोबाट प्रभावित पीडितहरूका अवस्थामा सुधार ल्याउनु पर्ने र अर्कोतर्फ परापूर्वकालदेखि रहदै आएको आर्थिक शोषण, सामाजिक तथा सांस्कृतिक भेदभाव, अन्याय अत्याचार, पितृसत्तात्मक सामाजिक परिवेशले महिला माथि हुने गरेको भेदभाव तथा घरेलु हिंसा अन्त्य गर्नुपर्ने कामको जिम्मेवारी समेत आयोगको काँधमा थपिएको थियो । यी समस्याहरूलाई सम्बोधन गर्न गठित तेस्रो आयोगले पहिलो त्रिवर्षीय रणनैतिक योजना (सन् २००८-२०१०) र अर्को चारवर्षीय रणनीतिक योजना (सन् २०११-२०१४) तर्जुमा गरी काम कारवाही अगाडि बढाउँदै आएको छ । आयोगको चौथो रणनैतिक योजनाको ९.४.२ बुँदामा महिला, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका व्यक्तिहरू तथा अल्पसंख्यक र पछाडि परेका समुदायलाई मूलप्रवाहीकरणमा समाहित गर्न सकियोस् भन्दै लैङ्गिक तथा सामाजिक समावेशीकरणको सिद्धान्तलाई प्राथमिकतामा राखेर योजना तर्जुमा गरी मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने काम गरिएको छ ।

आयोगले यस अवधिमा सम्पन्न गरेका विशेष कार्यहरू मध्ये शवोत्खनन महत्वपूर्ण कार्यरहेको छ । राष्ट्रिय मानव अधिकार आयोगले स्थापनाकालदेखि नै द्वन्द्वको समयमा भएका हत्या, बेपत्ता, अपहरण पश्चात् हत्याका घटनाहरूको प्रमाण र साक्षीको आधारमा शवोत्खनन गर्दै आएको भए तापनि यस तेस्रो समयावधिमा ४ वटा उल्लेखनीय घटनाहरूको शवोत्खनन गरेको थियो । यीमध्ये दैलेखमा ए.ने.क.पा.माओवादीका कार्यकर्ताद्वारा पत्रकार डेकेन्द्रराज थापाको हत्या गरीएका घटना,२०६० जेठ २९ मा ठम्मानसिंह वमलाई आफ्नै गाउँघरबाट कब्जामा लिई अज्ञात पारेर राम शिखरझाला कैलालीमा गाडेको घटना, भैरवनाथ गण महाराजगञ्जबाट पक्राउ गरेर काठमाडौंको शिवपुरी जङ्गलमा ४३ जना व्यक्तिहरूलाई मारेर गाडिएको हुन सक्ने भनिएको घटना

र संजिवकुमार कर्णसमेत पाँचजना युवकहरूलाई सुरक्षाकर्मीद्वारा हत्या गरी धनुषा जिल्लाको गोदारमा गाडिएको घटनाका शवोत्खनन आदि हुन् । माननीय श्री गौरी प्रधानको संयोजकत्वमा शवोत्खनन कार्य भएको थियो र ती घटनाहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चासोका विषय बने ।

आयोगले यस अवधिमा **संविधान सभा निर्वाचनको अनुगमन** गरेको थियो । संविधान सभा निर्वाचनको अनुगमन कार्यमा आयुक्त, आयोगका कर्मचारी तथा स्वयंसेवक समेत नियुक्त गरी अनुगमन गरिएको थियो । आयोगले ६८ जिल्लाहरूमा निर्वाचन पूर्व, निर्वाचनको समय र निर्वाचन पश्चात्को समयको समेत अनुगमन गरेको थियो । यसक्रममा उजुरी दर्तामा पहुँचको लागि हटलाइनको व्यवस्था गरिएको थियो । अनुगमन पश्चात् आयोगले संविधान सभाको बखत मानव अधिकारको स्थितिको बारेमा प्राप्त तथ्यहरूको आधारमा निर्वाचन आयोग, नेपाल सरकार लगायत अन्य सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराएको थियो । यस क्रममा आयोगले मानव अधिकारको दृष्टिमा संविधान सभा निर्वाचन अनुगमन प्रतिवेदन, २०६५ पुस्तिकाको प्रकाशन तथा वितरण समेत भएको थियो ।

वि.सं. २०६४ मंसिर ५ गते सम्पन्न **विस्तृत शान्ति सम्झौता** दश बर्षे द्वन्द्वको अन्त्य र शान्ति निर्माण प्रक्रियामा एक कोशेढुङ्गा सावित भएको छ, जसमा मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र अन्तर्राष्ट्रिय मानवीय कानुनका मान्यताहरूलाई पनि आत्मसात् गर्दै सम्झौतारत पक्षहरूले पालना गर्ने प्रतिबद्धता जाहेर गरेका छन् । यस सम्झौताको महत्वपूर्ण उद्देश्य युद्धविरामलाई स्थायी शान्तिमा रूपान्तरण गर्नु हो । यस सम्झौताले विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका शर्तहरू परिपालना भए नभएको अनुगमन गर्ने दायित्व राष्ट्रिय मानव अधिकारलाई तोकेको थियो । यस अवधिमा आयोगले विस्तृत शान्ति सम्झौता अनुरूप मानव अधिकारको स्थितिको निरन्तर चार वर्षसम्म अनुगमन गरेको थियो । यस अनुगमनबाट जीवनको अधिकार सम्बन्धी मानव अधिकार उल्लङ्घनका घटनाहरूको संख्या १८६ मध्ये सरकार पक्षबाट १०७ वटा, ने.क.पा माओवादीबाट २६ वटा, वम विष्फोट ५३ वटा रहेको थियो । यातनामा २४६ वटा घटनाहरू दर्ता भए, जसमा **१९८** सरकार पक्षबाट र माओवादी पार्टीबाट ४८ घटनाहरू रहेका छन् । त्यसैगरी नागरिक तथा राजनीतिक अधिकारका २८ वटा घटना, गैरन्यायिक थुना/न्याय प्रशासन सम्बन्धमा २१५ वटा उजुरी, आन्तरिक विस्थापित ८८ वटा, आर्थिक तथा सामाजिक अधिकार १५८ वटा, महिला अधिकार १४३ वटा, बाल बालिकाको अधिकार सम्बन्धी १३३ वटा घटना दर्ता भएका थिए । सम्पतिको अधिकार २०० वटा मध्ये १९३ नेकपा माओवादी, ७ राज्यपक्षबाट घटना भएको पाइएको थियो ।

त्यसैगरी **बेपत्ता सम्बन्धी घटनाहरूमा** आयोगले निरन्तर अनुगमन तथा अनुसन्धान गर्दै आइरहेको छ । सशस्त्रद्वन्द्वको समयमा करिब ३,३४७जना बेपत्ता भए तापनि आयोगको अध्ययन र अनुसन्धान पश्चात् अझै ८३५ जना बेपत्ता रहेको आयोगको अभिलेखमा

उल्लेखित छ । बलपूर्वक व्यक्ति बेपत्ता सम्बन्धी विधेयकलाई आयोगले मानव अधिकारमैत्री बनाउन नेपाल सरकारलाई सुझाव दिएको थियो । बेपत्ता पारिएका व्यक्तिका परिवारका सदस्यहरूले राहत प्राप्त गर्न नसकेको गुनासो आइरहेकोले अनुसन्धान गरी राहतको लागि आयोगले नेपाल सरकारलाई सिफारिस गरेको छ । आयोगको अनुसन्धानबाट पहिचान गरिएका पीडक माथि अझै कानुनी कारबाही हुनसकेको अवस्था छैन ।

## संक्रमणकालीन न्याय

द्वन्द्वको समयमा भएका हत्या, बेपत्ता, विस्थापन, गैरकानुनी थुना, यातना जस्ता घटनाहरूको आयोगले अनुसन्धान तथा अनुगमन गरेको थियो । आयोगले १३ हजारभन्दा बढीले ज्यान गुमाएका, ८३५ बेपत्ता भएका, ८० हजार भन्दा बढी मानिस विस्थापित भएका, ९६४ मानिसहरूले यातना पाएको भनिएका घटनाहरूका लागि सत्यतथ्य पत्ता लगाउन सत्य निरूपण तथा मेलमिलाप आयोग बनाउन पटक पटक सरकारलाई सिफारिसका साथै ध्यानाकर्षण गराउँदै आएको छ । आयोगले सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयक तथा वलपूर्बक व्यक्ति बेपत्ता सम्बन्धी छानबिन आयोग विधेयक उपर छलफल कार्य गरी सो उपर गर्नुपर्ने सुधार सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरेको थियो । त्यसैगरी द्वन्द्वको समयमा घटेका फौजदारी घटना उपर अदालतमा मुद्दा चलेको विषयमा सरकारले विभिन्न समयमा मुद्दा फिर्ता लिने गरेको निर्णय उपर आयोगले उक्त कार्य अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र मानवीय कानुनको विपरीत भएकाले त्यसो नगर्न पत्राचार तथा प्रेस विज्ञप्तिमार्फत नेपाल सरकारलाई सचेत गराएको थियो । संक्रमणकालीन न्यायद्वारा दण्डहीनताको अन्त्य, क्षतिपूर्ति तथा न्याय र पुनर्स्थापना, पुनर्फिर्ति तथा पुनर्मिलन जस्ता कुरामा सरकारले काम गर्नुपर्ने कुरामा आयोगले जोड दिँदै आइरहेको छ ।

## आयोगको अन्तर्राष्ट्रिय स्तरमा समन्वय तथा सम्बन्ध

नेपाल मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मानव अधिकार आयोगको समन्वय समितिको एक सकृय सदस्य राष्ट्र हो । आयोगले बिभिन्न देशका मानव अधिकार संस्थासँग सुमधुर सम्बन्ध स्थापित गर्दै आएको छ । राष्ट्रिय मानव अधिकार संस्थाहरूको साझा संस्था एसिया प्रशान्त मञ्चको वार्षिक बैठकमा नियमित सहभागिता गरी आयोगको छविलाई उचाइमा पुऱ्याउन सफल भएको छ । भरखरै एसिया प्यासिफिक फोरम मार्फत तर्फबाट सदस्य राष्ट्रको हैसियतले आयोगले आफ्नो क्षमता समीक्षा कार्य सम्पन्न गरेको छ । आप्रवासी कामदारहरूको हक-हित सुनिश्चित गर्न आयोगले दक्षिण कोरियाको राष्ट्रिय मानव अधिकार संस्थासँग स्मृतिपत्रमा हस्ताक्षर गरेको थियो । सोही सम्झौता अनुरूप कोरियन मानव अधिकार संस्थाले त्यहाँ कार्यरत नेपाली कामदारहरूको अधिकार उल्लङ्घनका उजुरी लिने प्रकृया थालेको छ। फिनल्याण्ड सरकारले नेपालको मानव अधिकार र शान्ति प्रक्रियामा मद्दत गर्न आयोगलाई सहयोग गर्दै आइरहेको छ । ओ.एच.सी.एच.आरसँग पनि यस विषयमा निरन्तर सहकार्य हुँदैं आएको छ । आयोगले संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्सँग पनि सम्बन्ध राख्दै आएको छ ।

## राष्ट्रिय मानव अधिकार आयोग

विश्वव्यापी आवधिकसमीक्षा समितिमा मानव अधिकारको स्थितिको बारेमा प्रतिवेदन बुझाएको छ । विश्वव्यापी आवधिकसमीक्षा समितिले नेपाल सरकारलाई दिएको सुझाव कार्यान्वयनको अवस्था अनुगमन गरी एकवर्षे र मध्यावधि प्रतिवेदन तयार गरिएको छ ।

आयोगका पदाधिकारी तथा कर्मचारीहरूद्वारा अन्तर्राष्ट्रिय सम्बन्ध तथा समन्वयका लागि विभिन्न देशका भ्रमण गरी सम्बन्ध सुदृढ गरिएको छ । २०६४/२०६५ सालमा दक्षिण अफ्रिका, श्रीलंङ्का, कोरिया, बेलायत, अमेरिका, क्यानडा, बङ्गलादेश, फिनल्याण्डको भ्रमण गरिएको थियो । २०६५/२०६६, २०६६/२०६७ मा २०६८/६९ मा ए पि एफको वार्षिक बैठकमा आयोगका अध्यक्षज्यूको सहभागिता रहेको थियो । मानव अधिकारको संवर्द्धन र संरक्षण सम्बन्धी क्षेत्रीय सहयोग सम्बन्धी एसिया प्यासिफिक क्षेत्रको कार्यक्रममा माननीय सदस्य श्री गौरी प्रधानज्यू सहभागी हुनुभएको थियो । आ.व. २०६८/२०६९ मा APT Global Forum on the OPCAT सम्बन्धी कार्यक्रम र विश्वव्यापी मानव अधिकार सम्वन्धी समीक्षाहरूमा माननीय श्री गौरी प्रधानज्यूको सहभागिता रहेको थियो । यस वाहेक, फ्रान्स, डेनमार्क, फिलिपिन्स, दक्षिण कोरिया, इजरायल, न्यूजिलैण्ड, इण्डोनेसिया, इङ्गलैण्ड लगायत विभिन्न देशहरूमा सम्पन्न अध्ययन भ्रमण, तालिम र कार्यशाला गोष्ठिहरूमा आयोगका कर्मचारीहरू सहभागी भएका छन् ।

## मानव अधिकार संरक्षण

राष्ट्रिय मानव अधिकार आयोगको मुख्य काम मानव अधिकारको संरक्षण र संवर्द्धन गर्नु हो । आयोगले स्थापनाकाल देखिनै मानव अधिकार उल्लङ्घनका घटनाहरूको अनुसन्धान तथा अनुगमन कार्य गर्दै आइरहेको छ । संविधानतः राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार उल्लङ्घनका घटनाहरूमा उजुरी ग्रहण, उजुरी उपरको प्रमाणीकरण तथा अनुसन्धान गरी मानव अधिकार उल्लङ्घन भएको पाइएमा कारवाही तथा क्षतिपूर्तिको लागि सिफारिस गर्ने गर्दछ । आयोगको यस तेस्रो कार्यकालमा उजुरी २,९७४वटा ग्रहण गरेको साथै २,६७१ वटा उजुरी उपर अनुसन्धान गरिसकेको छ । आयोगले यस अवधिमा १,३९१ वटा घटनाहरूका मानव अधिकारको अनुगमन गरेको छ । आयोगले विशेष अनुगमन र मानव अधिकार महासन्धिमा आधारित गरी दुई तरिकाबाट अनुगमन गर्दछ । आयोग संवैधानिक निकाय भएपछि कारागार, प्रहरी हिरासत, सैनिक हिरासतको अलावा कुनै सरकारी निकाय वा व्यक्तिगत निकाय समेतको अनुगमन गर्न सक्ने बृहत् कार्यादेश प्राप्त भएको छ । मानव अधिकार अनुगमनपश्चात् प्राप्त तथ्यको आधार मा तत्काल सुधार गर्नुपर्ने देखिएमा नेपाल सरकारलाई सिफारिस गर्नेगर्दछ । अनुगमन पश्चात् मानव अधिकारको अवस्था तत्काल सुधार गर्नुपर्ने भएमा तत्कालै प्रधानमन्त्रीलाई भेट गरी सुधार्नुपर्ने विषय अवगत गराउने गरेको छ भने कतिपय अवस्थामा मानव अधिकार अनुगमन पश्चात् प्रतिवेदन प्रकाशन र पत्रकार सम्मेलन समेत गर्ने गरेको छ ।

आयोगले छ वर्षको अवधिमा २०९ पटक कारागार तथा हिरासतको अनुगमन गरेको छ । अनुगमन गर्ने क्रममा कैदीबन्दीले कानुन प्रदत्त हक अधिकार उपभोग गर्न पाएका छन् छैनन् वा अधिकार उपभोगबाट बञ्चित गरिएको सम्बन्धमा अनुसन्धान गर्ने गरिन्छ । साथै भौतिक संरचना

मानवोचित भए नभएको, कारागारमा मानव अधिकारमैत्री व्यवहार, कैदीबन्दीको गोपनीयता, सञ्चार सम्बन्ध, परिवारजनसँगको सम्पर्क लगायतका विषयमा अनुगमन गर्दछ। अनुगमनपश्चात् प्राप्त तथ्यहरूको आधारमा कारागार सुधार, कैदीबन्दीलाई अधिकार प्रयोगको सहज वातावरणतय एवम् मानवोचित व्यवहार उपलब्ध गराउने सम्बन्धमा सिफारिस गर्दछ । आयोगले प्रत्येक वर्ष देशका विभिन्न कारागार तथा हिरासत अनुगमन गर्ने गरेको छ ।

आयोगले **बाल बालिकाको अधिकार संरक्षण र संवर्द्धनका बाल अधिकार इकाई** खडा गरेको छ। जसले बाल अधिकार उल्लङ्घन तथा दुरूत्साहनका घटनाहरूको अनुसन्धान तथा अनुगमन गर्ने गर्दछ । हरेक वर्ष नेपालमा बालबालिकाको अवस्था बारेमा वार्षिक स्थिति प्रतिवेदन (Annual Situation Report) प्रकाशन गरिन्छ । यस वर्ष आयोगले बालबालिका सम्बन्धी आयोगको सिफारिस तथा यू.पी.आर.का सुझाव कार्यान्वयनको अवस्था (Implementation Status of National Human Rights Commission and Universal Periodic Review Recomndations on Childern) अध्ययन गरी प्रकाशन तथा वितरण गरेको छ ।

नेपाली **महिलाहरू** सामाजिक, सांस्कृतिक, आर्थिक तथा नागरिक अधिकारबाट बञ्चित हुनु परेको तितो यथार्थ छ । महिलामाथि हुने हिसांका घटना जस्तैः घरेलु हिंसापछि हत्या, बलात्कार, कुटपिट, यातना, बोक्सीको आरोपमा क्रूर यातना तथा गाउँ निकाला, दाइजो नल्याएको आरोपमा घर निकाला, कुटपिट तथा हत्या, आत्महत्या, कमलरी समस्या, बादी समस्या, मुक्त कमैया महिलाहरूको अवस्था, अन्तर जातीय विवाह, मधेश तथा मुस्लिम समुदायमा बुहारीलाई दाइजो नल्याएको आरोपमा हत्या र यातना दिएको, अनुहारमा तेजाव हालेर कुरूप बनाएको, बाबुले छोरी माथि गरेको यौन दुर्व्यवहार आदिको आयोगले अनुगमन गरेको छ । आयोगले महिला अधिकार संरक्षण र संवर्द्धन सम्बन्धी प्रतिवेदन र महिला मानव अधिकारको प्रचार-प्रसारका लागि प्रचार सामाग्रीहरू प्रकाशन तथा वितरण गर्दै आएको छ ।

आयोगले **मानव बेचबिखनविरूद्ध** अभियानमा मानव बेचबिखनविरूद्ध राष्ट्रिय समाधिक्षकको कार्यालय स्थापना गरेको छ । यस कार्यालयले मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिका बेचबिखन जस्तो गम्भीर विषयलाई प्राथमिकतामा राखी रोकथाम तथा नियन्त्रण सम्बन्धी काम गर्दै आएको छ । विशेषतः यस कार्यालयले अनुगमन, अनुसन्धान, नीतिगत सिफारिस, छलफल, राय सुझाव, संकलन एवम् नियमित राष्ट्रिय प्रतिवेदन तयार पारी प्रकाशन तथा वितरण गर्ने कार्य गर्दै आइरहेको छ ।

ज्येष्ठ नागरिकका हक अधिकार अनुगमनको क्रममा कतिपय बाबु-आमालाई डोकोमा हाली बागमती नदीको किनारामा फाल्ने, वृद्धाश्रममा लगेर इच्छा विपरीत राखिदिने, घर निकाला गर्ने गरेको पाइएको छ । उनीहरूको हेरचाह, स्वास्थ्य उपचार संरक्षण, सुनिश्चित भविष्यको लागि सशक्त कानुन निर्माण तथा त्यसको प्रभावकारी कार्यान्वयनका लागि ज्येष्ठ नागरिक सम्बन्धी ऐन नियमको अध्ययन गरी मानव अधिकारमुखी बनाउन नेपाल सरकारलाई सिफारिस गरेको

थियो । आयोगले केन्द्र र क्षेत्रीय कार्यालयहरूबाट ज्येष्ठ नागरिकहरूको मानव अधिकार संरक्षण र संवर्द्धनमा प्राथमिकता दिदै अनुगमन, अनुसन्धान तथा तालिम, गोष्ठी, अन्तर्क्रिया, तथा छलफल जस्ता कार्यक्रम गरी उनीहरूको अधिकार सुनिश्चिततामा जोड दिइएको छ । दोलखामा छोरा बुहारीले बाबु आमालाई हेला गरेको भनी परेको उजुरीमा मध्यस्थता समेत गरेको थियो ।

आयोगले **आदिवासी, जनजाति, मधेसी, दलित, वहिष्कृत,** अल्पसङ्ख्यक तथा सीमान्तीकृतहरूको अधिकारको सम्बन्धमा विशेष ध्यान दिदै आएको छ । आयोगले संगठनात्मक संरचनामा नै आदिवासी जनजाति, दलित, महिला, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिका अधिकार तथा अन्य पछाडि पारिएका समुदायहरूका हक अधिकारलाई सम्बोधन गर्न सामूहिक अधिकार महाशाखा र लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखाको स्थापना गरेको छ । मिति २०६४/२०६५ मा आदिवासी तथा जनजाति सम्बन्धी महासन्धि १६९ ले व्यवस्था गरेका अधिकारको सुनिश्चितता तथा जनचेतना अभिवृद्धि गर्न काठमाडौं र बाँकेको नेपालगंजमा अन्तर्क्रिया सम्पन्न गरिएको थियो । आइएलओ महासन्धि १६९ को कार्यान्वयन सम्बन्धमा स्थानिय विकास मन्त्रालयद्वारा तयार पारिएको मस्यौदा प्रतिवेदनमाथि आवश्यक सुझाव सहित आयोगले नेपाल सरकारलाई सिफारिस गरेको थियो । नयाँ संविधानमा आदिवासी जनजाति तथा दलित अधिकारका मुद्दालाई सुनिश्चित गर्न सञ्चार माध्यमको भूमिका विषयक अन्तर्क्रिया सम्पन्न गरेको थियो । हालै आई.एल.ओ महासन्धि १६९ को कार्यान्वयन तथा प्रवर्द्धनको लागि सरोकारवाला संस्थाका प्रतिनिधिहरूलाई प्रशिक्षण संचालन गरिएको थियो । लैङ्गिक तथा सामाजिक समावेशीकरणको सिद्धान्त अनुरूप आयोगको काम कारवाहीमा सचेतना गराउन आयोगका कर्मचारीहरूलाई एकदिवसीय कार्यक्रम र आदिवासी जनजाति महिलामा हुने हिंसा सम्बन्धमा अन्तर्क्रिया संचालन गरिएको थियो । आदिवासी जनजाति आन्दोलनमा मारिएका राजेन्द्र आङ्देम्बेको अनुसन्धान आयोगले गरेको थियो । सामूहिक अधिकारतर्फ खिम्ती ढल्केवर विद्युत प्रसारण लाइनको सम्बन्धमा भएको विवाद समाधानका लागि सरकारी निकायसँग पहल गरेको थियो ।

जातीय विभेदविरूद्ध अधिकार नेपाल २०२० सालको मुलुकी ऐनले छुवाछुतलाई फौजदारी अपराधको संज्ञा दिएको भए तापनि व्यवहारमा जातीय भेदभाव कायमै रहेको अवस्था छ । राष्ट्रिय मानव अधिकार आयोगले जातीय भेदभाव विरूद्ध अनुगमन, अनुसन्धान, छलफल, गोष्ठी, तालिम आदिबाट सूचना संकलन गरी जातीय मुद्दालाई सम्बोधन गर्न नेपाल सरकारलाई सिफारिस गरेको थियो ।

त्यसैगरी आयोगले **हलिया प्रथाबाट** दलित समुदायमा पारेको असर सम्बन्धमा अनुगमन गरेको थियो । प्रचलित हलियाप्रथा मानव अधिकारको सिद्धान्त विपरीत देखिएकाले यसलाई तत्काल उन्मूलन गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ । रौतहट पिपरिया दोस्तिया-८ भिङ्डवार गाउँको दलित बस्तीमा गैरदलित जातिका मानिसहरूबाट स्थानीय भगवती मन्दिरमा पूजाआजा गर्न गएका दलित समुदायका मानिसहरूमाथि आक्रमण गरिएको घटना र सोबाट उत्पन्न परिस्थितिप्रति आयोग गम्भीर हुँदै अनुगमन गरेको थियो । यस बाहेक दैलेख, कालिकोट, नुवाकोट,

ललितपुर, धादिङ्ग, मोरङ्ग, काठमाडौं लगायत विभिन्न जिल्लामा भएका जातीय विभेद र छुवाछुत सम्बन्धी घटनाहरूको अनुगमन र अनुसन्धान गरी नेपाल सरकारलाई पीडितको हकहित संरक्षण र राहत तथा पीडकलाई कारवाही गर्न पहल गरेको छ ।

**अपाङ्गताभएका व्यक्तिहरूको** अधिकारलाई सुनिश्चिताको लागि गराउन आयोगले अपाङ्गता भएका समूहहरूको हक अधिकार संवर्द्धन र संरक्षण तथा कार्यान्वयन पक्षमा काम थालनी भएको छ । उनीहरूको पहिचान, पहुँच र सामर्थ्यमा वृद्धि गर्न हाल विद्यमान विभेदकारी कानुनको खारेजी, कानुनको प्रभावकारी कार्यान्वयन, अपाङ्गमैत्री भौतिक संरचना, तथा सार्वजनिक भवन निर्माण तथा सडक अपाङ्गतामैत्री बनाउन आयोगले नेपाल सरकार लाई सिफारिस गरेको थियो । साथै अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारको प्रचार प्रसारको लागि अन्तर्क्रिया, कार्यशाला गोष्ठी तथा छलफल र तालिम कार्यक्रम गर्दै आइरहेको छ ।

आयोगले द्वन्द्वपश्चात् **आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको** संरक्षण र संवर्द्धन सम्बन्धी कार्यमा जोड दिएको देखिन्छ । मानिसलाई मर्यादित जीवनको अधिकार अन्तर्गत स्वास्थ्य र पौष्टिक आहार सहित बाँच्न पाउने अधिकार छ तर त्यसतर्फ राज्यले अझै ध्यान दिन सकेको छैन । राष्ट्रिय मानव अधिकार आयोगले सोही अधिकारको कार्यान्वयनको अवस्था अनुगमन गर्ने क्रममा मुगु, डोल्पामा खाद्य अधिकार र जाजरकोटमा स्वास्थ्यको अधिकारको अनुगमन गरेको थियो । मध्य र सुदूर पश्चिमाञ्चल क्षेत्रका पहाडी जिल्लाहरूमा भएको भोकमरीबाट सृजना भएको समस्याको अध्ययन गरिएको थियो । मध्य तथा सुदूरपश्चिमाञ्चलका जिल्लाहरूमा फैलिएको झाडा पखालासम्बन्धी रोगहरूमा राष्ट्रिय मानव अधिकार आयोगले स्थलगत अनुगमन गरेको थियो । विश्व खाद्य कार्यक्रमले आपूर्ति गरेको खाद्य पदार्थ गुणस्तरहीन तथा वितरण गरिएका अखाद्य वस्तुले नागरिकको स्वास्थ्यमा प्रतिकूल असर पारेको देखिएकोले यसबारे सुधार गर्न आयोगले नेपाल सरकारलाई सिफारिस गरेको थियो ।

सामाजिक तथा सांस्कृतिक अधिकार अन्तर्गत नेपालको मध्य र सुदूरपश्चिमाञ्चल क्षेत्र तथा देशका अन्य भागमा प्रचलित हलिया प्रथा, कमलहरी प्रथा, जातीय (विभेद तथा छुवाछुत प्रथा आदि) ले मानव अधिकारमा परेको असर अनुगमन गरी आयोगले यसलाई तत्काल उन्मूलन गर्न नेपाल सरकारलाई सिफारिस गरेको थियो । साथै समग्र मानव अधिकारको अनुगमनको क्रममा आर्थिक, सामाजिक, तथा सांस्कृतिक अधिकारको अनुगमन गर्ने गरिन्छ । आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार संवर्द्धन तर्फ **खाद्य अधिकारमा पहुँच विषयक तालिम**, उपभोक्ताको अधिकार तथा स्वास्थ्य सम्बन्धी तालिम सम्पन्न गरेको थियो ।

आयोगले उपभोक्ताको हक अधिकारलाई प्राथमिकता दिदै **उपभोक्ता हकहित संरक्षण सम्बन्धी निर्देशिका** तयारीको लागि सुझाव संकलनको लागि छलफल कार्यक्रम सम्पन्न गरेको थियो । उपभोक्ताको अधिकार सम्बन्धमा सरोकारवालाहरूसँग छलफल गरी थप सम्वेदनशील हुन आग्रह

गर्दै आएको छ । आयोगले उपभोक्ताको मानव अधिकार संरक्षण तथा संवर्द्धनका लागि अनुगमन मार्ग निर्देशिका, २०६८ प्रकाशन गरी व्यापक रूपमा वितरण समेत गरिएको थियो । वि.सं. २०७० मा उपत्यकामा सञ्चालित दुग्ध व्यवसायबाट उत्पादित दूधमा जनस्वास्थ्यमा असर पार्नसक्ने जीवाणु '**कोलिफर्म**' भेटिएको बारे आयोगले सम्बन्धित सरोकारवालाहरूसंग परामर्श बैठक गरी उपभोक्ताहरू स्वास्थ्य र गुणस्तरीय दुध वितरण गर्न निर्देशन गरेको थियो ।

**स्वास्थ्य अधिकार** बारे कार्यशाला, एचआइभी संक्रमित महिला, लागू पदार्थ दुर्व्यसनी महिला तथा यौनकर्मी महिलाको स्वास्थ्य अधिकारबारे पोखरा र एचआइभी संक्रमितहरूको अधिकारका बारेमा धनगढीमा आयोगले कार्यशाला आयोजना गरेको थियो । प्राकृतिक प्रकोपको रोकथाम र द्रुत उद्धारका लागि आयोगद्वारा नेपाल सरकारलाई विज्ञप्ति मार्फत सचेत गराइएको थियो । त्यसैगरी मानसिक रोगीहरूको अधिकार सुनिश्चित गर्नका लागि कोसिस लगायत अन्य सरोकारवाला सरकारी तथा गैरसरकारी संस्थासँगको सहकार्यमा अन्तर्क्रिया तथा छलफल गरिएको थियो। डेङ्गु रोग सम्बन्धमा पूर्व सतर्कताको लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउने उद्देश्यले सरकारी निकायहरूसँग छलफल गरिएको थियो। बाढीवाट प्रभावित क्षेत्रहरूको आकस्मिक अनुगमन, विस्थापित व्यक्तिहरूको अवस्था सम्बन्धमा आयोगको टोलीद्वारा दाङको लमही, भगवानपुर, घोराही तथा तुल्सीपुरको स्थलगत अनुगमन गरिएको थियो ।

विस्थापित भएका व्यक्तिहरूको अधिकार सम्बन्धमा आयोगले नियमित अनुगमन गर्ने गरेको छ । विगत दश बर्षे द्वन्द्व र प्राकृतिक विपत्तिका कारण आ-आफ्नो थात-बास गुमाई वा छोडी अन्यत्र बस्न बाध्य भएका व्यक्तिहरूको आवास तथा धनजन, क्षति, जग्गा कब्जा लगायतका हक अधिकारहरू यस अवधिमा पनि प्रभावित भए । विस्तृत शान्ति सम्झौतापछि विस्थापित भएका व्यक्तिहरूको मानव अधिकारको स्थितिमा सुधार हुने कुरामा अपेक्षा गरिएको थियो तर व्यवहारमा लागू हुन सकेन। तत्कालीन नेकपा (माओवादी) र सरकार बीचको सशस्त्र द्वन्द्वका कारण विस्थापित हुन पुगेका कतिपय व्यक्तिहरू अझै पूर्णरूपमा स्थापित हुन सकेको अवस्था छैन । विस्थापितका हक अधिकारका सम्बन्धमा आयोगमा २०६४ देखि २०७० सम्मको अवधिमा ११२ वटा उजुरीहरू माओवादीवाट विस्थापित गरिएको भन्ने परेको छ भने सुरक्षाकर्मीवाट विस्थापित गरिएको भनी ७ वटा उजुरी र अन्यबाट ५ वटा उजुरी आयोगमा परेका छन् । ती विभिन्न उजुरीहरूको विषयमा आयोगले अनुगमन र अनुसन्धान गरी समस्या समाधानको निम्ति आयोगले नेपाल सरकारलाई सिफारिस गरेको छ । यस विषयमा जनसचेतना बृद्धि गर्न आयोगले एक बृत्तचित्र निर्माण गरी टेलिभिजनबाट प्रशारण गरिएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगले **मानव अधिकार वकालत तथा संवर्द्धन** सम्बन्धी काम अन्तर्गत सामूहिकअधिकार संरक्षण र संवर्द्धनतर्फ आदिवासी जनजातिका अधिकार, ज्येष्ठ नागरिकको अधिकार, महिला अधिकार, बाल अधिकार आदि विषयमा लैङ्गिक तथा सामाजिक समावेशीकर ण अन्तर्गत आदिवासी जनजातिका अधिकार, ज्येष्ठ नागरिकको अधिकार, महिला अधिकार, बाल अधिकार, दलित, मधेशी तथा अल्पसंख्यक समुदायको समावेशीकरण सम्बन्धमा कार्य गर्दछ ।

त्यसैगरी यीनै समुदायहरूको सवालमा विद्यमान विभेदपूर्ण कानुनहरू अध्ययन गर्ने, मानव अधिकार उल्लङ्घन भएमा अनुसन्धान महाशाखासँग समन्वय गरी अनुसन्धान गर्ने गरी जिम्मेवारी सुम्पिएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगको स्थापना कालदेखिनै विभिन्न विषयहरूमा तालिम, छलफल, गोष्ठी, कार्यशाला तथा सम्मेलनहरू गर्दै आइरहेको छ । आयोगले वर्तमान तेस्रो कार्यकालमा मानव अधिकार संवर्द्धन तर्फ ११९० वटा कार्यक्रम सम्पन्न गरेको र अन्य संघसंस्थाले आयोजना गरेको १४३३ वटा कार्यक्रममा आयोगले सहभागिता जनाएको थियो ।

प्रवर्द्धन तथा वकालत विभाग अन्तर्गत ३ वटा महाशाखाहरू छन्, ती सामूहिक अधिकार महाशाखा, लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा र संवर्द्धन तथा वकालत महाशाखा छन् । यी महाशाखाहरुबाट मानव अधिकारका विषयगत संवर्द्धनात्मक गतिविधि सम्पन्न गर्ने गरिन्छ ।

आयोगले हरेक वर्ष जेठ १३ गते आफ्नो **वार्षिकउत्सव** मनाउँदै आइरहेको छ। त्यसैगरी आयोगले हरेक वर्ष १० डिसेम्बरका दिन अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउने गरेको छ । यातना विरूद्धको संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय दिवसका अवसरमा यातना विरूद्धको दिवस, बेपत्ता पारिएका व्यक्तिहरूको स्मृतिमा बेपत्ता विरूद्धको अन्तर्राष्ट्रिय दिवस, आदिवासी जनजातिका दिवस, अन्तर्राष्ट्रिय नारी दिवस, अन्तर्राष्ट्रिय बालदिवस,अपाङ्गता भएका व्यक्तिहरूको अधिकार दिवस मनाउने गरेको छ। आयोगले यातना दिवस मनाउने क्रममा नेपाल सरकारलाई यातनालाई अपराधीकरण गर्ने बृहत् कानुनको निर्माण गर्न र दण्डहीनताको श्रृङ्खलाको अन्त्य गर्न सिफारिस गरेको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगमा **सूचना तथा सञ्चार शाखा**ले मानव अधिकारको सवालमा सूचना संकलन तथा प्रेस विज्ञप्ति तयारी गर्ने तथा आयोगमा भएका सूचनालाई जनमानस समक्ष पुऱ्याउन संचार माध्यमसँग सम्बन्ध राख्ने पुलको काम गर्दछ । समय-समयमा विषयवस्तुको सान्दर्भिकता, गाम्भीर्य एवम् आवश्यकताको आधारमा प्रेस विज्ञप्ति/प्रेस नोट जारी गर्नुको साथै पत्रकार सम्मेलन गदै आएको छ ।

मानव अधिकार अनुगमनको क्रममा मिति २०६२/१२/१५ गते आयोगका कर्मचारी **दयाराम परियारको** सशस्त्र द्वन्द्वको क्रममा प्रहरीको गोली लागि मृत्यु भएको थियो। निजको स्मृतिमा सम्मान स्वरूप २०६८ साल देखि "स्वर्गीय दयाराम परियार मानव अधिकार स्मृति सम्मान" स्थापना गरिएको छ। प्रत्येक वर्ष मानव अधिकार संरक्षण र प्रवर्द्धनको क्षेत्रमा विशेष योगदान पुऱ्याउने दुईजना मानव अधिकारकर्मी (एक महिला र एक पुरूष) लाई आयोगको स्थापना दिवसको दिन जेठ १३ गते सम्मान गर्ने गरिएको छ। हालसम्म श्री दुर्गा घिमिरे र श्री चन्द्रकिशोर झा (२०६८) तथा डा. शिवमाया तुम्बाहाम्फे र श्री टेकनाथ बरालला‌ई (२०६९) मा स्वर्गीय दयाराम परियार मानव अधिकार स्मृतिद्वारा सम्मानित गरियो ।

### राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय मानव अधिकार आयोगले **मानसिक रोगीहरूको हक अधिकार सुनिश्चित** हुनुपर्ने कुरामा जोड दिदैं मानसिक रोगी सम्बन्धी राष्ट्रिय नीति तथा विधेयक सम्बन्धमा मानसिक रोगीहरूको स्याहार, सुरक्षा सम्बन्धमा मानव अधिकारसम्बन्धी संघसंस्था, सम्बन्धित राज्यका निकायहरू र मानसिक अस्पतालका चिकित्सकहरू समेतको सहभागितामा अन्तर्क्रिया कार्यक्रम गरेको छ ।

नेपालको अन्तरिम संविधान २०६३ ले **लैङ्गिक तथा सामाजिक समावेशीकरणको** सिद्धान्त अवलम्बन गरी राज्यको हरेक तहमा महिला तथा आदिवासी जनजाति, अल्पसंख्यक, दलित तथा अन्य पछाडि पारिएका समुदायलाई समावेश गर्ने लक्ष्य लिएको छ, सो लक्ष्य राज्यले परिपालना गरे नगरेको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन गर्ने गरेको छ ।

आयोगले रणनैतिक योजना (२०१०-२०१४)मा लैङ्गिक तथा सामाजिक समावेशीकरणको सिद्धान्तलाई आयोगको काम कारवाहीमा लागु गर्ने नीति लिएको छ । महिला तथा आदिवासी जनजाति, दलित, मधेशी, अल्पसंख्यक तथा पछाडि पारिएका समुदायहरूको हकअधिकार सुनिश्चित गराउन भैरहेको विभेदपूर्ण कानुनहरूको अवलोकन तथा अध्ययन गरी सुधारका लागि आयोगले नेपाल सरकारलाई सिफारिस गर्ने गर्दछ ।

आयोगले मानव अधिकारका विविध विषयमा अध्ययन अनुसन्धान गरी देशका विभिन्न भागमा मानव अधिकारको सचेतना अभिवृद्धि र मानव अधिकारको स्थिति अवगत गराउन पुस्तिका तथा प्रवर्द्धनात्मक सामग्री **प्रकाशन** गरी वितरण गर्ने गरेको छ । आयोगले हरेक वर्ष वार्षिक प्रतिवेदन, बालअधिकार प्रतिवेदन, मानव बेचविखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन लगायत अन्य मानव अधिकारसँग सम्बन्धित विषयहरू तथा विशेष विषयगत अनुगमन प्रतिवेदनहरू प्रकाशन गरी वितरण गरेको छ । यस अलावा आयोगको केन्द्रीय कार्यालयले आयोगको चिनारी एवम् गतिविधि झल्कने पुस्तिका एवम् पोष्टरहरू, मानव अधिकार पत्र र अंग्रेजीमा ह्युमन राइट न्यूज लेटर (मासिक) प्रकाशन गरेको छ । यसका अतिरिक्त क्षेत्रीय कार्यालयहरू क्रमशः बिराटनगर, नेपालगञ्ज, पोखरा, धनगढी र उपक्षेत्रीय कार्यालय बुटवलले विभिन्न प्रकाशन गरेका छन् । रेडियो, विभिन्न टेलीभिजनहरूबाट पनि आयोगले आफ्नो गतिविधि एवम् सन्देशहरू प्रसारण गरेको थियो ।

### मार्ग निर्देशिकाहरू

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको क्षेत्रमा संरक्षण र संवर्द्धनको काममा सहज र एकरूपता कायम गर्न विभिन्न मार्ग निर्देशिका तयार गरी प्रकाशन गरेको छ । मार्ग निर्देशिकाहरू तयारीका क्रममा सम्बन्धित ऐन, कानुन एवम् नीतिहरूको गहन अध्ययन तथा नागरिक समाज, मानव अधिकारकर्मी तथा सरकारी निकायका सरोकारवालाहरूसँग आवश्यक छलफल गोष्ठी

अर्न्तक्रिया, बैठक गराई सुझाव संकलत गरिएको थियो । आयोगले कारागार तथा हिरासत अनुगमन मार्ग-निर्देशिका २०६७, उपभोक्ताको मानव अधिकार संरक्षण तथा संवर्द्धनका लागि अनुगमन मार्ग–निर्देशिका २०६८, मानव अधिकार रक्षकहरूसम्बन्धी मार्ग निर्देशिका २०६९, मानव अधिकार सहकार्य तथा समन्वयसम्बन्धी मार्ग निर्देशिका २०६९, शवोत्खनन् मार्ग निर्देशिका २०६९, राष्ट्रिय मानव अधिकार आयोग उजुरी तथा कारवाही सम्बन्धी निर्देशिका २०६९ समेत जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

**अन्तर्राष्ट्रिय स्तरका कार्यक्रमहरू** वि.सं. २०६५ मंसिरमा सार्क स्तरीय बालअधिकारको विषयमा गोष्ठी सम्पन्न भएको थियो । सो कार्यक्रममा सार्क मुलुकका राष्ट्रिय मानव अधिकार संस्थाका प्रतिनिधिहरू, सरकारका सचिव, विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । वि.सं.२०६६ साल असार महिनामा काठमाडौंमा एसिया प्रशान्त मञ्चको सहआयोजनामा दक्षिण एसियाली उपक्षेत्रीय मानव अधिकार सम्बन्धी राष्ट्रिय सस्थाहरू र मानव अधिकार रक्षकहरू विषयक कार्यशाला सम्पन्न भएको थियो ।

आयोगले मानव अधिकारसँग सम्बन्धित विद्यमान प्रचलित कानुनहरूको आवधिकरूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नुपर्ने सुधार तथा कानुनलाई मानव अधिकारमैत्री बनाउन अध्ययन अनुसन्धान गरी प्रतिवेदनपेश गर्दछ र सोही आधारमा आयोगले नेपाल सरकारलाई सिफारिस गर्दछ । आयोगले मानव अधिकारसँग सम्बन्धित ऐन मस्यौदा तयार पारी पेरिस सिद्धान्त बमोजिमको हुनुपर्ने कुरामा नेपाल सरकारलाई राय सुझाव उपलब्ध गराएको थियो ।

पुनर्स्थापना केन्द्र निर्देशिका २०६८, मानव बेचविखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरू हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनत्तम मापदण्ड २०६८, बालबालिका खोजतलास समन्वय केन्द्र निर्देशिका, २०६८ मा समेत सुझाव उपलव्ध गराएको छ । त्यसैगरी अपराध संहिता, फौजदारी कसूर सजाय (निर्धारण तथा कार्यान्वयन), राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरूको सेवा शर्त सुविधा सम्बन्धी अध्यादेश २०६९ को मस्यौदा तयार पारी नेपाल सर कारलाई सिफारिस गरेको थियो । राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण ) नियमावली २०६९ तथा राष्ट्रिय मानव अधिकार आयोग उजुरी कारवाही सम्बन्धी निर्देशिका, २०६९ तयार पारिएको थियो । बालबालिका खोजतलास समन्वय केन्द्र निर्देशिका, २०६८ पनि रहेको छ ।

मानव अधिकारसँग सम्बन्धित **अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको** नेपाल पक्ष बन्नु पर्ने भएमा आयोगले त्यसको कारण सहित नेपाल सरकारलाई सिफारिस गर्ने गर्दछ । मानवविरूद्ध लक्षित बारूदी सुरूङको प्रयोग, भण्डारण, उत्पादन तथा ओसारप्रसारमाथि प्रतिबन्ध तथा तिनीहरूको विनाशसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्र बन्नको लागि आयोगले नेपाल सरकारलाई सिफारिस गरेको थियो । त्यसैगरी आप्रवासी कामदारहरूको अधिकार सम्बन्धी महासन्धि अनुमोदन गर्न नेपाल सरकारलाई सुझाव पठाएको थियो । अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको

**राष्ट्रिय मानव अधिकार आयोग**

अध्ययन अनुसन्धान गरी दण्डहीनताको अन्त्य, भविष्यमा हुने मानव अधिकार सम्बन्धी युद्ध अपराध, मानवता विरूद्धका अपराधहरूलाई न्यूनीकरण गर्न आयोगले  अनुमोदनको लागि नेपाल सरकार समक्ष सिफारिस गरेको थियो ।

**विश्वव्यापी आवधिकसमीक्षा** (Universal Priodic Review) आयोगको संयोजकत्वमा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगको संयुक्त प्रयासमा प्रतिवेदन तयार पारी संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषदमा पेश गरिएको थियो । विश्वव्यापी आवधिकसमीक्षाले नेपाल सरकारलाई दिएको सुझावको कार्यान्वनको अवस्थाको अनुगमन गरी एक वर्षीय र मध्यावधि प्रतिवेदन तयार पारिएको छ ।

**राष्ट्रिय मानव अधिकार आयोग**को न्यायालयसँग सम्बन्ध राम्रो रहेको छ । अदालतमा विचाराधीन रहेको बेपत्ता सम्बन्धी मुद्दामा आयोगले प्राप्त प्रमाणहरू दिएर अदालतको मानव अधिकार संरक्षण गर्ने दायित्व पूरा गर्न सहयोग पुऱ्याएको थियो भने हालै संविधानले जिल्ला अदालतलाई समेत बन्दी प्रत्यक्षीकरणको क्षेत्राधिकार दिएपछि र अदालतका न्यायाधीशहरूले बन्दीप्रत्यक्षीकरणको मुद्दामा पालना गर्नुपर्ने गोपनीयता तथा बन्दीहरूको हक अधिकार सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग र न्यायाधीश सोसाइटीसँगको सहकार्यमा पूर्वाञ्चलका जिल्ला तथा पुनरावेदन अदालतका ४८ जना न्यायाधीशहरूको सहभागितामा २ दिने कार्यशाला गोष्ठी सम्पन्न गरिएको थियो ।

आयोगले मानव अधिकार संरक्षण तथा संवर्द्धन कार्य एकल तथा **नागरिक समाज** तथा मानव अधिकार संघसंस्थाहरूसँगको सहकार्यमा समेत गर्ने गर्दछ । तराईमा भएको मानव अधिकार उल्लङ्घन अनुगमन, मानव अधिकारको समग्र स्थिति, बेपत्ताको खोजी कार्य, मानव अधिकार को सवालमा सहकार्य, यातना, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका हकअधिकार, हिरासत वा कारागारका बन्दीहरूका हकअधिकार, खाद्य अधिकार, ज्येष्ठ नागरिकका अधिकार, बालअधिकार दिवस, अपाङ्गहरूको हक अधिकार सम्बन्धी दिवस आदि मनाउन नागरिक समाज, गैससँग सहकार्य गर्दै आइरहेको छ ।

आयोगका कामकारबाहीमा प्रभावकारिता ल्याउन विभिन्न दातृ निकायहरूले **परियोजनामार्फत** सहयोग गर्दै आएका छन् । आयोगमा हाल राष्ट्रिय मानव अधिकार आयोग सबलीकरण परि योजना, सेभ द चिल्ड्रेनको सहयोगमा बालअधिकार परियोजना, फिनल्याण्ड सरकारको सहयोगमा मानव अधिकार प्रवर्द्धन तथा शान्ति प्रक्रियामा योगदान परियोजना तथा एसिया फाउण्डेशनसंग डकुमेन्टेशन सम्बन्धी परियोजना संचालनमा रहेका छन् ।

# पृष्ठभूमि

मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न मानव अधिकार आयोग ऐन, २०५३ द्वारा २०५७ जेठ १३ गते राष्ट्रिय मानव अधिकारको स्थापना भएको थियो । आयोगले द्वन्द्वकालदेखि नै मानव अधिकारको संरक्षण र संवर्द्धनमा सफलतापूर्वक कार्य गर्दै आइरहेको छ ।

२०६२-०६३ को ऐतिहासिक परिवर्तनसंगै आयोगका दोस्रो कार्यकालका आयुक्तहरूको राजिनामाबाट पदरिक्त भएपश्चात राजनैतिक तथा संक्रमणकालीन परिस्थितिले १ वर्ष ३ महिनासम्म नयाँ आयोगको गठन हुन नसक्दा  एकातर्फ राष्ट्रिय स्तरमा मानव अधिकार संरक्षण तथा संर्वद्धनमा आयोगको प्रभावकारी उपस्थिति ओझेलमा पर्न गयो भने अर्कोतिर राष्ट्रिय मानव अधिकार संस्थाहरूको समन्वय समिति (ICC) बाट आयोगको 'ए'श्रेणीमा रहेको अन्तर्राष्ट्रिय स्तर मुल्यांङ्कन माथि समेत प्रश्नचिन्ह लाग्न थालेको थियो। उपरोक्त परिप्रेक्ष्यमा यस तेस्रो कार्यकालमा राष्ट्रिय मानव अधिकार आयोग वि.सं. २०७० भाद्रमा आयोगले स्थापनाको तेस्रो कार्यकाल पूरा गर्दै छ। यस तेस्रो कार्यकालमा राष्ट्रिय मानव अधिकार आयोग संवैधानिक निकाय बन्यो र बृहत् जिम्मेवारी प्राप्त गऱ्यो । ऐतिहासिक राजनैतिक परिवर्तनसँगै २०६३ मंसिर ५ गते सात राजनैतिक दलहरू र तत्कालीन ने.क.पा. (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौतामा पनि आयोगलाई मानव अधिकारको अवस्था अनुगमन गर्ने दायित्व दिइयो। यस तेस्रो कार्यकालमा आयोगको काँधमा संक्रमणकालीन न्याय, व्यक्ति बेपत्ता भएबाट आफन्तले भोग्नुपरेको मानसिक, सामाजिक र आर्थिक समस्या, हत्या, हिंसा, विस्थापनको समस्या थिए । अर्कोतर्फ लैङ्गिक र सामाजिक बहिष्करणमा पारिएका समुदाय, जातजाति, आदिवासी जनजाति, दलित, अन्य पछाडि पारिएका अल्पसंख्यक तथा मधेशी समुदाय माथि परम्परादेखि चलिआएको समाजिक, सांस्कृतिक विभेद, असमानता, अन्याय अत्याचारलाई मानव अधिकारको दृष्टिकोणबाट अध्ययन अनुसन्धान तथा अनुगमन गरी विभेद अन्त्य गर्न र मानव अधिकारको सुनिश्चित गर्न नेपाल सरकारलाई सिफारिस गर्नु पनि रहेको थियो ।

आयोगले अन्तरिम संविधान, २०६३ ले आत्मसात् गरेको लैङ्गिक तथा सामाजिक समावेशीकरणको सिद्धान्त अनुरूप आयोगको हरेक तहमा समावेशी गर्दै लैजानु पनि आयोगको प्रमुख दायित्व हो। तसर्थ अन्तरिम संविधान, २०६३ द्वारा प्राप्त संवैधानिक अधिकार प्रयोग गरी मानव अधिकार को क्षेत्रमा प्रभावकारिता ल्याउन सबैखाले विभेद र शोषणलाई अन्त्य गरी मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न आयोगको कार्यशैलीमा परिवर्तन ल्याइयो । आयोगको संरचनागत र

**राष्ट्रिय मानव अधिकार आयोग**

संगठनात्मक परिवर्तनले कार्यशैली र आयोगको प्रभावकारितामा बढी टेवा पुगेको छ । आयोगको रणनैतिक योजनामार्फत परम्परा तथा सामाजिक तथा सांस्कृतिकरूपमा रहेको असमानता, विभेद, लैङ्गिक हिंसालाई रोकथाम र नियन्त्रण गर्न प्राथमिकताका साथ अगाडि ल्याउने प्रयास गरियो ।

मानव अधिकारको क्षेत्रमा निष्पक्ष, स्वतन्त्र, स्वायत्त र सक्रिय भूमिका निर्वाह गर्दै आएकोले आयोगले अन्तर्राष्ट्रिय स्तरमा "ए" वर्गको छविलाई निरन्तरता दिन सफल भयो ।

मानव अधिकार संरक्षण र सबर्द्धन गर्नु आयोगको मुख्य कार्य हो । यस ६ वर्षको अवधिमा आयोगले विशेष काम र नियमित काम गरी दुई तरिकाले काम गर्दै आएको छ । जस अन्तर्गत संगठनात्मक सुधार, कार्ययोजना/नीतिगत निर्णय तथा सिफारिस, मानव अधिकार उल्लङ्घनका घटनाको पुष्टिको लागि शवोत्खनन दैलेखको घटना, शिवपुरी काठमाडौंको घटना, राम शिखर झाला कैलालीको घटना, धनुषा गोदारको घटना, संविधान सभा निर्वाचन अनुगमन, विस्तृत शान्तिसम्झौता अनुगमन, राष्ट्रिय मानव अधिकार आयोगको स्वतन्त्रता र स्वायत्तता रक्षार्थ आयोगको पहल, बलपूर्वक बेपत्ता तथा अपहरणविरूद्धको अधिकार संरक्षण र संवर्द्धन, मानव अधिकार रक्षकहरूको अधिकार संरक्षण र संवर्द्धन, संक्रमणकालीन न्यायकालागि आयोगको भूमिका, अन्तर्राष्ट्रिय स्तरमा सम्बन्ध र समन्वय, आयोग र मानव अधिकार आयोगहरूको समन्वय समिति (ICC) आयोग र एसिया प्यासफिक फोरम (APF) विभिन्न देशका मानव अधिकार संस्थाहरूसँग आयोगको सम्बन्ध, आयोग र ओ.एच.सि.एच.आर, संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद् (Human Rights Council) दक्षिण एसियाली मानव अधिकार संस्थाहरूसँग सहकार्य आदि विभिन्न कार्यहरू यस अवधिमा सम्पन्न गर्दै आइरहेको छ ।

आयोगको यस तेस्रो कार्यकालमा मानव अधिकार संवर्द्धनतर्फ राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका कार्यक्रमहरू सम्पन्न गरेको थियो । आयोगले यस अवधिमा तीनवटा अन्तर्राष्ट्रियस्तरका सम्मेलनहरू सम्पन्न गरेको छ । विशेषतः बैदेशिक रोजगारीमा जाने नेपालीहरूको समस्यालाई ध्यानमा राखेर एसियाली प्राशान्त अन्तर्राष्ट्रिय मानव अधिकार सस्थाहरूको सम्मेलन गरी सहकार्यमा महत्वपूर्ण योगदान पुगेको थियो । त्यसैगरी बालअधिकार र यातना विरूद्धको अधिकारमा समेत अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न गरेको थियो । राष्ट्रियस्तरको कार्यक्रममा मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलन, मानव अधिकार गोष्ठी, अन्तर्क्रिया, छलफल तथा बैठकहरू नेपालका विभिन्न भागमा ११८६पटक संचालन गरी आयोगले मानव अधिकारको प्रवर्द्धन गर्ने काम गरेको थियो भने मानव अधिकार संघसस्था तथा सरकारी निकायसंग मानव अधिकार संवर्द्धनमा १६१४ वटा कार्यक्रममा अतिथि, प्रशिक्षक तथा सहभागिता जनाएको छ ।

मानव अधिकार अनुसन्धानको सम्बन्धमा विगत दश वर्षे द्वन्द्व तथा सो पश्चात् भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूको अनुसन्धान गरेको छ । आयोगले मानव अधिकार उल्लङ्घनका घटनाहरूमा उजुरी ग्रहण, अनुसन्धान र अनुगमन गर्ने गर्दछ । यस अवधिमा आयोगले ३०५७ वटा उजुरी ग्रहण गरेको छ भने ३०६३ वटा उजुरी उपर अनुसन्धान गरेको छ ।

मानव अधिकारको अनुगमन सम्बन्धमा १३८१ वटा घटना तथा विषयहरूमा अनुगमन गरिएका छन् । अनुगमन गर्दा समग्र मानव अधिकार अनुगमन तथा घटना विशेष अनुगमन गर्ने गरिन्छ, जस्तैः कपिलवस्तुमा एकजना व्यक्तिलाई हत्या गरेको विरोधमा भड्किएको जुलुसबाट १४ जना सर्वसाधारण मानिसहरू मारिएको घटना लगायत छन् । बन्दहड्ताल, ऱ्याली, विरोध प्रदर्शन, बालअधिकार अनुगमन, महिला हिंसा, ज्येष्ठ नागरिकका अधिकार सम्बन्धी विषयहरू पर्दछन् । त्यसैगरी  समग्र मानव अधिकार अनुगमनमा ९ वटा ठूला महासन्धिहरूमा व्यवस्था भएका अधिकारहरूको कार्यान्वयनको अवस्थाको अनुगमन गरेको छ ।


आयोगको हाल एक केन्द्रीय कार्यालय, पाँच क्षेत्रीय कार्यालय र तीन उपक्षेत्रीय कार्यालयहरूबाट मानव अधिकारको संरक्षण तथा संवर्द्धन सम्बन्धी कार्य सम्पन्न गर्दै आइरहेको छ । मानव अधिकारको सवालमा नागरिकको सहज पहुँच पुऱ्याउने उद्देश्यले ७५ वटा जिल्लामा जिल्ला स्तरीय कार्यालय खोल्नका निम्ति आयोगले २०६९ फागुन २८ गते नीतिगत निर्णय गरेर नेपाल सरकारलाई अवधारणा पत्र सहित पत्राचार समेत गरिसकेको छ ।

**सम्माननीय राष्ट्रपति समक्ष आयोगको आ.व.०६९/७० को वार्षिक प्रतिवेदन प्रस्तुत**

## राष्ट्रिय मानव अधिकार आयोग

### १ आयोगको काम कारवाहीको तथ्याङ्कगत एक झलक

| क्र.स | विवरण | ०६४/०६५ | ०६५/०६६ | ०६६/०६७ | ०६७/०६८ | ०६८/०६९ | ०६९/०७० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | उजुरी | ११३७ | ६७७ | ४०३ | ३४५ | २७६ | २१९ | ३०५७ |
| २. | अनुगमन | ३९४ | १९४ | २२९ | १७९ | २१२ | १७३ | १३८१ |
| ३. | अनुसन्धान | ७२८ | ७७ | २१७ | ३११ | ३९४ | १३३६ | ३०६३ |
| ४. | अनुसन्धानमा रहेको उजुरीहरू | | | | | | | ३८८१ |
| ५. | तामेली/खारेजी | ४०४ | ५४६ | ७८० | ५७९ | ३७० | ३९७ | ३०७६ |
| ६. | नेपालसरकारलाई सिफारिस | ७३ | ८२ | १७२ | १४६ | १०४ | १०५ | ६७९ |
| ७. | नीतिगत निर्णय | ८७ | ७३ | ७२ | ५१ | ५४ | ४३ | ३८० |
| ८. | संघसस्थासँग सहकार्य | ५१ | ५७ | २२० | ६७६ | ११३ | ४९७ | १६१४ |
| ९. | तालिम/गोष्ठी/अन्तर्क्रिया/बैठक | १०१ | १८५ | १३४ | २०६ | २५३ | ३०७ | ११८६ |
| १०. | प्रकाशन (प्रतिवेदन, ब्रोसर, पुस्तिका) | ३१ | १८ | ३४ | २२ | ५० | ३४ | १८९ |
| ११. | प्रेस विज्ञप्ति तथा प्रेस नोटहरू | ३६ | ८१ | ५६ | ३४ | ३३ | ५१ | २९१ |
| १२. | महासंन्धि तथा कानून पुनरावलोकन | १२ | ४ | ९ | ११ | १० | ६ | ५२ |
| १३. | आयोगको मार्ग निर्देशिका | ०१ | ०१ | ०० | ०० | ०२ | ०३ | ०७ |
| १४. | शबोत्खनन् | ०१ | ०२ | ०१ | ०० | ०० | ०० | ०४ |
| १५. | आयोगगको अन्तर्राष्ट्रिय स्तर | ए | ए | ए | ए | ए | ए | ए |
| १६. | वार्षिक प्रतिवेदन | ०१ | ०१ | ०१ | ०१ | ०१ | ०१ | ०६ |
| १७. | आयोगका बैठकहरू | ४४ | ४६ | ३१ | २८ | २३ | १६ | १८८ |
| १८. | आयोगका कार्यालयहरू | ०८ | ०८ | ०९ | ०९ | ०९ | ०९ | ०९ |
| १९. | जनशक्ति | १२७ | १२७ | १२३ | ११४ | १६३ | १६८ | १६८ |
| २०. | आयोगलाई सरकारबाट प्राप्त बजेट (रु. हजारमा) | ३७८०० | ५५६६२ | ७०५३५ | ९१७६८ | ९१३२१ | ९७८४६ | ४४४९३२ |



# आयोगका विशेष कार्यहरू

## २. आयोगका विशेष कार्यहरू

### २.१ संगठनात्मक सुधार

आयोग संवैधानिक निकाय बने पश्चात् आयोगको कार्यशैलीमा परिवर्तन ल्याउन र छिटो छरितो, चुस्त दुरूस्त तथा सक्रिय बनाउनका लागि आयोगको संगठनात्मक परिवर्तन गरियो । विभिन्न विषयगत महाशाखाहरूका साथै बाह्य पहुँच विस्तार सम्बन्धी काम गरियो । आयोगका सचिवालयलाई बढी सशक्त र प्रभावकारी बनाउन र आयोगको कार्यशैलीमा परिवर्तन ल्याउन आयोगभित्रै विभिन्न महाशाखाहरू खोलिए। जस अन्तर्गत अनुसन्धान महाशाखा/ कानुन महाशाखा /प्रशासन महाशाखा/ संवर्द्धन महाशाखा/ सामूहिक अधिकार महाशाखा/सन्धि अनुगमन महाशाखा/ लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखाको गठन गरी सो को जिम्मेवारी समेत तोकी काम गर्ने अवधारणा ल्याइयो ।

अनुसन्धान महाशाखालाई मानव अधिकारको संरक्षण सम्बन्धी काम, कारवाही, अनुसन्धान तथा अनुगमन गर्ने गरी अधिकार सुम्पिएको छ। मानव अधिकार उल्लङ्घनका घटना उपर अनुसन्धान गर्ने र मानव अधिकार हनन भएको पाइएमा कारवाहीको लागि नेपाल सरकारलाई सिफारिस गर्ने तथा मानव अधिकारसँग सम्बन्धित घटनाहरूको अनुगमन तथा अन्तर्राष्ट्रिय ठूला नौ महासन्धिहरूमा प्रत्याभूत गरेका मानव अधिकारहरूको अनुगमन गर्ने गरी अधिकार सुम्पिएको छ।

कानुन महाशाखाले मानव अधिकारको सवालमा विभिन्न विद्यमान ऐन कानुन मानव अधिकार मैत्री भए नभएको अध्ययन गरी मानव अधिकार मैत्री बनाउन नेपाल सरकारलाई सुझाव दिने, नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय महासन्धि बमोजिम कार्यान्वयन भए नभएको समेत अध्ययन तथा विश्लेषण गर्ने गर्दछ। आयोगले विभिन्न महासन्धिहरूको अध्ययन गरी नेपाल पक्ष राष्ट्र बन्नु पर्ने देखिएमा समेत अनुमोदनको लागि नेपाल सरकारलाई सिफारिस गर्दछ।

लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखाद्वारा महिला तथा आदिवासी जनजाति, दलित, अल्पसंख्यक तथा पछाडि पारिएको समुदायहरूको हकहित तथा अधिकार संरक्षण र संवर्द्धनसम्बन्धमा काम गर्दछ। त्यसैगरी विद्यमान कानुनहरू लैङ्गिक तथा सामाजिक समावेशीकरणको सिद्धान्त र दृष्टिकोणबाट अध्ययन अनुसन्धान गर्दछ।

## राष्ट्रिय मानव अधिकार आयोग

नेपाल पक्ष राष्ट्र भएका महासन्धिहरूको कार्यान्वयनको स्थितिको अनुगमन अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखाले गर्ने जिम्मेवारी तोकिएको छ । यस महाशाखाले खासगरी मानव अधिकार सम्बन्धी ठूला नौवटा अन्तर्राष्ट्रिय महासन्धिले व्यवस्था गरेका अधिकारहरूको कार्यान्वयनको स्थितिको अनुगमन गर्दछ । सन्धि अनुगमन महाशाखाले अनुगमनको क्रममा अनुसन्धान महाशाखासँगको सहयोग तथा सहकार्यमा समेत काम गर्दछ ।

## २.२ कार्ययोजना/नीतिगत निर्णय तथा सिफारिस

नयाँ राजनैतिक परिवेशमा एकातर्फ दश बर्षे द्वन्द्वको अन्त्यपछि द्वन्द्वबाट पीडितहरू र मानव अधिकारको उल्लङ्घनका घटनाहरूछन् भने अर्कोतर्फ परापुर्व कालदेखि जरा गाडेर बसेको पितृसत्तात्मक सामाजिक परिवेश, आर्थिक, सामाजिक तथा सांस्कृतिक भेदभाव, अन्याय अत्याचार, हिंसा, जस्ता कुरालाई न्यूनीकरण गर्नुपर्ने दायित्व पनि छ । त्यस परिस्थितिलाई सम्वोधन गर्नका लागि आयोगले कार्यशैलीमा परिवर्तन, चुस्त दुरूस्त र योजनाबद्धरूपमा अगाडि बढेको छ । पहिलो तीनवर्षीय रणनैतिक योजना (२००८-२०१०) तर्जुमा गरी आयोगले नागरिक समाज, मानव अधिकार संघसंस्थाका प्रतिनिधि, सरकारी निकायका प्रतिनिधिहरू, राजनैतिक दलहरूसँग आवश्यक छलफल गरी परिमार्जित रणनैतिक योजना कार्यान्वयन तथा प्रकाशन र वितरण समेत गरेको छ ।

रणनैतिकयोजनाका प्राथमिकताका विषयहरू:-

१ मानव अधिकार सम्बन्धी सिद्धान्त तथा मूल्य मान्यता अभिवृद्धि गर्ने,
२ मानव अधिकारमैत्री संविधान निर्माण गर्न सहभागिता र समावेशीकरण
३ दण्डहीनता संस्कृतिको अन्त्य गर्ने,
४ जीवन, स्वतन्त्रता तथा सुरक्षाको प्रबन्ध गर्ने,
५ यातना र अमानवीय व्यवहारको अन्त्य तथा कारागार तथा हिरासत सुधार गर्ने,
६ बेपत्ता, आन्तरिक विस्थापित व्यक्तिहरूको तथा द्वन्द्व पीडितको

**आयोगको मूल्यमान्यताहरू**
१. पहुँच
२. जवाफदेहिता
३. विविधता
४. समानता र समता
५. निष्पक्षता
६. स्वतन्त्रता
७. इमान्दारिता
८. सहभागिता
९. पारर्दशिता

सम्बन्धमा सत्यको पहिचान एवं बाँचेका वा मृतकका परिवारलाई न्याय दिने,

७ लिङ्ग, जात, धर्म, जातीय समूह, भाषा, र वैचारिक अवस्थाका आधारमा हुने सबै प्रकारका भेदभाव तथा हिंसाको अन्त्य गर्ने,

८ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई जनताका मौलिक अधिकारको रूपमा सुनिश्चित गर्ने,

९ राष्ट्रिय विकासको कार्यक्रममा महिला, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिक तथा अल्पसंख्यक लगायतका सामूहिक अधिकारलाई मूल प्रवाहीकरण गर्ने र

१० मानव अधिकार संरक्षण र संवर्द्धनका निम्ति गैर सरकारी सस्था, नागरिक समाज, तथा मानव अधिकार रक्षकहरूसँग कार्यगत र उद्देश्य केन्द्रित सहकार्य गर्नका साथै राज्यका प्रतिवद्धताहरूलाई उसको काममा प्रभावकारी कार्यान्वयन गर्ने

११ त्यसैगरी आयोगद्वारा तेस्रो चौवर्षीय रणनैतिक योजना (२०११-२०१४) मा ७ वटा मुख्य प्राथमिकताका क्षेत्रहरू निर्धारण गरिएको थियो ।

१ जीवन, स्वतन्त्रता र सुरक्षा,
२ दण्डहीनताको अन्त्य,
३ भेदभावको न्यूनिकरण गर्ने,
४ मानव अधिकार रक्षकहरूको क्षमता अभिवृद्धि गर्ने,
५ मानव अधिकारमा आधारित दृष्टिकोणद्वारा राष्ट्रिय क्षमता अभिवृद्धि गर्ने साथै नागरिकलाई अत्यावश्यक पर्ने विकासहरूको सुनिश्चितताका लागि पहल गर्ने,

**Stragic objective 2011-2014**

1. to intensity strategy to end the state of impunity
   1) Effeonctive implementation of NHRC recommedatios
   2) Dialogue, advocacy and dissemination on Impunity issue
   3) Monitoring the work of iquiry committees
2. To investigate human rights violation and monitor state obligation.
   1) Investigation and settlement upon complaints
   2) Monitoring of treaty obligations and HR situation
   3) Reviewing and strengthening existing monitoring system.
3. To ensure national laws and policies comply with international human rights standard
   1) Reviewing the compliance of national laws and policies with international HR instruments and monitoring their implementation
   2) Advocacy for the ratification of HR related treaties
   3) Enhancing capacity of GoN, Natioal institutionas and CSOs for the preparation of country report s and shadow reports on JR treaties
   4) Monitoring the implementation status of UPR
4. Improve enjoument of ESC rights and collective rights
   1) Monitoring
   2) Advocacy
   3) Applying HRBA to development
5. To enhance culture of human rights, duties and peace
   1) Creating HR awareness
   2) providing HRE to stakeholders
   3) Dialogue, advocacy and campaigning
6. To support for transitional justice measures and Mechanisms and making JR friendly Constititution
   1) Ensure transitional justice mechanism
   2) Advocacy for HR friendly constitution
7. To Make the institution professional and effectively functioning in the changed context
   1) Developing NHRC proactive organization
   2) Legal, policy and Operational reforms
   3) Institutional intrastructure development
   4) Expansion of outreach programs
   5) Coordination and collaboration

६ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार क्षेत्रमा आवश्यक पहल गर्ने,
७ सामूहिक अधिकार तथा समूहगत अधिकार संरक्षण र संवर्द्धनमा काम गर्ने

यी माथिका ७ वटा क्षेत्रमा प्राथमिकता तोकी आयोगले आफ्नो कार्यसम्पादन गरिरहेको छ । रणनीतिक उद्देश्यहरू बक्समा उल्लेखित रणनैतिक उद्देश्यहरू रहेका छन् ।

रणनीतिक कार्ययोजना (२०११–२०१४) तर्जुमा गर्नको लागि आयोगले केन्द्रीय, क्षेत्रीय स्तरमा मानवअधिकार क्षेत्रमा कार्यरत सङ्घसंस्थाका प्रतिनिधिहरू, राजनैतिक दलका प्रतिनिधिहरू, सर कारी निकायका अधिकारीहरू, सञ्चारकर्मीहरू, नागरिक समाजका प्रतिनिधिहरूसँग छलफल तथा गोष्ठीको आयोजना गरी विभिन्न सुझावहरू संकलन गरेको थियो ।

जनस्तरमा मानव अधिकारको सचेतना बढाउने, मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने एवम् मानव अधिकार हनन्को सवालमा नागरिकको पहुँच बढाउने उद्देश्यले देशको पचहत्तरै जिल्लामा सम्पर्क कार्यालय खोल्नेबारे आयोगले निर्णय गरी नेपाल सरकारलाई सिफारिस गरेको छ ।

देशको सबै जिल्लामा सम्पर्क कार्यालय खोल्ने कार्यले नेपाल सरकारले लागू गरेको मानव अधिकार राष्ट्रिय कार्ययोजनाको भावना र स्थानीय स्तरमा मानव अधिकार हननको सवाललाई तत्काल सम्बोधन गर्न सहयोग मिल्ने आयोगले अपेक्षा गरेको छ ।

## २.३ मानव अधिकार उल्लङ्घनका घटनाको शवोत्खनन

नेपालमा भएको दशवर्षे सशस्त्र द्वन्द्वको क्रममा व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता बनाउने एवं गैरन्यायिक तरिकाले मारिने जस्ता मानव अधिकार हननका घटनाहरू भए । शवोत्खनन गर्ने कार्य पीडितलाई न्याय, प्रमाण संकलन, मृत्युको कारण, बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था पहिचान, मृत्युको कारण, सांस्कृतिक अधिकारको सम्मान तथा द्वन्द्वको अभिलेखन गर्ने समेत उद्देश्यले गरिएका छन् । हत्या, बलपूर्वक बेपत्ता र अपहरणपछि स्थिति अज्ञात पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्ने क्रममा आयोगले केही घटनाहरूमा शवोत्खनन गरेको छ । आयोगबाट स्थापना अवधिदेखि नै यस्ता कार्यको शुरूवात गरेकोमा २०६४/२०६५–२०६९/२०७०को ६ वर्षको कार्यकालमा चारवटा मानव अधिकारको गम्भीर उल्लङ्घन भएका घटनाहरूको शवोत्खनन कार्य सम्पन्न गरको छ । ती मध्ये अधिकाँश शवोत्खनन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चासो र चर्चाको विषय बनेका थिए ।

दैलेखका पत्रकार डेकेन्द्र थापालाई अपरण गरी बलपूर्वक बेपत्तापछि मारेर गाडिएको भनिएको घटनाको सम्बन्धमा दैलेखको द्वारीमा, भैरवनाथ गण महाराजगञ्ज काठमाडौंबाट पक्राउ पछि बलपूर्वक बेपत्ता पारी काठमाडौंको शिवपुरी जङ्गलमा ४३ जना व्यक्तिहरूलाई मारेर गाडिएको हुन सक्ने भनिएको घटनामा शिवपुरी जङ्गल काठमाडौंमा, जनकपुरका पाँच जना युवाहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी मारेर गाडिएको भनिएको घटना सम्बन्धमा धनुषाको गोदारमा र

तत्कालीन ने.क.पा. (माओवादी) ले अपहरण गरी मारेर कान्द्रा नदीको किनारामा गाडेको भनिएको सम्बन्धमा कैलालीको रामशिखरझाला गाविसमा गाडिएको ठम्मान सिंह बमको भनिएको शव उत्खनन गरिएको छ । यसरी गरिएका शवोत्खननहरूको बारेमा तल संक्षिप्तमा उल्लेख गरिएको छ ।

## २.३.१ द्वारी, दैलेखको घटना

नारायण नगरपालिका वडा नं. १ दैलेख निवासी पत्रकार डेकेन्द्रराज थापा दैलेख जिल्लाको तोली गाविसमा खानेपानी सम्बन्धमा भएको विवाद निरूपणको लागि भएको छलफलमा सहभागी भई २०६१ असार १२ गते घर फर्कने क्रममा ने.क.पा. (माओवादी) का कार्यकर्ताहरूबाट अपहरणमा परेका थिए । सो घटना सम्बन्धमा निजको अवस्था सार्वजनिक गरिदिन अनुरोध गर्दै आयोगमा उजुरी परेको थियो । उजुरीपछि आयोगले गरेको अनुसन्धानमा यस घटनामा माओवादीहरूको संलग्नता भएको पुष्टि भएको छ । पछि निजलाई मारेर गाडिएको स्थानको बारेमा नेपाल पत्रकार महासंघले आयोगलाई जानकारी गराएपछि मारेर गाडिएको स्थान श्री नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय द्वारी दैलेख पुगी आयोगको विशेषज्ञ सम्मिलित टोलीले २०६५ साल असार ११ गते निजको शवोत्खनन गरेको थियो । शवोत्खननपछि गरिएको पोष्टमार्टम लगायतका वैज्ञानिक परीक्षणबाट प्राप्त प्रतिवेदनबाट शवोत्खनन गरिएको शव निज डेकेन्द्रराज थापाको नै भएको पुष्टि भएको छ । यस घटनाका सम्बन्धमा निज डेकेन्द्रराज थापालाई ने.क.पा. (माओवादी) का कार्यकर्ताहरूले कब्जामा लिई कुटपीट गरेर मारेको देखिएको, उक्त घटनामा ने.क.पा. (माओवादी) जिम्मेवार रहेको भन्ने पाइएको र उत्खनन गरिएको शव जिल्ला अस्पताल दैलेखमा राखिएको भन्ने अनुसन्धान टोलीको प्रतिवेदनबाट देखिएकोले शवको पहिचान भईसकेको अवस्थामा उत्खनन गरिएको मानव अवशेषको रूपमा रहेको उक्त शव पीडितका परिवारलाई बुझाउने र सो घटनामा संलग्न ने.क.पा. (माओवादी) का जिम्मेवार कार्यकर्ताहरूको पहिचान गरी फौजदारी अभियोगमा कारवाही गर्न नेपाल सरकारलाई लेखिपठाउने भनी २०६५ साउन ६ गते ठहर गरेको छ । यस घटनामा हाल प्रहरीले आरोपीहरूलाई पक्राउ गरी कानुनी कारवाही गरिरहेको छ ।

## २.३.२ शिवपुरी, काठमाडौं घटना

नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच भएको सशस्त्र द्वन्द्वको समयमा सुरक्षाकर्मीद्वारा पक्राउ गरी थुनामा राखिएका व्यक्तिहरूको अवस्थाको बारेमा कसैलाई पनि जानकारी नदिई नेपाली सेनाको भैरवनाथ गण तथा युद्धभैरव गण महाराजगञ्ज काठमाडौमा थुनामा राखी बेपत्ता पारिएको भन्ने जानकारी आयोगमा प्राप्त हुन आएको छ । सो सँगै ती गणहरूमा राखिएका मध्ये केही व्यक्तिहरूलाई नेपाली सेनाको नियन्त्रणमा रहेको शिवपुरी राष्ट्रिय निकुञ्ज भित्रको जङ्गलमा पुऱ्याई मारेर गाडिएको भन्ने पनि आयोगमा जानकारी हुन आएको छ । आयोगमा जानकारी प्राप्त हुन आएपछि आयोगबाट उक्त घटनाको अनुसन्धान कार्य शुरू भएको छ । अनुसन्धानको क्रममा माथि उल्लिखित दुई गणहरूमा कम्तिमा पनि ३०७ जना व्यक्तिहरूलाई थुनामा राखिएकोमा त्यसमध्ये ४ जना महिला समेत कम्तीमा ४३ जना व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पारिएको पाइएको छ । उक्त तथ्य प्राप्त भएपछि बेपत्ता रहेका ती ४३ जना व्यक्तिहरूलाई मारेर शिवपुरी

क्षेत्रमा गाडिएको हुन सक्ने जानकारी पनि निरन्तर रूपमा आइरहेको छ । आयोगले शिवपुरी क्षेत्रको ठूली गैरी भन्ने स्थानमा विशेष सूचनाको आधारमा २०६४ पुस महिनामा उत्खनन गर्ने कार्य गरेको छ ।  यो उत्खनन जलाएको घटनासँग सम्बन्धित छ । यस घटनाको उत्खननको क्रममा एउटा जीव अवशेष मात्र प्राप्त भएको छ । जसको परीक्षण नेपालका प्रयोगशालाबाट हुँदा उक्त अवशेष मानवको भए नभएको यकीन गर्नलाई विशेषज्ञको सुझावमा विश्वमै सुविधा सम्पन्न मानिएको फिनल्याण्डस्थित हेलसिन्की विश्वविद्यालयको प्रयोगशालामा पठाइएकोमा उक्त प्रयोगशालामा परीक्षण हुँदा शिवपुरी क्षेत्रमा प्राप्त भएको जीवाशेष मानिसको भएको र उक्त अवशेष एकजना पुरूषको भएको भनी निष्कर्ष निस्किएको छ । यस सम्बन्धमा आयोगबाट थप अनुसन्धान भइरहेको छ ।  यस घटनासम्बन्धमा आयोगको अनुसन्धानबाट अर्जुन पोखरेल, अर्जुन महर्जन, अमृत कँडेल, अशोक सुनार (अकेला), आइते भन्ने निमानुर्पु लामा, किरण रायमाझी, कौशल्या पोखरेल, गोकुलबहादुर निरौला, चेतनाथ ढुङ्गाना (सी.एन. ढुङ्गाना), चन्द्रकुमार ढकाल (कुमार),  जालन्धर बाँस्तोला,  डोलेश्वर लिम्बु (चेम्जोङ्ग), तारामान तामाङ्ग, तेजमान विश्वकर्मा, देवीराज दंगाल (देवराज), दीपेन्द्र पन्त, दुर्गा बिशंखे, देशभक्त चापागाईं, धीरेन्द्र बस्नेत, निश्चल नकर्मी, पदमनारायण नकर्मी, पीपल श्रेष्ठ, पुष्पराज बस्नेत, बाबुकाजी श्रेष्ठ,  बुद्धि लामा, भवनाथ धमला, भीम गिरी, भीमराज महर्जन, माधव अधिकारी, राजेन्द्र माली, रामचन्द्र काफ्ले, रूपक अधिकारी, रेनुका दुलाल, रेवकला (कला) तिवारी, लीलाबहादुर पाण्डे, लीलाराज आचार्य, सुचेन्द्र श्रेष्ठ, सुदर्शन रिजाल, शान्तिराम भट्टराई, हिराबहादुर रोक्का, हिराबहादुर सारू,  हेमनारायण श्रेष्ठ र ज्ञानेन्द्र त्रिपाठी समेत कम्तीमा ४३ जना व्यक्तिहरूलाई नेपाली सेनाको १० नं. बाहिनी अन्तर्गत भैरवनाथ र युद्धभैरव गणबाट बलपूर्वकबेपत्ता पारिएको पाइएको छ ।

यस घटनामा आयोगले नेपाली सेनाको १० नं. बाहिनी अन्तर्गत भैरवनाथ र युद्धभैरव गणका तत्कालीन सैनिक अधिकारीहरू समेत जिम्मेवार देखिएकाले प्रचलित कानुन बमोजिम कारवाही अघि बढाउन र पीडित परिवारहरूलाई जनही रू. १ लाखका दरले अन्तरीम राहत प्रदान गर्न लेखी पठाउने साथै बेपत्ता परिवारले भोग्नुपरेका पीडा र उनीहरूको अवस्था समेतलाई मध्यनजर राखी शैक्षिक, रोजगारी लगायत परिपूरणको विषयमा उपयुक्त राहत कार्यक्रम तर्जुमा गरी लागू गर्न नेपाल सरकारलाई सिफारिस पठाउने भनी २०६६ भदौ २६ गते ठहर गरेको छ ।

### २.३.३ राम शिखरझाला, कैलालीको घटना

ने.क.पा. (माओवादी) का कार्यकर्ताहरूले रामशिखरझाला गाविस वडा नं. ९ कैलाली निवासी ठम्मानसिंह वमलाई २०६० जेठ २९ गते आफ्नै गाउँघरबाट कब्जामा लिई अवस्था अज्ञात पारेको र निजको अवस्थाको बारेमा खोजी गर्दै जाँदा माओवादी कैलालीका इन्चार्जले निज बमलाई सफाया गरिसकेको भनी परिवारलाई जानकारी गराएको थियो । गाउँ नजिकैको कन्दरा (कान्द्रा) नदीको किनारामा एउटा शव गाडिएको देखिएको र उक्त शव निज बमको हुन सक्ने हुँदा उत्खनन गरी आफन्तबाट सद्गत गर्न पाऊँ भन्ने उजुरी दर्ता हुन आएको छ । आयोगले शव उत्खननको लागि आवश्यक प्राविधिक र आर्थिक सहयोग समेत गरी आशंकित शवको परीक्षण नेपाल प्रहरीको सहकार्यमा विशेषज्ञ सम्मिलित टोलीबाट गराएको थियो । उक्त शवोत्खनन पछिका कानुनी कारवाही नेपाल प्रहरीबाट भईरहेको छ ।

> ***शवोत्खनन टोली***
>
> *आयोगको सदस्य माननीय गौरी प्रधान संयोजक रहने गरी एक फरेन्सिक विशेषज्ञहरू, त्रि. वि. वि. शिक्षण अस्पतालका फरेन्सिक मेडिशिन विभागका विशेषज्ञहरू, पुरातत्व विभागका विशेषज्ञ, राष्ट्रिय फरेन्सिक प्रयोगशालाका विशेषज्ञहरू, मानव अधिकार आयोगका कर्मचारीहरू, पूर्व सदस्य तथा नागरिक समाजका प्रतिनिधिहरू समेतको टोली गठन गरिएको ।*

शवोत्खनन र अन्य अनुसन्धान समेतको आधारमा आयोगले २०६५ असार २६ गते उक्त शवको डीएनए परीक्षण गराई डीएनए प्रतिवेदन उपलब्ध गराउन र पीडितको परि वारलाई हाललाई अन्तरीम राहत स्वरूप १ लाख रूपैंया उपलब्ध गराउन आदेश दिएको छ । प्रस्तुत घटनामा डीएनए परीक्षण लगायतका कार्यहरूको अन्तिम परिणाम प्राप्त हुन नआउँदा यस घटनामा आयोगबाट अन्तिम निर्णय हुन बाँकी रहेको छ ।

### २.३.४ गोदार, धनुषाको घटना

धनुषा जिल्ला, जनकपुर नगरपालिका वडा नं. ४ विश्वकर्मा चोकबाट २०६० साल असोज २१ गते सुरक्षाकर्मीहरूको गस्ती टोलीले दिपु भन्ने सञ्जीवकुमार कर्ण, दुर्गेश लाभ, प्रमोदनारायण मण्डल, शैलेन्द्र यादव र जितेन्द्र झा समेत पाँच जना व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पारिएकोले स्थिति सार्वजनिक गरी पाऊँ भनी आयोगमा उजुरी परेको थियो । यस घटनाको अनुसन्धानबाट निजहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी बलपूर्वक बेपत्ता पारेको देखिएको छ । अनुसन्धानको क्रममा निजहरूको शवलाई धनुषा जिल्लाको गोदार गा.वि.स स्थित कमला नदीको किनारमा गाडिएको विशेष सूचना प्राप्त गरिएको थियो । अनुसन्धान टोलीको विश्वस्तको आधारमा आयोगले उल्लिखित व्यक्तिहरूका भनी आशंका गरिएका अवशेषहरूको उत्खनन गर्न नेपाल प्रहरीलाई निर्देशन दिएको छ । २०६७ भदौ १९ गतेदेखि असोज ३ गतेसम्म पहिलो चरण र फागुन १ गतेदेखि ३ गते सम्म दोस्रो चरणमा गरी पाँचवटा शंकास्पद मानव कंकाल उत्खनन गरिएको छ । उत्खनन कार्यमा नेपाल, फिनल्याण्ड र जर्मनीका विशेषज्ञहरू सम्मिलित थिए । शवोत्खनन कार्यको संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयले पूर्ण अनुगमन गरेको छ । उक्त निकालिएको मानव कंकालको परीक्षण (Forensic Biological Laboratory of Helsinki University, Findland तथा National Farensic Labrotory, Nepal (NAST) मा भईरहेको छ ।

यस घटनामा आयोगले सञ्जीवकुमार कर्ण ऐ.ऐ. बस्ने दुर्गेशकुमार लाभ, ऐ.ऐ. वडा नं. ४ बस्ने जितेन्द्र झा, दुहवी गाविस वडा नं. ४, धनुषा बस्ने शैलेन्द्र यादव र कुर्था गाविस वडा नं. १, धनुषा बस्ने प्रमोद नारायण मण्डल समेत पाँचजनालाई सुरक्षाकर्मीले वलपूर्वक बेपत्ता पारी निज व्यक्तिहरूको गैरन्यायिक तरिकाले हत्या गरेर बाँच्न पाउने अधिकारको हनन गरेको देखिएकाले आवश्यक अनुसन्धान गरी पीडकलाई कानुन बमोजिम कारवाही गर्न र पीडितको परिवारलाई जनही रू.३ लाखको दरले क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउन आयोगले २०६४ माघ १५ गते निर्णय गरेको थियो ।

## २.४ संविधान सभा निर्वाचन अनुगमन

आयोगले निष्पक्ष र धाधलीरहित तवरले ऐतिहासिक संविधान सभा निर्वाचन २०६४ सम्पन्न होस् र संविधान सभा मार्फत परम्परादेखि लैङ्गिक तथा आदिवासी जनजाति, दलित, मधेशी, अल्पसंख्यक, तथा अन्य जातजातिहरूको हुदै आएको भेदभाव, अन्याय अत्याचारको अन्त्य गर्न र मानव अधिकार तथा नागरिकका अधिकारहरू सुनिश्चित गर्न सकिने उद्देश्यले संविधान सभाको अनुगमन गरिएको छ । संविधान सभा अनुगमन कार्य तीन तहमा सम्पन्न गरेको थियो । जसमा निर्वाचन पूर्व, निर्वाचनको समयमा र निर्वाचनपश्चात् गरी अनुगमन गरिएको थियो। संविधान सभा अनुगमन पश्चात् मानव अधिकारको दृष्टिमा संविधान सभा नामक अनुगमन प्रतिवेदन समेत प्रकाशन गरेको छ ।

### २.४.१ समन्वय समिति गठन

संविधान सभा अनुगमन कार्यलाई सहज र सरल तरिकाबाट सम्पन्न गर्नका लागि आयोगले राष्ट्रिय मानव अधिकार आयोगका आयुक्त माननीय सदस्य श्री रामनगिना सिंहको संयोजकत्वमा १० सदस्यीय आन्तरिक समन्वय समिति गठन गरेको थियो । यो समितिले संविधान सभा अनुगमन कार्य गर्नको लागि विभिन्न चरणमा बैठक गरी अनुगमन कार्य गर्न केन्द्रीय, क्षेत्रीय तथा सम्पर्क कार्यालयहरूसँग समन्वय गरेको थियो ।

### २.४.२ प्रकाशन तथा वितरण

आयोगले संविधान सभा निर्वाचनको सन्दर्भमा प्रचार प्रसारका सामग्रीहरू जस्तैः पोष्टर, पम्प्लेट, नागरिकको मताधिकार गर्न पाउने, नेता चुन्न पाउने अधिकार तथा संविधान सभाको गठन प्रक्रिया र महत्वको विषयमा जानकारी पुस्तिका प्रकाशन गरेको थियो । जसको उद्देश्य जनमानसमा संविधान सभा बारेमा संचेतना अभिवृद्धि गर्नु रहेको थियो । प्रकाशन गरिएका सामग्रीहरू देशका प्रायःजसो जिल्लाहरूमा वितरण गरिएको थियो ।

### २.४.३ तालिम तथा अभिमुखीकरण

संविधान सभाको निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सघाउ पुऱ्याउने र नागरिकहरूका मताधिकार सुनिश्चितताको लागि आयोगले स्थानीय, क्षेत्रीय र केन्द्रीय स्तरमा चरणबद्धरूपमा विभिन्न अभिमुखीकरण तालिम, अन्तर्क्रिया, गोष्ठी तथा छलफल कार्यक्रमहरू आयोजना गरेको थियो । उक्त कार्यक्रमहरूमा संविधान र मानव अधिकार सम्बन्धमा सरोकार वालाहरूको भूमिका एवं दायित्व, मानव अधिकार तथा संविधान सभा र राजनैतिक अधिकार उपभोगमा नागरिक समाजको भूमिका  आदि विषयहरू समावेश गरिएका थिए ।

### २.४.४ संविधान सभा निर्वाचन अनुगमन

आयोगले संविधान सभा निर्वाचनको अनुगमन तीन चरणमा गरेको थियो । पहिलो चुनाव हुनु पूर्वको मानव अधिकारको स्थिति, दोश्रो चुनावको दौरानमा र तेस्रो चुनाव पश्चात्को अनुगमन । आयोगले देशका ६८ जिल्लाहरूमा संविधान सभा निर्वाचनको अनुगमन गरेको

थियो । आयोगका पदाधिकारीहरू, कर्मचारीहरू तथा स्वयंसेवकहरू समेत अनुगमनमा संलग्न गरिएका थिए । अनुगमनको क्रममा चौबीसघण्टे फोन सुविधा (हटलाइन) बाट सूचना तथा उजुरी संकलन गरिएको थियो । अनुगमन पश्चात् आयोगले तथ्यका आधारमा निर्वाचन आयोग, नेपाल सरकार लगायत अन्य सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराएको थियो ।

निर्वाचन हुनुपूर्वको अनुगमनमा शान्तिपूर्ण भेला हुन पाउने अधिकार, विचार र अभिव्यक्तिको स्वतन्त्रता, स्वतन्त्रतापूर्वक आवतजावत र बसोवासको स्वतन्त्रता, सवै राजनैतिक दलहरूले आफ्ना गतिविधिहरू संचालन गर्न पाउने अधिकार, स्वतन्त्ररूपमा निर्वाचनमा भाग लिन पाउने अधिकार, सूचनाको अधिकार, राजनैतिक क्रियाकलापमा बालबालिकाको प्रयोग सम्बन्धी विषयहरूको अनुगमन गरिएको थियो । संविधान सभा निर्वाचन अवधिभर स्वतन्त्र एवं भयरहित वातावरणमा गोप्य मतदान गर्न पाउने अधिकार, महिला, दलित, मधेशी, जनजाति, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, धार्मिक समुदाय आदिको मतदानमा पहुँच, मतदानमा विस्थापित, स्वयम् सेवकको भूमिका, पर्यवेक्षक आदिको पहुँच, ज्येष्ठ नागरिक, अशक्त व्यक्ति, गर्भवती महिला आदिका सम्बन्धमा गरिएको विशेष व्यवस्था, शौचालय, खानेपानी, औषधोपचार, आदिको व्यवस्था, बालबालिकाको प्रयोग सम्बन्धमा अनुगमन गरिएको थियो । निर्वाचन पश्चात् पनि अनुगमन गरियो जसमा मतगणना अनुगमन, सूचना सम्प्रेषण, शान्तिपूर्ण प्रदर्शन र्‍यालीको अनुगमन गरिएको थियो ।

## २.५ विस्तृत शान्ति सम्झौता अनुगमन

नेपाल सरकार र माओवादी बीच २०६३ मंसीर ५ मा विस्तृत शान्ति सम्झौता सम्पन्न भयो, जसले देशमा दिगो शान्ति स्थापना गर्न मद्दत पुर्‍याउने अपेक्षा गरिएको थियो । विस्तृत शान्ति सम्झौताले मानव अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र अन्तर्राष्ट्रिय मानवीय कानुनी मूल्यमान्यताहरूलाई आत्मसात् गर्दै सम्झौतारत पक्षहरूले पालना गर्ने प्रतिबद्धता जाहेर गरेका छन् । यस सम्झौताको महत्वपूर्ण उद्देश्य युद्धविरामलाई स्थायी शान्तिमा रूपान्तरण गर्नु रहेको छ । साथै विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका शर्तहरू परिपालना भए नभएको अनुगमन गर्ने दायित्व राष्ट्रिय मानव अधिकारलाई सुम्पिएको छ ।

विस्तृत शान्ति सम्झौताको बूँदा नं. ३ अनुसार नेपाली नागरिकको राजनीतिक र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुनिश्चित गर्ने, विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानव अधिकार, जनतामा निहित सार्वभौमसत्ता, विधिको शासन, सामाजिक न्याय र समानता, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकारको पूर्ण परिपालना गर्ने, लोकतान्त्रिक प्रणालीको अबलम्वन गर्ने, राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने, वैज्ञानिक भूमिसुधार कार्यक्रमको नीति अवलम्बन गर्ने, शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभुतामा सबै नागरिकको अधिकार स्थापित गर्ने, सुकुम्बासी, कमैया, हलिया, हरूवाचरूवा लगायतका आर्थिक सामाजिकरूपले पछाडि पारेका वर्गलाई जग्गा लगायतका आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने लगायतका नीति लिने भनी उल्लेख गरिएको पाइन्छ । त्यसैगरी बूँदा ५ मा

दुवै पक्षले कुनैपनि व्यक्तिलाई मानसिक दवाव नपुऱ्याउने, धराप (एम्बुस) नथाप्ने, हत्या हिंसाका कारवाही नगर्ने अपहरण/पक्राउ/थुनछेक/बेपत्ता पार्ने कार्य नगर्ने, दुवै पक्षले युद्धको समयमा प्रयोग गरिएका धराप तथा बारूदी सुरूङ्गको रेखाङ्कन तथा भण्डारण बारे ३० दिनभित्र एक अर्कालाई जानकारी गराई ६० दिनभित्र निष्क्रिय र निर्मूल पार्न एक अर्कालाई सहयोग गर्ने, सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका, ताला लगाइएका वा प्रयोग गर्न वञ्चित गरिएका सम्पतिहरूको लगत खडागरी तत्काल फिर्ता गर्ने, इच्छा विपरीत नगद तथा जिन्सी संकलन र असुली नगर्ने, कब्जामा रहेका मानिसलाई १५ दिनभित्र मुक्त गर्ने, वेपत्ता पारिएका र मारिएकाहरूको विस्तृत विवरण ६० दिनभित्रमा सार्वजनिक गरी परिवारलाई जानकारी गराउने, शान्ति स्थापनाकोलागि दुवै पक्षले एक अर्कालाई सहयोग गर्ने, आवतजावतमा रोक नलगाउने लगायतका प्रतिबद्धताहरू उल्लेख गरिएकाछन् ।

***विस्तृत शान्ति सम्झौता अनुगमन गर्दा अध्ययन गरिएका विषयहरू***


*१. बाँच्न पाउने अधिकार*
*२. वैयक्तिक मर्यादा, स्वतन्त्रता र आवतजावतको अधिकार*
*३. यातना वा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार/कुटपीट*
*४. बलपूर्वक वेपता*
*५. माओवादीबाट व्यक्ति कब्जा*
*६. गैर आन्तरिक विस्थापित*
*७. न्यायिक थुना/न्याय प्रशासन सम्बन्धमा*
*८. गोपनीयताको हक*
*९. नागरिक तथा राजनीतिक अधिकार*
*१०. आर्थिक तथा सामाजिक अधिकार*
*११. स्वास्थ्यको अधिकार*
*१२. शिक्षाको अधिकार*
*१३. सम्पतिको अधिकार*
*१४. बालबालिकाको अधिकार*
*१५. महिला अधिकार*

विस्तृत शान्ति सम्झौता एक महत्वपूर्ण दस्तावेजको रूपमा लिइएकोले आयोगले अंग्रेजी भाषा तथा आदिवासी जनजातिका भाषाहरू जस्तैः थारू भाषा, लगायत अन्य ८ वटा मातृभाषाहरूमा सर्वसाधारण जनतालाई बुझ्न सहज गराउन प्रकाशन तथा वितरण गरेको छ ।

विस्तृत सम्झौताले दिएको दायित्व पूरा गर्न आयोगले सम्झौता भएदेखि २०६४–२०६७ (चार वर्षसम्म) निरन्तररूपमा विस्तृत शान्ति सम्झौता अनुगमन गरी सोको प्रतिवेदन प्रकाशित गरिसकेको छ । पहिलो वर्ष आयोगबाट देशका ३७ जिल्लामा अनुगमन, अनुसन्धान गर्नुका साथै विभिन्न स्रोतबाट प्राप्त जानकारीका आधारमा मानव अधिकार अवस्थाको सूचना संकलन गरिएको छ । अनुगमन गरी प्रतिवेदन प्रकाशन गरेको छ । अनुगमनको क्रममा आयोगले कोष्ठमा उल्लेखित कुराहरूलाई विशेष प्राथमिकताका साथ अनुगमन गरेको छ ।

विगतचार वर्ष अवधिको अनुगमन प्रतिवेदनबाट प्राप्त मानव अधिकार उल्लङ्घनका घटनाहरूको तथ्यांक निम्न तालिकामा उल्लेख गरिएको छ :

| क्र. स | घटनाका विषय | राज्य पक्ष बाट | माओवादी पक्षबाट | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | जीवनको अधिकार | १०७ | २६ | १८६ | बम विष्फोट ५३ |
| २ | यातना | १९८ | ४८ | २४६ | |
| ३ | नागरिक तथा राजनीतिक अधिकार | | | २८ | |
| ४ | गैरन्यायिक थुना/न्याय प्रशासन | २१५ | | २१५ | |
| ५ | आन्तरिक विस्थापित | ८ | ८० | ८८ | |
| ६ | आर्थिक तथा सामाजिक अधिकार | | | १५८ | |
| ७ | महिला अधिकार | | | १४३ | |
| ८ | बालबालिकाको अधिकार | | | १३३ | |
| ९ | सम्पत्तिको अधिकारमा | ७ | १९३ | २०० | |




संक्रमणकालीन समयमा शिक्षाको अधिकार पनि प्रभावित भएको देखिन्छ । विशेषगरी बन्द, हड्ताल, चक्काजाम जस्ता गतिविधिको कारण विद्यालयहरू बन्द हुन गई बालबालिकाको शिक्षाको अधिकार प्रभावित हुन पुगेको देखियो । विस्तृत शान्ति सम्झौतापछि पनि राज्यले देशका नागरिकको प्रत्यक्ष प्रभाव पार्ने खाद्यान्न तथा औषधि उपचारमा खासै प्रभावकारीरूपमा कार्यान्वयन गर्न सकेको पाइएन । जसको उदाहरण  जाजरकोट लगायत मध्य तथा सुदूरपश्चिमका केही जिल्लाहरूमा स्वास्थ्यकर्मी तथा औषधीको अभावमा झाडापखालाबाट ३९४ जनाको मृत्यु भएको पाइयो ।

## २.६ आयोगको स्वतन्त्रता र स्वायत्तता रक्षार्थ आयोगको पहल

राष्ट्रिय मानव अधिकार आयोगले अन्तरिम संविधानले देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको परिकल्पना गरेको छ । संवैधानिक निकायको रूपमा स्तरवृद्धि भएपछि आयोग ऐनमा पनि

परिवर्तन हुन जरूरी देखियो । संविधान सभाको स्थापना पश्चात् आयोगलाई निष्पक्ष, स्वतन्त्र र स्वायत्त बनाउनु पर्ने कुरामा आयोगले जोड दिदै आएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले संविधान सभाका सदस्यहरू, नागरिक समाज, मानव अधिकार संघसंस्था तथा अन्य निकायहरूसँग आवश्यक छलफलतथा अन्तर्क्रिया गरी नेपाल सरकार लाई आयोगको ऐन कस्तो हुनुपर्छ भनी राय सुझाव सहितको खाका पेश गरेकोथियो । नेपाल सरकारद्वारा प्रस्तुत गरिएको मानव अधिकार विधेयकमा आयोगको स्वतन्त्रता तथा स्वायत्तता जस्ता कतिपय विषयहरूलाई सुधार गर्नुपर्ने पाइएकोले व्यवस्थापिका संसद्को विधायन समितिका माननीय सभापति एवम् सदस्यहरूसँग भेटघाट गरी मानव अधिकार आयोग ऐन पेरिस सिद्धान्तको मूल्य र मान्यताका आधारमा हुनुपर्ने विषयमा अन्तर्क्रिया तथा छलफल गरिएको थियो ।

यसका अतिरिक्त नेकपा (माओवादी), नेपाली काङ्ग्रेस, नेकपा (एमाले), मधेसी जनअधिकार फोरमलगायतका राजनैतिक दलहरूसँग आबद्ध सभासद्हरूसँग राष्ट्रिय मानव अधिकार आयोग ऐन पेरिस सिद्धान्त बमोजिम निष्पक्ष, स्वायत्त तथा स्वतन्त्र हुनुपर्ने कुरामा जोड दिदै बहस, वकालत तथा छलफल गरी आयोगले पेश गरेको विधेयक अनुरूप कानुन निर्माण गर्न अनुरोध गरेको थियो ।

आ. व. २०६५/०६६ को अबधिसम्म पनि राष्ट्रिय मानव अधिकार ऐन जारी हुन नसकेको हुँदा मानव अधिकार ऐन पेरिस सिद्धान्त बमोजिमको हुनुपर्ने कुरामा जोड दिइएको छ । आ.व. २०६६/०६७ मा नेपाल सरकारले प्रस्तुत गरेको मानव अधिकार आयोग ऐनको मस्यौदा उपर मानव अधिकारसँग सम्बन्धित संघसस्था तथा नागरिक समाजसँग अन्तर्क्रिया गरी आयोगको स्वायत्त र स्वतन्त्रताको प्रत्याभूतिको लागि प्रधानमन्त्रीको कार्यालयमा सिफारिस पेश गरिएको थियो । पछिल्लो चरणमा सम्मानित सर्वोच्च अदालतले राष्ट्रिय ऐन २०६८ को दफा १०(५) भएको (मानव अधिकार उल्लङ्घन वा त्यसको दुरूत्साहन भएकोमा सो भए गरेको, कुनैव्यक्ति कसैको नियन्त्रणमा रहेकोमा सो नियन्त्रणबाट छुटेको वा त्यस्तो व्यक्ति सार्वजनिक भएको मितिले छ महिनाभित्र आयोगमा उजुरी गरिसक्नु पर्नेछ । ) प्रावधान आयोगको स्वतन्त्रता र स्वायत्तता सिमित पार्ने देखिएकोले सो खारेज गरेको छ ।

## २.७ बलपूर्वक बेपत्ता तथा अपहरण विरूद्धको अधिकार संरक्षण र संवर्द्धन

बलपूर्वक बेपत्ता पार्ने र कब्जामा लिएर स्थिति अज्ञात पार्ने घटनाहरू मानव अधिकार विरूद्धका घटनाहरू हुन् । यस्ता घटनाले मानिसको बाँच्न पाउने अधिकार गम्भीर उल्लङ्घन भएको हुन्छ । बलपूर्वक बेपत्तासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २००६, मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकार विषयक अभिसन्धि १९६६ र सन् १९४९ का चारवटा जेनेभा महासन्धिहरूले यस कार्यलाई निषेध गरेका छन् । जेनेभा महासन्धिहरू अनुसार आन्तरिक सशस्त्र सङ्घर्षको क्रममा युद्धरत पक्षले कसैलाई पनि बन्धक बनाउन नपाइने स्पष्ट व्यवस्था गरेको छ ।

नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच २०६३ मंसिर ५ गते सम्पन्न भएको विस्तृत शान्तिसम्झौतामा बेपत्ता पारिएका नागरिकहरूको अवस्था ६० दिनभित्र सार्वजनिक गर्ने प्रतिबद्धता दुबै पक्षबाट जाहेर गरिएको छ । हाल ६ वर्ष बितिसक्दा पनि बेपत्ता पारिएका व्यक्तिलाई सार्वजनिक गर्ने काम हुन सकेको छैन । सर्वोच्च अदालतको २०६४ जेठ १८ को फैसलामा प्राथमिकताका साथ बेपत्तासम्बन्धी कानुन बनाउन, कानुनबाट व्यवस्था गरी छुट्टै र प्रभावकारी जाँचबुझ आयोग गठन गर्न एवम् आयोगको प्रतिवेदनको आधारमा फौजदारी अनुसन्धान गरी आवश्यकता र उपयुक्तताअनुसार सम्बन्धित व्यक्तिको हकमा अभियोजन गर्न गराउने भन्ने आदेश भएको छ । तर सो आदेश बमोजिम हालसम्म सो आयोग गठन हुन सकेको छैन । नेपाल सरकारले सशस्त्र द्वन्द्वताका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गर्न विगतमा व्यवस्थापिका संसद्मा सत्यनिरूपण तथा मेलमिलाप आयोग र व्यक्ति बेपत्ता पार्ने सम्बन्धमा छानवीन आयोगसम्बन्धी विधेयक पेश गरेको थियो । सरकारद्वारा प्रस्तावित विधेयकले सत्यनिरूपण तथा छानबिन आयोगहरू एउटै बनाउने र गम्भीर अपराधमा समेत आममाफी दिने तयारीले मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दायित्व, पीडितको न्याय प्राप्तिको अधिकार, बिस्तृत शान्तिसम्झौता एवम् अन्तरिम संविधानमा भएका प्रावधानको उल्लङ्घन भएको देखिन्छ ।

बेपत्ता पारिएका भनी आयोगमा परेका उजुरीमा उल्लेखित व्यक्तिको स्थिति सार्वजनिक हुन सकेको छैन । बेपत्ता पारिएका व्यक्तिका परिवारका सदस्यहरूले केही हदसम्म राहत प्राप्त गर्न सकेको पाइएको छ । पहिचान गरिएका पीडकमाथि पनि कानुनी कारबाही नभएको अवस्था छ । लामो समयसम्म आफन्तहरूको बारेमा अनभिज्ञ रहनुले उनीहरूको आफन्तबारे सत्य थाहा पाउने अधिकार हनन भएको पाइन्छ । साथै सोही कारण मानसिक असर समेत परेको पाइन्छ । यसका अलावा परिवारका सदस्यहरूले सांस्कृतिक र धार्मिक विधि बमोजिम अन्त्येष्टि गर्न पाएको देखिदैन । त्यसैगरी सम्पत्ति सम्बन्धी हक हस्तान्तरण समेत गर्न नपाएको जनगुनासो पाइन्छ ।


व्यक्ति अपहरण गरी स्थिति अज्ञात तुल्याउनु वा बन्धक बनाउनुलाई मानवीय कानुनमाथिको गम्भीर प्रहार मानिन्छ । मूलतः अपहरण कार्य आपराधिक समूह वा व्यक्ति वा द्वन्द्वका समयमा द्वन्द्वरत पक्षबाट हुने गरेको देखिन्छ । सशस्त्र द्वन्द्वकालमा तत्कालीन नेकपा (माओवादी)बाट अपहरण गरी वा कब्जामा लिई अज्ञात तुल्याइएका व्यक्तिहरूको स्थिति सार्वजनिक हुन सकेको छैन । यस आयोगको तेस्रो कार्यकालको समयमा आयोगले बेपत्ता पारिएका भनी आयोगमा परेको उजुरी मध्ये दैलेखमा डेकेन्द्र थापाको भनिएको लास, गोदारमा ५ जना व्यक्तिहरू र धनगढी रामझाला गा.वि.समा खोलाको किनारमा गाडिएको लास र भैरवनाथ गणले ४३ जनालाई हत्या गरेर शिवपुरीको जंगलमा जलाएको भनिएको घटना समेत शवोत्खनन गरेको छ साथै वैज्ञानिक परीक्षणको लागि विदेश समेत पठाउने व्यवस्था गरेको छ ।

२०६९/२०७० को अवधिमा यस अवधिमा आयोगमा यस विषयसँग सम्बन्धित जम्मा ७ उजुरीहरू परेका छन् । जसमा सुरक्षाकर्मीबाट बेपत्ता पारिएको भनी ३, ए.ने.क.पा.माओवादीबाट अपहरण २ र अन्यबाट २ रहेका छन् । सरकार र ए.ने.क.पा.माओवादीसँग जोडिएको उजुरीहरू

**राष्ट्रिय मानव अधिकार आयोग**

विगत द्वन्द्वकालीन अवधिमा घटेका घटनासँग सम्बन्धित छन् । आयोगमा व्यक्ति बेपत्तासम्बन्धी ३३४७ भन्दा बढि उजुरी प्राप्त भएको थियो । आयोगमा प्राप्त भएका उजुरीहरू माथि अनुगमन र छानविन गरेर २००० भन्दा बढि व्यक्तिहरूको सम्बन्धमा तथ्यसत्य सूचना संकलन गरी यथार्थ पत्ता लगाइसकेको छ । पछिल्लो चरणको तथ्याङ्क  बेपत्ता सम्बन्धी विवरण यसप्रकार रहेको छ ।

| क्र. सं | कार्यालयहरू | राज्य पक्षद्वारा बेपत्ता | ने.क.पा माओवादीद्वारा बेपत्ता | अन्यद्वारा बेपत्ता | जम्मा |
|---|---|---|---|---|---|
| १. | ललितपुर | १५५ | २५ | ४१ | २२१ |
| २. | विराटनगर | ३२ | ३४ | १२ | ७८ |
| ३. | जनकपुर | ३१ | ४ | ४ | ३९ |
| ४. | पोखरा | ७० | १० | ११ | ९१ |
| ५. | नेपालगंज | २७६ | ४८ | – | ३२४ |
| ६. | धनगढी | २१ | १७ | ४ | ४२ |
| ७. | खोटाङ्ग | २ | ३ | ४ | ९ |
| ८. | बुटवल | १० | – | १७ | २७ |
| ९. | जुम्ला | ८ | ५ | २ | १५ |
|  | जम्मा | ६०५ | १४६ | ९५ | ८४६ |




## २.८ मानव अधिकार रक्षकहरूको अधिकार संरक्षण र संवर्द्धन

देशमा दण्डहीनता अन्त्य र संक्रमणकालीन न्याय, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको संरक्षण सम्बन्धी अवस्था, नेपाल सरकारको मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना, सामूहिक अधिकार अन्तर्गत बालअधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, यौनिक अल्पसंख्यकका अधिकार, ज्येष्ठ नागरिकका अधिकार, आदिवासी जनजातिका अधिकार,

मधेसी समुदायका अधिकार, आप्रवासी कामदारहरूको अधिकार, महिलामाथि हुने घरेलु हिंसाको अवस्था, विकास नीतिमा मानव अधिकारमुखी पद्धति लगायत मुलुकको पाँचवटा विकास क्षेत्रको मानव अधिकारको समग्र अवस्थाको अनुगमन तथा सूचना संकलन गर्नु मानव अधिकार क्षेत्रमा काम गर्ने संघसंस्थाको उत्तिकै दायित्व हो । समय समयमा मानव अधिकार रक्षकहरूलाई मानव अधिकार अनुगमनको दौरानमा समस्या देखापरेकोले सोको यथोचित सम्बोधन गर्न आयोगले अनुगमन तथा अनुसन्धान गर्दै आइरहेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार रक्षकको क्षमता अभिवृद्धि तथा विकासका लागि निरन्तर तालिम, गोष्ठी कार्यशाला आदि जस्ता कार्यक्रमहरू सञ्चालन गर्दैआएको छ । देशभरिका मानव अधिकार रक्षकहरूको साझा सवालमा एकताबद्ध गर्ने तथा मानव अधिकारको संरक्षण, संवर्द्धन र यसको परिपालनाको लागि निरन्तर एकजुट गराउन मानव अधिकार रक्षकहरूको लागि आयोगले २०६९ साल असोज २२ र २३ गते राष्ट्रिय सम्मेलन ललितपुरमा सम्पन्न गरेको थियो । उक्त सम्मेलनको मुख्य उद्देश्य देशमा विद्यमान मानव अधिकारको अवस्थाको समीक्षा गर्ने, मानव अधिकारको क्षेत्रमा काम गर्ने संघसस्थाको साझा मञ्च निर्माण गर्ने, क्षेत्रगतरूपमा मानव अधिकार रक्षकको अवस्थाको पहिचान गर्ने, मानव अधिकारको क्षेत्रमा कार्यरत संघसस्था र राष्ट्रिय मानव अधिकार आयोगबीच बृहत्तर संयन्त्र स्थापना गर्ने रहेका छन् । उक्त सम्मेलनमा देशका ७५ वटा जिल्लाका करीब २०० जना मानव अधिकार रक्षकहरूको सहभागिता रहेको थियो । उपरोक्त राष्ट्रिय सम्मेलनले आयोगद्वारा प्रस्तुत गरिएको मस्यौदा (मानव अधिकार रक्षकहरू सम्बन्धी मार्ग निर्देशिका )

आयोगले मानव अधिकार रक्षकहरूसँग समन्वय र सहकार्य गर्दै आइरहेको छ । विशेषगरी अन्तर्राष्ट्रिय दिवसहरू मनाउने तथा संवर्द्धनका कार्यहरूमा सहकार्य गरिरहेको छ । सहकार्यमा सहजता ल्याउन आयोगले मानव अधिकार रक्षकहरूसम्बन्धी मार्गनिर्देशिका २०६९, मानव अधिकार आयोग र अन्य मानव अधिकार सम्बद्ध संस्थाहरूसँगको सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका २०६९, जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

यसले मानव अधिकारका समसामयिक विषयहरूमा मानव अधिकार रक्षकहरूबीच विचारको आदानप्रदान गर्ने र मानव अधिकार र मानव अधिकार रक्षक सम्बन्धी विभिन्न विषयमा भविष्यमा के कसरी सहकार्य गरी अगाडि बढ्ने भन्ने विषयमा बाटो स्पष्ट पारेको छ । मानव अधिकार क्षेत्रमा जनस्तर (Grassroots) मा कार्यरत संघसंस्थाको क्षमता अभिवृद्धि, उनीहरूको सुरक्षा र नयाँ अवधारणाहरू आदानप्रदान गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

## २.९ आयोगले संक्रमणकालीन न्यायका लागि गरेको संवर्द्धन तथा संरक्षण

संक्रमणकालीन न्यायद्वारा दण्डहीनताको अन्त्य, क्षतिपूर्ति तथा न्याय र पुनर्स्थापना, पुनर्फिर्ति तथा पुनर्मिलन जस्ता कुरामा जोड दिइएको हुन्छ, द्वन्द्व पीडितहरूले प्रत्यक्षरूपमा न्याय प्राप्तिको अनुभूति नगरेसम्म दीर्घकालीन शान्ति स्थापनाको सम्भावना रहँदैन ।

## राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय मानव अधिकार आयोगको नेपालमा २०६२/२०६३ को जनआन्दोलनद्वारा राजनैतिक परिवर्तन पश्चात् संक्रमणकालीन न्यायसम्बन्धी काम गर्नु पनि एक हो । शान्ति सम्झौताको दफा ५.२.५ मा *'दुवै पक्ष सशस्त्र द्वन्द्वकाक्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरूद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन्'* भन्ने उल्लेख छ। त्यसैगरी विस्तृत शान्ति सम्झौतामा राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकार उल्लङ्घनको सम्बन्धमा अनुगमन गर्ने जिम्मेवारी समेत तोकिएको छ। सशस्त्र द्वन्द्वको समयमा मानव अधिकार उल्लङ्घनका घटना मध्ये १६,७१९ मानिसहरू मारिएका करिव ३,३४७ जना बेपत्ता भएको भनी आयोगमा उजुरी प्राप्त भएको र ८३५ व्यक्तिहरू अझसम्म बेपत्ता रहेको, करिब ८० हजार मानिस विस्थापित भएको, ९६४ मानिसहरूले यातना पाएको देखिएको छ । आयोगले सत्य निरूपण तथा मेल मिलाप आयोग विधेयक तथा बेपत्ता छानबिन आयोग विधेयक सम्बन्धमा छलफल गरी सो उपर गर्नु पर्ने सुधार सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरेको छ। त्यसैगरी द्वन्द्वको समयमा अदालतमा फौजदारी अपराधमा मुद्दा चलिरहेका विषयमा सरकारले विभिन्न समयमा फिर्ता लिने निर्णय गरेको छ ।आयोगले उक्त निर्णय अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र मानवीय कानुनको विपरीत भएको निर्क्यौल गर्दै सरकारलाई पत्राचार तथा प्रेस विज्ञप्ति मार्फत नेपाल सरकारलाई ध्यानाकर्षण गराएको थियो ।

विस्तृत शान्तिसम्झौतामा पीडितलाई अविलम्ब न्याय प्रदान गर्ने, दण्डहीनता निरूत्साहित गर्ने, तथा कानुनी शासनको संवर्द्धन गर्ने प्रतिवद्धता जाहेर गरेको भएता पनि अझै सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनजारी हुनसकेको छैन ।

संक्रमणकालीन न्याय प्राप्त गर्ने पीडित र प्रभावितहरूको प्रत्यक्ष अधिकार हो ।राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार र संक्रमणकालीन न्याय, दण्डहीनता सम्बन्धी विभिन्न चेतनामूलक कार्यक्रम र संक्रमणकालीन न्यायसम्बन्धी अन्तर्क्रिया तथा छफफल कार्यक्रम सम्पन्न गरेको थियो । आयोगले हालसम्म मानव अधिकार, सुशासन र संक्रमणकालीन न्याय सम्बन्धी कार्यशाला गोष्ठी आयोजना गरी सञ्चारकर्मी, मानव अधिकारकर्मी, राजनैतिक दलका प्रतिनिधि, सुरक्षा निकायका प्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख लगायत अन्य सुरक्षाकर्मीहरूसंग छलफल गरिएको थियो ।

२०६९/२०७० मा सत्य निरूपण तथा मेलमिलाप मस्यौदा २०६९ माथि आयोगले अध्ययन अनुसन्धान गरी मानव अधिकारमैत्री नभएको, आममाफीको प्रावधान भएको, लैङ्गिक समावेशिता नभएको, संयुक्त राष्ट्रसंघ सुरक्षापरिषदको प्रस्ताव नं. १३२५ र १८२० अनुसार द्वन्द्वपश्चात् शान्ति निर्माण प्रक्रियामा राज्यको स्थानीय, क्षेत्रीय र केन्द्रीय तहमा महिला सहभागितालाई जोड दिदैं उक्त प्रस्ताव अनुरूप गर्न नेपाल सरकारलाई आग्रह गरी प्रेस सम्मेलन मार्फत असहमति व्यक्त गरिएको थियो । संक्रमणकालीन न्याय र मानव अधिकार विषयमा खलङ्गा, प्यूठानमा अन्तर संवादका कार्यक्रम सम्पन्न गरिएको छ । बेपत्ता तथा सत्यनिरूपण विधेयकको सम्बन्धमा

छलफल मार्फत सुझाव सङ्कलन गर्ने, स्थानीय शान्ति समितिसँग छलफल गरिएको छ । सरकारले पुनः द्वन्द्वको समयमा भएका आपराधिक घटनाहरूमा अदालतमा विचाराधीन रहेको मुद्दा फिर्ता लिने गरेको निर्णय उपर राष्ट्रिय मानव अधिकार आयोगले दण्डहीनतालाई प्रशय पुग्ने, अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुनको विपरितको कार्य हुने भएकोले गम्भीर छानबिन गर्न नेपाल सरकारलाई विज्ञप्ति मार्फत निर्देशन दिएको छ ।

## २.१० अन्तर्राष्ट्रिय स्तरमा सम्बन्ध र समन्वय

आयोगले बिभिन्न देशका मानव अधिकार संस्थासँग  सुमधुर सम्बन्ध स्थापित गर्दै आएको छ । राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न तहमा मानव अधिकारका क्षेत्रमा कार्यरत संघसंस्थाहरू, मित्रराष्ट्रहरूका राजदूतावास, दातृ निकायहरू, कूटनीतिक तथा अन्तर्राष्ट्रिय स्तरका मानव अधिकारको क्षेत्रमा कार्यरत संघसंस्था जस्तैः सेभ द चिल्ड्रेन, एसिया फाउण्डेशन, एपिटी आदि सस्थाहरूसँग विभिन्न माध्यम जस्तै भेटघाट, सहभागिता, सम्मेलन आयोजना जस्ता कार्य गरी सम्बन्ध विस्तार गर्दै आएको छ। राष्ट्रिय मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय स्तरमा 'ए' स्तरको सस्था कायम राख्न सफल भएको छ । राष्ट्रिय मानव अधिकार सस्थाहरूको संयुक्त संस्था एसिया प्रशान्त मञ्चको वार्षिक बैठकमा सहभागिता जनाई आयोगको छविलाई उचाइमा पुऱ्याउन सफल भएको छ ।

### २.१०.१ आयोग र मानव अधिकार सस्थाहरूको समन्वय समिति (ICC)

अन्तर्राष्ट्रिय मानव अधिकार राष्ट्रिय संस्थाको समन्वय समिति(International Cooordination Committee for NHRIs) एक अन्तर्राष्ट्रिय स्तरको राष्ट्रिय मानव अधिकार संस्थाहरूको सञ्जाल हो । यो मानव अधिकार संस्थाहरूको प्रशासनिक निकाय हो, जसले कुनैपनि देशको मानव अधिकार संस्थाहरूको संवर्द्धन तथा अनुगमन गर्नको निम्ति निर्मित समिति हो । समन्वय समितिले मानव अधिकार परिषद् तथा संयुक्त राष्ट्रसंघीय अन्य मानव अधिकारको सम्बन्धमा काम गर्ने संस्थासँग  समन्वय राख्दछ। यसले अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रिय मानव अधिकार संस्थाहरूको प्रतिनिधित्व गर्दछ र मानव अधिकार संस्थाहरूको हकहित र सबलीकरणको निमित्त जोड दिन्छ।

राष्ट्रिय मानव अधिकार संस्थाको क्षमता विकास गर्न, संरक्षण गर्न र संयुक्त राष्ट्रसंघीय प्रणालीमा मानव अधिकार राष्ट्रिय संस्थाहरूको सहभागिता उपलब्ध गराउन जोड गर्दछ।  राष्ट्रिय मानव अधिकार आयोग नेपाल पनि यस समन्वय समितिको एक सशक्त र सक्रिय सदस्य रहदै आएको छ। आयोगको मानव अधिकार संरक्षण तथा संवर्द्धन कार्य सम्पादनमा नभई कानुनी हैसियतमा केही सवाल उठेको भए तापनि त्यस्ता सवाललाई चिर्दै आयोग आफ्नो ए स्तरको मानव अधिकार संस्था कायम राख्न सफल भएको छ । आयोगको स्तर माथि मानव अधिकार आयोगहरूको समन्वय समिति (International Coordination Committee)मा परेको उजुरीको सम्बन्धमा आयोगले प्रतिरक्षा गर्दै जवाफ पठाइसकेको छ ।

### २.१०.२ आयोग र एसिया प्यासफिक फोरम (APF)

एसिया प्यासिफिक फोरमले क्षेत्रीय साझेदारी एवम् मानव अधिकारको संरक्षण र संवर्द्धनका निमित्त राष्ट्रिय संयन्त्रको स्थापना र विकासमा सहयोग पुऱ्याउँदै आएको छ । राष्ट्रिय मानव अधिकार

**राष्ट्रिय मानव अधिकार आयोग**

आयोगले दक्षिण एसियाली मानव अधिकार आयोगहरूको मञ्च र यातना रोकथाम सम्बन्धी सस्था (Assocission onpreventionoftorture APT) को सहकार्यमा यातना विरूद्धको अर्न्तराष्ट्रियस्तरको तालिम सफलतापूर्वक सम्पन्न गरेको छ । यस मञ्चको सवै बैठक तथा वार्षिक सम्मेलनमा आयोगले सक्रियतापूर्वक आफ्नो धारणा राख्दै आएको छ । एसिया-प्रशान्त क्षेत्रको मानव अधिकारको अवस्था सुदृढ गर्ने तथा दण्डहीनताको अन्त्य गर्ने सामूहिक प्रतिबद्धता जनाउँदै मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको १३ औं वार्षिक सम्मेलन मलेसियाको राजधानी क्वालालम्पुरमा सहभागिता जनाएको छ। उक्त सम्मेलनमा नेपाल लगायत १७ देशका राष्ट्रिय मानव अधिकार आयोगहरू, राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालय, विभिन्न देशका सरकार एवम् संसदका प्रतिनिधिहरू तथा क्षेत्रीय र राष्ट्रिय गैरसरकारी संस्थाहरू सहभागी थिए ।

## २.१०.३ विभिन्न देशका मानव अधिकार संस्थाहरूसँग आयोगको सम्बन्ध

२०६५ फागुन ३ गते नेपालको मानव अधिकार अवस्था बुझ्न बेलायती संसदीय टोली आयोगमा आएका थिए । मानव अधिकारको अवस्थाको बारेमा छलफलका क्रममा मानव अधिकारको अवस्था अझै चुनौतीपूर्ण रहेको कुरा व्यक्त भएको छ । नेपालमा मानव अधिकार संरक्षण गर्न कानुनको अभाव नभएपनि कार्यान्वयन तहमा सरकारको इच्छाशक्तिको अभाव रहेको र आयोगको सिफारिस ढिलो कार्यान्वयन गर्दा मानव अधिकार संरक्षणमा प्रतिकूल प्रभाव पर्न गएको छ ।

भारतीय राष्ट्रिय मानव अधिकार आयोगका पूर्व अध्यक्ष तथा भारतको सर्वोच्च अदालतका पूर्वप्रधान न्यायाधीश जगदीश शरण वर्माले भेटघाट तथा सुमधुर सम्बन्ध विस्तारको उदेश्यले राष्ट्रिय मानव अधिकार आयोग नेपालमा भेटघाट गर्नुभएको थियो । उहाँले नेपाल र भारतका सरकारहरू मानव अधिकार आयोगले गरेका सिफारिसहरू लागू गर्न त्यत्ति सचेत र सक्रिय नदेखिएको बताउनु भएको थियो । मानव अधिकार संरक्षणको विषय नाफामूलक नभएकाले सरकारहरूले मानव अधिकार संरक्षणसम्बन्धी कार्य गर्ने संस्थाहरूलाई पर्याप्त बजेट दिन आनाकानी गर्ने गरेको विषय पनि उहाँले बताउनु भएको थियो । यसैगरी उहाँले भारतीय आयोग र नेपाल आयोगको सुमधुर सम्बन्ध रहेको पनि बताउनु भयो ।

राष्ट्रिय मानव अधिकार आयोग दक्षिण कोरिया र राष्ट्रिय मानव अधिकार आयोग नेपाल बीच सुमधुर सम्बन्ध रहँदै आएको छ। दुवै देश बीच आप्रवासी कामदारहरूको मानव अधिकार संवर्द्धन तथा संरक्षणमा तत्पर रहेको देखिन्छ । वैदेशिक रोजगारीमा दक्षिण कोरियामा गएका नेपाली कामदारहरू र नेपालमा बसोवास तथा रोजगारमा रहेका कोरियाली नागरिकहरूको अधिकार संरक्षणको लागि दक्षिण कोरियन मानव अधिकार आयोग र राष्ट्रिय मानव अधिकार आयोग नेपाल वीच सम्झौता (MOU) भएकोले नेपाली कामदारको मानव अधिकार संरक्षण गर्न सहयोग पुगेको आयोगले विश्वास लिएको छ ।

आप्रवासी कामदारका हक अधिकारको सम्बन्धमा भएको अन्तर्राष्ट्रिय सम्मेलनमा नेपाल आएका कोरियन मानव अधिकार आयोगका प्रतिनिधिहरूले आयोगको कार्यालयमा मानव अधिकारको बारेमा छलफल गरेका थिए । यसरी राष्ट्रिय मानव अधिकार आयोग दक्षिण कोरियाले दक्षिण कोरियामा बैदेशिक रोजगारीमा गएका कामदारहरूको अधिकार सुनिश्चित गर्न नेपालीमा ब्रोसर प्रकाशन गरेको छ। नेपालीहरूको मानव अधिकार उल्लङ्घनका घटनाहरूको समेत उजुरी ग्रहण गरी कारवाही समेत अगाडि बढाएको पाइएको छ। सन् २०१३ अगस्त ३० देखि सेप्टेम्बर ६ सम्म आयोगको माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय, सदस्यद्वय माननीय श्री रामनगिना सिंह तथा माननीय श्री गौरी प्रधानसमेतको उच्चस्तरीय प्रतिनिधिमण्डलले आप्रवासी कामदारहरूको मानव अधिकारको अवस्था र चुनौतिको विषयमा दक्षिण कोरिया र मलेशियाको अध्ययन भ्रमण गरेको छ । उपरोक्त अध्ययन भ्रमणले सम्बन्धित देशका राष्ट्रिय मानव अधिकार आयोग, नेपाली राजदुत, राजदुताबासका कर्मचारीहरू, सरोकारसमुदायहरूसंग भेटघाट गरी उनीहरूको हकहित र मानव अधिकार रक्षार्थ विभिन्न परामर्श र छलफल सम्पन्न गरेको छ। आयोगले उपरोक्त अध्ययन प्रतिवेदन तयार गरी नेपाल सरकारलाई सिफारिस गरेको छ ।

ब्रोसरको नमुना

सहमतिको सुझाव हटाएर दण्ड वा अनुशासन कार्यवाहिको सुझाव

अनुसन्धानको नतिजा

अनुसन्धानको सुझाव

समाप्त

अनुहार फरक भए पनि जन्मजात अधिकार उस्तै छ।
मानिस सबै महत्वपूर्ण छन्।

## नियम तथा प्रणाली आदिको नितिलाई सुधार गर्न सुझाब दिन्छ

**प्रवासी मजदुर आदि प्रवासी मानव श्रोत प्रणाली सुधार सम्बन्धि सुझाव, प्रवेषको सयममा गरिने जाँचबुझ तथा अध्यागमन नियमको सुधारको लागि सुझाव, शरणार्थी सम्बन्धि प्रणाली सुधारको सुझाव, बहुसाँस्कृतिक परिवार सहायता नियम तथा बैबाहिक नियम आदिको बारेमा राष्ट्रीय मानव अधिकार समिति कोरियामा बसोबास गर्ने प्रवासीहरूको मानव अधिकार संरक्षण वा विकासको निम्ति नियम तथा प्रणालीको सुधारको निम्ति सुझाव दिने काम पनि गर्दै आएको छ। यसको निम्ति प्रवासी मजदुरहरू, विवाहित प्रवासीहरू, प्रवासी बालबालिकाहरू, शरणार्थीहरू आदि प्रवासीहरूको मानव अधिकार सम्बन्धि अनुसन्धान गरि बिशेषज्ञहरूका साथ धेरै छलफल कार्यक्रमहरू पनि गर्दै आएका छौं।**

मानव अधिकार शिक्षा प्रवर्द्धनमा सहकार्य गरिनेसम्बन्धमा २०६८ असार १६ गते आयोग र फिनल्याण्ड सरकारबीच सम्झौता भएको छ । फिनल्याण्डको सहयोग र सहकार्यमा विभिन्न मानव अधिकार रक्षकहरूलाई मानव अधिकार तालिम दिइएको थियो। आयोगले मानव अधिकार संरक्षण र संवर्द्धनका सम्बन्धमा डेनमार्कसँग सम्बन्ध कायम गरेको छ। त्यसैगरी बाल अधिकार सम्बन्धमा यूनिसेफ तथा नर्वेजियन सेन्टर फर ह्युमन राइट्ससँग सम्बन्ध कायम रहेको छ।

## २.१०.४ आयोग र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्च आयुक्तको कार्यालय

संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्च आयुक्तको कार्यालय र आयोगको सुमधुर सम्बन्ध रहँदै आएको छ । आयोगले ओ.एच.सि.एच.आर.सँग मानव अधिकार संरक्षण र संवर्द्धनमा समय समयमा बैठक, छलफल गर्दै आएको छ । नेपालमा मानव अधिकार संरक्षण र संवर्द्धन गर्न र शसस्त्र द्वन्दकालीन मुद्दाहरूमा सक्रमणकालीन न्याय सुदृण बनाउन आयोग र ओ.एच.सि.एच.आर. का वीच सकहार्य सम्बन्धी स्मृतिपत्रमा हस्ताक्षण भएको थियो । ओ.एच.सि.एच.आर.का प्रमुख आयुक्त श्री नवनितम पिल्लाईले नेपाल भ्रमणका क्रममा आयोगका पदाधिकारीहरूसँग आयोगमा भेटगर्नु भई ओ.एच.सि.एच.आर. नेपालले गरेका सिफारिसहरू कार्यान्वयन नभएकाले नेपालमा दण्डहीनताको स्थिति बढ्दै गएको बताउनुभएको थियो । प्रमुख आयुक्त पिल्लाईले नेपालको मानव अधिकार अवस्था सुदृढ गर्न तथा आयोग र नागरिक समाजको क्षमता अभिवृद्धि गर्न आफ्नो कार्यालयले सदैव सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । आयोगले ओ.एच.सी.एच.आर.सँग मानव अधिकार उल्लङ्घनका घटनाहरूमा अनुगमन, मानव अधिकार संवर्द्धनको कार्यमा निरन्तर सहयोग र सहकार्य गर्दै आएको छ । नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय उच्चआयुक्तको कार्यालय र आयोगबीच मानव अधिकारसम्बन्धी विभिन्न विषयमा छलफल कार्यक्रम, तालिम, प्रेसविज्ञप्ति प्रकाशन संयुक्तरूपमा हुँदै आएको छ ।

आयोगले विश्वव्यापी आवधिकसमीक्षाको प्रतिवेदन ओ.एच.सी.एच.आर. जेनेभाको माध्यमबाट मानव अधिकार परिषद्मा पेश गरेको छ । नेपालको मानव अधिकार सुदृढ नभएको भन्दै आयोगले ओ.एच.सी.एच.आर. नेपालको अवधि थप गर्न समेत नेपाल सरकारलाई सिफारिस गरेको थियो । आयोग र ओ.एच.सी.एच.आर. नेपालले समयसमयमा मानव अधिकार उल्लङ्घनका घटना विशेष र सरकारले द्वन्द्वकालीन मुद्दा फिर्ता लिन गरेको निर्णय उपर नेपाल सरकारलाई गरेको सुझावमा संयुक्त अवधारणा र विज्ञप्ति जारी गर्ने गरेको थियो।

## २.१०.५ संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्

सन् २००६ मा संयुक्त राष्ट्रसंघ मानव अधिकार परिषद् स्थापना भयो । संयुक्त राष्ट्रसंघ मानव अधिकार परिषदको स्थापना पश्चात हरेक राष्ट्र तथा मानव अधिकार आयोगले समेत विश्वव्यापी आवधिकसमीक्षा(UPR)को प्रतिवेदन पेशगर्नु पर्ने व्यवस्था भयो । आयोगले राष्ट्रिय स्तरका आयोगहरूतथा नागरिक समाजको सहकार्यमा विश्वव्यापी आवधिकसमीक्षा(UPR)को प्रतिवेदन पेश गरेको छ । संयुक्तराष्ट्रसंघ उच्चायुक्त जेनेभाका प्रतिनिधिले आयोगको सुदृढीकरणको लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

## २.१०.६ दक्षिण एसियाली मानव अधिकार संस्थाहरूसँग सहकार्य

२०६५ मंसिर १५ र १६ गते आयोगद्वारा काठमाण्डौमा बाल अधिकार विषयमा सार्क स्तरीय कार्यशाला गोष्ठी सम्पन्न भएको थियो । उक्त गोष्ठीमा सार्क मुलुकका राष्ट्रिय मानव अधिकार संस्थाका प्रतिनिधिहरू, नेपाल सरकारका सचिवहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिहरू समेत

४० जनाको सहभागिता रहेको थियो। अप्रिल १६–१८, २००९ नयाँदिल्लीमा भएको Confrence of NHRIs of South Asian Coutries on Human Rights and National Capacity Building कार्यक्रममा आयोगका माननीय अध्यक्ष केदारनाथ उपाध्याय तथा माननीय सदस्य रामनगिना सिंहले भाग लिनुभएको थियो । त्यस्तै आयोगको सक्रियतामा काठमाडौंमा एसिया प्रशान्त मञ्चको सहआयोजनामा दक्षिण एसियाली उपक्षेत्रीय मानव अधिकार राष्ट्रिय संस्थाहरू र मानव अधिकार रक्षक विषयमा जुन १५-१९, २००९ मा तालिम सम्पन्न गरिएको थियो। आ. व. ०६४/२०६५ मा आयोगबाट आयुक्त लगायत कर्मचारीहरूद्वारा श्रीलंङ्का, कोरिया, बङ्गलादेश, फिलिपिन्स अध्ययन भ्रमण गरिएको थियो।

२०६६/२०६७ मा एपिएफको वार्षिक बैठकमा आयोगका माननीय अध्यक्षज्यूले सहभागिता गर्नुभएको थियो। मानव अधिकारको संवर्द्धन र संरक्षण क्षेत्रीय सहयोग सम्बन्धी एसिया प्रशान्त क्षेत्रको कार्यक्रममा माननीय सदस्य श्री गौरी प्रधान सहभागी हुनुभएको थियो।२०६८/२०६९मा APT Global Forum on the OPCAT सम्बन्धी कार्यक्रममा पनि माननीय श्री गौरी प्रधानको सहभागिता रहेको थियो। एसियाली राष्ट्रिय मानव अधिकार सस्थाको क्षेत्रीय सञ्जाल निर्माणको विषयमा सम्पन्न क्षेत्रीय कार्याशाला गोष्ठिमा माननीय सदस्य श्री गौरीप्रधानले नेपालको तर्फबाट कार्यपत्र प्रस्तुत गरी आयोगको अवधारणा स्पस्ट पारिएको थियो।

**आयोगको दातृ राष्ट्रका प्रतिनिधिहरूसंग समीक्षा बैठक**

वृहत् मानव अधिकार ऱ्याली

ज्येष्ठ नागरिक प्रति गरिने सबै प्रकारका दुर्व्यवहार विरुद्धको अन्तराष्ट्रिय दिवसको ऱ्याली

# आयोगका नियमित कार्यहरू

## ३ आयोगका नियमित कार्यहरू


### ३.१ मानव अधिकार संरक्षण

नेपाली नागरिकको मानव अधिकारको संरक्षण गर्नु राष्ट्रिय मानव अधिकार आयोगको मुख्य काम हो । आयोगद्वारा स्थापनाकालदेखिनै मानव अधिकार उल्लङ्घनका घटनाहरूको अनुसन्धान तथा अनुगमन कार्य हुँदै आइरहेको छ । नेपालको अन्तरिम संविधान, २०६३को धारा १३२ तथा आयोग ऐन, २०६८ले राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकार उल्लङ्घनका घटनाहरूमा अनुसन्धान तथा अनुगमन गर्ने दायित्व सुम्पिएको छ । आयोगले मानव अधिकार उल्लङ्घनका घटनाहरूमा उजुरी ग्रहण, उजुरी उपरको प्रमाणीकरण तथा अनुसन्धान गरी मानव अधिकार उल्लङ्घन भएको पाइएमा कारवाही तथा क्षतिपूर्तिको लागि सिफारिस गर्ने गर्दछ ।

आयोगले मानव अधिकार संरक्षणको अभिलेखीकरण र अनुसन्धान कार्य सम्पन्न गर्न मानव अधिकारका नौ महत्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धिहरूका आधारमा विषयगत वर्गीकरण गरी कार्यगर्ने गरेको छ । यसमा नागरिक तथा राजनैतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, महिलामाथि हुने सबै किसिमका भेदभाव विरूद्धको अधिकार, बाल अधिकार, यातना तथा क्रुर अमानवीय वा दण्डविरूद्धको अधिकार, सबै किसिमका जातीय भेदभाव विरूद्धको अधिकार, बलपूर्वक बेपत्ता विरूद्धको अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, आप्रवासी कामदार तथा तिनका परिवारको अधिकार र अन्य अधिकार समेत नौ वटा हुन् ।

**आयोगले विगत ६ वर्षमा गरेका मानव अधिकार संरक्षण सम्बन्धी कार्य तलको तालिका अनुसार छ**

| क.सं | विवरण | २०६४/०६५ | ०६५/०६६ | ०६६/०६७ | ०६७/०६८ | ०६८/०६९ | ०६९/०७० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | उजुरी | ११३७ | ६७७ | ४०३ | ३४५ | २७६ | २१९ | ३०५७ |
| २ | अनुसन्धान | ७२८ | ७७ | २१७ | ३११ | ३६४ | १३३६ | ३०३३ |
| ३ | अनुगमन | ३९४ | १९४ | २२९ | १७९ | २१२ | १६५ | १३७३ |




## ३.१.१ उजुरी ग्रहण

आयोगलेमानव अधिकार उल्लङ्घनतथा ज्यादती भएका घटनाहरूको पीडित बाट र आयोगको स्वविवेकमा उजुरी ग्रहण गर्दछ। जसमा प्राय:जसो द्वन्द्वको समयमा द्वन्द्वरत पक्षहरूद्वारा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको उजुरी रहेका छन्। आयोगको ६ वर्षको कार्यकालमा २०६४/२०६५ सालदेखि २०६९/२०७० सालकोअवधिमा ३०५७ वटाउजुरी ग्रहण गरेको छ, जसमा मुख्यरूपमा हत्या, बेपत्ता, अपहरण, यातना, विस्थापन, जग्गा कब्जा, महिला हिंसा, मानव बेचबिखन, न्याय प्रशासन, आदिवासी जनजातिका अधिकार आदि मुख्यरूप र केही आर्थिक, सामाजिक, र सास्कृतिक अधिकारहरू सम्बन्धी रहेका छन्।

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा आ.व. २०६४/६५ को तुलनामा आ.व. २०६९/७० सम्म उजुरीको संख्या क्रमश: घट्दो क्रममा देखिन्छ।

## ३.१.२ अनुसन्धान

मानव अधिकार संरक्षण गर्ने क्रममा आयोगले प्राप्त गरेका उजुरीहरूको गहन रूपमा अनुसन्धान गर्दछ। अनुसन्धान पश्चात् मानव अधिकार उल्लङ्घन भएको पाइएमा पीडकलाई कारवाही र पीडित वा पीडितका आश्रित परिवारलाई क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिस गर्दछ। आयोगले गर्ने अनुसन्धानमा विशेष प्रकृतिको मानव अधिकार उल्लङ्घनका घटनाहरू पर्दछन्। यस्ता गम्भीर प्रकृतिका घटनामा विशेषज्ञहरूको सहयोग लिएर अनुसन्धान गर्न सक्ने संवैधानिक प्रावधान छ। सोही अनुरूपआ.व. २०६४/०६५मा भैरवनाथ गणद्वारा पक्राउ गरी बेपत्ता पारिएका भनिएका ४३जना व्यक्तिहरूलाई हत्या गरी

*आयोगले मिति २०६४/२०६५को समयमा नेपाली सेना भैरवनाथ गण महाराजगंजबाट २०६० सालमा विभिन्न मितिमा पक्राउ गरी बेपत्ता पारिएका भनिएका व्यक्तिहरूलाई शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्रको ठूलीगैरी खोलामा जलाइएको/गाडिएको भनी प्राप्त सुचनाको आधारमा माननीय गौरी प्रधानको संयोजकत्वमा स्वदेशी तथा विदेशी विशेषज्ञहरूको सहयोगमा स्थलगत अनुसन्धान गरेको छ। अनुसन्धानको क्रममा प्राप्त शंकाष्पद बस्तुहरू फिनल्याण्डको प्रयोगशालामा थप अनुसन्धान गर्न पठाइएको छ साथै वैज्ञानिक विश्लेषण तथा सुक्ष्म अध्ययन जारी छ।*

शिवपुरी जंगलमा जलाइएको भन्ने घटनामा स्वदेशी तथा विदेशी विशेषज्ञहरूको सहायतामा अनुसन्धान गरिएको छ । त्यसैगरी धनुषा जिल्लाको गोदारमा हत्या गरेर पुरिएका ५ जना व्यक्तिहरूको शवोत्खनन गरेको छ । अनुसन्धानको क्रममा माओवादीबाट हत्या गरेर बेपत्ता बनाएका दैलेखका डेकेन्द्र थापा र कैलालीमा ठमानसिंह बमसमेतको विशेषज्ञको सहयोगमा शब उत्खनन गरिएको छ ।


आयोगले विगत ६ वर्षको अवधिमा ३०३३ वटा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीको घटनाको अनुसन्धान साथै ६७२ वटा उजुरीहरू माथि सिफारिस भएका छन् । अन्य बाँकी उजुरी उपर अनुसन्धान भै घटनाको गाम्भीर्यतालाई हेरी तामेली/खारेजी तथा टुङ्गयाइने गरेको छ ।

आयोगले द्वन्द्वकालीन गम्भीर प्रकृतिका अपराधहरूमा गहन छानबिन तथा अनुसन्धान गरी पीडितलाई राहत तथा क्षतिपूर्ति हुनुपर्ने र दण्डहीनताको अवस्था अन्त्य हुनुपर्ने कुरामा जोड दिदै आएको छ ।

### ३.१.३ उजुरी उपर निर्णय (सिफारिस/क्षतिपूर्ति/कारवाही/तामेली/खारेजी/टुङ्ग्याउने )

आयोगबाट विगत ६ वर्षको अवधिमा ३०७६.वटा उजुरीहरू तामेली, खारेजी वा टुङ्गयाइएको छ । गम्भीर प्रकृतिको मानव अधिकार उल्लङ्घनका घटनाहरूमा अनुसन्धान पश्चात् मानव अधिकार उल्लङ्घन भएको पाइएमा पीडितलाई राष्ट्रिय मानव आयोग ऐन, २०६८ अनुसार क्षतिपूर्ति र पीडकलाई कारवाही गर्न सिफारिस गर्ने गर्दछ । कारवाहीको सिफारिस गर्दा जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालना गर्न उदासीनता देखाएको अवस्थामा त्यस्तो पदाधिकारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने गर्दछ । त्यसैगरी गम्भीर मानव अधिकार उल्लङ्घन गर्ने व्यक्तिका विरूद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता देखिएमा कानुन बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने गर्दछ । कतिपय उजुरीहरू उपर अनुसन्धान गरी मानव अधिकार उल्लङ्घन नभएको पाइएमा उजुरीलाई टुङ्गयाउने गरिन्छ । त्यसैगरी उजुरीको दाबी नपुग्ने भएमा खारेजी गरिन्छ भने केही उजुरी तत्काल कारवाही गर्न प्रमाण नपुग्ने भएमा तत्कालै कारवाही गर्नु नपर्ने तर पछि पक्षले चाहेमा कारवाही गर्न सकिने गरी तामेलीमा राखिने व्यवस्था छ । उजुरी तामेली वा टुङ्ग्याउने वा खारेजी निर्णय गरिसकेपछि सोको पक्षलाई जानकारी दिने समेतको व्यवस्था छ । यस अवधिमा ६७३ वटा उजुरी उपर क्षतिपूर्ति तथा कारवाहीको सिफारिसको निर्णय गरिएको छ ।आयोगले तल तालिकामा देखाए अनुसार सिफारिस र तामेली, खारेजी वा टुङ्गयाउने निर्णय गरेको छ ।

| क्र.स. | विवरण | ०६४/६५ | ०६५/०६६ | ०६६/६७ | ०६७/६८ | ०६८/६९ | ०६९/७० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | उजुरी माथि सिफारिस | ७३ | ८२ | १७२ | १४६ | १०४ | ९९ | ६७३ |
| २ | खारेजी/टुङ्गयाउने/तामेली | ४०४ | ५४६ | ७८० | ५७९ | ३७० | ३९७ | ३०७६ |




## ३.१.४ यातना, कुटपिट तथा दुर्व्यवहार अन्त्यका लागि पहल

नेपालमा यातना पीडितहरूको अवस्था कहालीलाग्दो रहेको छ। राष्ट्रिय मानव अधिकार आयोगले यातना न्यूनीकरणको लागि आवश्यक पहल गर्दै आइरहेको छ। 'यातनाविरूद्ध शून्य सहनशीलताको नीतिलाई पूर्णरूपमा पालना गर्नुपर्ने आवश्यकतामा जोड दिएको छ। यातना न्यूनीकरणका लागि आयोगले हरेक वर्ष कारागार तथा हिरासत अनुगमन गरी यातनाका पीडितहरूको उद्धार गर्ने पीडकलाई कारवाहीको सिफारिस गर्ने गरिएको थियो । आयोगमा यातना तथा कुटपिट गरेको भनी परेका उजुरीमा राज्य पक्ष, ए.ने.क.पा.माओवादी र अन्य आरोपित रहेका देखिन्छन्। आ.व. २०६४/२०६५ मा १६३ वटा उजुरी २०६५/०६६ मा ८२ वटा उजुरी, २०६७/२०६८ मा ७२ वटा उजुरी, २०६८/२०६९ मा ५६ वटा उजुरी २०६९/२०७० मा ४६ वटा उजुरी दर्ता भएका छन्। यी मध्ये २०६८/२०६९र २०६९/२०७० मा प्रायःजसो यातना राज्यपक्षबाट भएको देखिएको छ।

हिरासत तथा कारागारमा यातना दिने गरेको पाइएकोले आयोगले नियमितरूपमा नेपालका प्रायःजसो जिल्लाका प्रहरी हिरासततथा कारागार अनुगमनगर्ने गरेको छ । २०६४/०६५ मा ४५ पटक,२०६५/०६६ मा ३४ पटक, २०६६/०६७ मा ५४ पटक, २०६७/०६८ मा २० पटक, ०६८/०६९ मा पटक र २०६९/२०७० मा १५ पटक हिरासत तथा कारागार अनुगमन गरिएको छ । आयोगले यातनाका घटनाका उजुरीहरूको अनुसन्धान गरी क्षतिपूर्ति तथा कारवाहीको लागि नेपाल सरकारलाई सिफारिस गरेको छ । यस वाहेक आयोगले कालिमाटी हिरासतमा मृत्यु भएको सानु सुनुवारको घटना, खोटाङ्गप्रहरी हिरासतमा मृत्यु भएको र राष्ट्रिय निकुञ्जको हिरासतमा मृत्यु भएको बन्दीहरूको स्थिति अनुगमन र अनुसन्धान गरी पीडित परिवारलाई राहत,परिपूरण, क्षतिपूर्ति र पीडकलाई कानुनी कारवाही गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ।

आयोगले हरेक वर्ष यातना विरूद्धको दिवस एकल वा अन्य मानव अधिकार संघसंस्थाहरूसँगको सहकार्यमा मनाउँदै आइरहेको छ। आयोगको सवै कार्यालयबाट यातना विरूद्धको दिवस नियमित रूपमा मनाइने गरेको छ । यातना दिने व्यक्तिलाई नै जिम्मेवार ठहऱ्याउन आवश्यक भएकाले

पीडकबाटै क्षतिपूर्ति र परिपूरणको कानुनी व्यवस्था नभएसम्म यातनाको शृङ्खला कायमै रहने आयोगको ठहर छ ।

'यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरूद्धको महासन्धि, १९८४' को ऐच्छिक प्रलेखलाई नेपालले अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ। यातनाको कुसंस्कारलाई अन्त्य गर्न 'यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३' लाई पनि अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप परिमार्जन गरिनुपर्ने आवश्यकतामा आयोगले जोड दिँदैआएको छ । आयोगले नेपाल सरकारद्वारा मस्यौंदा गरेको यातनासम्बन्धी विधेयकमा सरोकारवालाहरूसंग व्यापक छलफल गरी विधेयक माथि टिप्पणी र सुझावहरू प्रस्तुत गरेको थियो। तर संविधान सभाको अवसानको कारण उपरोक्त विधेयकले कानुनी रूप लिन नसकेको अवस्था छ।

### ३.१.५ मानव अधिकार हननका मुद्दाको अभिलेखीकरण

मानव अधिकार आयोगले मानव अधिकार उल्लङ्घनका मुद्दाका कागजातलाई विशेष व्यवस्थाका साथ सुरक्षित राख्ने व्यवस्था मिलाएको छ। आयोगमा हालै विशेष सुरक्षा संयन्त्र सहित अत्याधुनिक अभिलेखीकरण इकाइको स्थापना गरिएको छ। मानव अधिकार हननका उजुरीहरूमा आयोगले गरेका छानबिन, अनुसन्धानपश्चात् आयोगको निर्णय सिफारिसका कागजातहरूलाई भविष्यमा शीघ्रतापूर्वकप्रयोगमा ल्याउन सजिलो होस् भन्ने उद्देश्यले Complain Management and Reporting System लागु गरिएको छ। यसबाट भविष्यमा सरोकारवाला, पीडित र तिनका आफन्तहरू, प्राज्ञिक अनुसन्धान वा अध्ययनको लागि खोजेका बखत तत्काल उपलब्ध गराउन सकिने साथै मानव अधिकार हनन सम्बन्धी उजुरीहरूको बारे सत्यतथ्य जानकारी उपलब्ध गराउन सकिने अपेक्षा गरिएको छ।

मानव अधिकार आयोगका विभिन्न कार्यालयहरूमा १३ वर्षमा प्राप्त करीब १० हजार भन्दाबढी उजुरीहरूमध्ये करीब ५० प्रतिशतको अन्तिम किनारा लगाइएको अवस्था छ । अभिलेखको प्रभावकारी व्यवस्थापन गर्न आयोगमा दर्ता भएका उजुरीहरूको मिति, पीडित तथा पीडकको नामको वर्णानुक्रम आधारमा, फाइल नम्बर, विषयगत अन्तर्राष्ट्रिय सन्धिहरूका आधारमा कम्प्युटर

को माध्यमबाट जानकारी लिनसक्ने गरी व्यवस्थित गरिएको छ। साथै निकट भविष्यमा उपरोक्त सूचनाहरू आयोगको वेबसाइटमा समेत राखिने सोच रहेको छ ।

## ३.२ मानव अधिकार अनुगमन

राष्ट्रिय मानव अधिकार आयोगले अनुगमनको माध्यमबाट मानव अधिकार संरक्षण तथा संवर्द्धन गर्ने दायित्व पूरा गर्दछ । मानव अधिकारको अनुगमन घटना विशेष अनुगमन र अन्तर्राष्ट्रिय मानव अधिकार महासन्धिहरूको आधारमा गर्ने गरिएको छ । आयोगले संवैधानिक निकायको हैसियत प्राप्त गरेपछि कारागार, प्रहरी हिरासत, सैनिक हिरासतको अलावा कुनै सरकारी निकाय वा व्यक्तिगत आवासको समेत अनुगमन गर्नसक्ने बृहत् कार्यादेश प्राप्त गरेको छ। घटना विशेष अनुगमनबाट प्राप्त तथ्यका आधारमा मानव अधिकार उल्लङ्घन भएको पाइएमा मानव अधिकार स्थिति सुधार्नका निम्ति आवश्यक पहल गर्न सिफारिस तथा कुनै निकाय वा व्यक्तिलाई कारवाही सिफारिस समेत गर्ने गरेको छ । उदाहरणको लागि मिति ०६४ असोज ६ गते कपिलवस्तुमा मोहित खाँको हत्याबाट कपिलवस्तु लगायतका जिल्लाहरूमा एक हप्तासम्म भड्किएको हिंसामा कम्तीमा १४ व्यक्तिहरू मारिएको घटनाको सम्बन्धमा आयोगले तत्कालै अनुगमन गरेको थियो ।


***२०६४ भदौ ३० गते कपिलवस्तु घटना अनुगमन***

*मोहित खाँको हत्याबाट कपिलवस्तु लगायतका जिल्लाहरूमा एक हप्तासम्म भड्किएको हिंसामा कम्तीमा १४ व्यक्तिहरू मारिएका, कैयौं मानिस घाइते तथा विस्थापित भएका थिए। यसका साथै, घटनामा कैयौं सवारी साधन/ मालवाहक गाडी, पसल तथा घरहरूमा आगजनी भएको तथा व्यापक स्तरमा सम्पति लुटपाटका घटनाहरू भएका थिए। सो घटनामा माननीय श्री रामनगिना सिंह सहितको टोलीले अनुगमन गरेको छ । घटना पश्चात् नेपाल सरकार लाई क्षतिपूर्तिको सिफारिस गरेको छ भने घटना भएको दुई वर्ष पूरा भएपछि पनि आयोगले फलोअप अनुगमन गरेको छ जसमा घटनाबाट विस्थापित भएका कैयौं घरपरिवार अझै विस् थापित अवस्थामै भएको र क्षतिपूर्ति नपाएको भन्दै आयोगले प्रेस विज्ञप्ति मार्फत सरकारलाई दवाव दिएको छ । माननीय श्री रामनगिना सिंहको नेतृत्वमा उक्त घटना अनुगमन गरिएको छ । कपिलवस्तु घटनाको अनुगमनपछि आयोगले तत्कालीन प्रधानमन्त्री स्व. गिरिजाप्रसाद कोइरालालाई भेटी मानव अधिकारको स्थितिको बारेमा जानकारी गराई सुधार्नु पर्ने पक्ष समेत अवगत गराएको थियो ।*

आयोगले नागरिक तथा राजनीतिक अधिकार, आर्थिक तथा सांस्कृतिक अधिकार, यातना विरूद्ध अधिकार, जातीय विभेद, बाल अधिकार, महिला अधिकार लगायतका अन्तर्राष्ट्रिय मानव अधिकार सन्धि तथा महासन्धिहरूको आधारमा विशिष्टीकृत विषयगत अनुगमन गर्दछ।

**२०६४/०६५ देखि २०६९ /७० सम्म भएका अनुगमनको विवरण**

| क्र.सं. | के.का/क्षे.का | ०६४/०६५ | ०६५/०६६ | ०६६/०६७ | ०६७/०६८ | ०६८/६९ | ०६९/७० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | केन्द्रीयकार्यालय | ६८ | ३६ | ६१ | ३२ | ५० | २८ | |
| २ | विराटनगर | ५९ | ३० | २३ | ३१ | ३४ | ३४ | |
| ३ | जनकपुर | ३९ | २४ | ३७ | १६ | ३४ | २५ | |
| ४ | पोखरा | १७ | १५ | १६ | १० | २१ | १५ | |
| ५ | नेपालगंज | २९ | ४१ | ४९ | ४९ | ३७ | १९ | |
| ६ | धनगढी | २८ | २२ | १२ | १० | ११ | १० | |
| ७ | खोटाङ | २ | ४ | ६ | ४ | १२ | १७ | |
| ८ | बुटवल | ४ | १० | १७ | २१ | ९ | ८ | |
| ९ | रोल्पा | १६ | | | | | | |
| १० | जुम्ला | | ४ | ८ | ६ | ९ | १० | |
| | जम्मा | २६२ | १८६ | २२९ | १७९ | २१७ | १६६ | |




आयोगले २०६४/०६५ मा ३९४ पटक अनुगमन गरेको थियो। जसमध्ये ४५ कारागार अनुगमन, ६९ जिल्लामा संविधान सभा निर्वाचन अनुगमन गरिएको थियो। संविधान सभा अनुगमनका क्रममा आयोगले समग्र मानव अधिकार अनुगमन, विस्थापन, बाल अधिकार, शरणार्थीको अधिकार, महिला अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, आदिवासी जनजाति तथा अल्पसंख्यक, पछाडि पारिएका समुदायका अधिकारका अवस्थाको अनुगमन गरेको थियो। त्यस्तै अन्तर्राष्ट्रिय महासन्धिमा आधारित विषयगत अनुगमन पनि गर्ने गरिन्छ।

**राष्ट्रिय मानव अधिकार आयोग**

२०६५/०६६को अवधिमा माओवादीको सेना ६ नं. डिभिजन दशरथपुर, सुर्खेतमा आयोगका माननीय सदस्य श्री गौरी प्रधानज्यूको नेतृत्वको टोलीले अनुगमन गरेको छ। अनुगमनको क्रममा २०० बालबालिकाको अवस्था नाजुक भएको पाइएपछि बालबालिकाको सम्बन्धमा आवश्यक व्यवस्था गर्न सरकारलाई तत्कालै सिफारिस गरिएको थियो। उक्त अवधिमा आयोगबाट १९४ पटक अनुगमन गरिएको थियो, जसमा समग्र मानव अधिकारको अवस्था, बालअधिकार, महिला अधिकार, आन्तरिक विस्थापन, कारागार तथा हिरासतमा कैदीबन्दीका अधिकार, डोल्पा र मुगु जिल्लामा खाद्यान्नको अधिकार आदि अनुगमन गरिएका थिए। अनुगमन कार्यमा मानव अधिकारसँग सम्बन्धित संघसंस्था तथा नागरिक समाजसँग पनि सहकार्य गरिएको थियो । अनुगमन पश्चात् मिति २०६५ भदौ ५ मा सम्माननीय डा. राष्ट्रपति रामवरण यादव र भदौ ६मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाललाई छुट्टाछुट्टै भेटघाट गरी मानव अधिकारको अवस्थाको बारेमा अवगत गराइएको थियो । सो समयमा तत्कालै मानव अधिकारको स्थिति सुधार्नुपर्नेमा जोड दिइएको थियो ।

मानव अधिकारको अनुगमन पश्चात्देशमा शान्ति सुरक्षाको गिर्दो अवस्थालाई मनन गरी २०६५ मंसिर ४ गते तत्कालीन उपप्रधानमन्त्री तथा गृहमन्त्री श्री वामदेव गौतमलाई आयोगमा बोलाई आयोगको सिफारिस कार्यान्वयन तथा शान्ति सुरक्षाको लागि निर्देशन दिएको थियो ।

आ.व. २०६६/२०६७ मा आयोगले २२९ पटक अनुगमन गरेको थियो, जसमा रोल्पा तथा रूकुममा झाडापखालाबाट प्रभावित व्यक्तिहरूको अवस्था, कारागार तथा हिरासतमा कैदी बन्दीहरूको अधिकार, गोली लागि घाइते भएका व्यक्तिहरूको अवस्था, यातना, गैरकानुनी थुना, महिला अधिकार सम्बन्धी *हामी सक्छौ मेची महाकाली अभियान*, विभिन्न पार्टीहरू वा विद्यार्थी समूह तथा विभिन्न जातिगत संघसंस्थाद्वारा गरिएका बन्द हडताल, बम बिष्फोटन, महिला हिंसा, घरेलु कामदारलाई कुटपिट गरेको, बाबुले छोरीमाथि यौनशोषण गरेको घटना, बालअधिकारको अवस्था आदि पर्दछन् भने २३ वटा घटनाको सम्बन्धमा आयोगले अन्य संघसंस्थासँग मिलेर संयुक्त अनुगमन गरेको थियो ।

त्यसैगरी २०६७/२०६८ को अवधिमा १७९ वटा अनुगमन गरिएका थिए। जसमा विशेष गरी बन्द हडताल, यातना, हत्या, अपहरण, थरूहटद्वारा तराई क्षेत्रमा आव्हान गरिएको बन्द हड्ताल, ऱ्याली, जुलुस, धर्ना, कारागार तथा प्रहरी हिरासत, प्रहरीले जाहेरी दर्ता नगरेको भनिएको घटना आदि छन्। त्यसैगरी भुटानी शरणार्थीहरूको मानव अधिकारको अवस्था, विस्तृत शान्ति सम्झौता, ११ वर्षे बालक वीरेन्द्र शाहको अपहरण, प्रहरीद्वारा दुर्व्यवहार, व्यक्तिलाई बन्दी बनाई राखिएको घटना, अदालतमा झडप, सूर्य नेपालका मजदुरहरूले व्यक्तिहरूलाई बन्दी बनाएको, दुई महिला मानव अधिकार रक्षकमाथि भएको साङ्घातिक आक्रमण, बोक्सीको आरोपमा मलमूत्र खुवाएका र तातो पन्यूले डामेको घटना, हिरासतमा मृत्यु, आदिवासी जनजाति महासंघद्वारा आयोजित चक्काजाम, ज्येष्ठ नागरिकका मानव अधिकार, बालअधिकार, बाँके जिल्लामा भएको झाडा पखाला र त्यसवाट परेको असर, विद्यालयमा बालबालिकालाई गरेको दुर्व्यवहार, वादी समुदायको आर्थिक, सामाजिक, तथा सांस्कृतिक अवस्था, औषधि वितरण तथा स्वास्थ्य सेवा, भरतपुर क्यान्सर अस्पतालमा

हडताल गरी ठप्प पारिएको घटना, जुम्लामा हवाई यातायात बन्द हुँदा मानव अधिकारमा पारेको असर तथा समग्र मानव अधिकार अवस्था समेतको अनुगमन गरिएको थियो ।

**नेकपा माओवादीद्वारा जग्गा कब्जा सम्बन्धमा अनुगमन**

द्वन्द्वको समयमा ने.क.पा. माओवादी पार्टीले जमिन्दारहरूको जग्गा कब्जा गरेको, तर द्वन्द्व पश्चात् संक्रमणकालीन अवस्थामा बर्दियाका विस्थापितहरूको जग्गा फिर्ता नगरेको भनी राष्ट्रिय मानव अधिकार आयोग, मानवीय मामिला सम्बन्धी समन्वय गर्ने संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय नेपालका प्रतिनिधि तथा सात राजनैतिक दलका जिल्ला स्तरीय नेताहरूको सहभागितामा अनुगमन टोलीले बर्दियाको राजापुर एरियामा अनुगमन गरेको थियो । अनुगमनको क्रममा ए.ने.क.पा. माओवादीका कार्यकर्ताले अनुगमनका सहभागीहरू मध्ये सात राजनैतिक दलहरू माथि हातपात गरी अवरोध सृजना गरे । सोही क्रममा आयोगद्वारा ने.क.पा.माओवादीका कार्यकर्तालाई संयमता अपनाई शान्तिपूर्ण वातावरण बनाउन अनुरोध गरियो ।

यस बाहेक मानव अधिकार रक्षक र पत्रकारहरू विरूद्ध परिलक्षित गम्भीर प्रकृतिका घटनाहरू अनुगमन गरेको छ । यस क्रममा आयोगले कञ्चनपुर, दैलेख, धनुषा, मोरङ्ग, वारा, रूकुम, काठमाडौंमा आदिवासी जनजाति आन्दोलनको क्रममा पत्रकार माथि भएका दुर्व्यवहार, कान्तिपुर प्रकाशन गृह, हिमाल मिडिया, तथा विभिन्न एफ एम रेडियोहरू माथि गरिएको दुर्व्यवहारहरू आदि बारे अनुगमन गरी त्यस्ता घटनाको तत्काल रोकथाम र नियन्त्रण गर्न नेपाल सरकारको ध्यानाकर्षण गराएको छ ।

आ.व. २०६८/२०६९ को अवधिमा आयोगले २१७ पटक अनुगमन गरेको थियो । यस वर्ष सवैभन्दा बढी ४५ पटक बन्द, हड्ताल सम्बन्धमा अनुगमन गरेको थियो । हिरासत अनुगमन २५ पटक, कारागार अनुगमन १६ पटक, बाल अधिकारको सम्बन्धमा १२ पटक, महिला अधिकार सम्बन्धमा ५ पटक, स्वास्थ्य सम्बन्धी विषयमा ६ पटक, उपभोक्ता अधिकारमा ३ पटक रअपाङ्गता भएका व्यक्तिहरूको विषयमा १ पटक अनुगमन गरेको थियो । समग्र मानव अधिकारको अनुगमन ७ पटक, हिरासत तथा घरेलु कामदारमाथि दुर्व्यवहार ३पटक, यातना सम्बन्धमा ४ पटक, हत्यासम्बन्धमा ३ पटक, धम्की, विस्थापन, मुक्त कमलहरी समस्या, बाढीपीडितका समस्या, जातीय भेदभाव, एच.आई.भि. एड्स पीडितका अवस्था, बेपत्ता विषयमा समेत अनुगमन गरिएको थियो ।

२०६९/२०७० को अवधिमा आयोगले १६५ पटक अनुगमन गरेको छ । जसमा बागमती नदी किनारका सुकुम्वासी सुन्दरीघाटमा सार्ने सरकारी निर्णयको विरोधमा आयोजित ललितपुर बन्द, उद्धार कार्य, आमरण अनशन, नेपाल किड्नी समाजको रिले अनशन, घरेलु हिंसा, विद्यार्थीहरू पक्राउ गरी प्रहरीद्वारा कुटपिट, दिव्यश्वरी नागरिक समाजद्वारा आयोजित ज्येष्ठ नागरिकहरूको विरोध कार्यक्रम, बहिर्गमित पूर्व-माओवादी लडाकुहरूको धर्ना, प्रहरीबाट बलात्कार, कारागार शाखा सिन्धुलीका कैदीको झडपका क्रममा मृत्यु, भ्रष्टाचारविरूद्ध अनसन बसेको अवस्थामा

प्रहरीद्वारा हस्तक्षेपको घटना, गैरकानुनी थुना र स्वेच्छाचारी पक्राउ, महिला हिंसाविरूद्वको अभियान(अकुपाइ बालुवाटार), नेपाल बन्दमा मानव अधिकार अवस्था, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, नन्दप्रसाद र गङ्गामाया अधिकारीको स्वास्थ्य अवस्था, इँट्टाभट्टामा बालबालिकाको मृत्युसम्बन्धी घटना र जिल्ला कारागार शाखाको अवस्था कमलहरी अधिकार आन्दोलन आदिको अनुगमन रहेका छन् ।

## ३.२.१ कारागार तथा हिरासत अनुगमन

कारागार तथा प्रहरी हिरासत कक्षको अनुगमन गरी त्यसमा आवश्यक सुधारका लागि सिफारिस गर्नुआयोगको महत्वपूर्ण काम हो । अनुगमन गर्ने क्रममा आयोगले कैदीबन्दीहरूलाई कानुन प्रदत्त हकअधिकार उपभोग गर्न पाए नपाएको, भौतिक संरचना मानवोचित भए नभएको, कारागारमा मानव अधिकारमैत्री व्यवहार, कैदीबन्दीको गोपनीयता, सञ्चार, परिवारजनसँगको सम्पर्क लगायतका विषयमा अनुगमन गरिन्छ । अनुगमन पश्चात् प्राप्त तथ्यहरूको आधारमा कारागार सुधार, कैदीबन्दीलाई अधिकार प्रयोगको सहज वातावरण एवम् मानवोचित व्यवहार उपलब्ध गराउने सम्बन्धमा सिफारिस गरिएको थियो । आयोगले प्रत्येक वर्षविभिन्न जिल्ला स्थित कारागार तथा हिरासत अनुगमन गर्ने गरेको छ ।

*कारागार तथा हिरासत अनुगमन मार्ग-निर्देशिका, २०६७*

*यस मार्गनिर्देशिकाले कारागार प्रशासन र व्यवस्थापन, कारागार तथा हिरासत कक्षको अभिलेख प्रणालीमा सुधार, कारागार तथा हिरासतको सुरक्षा, कैदी तथा बन्दीहरूको अलग अलग बसोवासको व्यवस्था, अनुशासनात्मक कार्यविधि, शिक्षा, सूचना तथा सीपबिकास, कारागार तथा हिसातकक्षको भौतिक पूर्वाधार र सुविधा, कैदीबन्दीहरूको क्रियाकलाप, स्वास्थ्य, उपचार तथा कारागार एवंम हिरासत कक्षको सरसफाई, कैदीबन्दीहरूसँग गरिने व्यवहार, उजुरी, कारागार तथा हिरासत अनुगमनकर्ताले अनुगमनको क्रममा ध्यान दिनु पर्ने कुरामा विस्तृत रूपमा उल्लेख गरिएको छ । यस मार्ग निर्देशकाको मुख्य उद्देश्य:*

१. *कैदी बन्दीहरूको मानव अधिकार संरक्षणमा सहयोग पुग्ने,*
२. *कारागार हिरासत प्रशासन तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू प्रभावकारी हुन सक्ने,*
३. *कारागार तथा हिरासत केन्द्र अनुगमन गर्ने,*
४. *कारागार तथा हिरासत अनुगमनकर्तालाई सहयोग पुग्न सक्ने ।*

आयोगले कारागार तथा हिरासतको अनुगमनको क्रममा प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, कारागार प्रमुख लगायत कैदी बन्दीहरूसँगसमेत छलफल तथा कैदीबन्दीको हक अधिकार र भौतिक पूर्वाधार समेतको अनुगमन गर्दछ। अनुगमनबाट प्राप्त तथ्यहरूमा स्थानीयस्तरबाट सुधार गर्न सकिने समस्या देखिएमा प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, कारागार प्रमुखसँग तत्काल बैठक बसी सुधार्न सुझाव दिने र दीर्घकालीन रूपमा सुधार गर्नुपर्ने भएमा नेपाल सरकारलाई सिफारिस गर्ने गरिन्छ ।

मिति २०६६/१२/२५मा रामेछाप जिल्ला बेथान गाविस-५ स्थायी बसोबास गर्ने र हाल नख्खु कारागारमा कैद भुक्तान गरिरहेका सोनाम भन्ने भक्तबहादुर लामा (वर्ष ३६) लाई सोही जेलमा बसिरहेका दैलेख जिल्लामा स्थायी बसोबास गर्ने अर्का बन्दी टीका विक (वर्ष ३३) ले चैत २० गते बिहान ईंटा प्रहार गरी हत्या गरेको घटनाको आयोगले तत्कालै अनुगमन गरी कारागारको सुरक्षा प्रबन्ध सुदृढ गर्न नेपाल सरकारलाई प्रेस विज्ञप्तिमार्फत आग्रह गरेको थियो ।

आयोगले विगत ६ वर्ष अवधिमा २०९ पटक कारागार तथा हिरासत अनुगमन गरेको छ । अनुगमन कार्यलाई स्तरीकरण, एकरूपता र सहज गर्न आयोगले कारागार तथा हिरासत अनुगमन मार्ग–निर्देशिका २०६३ जारी गरेको छ ।

| क्र. सं | विवरण | ०६४/०६५ | ०६५/०६६ | ०६६/०६७ | ०६७/०६८ | ०६८/०६९ | ०६९/०७० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | कारागार, प्रहरी हिरासत/सशस्त्र प्रहरी हिरासत अनुगमन | ४५ | ३४ | ५४ | २० | ४१ | १५ | २०९ |

## ३.३ बाल अधिकार संरक्षण र संवर्द्धन

बाल अधिकार संरक्षण तथा संवर्द्धनको कामको लागि आयोगले एक मानव अधिकार अधिकृतलाई जिम्मेवारी तोकेको छ । प्रतिवेदन इकाईको सहकार्यमा बालबालिकाको अवस्था सम्बन्धी छुट्टै वार्षिक प्रतिवेदन प्रकाशित र सार्वजनिक गर्ने गरेको छ । बाल अधिकारका सवालमा आयोगले सेभ द चिल्ड्रेन इन नेपालको सहकार्यमा काम गर्दै आइरहेको छ ।

**बाल उद्धार कार्य**

ललितपुर नगरपालिका वडा नं १३ कुसुन्तीस्थित एक घरमा ९ वर्षीय बालकलाई थुनेर बन्दी बनाई राखिएको सम्बन्धमा अनुगमन गरी स्थानीय बालअधिकारमा क्षेत्रमा काम गर्ने गैसस सिविनको समन्वय गरी उद्धार गरिएको छ । प्यूठान घर भएकी १५ वर्षीय बालिका बेवारिसे अवस्थामा फेला पारी सिविनसँगको समन्वयनमा उद्धार गरिएकोछ । नेपालगंजमा एक व्यापारीको घरमा भारत घर भएकी करिव १० वर्षीय घरेलु कामदार बालिकालाई चुरोटले पोल्ने, कुटपिट गर्ने, बस्न र खान राम्ररी नदिने गरेको घटना जिल्ला प्रहरी कार्यलय बाँके, सिविन बाँकेसँग समन्वय गरी उद्धार गरिएको छ । बाँके कोहलपुरकी करिव १४ वर्षीय नाबालिकालाई निजकी भ्रड्केलो बाबुले निरन्तर ७ वर्षदेखि यौनिक हिंसा गरेको घटनामा निजकी आमाको उजुरीका आधारमा सिविन बाँके, एडभोकेसी फोरम बाँके, इन्सेक क्षेत्रीय कार्यालय बाँकेसँगको समन्वय र सहकार्यमा उद्धार गरी कानुनी कारवाही समेत शुरूवात गरिएको थियो ।

**राष्ट्रिय मानव अधिकार आयोग**

आयोगले २०६४/२०६५ को अवधिमा थारू बीलका कमलरीहरू माथि भएका दुर्व्यवहारप्रति गम्भीर हुदै दाङ्ग र बर्दियामा रहेका कमलरीहरूको अबस्था सम्बन्धमा अनुगमन गरी नेपाल सरकारलाई सिफारिस गरेको छ।

आयोगको अनुगमनको क्रममा मुस्ताङ जिल्लाका केही स्थानमा धर्म-संस्कृतिको जगेर्ना गर्ने नाउँमा वालवालिकाहरूलाई जबर्जस्ती उनीहरूको इच्छा र चाहना विपरीत सरकारी विद्यालयवाट निकाली गुम्वामा धार्मिक अध्ययनमा लगाएको पाइएकोले सोको अनुगमन गरिएको थियो। यसैगरी तराई मधेशका विभिन्न जिल्लाहरूमा रहेका मदरसाको अनुगमन गरी मुस्लिम बालबालिकाको शिक्षाको अधिकारसम्बन्धी स्थिति अनुनमन पेश गरेको थियो।

बाल अधिकार प्रवर्द्धन तर्फ आयोगले मानव अधिकार शिक्षा र बालअधिकारको स्थिति अभिमुखीकरण कार्यक्रम गरेको छ। विद्यालय शान्ति क्षेत्र बनाउने सम्बन्धमा केन्द्रीय बालकल्याण समितिसँग सहकार्य गर्दै आइरहेको छ। त्यसैगरी बालकल्याण समितिसँग बाल अधिकारमा सहयोगका क्षेत्र पहिचान गर्ने भनी छलफल कार्यक्रम गरेको छ। यस बाहेक विभिन्न राजनैतिक सभा समारोहमा बालबालिकाको प्रयोग, माओवादी क्यान्टोनमेन्टमा रहेका बालबालिकाको रिहाइ र पुर्नस्थापना, भक्तपुर जिल्लाका विभिन्न स्थानमा ईंट्टाभट्टा र जरी उद्योगमा बालबालिकाको प्रयोग, बिद्यालय र बालगृहमा बालबालिकामाथि गरिने शारीरिक सजाँय, विभिन्न बालगृहमा उपेक्षित अबस्थामा राखिएका बालबालिकालाई संरक्षण आदि बिषयमा पनि आयोगले गहन चासेका साथ अनुगमन गरेको थियो। साथसाथै आयोगले बिद्यालय बाल संरक्षण नीति तर्जुमा गरी लागु गर्न सरकारलाई सिफारिश समेत गरेको थियो।

२०६८/२०६९ को अवधिमा आयोगमा बालअधिकारसम्बन्धी १२ वटा उजुरीहरू दायर भएका थिए। आयोगले बालअधिकारसम्बन्धी १२ पटक अनुगमन र १६ वटा प्रवर्द्धनात्मक कार्यक्रम गरेको थियो।

२०६९/२०७० मा कमलरी समस्या अझै देखिएकाले पुनः बर्दिया जिल्ला र कैलाली जिल्लामा कमलरीको अवस्था सम्बन्धमा अनुगमन गरिएको छ। कमलरी समस्यामा आयोग गम्भीर हुँदै विभिन्न समयमा प्रेस विज्ञप्ति जारी गर्दै सरकारलाई सचेत गराएको छ। यसैगरी २०७० मा काठमाण्डौ लगायत मध्यमाञ्चल क्षेत्रमा विभिन्न माग राख्दै आयोजना गरिएको कमलरी आन्दोलनको अनुगमन गरी आन्दोलनमा भएको प्रहरी दमनको आयोगले विरोध गरेको थियो। आयोगले स्थापनाकालदेखि हालसम्म बालअधिकारसम्बन्धी भएका सिफारिसहरू, तिनको कार्यान्वयन अवस्था, विश्वव्यापी आवधिक समीक्षामा बालअधिकारसँग सम्बन्धित सिफारिसहरूमध्ये नेपाल सरकारले ग्रहण गरेका ३४ ओटा सिफारिसको कार्यान्यनको अवस्थाको समीक्षा गरी त्यसको अनुसन्धान गरी प्रतिवेदन प्रकाशन गरेको थियो। यस अवधिमा आयोगमा समयमा पाठ्यपुस्तक नपाएको, विद्यालयमा शारीरिक दण्ड दिएको लगायतका ११ ओटा उजुरीहरू परेका थिए।

***विद्यालयमा हुने शारीरिक दण्ड विरूद्ध बालबालिकाको अधिकार***

*बालबालिका भनेका भविष्यका कर्णधार मात्र होइन बर्तमानको यथार्थ पनि हो । स्वच्छ वातावरणमा शिक्षा हासिल गर्न पाउनु बालबालिकाको महत्वपूर्ण अधिकार हो। बालबालिकालाई अध्ययनको समयमा विद्यालयमा विभिन्न खाले दण्डसजाय दिने गरिएको आयोगको अनुगमनबाट पाइएको छ । आयोगले उपक्षेत्रीय, क्षेत्रीय र केन्द्रीय गरी विभिन्न स्तरमा विद्यालयमा हुने संस्थागत दण्डसजाय (Corporal Punishment) लाई अन्त्य गर्न विभिन्न समयमा संस्थागत दण्डसजाय र बालअधिकारसम्बन्धी कार्यशाला, सरोकारवाला तथा मानव अधिकार कर्मी, नागरिक समाज, विद्यालयका शिक्षक शिक्षिकाहरूलाई बालअधिकार र संस्थागत दण्ड सजायका सवालमा अन्तर्क्रिया, छलफल, कार्यशाला र अभिमुखीकरण तालिम समेत संचालन गरिएको छ ।*

*२०६७/११/१६ गते नेपालगञ्जमा विद्यार्थीमाथि शिक्षकद्वारा दिइएको शारीरिक सजाय सम्बन्धी घटनामा आयोगले अनुगमन गरेर जानकारी लिई आवश्यक कारबाही अगाडि बढाउन बालबालिकामाथि हुने सजाय विरूद्ध जनचेतना अभिवृद्धि कार्यशाला संचालन गरेको छ । राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय पोखराले "बालबालिकामाथि हुने यातना न्यूनिकरण सम्बन्धी"अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ । जसमा बालबालिकालाई दिइने यातना दण्ड-सजायका कारणले उनीहरूको सर्वाङ्गीण विकासमा असर पर्ने भएकाले उनीहरूलाई बालमैत्री वातावरणमा हुर्काउनुपर्ने र बाल मनोविज्ञान वुझेर सोही अनुरूप व्यवहार गर्नुपर्ने कुरामा जोड दिइएको छ । उक्त: कार्यक्रममा निजी र सरकारी विद्यालयका प्राध्यापकहरू, अभीभावक संघका अध्यक्ष, जिल्ला बाल कल्याण अधिकारी, मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संघ-संस्थाका प्रतिनिधि तथा प्रमुखहरू, नागरिक समाजका प्रतिनिधि र पत्रकारहरूको सहभागिता रहेको छ । बालबालिकालाई विद्यालयमा हुने शारीरिक दण्ड विरूद्ध व्यापक प्रचार-प्रसार गरेर अन्त्य गर्ने उद्देश्यले "विद्यालयमा हुने शारीरिक दण्ड विरूद्ध बालबालिकाको अधिकार" भन्ने जानकारी पत्र प्रकाशन तथा वितरण समेत गरेको छ ।*

आयोगले बालबालिका सम्बन्धी आयोगको सिफारिस तथा यू.पि.आरका सुझाव कार्यान्वयनको अवस्था (Implementation status of National Human Rights Commission and Universal periodic Review Recomndations on childern) अध्ययन गरी प्रतिवेदन प्रकाशन तथा वितरण गरेको छ ।

## ३.४ महिला अधिकार संरक्षण तथा संवर्द्धन

नेपाली महिलाहरू कतिपय परम्परागत रूपमा हानीकारक संस्कृति, प्रचलन, प्रथा तथा धार्मिक संस्कारहरूले गर्दा विभेदमा परेका छन् । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २०मा पहिलो पटक महिलाका मौलिक हकको व्यवस्था गरिएको छ । लैङ्गिक विभेदलाई न्यूनीकरण गर्ने कानुन बनेको छ,जसले लैङ्गिक विभेदलाई न्यूनीकरण गर्ने काममा मद्दत पुऱ्याएको छ । हालसम्म नेपाली महिलामाथि धार्मिक, सामाजिक तथा सांस्कृतिक विभेद विद्यमान छ । पितृसत्तात्मक सोचका कारण महिलाहरूले अझै सामाजिक सांस्कृतिक, आर्थिक तथा नागरिक अधिकारबाट वञ्चित हुनुपरेको छ । महिलामाथि हुने हिसांका घटना जस्तैः घरेलु हिसांपछि हत्या, बलात्कार, कुटपिट, यातना, बोक्सीको आरोपमा यातना तथा गाउँ निकाला, दाइजो नल्याएको आरोपमा घर निकाला, कुटपिट तथा हत्या, कमलरी समस्या, बादी समस्या, मुक्त कमैयाका महिलाहरूको अवस्था, अन्तर्जातीय विवाह, मुस्लिम समुदायमा बुहारीलाई दाइजो नल्याएको आरोपमा अनुहारमा तेजाव हालेर कुरूप बनाएको, छोरीले बावु आमाको अनुमति विना केटासँग प्रेम गरेकोले इज्जतमा धक्का लाग्यो भनी हत्या गरेका घटना, छाउपडीका कारण महिलाको मृत्यु भएको, पतिले पत्नीलाई आगो लगाई जलाएको जस्ता महिलामाथि हुने हिंसा सम्बन्धित घटनाहरूको अनुगमन आयोगले गरेको छ । समग्र मानव अधिकार अनुगमनका क्रममा महिला विरूद्ध हुने सवै खाले विभेदको अन्त्य गर्ने अन्तर्राष्ट्रिय महासन्धिले गरेको व्यवस्थाका बारेमा पनि आयोगले अनुगमन गर्दै आइरहेको छ ।

महिला हिंसा न्यूनीकरणका लागि आयोगले समय-समयमा प्रेस विज्ञप्ति मार्फत सरकारलाई ध्यानाकर्षण गराउँदै आएको छ । आयोगले महिलामाथि हुने हिंसा जस्तैः बलात्कार, यौन दुर्व्यवहार, कुटपिट, यातना घरेलु हिंसा, मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाका यातना सम्बन्धी घटना, बोक्सीको आरोपमा कुटपिट तथा मानव मलमूत्र खुवाउने जस्ता निकृष्ट प्रकारका व्यवहार जस्ता विविध घटनाको अनुगमन तथा अनुसन्धान गरेको छ । आ. ब. २०६५/२०६६ मा महिला अधिकार सम्बन्धी ४४ वटा उजुरी दर्ता भएका थिए यस अवधिमा आयोगले ६ वटा उजुरीको अनुगमन गरेको थियो ।

आयोगले दाङ, बाँके, बर्दिया, कैलाली आदि पश्चिम तराईका जिल्लाहरूमा कमलरीप्रथा र त्यसवाट बालिकाहरूमा परेको असर (शिक्षा, स्वास्थ्य, सम्मानपूर्वक बाँच्न पाउने अधिकार, बालिका हिंसा) का बारेमा कमलरी बालिकाहरू, कमलरी प्रथा उन्मूलनका निमित्त काम गर्ने गैससहरू तथा नागरिक समाजसँग अन्तर्क्रिया र अनुगमन गर्ने कार्य गरेको थियो । कमलरी प्रथाको गहन र विस्तृत अध्ययन गरी २०६६ सालमा कमलरी प्रथा उन्मूलन गर्न नेपाल सरकारलाई आयोगले सिफारिस गरेको थियो ।

त्यस्तै आ. ब. २०६७/२०६८ मा बर्दिया राजापुर क्षेत्रमा बादी महिलाको अवस्था र मुस्लिम महिलाको अवस्थाको बारेमा छलफल गरिएको थियो । बलात्कारको पीडाबाट आत्महत्या गरेकी १४ वर्षीया बालिकाको सम्बन्धमा एफा संस्थाका प्रतिनिधिसँग छलफल गरिएको थियो । आयोगमा महिला अधिकारसम्बन्धी २९ वटा उजुरीहरू दर्ता भएकोमा २० वटा घटनाहरूमा अनुसन्धान गरेको छ ।

विभिन्न संघसंस्थाको प्रतिवेदन अनुसार नेपालका अत्यधिक ग्रामीण महिलाहरू आङखस्ने समस्या (Uterus Prolapse) बाट पीडित भएको पाइएको छ । निजहरूका पुरूषले दोस्रो विवाह गरेका घटना, घरेलु तथा मानसिक हिंसाका कारण स्वास्थ्यमा प्रतिकूल असरपरेको अवस्थालाई अझै सम्बोधन हुन सकेको छैन । त्यसैगरी यस्ता सबालहरूलाई महिला माथिको विभेदसँग जोडेर हेर्ने गरिएको छैन ।

***ललितपुर/२०६६ असोज २१ गते,***
*जिल्ला प्रहरी कार्यालय अछाममा कार्यरत महिला प्रहरी (नाम गोप्य राखिएको) लाई सोही कार्यालयमा कार्यरत प्रहरीहरूद्वारा सामूहिक बलात्कार भएको भन्ने घटनाका बारेमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ भन्दै विज्ञप्ति जारी गर्दै अनुसन्धान थालेको छ । उक्त अनुसन्धानबाट पीडितलाई क्षतिपूर्ति दिन र पीडकहरूलाई कारवाही गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ ।*

महिला अधिकार संवर्द्धनतर्फ नेपाल सरकारद्वारा तर्जुमा भएका मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अवस्थाको बारेमा राजनैतिक दलका प्रतिनिधिहरू, पेशागत सङ्घसंस्थाका प्रतिनिधिहरू, सञ्चारकर्मीहरू, कानुनव्यवसायी, गैससका प्रतिनिधिहरूसँग छलफल गरी सरोकारवालाहरूबीच समन्वय र सहकार्यको रणनीति निर्माण गरिएको थियो । आयोगको सवै केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयको सक्रियतामा प्रत्येक वर्ष अन्तर्राष्ट्रिय नारीदिवस मनाउने गरिएको छ । महिला अधिकारको संवर्द्धन गर्न सन्देशमूलक रेडियो जिङ्गल प्रचार-प्रसार गर्ने गरिएको छ । महिला अधिकार संरक्षणतर्फ ७६ वर्षीया वृद्धा सत्यलक्ष्मी श्रेष्ठमाथि भएको घरेलु हिंसा, पनौती निवासी शान्ति के.सी.को मृत्यु, उदयपुरमा २ जना महिला अधिकार रक्षकमाथि भएको सांघातिक आक्रमण र प्रहरीद्वारा मुद्दा दायर गर्न अस्विकार गरेको भनिएको घटना, बाँकेको बनकटुवा वार्ड नं. २ निवासी १५ वर्षीय रामजानकी थारूको मृत्युको घटनाको सम्बन्धमा इलाका प्रहरी कार्यालय कोहलपुरबाट जाहेरी दर्ता नगरेको भनिएको विषय, खोटाङमा सुमित्रा कुमारी राईलाई गरिएको सामाजिक वहिष्कार, वैदेशिक रोजगारीवाट फर्केकी महिलालाई त्रिभुवन विमानस्थलमा सुरक्षाकर्मीहरूद्वारा बलात्कार गरेको घटना लगायत अनुगमनको साथै कानुन बमोजिम मुद्दा चलाउन आवश्यक पहलसमेत गरिएको थियो । अच्छाम जिल्लामा एकजना महिला प्रहरीलाई पुरूष सहकर्मीहरूले कार्यस्थलमा जवरजस्तीकरणी गरेको घटनाको आयोगले तत्कालै अनुसन्धान गरी दोषीलाई कारवाहीका लागि नेपाल सरकारलाई सिफारिस गरेको थियो ।

**राष्ट्रिय मानव अधिकार आयोग**

आयोगले महिला मानव अधिकार उल्लङ्घनका घटनाहरू मध्येप्रायः जसो घटनाहरूका बारेमा राष्ट्रिय महिला आयोग र महिला अधिकार सम्बन्धी काम गर्ने संघसंस्थाहरूसँग सहकार्य गर्दै आएको छ।

२०६९/२०७० को अवधिमा आयोगमा महिला हिंसा, जबरजस्ती करणी आदि विषयमा २२ वटा उजुरीहरू दर्ता भएकोमा १७ वटा महिला सम्बन्धी उजुरीहरू उपर अनुसन्धान साथै २५ वटा घटनाहरूमा अनुगमन गरिएको छ।

## ३.४.१ बोक्सीको आरोपमा गरिने दुर्व्यवहार विरूद्ध भएका प्रयासहरू

नेपालको अन्तरिम संविधान २०६३को धारा २० (३) ले कुनै पनि महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन भन्ने व्यवस्था गरेको छ। तर नेपाली समाजमा अहिले सम्म पनि महिला माथि हुने हिसां विद्यमान रहेको देखिन्छ जस्तैः बोक्सीको आरोपमा महिला माथि यातना दिने, मानिसको मलमूत्र खुवाउने, कपाल मुण्डन गरिदिने, नाङ्गै गाउँ घुमाउने, क्रूर अमानवीय यातना दिने तथा ज्यानसम्म लिने जस्ता अमानवीय, अपमानजनक दुर्व्यवहारर जघन्य अपराधका घटनाहरू समाजमा विद्यमान छन्। राष्ट्रिय मानव अधिकार आयोगले यस्ता महिला विरूद्धको घटनाका सम्बन्धमा उजुरी दर्ता, नियमित अनुगमन तथा अनुसन्धान गर्दैआएको छ।

*कैलाली जिल्लाको धनगढी नगर पालिकामा जोडिएको बेलादेवीपुर गाबिस वार्ड नं ८, घुर्सुवामा स्थानीय ६५ बर्षकी बृद्धा महिला राजकुमारी रानामाथि आफ्नै ईष्टमित्र एवं छिमेकका केही व्यक्तिहरूले बोक्सीको आरोप लगाई मरणासन्न हुनेगरी कुटपिट तथा मल-मुत्र खुवाएको, संवेदनशील अंगमा लठ्ठीले घोचेको, बंगारा झारेको तथा निवस्त्र पारी लुगा तथा कपाल खौरी जलाएको पाइएको छ। यसमा आयोगको पहलमा प्रहरीले मुलुकी ऐन अदलको १० नं बमोजिम मुद्दा दायर गरेको थियो।*


२०६७/२०६८ को अवधिमा महिला अधिकार सम्बन्धी २९ वटा उजुरी दर्ता भएका छन् भने २० वटा घटनाहरूको अनुसन्धान र ६ वटा घटनाको अनुगमन समेत सम्पन्न गरेको थियो। आयोगले महिला अधिकार सचेतना अभिवृद्धि गर्नका लागि केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूबाट १९ वटा अन्तर्क्रिया, गोष्ठी तथा छलफल कार्यक्रम सम्पन्न गरेको छ।

सुनसरी जिल्लाको इनरूवामा बोक्सीको आरोपमा महिलालाई दिइने यातना विरूद्ध मिति ०६८।३।१३ गते जिल्लास्तरीय कार्यशाला गरिएको थियो। ललितपुरकी कल्ली कुमारी माथि भएको ज्यादतीको विषयमा पनि आयोगले राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगसंग संयुक्त रूपमा अनुगमन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफरिस गरेको थियो।

महिला मानव अधिकार संवर्द्धनको क्षेत्रमा आयोगले आदिवासी महिलाहरूलाई महिला विरूद्ध हुने हिंसा र आदिवासी जनजाति भित्र हुने हिंसाका सवालहरू सम्बन्धमा मिति २०७० साल असार ७ गते होटल प्यासफिक जमल काठमाडौंमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको थियो।

नेपाली महिलाको मानव अधिकारको मुख्य सवाल जीवनको असुरक्षा,मानव मर्यादा, असमानता तथा भेदभाव आदि विद्यमान रहेकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा २० को बर्खिलाप हुनेगरी महिलाको मौलिक हकको समेत हनन भइरहेको छ । त्यसैगरी महिला माथि हुने सबैखाले विभेद उन्मूलन सम्बन्धी महासन्धि, १९७९ धारा ५ (क)मा “कुनै एक लिंगको लघुता वा वरिष्ठताको धारणामा वा पुरूष र महिलाका लागि रूढिगत भूमिकामा आधारित दुराग्रह तथा परम्परागत एवं अन्य सबै व्यबहारहरू उन्मूलन गर्नेउद्देश्यले पुरूष र महिलाको व्यवहारको सामाजिक तथा सांस्कृतिक ढाँचामा परिवर्तन गर्ने” भन्ने व्यवस्था भएको पाइन्छ। सोही व्यवस्था अनुरूप सरकारले समाजमा विद्यमान  विभेदपूर्ण प्रथा र परम्परामा सुधार गर्दै लैजानुपर्ने हो, तापनि नेपालमा अझै यस्ता कुरीतिको अन्त्य हुन सकेको छैन । विगत ६ वर्षमा महिला अधिकार सम्बन्धी आयोगमा दर्ता भएका उजुरी, अनुसन्धान, अनुगमन र प्रवर्द्धनकार्यका तथ्यांक निम्न बमोजिम रहेका छन् ।

| क्र.सं | विवरण | ०६४/ ६५ | ०६५/ ६६ | ०६६/ ६७ | ०६७/ ६८ | ०६८/ ६९ | ०६९/ ७० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | उजुरी दर्ता | ४७ | ४४ | २८ | २९ | १६ | २२ | १८६ |
| २. | अनुसन्धान | ३ | १ | ४ | ९ | १२ | २१ | ५० |
| ३. | अनुगमन | ८ | ९ | २९ | ११ | ५ | ३२ | ९४ |
| ४. | प्रवर्द्धनात्मक कार्य | ४ | १५ | ९ | २९ | २५ | ३१ | ११३ |




## ३.५ मानव बेचबिखन विरूद्धमा भएका कार्यहरू

आयोगले मानव बेचबिखनविरूद्ध राष्ट्रिय समाधिक्षकको कार्यालय स्थापना गरेको छ । यस कार्यालयले मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिका बेचबिखन जस्तो गम्भीर विषयलाई प्राथमिकतामा राखी रोकथाम तथा नियन्त्रणको लागि राज्यलाई बढी जिम्मेवार बनाउन प्रत्येक वर्ष अनुसन्धान तथा अनुगमन प्रतिवेदन तयार गरी सिफारिस साथ नेपाल सरकारलाई सजग गराउदै आएको छ। विशेषत: यस कार्यालयले अनुगमन, अनुसन्धान, नीतिगत सिफारिस, छलफल, राय सुझाव संकलन एवम् प्रतिवेदन प्रकाशन आदि कार्यमा केन्द्रित छ । आ. ब.

**राष्ट्रिय मानव अधिकार आयोग**

२०६३-२०६५ को प्रतिवेदन तयारीको सिलसिलामा क्षेत्रीय कार्यालय विराटनगर र उप क्षे. का. बुटवलमा कार्यशाला गोष्ठी आयोजना गरी राय सुझाव संकलन गरिएको थियो ।

मानव बेचबिखन मानव अधिकार उल्लङ्घनको बिषय भएकोले अनुगमन, अनुसन्धान तथा छानबिनको लागि विशेष कार्यबिधिको मस्यौदा तयार पारिएको थियो । यसको साथै बेचबिखन उद्धार, स्वदेश फिर्ति, पुनर्स्थापना तथा पुनर्एकिकरणकको लागि सरोकारवालाहरूसँग परामर्श गरी राष्ट्रिय नीति मस्यौदा तयार गरिएपछि नागरिक समाज, मानव अधिकार संघसस्थाका प्रतिनिधि तथा सरकारी निकाय लगायत सहभागितामा अन्तर्क्रिया कार्यक्रम पोखरा र काठमाडौंमा संचालन गरेको छ । यस अलावा मानव बेचविखन विरूद्ध समय समयमा अन्तर्क्रिया, गोष्ठी तथा छलफल कार्यक्रम गरिएको छ । मानव बेच विखन सम्बन्धी कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको सञ्जालसँग  सहकार्य गर्दै आएको छ ।

## ३.६ ज्येष्ठ नागरिकहरूको अधिकार संरक्षण तथा संवर्द्धन

समयको परिवर्तनसँगै नेपालमा वृद्धवृद्धाहरूको रेखदेख स्याहारसुसार तथा उपचारजस्ता कार्यमा कमी आएको देखिएको छ । जसले ज्येष्ठ नागरिकहरूको अधिकार संरक्षणमा समस्या देखिएको छ। समाजमा ज्येष्ठ नागरिकहरू प्रति दुर्व्यवहारका घटनाहरू घट्ने गरेका छन्, जस्तैःबाबुआमालाई डोकोमा राखेर बागमती नदीको किनारामा फाल्ने, घरबाट निकाला गर्ने, जबजस्ती वृद्धाश्रममा बस्न बाध्य पार्ने, गरेको पाइएको छ । राष्ट्रिय मानव अधिकार आयोगले ज्येष्ठ नागरिकको अधिकार सुनिश्चित हुनुपर्ने कुरामा राज्यका निकायलाई जिम्मेवार वनाउनका लागि समय-समयमा ध्यानाकर्षण गराउँदै आएको छ। उनीहरूको हेरचाह, संरक्षण,स्वास्थ्य उपचार, सुनिश्चित भविष्यको लागि प्रभावकारी कानुन निर्माण तथा त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारका निकायहरूसँग छलफल तथा अन्तर्क्रिया गदै आएको छ ।

आयोगको केन्द्रीय र क्षेत्रीय कार्यालयहरूबाट (२०६४ सालदेखि २०७० सम्म) ज्येष्ठ नागरिकहरूको मानव अधिकार संरक्षण र संवर्द्धनमा प्राथमिकता दिदै अनुगमन, अनुसन्धान तथा तालिम, गोष्ठी, अन्तर्क्रिया, तथा छलफल जस्ता कार्यक्रमहरू आयोजना गर्ने गरेको छ ।

केन्द्रीय कार्यालयबाट आ. ब. २०६६/२०६७ मा तिलगङ्गा आँखा अस्पताल नजिक  बागमती नदीको किनारमा फालिएकी ८५ वर्षीया वृद्धमहिला र सहिदगेटमा जुटको बोरामा हाली फालिएकी ८७ वर्षीया वृद्धा, कमलपोखरीमा आफन्तले घरमै थुनेकी ८७ वर्षीया वृद्धाको उद्धार गरिएको थियो ।

क्षेत्रीय कार्यालय विराटनगरबाट २०६६।०६७ मा सुनसरी जिल्लाको भादगाउँ सिनवारीमा ज्येष्ठ नागरिकका अधिकार सम्बन्धमा पहिलो दुई दिने कार्यशाला गोष्ठी आयोजना गरिएको थियो ।

क्षेत्रीय कार्यालय जनकपुरको आयोजनामा २०६६ मा धनुषा जिल्लाको जनकपुरधाम र महोत्तरीको जलेश्वरमा ज्येष्ठ नागरिकको हक अधिकार सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिएको

थियो । त्यस्तै दोलखामा २०६७ मा गणेशप्रसाद दाहाल ज्येष्ठ नागरिकद्वारा दिइएको उजुरीको अनुगमन तथा अनुसन्धान गरी छोरा बुहारीसँग रहेको विवाद मिलापत्र गराएको थियो ।

वि. सं. २०६७ सालमा चितवन र तनहुँ जिल्लामा रहेको देवघाटमा रहेका वृद्धाआश्रमहरूको र त्यहाँ कल्पबास गरिरहेका वृद्धाहरूको खानपान, बसोवास, स्वास्थ्य स्थिति बारे वस्तुस्थितिको अनुगमन गरिएको थियो । आ.व. २०६७/२०६८ मा ज्येष्ठ नागरिकका हकअधिकार सुनिश्चितताका लागि ६ वटा कार्यक्रम सम्पन्न भएका थिए । कार्यक्रमको दौरानमा आयोगले ज्येष्ठ नागरिकका हक अधिकार, सामाजिक सुरक्षा, संविधानमा उनीहरूको हक अधिकार सुनिश्चितता समेतमा गर्नुपर्ने भनी नेपाल सरकारलाई पत्राचार गरेको थियो ।

२०६८ साल असार महिनामा जनकपुर क्षेत्रीय कार्यालयबाट सर्लाहीको मलङ्गवामा ज्येष्ठ नागरिकका मानव अधिकार सम्बन्धी गोष्ठी सञ्चालन गरिएको थियो ।

२०६९।७० मा पोखरामा आयोजित ज्येष्ठ नागरिकहरूको हक-हितसम्बन्धि कार्यशाला गोष्ठीमा पनि आयोगको सकृय सहभागिता भएको थियो ।

अनुगमनको क्रममा राज्यले ६५ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई मासिक रू.५०० भत्ता उपलब्ध गराउने वितरणमुखी नीतिगत व्यवस्था गरेको छ । उक्त भत्ता वितरण गर्दा नागरिकताको अभावमा वृद्धभत्ता पाउन नसकेको, कीर्ते कागजात तयार गरी अनाधिकृत व्यक्ति तथा कर्मचारीबाट रकम हिनामिना गर्ने, परिवार तथा आफन्तले वृद्धभत्ताको दुरूपयोग गर्ने जस्ता समस्याहरू रहेको पाइएको छ ।

२०६७/२०६८ मा ज्येष्ठ नागरिकसम्बन्धी विद्यमान ऐन तथा नियमावली मानव अधिकारमुखी भन्दा अनुदानमुखी भएकोले पुनरावलोकन गरीसामाजिक सुरक्षाको प्रत्याभूति दिन निजहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गराउन साथैआयोगद्वारामानव अधिकारमुखी कानुन सुधार गर्नको लागि नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

आयोगलेआ. ब. २०६८/२०६९ मा ज्येष्ठ नागरिकको मानव अधिकारका लागि ८ वटा संवर्द्धनात्मक कार्य गरेको छ । ज्येष्ठ नागरिकको मानव अधिकारको अवस्था सम्बन्धमा जनमानसमा सूचना प्रवाह गर्न र ज्येष्ठ नागरिकको हक अधिकारको संवर्द्धन गर्नका लागि आयोगको आर्थिक सहयोग र गैरसरकारी संस्था संकल्पको व्यवस्थापन तथा लेखनमा ज्येष्ठ नागरिकको मानव अधिकारको अवस्था बारे वार्षिक प्रतिवेदन प्रकाशित गरिएको छ । सुनसरी जिल्लाको धरान नगरपालिकामा ज्येष्ठ नागरिकका अधिकारको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनी प्रावधान सम्बन्धी कार्यशाला गोष्ठी र धनकुटा जिल्लाको विश्रान्ति वृद्धाश्रमको अनुगमन समेत गरेको थियो । २०६८ मा क्षेत्रीय कार्यालय धनगढीद्वारा महेन्द्रनगरमा ज्येष्ठ नागरिकका हक अधिकार सम्बन्धमा सचेतना कार्यक्रम सम्पन्न गरियो ।

त्यसैगरी २०६९/२०७० मा विराटनगर क्षेत्रीय कार्यालयले ज्येष्ठ नागरिकका हक अधिकार सम्बन्धी सचेतना कार्यक्रम आयोजना गऱ्यो । कैलालीको भादा गाउँमा थारू समुदायका वृद्धवृद्धाहरूको स्थितिको अनुगमन गरिएको थियो । माननीय सदस्य श्री रामनगिना सिंहज्यूको नेतृत्वमा २०७०सालमा चितवनको देवघाटमा रहेको एन. आर. एन. वृद्धाश्रम (श्री गलेश्वर आश्रम ट्रष्टद्वारा संञ्चालित), रोटरी करूणालय देवघाट वृद्धाश्रम र तनहुँ जिल्लामा पर्ने देवघाट समाज कल्याण केन्द्र (सरकारद्वारा संञ्चालित) र सो क्षेत्रमा स्वेच्छाले आफ्नै लगानीमा निजी घर बनाई कल्पवास गरिरहेका वृद्धवृद्धाहरूको बसोवास, खानपान, स्वास्थ्य स्थिति, बिरामी अवस्थामा स्वास्थ्योपचारको व्यवस्था बारे अनुगमन गरी वस्तुस्थितिको जानकारी लिएको थियो । त्यसैगरी सरकारद्वारा सञ्चालित पशुपति बनकाली वृद्धाश्रम र सोही कम्पाउण्डभित्र छुट्टै रहेको अपाङ्ग वृद्धवृद्धा आश्रमको अनुगमन र वस्तुस्थितिको जानकारी, सिद्ध वृद्धाश्रम भक्तपुर र सोल्टीमोड काठमाडौंमा रहेको आमाको घर वृद्धवृद्धा आश्रम (सञ्चालिका दिलशोभा श्रेष्ठ) को अनुगमन गरी वस्तुस्थितिको जानकारी लिइएको थियो । आयोगको अनुगमनको क्रममा ज्येष्ठ नागरिकहरूको अवस्था दुखद रहेको पाइएको छ । वृद्धवृद्धाबस्था शारीरिक रूपमा कमजोर हुने हुँदा बढी आराम, माया-स्नेह, सम्मान, स्वास्थ्य तथा स्याहारको आवश्यकता पर्ने हुँदा सो तर्फ सवैले विशेष ध्यान दिनुपर्ने र सरकारलाई यस बारे विशेष व्यवस्था मिलाउन आयोगले ध्यानाकर्षण गराएको छ ।

ज्येष्ठ नागरिक सम्बन्धी ऐन र नियमावलीमा भएको विभेद र कमी कमजोरी हटाउन आयोगले ज्येष्ठ नागरिकको मानव अधिकार सम्बन्धी कानुनको मस्यौदा तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा समाज कल्याण मन्त्रालयमा समेत पेश गरेको थियो । ज्येष्ठ नागरिकहरूको हक अधिकार सम्बन्धी विषयगत प्रतिवेदनका साथै आयोगले ज्येष्ठ नागरिकको अधिकार र स्वास्थ्य सम्बन्धी जानकारीमूलक पुस्तकको प्रकाशन तथा वितरण समेत गरेको छ ।

२०६९/२०७० मा आयोगले ज्येष्ठ नागरिकको हक अधिकार तथा सुरक्षाको निम्ति जनचेतना अभिवृद्धिका लागि विभिन्न छलफल तथा ज्येष्ठ नागरिक दिवस मनाउँदै आएको छ । विभिन्न जिल्लामा ज्येष्ठ नागरिकको मानव अधिकारको अवस्था अनुगमन गरिएको छ । २०७० जेठमा कैलालीको सदरमुकाम धनगढीमाज्येष्ठ नागरिक हक अधिकारको सचेतना कार्यक्रम आयोजना गरियो ।

यस ६ वर्ष अवधिमा क्षेत्रीय कार्यालय नेपालगंज र उपक्षेत्रीय कार्यालयहरू खोटाङ र जुम्लामा ज्येष्ठ नागरिकका हक अधिकारका सवालमा कुनै पनि कार्यक्रम गरिएको छैन ।

## ३.७ आदिवासी जननाति, अल्पसंख्यकहरूको अधिकारको संरक्षण र संवर्द्धन

आयोगले आदिवासी, जनजाति, मधेसी, वहिष्कृत, अल्पसङ्ख्यक तथा सीमान्तकृतहरूको अधिकारको संरक्षण र संवर्द्धनको क्षेत्रमा आवश्यक काम गरिरहेको छ । आयोगले संगठनात्मक संरचनामा नै आदिवासी जनजाति, दलित, महिला, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिका अधिकार तथा अन्य पछाडि पारिएका समुदायहरूका हक अधिकारलाई सम्बोधन गर्न भनी

सामुहिक अधिकार महाशाखा र लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा स्थापना गरिएको छ । मिति २०६४/२०६५मा आदिवासी तथा जनजाति सम्बन्धी महासन्धि १६९ ले व्यवस्था गरेका अधिकारको सुनिश्चितता तथा जनचेतना अभिवृद्धि गर्न खोटाङ, काठमाडौं र बाँकेको नेपालगंजमा अन्तर्क्रिया सम्पन्न गरिएको थियो । आइ.एल.ओ महासन्धि १६९को कार्यान्वयन सम्बन्धमा मन्त्रालयद्वारा तयार पारिएको मस्यौदा प्रतिवेदनमाथि सरोकारवालाहरूलाई संलग्न गराई आयोगले राय, सल्लाह तथा सुझाव संकलन गरी नेपाल सरकारलाई सिफारिस गरेको थियो। नयाँ संविधानमा आदिवासी जनजाति तथा दलित अधिकार सुनिश्चितताका लागि सञ्चार माध्यमको भूमिका विषयक अन्तर्क्रियामार्फत सरोकारवालाहरूको ध्यानाकर्षण गराइएको थियो।

२०६५/२०६६ वैशाख ९ गते आयोगले नेपालगञ्जमा थरूहट संयुक्त संघर्ष समिति तथा आदिवासी जनजाति महासंघद्वारा आयोजित बन्दको अनुगमन गरेको थियो। त्यसैगरी आयोगले बाँके, वर्दिया लगायतका जिल्लाहरूमा बादी, मुस्लिम महिलाहरूको सामाजिक अवस्था, उनीहरूको आर्थिक स्थिति त्यसबाट पर्न गएको असरका सम्बन्धमा अनुगमन गरेको थियो । अनिश्चितकालीनबन्दले मानव अधिकार कुण्ठित हुन सक्ने देखी सो तर्फ संवेदनशील हुन आयोगले आग्रह गर्दै विज्ञप्ति जारी गरेको थियो ।

आर्थिक वर्ष २०६६/२०६७ को अवधिमा आई. एल. ओ.महासन्धि १६९ सम्बन्धी कार्याशाला गोष्ठी, समग्र मानव अधिकार अनुगमनको क्रममा जाजरकोट, सुर्खेत, रूकुम, काठमाडौं ललितपुर धादिङ, रामेछाप, चितवन, कपिलबस्तु अर्घाखाँची, मोरङ, झापा, सुनसरी, तेह्रथुम, सिराहा, भोजपुर, सप्तरी, धनुषा, महोत्तरी र खोटाङ्ग जिल्लाहरूमा आदिवासी जनजातिहरूको अधिकारको विशेषरूपमा अनुगमन गरिएको थियो ।

आर्थिक वर्ष २०६७/२०६८ को अवधिमा यस विषयमा ३ वटा अनुगमन, ३ वटा प्रवर्द्धनात्मक गतिविधि संचालन भएका थिए ।

आर्थिक वर्ष २०६८/०६९ मा मोरङको थारू समुदायको बस्ती डंग्राहामा फोहर फाल्ने सरकारी निर्णय भएपछि उक्त स्थानमा फोहरवाट उक्त समुदायमा पर्नसक्ने मानव अधिकार स्थितिको अनुगमन, आदिवासी जनजाति महासंघको बन्द, संघीय लिम्बुवानको बन्द, कमलरी प्रथा समेत १६ वटा घटनाहरूको अनुगमन गरेको थियो ।

वि.सं.२०७० मा बर्दिया र कैलालीका कमलरीहरूको अवस्था बारेमा छलफल तथा अनुगमन गरी सम्बन्धित पक्षलाई सचेत गराउँदै आएको छ। खिम्ति ढल्केबर विद्युत २२० के. वी. प्रसारण लाइनको स्थानीय जनता तथा आदिवासीहरूको पूर्व सु–सूचितको अधिकार अनुसार नगरिएको भनी भएको विवादमा सरकारले सेना परिचालन गरेर भएपनि कार्यान्वयन गर्ने धम्की दिएको आयोगमा सूचना प्राप्त भएकोले सरकारका विभिन्न निकायलाई पत्राचार तथा फोन सम्पर्क गरी धनजनको क्षति हुन नदिन र आदिवासीहरू तथा स्थानीय जनताको हक अधिकार सुनिश्चित गर्न

निर्देशन दिइएको छ । आदिवासी जनजातिहरूको अधिकार अझ बढी सुनिश्चित गराउन र मानव अधिकार उल्लङ्घनका घटनाहरूको उजुरी आयोगमा दर्ता होस् भनी मानव अधिकार रक्षकहरू, सरकारी निकायका प्रतिनिधि तथा नागरिक समाजका प्रतिनिधिहरूलाई आई. एल. ओ. सम्बन्धी प्रशिक्षक प्रशिक्षण संचालन गरिएको थियो । साथसाथै, यस बर्ष भएको कम्लरी हक-हितसम्बन्धि आन्दोलनको आयोगले अनुगमन गरी उनीहरूको न्यायोचित मागलाई सम्बोधन गर्न नेपाल सरकारको ध्यानाकर्षण गरेको छ ।

## ३.८ जातीय विभेदविरूद्ध अधिकार संरक्षण तथा संवर्द्धन

नेपाल जातिगत, भाषागत र क्षेत्रगत आधारमा विविधता भएको देश हो । नेपालको अन्तरिम संविधान तथाकानुनले नै छुवाछुतलाई अपराध मानी दण्डनीय बनाएको छ । विगत २०२०को मुलुकी ऐनले छुवाछुतलाई अपराध करार दिएको छ । २०६३ जेठ २१ गते नेपाल सरकारले नेपाललाई जातीय भेदभाव तथा छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको भए तापनि व्यवहारतः अझैपनि भेदभाव कायमै रहेको अवस्थाले मानव अधिकारको क्षेत्रमा चुनौती खडा भएको छ । देशमा विद्यमान धार्मिक, सांस्कृतिक तथा परम्परागत विभेद अन्त्य गर्नका लागि आयोगले रणनीतिक योजनामा प्राथमिकता दिई काम गर्दै आइरहेको छ ।

मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले पनि जातीय विभेदलाई दण्डनीय बनाएको छ, व्यवहारतः नेपाली समाजमा जातीय विभेदको अन्त्य हुन सकेको देखिदैंन र जातीय विभेदका घटनाहरू फौजदारी अपराधका रूपमा कार्यान्वयनमा आउन सकेको छैन । साथसाथै जातिय विभेद र छुवाछुत अन्त्य सम्बन्धि ऐन २०६८को कार्यान्वयनार्थ पनि आयोगले विशेष अनुगमनहरू संचालन गरेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन, अनुसन्धान, छलफल, गोष्ठी, तालिम आदिका माध्यमबाट जातीय मुद्दालाई सम्बोधन गर्ने प्रयास गर्दैआइरहेको छ। आयोगले ४६ औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसको सन्दर्भमा जातीय छुवाछुतसम्बन्धी कार्यशाला गोष्ठी, छुवाछुत मुक्त राष्ट्र घोषणा भएको ५ वर्ष र कार्यान्वयनको अवस्थाका बारेमा सम्बन्धित पक्षको ध्यानाकर्षण गराउने लगायतका कार्यक्रमहरू गर्दै आएको छ ।

नयाँ संविधानमा दलित अधिकारका मुद्दालाई सुनिश्चित गर्न सञ्चारमाध्यमको भूमिका विषयक अन्तर्क्रिया गरी सरोकारवालाहरूको ध्यानाकर्षण गराएको छ । आयोगले जातीय विभेद अन्त्यको लागि घटना विशेष र सन्धिमा आधारित अनुगमन गर्ने गरेको छ । आ. ब. २०६४/०६५ को अवधिमा सार्वजनिक कुवाबाट पानी भरेको आरोपमा कुटपिट, होटलमा आफूले खाएको भाडा पखाल्न बाध्य बनाएको, अन्तरजातीय विवाहको विरूद्धमा आयोगमा उजुरी दर्ता भएका छन् । त्यसैगरी २०६५/०६६को अवधिमा बादी समुदायका महिलाहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था, दलित तथा जनजाति उत्थान केन्द्रको ऱ्याली, महिला, दलित तथा अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार सम्बन्धमा अनुगमन गरिएको थियो ।

२०६६/०६७ को अवधिमा बर्दिया जिल्ला, राष्ट्रिय निकुञ्जको बाँसपानीमा मिति ०६६ साल फागुन २६ गते राती सेनाले गोली चलाउँदा एक बालिकासहित स्थानीय तीन महिलाको मृत्यु भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगले गम्भीर चासो देखाएको थियो । उक्त घटनामा निकुञ्ज सुरक्षार्थ खटिएका ज्वालादत्त गणका सेनाले चलाएको गोलीबाट मृत्यु हुनेहरूमा सुर्खेत हरिहर पुरकी १२ वर्षीया चन्द्रकला बि. क, ३३ वर्षीया अमृता बि. क र ३५ वर्षीया देवीसरा बि.क. रहेका अनुसन्धानबाट खुल्न आएकोले आयोगले पीडकलाई कारवाही र पीडितलाई क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिस गरेको छ ।

आ. ब. २०६७/०६८ मा मानवअधिकारको क्षेत्रमा कार्यरत सङ्घसस्थाका प्रतिनिधिहरू, सरकारी निकायका अधिकारीहरू, सञ्चार कर्मीहरू,नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता गराई **जातीय छुवाछुतको अवस्था** विषयमा अन्तर्क्रियाकार्यक्रम र नयाँ संविधानमा दलित अधिकारका मुद्दालाईं सुनिश्चित गर्न सञ्चार माध्यमको भूमिका विषयक अन्तर्क्रिया मिति ०६७ श्रावण १४ गते सम्पन्न गरेको थियो । आयोगले जातीय विभेद र शोषणबाट पीडित नागरिकलाई न्यायमा पहुँच विषयक कार्यशाला गोष्ठीपनि सम्पन्न गरेको थियो । नेपाली समाजभेदभाव रहित समाज निर्माणको दिशातर्फअघि बढिरहेकै अवस्थामा दलित र गैरदलित बीच अन्तरजातीय विवाह गरिएकोमा डर-धम्कीको वातावरण पैदा गर्ने, दलितले पानी छोइदिएकोमा दण्ड, सजाय गर्नेजस्ता मानव-मर्यादाविरूद्धको निकृष्ट व्यवहार

*रौतहट जिल्लामा उपल्लो गैरदलितद्वारा दलित बस्तीमा नै विस्थापित रौतहट पिपरिया दोस्तिया-८ भिङ्डवार गाउँको दलित बस्तीमा गैरदलित जातिका मानिसहरूबाट स्थानीय भगवती मन्दिरमा पूजाआजा गर्न गएका दलित समुदायका मानिसहरू माथि आक्रमण गरिएको घटना र सोबाट उत्पन्न परिस्थिति प्रति आयोग गम्भीर हुँदै अनुगमन शुरू गर्‍यो । घटनाबाट पीडित व्यक्ति तथा परिवारजनलाई राहत, घाइतेको निःशुल्क उपचार र विस्थापितको पुनः स्थापना गर्ने व्यवस्था गर्न आयोगले प्रेश विज्ञप्ति मार्फत सरकारलाई आग्रह गरेको छ । यसैगरी आयोगले तत्कालै आक्रमणकारीहरूलाई कानुनको दायरामा ल्याई सत्य-तथ्यको आधारमा पीडितलाई न्याय र पीडकलाई कारबाही गर्न, शान्ति सुव्यवस्था मिलाउन र सामाजिक सद्भाव कायम राख्न पनि आयोग सबै*

**राष्ट्रिय मानव अधिकार आयोग**

नेपाली समाजमा अझै व्यवहारमा कायम रहेको पाइएकोले उक्त घटनालाई आयोगले खेदपूर्ण भन्दै विज्ञप्ति जारी गरी त्यस्ता घटनाहरू नदोहोऱ्याउन समेत आग्रह गरेको थियो ।

यसैगरी, छुवाछुत अन्त्यको लागि मानव अधिकारमा आधारित सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्नु र जातीय विभेदमुक्त प्रक्रिया र व्यवहार अङ्गीकार गर्नु नितान्त आवश्यक भएकोले कानुन कार्यान्वयन गर्ने निकायलाई अझ क्रियाशील बनाई दोषीमाथि कानुनी कारबाही गर्न र भविष्यमा हुनसक्ने जातीय भेदभाव विरूद्धको निकृष्ट व्यवहारलाई रोकथाम र अन्त्य गर्न कानुनको प्रभावकारी कार्यान्वयन गर्न नेपाल सरकारलाई आयोगले विज्ञप्ति मार्फत आह्वान गरेको छ । जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि सरोकारवालाको भूमिका विषययक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

**जातिय विभेदसम्बन्धि कार्यक्रम**

## ३.९ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण तथा संवर्द्धन

नेपालको अन्तरिम संविधान, मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू र प्रचलित कानुनहरूमा समेत अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारसम्बन्धमा व्यवस्था भएको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र ऐच्छिक आलेखलाई समेत नेपालले अनुमोदन गरिसकेको छ । तर व्यवहारतः यसको प्रभावकारी कार्यान्वयन हुनसकेको छैन । आयोगले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सुनिश्तिता गर्न विषयगत अधिकृत तोकिनुका साथै सामूहिक अधिकार महाशाखा तथा लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा अर्न्तगत व्यवस्थित गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्ने सन्दर्भमा पहिचान, पहुँच र सामर्थ्यमा वृद्धि गर्न विद्यमान विभेदकारी कानुनको खारेजी, प्रभावकारी कार्यान्वयन, सार्वजनिक भवन निर्माण गर्दा अपाङ्गमैत्री भौतिक संरचना बनाउन समेत सिफारिस गरेको छ । आयोगले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको संरक्षण र संवर्द्धनको लागि केन्द्रीय, क्षेत्रीय एवम् स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी कार्यशाला, अपाङ्गता भएका महिलाहरूको अधिकारमा सरोकारवालाको दायित्व, अपाङ्गता भएका व्यक्तिको अधिकार र चुनौती विषयक छलफल कार्यक्रम, अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धमा विभिन्न कार्यक्रमहरू सम्पन्न गरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्द्धनमा आयोग सक्रिय रहेको छ ।

***अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित हुनुपर्नेमा आयोगको जोड***

*अपाङ्गता भएका व्यक्तिहरूको एक प्रतिनिधि मण्डलले राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूसँग भेटघाट गरी आफ्ना अधिकार सुनिश्चित गर्ने दिशामा पहल गरिदिन आग्रह गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूको हक-अधिकार तुलनात्मक रूपमा ओझेलमा परेको चर्चा भएको छ । अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षणसम्बन्धी संघसस्थाका प्रतिनिधिहरूले नवनिर्मित सडकहरू, सार्वजनिक भवन अपाङ्ग मैत्री नभएको अपाङ्गता भएका व्यक्तिले सहज किसिमले सामाजिक न्याय नपाएको, सार्वजनिक यातायातमा आरक्षणको सुविधा उपभोग गर्न नपाएको, अपाङ्गता भएका महिलामाथि यौनजन्य हिंसा भएको, स्कूल/कलेजमा इच्छाएको विषय पढ्नबाट वञ्चित गरिएको, अपाङ्गता भएका व्यक्तिहरूका लागि सरकारले दिने सेवा-सुविधाको उचित वितरण नभएको र सबै अपाङ्गता भएका व्यक्तिहरूले परिचयपत्र नपाएको, जस्ता विषयमा छलफल भएको थियो ।*

*आयोगले अपाङ्गता भएका व्यक्तिहरूका हक अधिकार सुनिश्चित गर्न र हातेमालो गर्न आयोग तत्पर रहेको बताउदै नबनिर्मित सडकहरूअपाङ्गता मैत्री बनाउन समेत आयोगले सरकारको ध्यानाकर्षण गराइसकेको छ । आयोगले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार स्थापित गर्न अपाङ्गतामैत्री भौतिक संरचनाबारे अनुगमगन गर्ने, शिक्षा एवम् रोजगारको अधिकारबारे आवाज उठाउने लगायतका कामहरू गर्ने, अपाङ्गताको क्षेत्रमा काम गर्दै आएका संघसंस्थाहरूसँग थप सहकार्य गर्नका निम्ति मानव अधिकारसम्बन्धी निर्देशिका २०६९ समेत जारी गरेको, दृष्टिविहीनहरूका लागि सजिलो होस् भन्ने उद्देश्यले २०६९ सालमा आयोगको परिचय पुस्तिका ब्रेल लिपिमा प्रकाशन गरेको, राज्यले अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक सुरक्षा, शैक्षिक अधिकार तथा भौतिक पूर्वाधार निर्माण सम्बन्धमा आयोगले राज्यलाई पटक पटक सुझाव तथा विज्ञप्ति मार्फत झक्झकाइरहेको छ ।*

आयोगले मानसिक अपाङ्गता भएका व्यक्तिहरूको निम्ति विभिन्न सरोकारवालाहरू, मानसिक अस्पतालका चिकित्सक, शिक्षण अस्पतालका मानसिक रोगसम्बन्धि चिकित्सकहरू, स्वास्थ्य मन्त्रालय र विभागका पदाधिकारी, नागरिक समाज र मानसिक अपाङ्गताका हक अधिकारको क्षेत्रमा काम गर्ने गैरसरकारी सस्थाहरूसँग अन्तर्क्रिया गरी राष्ट्रिय नीतिमा परिमार्जन गर्नुकासाथै निजहरूको अधिकार सुनिश्चितताको लागि संवर्द्धनात्मक गतिविधि संचालन गर्दै आएको छ । दृष्टिविहीन बालबालिकाहरूलाई श्रव्य सामाग्री वितरण, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका सम्बन्धमा सहकार्य र समन्वय गर्न सकिने क्षेत्रहरू सम्बन्धमा आयोगले मानव अधिकार सहकार्य तथा समन्वय निर्देशिका, २०६९ जारी गरेको छ ।

त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० माथि पुनरावलोकन गरी उक्त नियममा उल्लेखित अपाङ्गमैत्री नभएका शब्दहरू हटाई उपयुक्त शब्दावली राख्नुपर्ने सुझाव सम्बन्धित निकायमा पेश गरेको छ । हरेक वर्ष आयोगले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारमा कार्यरत संघ सस्थासँगको सहकार्यमा अपाङ्गहरूको अधिकारसम्बन्धी दिवस मनाउदै आएको छ । २०६९-०७० मा सिन्धुपाल्चोक जिल्लामा मानव अधिकारको अवस्था र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका सवालहरू विषयक अन्तर्क्रिया कार्यक्रम गरिएको छ ।

## ३.१० आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको संरक्षण र संवर्द्धन

मानव अधिकारको अन्तर्सम्बन्धित सिद्धान्त अनुरूप नागरिक तथा राजनैतिक अधिकार जति महत्वपूर्ण त्यत्तिनै आर्थिक, सामाजिक, तथा सांस्कृतिक अधिकार पनि महत्पूर्ण छन् । द्वन्द्वको समयमा नेपालमा आर्थिक, सामाजिक सांस्कृतिक अधिकार उल्लङ्घनका घटना प्राथमिकतामा नपरेको भएतापनि द्वन्द्वपश्चात् आयोगले आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको संरक्षण र संवर्द्धनसम्बन्धी कार्यमा विशेष चासो दिदैं वर्तमान रणनैतिक योजनामा प्राथमिकताको सूचीमा समावेश गरिएको छ । वि. सं.२०६५ साउन २ गते राष्ट्रिय मानव अधिकार आयोगले नेपालको मध्य र सुदूरपश्चिमाञ्चल क्षेत्र तथा देशका अन्य भागमा प्रचलित हलियाप्रथा मानव अधिकारको सिद्धान्त विपरीत देखिएकाले यसलाई तत्काल उन्मूलन गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ । आर्थिक सामाजिक तथा सास्कृतिक अधिकारहरूलाई तल केही शीर्षकमा उल्लेख गरिएको छ । अझै राज्यले निःशुल्क शिक्षाको प्रत्याभूति गराउन सकेको छैन । दुर्गम जिल्लाहरूमा भोकमरीको अवस्था छँदैछ । स्वच्छ र शुद्ध पानी पिउन पाउने अधिकार सुनिश्चित हुन सकेको छैन ।

साथसाथै आयोगले आर्थिक-सामाजिक-सांस्कृतिक अधिकारको व्यवस्थित अनुगमन गर्न नेपाल सरकार, OHCHR र नागरिक समाजसंग सहकार्य गरी "प्रयोगकर्ताहरूको निम्ति निर्देशिका" प्रकाशित गरी सम्दन्धित निकायहरूमा अनुगमनको लागि सूचकांकको रूपमा विकास गरेको छ ।

### ३.१०.१ खाद्यअधिकार संरक्षण र संवर्द्धन

आयोगले आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार अर्न्तगत खाद्य अधिकारलाई प्राथमिकताको विषयमा राखेको छ । आयोगले नागरिकको खाद्य अधिकारलाई सबैको पहुँचयोग्य बनाउनुपर्ने एवम् खान पाउने र नपाउनेहरू बीच विद्यमान खाडल पुर्न पहल हुनुपर्नेमा समेत औंल्याएको छ । राष्ट्रिय मानव अधिकार आयोग र खाद्य तथा कृषि संगठनको आयोजनामा राजधानीमा भएको खाद्य अधिकारसम्बन्धी अन्तर्क्रिया कार्यक्रममा सो आवश्यकता औंल्याइएको हो । नागरिकको खाद्य अधिकारको सुनिश्चितताका लागि खाद्य नीतिको प्रभावकारी कार्यान्वयन तथा अनुगमन हुनुपर्ने धारणा आयोगले अघि सारेको छ । मूल्य वृद्धिको कारण सर्वसाधारणको जीवन यापनमा पर्न गएको नकारात्मक असरलाई नेपाल सरकारले सहानुभूतिपूर्वक विचार गर्दै सरकारका अनुत्पादनशील खर्चहरूलाई कम गरी विद्यार्थीलगायत समाजका न्यून आय भएका व्यक्ति तथा परिवारहरूलाई उपयुक्त राहत र सहयोगको व्यवस्था गर्न आयोगले नेपाल सरकारलाई विज्ञप्ति मार्फत आग्रह गरेको छ । नागरिकको स्वास्थ्यसम्बन्धी अधिकारप्रति आयोगको चासो, खाद्यान्नको अधिकार सुनिश्चित गर्न सरकारी निकायका प्रमुखसँग छलफल, सम्बन्धी कार्यक्रमहरू गरेको छ ।

आयोगको ६ वर्षको अवधिमा उपभोक्ताको अधिकार (विशेषतःखाद्यअधिकार) को सम्बन्धमा निर्देशिका तयार गर्न उपभोक्ता अधिकारकर्मी तथा सरोकारवालाहरूसँग सुझाव संकलन छलफल बैठकहरू सम्पन्न गरेको छ । आयोगले नेपाल सरकारलाई खाद्यान्नको कमी हुने जिल्लाहरूमा समयमा आपूर्ति व्यवस्था गर्न तथा सम्वेदनशील हुन आग्रह गर्दैआएको छ । उपभोक्ताको

अधिकारलाई केन्द्रीत गरी आयोगले उपभोक्ताको मानव अधिकार संरक्षण तथा संवर्द्धनका लागि अनुगमन मार्गनिर्देशिका, २०६८ प्रकाशन गरी उपभोक्ता अधिकारकर्मी तथा उपभोक्ताहरूलाई व्यापक रूपमा वितरण गरेको छ । यस ६ वर्ष अवधिमा आयोगमा १५ वटा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको विषयसँग सम्बन्धित उजुरीहरू दर्ता भएका छन् । त्यस्तै २०६६ श्रावण २० गते खाद्यअधिकारमा पहुँच तथा उपभोक्ताको अधिकार तथा स्वास्थ्य सम्बन्धी तालिम सम्पन्न भएको थियो । मध्य तथा सुदूरपश्चिमाञ्चलका जिल्लाहरूमा फैलिएको झाडा पखालाबाट जनस्वास्थ्यमा पर्न गएको असर सम्बन्धमा आयोगले स्थलगत अनुगमन गरेको थियो ।

आ.व. २०६५/२०६६ को अवधिमा दाङ जिल्लाको देउखुरी, तुलसीपुर, घोराही आसपासका क्षेत्र तथा श्रीगाउँ, पञ्चकुले, हेकुली, हलुवार, ढिकपुर, मानपुर समेतका गाविसहरूबाट नेकपा (माओवादी) कार्यकर्ताहरूले धान लगायतका अन्नबाली कब्जा गरेको र कमाइको आँधिया भाग पाउने भनी सम्झौता गरिएको भए पनि तीन भागको एकभाग अन्नबाली मात्रै जग्गाधनीलाई दिन लगाएको, रोपाई गर्ने बेलामा फिर्ता गर्ने भनिएका जग्गाहरूमा अन्न उठाउने बेलामा पुनः 'कब्जा' दाबी गरिएको र जग्गाहरू सम्बन्धित धनीलाई फिर्ता नगरेको गुनासो तथा उजुरीहरू आयोगमा दर्ता भएका छन् । त्यसैगरी, सिरहाको कल्याणपुर र कैलालीको टीकापुर वरपरका क्षेत्रमा समेत नेकपा (माओवादी) तथा यसका भ्रातृसङ्गठनका नेता/कार्यकर्ताहरू खेतमै गई चन्दा भन्दै बलपूर्वक धान सङ्कलन गर्न अभियानकै रूपमा लागिरहेको भन्ने सूचना तथा जानकारीहरू प्राप्त भएको आधारमा अनुगमन गरी सम्पत्ति उपभोगमा बाधा नपुऱ्याउन आयोगले माओवादीलाई आह्वान गरेको छ । रेल्बे सेबा बन्दले सर्वसाधारण जनतालाई प्रतिकूल असर पर्न जाने हुदा सो प्रति आयोगले सुचारू गर्न नेपाल सरकारलाई सचेत गराएको थियो ।

**खाद्यय, सुरक्षा सम्बन्धी अतरक्रिया कार्यक्रम (२०६४ बैशाख)**

***दुर्गम क्षेत्रमा खाद्यान्नको आपूर्ति समस्या अनुगमन***

*२०६६/२०६७ मध्य र सुदूर पश्चिमाञ्चल क्षेत्रका पहाडी जिल्लाहरूमा भएको भोकमरी सृजना समस्याको अध्ययन गरिएको छ । विश्व खाद्य कार्यक्रमले आपूर्ति गरेको खाद्यपदार्थ गुणस्तरहीन तथा अखाद्य वस्तुमा परिणत भइसकेको अवस्थामा पनि आपूर्ति गरेको भेटियो । यस्तो सडेगलेको खाद्यान्न खाएको कारणबाट मध्य तथा सुदूरपश्चिम क्षेत्रका करिब ४०० व्यक्तिले ज्यान गुमाउनुपरेको घटनासम्बन्धमा गरेको अध्ययन प्रतिवेदनको आधारमा आयोगले स्वस्थकर खाद्यपदार्थ आपूर्ति गर्नुपर्ने जिम्मेवारी पूरा नगर्ने निकाय तथा व्यक्तिहरूलाई आवश्यक कारवाही चलाउन अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई सिफारिस गरेको छ । यसै सम्बन्धमा सो खाद्यपदार्थ आपूर्ति गर्नेमध्येको एक विश्व खाद्य कार्यक्रम (World Food Program) नेपाललाई समेत आयोगले सचेत गराएको थियो । खाद्य पदार्थको न्यायोचित व्यवस्था र आपूर्ति गरी जवाफदेहीता निर्वाह गर्ने दायित्व सरकारमा रहन्छ । यो जवाफदेहीताको निर्वाहबाट नै खाद्यको अधिकार सुनिश्चित गर्न सकिने हुँदा आयोगले समय-समयमा सरकारका जिम्मेवार अधिकृतहरू, विश्व खाद्य कार्यक्रमलगायत अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरू तथा नागरिक समाजसँग समन्वय गरी खाद्य भण्डारण, गुणस्तर मापन तथा न्यायोचित वितरण गर्ने व्यवस्था मिलाई राज्यगत जिम्मेवारी निर्वाह गर्न सरकारलाई समय-समयमा सचेत गराउँदै आएको छ । मिति २०६७ कात्तिक १७ मा उपभोग्य वस्तुको गुणस्तर, जनस्वास्थ्य र उपभोक्ता अधिकारका सम्बन्धमा छलफल गरिएको थियो ।*

*अछाम जिल्लाको खाद्य अधिकारको बारेमा जानकारी लिने, सो क्षेत्रमा थप जागरूक तुल्याउनुको साथै हक अधिकार र दायित्वका बारेमा थप जानकारी  गराउनका निम्ति अन्तर्क्रिया कार्यक्रम संचालन गरिएको छ कर्णाली जिल्लामा खाद्य अवस्था र वर्तमान मानव अधिकारको अवस्थाका बारेमा छलफल,आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र खाद्यअधिकारमा पहुँच विषयक तालिम संचालन गरिएको थियो ।*

आगलागी र डढेलोबाट भएको जनधनको क्षतिप्रति आयोगले चिन्ता व्यक्त गर्दै तराई बस्तीमा आगलागी भएर सयौं घरहरू खरानी भएका एवम् हिमाली र पहाडी जिल्लाका सयौं हेक्टर वनमा आगलागी भएको जानकारी आमसञ्चार माध्यम र आयोग स्वयंले गरेको अनुगमनबाट देखिएको थियो । आगलागीबाट पीडित नागरिकहरू-खासगरी बालबालिका, वृद्धवृद्धा, बिरामी एवम् सुत्केरीको पहिचान गरी तिनलाई तत्काल सुरक्षित ठाउँमा स्थानान्तरण गर्न आवास, औषधोपचार, राहत, उद्धार र परिपूरणका कामहरू द्रूतगतिमा अघि बढाउन नेपाल सरकार र सरोकारवाला निकायहरूसँग आग्रह गर्दै पीडितहरूको पुनःर्स्थापना र उपयुक्त परिपूरणको व्यवस्था गर्न आयोगले नेपाल सरकारलाई सुझाव पठाएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरी बागमती करिडोरमा बस्दै आएका सुकुम्बासीहरूको घर, टहरा भत्काउँदा हुन गएको क्षतिको उचित मूल्यांङ्कन गरी क्षतिपूर्ति दिन आग्रह गरेको थियो । सरकारले सुकुम्बासीले कब्जा गरी बसेका सरकारी जग्गा खाली गर्नुपूर्व वैकल्पिक व्यवस्था मिलाउन र सोको जानकारी

आयोगलाई दिन पनि नेपाल सरकारलाई आग्रह गरिएको थियो । साथसाथै राजधानी काठमाण्डौ लगायत लगायत देशका विभिन्न शहर र राजमार्गहरूका भएका सडक बिस्तारलाई कानुन र मानव अधिकार सम्मत र प्रभावितहरूलाई क्षतिपूर्तिको व्यवस्था गर्न सरकारका प्रतिनिधिहरूलाई आयोगमा बोलाई निर्देशन दिएको थियो ।

### ३.१०.२ स्वास्थ्यको अधिकार संरक्षण तथा संवर्द्धन

जाजरकोटमा झाडापखलाले जनजीवन अस्तव्यस्त भएको र सयौं जनताहरूको मृत्यु भएको घटनाको सम्बन्धमा आयोगले मिति ०६६।४।२२ देखि २७ गतेसम्म स्वास्थ्य अधिकार अवस्थाको अनुगमन गरेको थियो । उक्त अनुगमनबाट जाजरकोटका नागरिकको स्वास्थ्य, खाद्यान्न आपूर्ति, शिक्षामा पहुँचजस्ता आधारभूत अधिकार गम्भीररूपमा उल्लङ्घन भएको पाइएको थियो । सो सम्बन्धमा तत्काल राहत उपलब्ध गराउन नेपाल सरकारलाई आयोगले सिफारिस गरेको छ ।

आयोगले मानसिक रोगीको अधिकार सुनिश्चित गर्नका निम्ति र उनीहरूको अवस्था सुधार्न के गर्न सकिन्छ भनी आयोगले सम्बन्धित चिकित्सकहरू, मानसिक रोगीका हक अधिकार सम्बन्धी काम गर्ने संघसस्थाहरूसँग अन्तर्क्रिया कार्यक्रम गरिएको छ । आयोगले मानसिक रोगीहरूको हक अधिकार सुनिश्चितताका लागि अनुगमन गरेको छ ।

आयोगले अनुगमनको क्रममा संस्था आशादीप तथा कोशिस जस्ता संस्थाको अनुगमन गरेको छ । एचआइभी संक्रमित महिला, लागू पदार्थ दुर्व्यसनी महिला तथा यौनकर्मी महिलाको स्वास्थ्यको अधिकारबारे पोखरामा दुई दिवसीय कार्यशालाको आयोजना गरिएको थियो । कार्यशालाका सहभागीहरूले गम्भीर प्रकृतिका स्वास्थ्य समस्याबाट ग्रसित महिलाहरूले सम्मानित जीवन जिउन पाउने वातावरण तयार पार्नुपर्ने कुरामा जोड दिएका थिए । प्राकृतिक प्रकोपको रोकथाम र द्रुत उद्धारका लागि आयोगको नेपाल सरकारलाई विज्ञप्ति मार्फत सचेत गराएको थियो ।

स्वास्थ्यको अधिकार सम्बन्धमा जनचेतना फैलाउन उत्प्रेरित गर्ने एवम् बर्डफ्लू, मलेरिया, डेङ्गु रोग सम्बन्धमा पूर्व सतर्कताको लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउने उद्देश्यले सम्बन्धित निकायहरूसँग छलफल गरेको थियो । त्यसैगरी बाढीवाट प्रभावित क्षेत्रहरूको आकस्मिक अनुगमन, विस्थापित व्यक्तिहरूको स्वास्थ्यको अवस्था सम्बन्धमा आयोगको टोलीद्वारा दाङको लमही, भगवानपुर, घोराही तथा तुल्सीपुरको स्थलगत अनुगमन गरेको छ ।

### ३.१०.३ एचआईभी संक्रमित तथा प्रभावित व्यक्तिहरूको मानव अधिकार संरक्षण तथा संवर्द्धन

आयोगले स्वास्थ्य सम्बन्धी अधिकार अनुगमन तथा संवर्द्धन सम्बन्धी कार्यक्रम अन्तर्गत एचआईभी एड्स संक्रमितहरूको अधिकार समेत अनुगमन गर्ने गरेको छ । आयोगले दैलेख जिल्लामा एचआईभी एडस् संक्रमितहरूको मानव अधिकार स्थिति अनुगमन गरेको थियो । अनुगमनको क्रममा पीडित, सम्बन्धित विषयमा कार्यरत संघसंस्थाहरूका प्रतिनिधिहरू र सम्बन्धित जिल्ला

अस्पतालका डाक्टर हरूसँग  पनि छलफल गरी जानकारी लिने गरेको छ। यसैगरी २०६९ साल फागुनसम्म सुदूपश्चिममा रहेका जिल्लाहरूका नागरिक समाज र मानव अधिकार समुदायका प्रतिनिधिहरूको लागि कार्यशाला सम्पन्न गरिएको थियो। उक्त कार्यशालामा सम्बन्धित जिल्ला अस्पतालबाट विरामीहरूको रेकर्ड उपलब्ध गराउन माग गरिएको थियो, जसमा एचआईभी संक्रमितहरूको स्थिति निम्नानुसार पाइएको छः

| सि. नं. | विवरण | अछाम | बैतडी | बझाङ्ग | बाजुरा | डडेल्धुरा | दार्चुला | डोटी | कैलाली | कञ्चन पुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | एचआईभी पोजेटिभ भएका संख्या | १३०४ | १०७ | ५२ | ६२ | १२९ | २३ | ९१४ | २७२० | ३८२ | ५६९३ |
| २ | ART पद्धति बाट उपचार | ५०० | ६४ | २० | २८ | ५९ | ० | ३८१ | १००१ | १२५ | २१७८ |
| ३ | एचआईभी एडस्बाट मृत्युहुनेको संख्या | ६३ | ६ | ३ | २१ | ८ | ० | ६१ | १०१ | ६१ | ३३३ |

**स्रोतः धनगढीद्वारा आयोजित एच आई भि एड्स जिल्लाको अर्डिनेशन कमिटिहरुको क्षेत्रीय स्तरको अर्न्तक्रिया कार्यक्रममा सम्बन्धित जिल्लाका स्थाहरुले पेश गरेको तथ्याङ्क**

## ३.१०.४ मानसिक रोगीहरूको हक अधिकार सरंक्षण तथा संवर्द्धन

राष्ट्रिय मानव अधिकार आयोगले मानसिक रोगीहरूको हक अधिकार सुनिश्चित हुनुपर्ने कुरामा जोड दिदै आएको छ। राष्ट्रिय मानव अधिकार आयोगले मानसिक रोगी सम्बन्धी राष्ट्रिय नीति तथा विधेयक सम्बन्धमा मानसिक रोगीहरूको स्याहार, सुरक्षा सम्बन्धमा मानव अधिकारसंबन्धी संघसंस्था, सम्बन्धित चिकित्सकहरू तथा सरकारी निकायका पदाधिकारहरूवीच अन्तर्क्रिया कार्यक्रम संचालन गरेको थियो। मानसिक रोगीहरूको हक अधिकारको निम्ति काम गर्ने संस्था कोसिस नेपालबाट 'मानसिक स्वास्थ्यसम्बन्धी राष्ट्रिय नीतिः अवस्था, चुनौती र अवसरहरू' विषयक एकदिवसीय कार्यशाला सम्पन्न गरियो। आयोगका सदस्य गौरी प्रधानज्यूले मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यरत सबै सरोकारवाला निकायहरूले संयोजित रूपमा काम गर्न सकेमा लक्ष्य प्राप्तिमा अपेक्षित उपलब्धि हासिल हुने विचार प्रस्तुत गरियो। मानसिक स्वास्थ्यको क्षेत्रमा अपेक्षित लक्ष्य प्राप्त गर्नका लागि मानसिक रोगीप्रति हाम्रा सोंचाइ र व्यवहारमा सकारात्मक परिवर्तन हुनुपर्ने, सरकारले उचित बजेट र जनशक्ति उपलब्ध गराउनुपर्ने, आवश्यक राष्ट्रिय कानुन बनाउने र त्यसको कार्यान्वयन गर्नुपर्नेजस्ता आवश्यकताहरू उहाँले औंल्याउनुभयो। यस अवधिमा मानसिक स्वास्थ्य सम्बन्धी राज्यको नीतिको सम्बन्धमा गैर सरकारी संस्था (कोशिस) सँगको सहकार्यमा अध्ययन अनुसन्धान भैरहेको छ। अध्ययन पश्चात् गैरसरकारी संस्था, नागरिक समाज र मानोसामाजिक विमर्शकर्ता तथा विशेषज्ञहरूसँग आवश्यक छलफल गरी नेपाल सरकारलाई सुझाव पठाउने उद्धेश्य रहेको छ। आयोगबाट मानव अधिकार सम्बन्धी विधेयक, त्रिवर्षीय मानव अधिकार कार्ययोजना, विश्वव्यापी आवधिक समीक्षा लगायतका विषयहरूमा

१० वटा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ । गोरखा जिल्ला फुजेल निवासी नन्दप्रसाद अधिकारी र निजकी पत्नीलाई सरकारको निर्देशनमा मानसिक अस्पतालमा राखिएको अवस्थामा आयोगले अनुगमन गरेको थियो। मानसिक रोगी नुवाकोट जिल्ला चारघरे–३ मुलाबारीका २४ वर्षे श्याम बहादुर मिजारलाई विगत आठ महिनादेखि परिवार तथा छिमेकीले फलामको खोरमा थुनेर राखेको भनी प्रकाशित समाचारमा आयोगको केन्द्रीय कार्यालयले उक्त समाचारको आधारमा त्यस सम्बन्धी थप कुराहरू जान्नुपर्ने भएकोले अनुगमन कार्य गरेको छ ।

## ३.१०.५ विस्थापित भएका व्यक्तिहरूको अधिकार संरक्षण तथा संवर्द्धन

विगत दशबर्षे द्वन्द्व तथा प्राकृतिक विपत्तिका कारण आ-आफ्नो थात-बास गुमाई वा छोडी अन्यत्र बस्न बाध्य भएका व्यक्तिहरूको आवास तथा धनजन क्षति, जग्गा कब्जा लगायतका हक अधिकारहरू पनि प्रभावित भए । २०६२/२०६३ को जनआन्दोलन पश्चात् विस्थापितहरूको समस्या समाधान हुने कुरामा अपेक्षा गरिएको थियो, तर त्यस सम्बन्धमा केही सुधारात्मक सङ्केतहरू देखिए पनि व्यवहारमा लागू हुन सकेको छैन । तत्कालीन नेकपा (माओवादी) र सरकारबीचको सशस्त्र द्वन्द्वका कारण विस्थापित हुन पुगेका कतिपय व्यक्तिहरू अझै पूर्णरूपमा स्थापित हुन सकेको अवस्था छैन । विस्थापित व्यक्तिहरूलाई कानुनी संरक्षण, उनीहरूको सम्पत्तिको संरक्षण, धर्म वा विश्वास, विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार प्राप्त हुनुपर्दछ। यस्तै उनीहरूको रोजगारीको अवसर र स्वतन्त्र तवरमा सङ्गठित हुन पाउने तथा सामुदायिक गतिविधिमा सङ्लग्न हुन पाउने अधिकार र मतदानको अधिकारलाई बिना भेदभाव उपभोग गर्न दिनुपर्दछ । विस्थापित बालबालिकाको शिक्षा, पुनरागमन, पुनर्वास एवम् पुनर्मिलनको अधिकार को दायित्व राज्यले निर्वाह गर्नुपर्दछ। सशस्त्र द्वन्द्वको कारण विस्थापितहरूको समस्या समाधान गर्नका लागि सरकार र नेकपा (माओवादी) बीच विभिन्न सम्झौता एवम् पहल भए पनि समस्या सम्बोधन हुन सकेको छैन । द्वन्द्वबाट पीडित वास्तविक विस्थापितहरूको स्थिति पत्ता लगाई सुझाव दिन समिति गठनको लागि अदालतले दिएको आदेश पनि कार्यान्वयन हुन सकेको छैन ।

विस्थापितका हक अधिकारका सम्बन्धमा आयोगमा २०६४/२०६५ देखि २०६९/२०७० सम्मको ६ वर्षअवधिमा ११२ वटा उजुरीहरू माओवादीवाट विस्थापित गरिएको भन्ने परेको छ भने सुरक्षाकर्मीवाट विस्थापित गरिएको भनी ७ वटा उजुरी र अन्यबाट ५ वटा उजुरी परेकाछन् । त्यसैगरी सम्पत्ति कब्जाका माओवादीबाट ३६ वटा र राज्यपक्षबाट ६ वटा कब्जा गरेको भनी उजुरी परेका छन् । माओवादी विरूद्ध परेका अधिकांश उजुरी द्वन्द्वकालसँग सम्बन्धित छन् ।

आ.व.२०६६/२०६७ को अवधिमा विस्थापितका हक अधिकारका सम्बन्धमा पटक-पटक अनुगमन तथा अनुसन्धान सम्पन्न भएको छ, जसमा एनेकपा (माओवादी), तराईका सशस्त्र समूह र पूर्वी नेपालका सशस्त्र समूहहरूद्वारा गरिएका आन्दोलनबाट विस्थापितका समस्या सृजना भएका छन् । यसैगरी यस अवधिमा १० वटा उजुरीहरूमा निर्णय भई क्षतिपूर्तिका लागि सरकारसमक्ष सिफारिस गरिएको थियो। यस अवधिमा आन्तरिक विस्थापितको अधिकारसँग सम्बन्धित ४५ ओटा उजुरीहरू टुङ्ग्याइएको छ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

आ. व २०६७/२०६८ को अवधिमा विस्थापित भएका व्यक्तिहरूको अवस्था सम्बन्धमा पटक-पटक अनुगमन भए जसमा एनेकपा (माओवादी), तराईका सशस्त्र समूह र पूर्वी नेपालका सशस्त्र समूहहरूद्वारा सञ्चालित गतिविधिहरूबाट विस्थापित तुल्याइएका व्यक्ति वा तिनका परिवार रहेका छन् । जसमा २४ वटा उजुरीमा अनुसन्धान गरिएको छ । आयोगले ४ वटा उजुरीहरूमा निर्णय गरी क्षतिपूर्ति तथा पुनर्स्थापना लागि सरकारसमक्ष सिफारिस गरेको छ ।

आयोगको अनुगमनबाट २०६९ वैशाख महिनामा सेती नदीमा आएको बाढीले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएको देखिन्छ । राज्यको तर्फबाट बाढीपीडितहरूको राहतको व्यवस्था र हराएका व्यक्तिहरूको पहिचानको लागि  पर्याप्त कार्य भएको देखिएन । त्यसैगरी कोशी व्यारेज बन्दका कारण कोशी नदीले क्षति पुऱ्याई विस्थापित बनाएको सम्बन्धमा माननीय रामनगिना सिंहको संयोजकत्वमा विराटनगर क्षत्रीय कार्यालयको टोलीले अनुगमन गरेको थियो । यसरी आकस्मिक प्राकृतिक प्रकोपबाट हुने विस्थापनको आयोगले समय-समयमा अनुगमन गर्दै आइरहेको छ, जसमा बाढीपीडितहरूको अनुगमन गरी राहत र सुरक्षाको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिस गर्दै आइरहेको छ ।

आ.व.२०६९/२०७० मा आयोगले आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित विभिन्न कार्यक्रम गरेको छ, जसमा बाढीका कारण नेपालका बिभिन्न भेगमा जनजीवन अस्तव्यस्त भएको जानकारीका आधारमा विज्ञप्ति मार्फत नेपाल सरकारलाई सचेत गराइएको थियो । सर्वसाधारण जनताले दैनिक जीवनमा उपभोग गर्ने दूधमा कोलिफर्मको मात्रा अत्यधिक पाइएको सम्बन्धमा आयोगले नेपाल सरकार तथा सम्बन्धित सरोकारवालासँग  परामर्श गरी कारवाही अगाडि बढाउन सचेत गराएको थियो ।

## ३.१०.६ उपभोक्ताको अधिकार संरक्षण र संवर्द्धन

मानव अधिकार विश्वव्यापी घोषणापत्र, १९४८ ले मानिसको बाँच्न पाउने अधिकारको सुनिश्चित गरेकोछ । त्यसैगरी धारा २५ अनुसार प्रत्येक व्यक्तिलाई उचित बसोवासको अधिकार हुनेछ जसमा उसको वा उसको परिवारको स्वास्थ्य र भलाइको लागि पर्याप्त खाना, कपडा, वासस्थान, व्यवस्था गर्नुपर्ने कुरामा प्रावधानको उल्लेख छ । त्यसैगरी आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ मा पनि राज्यले जनताको उचित बसोवासको मापदण्ड निर्धारण तथा नियमन गर्नुपर्ने, खाद्यान्नको व्यवस्था र भोक विरूद्धको अधिकार सुनिश्चित गर्नुपर्नेमा आयोगले जोड गरेको छ । नेपालको अन्तरिम संविधानको मौलिक हकमा खाद्य सम्प्रभुताको व्यवस्था तथा धारा ३५(१) मा राज्यका नीतिहरूमा "देशको सन्तुलित विकासका लागि आर्थिक लगानीको न्यायोचित वितरण गरी सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, यातायात, आवास र रोजगारी जस्ता आधारभूत कुराहरूको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने नीति राज्यले अवलम्बन गर्नेछ" भन्ने  उल्लेख छ ।

स्वच्छ र शुद्ध उपभोग्य सामग्रीहरू पाउनु उपभोक्ताको मानव अधिकार हो । नेपालले अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्रका हैसियतले ती व्यवस्थाहरूलाई पालना गर्नुपर्ने बाध्यता छ । तर नेपाली

जनताको शुद्ध खाद्यान्नको अधिकार उपभोग गर्न पाउने अधिकार सुनिश्चित हुन सकेको छैन । राजधानीका ३ जिल्लाहरूमा ग्यासको अभावका कारण सर्वसाधारण उपभोक्तालाई पर्न गएको समस्थाको समाधानको निम्ति आयोगले अनुगमन गरी नेपाल सरकारका सम्बन्धित मन्त्रालय तथा कार्यालयका पदाधिकारीहरूलाई आयोगमा बोलाई सो सम्बन्धमा तत्काल समाधान गर्न निर्देशन दिएको थियो ।

बजारमा उपलब्ध दैनिक उपभोग्य वस्तुहरूमा मिसावट, कालाबजारी, अखाद्य वस्तुको मिसावटले उपभोक्ताहरूको मानव अधिकार उल्लङ्घन हुन गएकोले उपभोक्ताको अधिकारलाई सुनिश्चित र संरक्षणका लागि आयोगले अनुगमन गर्ने गरेको छ । आयोगले जिल्ला वाणिज्य कार्यालयसँगको सहकार्यमा राजधानीमा बजार अनुगमन गरिएको थियो, अनुगमनबाट अखाद्य पदार्थद्वारा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर परेको पाइएकोले वाणिज्य कार्यालयद्वारा अदातलतमा मुद्धा समेत दायर गरिएका उदाहरण छन् ।

उपत्यकामा सञ्चालित डेरीबाट उत्पादित दूधमा जनस्वास्थ्यमा असर पार्नसक्ने जीवाणु कोलिफर्म' भेटिएको बारे खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागद्वारा सार्वजनिक गरिएको प्रतिवेदन र आमसञ्चार माध्यममा आएका समाचारलाई आयोगले आफ्नै स्वविवेकमा सम्बन्धित सरोकार वालाहरूलाई आयोगमै बोलाएर परामर्श बैठक गरेको थियो । खाद्य जनताको प्रत्यक्ष स्वास्थ्यसँग सरोकारको विषय भएकाले राज्यले अन्तर्राष्ट्रियस्तरको गुणस्तर कायम गर्नुपर्ने र निर्धारित गुणस्तरविहीन त्यस्ता दुग्ध उत्पादकहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्ने आवश्यकता औंल्याउँदै आयोगले स्वस्थ जीवनयापन गर्न पाउने नागरिक अधिकारको सम्मान गर्नुपर्ने आवश्यकता माथि सरकारको ध्यानाकर्षण गराएको छ । उक्त बैठकमा वरिष्ठ खाद्य अधिकृत प्रमोद कोइरालाले अत्यधिक मात्रामा 'कोलिफर्म' भेटिएका छवटा डेरीलाई सिलबन्दी गरिएको; छवटा डेरीलाई  खाद्य ऐन, २०२३ र खाद्य नियमावली, २०२७ अनुसार मुद्दा चलाइएको र बाँकी डेरी कम्पनीहरूमाथि अनुसन्धान चलिरहेको बताउनुभयो । उपभोक्ताको हकका सम्बन्धमा आवश्यकता अनुसार आयोगका सवै कार्यालयहरूबाट अनुगमन गर्ने गरिन्छ ।

संवर्द्धनतर्फ आयोगले उपभोक्ता अधिकारको निम्ति केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूबाट कार्यशाला, अन्तर्क्रिया, गोष्ठी तथा छलफल गर्ने गरेको छ । उपभोक्ताको मानव अधिकार संरक्षण र संवर्द्धनका लागि अनुगमन निर्देशिका जारी भएको एक वर्ष पुगेको सन्दर्भमा उपभोक्ताको अधिकार बारे अन्तर्किया गरियो, जसमाआयोग र उपभोक्ता हित संरक्षण मञ्चका प्रमुख एवम् प्रतिनिधि गरी जम्मा ८४ जनाको सहभागिता रहेकोथियो । आयोगले उपभोक्ताको मानव अधिकार संरक्षण तथा संवर्द्धनका लागि अनुगमन मार्ग–निर्देशिका, २०६८ समेत जारी गरेको छ ।

### ३.१०.७ मानव अधिकार र वातावरण संरक्षण र संवर्द्धन

विश्वमा जलबायू परिवर्तनबाट वातावरणमा नकारात्मक प्रभावहरू परिरहेको छ । यसै सवालमा अन्तर्राष्ट्रिय स्तरमा समेत जलबायु परिवर्तनले पारेको प्रभावलाई मानव अधिकारको दृष्टिकोणबाट हेरिन लाग्यो । यस सवालमा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न सम्मेलनहरू समेत भएका छन् । राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार सम्बन्धी विभिन्न सवालहरूमा जनचेतना जगाउने उदेश्यका साथ सम्बर्द्धनात्मक कार्य गर्दै आइरहेको छ । आयोगले वातावरणीय विषयवस्तुलाई मानव अधिकारको अभिन्न अङ्गको रूपमा अङ्गीकार गर्नुपर्ने कुरामा आयोगले जोड दिदै कार्यक्रम आयोजना गर्न शुरूवात गरेको छ ।

यसै सर्न्दभमा आयोगले जलबायू परिवर्तनबाट मानव जीवनमा परेका असर र सरोकारवालाहरूको भूमिकाका विषयक अन्तर्क्रिया २०७० जेष्ठ १७ गते कार्यक्रम सम्पन्न गरेको थियो ।

प्रस्तुत अन्तर्क्रिया कार्याक्रममा आयोगका माननीय सदस्य श्री गौरी प्रधानको अध्यक्षतामा सम्पन्न गरिएको थियो । आयोगले पछिल्लो समयमा आर्थिक, सामाजिक एवम् सांस्कृतिक पक्षलाई प्राथमिकता दिएको चर्चा गर्दै वातावरणीय मामिलाहरूमा पनि ध्यान दिन थालेको छ । मानवतावादी दृष्टिकोणलाई केन्द्रमा राखेर बिग्रँदो वातावरणलाई सन्तुलनमा ल्याउन सबैको ध्यान जानुपर्ने आवश्यकता पनि औंल्याइएको थियो । राष्ट्रिय मानव अधिकार आयोगले बेन्चमार्कमा आधारित भएर जलबायू परिवर्तन र वातावरण संरक्षणका कुराहरूमा अनुगमन गर्ने र सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजनाको माध्यमबाट यस खालका विषयलाई समावेश गर्न पहल गरिएको छ । जलवायु परिवर्तनमा धनी र शक्तिशाली राष्ट्रहरू मूलभूत रूपमा जिम्मेवार रहेको र वातावरणीय सवालहरूमा ती राष्ट्रलाई उत्तरदायी बनाउन दबाब सिर्जना गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो । वातावारण विनाशका लागि कारक मानिएका राष्ट्रहरूलाई जिम्मेवार बनाउन नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा उचित ढङ्गले आवाज उठाउन नसकिरहेको आयोगको धारणा रहदै आएको छ ।

उक्त कार्यशालामा वातावरण विज्ञ श्री अनिलचित्रकार र वातावरणीय कानुन र नीतिका ज्ञाता चिरञ्जीवी भट्टराईले कार्यपत्रहरू प्रस्तुत गर्नु भएको थियो । कार्यशालामा परिवर्तनबाट वातावरणमा पर्न गएको प्रभाव तथा भविष्यमा हुन सक्ने सम्भावित जोखिमहरू अस्वाभाविक रूपमा हिउँ पग्लाइ, हिउँताल विष्फोटन जस्ता समस्या र जलवायु परिवर्तनको विश्वव्यापी प्रभावबारे वातावरण विनाशमा बढी जिम्मेवार ठहरिएका राष्ट्रहरूलाई आफ्ना कर्तव्यप्रति सचेत तुल्याउन नेपाल अन्तर्राष्ट्रियस्तरमा दरिलो किसिमले आवाज उठाउनुपर्ने आवश्यकता औंल्याएको थियो । जलवायु परिवर्तनसम्बन्धी विषयमा सबै निकाय जिम्मेवार बन्नुपर्ने आवश्यकता औंल्याउँदै जनस्तरमा जनचेतना जगाउनु पर्ने र नीति-निर्माण तहमा कार्यगत तत्परता हुनुपर्ने विषयमा छलफल भएको थियो ।

# मानव अधिकार संवर्द्धन, वकालत तथा पैरवी र सामूहिक अधिकारमा आयोगको पहल

## ४. मानव अधिकार संवर्द्धन, वकालत तथा पैरवी र सामूहिक अधिकारमा आयोगको पहल

राष्ट्रिय मानव अधिकार आयोगको प्रमुख काम मध्ये मानव अधिकार वकालत तथा संवर्द्धन सम्बन्धी काम एक महत्वपूर्ण हो, जुन वकालत तथा संवर्द्धन महाशाखाबाट सम्पन्न गरिन्छ । आयोगका मानव अधिकार संवर्द्धन, वकालत तथा पैरवी र सामूहिक अधिकार विभाग अन्तर्गत ३ वटा महाशाखाहरू छन् । ती सामूहिक अधिकार महाशाखा, लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा तथा प्रवर्द्धन तथा वकालत महाशाखा हुन । यी तीनै शाखाबाट विषयगत संवर्द्धनात्मक गतिविधि सम्पन्न गरिन्छ । आयोगले स्थापनाकाल देखिनै मानव अधिकारका विभिन्न विषयहरूमा तालिम, छलफल, गोष्ठी, कार्यशाला तथा सम्मेलनहरू गर्दै आइरहेको छ ।

आयोगलाई अन्तरिम सविधान २०६३ ले मानव अधिकारसँग सम्बन्धित संघसस्थाको सहकार्य तथा क्षमता अभिवृद्धि गर्ने दायित्व पनि सुम्पिएको छ । सोही अनुरूप आयोगले संवर्द्धनात्मक गतिविधि गर्दा एकल वा अन्य संघसस्था वा सरकारी निकाय वा न्यायिक निकायसंग सहकार्य गरी मानव अधिकारको क्षेत्रमा काम गर्दै आइरहेको छ ।

| सि. नं. | विवरण | ०६४/०६५ | ०६५/०६६ | ०६६/०६७ | ०६७/०६८ | ०६८/०६९ | ०६९/०७० |
|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय स्तरका कार्यक्रम | १०१ | ५६ | २२० | २४५ | ३६३ | ३७२ |
| २ | अन्तर्राष्ट्रिय स्तरका कार्यक्रम | | ३ | | १ | १ | ५ |

आयोगले मानव अधिकार संवर्द्धन कार्य गर्दा स्थानीय, क्षेत्रीय, राष्ट्रिय स्तरमा गरी विभिन्न कार्यक्रम संचालन गर्दछ । बाल अधिकार, आधारभूत मानव अधिकार, विस्थापित, बेपत्तासम्बन्धी, दलितका अधिकार, महिलाका अधिकार सम्बन्धी गोष्ठी गरेको छ भने मानव अधिकार अवस्था, शान्ति सुरक्षा, बन्द, हडताल, खाद्यान्न आपूर्ति जस्ता विषयमा अन्तर्क्रिया र छलफल बैठक गर्ने गरेको छ ।

वि.सं.२०६७–२०६८ को अवधिमा आयोगले ७९ वटा तालीम/गोष्ठी/पत्रकार सम्मेलन गराउनाका साथै १२२ वटा बैठक/अन्तर्क्रिया/छलफल/पैरवी समेत गरी जम्मा २४५ वटा

**राष्ट्रिय मानव अधिकार आयोग**

मानव अधिकार संवर्द्धन सम्बन्धी कार्यक्रम सम्पन्न गरेको छ भने अन्तर्राष्ट्रिय मानव अधिकारसँग सम्बन्धित दिवसहरू मनाउने क्रममा बालअधिकार दिवस ,१६ दिने महिला दिवस कार्यक्रम, १० डिसेम्बरमा मानव अधिकार दिवस, जेठ १३ मा आयोगको वार्षिकोत्सव, अपाङ्गहरूको अधिकार सम्बन्धी दिवस, यातनाविरूद्धको दिवस, बेपत्ता सम्बन्धी दिवस, दलितको अधिकार सम्बन्धी दिवस, आदिवासीको अधिकार दिवस, आप्रवासीहरूको अधिकार सम्बन्धी दिवसहरूपनि आयोगले मनाउँदै आइरहेको छ । आधारभूत मानव अधिकार शिक्षा र राष्ट्रिय मानव अधिकार आयोगको बारेमा जनचेतना कार्यक्रम बिस्तार गर्दैआइरहेकोछ । राष्ट्रिय मानव अधिकार आयोगको स्वायत्तताको सवालमा मानव अधिकारकर्मी तथा नागरिक समाजसँग सहकार्य विषयक अन्तर्क्रिया कार्यक्रमहरू आयोगले सम्पन्न गरेको थियो । वि.सं.२०६८/२०६९ को अवधिमा आयोगले आफैं र सरोकारवाला संघसंस्थाहरूको सहकार्यमा पनि संवर्द्धनात्मक गतिविधिहरूलाई अगाडि बढाउँदै आएको थियो । यस अवधिमा आयोगले ३१२ वटा मानव अधिकार संवर्द्धनका कार्यक्रमहरू सम्पन्न गरेको थियो । जसमा २४६ एकल र ६६ वटा सहकार्यमा सम्पन्न गरिएका थिए । यी कार्यक्रमहरूमा अन्तर्किया ७४, मानव अधिकार शिक्षा तालिम/प्रशिक्षण ५७, मानव अधिकार सम्बन्धी अनौपचारिक शिक्षा तथा अभिमुखीकरण १८, दिवस १५, कार्यशाला/गोष्ठी २४, खेल ३, रक्तदान २ रहेका थिए । त्यसैगरी ऱ्याली/प्रभातफेरी ८, छलफल ३३, बैठक ६८ र अन्तरसम्वाद, सचेतना र निवन्ध प्रतियोगिता २/२ वटा रहेका थिए । पोखरा क्षेत्रीय कार्यालयमा १५ औं अन्तर्राष्ट्रिय यातना पीडित सहयोगार्थ दिवसको अवसरमा याताना रोकथाममा सारोकारवालाहरूको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

वि.सं २०६९/२०७०को अवधिमा ३०७ वटा संवर्द्धनात्मक कार्यक्रम भएका छन् । मानसिक अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय मानव अधिकार आयोग उप-क्षेत्रीय कार्यालय, जुम्लाद्वारा मुगु जिल्लाको सदरमुकाम गमगढीमा आयोजित मानव अधिकार तथा खाद्य अधिकार विषयक कार्यशाला गोष्ठी सम्पन्न भएको छजसमा राजनीतिक दल,सरकारी कार्यालयका प्रतिनिधिहरू, पत्रकार, नागरिक समाज, शिक्षक, महिला मानव अधिकार रक्षक संजालका प्रतिनिधि, मानव अधिकार सम्बन्धित कार्यरत संस्थाका प्रतिनिधिहरू, अर्धन्यायिक निकायका प्रतिनिधिहरूको सहभागिता थियो ।

सिन्धुपाल्चोक जिल्लामा आयोगले मानव अधिकारको अवस्था र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका सवालहरू विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ, जसमा अपाङ्गता भएका मानिसहरूको स्वास्थ्यसित सम्बन्धित नीति नियम, बाधा-अवरोधहरूको सवालमा चेतना अभिवृद्धि गरेको छ । सन् २०१३अप्रिल ७, विश्व स्वास्थ्य दिवसको अवसरमा नेपाल सहभागितामूलक समाजको सहकार्यमा ज्येष्ठ नागरिकको अवस्था, चुनौतीहरूको सवालमा छलफल गरिएको थियो । नेपालको अन्तरिम संविधान २०६३ ले लैङ्गिक तथा सामाजिक समावेशीकरणको सिद्धान्त अवलम्बन गरी राज्यको हरेक तहमा महिला तथा आदिवासी, जनजाति, अल्पसख्यक, दलित तथा अन्य पछाडि पारिएका समुदायलाई समावेश गर्ने लक्ष्य लिएको छ । सो लक्ष्य राज्यले परिपालना गरको छ वा छैन भन्ने सम्बन्धमा अनुगमन गर्ने दायित्व राष्ट्रिय मानव अधिकार आयोग भएकोले आयोगका कर्मचारीहरूलाई लक्षित गरी ‘लैङ्गिकता र सामाजिक समावेशीकरणबारे चेतना अभिवृद्धि परिचायात्मक तालिम’ अयोजना गरिएको थियो ।

## ४.१ दयाराम स्मृति सम्मान

आयोगका कर्मचारी दयाराम परियारको सशस्त्र द्वन्द्वको क्रममा प्रहरीको गोली लागि उपचारको क्रममा मृत्यु भएको थियो । निजको सम्मान स्वरूप २०६८ साल देखि "स्वर्गीय दयाराम परियार मानव अधिकार स्मृति सम्मान" स्थापना गरिएको छ । हरेक वर्ष मानव अधिकारको क्षेत्रमा विशेष योगदान पुऱ्याउने मानव अधिकारकर्मीहरू दुईजना (एक महिला र एक पुरूष) लाई सम्मान गर्ने गरिन्छ । हालसम्म श्री दुर्गा घिमिरे र श्री चन्द्रकिशोर झा (२०६८) तथा डा. शिवमाया तुम्बाहाम्फे, श्री टेकनाथ बराल (२०६९) सम्मानित हुनु भएको छ ।

## ४.२ लैङ्गिक तथा सामाजिक समावेशीकरणका लागि भएका संवर्द्धन तथा संरक्षण

नेपालको अन्तरिम संविधान २०६३ ले लैङ्गिक तथा सामाजिक समावेशीकरणको सिद्धान्त अवलम्बन गरी राज्यको हरेक तहमा महिला तथा आदिवासी, जनजाति, अल्पसख्यक, दलित तथा अन्य पछाडि पारिएका समुदायलाई समावेश गर्ने लक्ष्य लिएको छ । सो लक्ष्य राज्यले परिपालना गरे नगरेको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन गर्दछ ।

आयोगले रणनैतिक योजना २०१०-२०१४ मा लैङ्गिक तथा सामाजिक समावेशीकरणको सिद्धान्तलाई आयोगको कामकारवाहीमा लागु गर्ने नीति लिएको छ ।  लैङ्गिक तथा सामाजिक समावेशीकरण सिद्धान्त कार्यान्वयनको लागि आयोगको संगठनात्मक संरचनामा नै समावेश गरिएको छ । लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखाबाट महिला तथा आदिवासी जनजाति, दलित, मधेशी, अल्पसंख्यक तथा पछाडि पारिएका समुदायहरूको हकअधिकार संरक्षण तथा संवर्द्धनमा काम गर्दछ । यस अन्तर्गत महिला तथा आदिवासी, जनजाति, दलित, मधेशी, अल्पसंख्यक तथा पछाडि पारिएका समुदायहरूको हकअधिकार सुनिश्चित गराउन भइरहेका विभेदपूर्ण कानुनहरूको अवलोकन तथा अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सिफारिस गर्ने कार्यहरू पर्दछन् ।

यसले महिला तथा आदिवासी जनजाति, दलित, मधेशी, अल्पसंख्यक तथा पछाडि पारिएका समुदायहरूको हक अधिकारको समेतको अनुगमन गर्दछ । आयोगको संवर्द्धनात्मक गतिविधिमा 'लैङ्गिक र सामाजिक समावेशीकरण गरेर महिला तथा आदिवासी जनजाति, दलित, मधेशी, अल्पसंख्यक तथा पछाडि पारिएका समुदायहरूलाई समावेश गरी कार्यक्रम संचालन गरिन्थ्यो र गरिदै आएको छ । यो महाशाखाको स्थापनापछि विशेष रूपमा लैङ्गिक तथा आदिवासी जनजाति, दलित, मधेशी, अल्पसंख्यक तथा पछाडि पारिएका समुदायहरूका बारेमा प्राथमिकता दिएको छ । आयोगको कर्मचारीलाई लैङ्गिक तथा सामाजिक समावेशीकरण अभिमूखीकरण गरेको छ भने आदिवासी जनजाति महिलाहरू माथि हुने हिंसा न्यूनीकरणको लागि पनि तालिम कार्यक्रम संचालन गरिएको छ । लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवालमा आयोगले दलित, अपाङ्गता भएका महिलाको हक अधिकार, महिला हिंसा सम्बन्धी दक्षिण एसियाली सार्क स्तरीय कार्याक्रम, महिला माथि हुने मानसिक हिंसा न्यूनीकरणमा राज्यको दायित्व जस्ता कार्यक्रममा सहभागी भइ आयोगको तर्फबाट आवश्यक सुझाव दिइएको छ ।

## ४.३ सामूहिक अधिकार सम्बन्धी संवर्द्धन तथा सरक्षण

आयोगद्वारा सांगठनिक पुनर्संरचना गर्ने क्रममा सामूहिक अधिकारका सवालहरूलाई प्राथमिकताका साथ सम्बोधन गर्ने उद्देश्यले सामूहिक अधिकार महाशाखा गठन गरी ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्तिहरू, बालबालिका, आदिवासी, जनजाति, मानसिक अपाङ्गता, एच. आइ. भी. एडस् संक्रमित व्यक्तिहरूका समेतका मानव अधिकार सम्बन्धमा कार्यक्रमहरू सम्पन्न हुँदै आएका छन् ।

सामूहिक अधिकार महाशाखाबाट सम्बन्धित क्षेत्रमा कार्यरत संघसंस्थासँग समन्वय गरी आयोगले अन्तरक्रिया, छलफल, अनुगमन र तालीम कार्यक्रमहरूमा सम्पन्न गरेको छ। यस्ता कार्यक्रमका सहभागीहरू छनौट गर्दा संस्थागत प्रतिनिधित्व हुने गरी अपाङ्गताभएका व्यक्तिहरूको सँगठनहरू, दलित, आदिवासी, जनजाति, वालअधिकार संरक्षण समिति लगायतका संस्थाहरूलाई प्राथमिकता प्रदान गरिएको थियो भने लैंङ्गिक प्रतिनिधित्व एवं समावेशितालाई समेत प्राथमिकता प्रदान गरिएको थियो । यस्ता कार्यक्रममा ३०० भन्दा बढीले सक्रिय सहभागिता जनाएका थिए । त्यसैगरी अनुगमनमा सरोकारवाला व्यक्तिहरू, निकायहरूसँग अन्तरक्रिया, भेटघाट र सूचना संकलनगरेको थियो ।

यस महाशाखाले सामूहिक अधिकार सम्बन्धी संवर्द्धनात्मक कार्यहरूमा 'स्वास्थ्यको अधिकार बिषयक तालीम (Multi-District Workshop on the Right to Health For Women Living with HIV, Female Sex Workers and Female Drug Users) काठमाडौमा सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा एच. आई. भी. संक्रमित, यौनकर्मी, पूर्व लागूपदार्थ दुर्व्यसनीकर्ताहरू तथा अन्य यस्ता कार्य हटाउन प्रयासरत संघसंस्थाका प्रतिनिधिहरू तथा अन्य सरोकारवालाको प्रतिनिधित्व रहेको थियो । कोशिस नेपालको सहकार्यमा '**मानसिक स्वास्थ्यको अधिकार:अवसर र चुनौतीहरू**' बिषयक अन्तरक्रिया सम्पन्न गरिएको थियो । अन्तर्क्रिया कार्यक्रम राष्ट्रिय मानव अधिकार आयोगका सदस्य श्री गौरी प्रधानज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संघसंस्थाका प्रतिनिधिहरू राष्ट्रिय मानव अधिकार आयोगमा भ्रमण गरी छलफल एवम् विचारविमर्श भएको थियो ।

२०७०/३/४ गते आदिवासी, जनजाति संघसंस्थाका मानव अधिकार रक्षक तथाप्रतिनिधिहरू र ाष्ट्रिय मानव अधिकार आयोगमा भमण गरी आयोगको सम्वधमा जानकारी छलफल एवम् विचार विमर्श भएको थियो । आयोगका सदस्य गौरी प्रधानको अध्यक्षतामा सम्पन्न भएको छलफल कार्यक्रममा ३५ जनाको सहभागिता रहेको थियो ।

आयोगले मानसिक स्वास्थ्य र मानव अधिकारको विषयमा अनुगमन लगायत केही कामको थालनी गरेको छ । मानसिक स्वास्थ्य सम्बन्धी कार्य गर्ने वागडोल स्थित गैरसरकारी संस्था कोशिश नामक ट्रान्जिटहोमको मिति २०७०/१/१५ गते आयोगले अनुगमन गरेको थियो सोही क्रममा २०७०/१/१६ मा आशादीपको पनि अनुगमन गरेको थियो । अनुगमनबाट अधिकांश

बिरामीहरू हिंसाका कारण मानसिक रोगी बन्न पुगेका र कतिपय बिरामीहरू मानसिक रोग भएकै कारणबाट हिंसामा परेका भन्ने बुझिएको थियो । त्यसैगरी मानसिक रोगीहरूको खोलिएको सुधारगृहको पनि अनुगमन गरिएको थियो ।

अनुगमनबाट मानसिक रोगीहरूको लागि नेपाल सरकारले केवल मानसिक अस्पताल लगनखेलमा विनियोजन हुने बजेट मात्र गरेको पाइयो । जबकि नेपालमा हाल करिब ८० लाख मानसिक रोगका बिरामीहरू रहेको तथ्यांक देखिन्छ । मानसिक रोगीलाई आर्थिक अधिकारबाट बञ्चित गराइने अवस्था सृजना गरिएका छन् तथा राज्यबाट तिनीहरूको अधिकार संरक्षण गर्न नसकेको देखिएको छ । परिणामतः मानसिक रोगीले आर्थिक विपन्नताको अवस्थाबाट रोग, भोक तथा गरीबिपूर्ण जीवन बिताई रहेका छन् ।

## ४.४ अन्तर्राष्ट्रिय दिवस र वार्षिकोत्सव

हरेक वर्ष जेठ १३ गते आयोगले आफ्नो वार्षिक उत्सव मनाउँदै आइरहेको छ । त्यसैगरी हरेक वर्ष १० डिसेम्बरमा हुने मानव अधिकार दिवस, यातना विरूद्धको संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय दिवस,बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूका लागि अन्तर्राष्ट्रिय दिवस (३० अगष्ट), अन्तर्राष्ट्रिय बालअधिकार दिवस(नोभेम्बर २०) जस्ता अन्तर्राष्ट्रिय दिवस र आयोगको वार्षिक उत्सवका अवसर मा राष्ट्रिय मानव अधिकार आयोग संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालय–नेपाल, आइसिजे, एड्भोकेसी फोरम, इन्सेक, सिभिक्ट, इन्हुरेड इन्टरनेशनल, पीपीआर, फोरहिड र जवाफदेही निगरानी समिति लगायत संस्था र कार्यक्रमले नेपाल सरकार समक्ष यातनालाई अपराधीकरण गर्ने बृहत् कानुनको निर्माण गर्न माग गरेको थियो । यस वर्ष २०७०मा आयोगले यातना विरूद्धको दिवसको सर्न्दभमा छलफल कार्यक्रम गरी मनाएको थियो। त्यस अवसरमा सशस्त्र द्वन्द्वका क्रममा बलपूर्वक बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक गरी दोषीलाई कारबाही गर्न नेपाल सरकारलाई आग्रह गरिदैं आएको छ । जसमा पीडितका आफन्त, सरोकार वाला तथा मानव अधिकारसँग सम्बन्धित संघसस्थाहरूसँग छलफल तथा गोष्ठी गरी मनाइन्छ ।

हरेक वर्ष नोभेम्बर २० तारिखमा अन्तर्राष्ट्रिय बालअधिकार दिवस संसारभर मनाइन्छ । यसरी नै राष्ट्रिय मानव अधिकार आयोगले बालबालिकाको हकहितका सवालमा बालअधिकार दिवस मनाउँदैं आएको छ । अन्तर्राष्ट्रिय बालअधिकार दिवसका अवसरमा राष्ट्रिय मानव अधिकार आयोग नेपालका सम्पूर्ण बालबालिका रोग, भोक, शोषण, दुर्व्यवहार, अशिक्षा तथा द्वन्द्वको मारबाट मुक्त भई उज्ज्वल भविष्यतर्फ अग्रसर गराउन राज्यका

विभिन्न निकाय, सरोकारवाला संघसंस्था कामना गर्दछ। साथै, यस दिवसका अवसरमा बालअधिकार सुदृढीकरण अभियानमा समर्पित सम्पूर्ण मानवसन्तति प्रति आयोग हार्दिक सम्मान प्रकट गर्दछ भन्दै प्रेस विज्ञप्ति पनि जारी गरिएको छ । आयोगले बालबालिका भोक, रोग र शोकबाट मुक्ति पाउनु पर्ने कुरामा जोड दिदै बालबालिकाको शिक्षामा जोड दिएको छ ।

## ४.५ मानव अधिकार शिक्षाको क्षेत्रमा आयोगको प्रयासहरू

मानव अधिकार मानिसको जीवन, स्वतन्त्रता र स्वाभिमानसँग सम्बन्धित छ । सामान्य अर्थमा मानिसलाई मानव भएका कारणले प्राप्त हुने सबै अधिकार मानव अधिकार हुन । मानिसको जीवन, मर्यादा, समानता र स्वतन्त्रता मानव अधिकारको संरक्षणका मुख्य क्षेत्र हुन भने सामाजिक सचेतीकरण र शशक्तिकरण मानव अधिकार प्राप्तिका स्थायी खम्बा हुन । त्यसैले मानव अधिकार शिक्षाको माध्यमबाट नागरिक सचेतना अभिवृद्धि भई मानव अधिकार संस्कृति विकासमा सहयोग पुग्ने उदेश्यले राष्ट्रिय मानव अधिकार आयोगले स्थापना कालदेखिनै विभिन्न रणनीतिक योजनाहरूमा मानव अधिकार शिक्षालाई प्राथमिकता दिंदै आइरहेको छ ।

हामी सबैको अधिकारप्रति सचेत भई सोको संरक्षण, संवर्द्धन, सम्मान र उपयोग गर्न सघाउने शिक्षा नै मानव अधिकार हो । मानव अधिकारको पहिचान, सचेतनाको विकास र उपभोग गर्ने सनिश्चितताका लागि मानव अधिकार शिक्षाको आवश्यकता पर्दछ । आफ्ना अधिकारप्रति सजग हुनुका साथै अरूको हक अधिकारप्रति संवेदनशील हुने, अधिकार हनन नगर्ने, र हनन हुन नदिनेतर्फ हरेक मानिस जागरूक हुनुपर्छ । यसका साथै मानव अधिकार शिक्षाले राज्य तथा राज्यको संविधान तथा ऐन कानुनले प्रदान गरेका हक तथा अधिकारहरूको उपभोग गर्न सक्षम बनाउन मदत गर्दछ र प्रत्येक व्यक्ति आफ्नो अधिकारको बारेमा सुसुचित हुन सकेमा मानव अधिकार उल्लङ्घन अवश्य पनि केहि हदसम्म कम हुन सक्दछ ।

राष्ट्रिय मानव अधिकार आयोगले लामो समयसम्म सरोकारवाला निकायहरू शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र लगायतका निकायहरूसँग नीतिगत तथा कार्यक्रमगत रूपमा विभिन्न तहमा बैठक, अन्तरर्क्रिया तथा छलफल कार्यक्रमहरू मार्फत सहकार्य र समन्वय गर्दै आइरहेको छ । जिल्लागत तहमा पनि जिल्ला शिक्षा कार्यालयसँग समन्वय गरी मानव अधिकार शिक्षाको संवर्द्धन गर्दै आइरहेको छ । यसै सन्दर्भमा हाल आयोगको सिफारिस कार्यानवयनको क्रममा नेपाल सरकार औपचारिक शिक्षा अन्तर्गत विद्यालय तहको कक्षा ८ सम्म मानव अधिकार शिक्षा पाठ्यक्रममा समावेश भइसकेको छ भने पाठ्यक्रम पुनरावलोकनको क्रमसँगै कक्षा ९ र १० मा समेत मानव अधिकार शिक्षाको विषयहरू समायोजन हुँदै जाने कुरा सरोकारवाला निकाय पाठ्यक्रम विकास केन्द्रबाट विभिन्न समयमा गरिएका प्रस्तुतीकरण र छलफलहरूबाट स्पष्ट रहेको छ । विद्यालय तहमा समावेश भइसकेका मानव अधिकार सम्बन्धी विषयबस्तुहरूको बारेमा प्रचारप्रसार गर्न आयोजित विभिन्न कार्यशालाहरूम श्रोतव्यक्तिको रूपमा पाठ्यक्रम विकास केन्द्रबाट विशेषज्ञहरू आमन्त्रण गरी कार्यक्रम संचालन गरिएको छ । यसैगरी सन् २००६ देखि नै अन्तर्राष्ट्रिय विज्ञलाई झिकाई मानव अधिकार शिक्षा

प्रचार-प्रसारको लागि सरोकारवालाहरूबीच समन्वय विस्तार गर्नको लागि रणनीतिक साझेदारी विकास (Strategic Partnership Development Training) सम्बन्धी तालिम कार्यक्रमहरू समेत संचालन गरिएको थियो ।

आयोगका विभिन्न कार्यालयहरूबाट सुरक्षा निकायका पदाधिकारीहरू, विद्यालयका बालबालिकाहरू, शिक्षक तथा अभिभावकहरूलाई समेत मानव अधिकार शिक्षा सम्बन्धी चेतनामूलक कार्यक्रमहरू संचालित छन । सुरक्षा निकायका प्रमुखहरूसँग विभिन्न चरणमा बैठक तथा अन्तर्क्रियाहरू गरी सुरक्षा निकायका तालिम पाठ्यक्रमहरूमा समेत मानव अधिकारका विषयहरू समावेश गर्न सुझावहरू प्रदान गरिएको छ । सुरक्षा निकायलाई नै लक्षित गरी मानव अधिकार पुस्तिका समेत प्रकाशन गरिएको छ ।

आर्थिक वर्ष २०७०/०७१ देखि अनौपचारिक शिक्षा कार्यक्रमहरूमा पनि मानव अधिकार सम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने किसिमका विषयबस्तुहरू समावेश गरी पठनपाठन गर्न गराउन सकिएमा मानव अधिकार शिक्षाको प्रचारप्रसारमा योगदान पुग्न सक्ने अपेक्षा राखी नेपाल सरकार अनौपचारिक शिक्षामा पनि मानव अधिकार सम्बन्धी विषयबस्तुहरूको भएको नभएको र यसका लागि आवश्यक कदमहरू उठान गर्न प्रारम्भिक चरणमा बैठक र केही जिल्लाहरूमा अन्तरर्क्रिया तथा अभिमुखिकरण कार्यक्रमहरू सम्पन्न भइसकेका छन । यस आर्थिक वर्षमा अनौपचारिक शिक्षालाई लक्षित गरी कार्यक्रमहरू तर्जुमा गरिएको र मानव  पाठ्क्रम तजूमाकार तथा विषय विशेषज्ञहरूलाई मानव अधिकार शिक्षा सम्बन्धमा अभिमुखिकरण सम्बन्धी कार्यक्रमहरू समेत तर्जूमा गरिएको छ ।

मानव अधिकार शिक्षाको क्षेत्रमा आयोगले हालसम्म गर्दै आएका प्रयासहरू उपलब्धिपूर्ण रहेका छन् । आगामी दिनहरूमा समेत आवश्यक परामर्श, छलफल,  समन्वय र सहकार्यबाट मानव अधिकार शिक्षा प्रचारप्रसारलाई व्यापकता प्रदान गर्न थप प्रयत्नहरू गर्दै अघिवढ्नुपर्नेछ ।

## ४.६ सूचना तथा सञ्चार सम्बन्धी

राष्ट्रिय मानव अधिकार आयोगमा सूचना तथा सञ्चार शाखा रहेको छ जसले मानव अधिकार को सवालमा सूचना संकलन तथा प्रेस विज्ञप्ति तयारी तथा आयोगमा भएका सूचनालाई संचार माध्यमबाट आम जनमानससम्म पुऱ्याउने काम गर्दछ । यस इकाईले मानव अधिकार पत्र  मासिक प्रकाशन निरन्तररूपमा गर्दै आइरहेको छ । यस प्रकाशनमा आयोगबाट भएका गतिविधिहरू र आयोगले मानव अधिकारको सवालमा विज्ञप्ति मार्फत चासो राखेका विषयहरूका सूचना प्रकाशित हुने गर्दछ । यस इकाइले समय-समयमा मानव अधिकारका समसामयिक विषयवस्तु, त्यसको सान्दर्भिकता, गाम्भीर्य एवम् आवश्यकताको आधारमा प्रेस विज्ञप्ति/प्रेस नोट जारी गर्नुको साथै पत्रकार सम्मेलन गर्न सहयोग पुऱ्याउँछ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

२०६४/२०६५ सालमा कारागार सुधार गर्न नेपाल सरकारलाई सुझाव दिइएको, आयोगमा गृह सचिव, र सशस्त्र प्रहरी महानिरीक्षकसँग  छलफल, विद्यालयबाट सुरक्षाबेश क्याम्प हटाउन नेपाल सरकारलाई सिफारिस, रामहरिश्रेष्ठको हत्या सम्बन्धी अनुसन्धानमा कार्यमा सहयोग नगरेकोमा आयोगको आपत्ति, जस्ता विषयमा ३६वटा प्रेस विज्ञप्ति जारी गरिएको थियो ।

२०६५/०६६ सालमा ६० वटा प्रेस विज्ञप्ति जारी भएका छन् जसमा अत्यधिक वर्षाले मानव अधिकार अवस्था नाजुक, राहत र पुनःस्थापना प्रभावकारी बनाउन आयोगको जोड, लामो समयको बन्द र हड्तालले आधारभूत मानव अधिकार संकटमा, यातनालाई फौजदारी कसूर ठहर गर्ने बृहत् कानुन लागु गर, मानव अधिकारमैत्री संविधान निर्माणसम्बन्धी कार्यशाला आयोजना, मानव अधिकारमैत्री संविधान आयोगको मुख्य प्राथमिकता, खाद्यान्नका अधिकार सुनिश्चित गर्न सरकारी निकायका प्रमुखसँग  आयोगको छलफल, विस्तृत शान्ति सम्झौता अक्षरशः पालना गर्न आग्रह, आयोगको सिफारिस कार्यान्वयन गर्न नेपाल सरकारलाई आयोगको ध्यानाकर्षण, सेनाको प्रधान सेनापतिसम्बन्धमा भएको विवाद संवाद र सहमतिबाट निकास निकाल्न आग्रह जस्ता विभिन्न विषयहरू रहेका थिए ।

२०६६/२०६७ मा ५६वटा प्रेस विज्ञप्ति जारी भएका छन्, जसमा मानव अधिकार ऐन परिमार्जन गर्न सुझाव, आयोगको सिफारिस कार्यान्वयन, बेपत्ता पार्ने कामलाई अपराध घोषणा गर्ने, संस्थागत दण्डसजाय र बाल अधिकार सम्बन्धी, अपाङ्गता भएका व्यक्तिहरूको दिवस, सम्पत्ति कब्जा र सुकुम्बासी समस्यालाई सम्बोधन लगायतका मानव अधिकारसँग  प्रत्यक्ष सरोकार राख्ने विषयहरूमा विज्ञप्ति जारी भएका छन् ।

२०६७/२०६८ मा ३४ वटा प्रेस विज्ञप्ति, ६ वटा पत्रकार सम्मेलनको आायोजना गरेको थियो । जसमा प्राकृतिक प्रकोप रोकथाम र द्रुत उद्धारका लागि आग्रह, शवोत्खनन सम्बन्धमा, उपभोग्यबस्तुको गुणस्तर, जनस्वास्थ्य र उपभोक्ता अधिकार, बन्द हडताल चक्काजाम रोकथाम, बम बिस्फोटन लगायतका विषयहरूमा भएका थिए ।

२०६८/२०६९ मा ३३ प्रेस विज्ञप्ति र २ वटा पत्रकार सम्मेलन आयोजना गरियो । जसमा नागरिकको स्वास्थ्यमा हेलचेक्राइँ भएको, मानव अधिकार उल्लङ्घनकर्तालाई राजनैतिक संरक्षण, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, वास्तविक सुकुम्बासी पहिचान, पेट्रोलियम पदार्थको आपूर्ति सहज बनाउने, मानव अधिकार विरूद्धका मुद्दा फिर्ता नलिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउन, बन्द शान्तिपूर्ण र मर्यादित बनाइयोस् लगायतका विषयहरूमा जारी भएका छन् ।

२०६९/२०७०मा मानव अधिकारको सम्मान गर, आयोगद्वारा मुख्य सचिवमार्फत् सरकारको ध्यानाकर्षण आयोगद्वारा प्रधानमन्त्रीलाई पत्राचार, झाडापखाला र बाढीपहिरोबाट प्रभावित जनताको औषधोपचार, उद्धार  र राहतमा जोड, आममाफीसम्बन्धी अध्यादेशबारे द्वन्द्वपीडितहरूको

खबरदारी, दोरम्बा हत्याकाण्डको १० वर्ष: गम्भीर प्रकृतिका मानव अधिकार हनन र मानवताविरूद्धको अपराधलाई कारबाहीको दायरामा राख, सत्य निरूपरण तथा मेलमिलाप आयोगसम्बन्धी अध्यादेशप्रति आयोग असंतुष्ट, बारूदी सुरूङ्ग तथा विष्फोटनको घट्नाबाट पीडितहरूद्वारा ध्यानाकर्षण, आयोगद्वारा नेपाल प्रहरीप्रति धन्यवाद ज्ञापन, डुबान र बाढीबाट पीडित नागरिकको अविलम्ब उद्धार गरियोस्, प्रमाणीकरणमा नपरेका माओवादी सेनाद्वारा आयोगमा समस्या जाहेर, ज्येष्ठ नागरिकको सीप, ज्ञान र अनुभवलाई उपयोग गर्न आवश्यक, मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलन हुने, नागरिकमाथि अनावश्यक बल प्रयोग नगर, दशैं र तिहार बिदामा आयोगका कार्यालयहरू खुला रहने, अनुसन्धान मिसन, आयोगद्वारा विविध विषयमा सरकारलाई सिफारिश, आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन नेपालमा हुने, आपवासी कामदारहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन शुरू, आप्रवासी कामदार हरूको हक-अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न, आप्रवासी कामदारहरूको नैसर्गिक अधिकार संरक्षण र संवर्द्धनमा जोड, नेपाल र दक्षिण कोरियाका मानव अधिकार आयुक्तहरूबीच भेटवार्ता, मानव अधिकारको संवर्द्धनका लागि आपसी सहयोग र सहकार्यको दायरा फराकिलो बनाउन जोड, कारागारको अवस्था सुधार्न पत्राचार, सञ्चारकर्मीमाथिको दुर्व्यवहार बन्द गर, महिला हिंसा अन्त्य गरी दोषीमाथि कानुनी कारबाही गर, दैलेख घट्ना दुखद, पत्रकार र मानव अधिकारकर्मीहरूको सुरक्षाबारे प्रधानमन्त्रीलाई पत्राचार, 'सत्य निरूपण तथा मेलमिलाप आयोग' फौजदारी कानुनको परिपूरकमात्र : आयोग, वार्ता र संवादबाटै समाधान गर्न आवश्यक बन्द संस्कृति अन्त्य हुनुपर्छ, सन्दर्भ: अन्तर्राष्ट्रिय उपभोक्ता अधिकार दिवस , सन्दर्भ: जातीय भेदभावविरूद्धको अन्तर्राष्ट्रिय दिवस, बराल र डा. तुम्बाहाम्फेलाई 'दयाराम परियार मानव अधिकार स्मृति सम्मान', बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य-निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०६९ माथि राष्ट्रिय मानव अधिकार आयोगको सुझाव, आगलागी र डढेलो नियन्त्रण गर, मानव अधिकार संरक्षणमा रिट क्षेत्राधिकारको प्रभावकारी प्रयोग सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न, कमलरीहरूले भोगेका समस्याप्रति आयोगको चासो, कमलरीहरूको न्यायोचित माग पूरा गर, आयोगले पचहत्तरै जिल्लामा कार्यालय खोल्न सम्बन्धमा, दलित बस्तीमा भएको आक्रमणबारे निष्पक्ष छानबिन गर, बन्दको संस्कार अन्त्य गरी राजनीतिक संवाद कायम गर, प्राकृतिक प्रकोपबाट प्रभावितहरूको तत्काल उद्दार गर, दूधमा 'कोलिफर्म' भेटिएकोबारे सरोकारवालाहरूसँग परामर्श बैठक, खानेपानीको आपूर्ति सहज बनाऊ, प्रसुति सेवा अबिलम्ब सुचारू गर्न आग्रह, –एनेकपा (माओवादी), नेकपा-माओवादीको कार्यालय र तेस्रो आँखा राष्ट्रिय दैनिक पत्रिकाको कार्यालयमा भएको तोडफोड, धरपकड तथा घाइते बनाइएको घटना एवम् पत्रकारलाई धम्की, रातको समयमा नेपालगञ्ज रामनगर निवासी गौरव मल्लमाथि गोलि प्रहार गरी घाइते बनाईएको घटनाका सम्बन्धमा शान्तिसुरक्षा कायम गर्न स्थानिय प्रहरी प्रशानसको ध्यानाकर्षण विषयहरूमा प्रेस विज्ञप्ति तथा प्रेस शंम्मेलन गरेको थियो । यसबाहेक आयोगले पत्रकार र मानव अधिकार रक्षकहरूको सुरक्षा र स्वतन्त्र रूपमा काम गर्नसक्ने वातावरण तर्जुमा गर्न यूनेस्को र अन्तराष्ट्रिय मिडिया मिसनको सहकार्यमा विभिन्न कार्यक्रमहरू तर्जुमा गरेका छन् ।

**आयोगबाट जारी प्रेस विज्ञप्तिहरूको संख्या निम्न अनुसार छ**

| विवरण | ०६४/०६५ | ०६५/०६६ | ०६६/०६७ | ०६७/०६८ | ०६८/०६९ | ०६९/०७० | जम्मा |
|---|---|---|---|---|---|---|---|
| प्रेस विज्ञप्ति | ३५ | ६० | ५६ | ३४ | ३३ | ४५ | २६३ |
| पत्रकार सम्मेलन | १ | – | – | ६ | २ | १ | १० |

## ४.७ प्रकाशन तथा वितरण

आयोगले मानव अधिकारका विविध विषयहरूको अध्ययन-अनुसन्धान गरी देशका आम नागरिकबीच मानव अधिकारको चेतना अभिवृद्धि र मानव अधिकारको स्थितिको बारेमा जानकारी तथा सूचनामूलक प्रकाशन गरी वितरण गर्दै आईरहेको छ। आयोगले हरेक वर्ष वार्षिक प्रतिवेदन, बालअधिकार प्रतिवेदन, मानव बेचविखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन लगायत अन्य मानव अधिकार सम्बन्धी ९ महत्वपूर्ण महासन्धिमा आधारित विषयगत अनुगमन प्रतिवेदनहरू प्रकाशन गरी वितरण गर्दै आएको छ। आयोगका सम्पूर्ण संवर्द्धनात्मक प्रकाशनहरू निःशुल्करूपमा वितरण गर्ने गरिन्छ।

यस अलावा आयोगको केन्द्रीय कार्यालयबाट आयोगको चिनारी एवम् गतिविधि झल्कने ९ महासन्धि सम्बन्धी पुस्तिका, पोष्टरहरू, मानव अधिकार पत्र र अङ्ग्रेजीमा ह्युमन राइट न्यूज लेटर (मासिक) नियमित प्रकाशन गरिरहेको छ। यसका अतिरिक्त क्षेत्रीय कार्यालयहरू क्रमशः बिराटनगर, नेपालगञ्ज, पोखरा, धनगढी र उपक्षेत्रीय कार्यालय बुटवलले विभिन्न प्रकाशन गरेका छन्। स्थानीय एफ. एम. रेडियो, टेलिभिजनबाट आयोगले आफ्नो गतिविधि, मानव अधिकार शिक्षा एवम् सन्देश सम्बन्धी सामग्रीहरू प्रसारण गर्ने गरेकोछ।

## ४.८ वार्षिक प्रतिवेदन प्रकाशन

नेपालको अन्तरिम संविधान, २०६३ अनुसार आयोग संवैधानिक अङ्गको रूपमा स्थापित भयो। सो संविधानको धारा १३३ मा राष्ट्रिय मानव अधिकार आयोगले आफुले गरेको मानव अधिकार संरक्षण र संवर्द्धनसम्बन्धमा गरेका कामकारवाहीहरू तथा आर्थिक कारोवारको सम्पूर्ण विवरण सहितको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेश गर्नु पर्ने व्यवस्था गरिएको छ। सो प्रतिवेदन सम्माननीय राष्ट्रपति कार्यालयले सम्माननीय प्रधानमन्त्रीज्यूमा पठाउने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत व्यवस्थापिका संसदमा छलफलको लागि पेश गरिन्छ।

यसको अलावा हरेक वर्ष बालअधिकारको अवस्था प्रतिवेदन, मानव बेचविखन विरूद्ध समाधिक्षकको कार्यालयबाट मानव बेचविखन विरूद्ध विशेष गरी महिला र बालबालिका Trafficking in Persons (Women and Children) सम्बन्धमा राष्ट्रिय स्तरको प्रतिवेदन प्रकाशन गरिन्छ।

## ४.९ विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review)

संयुक्त राष्ट्रसंघीय प्रणाली अन्तर्गत मानव अधिकार परिषद्को स्थापनापछि यू.पी.आर. प्रक्रिया थालनी भयो । यस अन्तर्गत नेपालसरकारले संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्रको हैसियतले प्रत्येक ४ वर्ष ६ महिनामा मानव अधिकारको कार्यान्वयनको अवस्था सम्बन्धमा मानव अधिकार परिषद् को यू.पी.आर. समितिमा प्रतिवेदन बुझाउनु पर्ने हुन्छ । आयोगले विश्वव्यापी आवधिकसमीक्षा बारे मानव अधिकारमा काम गर्ने संघसंस्था मार्फत सर्वसाधारणको जानकारीको निम्ति परि चयात्मक पुस्तिका प्रकाशन गर्ने गरेको छ । साथै मानव अधिकारको अवस्था तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिको कार्यान्वयनको अवस्था थाहा पाउन क्षेत्रीय स्तरमा कार्यशाला गोष्ठीहरू र काठमाडौँमाराष्ट्रियस्तरको कार्यशाला गोष्ठी सम्पन्न गरी प्रतिवेदन तयार पारिएको थियो । सो प्रतिवेदन तयारीको लागि राष्ट्रिय मानव अधिकार आयोगको संयोजकत्वमा राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोग समेतको समिति गठन गरिएकोछ। यू.पी.. आर. समितिले नेपाल सरकारको प्रतिवेदन उपर सुझाव दिएको थियो । सो सुझाव कार्यान्वयको स्थिति बारेमा एक वर्ष पूरा भएपछि आयोगले नेपाल सरकार, मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरू, मानव अधिकार संस्थाहरूबीच समीक्षाको लागि राष्ट्रिय भेला आयोजना गरेर प्रतिवेदन प्रकाशन तथा वितरण गरेको थियो । राष्ट्रिय मानव अधिकार आयोगले यू.पि.आरको मध्यावधि प्रतिवेदन तयार गरी सम्बन्धित निकाय सरकारी निकाय, नागरिक समाजसँग  छलफल गरी प्रकाशन तथा वितरण गरेको छ ।

## ४.१० महासंन्धिहरूमा आधारित प्रतिवेदन प्रकाशन

आयोगले आ.व. ०६८।०६९ अवधिमा नौवटा ठूला महासन्धिमा व्यवस्था गरिएका मानव अधिकारका कार्यान्वयनको स्थितिको अनुगमन, अनुसन्धान, संवर्द्धनात्मक गतिविधि समेत समेटिएको छुट्टाछुट्टै विषयगत पुस्तिका प्रकाशन तथा वितरणमा ल्याएको थियो । जसमा नागरिक तथा राजनीतिक अधिकार, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार, महिला मानव अधिकार, बालअधिकार, यातना विरूद्धको अधिकार, जातीयविभेद विरूद्धको अधिकार, अप्रवासी कामदार हरूको अधिकार, अपाङ्गताभएका व्यक्तिहरूको अधिकार, बलपूर्वक बेपत्ता पार्ने कार्य विरूद्धको अधिकार आदि रहेका छन् । मानव अधिकार रक्षकहरू र आम सर्वसाधारण नागरिकहरूमा मानव अधिकारका सम्बन्धमा जानकारी संप्रेषण गर्न नौवटा महासन्धिहरूलाई अग्रेजी र नेपाली भाषामा समेत प्रकाशन गरिएको छ ।

## ४.११ विस्तृत शान्ति सम्झौतामा आधारित प्रतिवेदन

आयोगले वि.सं.२०६३ देखि ०६७ सम्म चारवर्ष अवधिमा ६ पटक विस्तृत शान्ति सम्झौताको अनुगमन प्रतिवेदन प्रकाशित गरेको थियो । यस अवधिमा जीवनको अधिकार सम्बन्धी मानव अधिकार उल्लङ्घनका घटनाहरूको संख्या १८६ मध्ये सरकार पक्षबाट १०७ वटा, ने.क.पा माओवादीबाट २६ वटा र बम विष्फोटनबाट ५३ वटा रहेको थियो । यातनामा १९८ सरकार पक्षबाट भएको देखिन्छ भने माओवादी पार्टीबाट ४८ घटनाहरू गरी २४६ वटा घटना रहेका

छन् । त्यसैगरी नागरिक तथा राजनीतिक अधिकार २८ वटा घटना, गैरन्यायिक थुना/न्याय प्रशासन सम्बन्धमा २१५ वटा उजुरी, आन्तरिक विस्थापित ८८ वटा उजुरी, आर्थिक तथा सामाजिक अधिकार १५८ वटा, महिला अधिकार १४३ वटा, बालबालिकाको अधिकार सम्बन्धी १३३ वटा सम्पतिको अधिकारमा २०० मध्ये १९३ नेकपा माओवादीबाट, ७ राज्यपक्षबाट घटना भएको प्रतिवेदनबाट देखिन्छ ।

## ४.१२ दशवर्षीय र तेह्रवर्षीय प्रतिवेदन

राष्ट्रिय मानव अधिकार आयोगको दश वर्ष पूरा भएको अवसरमा आयोगद्वारा गरिएको मानव अधिकार संरक्षण, कानुन परामर्श एवं नीतिगत विषयका सिफारिसहरूको सँगालो "आयोगको उजुरी उपर सिफारिसहरू (२०५७-२०६७)" र आयोगद्वारा मानव अधिकार संरक्षण र संवर्द्धनसम्बन्धमा आयोगको एक दशक महत्वपूर्ण प्रेस विज्ञप्तिहरू (वि. सं. २०५७) को प्रकाशन तथा वितरण गरिएको छ । त्यसैगरी आयोगको मानव अधिकार संरक्षण, कानुन परामर्श एंव नीतिगत विषयका सिफारिसहरू १३ वर्षीय सँगालो पुस्तक प्रकाशन तथा वितरण गरिएको छ ।

## ४.१३ मानव अधिकार प्रश्नोत्तर सँगालो

मानव अधिकारका सवालमा सुसूचित हुन पाउनु हरेक नागरिकहरूको अधिकार हुने भएकोले आयोगद्वारा मानव अधिकार संरक्षण र संवर्द्धनको विषयमा नागरिकलाई जानकारी गराउने उद्देश्यले नेपाली भाषामा मानव अधिकारको अन्तर्राष्ट्रिय महासन्धिहरू समावेश गरि२०६१ सालदेखि मानव अधिकार प्रश्नोत्तर सँगालो प्रकाशन तथा वितरण गर्ने गरिएको छ। यो सँगालोको आठौं संस्करण प्रकाशन भैसकेको छ ।

## ४.१४ मार्ग-निर्देशिकाहरू

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको क्षेत्रमा संरक्षण र संवर्द्धन सम्बन्धी काम मा सहज र सरलता ल्याउन मार्ग निर्देशिका तयारी गरी प्रकाशन गरेको छ । मार्ग निर्देशिकाहरू तयारीका क्रममा सम्बन्धित ऐन कानुन एवम् नीतिहरूको गहन अध्ययन तथा नागरिक समाज, मानव अधिकारकर्मी तथा सरकारी निकायका सरोकारवालाहरूसँगआवश्यक छलफल गराई सूचना संकलन गरेरनिर्देशिका तयारी गरी नेपाल सरकारलाई राय सुझाव उपलब्ध गराएको छ। जसमा मानव अधिकार रक्षकहरू सम्बन्धी मार्ग निर्देशिका २०६९, मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी मार्ग निर्देशिका २०६९, कारागार तथा हिरासत अनुगमन मार्ग निर्देशिका २०६७, उपभोक्ताको मानव अधिकार संरक्षण तथा संवर्द्धनका लागि अनुगमन मार्ग–निर्देशिका २०६८, शवोत्खनन मार्ग निर्देशिका २०६९, जारी गरी कार्यान्वयनमा ल्याएको छ साथै प्रकाशन गरी वितरण समेत गरिएको छ ।

## ४.१५ रोमविधान

मानव अधिकारसम्बन्धी सन्धि, महासन्धिको पक्ष राष्ट्र हुनु सरकारको उदारता र प्रजातान्त्रिक छ, छैन भनी जाँच्ने माध्यम रूपमा लिइन्छ । देशमा मानव अधिकार संस्कृतिलाई संस्थागत गर्न र भविष्यमा जातीयहत्या, युद्ध अपराध तथा नरसंहार जस्ता घटनाहरू नदोहोरियून भनी

अन्तर्राष्ट्रिय स्तरमा रोमविधान ल्याइएको हो, जसले अन्तर्राष्ट्रिय फौजदारी अदातलको व्यवस्था गर्दछ तथा सिद्धान्ततः यसका पक्षराष्ट्रहरूको लागि बाध्यकारी कानुन बन्दछ । त्यसैले आयोगले यसको औचित्यका सवालमा सर्वसाधारण जनतालाई सुसूचित गरी अन्तरक्रिया छलफल गरी अनुसन्धान गरी नेपालले अनुमोदनको अपरिहार्यता मानेर कारण सहित अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ । सो अनुसन्धानात्मक प्रतिवेदन सर्वसाधारण जनताका लागि प्रकाशन तथा वितरण समेत गरिएको छ ।

## ४.१६ श्रव्य-दृश्य सामग्री निर्माण

राष्ट्रिय मानव अधिकार आयोगले प्रचुररूपमा मानव अधिकार बारे जानकारी प्रचार-प्रसार गर्नका निम्ति विभिन्न टेलिभिजन र रेडियोहरूमार्फत प्रवर्द्धनात्मक सामग्रीहरू प्रसारण गर्दै आएको छ । सचेतना जिङ्गल तयार पारी विभिन्न सामुदायिक एफ. एम. तथा रेडियो मार्फत प्रसारण गर्दै रहेको छ । सगरमाथा  रेडियोबाट संविधान सभाद्वारा निर्माणको क्रममा मानव अधिकारमैत्री संविधान निर्माण सम्बन्धी सन्देश प्रवाह गरेको थियो । स्थानीय स्तरमा एफ. एम. रेडियोहरूबाट समेत मानव अधिकार उल्लङ्घन भए मानव अधिकार आयोगमा उजुरी गरौ भन्ने सूचनाहरूप्रसारण गर्ने गरेको छ । साथसाथै आयोगको १०औं बार्षिकोत्सव समारोहमा विभिन्न श्रव्य-दृष्य-सामग्रीहरू तयार गरेको छ र त्यसमध्ये “आन्तरिक विस्थापनमा परेका मानिसहरूको स्थिति र समस्या” सम्बन्धी श्रव्य-दृष्य-सामग्रीहरू महत्वपूर्ण रहेको छ ।

## ४.१७ विविध प्रकाशनहरू

आयोगको आठवर्षमा सम्पन्न भएका कामहरूको विवरण समेटिएको मानव अधिकार अवस्था बारे समष्टिगत प्रतिवेदन प्रकाशन गरिएको थियो । त्यसैगरी नेपालको सशस्त्रद्वन्द्वको अवधिमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सम्बन्धी प्रतिवेदन, संविधान निर्माणको सिलसिलामा उपयोगी हुने प्रश्नोत्तरको सँगालो, मानव अधिकारको दृष्टिमा संविधान सभा निर्वाचन प्रतिवेदन, शान्ति सम्झौताको वार्षिक प्रतिवेदन समेत आयोगले प्रकाशन गरेको छ ।

जातीय भेदभाव रोकथाम सम्बन्धी सामान्य सुझाव, आन्तरिक विस्थापन सम्बन्धी जानकारी र विस्थापितको अधिकार रक्षार्थ भएका प्रयासहरू, Rapid Assessment of Conflict Induced Internally Displaced Persons (IDP's)  for Return, Resettlement and Reintegration, Status of the Child Rights in Nepal Annual Report-2008, राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरूको कार्यान्वयन सम्बन्धी अवस्था, नेपालमा बलपूर्वक बेपत्ताको अवस्थासम्बन्धी संक्षिप्त प्रतिवेदन, जाजरकोट लगायत मध्य तथा सुदूर पश्चिमका जिल्लाहरूमा झाडापखाला-हैजाबाट भएको सर्वसाधारणको मृत्यु तथा खाद्य पदार्थको वितरण सम्बन्धमा गरिएको अनुगमन-अनुसन्धान प्रतिवेदन, गत एक दशकमा जारी भएका प्रेस-विज्ञप्तिको सँगालो, बेपत्तासम्बन्धी, बाल अधिकारसम्बन्धी, यातनासम्बन्धी, झाडापखालासम्बन्धी अनुगमन प्रतिवेदन, आयोगको सिफारिस र कार्यान्वयनको अवस्था, चित्रात्मक पुस्तक साथै क्षेत्रीय कार्यालयबाट क्षेत्रगत मानव अधिकारको वार्षिक प्रतिवेदन प्रकाशन गरिएको छ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

२०६४/६५–२०६८/७० को वार्षिक प्रतिवेदन, मानव बेचविखन महिला तथा बालबालिका सम्बन्धी राष्ट्रिय प्रतिवेदन तथा सो को नेपालीमा सारांश प्रतिवेदन, कारागार तथा हिरासत अनुगमन प्रतिवेदन, नागरिक समाजसँग आयोगको सहकार्य, ज्येष्ठ नागरिकमाथि भएका दुर्व्यवहार सम्बन्धी प्रकाशित समाचारहरूको अध्ययन, मानव अधिकारको विश्वव्यापी घोषणा पत्र-१९४८, आयोगको ४ वर्षीय रणनीतिक योजना २०११–२०१४ र अप्रबासी कामदारहरूको हक अधिकार सुनिश्चित गर्नका निम्ति एसिया प्यासिफिकस्तरको अन्तर्राष्ट्रिय सम्मेलनको प्रतिवेदन समेत प्रकाशनमा ल्याइएको छ ।

## ४.१८ अन्तर्राष्ट्रिय स्तरका कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोगले राष्ट्रिय स्तरका कार्यक्रमका साथै अन्तर्राष्ट्रिय स्तरका संवर्द्धनात्मक कार्यक्रम गरेको छ । एसिया प्यासिफिक फोरमसँगको सहकार्यमा वि.सं. २०६५ मंसिरमा सार्क स्तरीय बालअधिकारको विषयमा गोष्ठी सम्पन्न गरेको छ । सो कार्यक्रममा सार्क मुलुकका राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधि, नेपाल सरकारका सचिव, विभिन्न संघसस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । वि.सं.२०६६ साल असार महिनामा काठमाडौंमा एसिया प्यासिफिक फोरमसँगको सहआयोजनामा दक्षिण एसियाली उपक्षेत्रीय मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरू र मानव अधिकार रक्षकहरू विषयक कार्यशाला सम्पन्न भएको छ ।

आ.व. २०६८/६९ मा राष्ट्रिय मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय स्तरको दक्षिण एसियाली मानव अधिकार आयोगहरूको सहभागितामा यातना विरूद्धको अन्तर्राष्ट्रिय सम्मेलन सफलतापूर्वक सम्पन्न गरेको छ । त्यसैगरी आयोगले आप्रवासी कामदारहरूको हक-अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न गरको छ । जसमा नेपाल, भारत, दक्षिण कोरिया, कतार, अफगानिस्तान, श्रीलङ्का र मालदिभ्सका मानव अधिकारका राष्ट्रिय संस्थाका, अध्यक्ष र सदस्यहरूको सहभागिता रहेको थियो । यसैगरी अन्तर्राष्ट्रिय आप्रवासी कामदारहरूको सँगठन लगायतका संस्थाका प्रतिनिधि, नेपाल सरकारका प्रतिनिधि, कामदार पठाउने तथा प्राप्त गर्ने र ट्रान्जिट मुलुकका राजदूतावासका प्रतिनिधि, वैदेशिक रोजगारसम्बन्धी संस्थाका प्रतिनिधि, नगारिक समाजका प्रतिनिधि एवम् आप्रवासी कामदारसम्बन्धी विशेषज्ञहरूको पनि सम्मेलनमा सहभागिता थियो । काठमाडौं घोषण पत्र जारी गर्दै सम्मेलन सम्पन्न भएको थियो, सो काठमाडौं घोषण पत्र अर्को पृष्ठको बक्समा राखिएको छ ।

*आप्रवासी कामदारहरूको अधिकार संरक्षण र संवर्द्धन विषयक एसिया प्रान्तीय मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको अन्तर्राष्ट्रिय सम्मेलन, काठमाडौं-सन् २०१२*

*राष्ट्रिय मानव अधिकार आयोग नेपालद्वारा आयोजित एसिया प्रशान्त क्षेत्रका आप्रवासी कामदारको अधिकार संरक्षण र संवर्द्धनका लागि मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूबीच सहकार्य गर्न अन्तर्राष्ट्रिय सम्मेलन नेपालको काठमाडौंमा सम्पन्न भएको छ । आप्रवासी कामदारहरूको हक-अधिकारसंरक्षणमा टेवा पुऱ्याउन आयोगले अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न गरेको छ ।*

*आप्रवासी कामदारहरूको हक-अधिकार संरक्षणमा विशेष जोड दिंदै राष्ट्रिय मानव अधिकार आयोगले क्षमता सबलीकरण परियोजनाको सहयोगमा एसिया प्रशान्त क्षेत्रका आप्रवासी कामदारको अधिकार संरक्षण र संवर्द्धनका लागि मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूबीच सहकार्य विषयक २०६९ साल मंसिर १०-१२ दुई दिने अन्तर्राष्ट्रिय सम्मेलन गऱ्यो । प्रस्तुत सम्मेलन सम्माननीय राष्ट्रपति डा. रामबरण यादवद्वारा उद्घाटन गरिएको हो । राष्ट्रपति यादवले उद्घाटनको क्रममा विदेशमा जाने महिला कामदारहरू कतिपय अवस्थामा अप्ठेरोमा परेकोले उनीहरूले भोग्नु परेको समस्याप्रति कामदार पठाउने राष्ट्र एवम् गन्तव्य राष्ट्रले यसमा विशेष ध्यान दिनुपर्ने कुरामा जोड दिंदै राष्ट्रिय मानव अधिकार आयोगले आप्रवासी कामदारहरूको हक-हित संरक्षण र सम्वर्द्धनका सन्दर्भमा बनेको 'सबै आप्रवासी कामदार र तिनको परिवारको अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९९० मा हस्ताक्षर गरी अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिस गरेकोमा राष्ट्रपतिले प्रशंसा गर्नुभयो ।*

*त्यसैगरी आप्रवासी कामदारहरूले देशको कुल गार्यस्थ उत्पादनमा हाल २३ प्रतिशत योगदान गरेको चर्चा गर्दै उहाँले अब उनीहरूको हकहितमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।*

*सम्मेलनमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले रोजगारीको अवसर खोज्ने क्रममा मानव तस्करीको माध्यमबाट कतिपय युवा युवतीहरू विदेशमा पुग्ने गरेको चर्चा गर्दै उनीहरूको अवस्था र उनीहरूले खाएको हन्डरको राम्रोसँग अभिलेखीकरण हुन नसकेको बताउनुभयो ।*

*प्रस्तुत सम्मेलनबाट सार्क मुलुक लगायत एसिया प्रशान्त क्षेत्रका आप्रवासी कामदारहरू पठाउने, प्राप्त गर्ने र ट्रान्जिट मुलुकहरूको सहभागिता रहेको छ । सम्मेलनद्वारा आप्रवासी कामदारको हक-अधिकारका लागि सहकार्य, सहयोग र पैरवीका साझा क्षेत्रहरू पहिल्याउने कोशिस गरिएको छ ।*

*सम्मेलनमा नेपाल, भारत, दक्षिण कोरिया, कतार, अफगानिस्तान, श्रीलङ्का र मालदिभ्सका मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाका अध्यक्ष र सदस्यहरूको सहभागिता थियो । यसैगरी अन्तर्राष्ट्रिय आप्रवासी सँगठनलगायतका संस्थाका प्रतिनिधि, नेपाल सरकारका प्रतिनिधि, कामदार पठाउने, प्राप्त गर्ने र ट्रान्जिट मुलुकका राज दुतावासका प्रतिनिधि, वैदेशिक रोजगारसम्बन्धी संस्थाका प्रतिनिधि, नगारिक समाजका प्रतिनिधि एवम् आप्रवासी कामदारसम्बन्धी विशेषज्ञहरूको पनि सम्मेलनमा सहभागिता रहेको थियो ।*

*'मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषण पत्र, १९४८' 'सबै आप्रवासी कामदार र तिनको परिवारको अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९९०' आदिलाई आधार मानेर आप्रवासी कामदार हरूको चौतर्फी हितका उल्लेख गरिएको छ । संयुक्त राष्ट्रसंघ, विभिन्न देशका सरकार एवम् मानव अधिकार सम्बन्धीराष्ट्रिय सँगठनले अपनाएका नीति, कार्यक्रम एवम् योजनाबारे छलफल गरी काठमाडौं घोषणा पत्र समेत जारी गर्दै कार्यक्रम सम्पन्न भएको छ ।*

राष्ट्रिय मानव अधिकार आयोगको एघारौ वार्षिकोत्सव समारोह
१३ जेठ २०६८

# कानुन सुधार सम्बन्धी कार्य

## ५ कानुन सुधार सम्बन्धी कार्य

कानुन महाशाखा आयोगको एक महत्वपूर्ण महाशाखा हो । यस महाशाखाद्वारा देशमा विद्यमान मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय र नेपालको प्रचलित कानुनहरूको आवधिकरूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नुपर्ने सुधार तथा विद्यमान कानुनलाई मानव अधिकार मैत्री पूर्ण बनाउन अध्ययन अनुसन्धान गरी प्रतिवेदन पेश गर्दछ । सोही प्रतिवेदनको आधारमा आयोगले नेपाल सरकारलाई सिफारिस गर्दछ । त्यसैगरी मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र पक्ष बनिसकेका सन्धि, सम्झौताको कार्यान्वयन भए नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा सोको कार्यान्वयन गर्न आयोगले नेपाल सरकार समक्ष सिफारिस गर्दछ ।

**मानव अधिकार मैत्री संविधान निर्माणमा विशेष पहल**

आयोगले मानव अधिकार मैत्री संविधान बनाउन समेत विशेष पहल गरेको छ । मानव अधिकार मैत्री संविधानको निम्ति स्थानीय, क्षेत्रीय तथा केन्द्रीय स्तर गरी सरोकारवाला, नागरिक समाज, राजनैतिक दलका प्रतिनिधिहरू, मानव अधिकारकर्मीसंग छलफल गरी भावि संविधान मानव अधिकार तथा लैङ्गिक तथा समाजिक समावेशीकरणको आधारमा हुनुपर्ने कुरामा जोड गर्दै आयो ।

## ५.१ विद्यमान कानुनमा सुधारका लागि सुझाव

विद्यमान राष्ट्रिय प्रचलित कानुनहरूको पुनरावलोकन गरी सुधारका निम्ति आयोगले सरकारलाई सुझाव सहित सिफारिस गर्दछ । आयोगले अन्तरिम संविधान, २०६३द्वारा संवैधानिक निकायको मान्यता पाएपछि राष्ट्रिय मानव अधिकार ऐन ल्याउन राज्यले बनाएको मस्यौदा समितिमा राष्ट्रिय मानव अधिकार आयोगले पनि प्रतिनिधित्व गरी आफ्नो महत्वपूर्ण राय सुझाव दिएर सक्रिय भूमिका निर्वाह गरेको थियो ।

आयोगले यस ६ वर्ष अवधिमा विभिन्न ऐन तथा नियमावलीहरूको पुनरावलोकन गरेको छ । तिनीहरूमध्ये कारागार ऐन २०१९, बैदेशिक रोजगार ऐन २०४२, आयोगको उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५८ हुन् । त्यसैगरी आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन २०५८, श्रम ऐन २०१९, बालश्रम (निषेध र नियमित) गर्ने ऐन २०५७, अपाङ्ग संरक्षण

तथा कल्याण ऐन २०३९, सैनिक ऐन २०६३ र नागरिकता ऐन २०६३ का सम्बन्धमा समेत पुनरावलोकन गरिएको छ। नेपाल सरकारले तयार पारेको बेपत्ता सम्बन्धी विधेयकको मस्यौदाका सम्बन्धमा आयोगले मानव अधिकार संघसस्था तथा अन्य नागरिक समाजसँग आवश्यक छलफल गरी त्यसमा भएका कमी कमजोरी हटाउन र मानव अधिकारमैत्री बनाउन नेपाल सरकारलाई राय प्रदान गरेको छ।

०६५/०६६ को अबधिमा पनि व्यक्ति वेपत्ता पार्ने (कसुर र सजाय) ऐन, २०६५ को मस्यौदामा विद्यमान  कमी कमजोरी हटाउन र अन्तर्राष्ट्रिय स्तरको कानुन तर्जुमा गर्न आयोगले नेपाल सरकारलाई सिफारिस गरेको छ।  ०६६/०६७ को अवधिमा मानव अधिकारसँग  सम्बन्धित संघसस्थासँग मानव अधिकार आयोग ऐन, २०६६ को मस्यौदा उपर अन्तर्क्रिया गरी  संकलित सुझावहरू प्रधानमन्त्रीको कार्यालयमा पेश गरिएको छ । संक्रमणकालीन न्याय पाउनु पर्ने कुरामा जोड दिदैं आयोगले  सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०६४ सम्बन्धी विधेयक र बालबालिकासम्बन्धी मस्यौदा विधेयक, २०६६ उपर आवश्यक अध्ययन तथा छलफल  गरी नेपाल सरकारलाई राय सुझाव उपलब्ध गराइएको छ । यस्तै त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० माथि पुनरावलोकन गरी उक्त नियममा अपाङ्गमैत्री नभएका शब्दहरू हटाई आपाङ्गमैत्री शब्दहरू राख्नुपर्ने सुझाव सहितको प्रतिवेदन पेस गरेको छ। मानव अधिकारमैत्री संविधान निर्माणको लागि आयोगले विशेष पहल गरेको छ।

सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नताका सम्बन्धमा व्यवस्था भएको बाल अधिकार सम्बन्धी महासन्धिको आवधिक प्रतिवेदन तयार गर्ने प्रयोजनार्थ राज्यले तयार गरी राय सुझावको लागिआयोगमा प्राप्त हुन आएको प्रतिवेदनमा माथि प्रतिवेदनले समेट्न नसकेको विषयहरूमा नेपाल सरकारलाई सुझाव पठाएको,सिविनद्वारा तयार गरिएको विद्यालयमा बालसंरक्षण नीतिको शिक्षा मन्त्रालयबाट कार्यान्वयन गराउने उद्देश्यले अध्ययन प्रतिवेदन तयार गरी आयोगमा पेस गरेको छ । त्यस्तै बालगृह महासंघ र नेपाल वकालत मञ्चद्वारा आयोजित अन्तरदेशीय धर्मपुत्रसम्बन्धी कार्यक्रममा आयोगद्वारा प्रतिवेदन प्रस्तुत गरिएका थियो । आयोगबाट ज्येष्ठ नागरिकसम्बन्धी ऐन तथा नियमावली मानव अधिकारमुखी नभई अनुदानमुखी भएकोले  पुनर ावलोकन गरी मानव अधिकारमुखी बनाउन नेपाल सरकारलाई सिफारिस गरिएको छ। २०७० मा आर्थिक, सामाजिक, तथा सांस्कृतिक अधिकार र बालबालिकासम्बन्धी आवधिक प्रतिवेदन सम्बन्धी नेपाल सरकारले समेट्न नसकेको हुँदा थप अधिकार सुनिश्चित गर्न र छुट हुन गएका विषयहरूलाई समावेश गर्न आयोगले नेपाल सरकारलाई सुझाव पठाइएको छ।

## ५.२ महासन्धिमा आधारित सुझाव

मानवविरूद्ध लक्षित बारूदी सुरूङको प्रयोग, भण्डारण, उत्पादन तथा ओसारप्रसारमाथि प्रतिबन्ध तथा तिनीहरूको विनाशसम्बन्धी अन्तराष्ट्रिय महासन्धिको पक्षराष्ट्र बन्नको लागि राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकारलाई सिफारिस गरेको छ। त्यसैगरी आप्रबासी कामदारहरूको अधिकार सम्बन्धी महासन्धि, अनुमोदन गर्न नेपाल सरकारलाई सुझाव पठाएको छ।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (ICCPR) राज्यद्वारा तयार गरेको आवधिक प्रतिवेदन उपर अध्ययन गरी राज्यले मानव अधिकार विषयमा समेट्न नसकेका कुराहरू समावेश गर्न नेपाल सरकारलाई सुझाव पेश गरेको छ। सबै किसिमका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको (ICERD) १७ औं/१८औं आवधिक प्रतिवेदनका साथै महिला विरूद्ध हुने सवै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि (CEDAW) को सरकारको चौथो र पाँचौं प्रतिवेदन उपर आयोगले राय सुझाव पेस गरेको छ त्यसैगरी मानव अधिकार मैत्री संविधानका आधारभूत विशेषता, मानव अधिकार आयोगको संरचना, स्वरूप एवम् हैसियत कस्तो हुनुपर्छ भन्ने बिषयमा पनि सुझावहरू प्रस्तुत गरेको छ।

राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगको संयुक्त प्रयासमा विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review) सम्बन्धी प्रतिवेदन तयार पारी संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्मा पेस गरेको छ। नेपाल सरकारद्वारा तयार पारिएको अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि १६९ सम्बन्धी प्रतिवेदन उपर विशेषज्ञको समेत परामर्श लिइ आदिवासी, जनजातिका हकहित र अधिकारको संरक्षण तथा संवर्द्धन गर्न आयोगले नेपाल सरकारलाई सिफारिस गरेको छ। आयोगलाई बाल अधिकारसम्बन्धी महासन्धिको उजुरी प्रक्रियासम्बन्धी तेस्रो इच्छाधीन समीक्षा आलेखको नेपाल पक्ष बन्नुपर्ने सम्बन्धमा अध्ययन प्रतिवेदन बुझाइएको थियो। बालबालिकासम्बन्धी महासन्धिको आवधिक प्रतिवेदन संयुक्त राष्ट्रसंघमा बुझाउन राज्यले तयार गरेको मस्यौदा प्रतिवेदनको अध्ययन गरी उक्त प्रतिवेदनले समेट्न नसकेको कुराहरूमा आयोगले सुझाव पेस गरेको छ। संयुक्त राष्ट्रसङ्घको प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन कार्ययोजना सम्बन्धमा भएका कानुनहरूको पुनरावलोकन सम्बन्धी प्रतिवेदन सम्बन्धमा राय सुझाव पेस गरिएको छ।

***विश्वव्यापी आवधिक प्रतिवेदन (UPR) तयारी***

*मानव अधिकारको अवस्था तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय संन्धिको कार्यान्वयनको अवस्था थाहा पाउन क्षेत्रीय तहमा ५ वटा कार्यशाला गोष्ठीहरू र काठमाडौँमा राष्ट्रियस्तरको कार्यशाला आयोजना गरिएको छ। राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोगद्वारा निर्मित सो प्रतिवेदन मानव अधिकार उच्चायुक्तको कार्यालय जेनेभामा पेस गरिएको छ। एक वर्षपछि विश्वव्यापी आवधिक प्रतिवेदन (UPR)को एक वर्ष पूरा भएको सन्दर्भमा प्राप्त सिफारिसहरूको कार्यान्वयन सम्बन्धमा नेपाल सरकार, मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूबीच समीक्षाको लागि राष्ट्रिय भेला सम्पन्न गरेको छ। साथै UPR सम्बन्धी समिति समेत निर्माण गरी काम कारवाही अगाडि बढाइएको छ।*

## ५.३ नीति तथा निर्देशिका कार्यान्वयन

आयोगले मानव अधिकारसँग सम्बन्धित ऐन कानुन एवम् नीति निर्देशनको मस्यौदा तयारीको क्रममा समय समयमा सरोकारवाला, मानव अधिकार कर्मी तथा नागरिक समाजसँग आवश्यक छलफल र सूचना संकलन गरी आयोगले नेपाल सरकारलाई राय सुझाव उपलब्ध

गराउँदै आएकोछ,जसमा पुनःस्थापना केन्द्र निर्देशिका २०६८, मानव बेचबिखन तथा ओसारपसार बाट पीडित/प्रभावितहरू  हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड २०६८ र बालबालिका खोजतलास समन्वय केन्द्र निर्देशिका २०६८ रहेका छन् ।

त्यसैगरी अपराध संहिता, फौजदारी कसुर सजाय (निर्धारण तथा कार्यान्वयन),  मानव अधिकार आयोगका कर्मचारीहरूको सेवा शर्त सुविधा सम्बन्धी अध्यादेश, २०६९ को मस्यौदा तयार पारी आयोगले नेपाल सरकारलाई सिफारिस गरेको छ । राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार बाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ तथा राष्ट्रिय मानव अधिकार आयोग उजुरी कारवाही सम्बन्धी निर्देशिका, २०६९ तयार पारिएको छ । बालबालिका खोजतलास समन्वय केन्द्र निर्देशिका, २०६८, उपभोक्ता  अधिकार संरक्षण निर्देशिका २०६९, मानव अधिकार रक्षक निर्देशिका, २०६९ शवोत्खनन मार्गनिर्देशिका, २०६९ जारी भएका छन् ।

त्यसैगरी विभिन्न विषयगत अनुगमनकर्तालाई सहज होस् भनी कारागार तथा हिरासत  अनुगमन मार्ग–निर्देशिका तयार पारी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय तथा गृहमन्त्रालयमा पठाइएको छ । देशमा बढेको महङ्गीका साथै खाद्य पर्दाथमा मिसावटबाट प्रत्यक्ष उपभोक्ताहरूको स्वास्थ्यमा नकारात्मक असर परेको देखिएकोले उपभोक्ताको स्वच्छ र शुद्ध खाद्यान्न उपभोग गर्न पाउने अधिकारलाई सुनिश्चित गर्न बजार अनुगमन गर्न उपभोक्ता  अधिकार संरक्षण निर्देशिका, २०६९ आयोगद्वारा तर्जुमा गरिएको छ । त्यसैगरी मानव अधिकार रक्षक निर्देशिका, २०६९ आयोगले प्रकाशन गरी वितरण समेत गरेको छ । अन्तरिम संविधान, २०६३ ले आयोगको काम, मानव अधिकारका क्षेत्रमा कार्यरत संघसस्थाको क्षमता अभिवृद्धि गर्नु र सहकार्य गरी संवर्द्धन तथा संरक्षण सम्बन्धी काम गर्नसक्ने कानुनी व्यवस्था छ । आयोगले मानव अधिकारको क्षेत्रमा कार्यरत संघसस्थासँग  मानव अधिकारसम्बन्धी कार्य सम्पादन गर्दा सहज बनाउनका लागि मानव अधिकार सम्बन्धी सहकार्य निर्देशिका, २०६९ जारी गरेको छ । निर्देशिका कार्यान्वयनको लागिसहकार्य समिति निर्माण गरिएको छ । सहकार्य गर्न चाहने संघ संस्थाले आयोगमा आबेदन दिने प्रावधान छ ।

गैरन्यायिक ढंगबाट हत्या गरी गाडिएका व्यक्तिहरूको तहकिकात गरी पीडित पक्षलाई न्याय प्रदान गर्न र दोषीमाथि कारबाही गर्ने मापदण्ड लागु गर्नराष्ट्रिय मानव अधिकार आयोगले पहिलोपटक ‘शवोत्खनन मार्गनिर्देशिका, २०६९ जारी गरेको छ ।

## ५.४ रोम विधान अनुमोदनका लागि आयोगको पहल

अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना र नियमन गर्न बनेको अन्तर्राष्ट्रिय रोम विधानले जातीय हत्या, युद्ध अपराध र मानवता विरूद्धको अपराध जस्ता जघन्य मानव अधिकारको उल्लङ् घनहरूलाई गहन रूपमा समेटने गर्दछ । यो महासन्धि भविष्यमा हुने मानवता विरूद्धका अपराध तथा युद्ध अपराधको घटनालाई कारवाहीमा ल्याउन सकिने एक विशेष महासन्धि हो । नेपालले विगत लामो समयसम्म भोग्नु परेको सशस्त्र द्वन्द्व र यस क्रममा देखापरेका विभिन्न

मानव अधिकार र मानवीय  कानुनका गम्भीर उल्लङ्घनका घटनाहरूलाई मनन गर्दै भविष्यमा यस्ता प्रकारका वा अन्य प्रकारका गम्भीर अपराधका घटनाहरू घट्न सक्ने सम्भावनालाई दृष्टिगत गरी त्यसलाई यथोचित सम्बोधन गर्नका लागि सहायक सिद्ध हुने महासन्धिको अनुमोदन गर्ने तर्फ आवश्यक कार्य अघि बढाउनु अत्यन्त आवश्यक देखिन्छ । विगतमा घटनाका मानव अधिकार तथा मानवीय कानुनका गम्भीर उल्लङ्घनका घटनाहरूलाई यगोचित रूपमा संवोधन गर्न विद्यमान नेपाल कानुन तथा नेपाल पक्ष भएका मानवीय कानुनहरू पर्याप्त नभएको अवस्था समेत टड्कारो रूपमा रहेको छ ।

प्रस्तुत अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानले मूलतः जाति हत्या, युद्ध अपराध र मानवता विरूद्धको अपराध समेटेको छ । जातिहत्याको अपराधलाई समेट्ने अन्तर्राष्ट्रिय अभिसन्धिको अनुमोदन हुन सकेको छैन । अर्कोतर्फ मुलुकमा विद्यमान रहेका राष्ट्रिय कानुनले समेत यी अपराधहरूलाई समेट्न सक्ने देखिदैंन । यस विधानले समेटेका कतिपय अपराधहरू प्रथाजन्य अन्तर्राष्ट्रिय कानूको रूपमा समेत स्थापित भइसकेको अवस्था छ । अतः यी अपराधहरूको सन्दर्भमा कुनै राज्य उपरोक्त विधानको पक्ष नबन्दैमा अन्तर्राष्ट्रिय दायित्वबाट उन्मुक्ति हुन सक्ने देखिदैंन ।  प्रस्तुत रोम विधानलाई अनुमोदन गर्नका लागि आयोगले लामो समयदेखि सरकारको ध्यानाकर्षण गराएको छ ।

प्रस्तुत रोम विधान अनुमोदनको सन्दर्भमा आरक्षणको सवाललाई विचार गर्दा विधानको धारा १२० मा यस विधानका प्रावधानहरूको सन्दर्भमा कुनै पनि आरक्षण राख्न पाइने छैन भनी स्पष्ट रूपमा व्यवस्था भएको हुँदा यसमा थप विचार गरिरहनुपर्ने आवश्यकता देखिएन ।

रोम विधान पारित भएको १० वर्ष पुगेको अवसरमा अहिले विश्वभरि नै विभिन्न कार्यक्रमहरू सहित दण्डहीनताको अन्त्यका लागि व्यापक वकालत गर्ने कार्य भइरहेका छन् । यस आधारमा पनि नेपाल विश्व अभियानको एक अंश हुनु उपयुक्त हुने देखिन्छ ।

यस सम्बन्धमा अध्ययन गर्दा विधानको धारा ११ अनुसार प्रस्तुत रोम विधान लागू भएपछि कुनै राज्यको हकमा यो विधान लागू भएपछि भएका अपराधहरूको सम्बन्धमा मात्र आफ्नो अधिकार क्षेत्र प्रयोग गर्न सक्ने व्यवस्था छ । कुनै सन्धि कुनै राज्यले अनुमोदन गरे पश्चात् मात्र सो राज्यको हकमा प्रभावकारी हुन्छ भन्ने कुरा अन्तर्राष्ट्रिय कानुनको स्थापित मान्यता हो । यसलाई रोम विधानको धारा १२६(२) ले समेत थप स्पष्ट पारेको छ । जस अनुसार नेपाल सरकारले यस विधानलाई अनुमोदन गरेको अवस्थामा उक्त अनुमोदनको लिखत संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गरेको ६० दिन पुगेपछि मात्र नेपालको हकमा यो विधान लागू हुने देखिन्छ । तसर्थ यस विधानलाई नेपालले अनुमोदन गरेको कारण स्वरूप विगत १२ वर्षको सशस्त्र द्वन्द्वको क्रममा घटेका यस विधानको परिभाषा र अधिकारक्षेत्र भित्र पर्ने अपराधहरू उपर कारवाही हुनसक्ने अवस्था देखिदैंन । उपरोक्त प्रावधानहरूको कार्यान्वयनबाट नेपालको शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन वा नेपाललाई संक्रमणकालीन अवस्थाबाट स्थायी शान्ति र विकासको

मार्गमा अग्रसर हुन समेत विधानको अनुमोदनले कुनै बाधा पुऱ्याउने अवस्था देखिदैन । अतः राष्ट्रिय सुरक्षा र सार्वभौमसत्ताको रक्षाको लागि समेत सहायक सिद्ध हुनसक्ने प्रस्तुत रोम विधान मानव अधिकार, मानवीय कानुन, तथा फौजदारी न्यायको सन्दर्भमा एउटा कोसे ढुंगाको रूपमा रहेको हुँदा यसलाई अनुमोदन गर्नु उपयुक्त हुने देखिएकाले अन्तर्राष्ट्रिय  फौजदारी अदालतको रोम विधान, १९९८ लाई तत्काल अनुमोदन गर्ने सम्बन्धमा आवश्यक प्रक्रिया अघि बढाउन नेपालको अन्तरिम सविधान, २०६३ को धारा १३(२) (छ) बमोजिम नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

**गोदार धनुषामा गाडिएको मानव कङ्कालको उत्खन्न गर्दै आयोग सहित विशेषज्ञ टोली**

# अन्य संघ सस्थाहरूसँग सम्बन्ध र समन्वय

## ६ अन्य संघ सस्थाहरूसँग सम्बन्ध र समन्वय

आयोगले मानव अधिकार संरक्षण र संवर्द्धन सम्बन्धी कार्य सम्पादन गर्न अन्य मानव अधिकारसँग सम्बन्धित गैरसरकारी संघ संस्थाको क्षमता अभिवृद्धि गर्नु आयोगको एक महत्वपूर्ण कार्य हो । राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न समयमा मानव अधिकारसँग सम्बन्धित संघसंस्थासँग सहकार्य गर्दै आइरहेको छ । मानव अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी कार्य गर्दा गैरसरकारी संघ सस्थाहरूसँग सहकार्य गर्ने गरेको छ । मानव अधिकार संरक्षण र संवर्द्धन कार्यमा निष्पक्ष, समावेशी तथा सहभागितामूलक र समतामूलक प्रतिनिधित्वको आधारमा गर्न सकियोस् भनी आयोगले सहकार्य सम्बन्धी निर्देशिका, २०६९ समेत जारी गरी जानकारीका लागि प्रकाशन तथा वितरण समेत गरेको छ ।

२०६७/२०६८ को अवधिमा मानव अधिकारसँग सम्बन्धित सङ्घ सस्था तथा सरकारी निकायबाट भएका कार्यक्रमहरूमा प्रमुख अतिथि, अतिथि वा सहभागीको रूपमा ६७६ वटा कार्यक्रममा आयोग सहभागी भएको अवस्था छ ।

## ६.१ आयोगको नेपाल सरकारसँग सम्बन्ध

मानव अधिकारको संरक्षण गर्ने मुख्य दायित्व राज्यको हो । अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी सन्धि सम्झौतामा व्यवस्था भएका प्रावधानहरू परिपूर्ति गर्नुपर्ने दायित्व राज्यको हो । उक्त महासन्धिहरूमा पक्ष राष्ट्र बनिसकेपछि जाहेर गरेका प्रतिबद्धताको कार्यान्वयनको अवस्थाको राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन गर्ने गर्दछ । आयोगले मानव अधिकारसंरक्षण र संवर्द्धन निम्ति राज्यका विभिन्न निकायहरूसँग छलफल, अन्तर्क्रिया, गोष्ठीआदिको माध्यमबाट जानकारी लिने गर्दछ । यसै सन्दर्भमा भोजपुर जिल्ला र खोटाङ्ग जिल्लामा सशस्त्र प्रहरीबल हलेसी गुल्मका कार्यालय प्रमुख लगायत अन्य दर्जाका समेत गरी ९९ जनालाई मानव अधिकार, अन्तर्राष्ट्रिय मानवीय कानुन र शक्ति तथा हातहतियार प्रयोगसम्बन्धी अभिमुखीकरण तालिम दिई प्रशिक्षित गरिएको थियो । बर्दिया जिल्लाको गुलरियामा शान्ति सुरक्षाको स्थितिबारे प्र.जि.अ र प्रहरी प्रमुखसँग बैठक, संक्रमणकालीन न्यायसम्बन्धी कार्यक्रम, धादिङमा मानवअधिकार रक्षक र गाविस सचिवहरूलाई मानव अधिकार अभिमुखीकरण कार्यक्रम, सैनिक कार्यरथी विभाग मानव अधिकार निर्देशनालय, जङ्गी अड्डा मौलिक अधिकारसम्बन्धी नेपाली सेनाका अधिकृतहरूलाई प्रशिक्षण दिइएको थियो । आयोगले सरकारका मातहतका निकायहरूले स्रोतव्यक्ति माग भए बमोजिम उपलब्ध गराई सहयोग र सहकार्य गर्दै आइरहेको छ । सरकारी निकायहरूले पनि

अनुसन्धानको क्रममा आयोगबाट माग भएका सूचना तथा जानकारीहरू समयमै उपलव्ध गराई आयोगको मानव अधिकार संरक्षणमा योगदान पुऱ्याएको छ । नेपाल सरकारले आयोगको सिफारीसमा १५ करोड भन्दा बढी रकम मानव अधिकार हननका पीडित र प्रभावित पक्षहरूलाई वितरण गरेको छ भनी पीडकहरूमाथिको कारबाही खासगरी सशस्त्र द्वन्द्वसंग गाँसिएका मुद्दाहरूमा सत्य निरूपण र व्यक्ति बेपत्ता आयोगको गठनसंग गाँसेर हेर्नुपर्ने पत्राचार सरकारबाट भएको देखिन्छ ।

## ६.२ आयोग र न्यायालयसंघ सम्बन्ध र समन्वय

स्वतन्त्र न्यायपालिका प्रजातान्त्रिक देशमा एक मेरूदण्डको रूपमा रहेको हुन्छ । शान्ति-सुव्यवस्था र विधिको शासन मानव अधिकारको मुख्य उद्देश्य हो । विधिको शासन परिपालनाका निम्ति स्वतन्त्र न्यायपालिकाको परिकल्पना सुनिश्चित गर्ने निकाय अदालतको दायित्व र जिम्मेवारी हुन्छ । विद्यमान कानुनको कार्यान्वयन,व्याख्या र परिपालना गराउँदा स्वतन्त्र, निष्पक्ष र मानव अधिकारको दृष्टिकोण अवलम्बनगराउन आयोगले न्यायालयसँग सहकार्य गर्दै आइरहेको छ । आयोगले अदालतलाई मानव अधिकार सम्बन्धमा माग भएका आवश्यक सूचना प्रदान गर्दै आइरहेको छ । बेपत्ता बनाइएका मानिसहरूको हकमा सर्बोच्चमा परेको रिट निवेदनमा आयोगले अनुसन्धान गरेका घटनाहरूमा सूचना दिदै आएको थियो । २०७० वैशाखमा पूर्वाञ्चल विकास क्षेत्रमा कार्यरत पुनरावेदन अदालत र जिल्ला अदालतका ४६ न्यायाधीशहरूको सहभागिता गराई बन्दी प्रत्यक्षीकरण र निषेधाज्ञा रिट क्षेत्रको क्षेत्राधिकार प्रदान गरिए पश्चात् पीडितको गोपनीयताको हक सुनिश्चित गर्न अदालतले पालन गर्नुपर्ने निश्चित मापदण्डहरू सम्बन्धमा कार्यशाला सम्पन्न गरिएको थियो । पछिल्लो चरणमा राष्ट्रिय मानव अधिकार ऐन २०६८ मा आयोगको स्वतन्त्रता र स्वायत्ततालाई सीमित पार्नसक्ने केही प्रावधानहरूलाई खारेज गरी आयोगको आयोगको सिफाशिरस सरकारले सम्मान गर्नुपर्ने उल्लेख गरेको छ ।

***मानव अधिकार संरक्षणमा रिट क्षेत्राधिकारको प्रभावकारी प्रयोग सम्बन्धी कार्यशाला सम्पन्न***

*राष्ट्रिय मानव अधिकार आयोग र न्यायाधीश समाज, नेपालसँगको सहकार्यमा आयोजित* ***मानवअधिकार संरक्षणमा रिट क्षेत्राधिकारको प्रभावकारी प्रयोग सम्बन्धी कार्यशाला गोष्ठी*** *विराटनगरमा सम्पन्न गरेको छ । मानव अधिकार संरक्षणमा न्यायपालिका र राष्ट्रिय मानव अधिकार आयोगको भूमिका, मानव अधिकार उल्लङ्घनका रिटहरूमा अन्तरिम आदेश र मानव अधिकार उल्लङ्घनको रोकथामको लागि निषेधाज्ञाको प्रयोग, व्यक्तिगत स्वतन्त्रताको संरक्षणको प्रभावकारी उपायको रूपमा बन्दी प्रत्यक्षीकरणको बारेमा छलफल गरिएको छ । मानव अधिकार संरक्षणमा पुनरावेदन तथा जिल्ला अदालतहरूको रिट क्षेत्राधिकार तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कार्यान्वयन र रिट क्षेत्राधिकार सम्बन्धमा समेत बृहत् छलफल भए ।*

*मानव अधिकार संरक्षण र संवर्द्धनका लागि न्यायपालिका र मानव अधिकार आयोगले निरन्तर सहकार्य गर्नुपर्ने र मानव अधिकारको प्रभावकारी कार्यान्वयनका लागि राज्यका सबै निकाय तथा नागरिक समाज समेतले हातेमालो गर्दै अघि बढ्नुपर्नेमा जोड दिइएको छ । यस्तै बन्दी प्रत्यक्षीकरण तथा निषेधाज्ञालगायतका रिट अधिकार क्षेत्रको प्रभावकारी प्रयोगबाट नागरिकहरूको वैयक्तिक स्वतन्त्रता तथा मानव अधिकार संरक्षणमा अत्यन्त महत्वपूर्ण योगदान रहने विषयमा कार्यशालामा जोड दिइयो ।*

*कार्यशाला गोष्ठीमा पूर्वाञ्चल क्षेत्र अन्तर्गतका पुनरावेदन तथा जिल्ला अदालतहरूका ४६ जना न्यायाधीशहरूको सहभागिता रहेको थियो ।*

## ६.३ नागरिक समाज र मानव अधिकार सङ्घसस्थासँग सहकार्य

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार संरक्षण तथा संवर्द्धन कार्यमा नागरिक समाज तथा मानव अधिकार संघ संस्थाहरूसँग  एकल तथा सहकार्य गर्ने गर्दछ । तराईमा भएको मानव अधिकार उल्लङ्घन अनुगमन गर्ने सम्बन्धमा, मानव अधिकारको समग्र स्थिति, बेपत्ताको खोजी कार्य, मानव अधिकारको बिषयमा सहकार्य, यातनासम्बन्धी, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका हक अधिकार, हिरासत, कारागारका बन्दीहरूका हकअधिकार, खाद्य अधिकार, ज्येष्ठ नागरिकका हकअधिकार, बालअधिकार दिवस, अपाङ्गहरूको हक अधिकारसम्बन्धी दिवस, जातीय विभेदविरूद्ध अन्तर्राष्ट्रिय दिवस कार्यक्रम, आदिवासी जनजातिको अधिकार, धनुषाको गोदारमा गरिएको शवोत्खननको कार्यमा पनि नागरिक समाज, सरकारी निकाय विधि विज्ञान प्रयोगशाला, पुरातत्व विभाग, शिक्षण अस्पतालका फरेन्सिक चिकित्सकहरू, स्थानीय सुरक्षा निकाय, सूचनाका लागि मिडिया लगायतसँग सहकार्य गरी कामशवोत्खनन कार्य गरेको थियो ।

| विवरण | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | ०६७/६८ | ०६८/६९ | ०६९/७० | जम्मा |
|---|---|---|---|---|---|---|---|
| नागरिक समाज तथा गैर सरकारी संघ सस्थासँग सहकार्य | ५१ | ५५ | २२० | ६७६ | ११३ | ३०६ | १४२१ |

## ६.४ आयोग र सञ्चार माध्यमसँग सम्बन्ध

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार संरक्षण र संवर्द्धन कार्यका निम्ति विभिन्न संस्थाहरूको सहकार्य गर्दै आइरहेको छ भने आयोगमा भएका मानव अधिकार संरक्षण र संवर्द्धन सम्बन्धी कार्यहरूको सूचना सम्प्रेषण गर्न आयोगमा सञ्चार एकाईको स्थापना गरिएको छ। मानव अधिकार संरक्षण र संवर्द्धनको काममा सञ्चार माध्यमलाई सशक्त र अधिकारमुखी बनाउन आयोगले समय समयमा तालिम गोष्ठी,अन्तरक्रिया आदिको माध्यमद्वारा उनीहरूको क्षमता अभिवृद्धि गर्ने काम गर्ने गरेको छ। राष्ट्रिय मानव अधिकार आयोगले कान्तिपूर प्रकाशन, राजधानी दैनिक र हिमाल मिडिया माथि गरिएको आक्रमणको निन्दा गर्दै जस्तोसुकै उद्देश्यका लागि जुनसुकै पक्षबाट गरिएको भए पनि आयोगले सो आक्रमणलाई प्रेस स्वतन्त्रता माथिको ठाडो हस्तक्षेपका रूपमा लिएको छ। प्रेस स्वतन्त्रताको रक्षा र सञ्चार संस्थाको सुरक्षा गर्नुपर्ने जिम्मेवारी नेपाल सरकारको भएकाले हिमाल खबरपत्रिका लगायत सम्पूर्ण सञ्चारमाध्यममा अविलम्ब आवश्यक सुरक्षा प्रदान गर्न नेपाल सरकारलाई आग्रह गर्दछ भनी प्रेस विज्ञप्ति जारी गरेको थियो। आयोगले जारी गरेका विज्ञप्तिहरूलाई संचार माध्यमले प्राथमिकताका साथ प्रकाशन र प्रसारण गर्ने गरेका छन् ।

## ६.५ परियोजनाहरू

आयोगको काम कारबाहीलाई प्रभावकारीरूपमा अगाडि बढाउन विभिन्न दातृ निकायहरूले परियोजनामार्फत सहयोग गर्दै आएका छन् । परियोजनाहरूबाट आयोगका कर्मचारी र मानव अधिकार रक्षकहरूको लागि विभिन्न तालिम तथा गोष्ठी,अन्तरक्रिया, छलफल लगायतका कार्यमा

सहयोग गर्दै आएको छ। मानव अधिकारको अनुगमन, अनुसन्धान, प्रकाशन, एवम् भौतिक साधन, उपकरण आदिमा पनि परियोजनाको सहयोग उपलब्ध हुँदै आएको छ। परियोजना मार्फत यस वर्ष गरिएका कामको संक्षिप्त विवरण निम्न अनुसार छन्:

### ६.५.१ राष्ट्रिय मानव अधिकार आयोग क्षमता सबलीकरण परियोजना

यो परियोजना यूएनडीपीको सहयोगमा सञ्चालन हुँदै आएको छ। मानव अधिकारको संरक्षण एवम् संवर्द्धनको क्षेत्रमा आयोगद्वारा सञ्चालित कार्यक्रमहरू–अनुगमन, अनुसन्धान, संवर्द्धन, प्रकाशन एवम् प्रसारण तथा व्यवस्थापन लगायतका कार्यमा  यस परियोजनाले आयोगलाई सहयोग पुऱ्याउँदै आएको छ।  यस परियोजनाको सहयोगमा मानव अधिकारको संरक्षण एवम् संवर्द्धनसम्बन्धी कार्यहरू–कार्यशाला गोष्ठी, तालिम, अन्तरक्रिया छलफल लगायतका कार्यक्रमहरू सम्पन्न हुँदै आएका छन्। यस परियोजनाको सहयोगमा नौ महासन्धिमा आधारित विषयगत पुस्तिका र महासन्धि अन्तर्गतका अभिसन्धि, ऐच्छिक प्रलेख लगायतका सामग्रीहरू प्रकाशन भएका थिए। यसअतिरीक्त  रेडियो सगरमाथामार्फत साप्ताहिक सचेतना रेडियो कार्यक्रम तथा नेपाल टेलिभिजन, कान्तिपुर, एभी न्यूज, सगरमाथा लगायत विभिन्न टेलीभिजन च्यानलहरूमार्फत मानव अधिकारमैत्री संविधान निर्माणका लागि सन्देशमूलक सूचनाहरू प्रवाह भएका थिए। परि योजनाकै सहयोगमा आयोगका कार्यालयहरूमा मानव अधिकार स्रोत केन्द्रको स्थापना र सोको लागि आवश्यक विद्युतीय सामग्रीहरूको साथै पुस्तकहरूको व्यवस्था गरिएको छ। परियोजनाको वित्तीय सहयोगमा मानव अधिकार सम्बन्धी वृत्तचित्र निर्माण गरिएको छ।

### ६.५.२ बालअधिकार परियोजना

सेभ द चिल्ड्रेन नेपालको सहयोगमा बालअधिकार परियोजना सञ्चालित छ। परियोजनाको सहयोगमा आयोगले बालअधिकार सम्बन्धी कार्यशाला, गोष्ठी, तालिम, छलफल, अन्तरक्रिया लगायतका संवर्द्धनात्मक कार्यहरू गर्दै आएको छ। बालअधिकार अनुगमन एवम् बालअधिकार हननसम्बन्धी उजुरीहरूमा आयोगले  परियोजनाको सहयोगमा अनुसन्धान कार्य गर्दै आएको छ। बालअधिकारको क्षेत्रमा आयोगद्वारा सम्पादित कार्यहरूलाई समेटेर नेपालमा बालअधिकारको अवस्थासम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशनलाई निरन्तरता दिँदै आएको छ।

### ६.५.३ मानव अधिकार प्रवर्द्धन  तथा शान्ति प्रक्रियामा योगदान परियोजना

फिनल्यान्ड राजदूतावासले आयोगको संवर्द्धनात्मक कार्यलाई यस परियोजना मार्फत सहयोग गर्दै आएको छ। विशेषतः सङ्क्रमणकालीन न्याय, आर्थिक तथा सामाजिक अधिकार, सुरक्षाकर्मीहरूलाई मानव अधिकारको क्षेत्रमा परियोजनाको सहयोग रहेको छ। कार्यशाला, गोष्ठी, तालिम, छलफल, अन्तरर्क्रिया आदि कार्यक्रममार्फत संवर्द्धनात्मक कार्यहरूमा सहयोग गर्दै आएको छ। यस परियोजनाको सहयोग मार्फत मानव अधिकार आयोगको इतिहासमा पहिलोपल्ट मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलन आयोजना गरी मानव अधिकार रक्षकहरूको लागि मार्ग निर्देशिका समेत तयार गर्न मद्दत गरेको छ। त्यस्तैगरी अन्तर्राष्ट्रिय तालिम तथा भ्रमणको व्यवस्था गरी मानव अधिकार आयोगका कर्मचरीहरूको क्षमता अभिवृद्धिमा यस परियोजनाले सहयोग

पुऱ्याएको छ। मानव अधिकारको प्रवर्द्धन,मानव अधिकार रक्षकहरूको क्षमता अभिवृद्धि तथा सरकारी कर्मचारीहरूलाई मानव अधिकारमुखी बिकास पद्धतिको बारेमा विभिन्न जिल्लामा तालिम सञ्चालनको लागि समेत यस परियोजनाले सहयोग गर्दै आएको छ। नेपालको शान्ति प्रक्रियामा सहयोग गर्ने उद्देश्यले सङ्क्रमणकालीन न्यायसँग सम्वन्धित तालिम तथा कार्यशाला गोष्ठीहरू शिक्षाको क्षेत्रबाट मानव अधिकार संस्कृतिको विकासको लागि विद्यालय शिक्षकहरूलाई लक्षित गरी मानव अधिकार स्रोत पुस्तिका प्रकाशन गरी वितरण गरिएको छ।

**६.५.४ राष्ट्रिय मानव अधिकार आयोग सवलीकरण (दोस्रो चरण) परियोजना**

आयोगको आई टि युनिट र अभिलेखालयलाई मजवुत र व्यवस्थित बनाउने कार्य सो सम्बन्धी परियोजना अन्तर्गत गरिएको थियो।

यस परियोजनाले (Virtualization System Installation) गरी Data/Files केन्द्रीकृत गरिएको थियो। आयोगमा परेका उजुरी तथा उजुरी उपर निर्णय भएका फाइलहरूलाई व्यवस्थित र सूचनामूलक बनाउन परियोजनाले सहयोग पुऱ्याएको छ। आयोगका निर्णयहरूको संकलन (Archieving) को व्यवस्था गरी प्रयोगकर्ताहरूले आवश्यकता अनुसार खोजी गरेमा तत्कालै दिन सकिने व्यवस्था गरिएको छ। मानव अधिकार उल्लङ्घनका उजुरीहरूलाई व्यवथित प्रणलीमा राख्न बनाइएको CMRS (Complaints Management & Reporting System) मा सुधार गरिएको थियो। उक्त परियोजना द एसिया फाउण्डेशनको प्राविधिक सहयोगमा सम्पन्न भएको थियो।

यस परियोजना अन्तर्गत तालिम कार्यक्रम तर्फ केन्द्रीय कार्यालयमा १ र क्षेत्रीय कार्यालयमा क्रमशः विराटनगर पोखरा र घनगढीमा १/१ गरी ४ वटा मध्यस्थता सम्बन्धी तालिमको आयोजना सम्पन्न गरिएको थियो।

आयोगमा आयोजित नागरिक समाजसंग महिला अधिकार सम्बन्धी अन्तरक्रिया कार्यक्रम

आदिवासी जनजाति महिला विरुद्ध हुने हिंसा कार्यशाला गोष्ठी


# सिफारिस कार्यान्वयनको अवस्था

## ७ सिफारिस कार्यान्वयनको अवस्था

आयोगले स्थापना पश्चातका विगत १३ वर्षको अवधिमा गरेका उजुरी उपरका कुल ७३५ सिफारिसहरूमध्ये नेपाल सरकारबाट गरिएको तिनीहरूको कार्यान्वयनको अवस्था निम्नानुसार रहेको देखिन्छ । ती कार्यान्वयनको स्थिति सम्बन्धमा आयोगले अनुगमन गरी सोको पूर्णरूपमा रूजु गरेको नभई नेपाल सरकारका विभिन्न सरोकारवाला निकायहरूबाट आयोगमा प्राप्तपत्रहरू तथा सूचनाको आधारमा प्रस्तुतत थ्याङ्कविवरण तयार गरिएको हो ।

**सिफारिस कार्यान्वयनको अवस्था**

| सिफारिसको कार्यान्वयनको अवस्था | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| कुलसिफारिस संख्या | ६४ | ८० | १११ | १३१ | १०० | ९९ | ५८५ |
| पूर्ण कार्यान्वयनको अवस्था | ७ | १८ | ४ | २० | २५ | ० | ७४ |
| आंशिक कार्यान्वयनको अवस्था | ४४ | ३८ | ६६ | ६० | ५३ | ९ | २७० |
| विचाराधीन कार्यान्वयनको अवस्था | १३ | २४ | ४१ | ५१ | २२ | ९० | २४१ |




माथिको तालिका अनुसार आयोगबाट नेपाल सरकारमा गरिएका ५८५ वटा सिफारिसहरूमध्ये ७४ वटामा पूर्ण कार्यान्वय नभएको, २७० वटामा आंशिक कार्यान्वयन भएको तथा २४१ वटा सिफारिसहरू विचाराधीन अवस्थामा रहेका जसमध्ये केहीमा कार्यान्वयन हुनन सक्ने कारण समेत प्रष्ट्याई आयोगमा जवाफ प्राप्त हुनआएको छ ।

**माननीय सदस्य रामनगीना सिंह, निर्देशक सुवर्ण कर्माचार्य र मा.अ.अधिकृत नीतु गर्तौला सुनसरीमा कोशी बाढीको अनुगमन गर्दै । (२०६५ भाद्र)**

# उपलब्धि तथा चुनौतीहरू

## ८ उपलब्धि तथा चुनौतीहरू

### ८.१ उपलब्धिहरू

राष्ट्रिय मानव अधिकार आयोग द्वन्द्वको समयमा स्थापना भई मानव अधिकार संरक्षण र संवर्द्धन कार्यमा निष्पक्ष, स्वतन्त्र तथा स्वायत्तरूपमा आफ्नो भूमिका निर्वाह गर्दै आइरहेको छ। मानव अधिकारको संरक्षण, संवर्द्धन एवम् सम्मानको लागि मानव अधिकार उल्लङ्घन एवम् ज्यादतिसम्बन्धी उजुरी ग्रहण, उजुरीउपर कारबाही प्रक्रिया अगाडि बढाउने क्रममा अनुगमन र अनुसन्धान गरी प्रमाणको आधारमा आयोगले सम्बन्धित निकायलाई सिफारिस गर्दै आएको छ। आयोगले ६ वर्ष अवधिमा विगतमा आयोगमा दर्ता हुन आएको उजुरीउपर फछ्र्यौट कार्यलाई थप तीब्रताका साथ अगाडि बढाएको छ।

आ. ब. २०६४/२०६५–२०६९/२०७० को ६ वर्षको अवधिमा आयोगमा जम्मा ३,०५७ वटा उजुरी दर्ता भएका छन्। आयोगमा परेका मध्ये ३,८८१ वटा उजुरी उपर अनुसन्धान कार्य भैरहेको छ भने ३,०६३ वटा उजुरीहरु अनुसन्धान सम्पन्न भएका छन्। उजुरीफछ्र्यौटतर्फ ३,०७६ वटा उजुरीहरु तामेली तथा खारेजी भएका छन् भने ५८५ वटा उजुरी उपर नेपाल सरकारलाई सिफारिस गरिएको छ। मानव अधिकार अनुगमको कार्य १३८१ पटक गरेको थियो। त्यसैगरी यस अवधिमा आयोगले नीतिगत सिफारिस तथा निर्णयहरू ३८० वटा गरेको छ।

मानव अधिकार संवर्द्धनको क्षेत्रमा एकल वा सहकार्यमा विभिन्न तालिम, गोष्ठी, अन्तर्क्रिया, छलफल लगायतका संवर्द्धनका कार्यलाई आयोगले निरन्तरता दिँदै आएको छ। यस ६ वर्षको कार्य अवधिमा आयोगले १२५१ वटा तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्न सफल भएको छ। त्यसैगरी यस अवधिमा १६१४ वटा अन्य संघसंस्था, तथा सरकारी निकायहरूले आयोजना गरेको कार्यक्रममा सहभागिता जनाएको देखिन्छ। प्रत्येक वर्ष आयोगका गतिविधिहरू सहित वार्षिक प्रतिवेदन, बाल अधिकारको अवस्था र मानव बेचविखन विरूद्धको राष्ट्रिय प्रतिवेदन प्रकाशन गर्ने गरेको छ। पहिलो पटक मानव अधिकारका नौ महत्वपूर्ण महासन्धिमा आधारित रही विषयगत पुस्तिका प्रकाशन गरेको छ। आयोगले यस अवधिमा १९३ वटा प्रकाशन गर्न सफल भएको छ।

आयोगका सिफारिस कार्यान्वयन, मानव अधिकार आयोग ऐन २०६९ जारी हुनुपूर्व र तत्पश्चात् पनि आयोगले आयोग ऐन पेरिस सिद्धात्त अनुरूपको हुनु पर्ने कुरामा निरन्तर दबाब दिनुको साथै

आफ्नोधारणा सार्वजनिक गर्दै आएको छ । मानव अधिकार रक्षकहरूको राष्ट्रिय स्तरको राष्ट्रिय सम्मेलन समेत गर्न आयोगले सफलता प्राप्त गरेको छ ।

अन्तर्राष्ट्रिय स्तरमा आयोगले सुमधुर सम्बन्ध कायम गर्दै आएको छ । ICC तथा APF of NHRI को बैठकमा निरन्तरसक्रिय सहभागिता जनाई आफ्ना धारणा प्रस्तुत गर्दै आएको छ भने ICC मा आयोगको स्तर सम्बन्धमा परेको उजुरी उपर आफ्नो धारणा सहित जवाफ पठाई सकिएको छ । आयोगले यस अवधिमा यातना विरूद्ध, बाल अधिकार तथा वैदेशिक कामदारका हक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय स्तरका गोष्ठी तथा सम्मेलन सम्पन्न गरेको थियो । आयोगले मानव अधिकार रक्षकहरूसम्बन्धी मार्गनिर्देशिका २०६९, राष्ट्रिय मानव अधिकार आयोग उजुरी कारवाही सम्बन्धी निर्देशिका २०६९ तयार गरी जारी गरेकोछ । बालबालिका खोजतलास समन्वय केन्द्र निर्देशिका, २०६८, उपभोक्ता अधिकार संरक्षण निर्देशिका २०६९, मानव अधिकार रक्षक निर्देशिका,२०६९, शवोत्खनन मार्गनिर्देशिका २०६९, समेत जारी गर्ने काम सम्पन्न भएको छ । यी माथि उल्लिखित आयोगद्वारा सम्पादित कार्यहरूलाई यस अवधिमा प्राप्त गरेका प्रमुख उपलब्धिको रूपमा लिन सकिन्छ ।

## ८.२ चुनौतीहरू

### ८.२.१ दण्डहीनताको अवस्था

मानव अधिकारको प्रत्याभूति कानुनी शासनमा मात्र परिकल्पना गर्न सकिन्छ । देशमा दिन प्रतिदिन दण्डहीनताले प्रश्रय पाइरहेको छ । नेपाल सरकारले मानव अधिकार एवम् मानवीय कानुनको गम्भीर उल्लङघनकर्तालाई कानुनी दायरामा ल्याई अनुसन्धान गर्न नसक्नु, अभियोजन नगर्नु र पीडितहरूलाई न्याय दिन नसक्नु वा इन्कार गर्नुलाई दण्डहीनताको चरम रूप मान्न सकिन्छ ।

विस्तृत शान्तिसम्झौतामा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरूलाई न्याय दिलाउने सन्दर्भमा दण्डहीनतालाई प्रश्रय नदिने भनी कानुनी शासनमा जोड दिइयो । द्वन्द्वबाट पीडित तथा पीडित परिवारका सदस्यहरूले केही राहत तथा क्षतिपूर्ति प्राप्त गरेका भए तापनि मानव अधिकार उल्लङ्घन गर्ने वा मानवताविरूद्धको अपराधमा संलग्न व्यक्तिहरू अहिले पनि कानुनी दायरामा ल्याउनसकेको अवस्था छैन । मानव अधिकार उल्लङ्घन/ज्यादतीका घटनाका दोषीहरूलाई कारबाही अगाडि बढाउनुपर्नेमा त्यसविपरीत सरकारबाट गम्भीर प्रकृतिका फौजदारी अपराधका मुद्दासमेत फिर्ता लिने काम भैरहेका छन् । राजनीतिक अस्थिरता, राजनीतिक स्वार्थ, राजनीतिक प्रतिबद्धताको अभाव, हतियारको व्यवस्थापन उचित तरिकाले नहुनु, सरकारी उदासीनता, मुद्दा फिर्तासम्बन्धी सरकारी निर्णय, आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिक संरचना, जनचेतनाको अभाव आदि कारणबाट दण्डहीनता मौलाउदैं गएको छ ।

### ८.२.२ आयोगको सिफारिस कार्यान्वयन अवस्था

आयोगद्वारा मानव अधिकार उल्लङ्घन भएको भनी क्षतिपूर्ति एवम् कानुनी कारबाहीको निमित्त भएका सिफारिसहरू ठूलो संख्या कार्यान्वयन भए तापनि गम्भीर प्रकृतिका मानव अधिकार हनन् सम्बन्धी सिफारिसहरू व्यवहारमा कार्यान्वयन भएका छैनन् । कार्यान्वयन भएका सिफारिसहरू पनि विशेषतः क्षतिपूर्ति उपलब्ध गराउने विषयसँग सम्बन्धित छन् । मानव अधिकार उल्लङ्घन एवम् ज्यादतीका घटनामा संलग्नहरू देखिएका व्यक्तिमाथि कानुनी कारबाहीगर्नु भनी गरिएका सिफारिसहरूको कार्यान्वयनको स्थिति अत्यन्त कम छ । यसबाट पीडित व्यक्तिहरूले न्याय नपाएको अनुभूति गर्न नसक्नुको साथै आयोगको कामकारबाहीप्रति पनि विश्वसनीयतामा प्रश्न चिन्ह लाग्न गएकोअवस्था छ । अतः सरकारबाट यथासमयमै आयोगका सिफारिस कार्यान्वयन गरी मानव अधिकारको सम्मान गर्नु जरूरी देखिन्छ ।

### ८.२.३ जनशक्तिको व्यवस्थापन

कर्मचारी व्यवस्थापन आयोगको विगतदेखि नै गम्भीर समस्याको रूपमा रहेको थियो । आयोगमा कार्यरत जनशक्ति कर्मचारीहरू लगभग ९२ प्रतिशत करार सेवामा कार्यरत छ । स्थायित्व, पदोन्नति र वृत्तिविकासको अभावमा तालिमप्राप्त एवम् अनुभवी कर्मचारीहरूले आयोग छोड्नेक्रम यसवर्ष पनि कायम रह्यो । तत्कालीन मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित आयोग रहँदाको अवस्थामा ऐन र त्यस अन्तर्गत बनेको नियममा रही सीमित कर्मचारी स्थायी नियुक्ति गरिए, तत्पश्चात् स्थायी कर्मचारी नियुक्त गर्न नसकिएको अवस्था हालसम्म विद्यमान रहेको छ। राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा कर्मचारीसम्बन्धी कुनै प्रावधान नराखिनुबाट पनि समस्या थप जटिल बन्न पुगेको छ। कर्मचारीहरूको विषयलाई लिएर अदालतमा परेका मुद्दा समयमा किनारा लाग्न नसक्दा यससम्बन्धी थप कामकारबाही अगाडि बढ्न सकेको छैन ।

### ८.२.४ राष्ट्रिउ मानव अधिकार आयोग ऐन, २०६९ का प्रावधान

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा विद्यमान कतिपय प्रावधानको कारण मानव अधिकारको संरक्षण, संवर्द्धन कार्यमा अवरोध पुग्न जाने देखिन्छ । उजुरी सम्बन्धी ६ महिनाको हदम्याद, (हाल सर्बोच्च अदालतले अवैधानिक घोषणा गरिसकेको भए तापनि कानुन बन्न नसकेको अवस्था) मानव अधिकार उल्लङघनकर्तालाई मुद्दा चलाउने फितलो व्यवस्था आयोगको सिफारिस कार्यान्वयनमा प्रभावकारी व्यवस्था नगरिनु, आर्थिक र प्रशासनिकरूपमा स्वायत्त नबनाइनु, कर्मचारी व्यवस्थापनमा कुनै प्रावधान नरहनु लगायतका कारण आयोगलाई प्रभावकारी भूमिका निर्वाह गर्न चुनौती देखिएको छ ।

### ८.२.५ आन्तरिक समस्या

आयोग आन्तरिक समस्याबाट गुज्रिरहेको भए तापनि अन्तिम समयमा आएर केही खुकुलो महशुस भएको छ । ती समस्याका कारण आयोगका केही पदाधिकारी र केही कर्मचारी बीच बिभिन्न समयमा उत्पन्न मतभिन्नतालाई अतिरञ्जित बनाउने २/४ मिडिया र मानव अधिकारकर्मीको

निहित स्वार्थ रहेको देखिएको छ । यसैको कारण आयोगको धेरै समय आयोगको छवि धुलित गराउने राष्ट्रिय र अन्तर्राष्ट्रिय तहका प्रयासहरूलाई विफल बनाउन अनायास परिश्रम र कामकार वाहीमा जेलिनुपरेको कुरा स्मरणीय छ । आयोगका पदाधिकारीहरू, आयोग र कर्मचारी विरूद्ध एक पछि अर्को मुद्दालाई प्ररित गर्नाले आयोगको सिफारिस कार्यान्वयन र कर्मचारीहरूको सेवा स्थायीत्व गर्ने र स्थायी कर्मचारी पूर्ति प्रकृया समेत अवरूद्ध भएको छ । हालै त्यस मध्येका केही मुद्दा सर्वोच्च अदालतले रिट खारेज गरी आयोगको आगामी दिनका लागि मार्ग प्रसस्त गरेको छ ।

## ८.२.६ भौतिक संरचना एवम् पूर्वाधार

आयोगकोकेन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूलाई हालसम्म पनि समयसापेक्ष कार्यालयको रूपमा विकसित गर्न सकिएको छैन । आयोगका सबै कार्यालयहरू भाडामा सञ्चालन गरिएको अवस्था विद्यमान छ । आयोगलाई भवन कार्यालयले सुरक्षाको कारण जनाउदै उपयुक्त विकल्प खोजी गर्न जानकारी गराए पनि उपयुक्त भवन वा स्थानको अभावमासम्भव हुन सकेन । कतिपय कार्यालयहरू हालसम्म पनि अपायक र साँगुरो स्थानमा रहेका छन् । पीडितहरूको लागि पनि पायक पर्ने स्थानमा नहुनुको साथै पीडितमैत्री पनि छैनन् । कार्यकक्षको पर्याप्तता, उचित वातावरण, भौतिक संरचना एवम् पटकपटक कार्यालय सर्नुपर्ने लगायतका कारणबाट पनि आयोगलाई आफ्ना कार्यक्रम तथा गतिविधिहरू अगाडि बढाउन असहज भएको अवस्था छ ।

# निष्कर्ष

## ९ निष्कर्ष

२०६२-६३ को ऐतिहासिक जन आन्दोलन पछि दोस्रो आयोगका आयुक्तहरूको राजिनामा पश्चात् आयोग रिक्त हुन पुगेको थियो । करिब १५ महिनासम्म आयोग पदाधिकारीविहीन हुनगई अन्तर्राष्ट्रिय स्तरमा आयोगको क्षमतामा प्रश्नचिन्ह खडा भइरहेको थियो । अर्कोतर्फ देशमा दशवर्ष लामो सशस्त्रद्वन्द्वको अन्त्य पछाडिको संक्रमणकालीन र अस्थिर राजनैतिक परिवेशमा उत्पन्न भएका जटिल परिस्थिति तथा तराई आन्दोलनबाट सृजित मानव अधिकार उल्लंघनका घटनाको वृद्धि र विगतमा बक्यौता रहेका मानव अधिकार उल्लंघनका घटनाहरू रहेका थिए । त्यसैगरी परम्परागत कुसंस्कारले गर्दा महिला, आदिवासी, जनजाति, दलित, मधेशी, अल्पसंख्यक समुदायमाथि भएको विभेद, अन्याय तथा हिंसालाई अन्त्य गर्न पहल गर्नुपर्ने समेत आयोगको सामु चुनौतीहरू रहेका थिए । यस्तो कठिन परिस्थितिमा २०६४ साल भाद्र ३१ गते तेस्रो कार्यकालको लागि आयोग गठन हुनपुग्यो ।

दोस्रो कार्यकालमा कार्यान्वयनमा रहेको रणनैतिक योजना (२००४–२००८) को ठाउँमा परिवर्तित सन्दर्भमा विस्तारित मानव अधिकारका सवालहरू सम्बोधन गर्न अर्को रणनीतिक योजना (२००८–२०१०) तर्जुमा गरी महिला, आदिवासी जनजाति, सिमान्तिकृत र अल्पसंख्यक समुदायलाई सामाजिक समावेशीकणको सिद्धान्त अनुरूप आयोगको कामकारवाहीमा समाहित गर्न पहल गरियो । सीमित जनशक्तिलाई परिचालन गरी आयोगले यस अवधिमा धेरै उल्लेख्य काम गरेको छ । संविधान सभाको निर्वाचन निष्पक्ष र शान्तिपूर्ण ढंगले सम्पन्न गराउन आयोगले विस्तृत अनुगमन गरेको थियो । त्यस्तै विस्तृत शान्ति-सम्झौतामा उल्लेख भए अनुसार संक्रमणकालीन अवस्थाको अनुगमन, संक्रमणकालीन न्याय तथा मानव अधिकार सम्बन्धी अनुगमन गरी नेपाल सरकारलाई सिफारिस गरेको थियो ।

वलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको खोजी कार्यको लागि पीडितको अनुरोधमा गम्भीर प्रकृतिका घटनाहरू अनुसन्धान गरी सार्वजनिक गरिएको छ । दैलेखमा ने.क.पा माओवादीद्वारा हत्या गरी गाडेका पत्रकार डेकेन्द्रराज थापाको अबशेष, धनुषाको गोदारमा संजीवकुमार कर्ण सहित ५ जनालाई राज्यपक्षले हत्या गरी गाडेको अबशेष, कैलाली रामशिखरझालामा ए.ने.क.पा. माओवादीद्वारा हत्या गरी गाडिएको अवशेषको शवोत्खनन इत्यादि कार्य भए, साथै रामेछापमा भएको नरशंहारको विषयमा पनि अनुसन्धान र अध्ययनको आधारमा पीडितलाई राहत-परिपूरण, क्षतिपूर्ति पीडकलाई कानुनी दायरामा ल्याई कारवाही अगाडि बढाउन नेपाल

सरकारलाई पुनःध्यानाकर्षण गरेको छ । यस्ता कार्यले भविष्यमा समेत जघन्य मानव अधिकार हनन तथा मानवता विरूद्धको अपराध कार्यमा न्यूनीकरण हुनेछ ।

मानव अधिकारको सस्थागत विकाश तथा संवर्द्धन र संरक्षणमा टेवा पुऱ्याउन आयोगले मानव अधिकारसँग सम्बन्धित महत्वपूर्ण ६ वटा निर्देशिकाहरू समेत जारी गरी कार्यान्वयनमा ल्याएको छ। यसका साथै नौ मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धिमा आधारित प्रमुख विषयमा विषयगत पुस्तिकाहरू समेत प्रकाशन गरेको छ। यस वीच विगतमा प्रश्नवाचक चिन्ह खडा भएको आयोगको अन्तर्राष्ट्रिय स्तरमा ए स्तरको मानव अधिकार संस्थाको रूपमा स्थापित हुन सफल भएको छ ।

आयोगले मानव अधिकार संस्कृतिको विकासका लागि हरेक बर्ष अन्तर्राष्ट्रिय दिवसहरू, १० डिसेम्बर मानव अधिकार दिवस, आदिवासी दिवस, बेपत्ता विरूद्धको दिवस, यातना विरूद्धको दिवस, नारी दिवस, बाल दिवस, अपाङ्गता दिवस, मानव बेचविखन विरूद्धको दिवस र जेठ १३ गते मानव अधिकार आयोगको बार्षिकोत्सव लगायतका दिवसहरू मनाउदै आइरहेको छ ।

सन् २०११ मा राष्ट्रिय मानव अधिकार आयोगको संयोजकत्वमा राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगको संयुक्त प्रयासमा विश्वव्यापी आवधिक समीक्षा प्रतिवेदन बुझाएको छ भने सो प्रतिवेदन उपर समितिले नेपाल सरकारलाई दिएको सुझाव कार्यान्वयनको अवस्था सम्बन्धमा वार्षिक र मध्यावधि अनुगमन गरी प्रतिवेदन प्रकाशन कार्य समेत भएको छ ।

आयोगले यस कार्यकालभित्र दक्षिण एसियाका मानव अधिकार संस्था बीच बाल-बालिका सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको साथै वैदेशिक रोजगार सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, यातना सम्बन्धी अन्तर्राष्ट्रिय प्रशिक्षण  तथा परामर्श गोष्ठी समेत आयोजना गरी सफलतापूर्वक सम्पन्न गरेको छ । यसका साथै आयोगले अन्तर्राष्ट्रिय स्तरमा सम्बन्ध विस्तारमा समेत अहम भूमिका खेलेको छ। यस आयोगको कार्य अवधिभित्र आयोगमा भेटघाटमा पाल्नु हुने भारतका पूर्व प्रधानन्यायाधीश एवं भारतीय मानव अधिकार आयोगका अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोगका पूर्व अध्यक्ष, दक्षिण कोरियाका राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष, माल्दीप्सका राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष, मानव अधिकार उच्च आयोगका आयुक्त र उपआयुक्त, व्रिटिश विकास मन्त्री तथा प्रतिनिधिहरू, भारत, डेनमार्क, स्वीजरल्याण्ड, नर्वे र फ्रान्सका महामहिम राजदूतहरू, यूरोपियन यूनियनसँग सम्बन्धित मन्त्री, व्रिटिस हाउस अफ लर्डसका प्रतिनिधि सहितका विशिष्ट अतिथिहरूको उपस्थिति उल्लेखनीय छ ।

आयोगको तत्वाधानमा सम्पन्न अप्रावासी कामदारको अधिकार सम्बन्धी सम्मेलनको उद्घाटन सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट भएको स्मरणीय छ । साथै आयोगको प्राङ्गणमा उपस्थित भई प्रमुख अतिथिको रूपमा आयोगको कार्यक्रममा भाग लिने सम्माननीय प्रधानमन्त्रीहरूमा स्व. गिरिजा प्रसाद कोइराला, श्री पुष्पकमल दाहाल “प्रचण्ड” श्री माधवकुमार नेपाल, श्री झलनाथ खनाल, डा.बाबुराम भट्टराईको नाम उल्लेखनीय छ ।

नेपाल सरकारद्वारा प्रस्तुत गरिएको मानव अधिकार विधेयकमा आयोगको स्वतन्त्रता तथा स्वायत्तता र पेरिस सिद्धान्त बमोजिम बनाइनु पर्ने कुरामा जोड दिदै व्यवस्थापिका संसद्को विधायन समितिका माननीय सभापति एवम् सदस्यहरूसँग भेटघाट, नेकपा (माओवादी), नेपाली काङ्ग्रेस, नेकपा (एमाले), मधेसी जनअधिकार फोरम लगायतका राजनैतिक दलहरूसँग आबद्ध सभासद्हरूसँग बहस, वकालत तथा  छलफल गरी आयोगले पेश गरेको विधेयक अनुरूप कानुन निर्माण गर्न अनुरोध गरेको थियो ।

नेपाल सरकारले आयोगको सिफारिस थाती राख्नाले दण्डहीनताको कुसंस्कार नियन्त्रण हुन सकेको छैन । द्वन्द्वकालमा राजनैतिक कारणले लगाइएका मुद्दा मानव अधिकार हनन र मानवता विरूद्धका अपराधमा तहकिकात गर्न, नेपाल सरकारले अदालतमा मुद्दा फिर्ता नमाग्न, र दण्डहीनताको अन्त्यगर्न आयोगले विभिन्न समयमा नेपाल सरकारका प्रमुख प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई पत्राचार गरेको छ । द्वन्दकाल हत्या गरिएका कृष्ण अधिकारीको विषयलाई लिएर आयोगले गृहमन्त्रीलाई आयोगमा बोलाई आयोगको सिफारिस गर्न निर्देशन दिएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगको स्थापनामा नेपाल सरकार, राजनैतिकदल र नागरिक समाजको महत्वपूर्ण भूमिका रहेको छ । तसर्थ देशमा मानव अधिकारको सम्मान, संरक्षण र पालनाको विषयमा आयोगले सम्बन्धित सरोकारवाला निकायहरूसंग सहकार्य गर्दै आएको छ । देशमा मानव अधिकारको विषयलाई सधैं चनाखो भएर मानव अधिकारको पैरवी र पर्यवेक्षणमा सकृय मानव अधिकार रक्षकहरू, आमसञ्चारकर्मी र नागरिक समाजसंग आयोगले स्थानीयतहदेखि राष्ट्रिय स्तरसम्म सहयोग र सहकार्य गर्दै आएको छ । देशमा मानव अधिकारको प्रतिरक्षामा संलग्न रहँदा विभिन्न किसिमको डर-धम्की, यातना,  गिरफ्तारी, बेपत्ता-अपहरण र जीवन रक्षाको सवालमा चुनौती भोगेका मानव अधिकार रक्षक र आमसञ्चारकर्मीको रक्षार्थ आयोगले मार्ग निर्देशिका र अनुगमन निम्ति राष्ट्रिय स्तरको कार्यदल समेत बनाई कार्यरत रहेको कुरा उल्लेखनीय छ ।

विभिन्न अप्ठ्यारा र चुनौतिहरूको वावजुद वर्तमान आयोगले मानव अधिकार संस्कृतिको निर्माण, दण्डहीनताको अन्त्य, विकासमा मानव अधिकारमुखी पद्दतिको वहाली, नागरिकका आर्थिक-सामाजिक-सांस्कृतिक अधिकारको प्रवर्द्धन र पर्यवेक्षणमा प्राथमिकता, संक्रमणकालीन न्यायमा योगदान, संस्थागत बिस्तार र समन्वयको आधारशीलालाई सुदृढ गर्न आयोगको वर्तमानकार्यकाल महत्वपूर्ण रहेको छ ।

यस बीच आयोगको सिफारीसहरूको कार्यान्वयनमा नेपाल सरकारको सम्बोधन बृद्धि भएको छ भने पीडित र प्रभावितहरूले १५ करोड रूपैयाँ भन्दा बढी राहत र क्षतिपूर्तिको रूपमा प्राप्त गरि सकेका छन् । आयोगबाट गरिएका अधिकांश नीतिगर्ता सफारिसहरूमा नेपाल सरकारको सम्बोधन रहेको छ । यी उपलब्धिहरूको वावजुद मानव अधिकारको गम्भीर हनन गर्ने व्यक्तिहरूलाई कानुन बमोजिम कार्वाही गर्न सरकारले गरेको ढिलासुस्ती, व्यक्ति बेपत्ता तथा सत्य निरूपण आयोग गठन नहुनु, समाजमा परम्परागत हानीकारक कुसंस्कार जस्तैः जातियविभेद, छुवाछुत, बोक्सीक आरोपमा हुने हिंसा, घरेलु हिंसा, मानव बेचबिखन, यौनशोषण र दुर्व्यवहार जस्ता कुराहरू अझैपनि पूर्णरूपमा रोकथाम र नियन्त्रणमा आउन सकेको छैन । यसको निम्ति पनि आयोगले

**राष्ट्रिय मानव अधिकार आयोग**

सरकार र नागरिक समाजसंग समन्वय र सहकार्य गरी समाजमा जागरण ल्याउने काममा आफूलाई अभ्यस्त राखीरहेको सुस्पष्ट छ ।

तसर्थ, मानव अधिकारको सम्मान, संरक्षण र पालनाको राष्ट्रिय दायित्व प्रभावकारी ढङ्गले निर्वाह गर्न आयोगलाई स्वतन्त्र, स्वायत्त र निश्पक्ष निकायको रूपमा अगाडि बढाउन सरकार, राजनैतिकदलहरू, नागरिक समाज र सम्पूर्ण देशबासीहरूको पूर्ण सहयोग र सद्भावनाको खाँचो भविष्यमा पनि रहिरहने छ। देशमा मौलाउदै गएको दण्डहीनताको कुसस्कारलाई रोकथाम र अन्त्य गर्न विधिको शासन र मानव अधिकारको सम्मान अपरिहार्य भएको आयोगको सुस्पस्ट दृष्टिकोण रहेको छ।

समाप्त

**मानसिक स्वास्थ्य सम्बन्धी छलफल कार्यक्रम (२०६८ चैत्र २०)**

# १ परिशिष्टाङ्कहरू

## १.१ तथ्याङ्कहरू

| क.स | विवरण | ०६४/०६५ | ०६५/०६६ | ०६६/०६७ | ०६७/०६८ | ०६८/०६९ | ०६९/०७० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | उजुरी | ११३७ | ६७७ | ४०३ | ३४५ | २७६ | २१९ | ३०५७ |
| २. | अनुगमन | ३९४ | १९४ | २२९ | १७९ | २१२ | १७३ | १३८१ |
| ३. | अनुसन्धान | ७२८ | ७७ | २१७ | ३११ | ३९४ | १३३६ | ३०६३ |
| ४. | अनुसन्धानमा रहेको उजुरीहरू | | | | | | | ३८८१ |
| ५. | तामेली/खारेजी | ४०४ | ५४६ | ७८० | ५७९ | ३७० | ३९७ | ३०७६ |
| ६. | नेपाल सरकारलाई सिफारिस | ७३ | ८२ | १७२ | १४६ | १०४ | १०५ | ६७९ |
| ७. | नीतिगत निर्णय | ८७ | ७३ | ७२ | ५१ | ५४ | ४३ | ३८० |
| ८. | संघसस्थासँग सहकार्य | ५१ | ५७ | २२० | ६७६ | ११३ | ४९७ | १६१४ |
| ९. | तालिम/गोष्ठी/अन्तर्क्रिया/बैठक | १०१ | १८५ | १३४ | २०६ | २५३ | ३०७ | ११८६ |
| १०. | प्रकाशन (प्रतिवेदन, ब्रोसर, पुस्तिका) | ३१ | १८ | ३४ | २२ | ५० | ३४ | १८९ |
| ११. | प्रेस विज्ञप्ति तथा प्रेस नोटहरू | ३६ | ८१ | ५६ | ३४ | ३३ | ५१ | २९१ |
| १२. | महासंन्धि तथा कानुन पुनरावलोकन | १२ | ४ | ९ | ११ | १० | ६ | ५२ |
| १३. | आयोगको मार्ग निर्देशिका | ०१ | ०१ | ०० | ०० | ०२ | ०३ | ०७ |
| १४. | शबोत्खनन् | ०१ | ०२ | ०१ | ०० | ०० | ०० | ०४ |
| १५. | आयोगगको अन्तर्राष्ट्रिय स्तर | ए | ए | ए | ए | ए | ए | ए |
| १६. | वार्षिक प्रतिवेदन | ०१ | ०१ | ०१ | ०१ | ०१ | ०१ | ०६ |
| १७. | आयोगका बैठकहरू | ४४ | ४६ | ३१ | २८ | २३ | १६ | १८८ |
| १८. | आयोगका कार्यालयहरू | ०८ | ०८ | ०९ | ०९ | ०९ | ०९ | ०९ |
| १९. | जनशक्ति | १२७ | १२७ | १२३ | ११४ | १६३ | १६८ | १६८ |
| २०. | आयोगलाई सरकारबाट प्राप्त बजेट (रू. हजारमा) | ३७८०० | ५५६६२ | ७०५३५ | ९१७६८ | ९१३२१ | ९७८४६ | ४४४९३२ |

## १.२ प्रकाशन (प्रतिवेदन र अन्य) नामावली

| क्र.सं | विवरण | मिति |
|---|---|---|
| १ | शान्ति सम्झौताको अवधिमा मानव अधिकार अवस्था - आठ महिना | श्रावण २०६४ |
| २ | जातिय भेदभाव रोकथाम सम्बन्धि सामान्य सुझाव | मंसिर २०६४ |
| ३ | विस्तृत शान्ति सम्झौताको एक बर्ष | मंसिर २०६४ |
| ४ | बार्षिक प्रतिवेदन २०६३-२०६४ | माघ २०६४ |
| ५ | बालअधिकार प्रतिवेदन २००७ | फागुन २०६४ |
| ६ | आर्थिक सामाजिक तथा सास्कृतिक समितिमा नेपाल द्वारा पेश गरिएको दोश्रो प्रतिवेदन माथि समितिले दिएको | |
| ७ | विस्तृत शान्ति सम्झौता ६ भाषामा प्रकाशित | |
| ८ | २०६५ सालको क्यालेण्डर प्रकाशित | |
| ९ | Astudy on the domettication statu of the ICCPR विषयक अध्ययन प्रतिवेदन | |
| १० | Trafficking in Persons (Women and Children) National Report Summary (ONRT) | जेठ २०६५ |
| ११ | राष्ट्रिय मानव अधिकार आयोगका सीफारिश कार्यान्वायनको अवस्था | जेठ २०६५ |
| १२ | Trafficking in Persons Especially on Women and Children in Nepal National Report 2006 – 2007 | असार २०६५ |
| १३ | Strategies Plan 2008-2010 | असार २०६५ |
| १४ | मानव अधिकारको दृष्टिमा संविधान सभा निर्वाचन | असार २०६५ |
| १५ | सुदुर पश्चिममा आयोगको एक बर्ष (धनगढीवाट प्रकाशित) | असार २०६५ |
| १६ | राष्ट्रिय मानव आयोग धनगढी ब्रोसर | असार २०६५ |
| १७ | राष्ट्रिय मानव आयोग पश्चिमाञ्चलको क्षेत्रीय कार्यालयको गतिविधि २०६५ | असार २०६५ |
| १८ | राष्ट्रिय मानव आयोगे क्षेत्रीय कार्यालय नेपालगंजको गतिविधि पुस्तिका २०६५ | असार २०६५ |
| १९ | संविधान सभामा मानव अधिकार सम्बन्धी आयोगको अपिल | असार २०६५ |
| २० | संविधान सभा र मानव अधिकार सम्बन्धी जानकारी | असार २०६५ |
| २१ | संविधान सभामा के गर्न हुने र के गर्न नहुने सम्बन्धमा जानकारी | असार २०६५ |
| २२ | मानव अधिकार प्रश्नउत्तर संगालो | असार २०६५ |

| | | |
|---|---|---|
| २३ | Report on the implementation statu of existing laws, Acts, Rules and facilitie made for the development promotion and protection of the people with disablilities | |
| २४ | Strategic plan 2008-2014 | |
| २५ | मानव अधिकार आयोगको जानकारी -अग्रेजी) अनुवादन | |
| २६ | नेपालको सशस्त्रद्वन्द्वको अवधिमा बलपूर्वक बेपत्तापारि एकाव्यक्तिहरूको अवस्था सम्बन्धी प्रतिवेदन | २०६५ भाद्र |
| २७ | संविधान निर्माणको सिलसिलामा उपयोगी हुने प्रश्नोत्तरको संगालो | २०६५ आश्विन |
| २८ | अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान १९९८ अनुमोदनको आवश्यकता र औचित्य | २०६५ आश्विन |
| २९ | वार्षिक प्रतिवेदन २०६४-२०६५ | २०६५ आश्विन |
| ३० | बालअधिकारक : सीफारिस कार्यान्वयनको अवस्था | २०६५ कार्तिक |
| ३१ | Annual Report English Summary | २०६५ मंसीर |
| ३२ | मानव अधिकारको अवस्था | २०६५ मंसीर |
| ३३ | आन्तरिक विस्थापन सम्बन्धिजानकारी | २०६५ मंसीर |
| ३४ | आन्तरिक विस्थापन र विस्थापीतको अधिकार रक्षार्थ भएका प्रयासहरू | २०६५ माघ |
| ३५ | Rapid Assessment of conflict induced internally displaced persons (IDP's) for their return, resettlement and Reintegration. | २०६६ बैसाख |
| ३६ | नेपालमा बालअधिकारको अवस्था बारे बार्षिक प्रतिवेदन २००८ | २०६६ बैसाख |
| ३७ | Status of the child Rights in Nepal Annual Report 2008 | २०६६ जेठ |
| ३८ | | |
| ३९ | राष्ट्रिय मानव अधिकार आयोगले गरेका सफारिसहरूको कार्यान्वयन सम्बन्धी अवस्था | २०६६ जेठ |
| ४० | बार्षिक प्रतिवेदन क्षेत्रीय कार्यालय पोखरा | २०६६ जेठ |
| ४१ | यातना विरूद्धको अभियान र राष्ट्रिय मानव अधिकार आयोग | २०६६ जेठ |
| ४२ | मानव अधिकार मासिक | २०६६ असार |

| | | |
|---|---|---|
| ४३ | नेपालमाबलपूर्वक बेपत्ताको अवस्था सम्बन्धी संक्षिप्त प्रतिवेदन | २०६६ भदौ |
| ४४ | बर्षिक प्रतिवेदन २०६५/२०६६ | २०६६ कार्तिक |
| ४५ | शान्ति सम्झौताको ३ बर्ष नेपाली/English | २०६६ मंसीर |
| ४६ | जाजरकोट लगायत मध्यतथा सुदुर पश्चिमका जिल्लाहरूमा झाडापखला हैजाबाट भएको सर्वसाधारणको मृत्यु तथा खाद्य पदार्थको वितरण सम्बन्धमा गरिएको अनुगमन अनुसन्धान प्रतिवेदन | ०६६ |
| ४७ | राष्ट्रिय मानव अधिकार आयोग संक्षिप्तप्रतिवेदन २०६५/२०६६ | मंसीर २०६६ |
| ४८ | A Research on Gender vulnerability to trafficking in the context of Discrimination & Denial of Economic, Social & cultural rights in mid & far western region Nepal 2009 | फागुन २०६६ |
| ४९ | बालअधिकार प्रतिवेदन २००९ | फागुन २०६६ |
| ५० | A brief overview (Annual Report) | चैत २०६६ |
| ५१ | आयोगको एक दशक महत्वपूर्ण प्रेस विज्ञप्तिहरू | जेठ २०६७ |
| ५२ | Trafficking in persons especially on women & children in Nepal National report 2008-2009 | असार २०६७ |
| ५३ | A Decade of NHRC Nepal a (Pictorial Book) | असार २०६७ |
| ५४ | आायोगका १० बर्षका सीफारिस कार्यान्वयनको अवस्था | असार २०६७ |
| ५५ | मानव बेचविखन महिला तथा बाल बालिका सम्बन्धी राष्ट्रिय प्रतिवेदन सारांश | भदौ २०६७ |
| ५६ | कारागार तथा हिरासत अनुगमन प्रतिवेदन | असोज २०६७ |
| ५७ | विस्तृत शान्ति सम्झौताको चार बर्ष | कार्तिक २०६७ |
| ५८ | बर्षिक प्रतिवेदन २०६६-०६७ | पौष २०६७ |
| ५९ | नेपालमा बाल अधिकारको अवस्था बार्षिक प्रतिवेदन २०१० | पौस २०६७ |
| ६० | नागरिक समाजसंग आयोगको सहकार्य | बैसाख, २८, २०६८ |
| ६१ | राष्ट्रिय मानव अधिकार अयोग : एक झलक | जेठ, २०६८ |
| ६२ | मानव अधिकार सम्बन्धी संक्रमणकालिन न्यायका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको निर्णय | २०६८ असार |

| | | |
|---|---|---|
| ६३ | जेष्ठ नागरिक माथि भएका दुर्व्यवहार सम्बन्धी प्रकाशित समाचारहरूको अध्ययन | २०६८ असार |
| ६४ | मुद्दा फिर्ता सम्बन्धी कानुनी राय | २०६८ असार |
| ६५ | मानव अधिकार प्रश्नोत्तर संगालो | २०६८ असार |
| ६६ | मानव अधिकार पत्र (माशिक १२ महिना) | १२ महिना |
| ६७ | NHRC Bulletin monthly | १२ महिना |
| ६८ | विस्थापन सम्बन्धी बृत्त चित्र | |
| ६९ | ब्रोसर | २०६८ असार |
| ७० | गोजिपात्रो केन्द्रिय कार्यालय र क्षत्रीय कार्यालय तथा उपक्षेत्रीय कार्यालयबाट | २०६८ असार |
| ७१ | बर्षिक प्रतिवेदन २०६७-२०६८ नेपालगंज | २०६८ असार |
| ७२ | बर्षिक प्रतिवेदन २०६७-२०६८ पोखरा | |
| ७३ | सक्रमणकालीन न्यायका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको निर्णय | साउन २०६८ |
| ७४ | जेष्ठ नागरिक माथि भएका दुर्व्यवहार सम्बन्धी प्रकासित समाजचाहरको अध्ययन | साउन २०६८ |
| ७५ | उपभोक्ता मार्ग निर्देशीका | साउन २०६८ |
| ७६ | नेपालमा आर्थिक सामाजिक तथा सास्कृतिक अधिकार सम्बन्ध पुस्तीका | |
| ७७ | Trafficking in persons especially on women & children in Nepal National report 2009-2010 | कार्तिक२०६८ |
| ७८ | मानव अधिकार रक्षकहरूका लागि प्रशिक्षण पाठ्यक्रम | कार्तिक २०६८ |
| ७९ | विकाशका लागि मानव अधिकार पद्दति( श्रोतपुस्तक) | कार्तिक २०६८ |
| ८० | मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिका सम्बन्धी राष्ट्रिय प्रतिवेदनको सारसंक्षेप सन् २००९-१० | कार्तिक २०६८ |
| ८१ | बर्षिक संक्षिप्त प्रतिवेदन २०६७-०६८ संक्षिप्त | मंसिर २०६८ |
| ८२ | Course of Instruction for Human rights Defenders | नोबेम्बर |
| ८३ | राष्ट्रिय मानवअधिकार आयोग ऐन २०६८ | वैशाख २०६९ |
| ८४ | जतिय विभेद विरूद्धको अधिकार - विषयगत पुस्तिका | जेठ २०६९ |
| ८५ | महिला मानव अधिकार - विषयगत पुस्तिका | जेठ २०६९ |
| ८६ | बालअधिकार अधिकार - विषयगत पुस्तिका | जेठ २०६९ |

| | | |
|---|---|---|
| ८७ | यातना विरूद्धको अधिकार - विषयगत पुस्तिका | जेठ २०६९ |
| ८८ | नागरिक तथा राजनीतिक अधिकार - विषयगत पुस्तिका | जेठ २०६९ |
| ८९ | आर्थिक सामाजिक तथा संस्कृति अधिकार - विषयगत पुस्तिका | जेठ २०६९ |
| ९० | आपाङ्गता भएकाव यक्तिहरूका मानव अधिकार - विषयगत पुस्तिका | जेठ २०६९ |
| ९१ | आप्रवासी कामदारहरूको अधिकार - विषयगत पुस्तिका | जेठ २०६९ |
| ९२ | बलपूर्वक बेपत्तापार्ने कार्य विरूद्धको अधिकार - विषयगत पुस्तिका | जेठ २०६९ |
| ९३ | शवोत्खनन् मार्ग निर्देशिका , २०६९ | जेठ २०६९ |
| ९४ | नागरिक तथा राजनितिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र तथा यसका स्वेच्छिक आलेखहरू | जेठ २०६९ |
| ९५ | आर्थिक, सामाजिकतथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राराष्ट्रिय प्रतिज्ञापत्र | जेठ २०६९ |
| ९६ | सबै किसिमका जातिय भेदभाव उन्मुलन गर्ने सम्वन्धी अन्तर्राष्ट्रि महा सन्धि | जेठ २०६९ |
| ९७ | महिला विरूद्धका सबै प्रकारका भेदभावउन्मूलनगर्ने सम्बन्धी महासन्धि | जेठ २०६९ |
| ९८ | बाल अधिकार सम्वन्धी महासन्धि | जेठ २०६९ |
| ९९ | यातना तथाअ न्य कुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि | जेठ २०६९ |
| १०० | बालअधिकार बार्षिक प्रतिवेदन २०११ | जेठ २०६९ |
| १०१ | National Human Rights Commission Nepal strategic plan 2011-14 | जेठ २०६९ |
| १०२ | Universal Declaration of Human Rights | जेठ २०६९ |
| १०३ | सबै किसिमका जातिय भेदभाव उन्भूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ | जेठ २०६९ |
| १०४ | विश्वव्यापी आवधिक समीक्षा | २०६९ असार |
| १०५ | NHRC – Nepal on the Rights of the Migrant Workers An overview | २०६९ कार्तिक |

| | | |
|---|---|---|
| १०६ | Foreign Labor Migration& Trafficking in persons in Nepal : A situational Analysis worker and Trafficking | २०६९ कार्तिक |
| १०७ | बार्षिक प्रतिवेदन २०६८–६९ | २०६९ मंसीर |
| १०८ | मानव अधिकार सम्विन्धि महासन्धिहरू | २०६९ मंसीर |
| १०९ | नेपालमा बाल अधिकारको अवस्था सम्बन्धि राष्ट्रिय प्रतिवेदन | २०६९ मंसीर |
| ११० | Trafficking in petsons especially on Women & Children in Nepal National Report 2011 | २०६९ मंसीर |
| १११ | मानवअधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलनको प्रतिवेदन आश्विन २२-२३,२०६९ | २०६९ पौष |
| ११२ | International Conference on the Rights of Migrant Workers Nov.26-27 2012 | २०६९पौष |
| ११३ | Trafficking report 2012 | |

## १.३ प्रकाशित केही विज्ञप्तिहरू (वि.स २०६४-७०)

### संयमतापूर्वक शान्ति र सामाजिक सद्भावलाई कायम राख्न जनसमुदायमा आग्रह

नेपालगञ्ज/२०६४ भाद्र ३० गते,
कपिलबस्तु जिल्लाका बिभिन्न भागमा देखिएका हत्या, आगजनी, तोडफोड जस्ता अप्रिय घटनाहरूप्रति राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस्ता घटनाहरूबाट नागरिकको बाँच्न पाउने अधिकार, स्वतन्त्ररूपमा आवतजावत गर्न पाउने अधिकार लगायत अन्य अधिकारहरूको समेत गम्भीर उल्लंघन भएको छ । नागरिक अधिकार को सुरक्षा गर्नका साथै भयरहीत बातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितका लागि संयमतापूर्वक शान्ति र सामाजिक सद्भावलाई कायम राख्न तथा यस्ता घटनाहरू कुनै पनि क्षेत्रमा कुनैपनि समूह, व्यक्तिद्वारा नदोहोर्‍याउन एवं यस्ताखाले घटनाहरूप्रति सजग रहन आयोगको क्षेत्रीय कार्यालय,नेपालगञ्ज सम्बन्धित सबै पक्षहरूका साथै सम्पूर्ण जनसमुदायमा हार्दिक आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक )

### सकुशल कव्जामुक्त गर्न आग्रह

नेपालगञ्ज/२०६४ कार्तिक १७ गते,
जिल्ला दाङ, मानव अधिकार संरक्षण मञ्च दाङ जिल्ला कमिटि सदस्य प्रकाश आचार्य र नेकपा. एमाले पवननगर गाउँ कमिटी दाङका पूर्व सचिब तथा दाङ तुल्सिपुरमा स्टेशनरी व्यापार गरी वसेका निर्मलकुमार आचार्य यही कार्तिक १४ गतेका दिन पवननगर गाउँ बिकास समिति वार्ड नं ८ भमकेको खेत खरिहानमा धान बटैया गर्न गएका र धान बटैया गर्न ढिलाई भएको र आफ्नो भागमा परेको धान स्थानीय व्यापारी गोविन्द अर्याल कहाँ तौल गराई साँझ ६ बजेतिर निजहरू बसोवास गरेको दाङ तुलसिपुर तर्फ फर्कंदै गरेको अवस्थामा अज्ञात समूहबाट अपहरण गरिएको र निजहरूको अवस्था हालसम्म अज्ञात रहेकाले निजहरूको सकुशल अपहरण मुक्तिका लागि पहल गरि पाँउ भन्ने उजुरीका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ ।

व्यक्तिलाई अपहरण गर्ने, कब्जामा लिई राख्ने, स्थिति अज्ञात तुल्याउने जस्ता कार्यहरू प्रचलित राष्ट्रिय, अन्तर्राष्ट्रिय मानव अधिकारका मुलभूत मान्यताहरू बिपरित छन् । तसर्थ व्यक्तिको स्वतन्त्रता पूर्वक बाँच्न पाउने, आवतजावत गर्न पाउने तथा सम्पति सम्बन्धि मौलिक हकहरूको सम्मान गर्दै निज प्रकाश आचार्य र निर्मलकुमार आचार्यलाई विनाशर्त अविलम्व सकुशल रिहाई गर्न आयोग सम्बन्धित पक्षलाई आग्रह गर्दछ । (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

**अपहरण मुक्त गर्न आह्वान**

पोखरा/२०६४ पुस २६ गते, कपिलबस्तु जिल्ला तौलिहवा नगरपालिका वडा नं. ४ निवासी जिल्ला विकास समीतिको कार्यालय कपिलबस्तु अन्तर्गत स्थानीय विकास कोषमा कार्यरत निरञ्जन पौड्याललाई २०६४ साल पुस २५ गते कार्यालयको कामको सिलसिलामा सोही जिल्लाको तिर्तिखी गाविसको तिर्तिखा गएको अवस्थामा सो ठाँउबाट दिनको करिब ३.३० बजे दुइजनाको समूहमा आएका संयुक्त जनतानित्रक तराई मोर्चाका कार्यकर्ताहरूले अपहरण गरेको भनी प्राप्त जानकारीप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग अपहरित पौड्यालको सम्मानपूर्बक बाँच्न पाउने अधिकार जीवनको अधिकार, स्वतन्त्रता पूर्वक हिडडुन गर्न पाउने तथा पेशा रोजगार गर्न पाउने जस्ता आधारभूत मानव अधिकारहरूको सम्मान गर्दै विनाशर्त अविलम्व निजलाई रिह ागर्न संयक्त जनतान्त्रिक तराई मुक्ती मोर्चालाई आह्वान र नेपाल सरकारलाई अपहरित व्यक्तिको जीबनको सुरक्षाको निम्ति आबश्यक पहल गर्न आग्रह समेत गर्दछ ।

कुनै निहुँमा व्यक्तिलाई अपहरण गर्नु वा बलजफ्ती कब्जामा लिनु मानव अधिकार माथिको ज्यादती भएकाले आगामी दिनमा यस्ता कार्य गर्न गराउन बन्द गर्नु समेत आयोग सम्बन्धित सबै पक्षहरूलाई आह्वान गर्दछ । (प्रेमबहादुर थापा, नि.निर्देशक)

**मानव अधिकार स्थितिको अनुगमन तथा अनुसन्धान**

नेपालगञ्ज/२०६४ माघ ६ गते,

राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगंजका क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई तथा संरक्षण अधिकृत पवनकुमार भट्ट सहितको टोलीले हालै सुर्खेत पुगी त्यहाँको मानव अधिकार उल्लंघनसँग प्रहरीसँग सम्बन्धित केही घटनाको प्रारम्भिक अनुसन्धान, सुर्खेत कारागार अनुगमन, आयोगबाट विगतमा भएका शिफारिस अनुरूप पीडितहरूलाई क्षतिपूर्ति तथा पीडकलाई कार्यवाहीको सम्बन्धमा क्षेत्रीय प्रशासन कार्यालय सुर्खेतको ध्यानाकर्षण गराएको थियो । साथै, बिस्तृत शान्ति संझौता पछि पनि रूकुम, प्यूठान, सल्यान र जाजरकोटमा नेकपा.माओवादीबाट श्रमकैदमा बिभिन्न अभियोग लगाई ४१ जना सर्वसाधारणहरूलाई कब्जामा राखी बन्धक बनाई उनीहरूको ईच्छा विपरित काममा लगाउने गरिएको भन्ने छापाहरूमा प्रकाशित सामाचारहरू उपर तत्काल अनुसन्धान गरी पीडितहरूलाई उद्दार गर्न तथा प्रचलित कानुन बमोजिम कुनै अपराध गरेको भए कानुनको दायरा भित्र ल्याई सजाय गर्न सम्बन्धित जिल्लाका प्रहरी, प्रशासनलाई निर्देशन दिनसमेत क्षेत्रीय प्रशासन कार्यालय सुर्खेतको ध्यानाकर्षण गरायो ।

टोलीले अनुगमनका क्रममा सुर्खेत कारागारमा देखिएको पीउने पानी, भान्सा कोठामा झ्याल, शौचालयमा ढोका, सरसफाई, बिमारीको स्वास्थोपचार, पत्र पत्रिकाको व्यवस्था, प्रमुख जिल्ला अधिकारीले नियमित रूपमा कारागारको अनुगमन गर्ने गरेको नपाइएकोले नियमित अनुगमन गर्न

तथा विस्थापितहरूलाई घर फर्काउने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय सुर्खेतको ध्यानाकर्षण गराएको थियो ।

टोलीले सोही क्रममा बाँके जिल्लाको इलाका प्रहरी कार्यालय, कोहलपुरमा रहेका ११ जना र जिल्ला प्रहरी कार्यालय सुर्खेतमा हिरासतमा रहेका १६ जना थुनुवाहरूसँग भेटी यातनाको सम्बन्धमा सोधपुछ गर्दा प्रहरीवाट कठोर यातना दिने कार्यमा सुधार आएको पाइयो भने कोठाको क्षमताभन्दा बढी थुनुवाहरू एउटै कोठामा राख्ने गरेको तथा रातको समयमा त्यही कोठा भीत्रै दिशा पिसाव गराउने गरेको पाइयो । प्रहरीहरू स्वयंले पाल भित्र सुति रात बिताउनु परिरहेको पाइएकोले सो को लागि निजहरूलाई समुचित बासको ब्यवस्था मिलाउनसमेत राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्ज स्थानीय प्रशासनको ध्यान आकृष्ट गराउँदछ ( वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक )

**आयोगद्वारा लटिनाथ घटनाका घाइतेहरूसँग भेट**

ललितपुर/२०६४ माध २४गते,
दार्चुला जिल्लाको लटिनाथमा माघ २२ मा भएको कुटपीट र आगजनी सम्बन्धी घटनाका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

आयोगका माननिय सदस्यद्वय रामनगीना सिंह र डा. के.बी रोकाया तथा अधिकृतहरू सम्मिलित टोलीले घटनाका घाईतेहरू नेपाली कांग्रेसका केन्द्रिय सदस्य दिलेन्द्रप्रसाद बडुलगायत अन्य चारजनालाई शिक्षण अस्पतालमा र नेपाल प्रहरीका घाईतेहरू ६ जनालाई आज विरेन्द्र प्रहरी अस्पतालमा तथा गोलीबाट घाईतेभई कोहोलपुर मेडिकल कलेज नेपालगंजमा उपचारको लागि भर्ना गरिएका हर्क सिंह धामीसग आयोगको क्षेत्रीय कार्यालय नेपालगंजबाट खटिएको टोलीले भेटी निजहरूको स्वास्थ्य स्थिति तथा घटनाको बारेमा जानकारी सङ्कलन गरेको छ । उक्त घट्नालाई आयोगले गंभिरतापुर्वक लिई सो घट्नाको भर्त्सना गर्दछ ।

निकट भविष्यमा हुनगैरहेको संविधान सभाको निर्वाचनको लागि सम्वद्ध सबै राजनीतिक दलहरू तथा व्यक्तिहरूलाई भेला हुने, अभिव्यक्ति दिने र स्वतन्त्रतापूर्वक सभा सम्मेलन गर्न पाउने अधिकार रहेको स्मरण गराउदै देशका सम्पूर्ण राजनीतिक दलहरू तथा सम्बद्ध सबै पक्षहरूलाई मानव अधिकारको सम्मान गर्न राष्ट्रिय मानव अधिकार आयोग आग्रह गर्दछ । त्यस्तै नेकपा (माओवादी) बाट विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर पछि भंग गरेको जनपरिषदलाई पुनः स्थापना गरी स्थानीय तह सम्म सकृय गराउने निर्णयबाट विस्तृत शान्ति सम्झौताको उल्लघंन भएको देखिन्छ । यसरी, विस्तृत शान्ति सम्झौताको उल्लङ्घन हुने खालका क्रियाकलापहरू कुनै पनि पक्षबाट नगर्न, नगराउन आयोग आह्वान गर्दछ ।

साथै, उक्त घटनाको निष्पक्ष छानबिन गरी दोषी उपर प्रचलित कानुन अनुसार आवश्यक कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । पद्मा माथेमा (निमित्त सचिब)

## मानव अधिकारको प्रभावकारी कार्यान्वयनको अवस्थालाई सुनिश्चित गर्न आग्रह

नेपालगञ्ज/२०६४, फागुन ६ गते,
नेपालगञ्ज क्षेत्र भित्र फागुन ५, २०६४ मा भएको दु:खद् घटनाको राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जले नजिकबाट अनुगमन गरेको छ । घटनामा नेपालगञ्ज न.पा.वडा नं.१६ बेलासपुर निवासी ३५ वर्षीय गुल्जार खाँनको मृत्यु, पत्रकारहरू माथि भएको कुटपीट तथा दुर्व्यवहार, आयोगको अनुगमन टोलीलाई प्रदर्शनकारीहरूले तस्वीर खिच्न नदिएको अवस्था, ४ दर्जनभन्दा बढी प्रदर्शनकारीहरू तथा प्रहरीहरू घाइते भएको अवस्था, तोडफोड, आगजनी तथा जुलुसमा बाल बालिकाको प्रयोगको सम्बन्धमा आयोगको गम्भीर रूपमा ध्यानार्कषण भएको छ ।

यसै बिषयलाई लिएर आज राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगंजले आयोगको कार्यालयमा प्रमुख जिल्ला अधिकारी तथा बरिष्ठ प्रहरी उपरिक्षक र मानव अधिकार वादी संघ संस्था तथा कानुन व्यवसायीहरूसँग छलफल गरेको थियो भने अर्कोपटक पत्रकार, मानव अधिकारकर्मी, नागरिक समाज, बन्द तथा शान्ति ऱ्याली आयोजक पार्टीका प्रमुख तथा प्रतिनिधिहरूसँग छलफल गरेको थियो ।

व्यक्तिको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार, शान्तिपूर्णरूपमा सभा सम्मेलन तथा प्रदर्शन गर्न पाउने अधिकार, पत्रकारहरूको स्वतन्त्रतापूर्वक समाचार संकलन गर्न पाउने अधिकार, बालबालिकाको अधिकार जस्ता कुराहरूलाई सम्मान गर्दै शान्ति, सुव्यवस्था र मानव अधिकारको प्रभावकारी कार्यान्वयनको अवस्थालाई सुनिश्चित गर्न, समाजमा भयरहीत बातावरण सृजना गर्न, घाइतेहरूको तत्काल आवश्यक उपचारको व्यवस्था मिलाउन आयोग स्थानीय प्रसासन, नागरिक समाज तथा सम्बन्धित दलहरू समेतलाई आग्रह गर्दछ । (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## संविधान सभाको निर्वाचन, विस्तृत शान्ति सम्झौताको पालना तथा समग्र मानव अधिकार को अवस्थाको सम्बन्धमा जाजरकोट जिल्लाको अनुगमन

नेपालगञ्ज/२०६४ फागुन २१ गते,
राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालञ्जको क्षेत्रीय निर्देशकसहितको एक टोलीले हालै जाजरकोट जिल्लाको संविधान सभाको निर्वाचन, विस्तृत शान्ति सम्झौताको पालना तथा समग्र मानव अधिकारको अवस्थाको सम्बन्धमा अनुगमन गरेको छ । अनुगमन टोलीमा संरक्षण अधिकृतद्धय रमेश थापा तथा हरिप्रसाद ज्ञवालीको सहभागीता थियो ।

अनुगमनको क्रममा टोलीले संविधान सभाको निर्वाचनमा राजनीतिक दलहरू सकृयतापूर्वक लागिसकेको, निर्वाचनको लागि प्रभावकारी सुरक्षा व्यवस्था कायम गरिएको पाइएको थियो । जाजरकोटको समग्र मानव अधिकारको स्थिति सम्बन्धमा स्थानीय नागरिक समाजका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधिहरू, संविधान सभा निर्वाचनका प्रत्याशी उम्मेदवारहरू, मानव अधिकारकर्मीहरू, दलित संगठनका प्रतिनिधिहरू, पेशागत संगठनका प्रतिनिधिहरू, पूर्व सांसद,

विधायिका सांसद, तथा पत्रकारहरूसँग अन्तरक्रिया कार्यक्रम संचालन गरेको थियो । सोही सन्दर्भमा टोलीले जाजरकोट जिल्लाको कारागार, शिक्षा, स्वास्थ्य, खाद्य आपूर्ति, सुरक्षा, स्थानीय विकास, स्थानीय प्रशासनसँग सम्बन्धित प्रमुख चुनौतिहरू र त्यसबाट मानव अधिकारको क्षेत्रमा पर्नसक्ने प्रभावको सम्बन्धमा छुट्टाछुट्टै छलफल गरेको थियो ।

## अनुगमनको क्रममा टोलीले प्राप्त गरेका मूलभूत तथ्यहरू:

१. सदरमुकामभन्दा टाढाका गा.वि.स.हरूमा प्रभावकारी खाद्य आपूर्ति हुन नसक्दा खाद्य अभाव हुने गरेको पाइयो ।
२. विभिन्न बिद्यालयहरूमा "सट्टा शिक्षक"को परिपाटीले गर्दा बालबालिकाको शिक्षा सम्बन्धी अधिकार हनन् हुने गरेको पाइयो भने सम्बन्धित बिद्यालयका अभिभावक तथा बिद्यालय व्यवस्थापन समिति जिम्मेवारीपूर्ण हुननसकेको पाइयो ।
३. जिल्ला अस्पतालमा दरबन्दी अनुसार डाक्टरहरू नहुँदा बिरामीको स्वास्थ्योपचार तथा मृतकको पोष्टमार्टमको लागि समस्या हुने गरेको पाइयो ।
४. सल्यानको सल्लीबजार तथा सुर्खेतको औल झ्याममा प्रहरी र स्थानीय प्रशासनले प्रभावकारी भुमिका निर्वाह गर्न नसक्दा यातायात व्यावसायीको सडकमा मनोमानी भई जाजरकोटबासीले यातायात सेवाबाट बञ्चित हुनु परेको अवस्था पाइयो ।
५. माओवादी जनअदालतबाट सजाय भोगिरहेकाहरू मध्ये ५ जना व्यक्ति अझै माओवादी श्रमकैदमा निगरानीमा रहेको नेकपा. माओवादीबाट स्वीकार गरेको पाइयो ।
६. जनयुद्धको क्रममा टुहुरा, अनाथ र बेसहारा बनेका भनिएका करीब २८० जना बाल बालिकाहरूलाई बिभिन्न गा.वि.स.हरूमा नेकपा. माओवादीहरूले बिद्यालय सञ्चालन गरी पठनपाठनको व्यवस्था गरेको बुझियो ।

अनुगमनबाट प्राप्त उल्लेखित तथ्यहरू उपर अत्यन्त संवेदनशील भई मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा सहयोग पुऱ्याउन तथा क्रियाशील रहन राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्ज यसै विज्ञप्ति मार्फत सम्बन्धित सरोकारवालाहरू,स्थानीय प्रशासनहरू, जिम्मेवार सरकारी निकायहरू तथा क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेतको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउँदछ । (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## संविधान सभा सदस्य निर्वाचनको उम्मेदवारको अपहरणप्रति आयोगको गम्भीर ध्यानाकर्षण

पोखरा/२०६४ फागुन २५ गते,
कपिलवस्तु जिल्ला निर्वाचन क्षेत्र नं. २बाट जनमोर्चा नेपालको तर्फबाट संविधान सभा सदस्यको पदमा उम्मेदवार बन्नु भएका सो दलका जिल्ला सचिब कमलेश भन्ने ब्रिज विहारी शुक्ला, ४०लाई मिति २०६४ फागुन २४ गते अखन्दाजी बेलुका ८.३० बजेको समयमा सोही जिल्लाको क्षेत्र नं. ३ दोहनी गाविसबाट संयुक्त तराई जनतान्त्रिक मुक्ति मोर्चाका सदस्यहरूले अपहरण गरी अज्ञात ठाउँमा राखी बेपत्ता बनाएको समाचार बिभिन्न संचार माध्यमबाट प्रसारित तथा प्राकाशित भएको घटनाले यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त घटनाबाट मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८को धारा २१ तथा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुवन्ध, १९६६को दफा २५द्वारा प्रत्याभूत गरिएको निर्वाचनमा उम्मेदवार हुने तथा मतदान गर्न पाउने आधारभूत मानव अधिकारको उल्लघन भएको छ साथै सो घटनाबाट नेपालको अन्तरिम संविधान २०६३ द्वारा नेपाली नागरिककलाई प्रत्याभूत गरिएको स्वतन्त्रता सम्बन्धी अधिकार मध्ये सम्मानपूर्वक बाँच्न पाउने हक कानुन बामोजिम व्यक्तिको स्वतन्त्रता अपहरण नहुने हक लगायतका स्वतन्त्रताहरूको समेत उल्लंघन हुन गएको छ।

तसर्थ व्यक्तिको मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूलाई सबै पक्षबाट सम्मान तथा प्रत्याभूत गर्न र अपहरण गरिएका व्यक्ति निज ब्रिज बिहारी शुक्लालाई अविलम्ब मुक्त  गर्न यस कार्यालय संयुक्त तराई जनतान्त्रिक मुक्ति मोर्चालाई आग्रह गर्दछ भने नागरिकको निर्वाचनमा भाग लिने, मताधिकारको प्रयोग गर्ने लगायत भयमुक्त बातावरणमा बाँचन पापउने अवस्थाको श्रृजन ागर्न नेपाल सरकार संग आग्रह गर्दछ। (अच्युत आर्चाय, नि.निर्देशक)

**मानव अधिकारप्रति संवेदनशील हुन आयोगको आग्रह**

ललितपुर/२०६४ फागुन २९ गते,
राष्ट्रिय मानव अधिकार आयोगमा संविधान सभा निर्वाचनका सिलसिलामा विभिन्न पक्षहरूबाट मानव अधिकार प्रभावित भएको सम्बन्धमा विभिन्न जानकारी प्राप्त हुन आएका छन्-

मिति २०६४ फागुन १० गते अर्घाखाँची जिल्ला नुवाकोट गाविस. ३ स्थित महेन्द्र प्राबिको प्राङ्गणमा नेकपा माओवादीले आयोजना गरेको चुनाव प्रचार-प्रसारको कार्यक्रममा माओवादी  र नेकपा एमाले लगायतका स्थानीय बासिन्दाबीच भएको झगडामा नेकपा माओवादीका एकजना कार्यकर्ताको मृत्यु  र ११ जना घाईते भएको घटनाका सम्बन्धमा आयोगबाट स्थलगत अनुगमन भई प्रतिवेदन प्राप्त हुन आएको,

मिति २०६४ फागुन २५ गते सिन्धुपाल्चोक जिल्ला क्षेत्र नं. ३ को लाँगचें गाविसमा चुनावी प्रचारको सिलसिलामा जाँदै गरेका राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष पशुपति समसेर जबरालाई माओवादी पार्टी कार्यकर्ताले भोटोनाम्लाङ गाविसमा अवरोध सिर्जना गरेको जानकारी प्राप्त भएको,

ललितपुर जिल्ला क्षेत्र नं. १ मा पर्ने आस्राङ गाविसको लुकुनेबेसीमा माओवादी भ्रातृसङ्गठन वाइसिएलका कार्यकर्ताले आक्रमण गरी एमालेका कार्यकर्ता नारायण तिमल्सिना लगायतलाई गम्भीर घाइते तुल्याएको भन्ने जानकारी प्राप्त भएको,

राष्ट्रिय जनशक्ति पार्टीका धनकुटा जिल्ला अध्यक्ष कुमारबहादुर थापा लगायतका कार्यकर्तालाई धनकुटा जिल्लामा संविधान सभा चुनाव प्रचारमा हिंडेका बेला उनीहरूको साथमा रहेको नगद र

राष्ट्रिय मानव अधिकार आयोग

पार्टीका केन्द्रीय अध्यक्ष सूर्यबहादुर थापाको नागरिकता र तीनथान मोबाइलसमेत वाईसिएलका कार्यकर्ताले लुटेको जानकारी हुन आएको,

मधेसमा सशस्त्र सङ्घर्ष गरिरहेका समूहसित वार्ता नगर्ने भनी प्रधानमन्त्रीले अभिव्यक्ति दिनुभएको भनी विभिन्न सञ्चार माध्यममा प्रकाशित/प्रसारित समाचार,

अतः उल्लिखित घटनाहरूका सम्बन्धमा आयोगले गम्भीर चासो व्यक्त गर्दछ। ती घटनाहरूका सम्बन्धमा गम्भीरता पूर्वक आवश्यक अनुगमन गरिरहेको छ। आउँदो चैत्र २८ गते हुन गइरहेको संविधान सभा निर्वाचनको प्रचार प्रसारको सिलसिलामा स्वतन्त्रतापूर्वक राजनीतिक दलहरूले आफ्ना गतिविधि सञ्चालन गर्न पाउनु मानव अधिकारको विषय भएकाले त्यसको सम्मान गर्न सम्बन्धित पक्षहरूलाई आयोग आग्रह गर्दछ। साथै, मधेसमा सशस्त्र सङ्घर्ष गरिरहेका समूहसित वार्ता नगर्ने भनी प्रधानमन्त्रीले अभिव्यक्ति दिनुभएको भनी विभिन्न सञ्चार माध्यममा प्रकाशित/प्रसारित समाचारबाट आगामी निर्वाचनमा मानव अधिकार र शान्तिसुरक्षाको अवस्थामा प्रभावपर्ने संभावनालाई दृष्टिगत गरी आवश्यक संवेदनशिलता अपनाउन राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धित पक्षहरूको ध्यानाकर्षण गराउँछ। (विशाल खनाल, सचिब)

## स्वतन्त्र निष्पक्ष र शान्तिपूर्ण निर्वाचन प्रकृयामा असर पर्ने कार्यप्रति आयोग द्वारा ध्यानाकर्षण

ललितपुर/२०६४ फागुन ३० गते,
रामेछाप जिल्लाको दूर्गम गाउँ गौखर्कमा माओवादहिरूद्वारा नेकपा (एमाले)को चुनावी अभियानमा आक्रमण गरी सो दलका संविधानज सभा निर्वाचन उम्मेदवार देवशंकर पौडेल लगायतका कार्यकर्ताहरूलाई द्धाइटे बनाएको प्रकाशित समाचारप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानकर्षण भएको छ।

त्यस्तैगरी, मधेशी जनअधिकार फोरमका कार्यकर्ताहरूले सुनसरी जिल्ला निर्वाचन क्षत्र नं. ५ अन्तर्गतको लोकही बजारमा नेवाली काग्रेश का उममेदवार विना विभागीय मन्त्री सुजाता कोइरालाको चुनावी सभामा भएको अक्रमणलाई पनि आयाृथगले गम्भीरतापूर्वकम हेरेको छ।

चैत्र २८ गते हुन गैरहेको संविधान सभाको स्वतन्त्र विनष्पक्ष र शान्तिपूर्ण निर्वाचन प्रक्रियामा असर पर्ने कुनै पनि कार्य दलवाट हनन् भएन। यस्ता कार्यहरूले शान्तिपूर्ण भेला हुन प्रचार प्रसार गर्न पापउन संसिवधान प्रलत्त अधिकारको उल्लघन हुने हुदाँ सवं पक्षलाई संवेदनशील भई दिन राष्ट्रिय मानव अधिकार आयोगले ध्यानाकर्षण गराएको छ। (विशाल खनाल, सचिब)

## मताधिकार, निर्वाचन आचार संहिताको पालना सम्बन्धमा रूकुम, सल्यान र दाङ्गमा अनुगमन

नेपालगञ्ज /२०६४ चैत्र ११गते,
राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगंजका क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई, संरक्षण अधिकृतद्वय पवनकुमार भट्ट र हरिप्रसाद ज्ञवाली सहितको टोलीले हालै रूकुम र सल्यान जिल्लामा संविधान सभा निर्वाचन तयारी, आपसी समन्वय, शान्ति सुरक्षाको

स्थिति तथा प्रबन्ध, मतदाता तथा उम्मेदवारहरूको मताधिकार, प्रचारप्रसार, निर्वाचन आचार संहिताको पालना एवं भयरहित ढगंबाट निर्वाचन सम्पन्न भई जनताको राजनीतिक अधिकारको सुनिश्चितताको सम्बन्धमा अनुगमन गरेको छ। टोलीले अनुगनको क्रममा रूकुम तथा सल्यानका मानव अधिकारकर्मी, निर्वाचन पर्यवेक्षकहरू, पत्रकार, बिभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, मुख्य निर्वाचन/निर्वाचन अधिकृतहरू, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुखहरू तथा नागरिक समाजका प्रतिनिधिहरूसंग छलफल गरेको थियो। यसै सन्दर्भमा टोलीले दाङ्ग तुलसीपुरस्थित मानव अधिकारकर्मी, निर्वाचन पर्यवेक्षक तथा नागरिक समाजका अध्यक्षसँग समेत छलफल गर्यो।

**अनुगमनको क्रममा समग्रमा पाइएका तथ्यहरू देहायनुसार छन् :**

१. दाङ्गको फुलबारी, उरहरी क्षेत्रमा निर्वाचन चिन्ह सहित भित्तेलेखन तथा सामान्य पोष्टरिङ भएको पाइयो।
२. सल्यान, रूकुमका सदरमुकाम लगायत विभिन्न स्थानहरूका निजि घरहरूमा स्वीकृति बिना तथा सार्वजनिक स्थल, धार्मिक स्थलमा व्यापक मात्रामा रूख, सूर्य, गोलाकार भित्र हसिया हथौडा, हलो, छाता, र गिलास चुनाव चिन्ह अंकित पर्चाहरू टाँसिएको पाइयो।
३. दलहरूले चुनाव प्रचारको लागि माईकिङ गरेको पाइयो।
४. सल्यानमा निर्वाचन पर्यवेक्षणका लागि खटिएका पर्यवेक्षकहरू टोपी सहित चुनाव प्रचार प्रसारको लागि दलको चुनाव चिन्ह र झण्डा सहितको गाडीमासँगै हिँडेको पाइयो भने पर्यवेक्षण अनुमति लिएका संस्थाका प्रतिनिधिहरू पनि चुनाव प्रचारमा संलग्न रहेको बुझियो।
५. रूकुम कारागारका कैदीहरूले पानी चुहिने घरभित्र चिसो भुइँमा सुत्नु पर्ने अवस्था रहेको र राति सुत्ने कोठा भित्रै बाल्टिनमा पिसाब फेर्नु पर्ने अवस्था रहेको पाइयो।
६. माओवादी श्रम कैदमा अझै रूकुममा १२ जना र सल्यानमा ४ जना रहेको स्वीकार गरेको पाइयो
७. रूकुमका १०१ परिवार विस्थापित पुनर्स्थापित भएको पाइयो।
८. आयोगबाट विभिन्न मितिमा क्षतिपूर्तिको लागि सिफारिस भएका पीडितका परिवारहरूलाई तत्काल क्षतिपूर्ति रकम उपलब्ध गराउन स्थानीय प्रशासनलाई निर्देशन दिइयो।
९. माओवादी पक्षबाट गाउँ गाउँमा मतदाताहरूलाई आफ्नो पक्षमा मतदान गर्न धम्क्याएको भन्ने भनाइ रूकुम, सल्यान, दाङका आम गैरमाओवादी पक्षबाट आएको पाइयो।
१०. निर्वाचन तयारी र शान्ति सुरक्षाको अवस्था सन्तोषजनक रहेको पाइयो भने दलहरूको प्रचार प्रसारमा उल्लेखनीय रूपमा कुनै पनि बाधा अवरोध नरहेको पाइयो।

अनुगमनका क्रममा पाइएका तथ्यहरू उपर सम्पूर्ण सरोकारवालाहरूले गम्भीरतापूर्वक ध्यानपुर्याई निष्पक्ष, स्वतन्त्र र भयरहीत ढंगले जनताले मताधिकार प्रयोग गर्न पाउने वातावरण तयार गर्न तथा मानव अधिकार रक्षाको पूर्ण प्रत्याभूति गर्दै संविधान सभाको निर्वाचन सफल पार्न राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्ज विशेष आग्रह गर्दछ। (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

**आमसभा अनुगमन**

नेपालगञ्ज/२०६४ चैत्र १९ गते,
राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको संरक्षण अधिकृतद्वय सरिता ज्ञवाली र मोहनदेव जोशी सहितको अनुगमन टोलीले संविधान सभा र निर्वाचन आचार संहिता २०६४ साथै संविधान सभा प्रचार प्रसारका लागि नेकपा.ए.मा.ले.द्वारा बाँकेको खजुराक्षेत्रमा आयोजित क्षेत्रीय आमसभा कार्यक्रम सम्बन्धमा स्थलगत अनुगमन गऱ्यो । अनुगमनको क्रममा टोलीले कार्यक्रम शान्तिपूर्ण तथा सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको पाएको थियो । आयोजक पार्टीले वालवालीकाको प्रयोग गरी वालवालीकालाई पार्टीका चुनाव चिन्ह सहितको रूमाल बाँध्न, पार्टीको पर्चा वितरण गर्न लगाई प्रचार प्रसारमा बाल बालिकाको प्रयोग गरेको पाइएको छ । त्यसै गरी नेपालको अन्तरिम संविधानले स्वास्थ्य सम्बन्धि मौलिक अधिकारको व्यवस्था गरेको छ सोको परिपूर्तिको लागि राज्यले सुविधा सम्पन्न निकायको रूपमा अस्पतालको व्यवस्था गरेको हुन्छ । जिल्ला प्रशासन कार्यायलय वाँकेले अस्पताल जस्तो संवेदनशील निकायको लोगो **H** लेखिएको सवारी साधन सम्बन्धित निकायलाई प्रयोग गर्नवाट बन्चित गरी सुरक्षा निकायलाई प्रयोग गर्न दिएको पाइएको छ । सो कार्यले आयोगको ध्यानाकर्षण भएको छ ।

संविधान सभा प्रचार प्रसारको क्रममा चैत्र १८ गते भएको नेकपा ए.मा.लेद्वारा आयोजना गरेको आमसभामा राजनीतिक अभिष्ट पूर्तिको लागि बाल बालिकाको प्रयोग गर्नु निर्वाचन आचारसंहिता विपरित हो । राजनीतिक उद्देश्य परिपूर्तिका लागि बालबालिकाको प्रयोग गर्नु आचारसंहिताको ठाडो उल्लघन हुने भएकाले आयोग सम्पूर्ण राजनीतिक दलहरूलाई आउदा दिनहरूमा निर्वाचन आचारसंहिताप्रति पूर्ण सजग र प्रतिवद्ध रहन आग्रह गर्दछ । साथै स्वास्थ्य जस्तो संम्वेदनशिल निकायको सवारी साधन अन्यत्र प्रयोग गर्दा जनताको स्वास्थ्य सम्बन्धी हकमा प्रतिकूल प्रभाव पर्न सक्ने हुदा सुरक्षाको लागि वैकल्पिक प्रवन्ध मिलाउन समेत आयोग स्थानिय प्रशासनलाई ध्यानाकर्षण गराउँदछ ।

साथै यसै हप्ता सल्यान, कालिकोट, रूकुम, जुम्ला, दैलेख आदि जिल्लाहरूमा चुनाव प्रसार प्रचारमा एक राजनीतिक दलका कार्यकर्ताहरूले अर्को राजनीतिक दलका कार्यकर्ताहरू माथि कुटपिट तथा आक्रमणका घटनाहरू घटिरहेको पाइएको हुदा त्यस्ता घटनाहरूलाई पूर्ण विराम दिई निर्वाचन आचार संहिताको पालना र व्यक्तिको राजनीतिक अधिकारको सम्मान गर्न समेत आयोग आग्रह गर्दछ । (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## संविधान सभा निर्वाचन आचार संहिता, २०६४ को पालना सम्बन्धमा बर्दिया, राजापुर क्षेत्रको अनुगमन

नेपालगञ्ज/२०६४ चैत्र १५ गते,
राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको संरक्षण अधिकृतद्वय रमेशकुमार

थापा र पवनकुमार भट्ट रहेको अनुगमन टोलीले संविधान सभा र निर्वाचन आचार संहिता, २०६४ को पालनाको सम्बन्धमा हालै बर्दिया जिल्लाको राजापुर क्षेत्र तथा जिल्लाका मनाउ, मानपुरटपरा, बदालपुर, नयाँगाउँ, पशुपतिनगर, पाताभार, गोला, दौलतपुर, राजापुर, भिम्मापुर, खैरिचन्दनपुर, सानोश्री, ठाकुरद्धारा, सूर्यपटवा, शिवपुर, नेउलापुर, मोतीपुर क्षेत्रको स्थलगत अनुगमन गरेको छ। अनुगमनको क्रममा टोलीले विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, संविधान सभा निर्वाचनका उम्मेदवारहरू, कार्यकर्ताहरू, मतदाताहरू, नागरिक समाजका प्रतिनिधिहरूसँग भेटघाट तथा छलफल गरेको थियो । अनुगमनको क्रममा टोलीले राजनीतिक दलहरूको चुनावी प्रचार प्रसार कार्यक्रम तथा संविधान सभा निर्वाचन आचार सहिंताको पालना गरे नगरेको, मतदाताहरूले भयरहित वातावरणमा मतदान गर्न पाउने अवस्था भए नभएको, मतदाता शिक्षा, भित्ते लेखन तथा पर्चा पम्पलेटिङको सम्बन्धमा अनुगमन गरेको थियो ।

आयोगको अनुगमन टोलीले संविधान सभा निर्वाचनकै सन्दर्भमा बर्दिया जिल्लाको राजापुर क्षेत्रमा रहेका प्रहरी चौकीका प्रमुखसँग छुट्टा छुट्टै भेट गरी निर्वाचन आचारसंहिता, सुरक्षा व्यवस्था र दलहरूको राजनीतिक गतिविधि तथा प्रहरी चौकीहरूको भौतिक संरचनाको समेत अनुगमन गरेको थियो । अनुगमनको क्रममा टोलीले अनुगमन गरेका क्षेत्रहरूमा राजनीतिक दलहरूले संविधान सभा निर्वाचन आचार संहिताको पालना गरेका, व्यक्तिगत घर तथा सार्वजनिक स्थलमा पर्चा पम्पलेटीङ नगरेका, शान्तिपूर्ण वातावरणमा चुनाव प्रचारप्रसार गतिविधि गरिरहेको पाइएता पनि मतदाता शिक्षा सम्वन्धी कार्यक्रम प्रभावकारी रूपमा हुन नसकेको पाइयो भने ठाकुरद्धारा बजार क्षेत्र तथा शिवपुर गाविस अन्तरगत पर्ने श्री जगदम्वा उच्च माविको पर्खालमा राजनीतिक दलद्धारा भित्ते लेखन गरेको पाइयो । त्यसैगरी नागरिकको शान्ति सुरक्षाको जिम्मेवारी लिएको प्रहरी चौकी मनाउको भौतिक संरचनाको अवस्था एकदमै नाजुक रहेको पाइयो ।

साथै, बाँके जिल्लाको नेपालगञ्जस्थित त्रिभुवन चौकमा १४ चैत्र २०६४ मा मधेशी जनअधिकार फोरम र तराई मधेसी लोकतान्त्रिक पार्टीका कार्यकर्ताहरू बीच भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानार्कषण भएको छ । संविधान सभा निर्वाचन आचारसंहिताको पूर्णपालना गर्दै भयरहीत एवं शान्ति पूर्ण रूपमा जनताले मताधिकार प्रयोग गर्न पाउने तथा उम्मेदवारहरूलाई निर्वाचित हुन पाउने अधिकारबाट बञ्चित नगर्ने दिशातर्फ प्रतिवद्धरहँदै उच्चसंयमता अपनाउन सम्बन्धित सबै पक्षलाई आयोग आग्रह गर्दछ ( वेदप्रसाद भट्टराई,क्षेत्रीय निर्देशक)

## संविधान सभा निर्वाचनको अनुगमन

पोखरा/२०६४ चैत्र १५ गते,
विगत केही दिनदेखि कास्कीका जिल्लामा संविधान सभा निर्वाचनको प्रचार प्रसारको क्रममा राष्ट्रिय प्रजानत्र पार्टी (नेपाल) द्वारा आयोजना गरिएको कार्यक्रम स्थलमा केही राजनीतिक दलका कार्यकर्ताहरूद्वारा आक्रमण गरी कार्यक्रममा सहभागी नेता तथा कार्यकर्ताहरू माथि आक्रमण

कुटपिट तथा डर धाक धम्की देखाउने कार्य भैरहेको तथा यसै जिल्ला अन्तर्गत लेखनाथ नगर पालिकाको सिशुवा चौकमा नेकपा माओवादीका कार्यकर्ताहरू माथि चैत्र १२ गते भएको हमला प्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त कार्यहरूवाट संविधान सभा निर्वाचनमा निर्वाधरूपमा मतदान गर्ने तथा राजनीतिक दल तथा उम्मेदवारहरूले राजनीतिक गतिविधि सञ्चालन गरी निर्जाचित हुन पाउने लगायत अभिव्यक्तिको स्वतन्त्रता तथा आवतजावत गर्ने स्वतन्तत्रता आदि जस्ता आधारभूत मानव अधिकार तथा निर्वाचन आचारसंहिता समेको हनन् हुन पुगेको छ ।

यस कार्यालय उल्लेखित कार्यहरू गर्ने पक्षलाई त्यस्ता कार्यहरू पुनः नदोहऱ्याइ संविधान सभा निर्वाचनलाई स्वच्छ र निर्भय रूपममा सम्पन्न हुने वातावरण तथार गर्न सम्बन्धित राजनीतिक दलहरूलाई आग्रह गर्दछ । साथै त्यस्ता कार्यक्रमहरूमा पर्याप्त सुरक्षा प्रबन्ध मिलाउन र दोषी उपर अविलम्ब कानुनी कारवाही गर्न नेपाल सरकारलाई समेत अनुरोध गर्दछ । (अच्युत आर्चाय, नि. निर्देशक)

## सुर्खेत र लमहीमा भएको हत्याका घटनाहरूको आयोगले अनुसन्धान गर्ने

नेपालगंज/२०६४ चैत्र २७ गते,
चैत्र २६, २०६४ मा क्रमशः नेपाली कांग्रेसका कार्यकर्ता र नेकपा. एमालेका कार्यकर्ता बिच सुर्खेतमा भएको भनिएको झडपमा नेकपा. एमालेका संविधान सभा उम्मेदवार ऋषिप्रसाद शर्माको हत्या तथा दाङ्गको लमहीमा प्रहरीसँग भएको झडपमा नेकपा. माओवादीका कार्यकर्ताहरूको हत्याको दुःखद समाचारले राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ र आयोग स्तब्ध पनि भएको छ । संविधान सभा निर्वाचनको संघारमा आईपुग्दा ठूला राजनीतिक दलहरू बिच केन्द्रमा भएको सहमति तथा प्रतिबद्धताहरू विपरित व्यक्तिको "बाँच्न पाउने अधिकार"लाई नै समाप्त पारिनु मानव अधिकारको दृष्टिले अत्यन्त दुःखद छ । आयोगले हत्याका ती सबै घटनाहरू सम्बन्धमा अनुसन्धान गर्न त्यसतर्फ अनुसन्धान टोलीहरू खटाइसकेको छ । घटनाका दोषीहरूको पहिचान गरी कानुन बमोजिम तत्काल कार्वाही गर्न आयोग स्थानीय प्रशासनलाई अनुरोध गर्दछ ।

संविधान सभाको यस ऐतिहासिक निर्वाचनको पूर्व सन्ध्यामा घटेका यी अमानवीय घटनाहरूबाट कतिपनि बिचलित नभई अभूतपूर्व धैर्य प्रदर्शन गर्दै समस्याको समाधान कानुनी रूपबाट पहिचान गर्न तथा संविधान सभा निर्वाचन शान्तिपूर्ण ढंगबाट सम्पन्न गर्न सबै राजनीतिक दलहरू, पीडित परिवारहरू तथा नागरिक समाजसँग आयोग विषेश आग्रह गर्दछ । (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

**दाङ र सुर्खेत घटनाबारे शान्ति तथा द्वन्द्व व्यवस्थापन समितिको आयोगसित आग्रह**

ललितपुर/२०६४ चैत्र २९ गते,
राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष केदारनाथ उपाध्यायले संविधान सभा निर्वाचनको मतदानको दुई दिन अघि सुर्खेत जिल्लाको निर्वाचन क्षेत्र नं. १ का नेकपा (एमाले)का उम्मेदवार ऋषिप्रसाद शर्मामाथि केहि व्यक्तिहरूले  चलाइएको गोली लागि उपचारको क्रममा मृत्यु भएको तथा सोही दिन दांङ जिल्लामा सुरक्षा बलको गोली प्रहारबाट नेकपा (माओवादी)का ७ जना कार्यकर्ताहरूको मृत्यु भएको घटनालाई राष्ट्रिय मानव अधिकार आयोगले अति गंभीर तापूर्वक लिएको र उक्त घटनाहरूको प्रारम्भिक अनुसन्धान थालिसकेको बताउनु भयो ।

अध्यक्ष उपाध्यायले उक्त कुरा शान्ति तथा द्वन्द्व व्यवस्थापन समितिका सहसंयोजकद्वय दमननाथ ढुंगाना र पद्मरत्न तुलाधर, सदस्यहरू डा. वीरेन्द्र मिश्र, डा. शम्भुराम सिम्खडा, स्टेला तामांग र संयुक्त राष्ट्र संघ मानवाधिकार उच्चायुक्तको काठमांडौस्थित कार्यालयका प्रमुख रिचर्ड बेनेटसमेत सम्मिलित टोलीसित आयोगको कार्यालयमा आज भएको भेटघाटमा भन्नु भएको हो ।

उहाले उक्त घटनाहरूको सत्यतथ्यको अनुसन्धान गरी दोषीमाथि  कारबाहीका लागि उपयुक्त बाटो खोज्ने तथा देशमा दण्डहीनताको संस्कृति अन्त्य गर्न सश्क्त पहल गरिने बताउनु भयो ।

उक्त अवसरमा आयोगका सदस्यहरू माननीय राम नगिना सिंह, माननीय गौरी प्रधान र माननीय डा. के.बी.रोकायाले दण्डहीनताको अवस्थालाई गंभिररूपमा लिंदै यस्को न्यूनीकरण गर्ने सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायले सकृय रूपमा काम गर्नु पर्ने कुरा उल्लेख गर्नु भयो ।

टोली सदस्यहरूले दांग र सुर्खेतमा घटेका घटनाहरूमा पहल गर्न आग्रह गरेका थिए ।

आयोगले उक्त टोलीलाई दांग र सुर्खेतको घटनाहरू सम्बन्धि सत्यतथ्य वास्तबिकता पत्ता लगाउन र खोजबिन गर्न आफैले पनि पहल गर्न  र सोको निम्ति सरकारलाई उच्चस्तरीय स्वतन्त्र न्यायीक समिति गठन गर्न सिफारिस गरिने सोच पनि रहेको कुराको जानकारी गरायो । (विशाल खनाल, सचिब)

**मध्यपश्चिममा मानव अधिकारको अवस्था सुनिश्चित गर्न विशेष आग्रह**

नेपालगञ्ज/२०६५ बैशाख ३१ गते,
देश यतिखेर संविधान सभाको निर्वाचनपश्चात स्थायी शान्ति र जनअधिकार सुनिश्चित हुनसक्ने संविधान निर्माणको प्रक्रियामा अग्रसर छ। बिभिन्न क्षेत्र र समुदायका समस्याहरू, मानव अधिकार उल्लंघनका घटनाहरूमा पनि पूर्णविराम लाग्न नसकेको हाम्रो सामु छँदैछ । यसै सन्दर्भमा, हालै सुर्खेतमा समाचार संकलनार्थ गएकी पत्रकारतिला भण्डारी माथि भएको दुर्व्यवहार, नेपाली कांग्रेस

## राष्ट्रिय मानव अधिकार आयोग

तथा नेकपा.एमालेले आ-आफ्ना मागहरू पूरा गराउन गरेको यातायात बन्द, नेपालगंज-कोहलपुर-बर्दिया खण्डको यातायात बन्द, बाँके बेतहनीका नेकपा.माओवादीका कार्यकर्ता मुक्तियार दर्जीको हत्या, बर्दियाको मोहम्मदपुर गा.वि.स.बाट खटिक परिवारलाई गरिएको सामाजिक बहिष्करण (गाउँ निकाला), रूकुमका नेकपा. माओवादीका कार्यकर्ताहरूबाट भएको भनिएको एक गर्भवती महिला माथिको कठोर यातना, नेपालगंजका मानव अधिकारकर्मी सुशील लाखेको घरमा बिना सूचना २९ गते प्रहरी प्रवेश गरी छापा मारिएको भनिएको घटनाहरूप्रति राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ ।

देशमा प्रचलित कानुनको सम्मान गर्दै आफ्ना असन्तुष्टिहरूलाई कानुनी रूपबाट अभिव्यक्त गर्न र समस्याहरूको समाधान कानुनी रूपबाटै पहिल्याउन, मानव अधिकारको उपहास हुने यसखालका घटनाहरू भविष्यमा कतै पनि पुनरावृत्ति नगर्न, आफ्नो अधिकार प्राप्तिको लागि हज्जारौँ अन्य निर्दोष नागरिकहरूको मौलिकहकहरू कुण्ठित नगर्न,कानुन कार्यान्वयन गर्ने सम्पूर्ण निकाय तथा पदाधिकारीहरू पनि यसप्रति गम्भीर र सजग रहन तथा ती निकायहरूको क्रियाशीलता र प्रभावकारीतालाई अभिबृद्धि गर्न आवश्यक सहयोग गर्न, राष्ट्रिय मानव अधिकार आयोग, सम्पूर्ण राजनीतिक दलहरू, सरोकारवालाहरू, सर्वसाधारण, एवं कानुन कार्यान्वयन गर्ने सबै निकायहरूलाई विशेष आग्रह गर्दछ । (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

### मानव अधिकार मैत्री संविधान निर्माणमा आयोगले जोडदिनु पर्ने

ललितपुर/२०६५ वैसाख ३१ गते,
नागरिक समाजको नेतृत्व लिएका विशिष्ट बुद्धिजीवीहरू ९त्जष्लप तबलप० ले संविधान सभा मार्फत् अब बन्ने संविधानलाई मानव अधिकार मैत्री बनाउनु राष्ट्रिय मानव अधिकार आयोगको पहिलो प्राथमिकता हुनुपर्ने सुझाव दिएका छन् । राष्ट्रिय मानव अधिकार आयोगले आज आयोजना गरेको आयोगको तीनवर्षे रणनीतिक योजना २००८-२०१० माथि अन्तिम चरणको छलफलमा सहभागीहरूले संविधान नै मानव अधिकारमैत्री बन्न सकेमा देशको मानव अधिकार अवस्था सुध्रने विचार व्यक्त गरेका हुन् । आयोगको तीनवर्षे रणनीतिक योजनामा क्षेत्रीय र राष्ट्रिय स्तरमा विभिन्न चरणमा छलफल हुँदै आएको थियो । यसअघि आयोगले गत शुक्रबार नेपालस्थित विभिन्न दातृनिकायहरूसँग समेत उक्त रणनीतिक योजनामा छलफल गरेको थियो ।

कार्यक्रममा सहभागीहरूले संविधानमा मानव अधिकार आयोगकै भूमिका स्पष्ट र दह्रो किसिमले व्यवस्था गर्नु पर्ने, देशका सबै भागमा मानव अधिकार आयोगको पहुँच विस्तार गर्नु पर्ने, महिला आयोग, दलित आयोग लगायतका अन्य आयोगहरूसँग प्रभावकारी सहकार्य गर्नु पर्ने, संविधान निर्माणका क्रममा सभासद्हरूलाई मानव अधिकारबारे सूचित गराउनु पर्ने, मानव अधिकारको कसीमा नयाँ नेपाल बनाउने कुरा सुनिश्चित गरिनु पर्ने लगायतका सुझाव दिए ।

रणनीतिक योजनासम्बन्धी छलफल कार्यक्रममा कार्यक्रममा अन्तरिम संविधान, २०६३ का मुख्य मस्यौदाकार पूर्व न्यायाधीश लक्ष्मण अर्याल, मानव अधिकार आयोगका पूर्वसदस्यहरू प्रा. कपिल श्रेष्ठ, डा. रामदयाल राकेश, डा. गौरीशंकर लालदास, पूर्वराजदूतहरू दामोदर प्रसाद गौतम र सूर्यप्रसाद श्रेष्ठ, राष्ट्रिय महिला आयोगका अध्यक्ष नैनकला थापा, राष्ट्रिय दलित आयोगका अध्यक्ष रामलाल विश्वकर्मा, प्राध्यापक वीरेन्द्र मिश्र, महिला अधिकारकर्मी दुर्गा घिमिरे लगायतको उपस्थिति थियो ।

कार्यक्रममा बोल्दै आयोगका अध्यक्ष माननीय केदारनाथ उपाध्यायले संविधान सभा मार्फत् अब बन्ने नयाँ संविधान निर्माणबाट नेपालको भावी दिशा तयहुने भएकाले अहिले यो रणनीतिक योजनालाई तीनवर्षमा सीमित गरिएको जानकारी दिनुभयो । कार्यक्रममा आयोगका सदस्यहरू गौरी प्रधान र डा. के.बि.रोकायाले समेत मन्तव्य राख्नु भएको थियो । आयोगका सचिब विशाल खनालले आयोगको प्रस्तावित तीनवर्षे रणनीतिक योजनाका बारेमा प्रकाश पार्नु भएको थियो ।

**मानव अधिकार सुनिश्चित गर्न विशेष आग्रह**

नेपालगञ्ज/२०६५ बैशाख ३१ गते,
देश यतिखेर संविधान सभाको निर्वाचनपश्चात स्थायी शान्ति र जनअधिकार सुनिश्चित हुनसक्ने संविधान निर्माणको प्रक्रियामा अग्रसर छ। बिभिन्न क्षेत्र र समुदायका समस्याहरू, मानव अधिकार उल्लंघनका घटनाहरूमा पनि पूर्णविराम लाग्न नसकेको हाम्रो सामु छँदैछ । यसै सन्दर्भमा, हालै सुर्खेतमा समाचार संकलनार्थ गएकी पत्रकार तिला भण्डारी माथि भएको दुर्व्यवहार, नेपाली कांग्रेस तथा नेकपा.एमालेले आ-आफ्ना मागहरू पूरा गराउन गरेको यातायात बन्द, नेपालगंज - कोहलपुर - बर्दिया खण्डको यातायात बन्द, बाँके बेतहनीका नेकपा.माओवादीका कार्यकर्ता मुक्तियार दर्जीको हत्या, बर्दियाको मोहम्मदपुर गा.वि.स.बाट खटिक परिवारलाई गरिएको सामाजिक बहिष्करण (गाउँ निकाला), रूकुमका नेकपा. माओवादीका कार्यकर्ताहरूबाट भएको भनिएको एक गर्भवती महिला माथिको कठोर यातना, नेपालगंजका मानव अधिकारकर्मी सुशील लाखेको घरमा बिना सूचना २९ गते प्रहरी प्रवेश गरी छापा मारिएको भनिएको घटनाहरूप्रति राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ ।

देशमा प्रचलित कानुनको सम्मान गर्दै आफ्ना असन्तुष्टिहरूलाई कानुनी रूपबाट अभिव्यक्त गर्न र समस्याहरूको समाधान कानुनी रूपबाटै पहिल्याउन, मानव अधिकारको उपहास हुने यसखालका घटनाहरू भविष्यमा कतै पनि पुनरावृत्ति नगर्न, आफ्नो अधिकार प्राप्तिको लागि हज्जारौं अन्य निर्दोष नागरिकहरूको मौलिकहकहरू कुण्ठित नगर्न, कानुन कार्यान्वयन गर्ने सम्पूर्ण निकाय तथा पदाधिकारीहरू पनि यसप्रति गम्भीर र सजग रहन तथा ती निकायहरूको क्रियाशीलता र प्रभावकारीतालाई अभिबृद्धि गर्न आवश्यक सहयोग गर्न, राष्ट्रिय मानव अधिकार आयोग, सम्पूर्ण राजनीतिक दलहरू, सरोकारवालाहरू, सर्वसाधारण, एवं कानुन कार्यान्वयन गर्ने सबै निकायहरूलाई विशेष आग्रह गर्दछ । (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

**राष्ट्रिय मानव अधिकार आयोग**

## मानव अधिकार उल्लंघन, हत्या र सुरक्षा स्थिति बारे बाँके प्रहरी प्रमुखसँग बयान

नेपालगञ्ज/२०६५ जेठ ५ गते,
राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जले आज जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी उपरीक्षक श्री घनश्याम भट्टसँग आयोगकै कार्यकक्षमा बोलाई नेपालगञ्जका मानव अधिकारकर्मी तथा अधिवक्ता श्री सुशीलकुमार लाखेको फुलटेक्रा स्थित निजि निवासमा बैशाख २९ गते नेपाल प्रहरीले विना सूचना तथा अनुमति (सर्च वारेन्ट) प्रवेश गरी खानतलासी गरेको भन्ने उजुरीका सम्बन्धमा, टेलिफोनको बढ्दो तार चोरी, सूचना प्रवाहमा समस्या र फित्तलो सुरक्षास्थिति सम्बन्धमा, द्वन्दकालीन अवस्थामा भएका मानव अधिकार उल्लंघनका घटनाहरू सम्बन्धमा तथा विभिन्न मितिमा हत्या गरिएका बाँकेका गुल्जार खाँ, कमलप्रसाद अधिकारी, पूर्णप्रसाद ढकाल, मुख्तियार दर्जीहरूको अनुसन्धानको स्थिति सम्बन्धमा वयान लिएको छ। वयानको क्रममा व्यक्तिको व्यक्तिगत स्वतन्त्रता र मानव अधिकारप्रति संवेदनशील रहन निर्देश समेत गरिएको छ। यसअघि आयोगको अनुसन्धान अधिकृतहरूको टोलीले घटनाका सम्बन्धमा विना सर्च वारेन्ट व्यक्तिको निजि निवासमा प्रवेश गरी खानतलासीमा प्रत्यक्ष संलग्न रहेका भनिएका प्रहरीहरूसँग वयान लिएको थियो। सोही क्रममा टोलीले बैशाख ३१ गते सरकारी निकायहरूको अस्तित्वलाई सम्मान गर्दै ९च्भकउभअतष्लन तजभ ब्गतजयचष्तष्भक० प्रहरी उपरीक्षक श्री घनश्याम भट्टलाई कार्यालय समयमै भेटन जाँदा लामो समयसम्मको प्रतिक्षापश्चात भेटन नसकी फर्केको थियो।

यसै सन्दर्भमा, व्यक्तिको जीवन, मर्यादा, स्वतन्त्रता र समानता जस्ता विषयहरू मानव अधिकारसँग अन्योन्याश्रित ढंगले गाँसिने हुँदा यस मध्यपश्चिम क्षेत्रका सम्पूर्ण सरकारी, अर्धसरकारी कार्यालयहरूमा कार्यरत राष्ट्रसेवकहरूलाई सेवाग्राही, सर्वसाधारण नागरिक, तथा सरोकारवालाहरूप्रति मर्यादित र जवाफदेहीपूर्णरूपमा प्रस्तुत हुन र सोअनुरूप व्यवहार गर्दै मानव अधिकारको उचित सम्मान गर्नसमेत आयोग विशेष आग्रह गर्दछ। (वेदप्रसाद भट्टराई,क्षेत्रीय निर्देशक)

## अनुसन्धानमा सहयोग नगरेकोमा आयोगको गम्भीर आपत्ति

ललितपुर/ २०६५ जेठ १४ गते,
काठमाडौं कोटेश्वर निवासी रामहरि श्रेष्ठलाई चितवन शक्तिखोरस्थित नेकपा (माओवादी) अन्तर्गत तेस्रो डिभिजन जुटपानीका सैन्य कमाण्डरहरूसमेतको संलग्नतामा हत्या गरिएको भनिएको घटनामा स्थलगत अनुसन्धानका लागि खटिएको आयोगको टोलीलाई सम्बन्धित पक्षले असहयोग गरेकोमा राष्ट्रिय मानव अधिकार आयोग निम्न अनुसार गम्भीर आपत्ति प्रकट गर्दछ।

स्थलगत अनुसन्धानका लागि गत जेठ ९ गतेदेखि चितवन पुगेको आयोगको अनुसन्धान टोलीलाई माओवादी सैन्य शिविरभित्र प्रवेश गर्न नदिइ मानव अधिकार उल्लङ्घनको घटना अनुसन्धान गर्न बाधा उत्पन्न गरेको। यस घटनाबाट आयोगलाई नेपालको अन्तरिम संविधान २०६३ को धारा

१३२ उपधारा (३) ले दिएको अधिकार प्रयोग गर्न तथा नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौताद्वारा आयोगलाई दिइएको जिम्मेवारी पालन गर्नबाट उल्लिखित पक्षहरूबाट वञ्चित गरेको ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी प्रमुखबाट हालसम्म भरपर्दो र निश्पक्ष अनुसन्धान हुन नसकेको, र आयोगको अनुसन्धान टोलीले मागेका लिखत तथा सूचनाहरू उपलब्ध नगराई आयोगको अनुसन्धान कार्यमा असहयोग गरेको । (विशाल खनाल, सचिब)

**पत्रकारमाथि दुव्यवहार भएको सम्बन्धमा आयोगको ध्यानाकर्षण**

विराटनगर/ २०६५ असार २७ गते ,

मिति २०६५ असार २३ गते शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय विराटनगरमा भएको ठेक्कापट्टाको विवादको विषयमा समाचार संकलन गर्न गएका पत्रकार महासंघ मोरङ्ग शाखाका कोषाध्यक्ष  गोकुल पराजुलीलाई त्यहाँ सुरक्षार्थ खटिएका प्रहरीहरूबाट निर्घात कुटपिट र दुर्व्यवहार भएको भनी यस कार्यालयमा प्राप्त उजुरी प्रति आयोगको गम्भीर  ध्यानाकर्षण भएको छ ।

सो घटनाबारे आवश्यक जानकारी लिई सत्यतथ्य पत्ता लगाउन आजकै मिति देखि आयोगले अनुसन्धान सुरू गरेको छ । आयोगको अनुसन्धान कार्यमा सहयोग गरिदिनुहुन सबै पाक्षसँग आयोग हार्दिक आग्रह गर्दछ । (सुवर्ण कर्माचार्य, निर्देशक)

**डोल्पा जिल्लाको समग्र मानव अधिकारको अवस्थाको अनुगमन**

नेपालगंज/ २०६५ साउन २९ गते,

राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको क्षेत्रीय निर्देशक सहितको टोलीले हालै डोल्पा जिल्लाको समग्र मानव अधिकारको अवस्थाको सम्बन्धमा अनुगमन गरेको छ । अनुगमनको क्रममा टोलीले दुनै स्थित कार्यालय प्रमुखहरूलाई “मानव अधिकार र सुशासन” को सम्बन्धमा प्रशिक्षण दिनुका साथै कैदी बन्दीहरूको अवस्था, स्वास्थ्य सेवा, खाद्य आपूर्ति, पाठ्यपुस्तकको उपलब्धता आदि सम्बन्धमा कारागार, अस्पताल, नेपाल खाद्य संस्थान तथा विद्यालयहरूको समेत स्थलगत अनुगमन गरेको छ । टोलीले जिल्लाका प्रहरी, प्रशासन लगायत सेवा प्रदायक कार्यालयका प्रमुखहरूसँग समन्वय बैठक गरी जिल्लामा सुशासनको प्रत्याभूति दिँदै मानव अधिकारको सम्मान र संरक्षण गर्न निर्देशन समेत दिएको छ ।

शैक्षिक शत्र शुरू भएको ६ महिना बितिसक्दा पनि अझैसम्म डोल्पा जिल्लाका विद्यालयहरूमा कक्षा ९ र १०का पाठ्यपुस्तकहरू उपलब्ध हुन नसकेको, आगामी भाद्र १५ गतेसम्म पुग्ने खाद्यान्न आपूर्तिको व्यवस्था रहेको, सबै गा.वि.स.हरूमा स्वास्थ्य चौकीहरू रहेको भएता पनि स्वास्थ्यकर्मीहरू उपलब्ध नरहँदा प्रसुती तथा सामान्य स्वास्थ्य सेवामा समेत कठिनाईको स्थिति रहेको, सदरमुकामस्थित अस्पतालमा दरबन्दीअनुसार डाक्टरहरू नरहेको पाइएको छ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

डोल्पास्थित नागरिक समाजका अगुवाहरू, राजनीतिक दलका प्रमुखहरू, शिक्षक, पत्रकार, मानव अधिकारकर्मी, बिद्यार्थीहरू तथा बिभिन्न संघ संस्थाका प्रतिनिधिहरूसँगको छुट्टाछुट्टै अन्तर्क्रियामा डोल्पा जस्तो दुर्गम तथा पछाडी पारिएको क्षेत्रको लागि नयाँ बन्ने संविधानमा “विकासको अधिकार”लाई सुनिश्चित गर्नुपर्ने, राज्यले दुई बर्ष भित्र सबै सदरमुकामलाई सडक यातायातले जोड्नुपर्ने, माथिल्लो डोल्पामा अर्को विमानस्थल निर्माण गरी पर्यटन क्षेत्रको विकास गर्नुपर्ने बिषयलाई सुनिश्चित गरिनुपर्ने माग गरिएको छ।

अतः डोल्पा जिल्लाको अनुगमनबाट प्राप्त समस्याहरूउपर तत्काल सम्बोधन हुन आयोग सम्बन्धित सबै पक्ष र सरोकारवालाहरूसँग आग्रह गर्दछ। (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक )

**श्रृखलावद्ध बम बिष्फोट सम्बन्धमा आयोगको ध्यानाकर्षण**

पोखरा/२०६५ साउन २३ गते, मिति २०६५/४/२२ गते साँझ पोखराको सभागृहचोक र श्रृजनाचोकको सर्वसाधारण हिडडुल गरिरहने सार्वजनिक स्थलहरूमा श्रृखलावद्ध बम बिष्फोट भएको र सो बिस्फोटनमा परी ६ जना घाइते भएका सो मध्ये एकजनाको अवस्था गम्भीर हेको भन्ने बिभिन्न समाचार माध्यममा प्रकाशित तथा प्रशारित समाचार बाछ यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ।

उपरोक्त घटनाले प्रत्येक व्यक्तिको शान्तिपूर्ण तरिकाबाट बाँच्न पाउने तथा सामान्य अवस्थामा देशको जुनसुकै घागमा हिडडुल गर्न पापउने अधिकारमा गम्भीर असर पुग्न गएको छ। सो घटना घटाउन जिम्मेवार व्यक्तिहरूलाई कानुनैको दायरामा ल्याई घटनाबाट पीडितहरूको स्वास्थ्य उपचारको सम्पूर्ण व्यवस्थ ागर्न तथा शान्ति सुरक्षामा थप सतर्कता अपनाउन यो कार्यलय सरकारलाई अनुरोध गर्दछ। ( अच्युत आर्चाय, नि.निर्देशक)

**डोल्पा जिल्लाको समग्र मानव अधिकारको अवस्थाको अनुगमन**

नेपालगञ्ज/२०६५ साउन २९ गते,
राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको क्षेत्रीय निर्देशक सहितको टोलीले हालै डोल्पा जिल्लाको समग्र मानव अधिकारको अवस्थाको सम्बन्धमा अनुगमन गरेको छ। अनुगमनको क्रममा टोलीले दुनै स्थित कार्यालय प्रमुखहरूलाई “मानव अधिकार र सुशासन” को सम्बन्धमा प्रशिक्षण दिनुका साथै कैदी बन्दीहरूको अवस्था, स्वास्थ्य सेवा, खाद्य आपूर्ति, पाठ्यपुस्तकको उपलब्धता आदि सम्बन्धमा कारागार, अस्पताल, नेपाल खाद्य संस्थान तथा विद्यालयहरूको समेत स्थलगत अनुगमन गरेको छ। टोलीले जिल्लाका प्रहरी, प्रशासन लगायत सेवा प्रदायक कार्यालयका प्रमुखहरूसँग समन्वय बैठक गरी जिल्लामा सुशासनको प्रत्याभूति दिँदै मानव अधिकारको सम्मान र संरक्षण गर्न निर्देशन समेत दिएको छ।

शैक्षिक शत्र शुरू भएको ६ महिना बितिसक्दा पनि अझैसम्म डोल्पा जिल्लाका विद्यालयहरूमा कक्षा ९ र १० का पाठ्यपुस्तकहरू उपलब्ध हुन नसकेको, आगामी भाद्र १५ गतेसम्म पुग्ने खाद्यान्न आपूर्तिको व्यवस्था रहेको, सबै गा.वि.स.हरूमा स्वास्थ्य चौकीहरू रहेको भएता पनि

स्वास्थ्यकर्मीहरू उपलब्ध नरहँदा प्रसुती तथा सामान्य स्वास्थ्य सेवामा समेत कठिनाइको स्थिति रहेको, सदरमुकामस्थित अस्पतालमा दरबन्दीअनुसार डाक्टरहरू नरहेको पाइएको छ । डोल्पास्थित नागरिक समाजका अगुवाहरू, राजनीतिक दलका प्रमुखहरू, शिक्षक, पत्रकार, मानव अधिकारकर्मी, बिद्यार्थीहरू तथा बिभिन्न संघ संस्थाका प्रतिनिधिहरूसँगको छुट्टाछुट्टै अन्तर्क्रियामा डोल्पा जस्तो दुर्गम तथा पछाडी पारिएको क्षेत्रको लागि नयाँ बन्ने संविधानमा "विकासको अधिकार"लाई सुनिश्चित गर्नुपर्ने, राज्यले दुई बर्ष भित्र सबै सदरमुकामलाई सडक यातायातले जोड्नुपर्ने, माथिल्लो डोल्पामा अर्को विमानस्थल निर्माण गरी पर्यटन क्षेत्रको विकास गर्नुपर्ने बिषयलाई सुनिश्चित गरिनुपर्ने माग गरिएको छ ।

अतः डोल्पा जिल्लाको अनुगमनबाट प्राप्त समस्याहरूउपर तत्काल सम्बोधन हुन आयोग सम्बन्धित सबै पक्ष र सरोकारवालाहरूसँग आग्रह गर्दछ । (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक )

**आयोगद्वारा मानव अधिकार प्रतिवेदन राष्ट्रपति समक्ष पेश**

ललितपुर/२०६५ असोज २९ गते,

राष्ट्रिय मानव अधिकार आयोगले नेपालको अन्तरिम संविधान २०६३ को धारा १३३ अनुसार आयोगको वार्षिक प्रतिवेदन २०६४/०६५ राष्ट्रपति समक्ष पेस गरेको छ । आयोगका पदाधिकारीहरूको टोली आज अपराह्न राष्ट्रपतिको कार्यालय, शीतल निवास पुगी सो प्रतिवेदन सम्माननीय राष्ट्रपति डा. रामवरण यादवसमक्ष पेस गरेको हो । सो अवसरमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले 'गत वर्ष आयोग पदाधिकारीहरू नियुक्त भएकै समयमा कपिलवस्तु घटना भएको र त्यसपछि विभिन्न उतारचढाव बीच संविधान सभा निर्वाचन सम्पन्न भएकाले गत वर्षको अवधि निकै चुनौतिपूर्ण रहेको' बताउनु भयो ।

देशको मानव अधिकार स्थिति समेटिएको प्रतिवेदन बुझाउन ल्याएकोमा आयोगलाई धन्यवाद दिँदै राष्ट्रपति डा. यादवले भन्नुभयो, 'प्रजातन्त्रबिना मानव अधिकारको अनुभूति गर्न नसकिने र देशको इज्जत यसको मानव अधिकार अवस्थाले प्रतिविम्बित गर्ने भएकाले हामी सबै मानव अधिकारप्रति सचेत र संवेदनशील हुनुपर्छ ।' उहाँले अगाडि भन्नुभयो 'विगतमा नेपालको मानव अधिकार अवस्था खस्केकाले त्यसलाई सुधार्न राष्ट्रिय मानव अधिकार आयोगको गहन दायित्व छ ।' राष्ट्रपति यादवले संविधानलाई मानव अधिकारमैत्री बनाउन सभासद्हरूलाई मानव अधिकार र आयोगका बारेमा सचेतना कार्यक्रम सञ्चालन गर्न सल्लाह दिनुभयो । आयोगका सदस्य गौरी प्रधानले आयोगका सिफारिसहरूलाई कार्यान्वयन गर्न सरकारको प्रयत्न अपुग भएकोतर्फ राष्ट्रपतिको ध्यानाकर्षण गराउनु भयो ।

नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगलाई संवैधानिक हैसियत प्राप्त गरेपछि र आयोगमा वर्तमान पदाधिकारीहरू नियुक्त भएयता यो पहिलो वार्षिक प्रतिवेदन हो । यस प्रतिवेदनमा गत अघिल्लो वर्षको साउन महिनादेखि गत असार महिनासम्म आयोगले मानव अधिकार संरक्षण र प्रवर्द्धनमा गरेका गतिविधिहरू समेटिएको छ ।गत वर्ष आयोगले कपिलवस्तु घटनाको अनुगमन, अनुसन्धान र सिफारिस, संविधान सभा निर्वाचन २०६४ को अनुगमन, तीन वर्षीय अन्तरिम

**राष्ट्रिय मानव अधिकार आयोग**

रणनीतिक योजना (२००८–१०) को तर्जुमा, भैरवनाथगण महाराजगञ्जबाट २०६० सालमा विभिन्न मितिमा पक्राउ गरी बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको अनुसन्धान, विभिन्न मितिमा शवोत्खनन् गरी व्यक्ति पहिचान तथा अनुसन्धान लगायतका कार्यहरू गरेको थियो । द्वन्द्वकालमा बेपत्ता तथा अपहरण गरी अवस्था अज्ञात बनाइएका व्यक्तिहरूको स्थिति सार्वजनिक हुन नसक्नु, विस्थापितहरू आफ्नो थातथलोमा फर्कन नसक्नु, नेकपा (माओवादी) लगायतबाट कब्जामा लिइएका व्यक्तिहरूको सम्पत्ति फिर्ता नगरिनु, नेपाल सरकारद्वारा आयोगका सिफारिसहरूको पूर्ण रूपमा कार्यान्वयन नगरिनुजस्ता चुनौतीहरू हाल आयोग समक्ष रहेका छन् ।

प्रतिवेदन पेस गरिएको अवसरमा आयोगका सदस्यहरू गौरी प्रधान, डा. लीला पाठक, डा. के. बी. रोकाया र सचिब विशाल खनाल लगायत आयोगका कर्मचारीहरू पनि उपस्थित हुनुहुन्थ्यो ।
(विशाल खनाल, सचिब)

**दाङ जिल्लाको समग्र मानव अधिकार अवस्थाको अनुगमन**

नेपालगञ्ज/२०६५ कार्तिक १० गते,
राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जका क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई तथा संरक्षण अधिकृत मोहनदेव जोशीको टोलीले हालै दाङ जिल्लाको समग्र मानव अधिकार को अवस्थाको सम्बन्धमा अनुगमन गरेको छ । अनुगमनको क्रममा तुलसीपुर तथा घोराहीमा राजनीतिक दल, नागरिक समाज, मानव अधिकारकर्मी, पत्रकारहरू, महिला अधिकार संजालका सदस्यहरू तथा बिभिन्न संघ संस्थाका प्रतिनिधिहरूसँग छुट्टा-छुट्टै अन्तर्कृया तथा छलफल गर्नुका साथै लमही, तुलसीपुर र घोराहीका प्रहरी थुनुवा केन्द्रहरूमा रहेका थुनुवाहरू तथा घोराही र तुलसीपुर कारागारमा रहेका कैदीहरूको मानव अधिकारको अवस्था बारे आकष्मिक अनुगमन गरेको छ ।

अनुगमनको क्रममा घोराही तथा तुलसीपुर कारागार भित्र रहेको स्वास्थ्य र सरसफाई, पीउने पानी, भौतिक पूर्वाधार, अनौपचारिक शिक्षा, शीपमूलक तालिम, कानुनी उपचार (वैतनिक वकिल) आदिको माग र आवश्यक्ताको सम्बन्धमा स्थानीय सरकारी निकायका प्रमुखहरू, प्रहरी र प्रशासन तथा सरोकारवालाको ध्यानाकर्षण गराइएको छ । साथै दाङ जिल्लामा विगत ६ महिनादेखि प्रमुख जिल्ला अधिकारी नरहँदा घोराही कारागारमा सार्वजनिक अपराध अन्तर्गत ५, हातहतियार खरखजाना मुद्धा अन्तर्गत १२ गरी जम्मा १७ जना थुनुवाहरू न्यायिक सुनवाईको अधिकारबाट वञ्चित रहेको सम्बन्धमा स्थानीय प्रशासनको ध्यानाकर्षण गराइएको छ । घोराही कारागारमा वयस्कहरूका साथ १८ बर्ष मुनिका ८ जना तथा तुलसीसुर कारागारमा १ जना बालक रहेको पाइएकोले निजहरूलाई तत्काल बालसुधार गृहमा स्थानान्तरण गर्न स्थानीय प्रशासनलाई निर्देशन दिइएको छ ।

संबिधान सभा निर्वाचनको क्रममा २०६४ चैत्रमा लमहीमा हत्या गरिएका नेकपा. माओवादीका ६ जना कार्यकर्ताहरूको परिवारलाई स्थानीय प्रशासनबाट जनही रू ७ लाखका दरले क्षतिपूर्ति प्रदान गरेको पाइएको छ । सशस्त्र द्वन्दको समयमा बिस्थापित भएका ६२७ परिवार मध्ये ५० प्रतिशत परिवार अझै पुनर्स्थापित भइनसकेको पाइएको छ । नेकपा. माओवादीबाट कब्जा गरिएको जग्गा

तथा सम्पत्ति मध्ये १५ परिवारको जग्गा तथा सम्पत्ति अझै फिर्ता हुन नसेको पाइएको छ। दाङको घोराही स्थित अस्पताललाई बिस्तार गरी ५० शैय्याको बनाइएको भएतापनि भौतिक सुबिधा तथा जनशक्ति २५ सैयाको मात्र रहेको पाइएको छ। स्थानीय मानव अधिकारकर्मी, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिहरूसँगको अन्तर्कृयाको क्रममा दाङका विभिन्न सामुदायिक वनहरूमा बढ्दो बन बिनाश तथा अतिक्रमणका कारण नागरिकहरूको स्वच्छ वातावरणमा बाँच्न पाउने हक कुण्ठित हुने आवाज उठिरहेको हुँदा त्यसतर्फ सचेत र गम्भीर रहन, देशमा विद्यमान तथा प्रचलित कानुन वमोजिम व्यक्तिको नाममा रहेको निजी सम्पत्ति निर्वाध उपभोग गर्न पाउने वातावरण सृजना गर्न तथा विस्तृत शान्ति सम्झौताका प्रावधानहरू पालना गर्न आयोग सम्बद्ध सबै निकायहरू, राजनीतिक दलहरूलाई बिशेष आग्रह गर्दछ ।( वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

**राष्ट्रिय मानव अधिकार आयोग हिमाल मिडिया माथि गरिएको आक्रमणको निन्दा गर्दछ**

ललितपुर/२०६५ पुस ६ गते, राष्ट्रिय मानव अधिकार आयोग हिमाल मिडिया माथि आज गरिएको आक्रमणको निन्दा गर्दछ । जस्तोसुकै उद्देश्यका लागि जुनसुकै पक्षबाट गरिएको भए पनि आयोगले यो आक्रमणलाई प्रेस स्वतन्त्रता माथिको ठाडो हस्तक्षेपका रूपमा लिएको छ। प्रेस स्वतन्त्रताको रक्षा र सञ्चार संस्थाको सुरक्षा गर्नु पर्ने जिम्मेवारी नेपाल सरकारको भएकाले हिमाल खबरपत्रिका लगायत सम्पूर्ण सञ्चारमाध्यममा अविलम्ब आवश्यक सुरक्षा प्रदान गर्न नेपाल नेपाल सरकारलाई आग्रह गर्दछ।

आज हिमाल मिडिया माथि भएको आक्रमणका सम्बन्धमा आयोगको एक टोलीले स्थलगत अनुगमन गरी घटनाका पीडित प्रत्यक्षदर्शी लगायतसँग आवश्यक सोधपुछ गरेको थियो । अनुगमनका क्रममा उक्त मिडियासँग सम्बन्धित कुन्द दीक्षित, आशुतोष तिवारी, किरण नेपाल, शम्भू गुरागाइँ, वीरबहादुर तामाङ, विन्दिरा शाक्य, कर्म लामा, विलाश राई, रवि केसी लगायत माथि केही व्यक्तिहरू सम्मिलित एउटा समूहले आक्रमण गरेको पाइएको छ।

विगत केही समययता सञ्चारकर्मी र सञ्चार संस्थाहरू माथि विभिन्न समूहबाट हत्या, हिंसा, धम्की, लुटपाट, आगजनी र आक्रमणका घटना बढ्दै गएका छन् तर तीनको सुरक्षामा सरकारले पर्याप्त ध्यान पुर्‍याउन सकेको छैन। नेपालको अन्तरिम संविधानको प्रस्तावना, धारा १२ (३क), धारा १५ र धारा २७ पूर्ण प्रेस स्वतन्त्रता, वाक् तथा अभिव्यक्ति स्वतन्त्रता, छापाखाना तथा प्रकाशनसम्बन्धी हक र सूचनाको अधिकारहरू प्रत्याभूत गरिएको छ। साथै, मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ तथा नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १९ मा वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको उल्लेख गरिएको आयोग स्मरण गराउँछ। (विशाल खनाल, सचिब)

**मानव अधिकारको अवस्थाबारे प्रशासनसँग छलफल ।**

नेपालगञ्ज /२०६५ माघ २ गते,
राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगंजले बाँके जिल्लाको पछिल्लो समयको

**राष्ट्रिय मानव अधिकार आयोग**

मानव अधिकारको अवस्था सम्बन्धमा बाँकेका प्रमुख जिल्ला अधिकारी गणेशबहादुर खत्री, प्रहरी उपरीक्षक मिङ्मा लामासँग आयोगको कार्यकक्षमा छलफल गरेको छ ।

उक्त छलफलमा गत पुस २६ गते वेतहनीबाट अपरणमा परेकी भनिएकी वाहिदा खातुनको अवस्था र सकुशल रिहाईको सम्बन्धमा, नागरिकहरूको भयरहीत वातावरणमा बाँच्न पाउँने अधिकार संरक्षण गर्न बाँके जिल्लाको सुरक्षा सम्बन्धी योजना, विभिन्न समूहको नामबाट उद्योग व्यवसायी तथा सर्वसाधरणसँग अस्वेच्छिक तवरले धम्की पूर्णरूपमा चन्दा माग्ने गरिएको, विभिन्न अपराधसँग सम्बन्धित घटनाहरूको उजुरी दर्ता गर्ने, बाँकेका द्वन्द्व पीडितहरूलाई राहत प्रदान गर्ने, इन्सेकका प्रतिनिधि चेतप्रकाश खत्रीको हत्या सम्बन्धी अनुसन्धान, तथा आयोगद्वारा गरिएका सिफारिसहरूको कार्यन्वयन जस्ता विषयहरू समावेश गरिएका थिए । साथै, मानव अधिकार उल्लंघनका घटनाहरूलाई प्राथमिकताकासाथ अनुसन्धान गर्न तथा नागरिकहरूको बाँच्न पाउँने अधिकार सुनिश्चित गर्न आयोगले स्थानीय प्रशासनलाई निर्देशन दिएको छ । छलफलमा स्थानिय प्रशाासनबाट शान्ति सुव्यवस्था कायम गरी मानव अधिकारको संरक्षण गर्न सकृयतापुर्वक लागिएको बताइएको छ । उक्त छलफलमा आयोगका क्षेत्रीय निर्देशक तथा संरक्षण अधिकृतहरूको उपस्थिति रहेको थियो । (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

**छलफल र सहमति नै प्रभावकारी माध्यम हुनसक्ने**

नेपालगञ्ज/२०६५ चैत्र ११ गते,
भेरी अञ्चल यातायात कार्यालय नेपालगंजमा चैत्र १० गते कार्यालय समयमा भएको शक्तिशाली बम विष्फोट र त्यसवाट हुन गएको धन–जनको क्षति, कर्मचारीहरू तथा सेवाग्राहीहरूमा उत्पन्न भएको भय र त्रासको बातावरणप्रति राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानाकर्षण  भएको छ । चैत्र महिनाको १० दिन भित्र नेपाली कांग्रेस तथा ए.नेकपा माओवादीको पार्टी कार्यालयहरूमा भएको श्रृंखलावद्ध बम विष्फोट, महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जमा भएको तोडफोड र आगजनी, कार्यालय समय भित्रै यातायात कार्यालयमा भएको बम विष्फोट जस्ता घटनाहरूले नगरको शान्ति सुरक्षाको स्थितिमा व्यापक प्रभावकारिता ल्याउनु पर्ने देखिन्छ ।

प्रत्येक नागरिकको भयरहीत वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न, घटनाको प्रभावकारी रूपमा अनुसन्धान गरी दोषीउपर कानुनी कार्यवाही गर्न र भविष्यमा यसप्रकारका मानव अधिकारविरूद्धका घटनाहरू पुनरावृत्ति हुन नदिनेतर्फ गम्भीर रहन, आयोग स्थानीय प्रशासनको ध्यानाकर्षण गराउँदछ । साथै, कसैको कुनै पनि अभिष्ट पूरा गर्न बम, आतंक, आगजनी, तोडफोड, भय र त्रासको माध्यमभन्दा बार्ता, विचार, छलफल र सहमति नै प्रभावकारी माध्यम हुनसक्ने हुँदा त्यसतर्फ संवेदनशील रहन आयोग सम्बद्ध सबैमा विशेष आग्रह गर्दछ ।

यसैगरी, चैत्र १२ गते देखि संचालन हुन गइरहेको एस.एल.सी. परीक्षालाई शान्त, निष्पक्ष र भयरहीत वातावरणमा संचालन गरी बालबालिकाको शिक्षा सम्बन्धी हक संरक्षण गर्न आयोग सम्बन्धित सवै पक्षसँग आग्रह गर्दछ । आयोगले बालवालिकाको अधिकारसँग प्रत्यक्ष सरोकार

राख्ने एस.एल.सी. परीक्षाको अनुगमन गर्न बाँके तथा बर्दिया जिल्लामा अनुगमन टोलीहरू समेत खटाइसकेको छ । (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

**उम्मेदवारलाई शीघ्र रिहाइ गर्न आयोगको आग्रह** ललितपुर/२०६५ चैत्र २८ गते,

नेकपा(माले) का तर्फबाट धनुषा जिल्ला निर्वाचन क्षेत्र नं. ५ बाट उम्मेदवार सन्तोष साह संविधान सभा उपनिर्वाचनको अघिल्लो दिन अर्थात् हिजो बिहान अपहरणमा परेको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग गम्भीर चासो व्यक्त गर्दछ। निज साहलाई धनुषाको बिनाही भन्ने ठाउँबाट तराई राष्ट्र मुक्ति सेना नामक सङ्गठनले अपहरण गरेको भनी आयोगमा सूचना प्राप्त हुन आएको छ ।

अतः हरेक व्यक्तिको बाँच्न पाउने अधिकारको सम्मान गर्दै निज साहलाई अविलम्ब सकुशल रिहाइ गर्न आयोग सम्बन्धित समूहलाई आग्रह गर्दछ । साथै, यो उपनिर्वाचनमा खटिएका उम्मेदवार, कर्मचारी, मतदाता लगायतको सुरक्षा व्यवस्था प्रभावकारी तुल्याउन नेपाल सरकार र मातहतका निकायलाई आयोग विशेष आग्रह गर्दछ । (विशाल खनाल, सचिब)

**थरूहट संयुक्त संघर्ष समितिलाई मानव अधिकार कुण्ठित हुन नदिने तर्फ संवेदनशील हुन आयोगको आग्रह**

नेपालगञ्ज/२०६६ बैशाख ९ गते,
थरूहट संयुक्त संघर्ष समितिको आह्वानमा यहि बैशाख ९ गते देखि अनिश्चितकालीन आमहडतालको कार्यक्रमका सन्दर्भमा समितिका पश्चिम संयोजक डिल्लीबहादुर चौधरीद्वारा हस्ताक्षरित विज्ञप्ति, स्थानीय पत्रपत्रिका प्रकाशित समाचार तथा नेपालगञ्जस्थित मानव अधिकार कर्मीहरूले जारी गरेको संयुक्त प्रेस विज्ञप्तिप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ, साथै आयोगले उक्त आमहडतालको कार्यक्रमको अनुगमन समेत गरिरहेको छ ।

नेपालका सबै जातजातिलाई आफ्नो स्वपहिचानको अधिकार छ । आफ्नो समुदायलाई जनजाति वा आदिवासी कुन समुदायमा राख्ने भनी निर्णय गर्ने अधिकार सम्बन्धित समुदायको आधारभूत अधिकार हो भनी आदिवासी जनजातीका अधिकारप्रति राष्ट्रिय मानव अधिकार आयोगले मिति २०६५ फागुन २२ गते धारणा सार्वजनिक गरिसकेको छ ।

मानव अधिकारको संस्कृतिको विकासको लागि मानव अधिकारको संरक्षण र संवर्द्धन अनिवार्य रहेको र त्यसको लागि अनुगमन अत्यावश्यक रहेको सर्न्दभमा बन्द तथा हडतालको अवस्थाको अनुगमनको कार्यमा मानव अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले पेशागत तथा व्यावसायिक ढंगले निर्वाधरूपमा अनुगमन गर्न पाउनु पर्ने मानव अधिकारको आधारभूत तथा अन्तर्राष्ट्रिय मान्यता रहेको छ ।

आफना मागहरू पूरा गर्न तथा सहमति कार्यान्वयनका लागि बिरोधका कार्यक्रमहरू गर्दा शान्तिपूर्णरूपमा अगाडी ल्याउनु पर्ने आयोगको धारणा रहेको छ । मानव अधिकारको क्षेत्रमा

**राष्ट्रिय मानव अधिकार आयोग**

कृयाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले पनि आफनो परिचय खुलाएर निर्वाधरूपमा अनुगमन गर्न पाउनु पर्ने र त्यसमा अवरोध सृजना नगर्न आन्दोलनरत "थरूहट संयुक्त संघर्ष समिति" लाई आयोग आग्रह गर्दछ। साथै आफनो अधिकारको लागि संघर्षरत रहँदा आम नागरिकहरूको आधारभूत मानव अधिकार कुण्ठित हुने वातावरण सृजना हुन नदिने तर्फ संवेदनशील रहन पनि आयोग आग्रह गर्दछ। (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

**हाल जारी बन्द-हड्तालबारे आयोगको देशव्यापी अनुगमन, तत्काल वार्ताद्वारा समस्या समाधान गर्न आग्रह**

ललितपुर/२०६६ वैसाख १४ गते,
थरूहट संयुक्त संघर्ष समितिले गत वैसाख ९ गतेदेखि आह्वान गरेको प्रदर्शन, बन्द र आमहड्तालबाट खासगरी तराईका जिल्लाहरूको मानव अधिकारको स्थिति कष्टकर बन्दै गएकोमा राष्ट्रिय मानव अधिकार आयोग चिन्ता र चासो प्रकट गर्दछ। थरूहट सङ्घर्ष समितिले विगत ५ दिनदेखि आह्वान गरेको बन्द लगायतका विरोध कार्यक्रमको आयोगले नजिकबाट अनुगमन गरिरहेको छ। तराईको विभिन्न भागको मानव अधिकार अनुगमन गर्न खटिएको आयोगको टोलीहरूले चितवन, बारा, पर्सा, नवलपरासी, रूपन्देही, बाँके, बर्दिया लगायतका जिल्लामा भइरहेका विरोध कार्यक्रम र त्यसले स्थानीय जीवनमा परेको असरबारे अध्ययन गरेका थिए।

थरूहट आन्दोलनका कारण देशका विभिन्न भागमा असहज परिस्थिति उत्पन्न भएको, मानिसको स्वतन्त्रतापूर्वक आवतजावत गर्ने अधिकार कुण्ठित भएको, शिक्षा, स्वास्थ्य, रोजगारी लगायतगतिविधिहरू ठप्प भएकाले मानिसको दैनिक जनजीवन ज्यादै कष्टकर बनेको अनुगमन टोलीले पाएको छ। लामो समयदेखिको बन्दको कारण आधारभूत मानव अधिकार शिक्षा, स्वास्थ्य, रोगजारी, खाद्यान्नको अधिकार लगायतमा असर पर्न गई आमजनताको जनजीवन अत्यन्त कष्टकर हुँदै गएको छ।

अतः नेपाल सरकार र थरूहट आन्दोलनकारीबीच गत महिना भएको ६ बुँदे सहमतिको कार्यान्वयन गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ। त्यसैगरी आफ्नो अधिकारको प्रयोग गर्दा अर्काको अधिकारको सम्मान गर्न, जोरजबर्जस्ती नगर्न, हिड्डुल/आवागमन गर्न पाउने आमनागरिकको अधिकारलाई सम्मान गर्न समेत आयोग सम्बद्ध पक्षलाई आग्रह गर्दछ। (विशाल खनाल, सचिब)

**बन्दले जनजीवनमा पारेको प्रभावबारे अनुगमन र थरूहट संयुक्त संघर्ष समितिसंग छलफल**

नेपालगञ्ज/२०६६ बैशाख १९ गते,
थरूहट संयुक्त संघर्ष समितिले गत बैशाख ९ गते देखि आव्हान गरेको प्रदर्शन, बन्द र आम हड्तालबाट मानव अधिकारको स्थिति दिन प्रतिदिन कष्टकर बन्दै गइरहेकोमा राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्ज चिन्ता र चासो प्रकट गर्दछ।

यस सम्बन्धमा आयोगबाट नियमितरूपमा बाँके, बर्दिया लगायतका विभिन्न स्थानहरूको अनुगमन गरेको छ । अनुगमनको क्रममा सार्वजनिक यातायातका साधनहरू पूर्णतः बन्द रहेको, पसलहरू आंशिकरूपमा खुल्ला रहेको पाइएको छ । बन्दको प्रभाव सम्बन्धमा स्थानीय मानव अधिकारकर्मी तथा उद्योग व्यापार संघका अध्यक्षहरूसँग छलफल गरिएको छ । छलफलको क्रममा दैनिक उपभोग्य सामाग्रीहरूको आपूर्ति न्यून हुदै गएको, शिक्षा, स्वास्थ्य लगायत न्याय प्राप्तिमासमेत आमनागरिकको पहूँचमा कठिनाइ भइरहेकोप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

अनुगमनबाट प्राप्त तथ्यहरू, दाङमा स्वास्थ्य चौकीको सवारी साधन माथि भएको क्षति, बन्दले जनजीवनमा पारेको प्रभाव तथा मानव अधिकारको क्षेत्रमा कृयाशील राष्ट्रिय/स्थानीय संघ संस्थाहरूलाई अनुगमन गर्न रोक लगाइएको सम्बन्धमा थरूहट संयुक्त संघर्ष समिति पश्चिम कमाण्डका संयोजक डिल्लीबहादुर चौधरीसँग आयोगको कार्यालयमा शनिवार छलफल भएको छ । छलफलको क्रममा मानव अधिकारको क्षेत्रमा कृयाशील राष्ट्रिय/ स्थानीय संघ संस्थाहरूलाई अनुगमन गर्न रोक नलगाइएको र अब उप्रान्त पनि रोक नलगाइने, आमनागरिकको जनजीवनलाई सहज बनाउनेतर्फ आफ्नो सहयोग रहने वताउनु भएको छ । (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

### शान्ति सुव्यवस्था कायम गर्न सुरक्षा प्रमुखहरूलाई आयोगको निर्देशन

ललितपुर/२०६६ वैसाख २९ गते,
नेपाली सेनाको प्रधान सेनापति प्रकरणपछि चुलिएको राजनीतिक सङ्कटको परिणामस्वरूप विभिन्न जिल्लामा देखा परेको असुरक्षाको अवस्थाका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले सुरक्षा निकायका प्रमुखहरूलाई आयोगमा बोलाई शान्तिसुरक्षा कायम राख्न निर्देशन दिएको छ ।

पछिल्लो राजनीतिक सङ्कटसँगै एकीकृत नेकपा (माओवादी) र यसका भ्रातृसङ्गठनका नेता तथा कार्यकर्ताका उत्तेजक अभिव्यक्ति तथा व्यवहारले गर्दा संखुवासभा, भोजपुर, झापा, सप्तरी, पाँचथर, मोरङ, धनकुटा, दोलखा, रामेछाप, कैलाली, बर्दिया, खोटाङ, ताप्लेजुङ लगायतका जिल्लामा अन्य दलका नेताकार्यकर्ता माथि आक्रमणहरू भएकाले विस्थापित हुनु परेको सूचना तथा जानकारीहरू आयोगले प्राप्त गरेको छ । यसै सन्दर्भमा विभिन्न जिल्लाको सुरक्षा अवस्था बुझ्न र त्यहाँ शान्ति-सुव्यवस्थालाई खलल हुन नदिन आयोगले सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन दिएको हो ।

आयोगले नागरिकको अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण विरोधका कार्यक्रमहरूलाई निर्वाध सञ्चालन हुन दिन तथा धम्की, विस्थापन, अपहरण, कुटपीट जस्ता कार्यहरू रोक्न आवश्यक सतर्कता अपनाउन सुरक्षा प्रमुखहरूलाई निर्देशन दिएको छ । साथै आयोगले सबै ७५ जिल्लामा मानव अधिकारकर्मी, नागरिक समाज र सुरक्षा निकायबीच शान्तिसुव्यवस्था कायम राख्न तत्काल आवश्यक पहल गर्न समेत सुझाव दिएको छ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

छलफलमा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगीना सिंह, गौरी प्रधान र डा. लीला पाठक तथा गृह मन्त्रालयका सचिब डा. गोविन्द कुसुम, आयोगका सचिब विशाल खनाल, नेपाल प्रहरीका महानिरीक्षक रमेश चन्द र सशस्त्र प्रहरी बलका महानिरीक्षक सनत बस्नेत उपस्थित हुनुहुन्थ्यो । (विशाल खनाल, सचिब)

**मानव अधिकारको वर्तमान अवस्थाप्रति आयोग चिन्तित**

ललितपुर/२०६६ जेठ ३ गते,
आज यस आयोगमा नेकपा (एमाले) का महासचिब ईश्वर पोखरेल तथा नेपाली कांग्रसका नेता डा. रामवहादुर वि.सी. सहितको दुई छुट्टा छुट्टै सभासद्हरू सहितको टोलीले आयोगका पदाधिकारीहरूलाई भेटी विभिन्न घटनाहरूको सम्बन्धमा जानकारी गरायो । रामेछाप जिल्लाको तिल्पुङ्ग गा.वि.स. इलाकामा नेकपा (एमाले) का महासचिब ईश्वर पोखरेल सहितका नेताहरूको टोली माथि मिति २०६६ साल जेठ ३ गते एकीकृत नेकपा (माओवादी) का कार्यकर्ताबाट सांघातिक आक्रमण गरेको घटनाबाट मानव अधिकारको उल्लंघन हुन गएको तथा अर्घाखाँची जिल्लामा एकीकृत नेकपा (माओवादी ) का कार्यकर्ताबाट विभिन्न राजनीतिक दलका कार्यकर्तालाई दिएको धम्कीका कारण राजनीतिक दलका नेता कार्यकर्ता विस्थापित हुनु परेकोले दोषीलाई कारवाही गरी मानव अधिकारको संरक्षण गरी पाउन दुवै टोलीहरूले उजुरी समेत दिएका छन् ।

नेकपा.(एमाले) का महासचिब ईश्वर पोखरेलले मानव अधिकारको खस्कँदो अवस्था, एकीकृत (माओवादी) कार्यकर्ताहरूबाट देशका विभिन्न स्थानहरूमा मानव अधिकारका उल्लंघनका घटनाहरू घटाइएकोले आयोगबाट त्यस्ता घटनाहरूको अविलम्व छानविन हुनु पर्ने कुरा बताउनु भयो भने नेपाली कांग्रेसका नेता डा. रामबहादुर बि.सी.ले एकीकृत माओवादीका मानव अधिकार विरूद्धका ज्यादतीहरूलाई आयोगले छानविन गरी मानव अधिकारको संरक्षणमा जोड दिनु पर्ने कुरा बताउनुभयो । उजुरीहरू प्राप्त भएपछि वर्तमान अवस्थामा देशभर भएका घटनाहरूलाई आयोगले नजिकबाट अनुगमन गरिरहेको र खस्कदो मानव अधिकार अवस्थाप्रति आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले चिन्ता व्यक्त गर्दै आयोगको टोली रामेछापमा भएको घटनाको अनुसन्धान गर्न अविलम्ब घटनास्थलतर्फ प्रस्थान गर्ने जानकारी दिनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोग नागरिकको अभिव्यक्ति, स्वतन्त्रता, पेशा व्यवसाय गर्ने स्वतन्त्रता, आवागमनको स्वतन्त्रताको सम्मान गर्न सम्बन्धित पक्षसँग आग्रह गर्दछ । साथै शान्ति सुरक्षाको सुव्यवस्था मिलाउन नेपाल सरकारको समेत ध्यानाकर्षण गर्दछ ।

छलफलमा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू गौरी प्रधान, डा. लीला पाठक र डा. के.वी. रोकायालगायत अधिकृत कर्मचारीको उपस्थिति थियो । (विशाल खनाल, सचिब)

### बम बिष्फोट घटनाप्रति आयोगबाट अनुगमन शुरू

ललितपुर/२०६६ जेठ ९ गते,
आज बिहान करिब ९.१५ बजे ललितपुर जिल्लाको धोबिघाटमा रहेको एजम्सन चर्चमा प्रार्थाना शुरू हुने बेलामा भएको बम बिष्फोटमा परि २ जनाको मृत्यु र १४ जना भन्दा बढि घाइते भएको घट्नाप्रति आयोग दुख व्यक्त गर्दै खेद प्रकट गर्दछ । आयोगका अधिकृतहरूको टोलिले आजै घटनास्थल र घाइतेहरू उपचार गराइरहेको अस्पताल समेत पुगी घटनाबारे प्रारम्भिक अनुगमन शुरू गरेको छ ।

धार्मिक स्थलमा भएको उक्त घटनाबाट नागरिकको बाँच्न पाउने अधिकार, धार्मिक स्वतन्त्रता र आस्थासंग सम्बन्धित मानव अधिकार बिरोधी कार्य भएको हुंदा घटनाको तत्काल छानबिन गरी दोषी उपर कारबाही गर्न नेपाल सरकारसँग आयोग आग्रह गर्दछ । साथै धार्मिक स्वतन्त्रता र आस्थाको बिषयमा संयमित हुन सम्बन्धित सबै पक्षसंग आयोग हार्दिक आग्रह गर्दछ । (विशाल खनाल, सचिब)

### नेपाल सरकारलाई आयोगको ध्यानाकर्षण

ललितपुर/२०६६ असार २१ गते,
राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार उल्लङ्घनमा आरोपित व्यक्तिहरूका सम्बन्धमा आवश्यक छानबिनपश्चात् मात्र उनीहरूको वृत्ति विकासको निर्णय लिन नेपाल सरकारलाई आग्रह गरेको छ । आयोगद्वारा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पठाइएको पत्रमा भनिएको छ, 'यस्तो निर्णय लिनुपूर्व मानव अधिकार हनन्मा संलग्न भएनभएको बारे आयोगले गरेका सिफारिसहरूलाई उचित ध्यान दिन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।'

आयोगद्वारा प्रेषित पत्रमा भनिएको छ, 'आयोगको अनुसन्धानबाट मानव अधिकारको उल्लङ्घनका घटनामा दोषी देखिएका कतिपय अधिकारीहरूलाई कारबाही गर्न आयोगले गरेको सिफारिस कार्यान्वयन नगरिएको र त्यस्ता अधिकारी तथा कर्मचारीहरू सुरक्षा संयन्त्र लगायत विभिन्न सरकारी सेवामा कार्यरत रहेको पाइएको छ । त्यस्ता अधिकारी तथा कर्मचारीहरूलाई विभागीय वा न्यायिक कारबाही वा दुवै चलाउन आयोगले गरेको सिफारिसको कार्यान्वयन हुनुअघि नै उनीहरूको पदोन्नति गर्ने, संयुक्त राष्ट्रसङ्घ लगायतका अन्तर्राष्ट्रिय निकायमा सेवा गर्न पठाउने वा अन्य किसिमबाट वृत्तिविकास वा प्रोत्साहन गरिएको पाइएको छ। यस्ता गतिविधिले दण्डहीनता थप मौलाउने र मानव अधिकारप्रति राज्यको प्रतिवद्धतामा प्रश्न उठ्न सक्ने व्यहोरातर्फ नेपाल सरकारको ध्यानाकर्षण गराइन्छ ।'

त्यसैगरी, रामेछाप जिल्लाको दोरम्बामा नेपाली सेनाद्वारा २०६० साल साउन ३२ गते २१ जना व्यक्तिलाई नियन्त्रणमा लिई हत्या गरेको सम्बन्धमा आयोगले गरेको सिफारिस पूर्ण कार्यान्वयन गर्न समेत आयोगले नेपाल सरकारको ध्यानाकर्षण गराएको छ । आयोगले दयाराम परियार (जनकपुर), सपना गुरूङ (मोरङ), मैना सुनुवार (काभ्रे), सरला सापकोटा (धादिङ) को हत्यामा

दोषी पाइएकाहरूका सम्बन्धमा तथा कालिकोटको कोटवाडा र जनकपुरकै संजीवलाल कर्ण समेत ५ जनाको हत्यामा आरोपीहरूका सम्बन्धमा समेत 'स्वतन्त्र र विस्तृत अनुसन्धान गरी दोषीलाई आवश्यक कारबाही तथा पीडित परिवारलाई उचित राहतको साथै यस्ता घटना पुनः दोहोरिन नदिन आवश्यक सतर्कता अपनाउन सरकारले सुरक्षा निकायलाई सचेत गराउन' सिफारिस गरेको थियो । मानव अधिकारको चरम उल्लङ्घन मानिएका यी घटनाका सम्बन्धमा आयोगले गरेका सिफारिसहरू अझै कार्यान्वयन भएका छैनन् ।

**कपिलबस्तु घटनाको जवाफदेहिता बहन गर्न नेपाल सरकारलाई आयोगको आग्रह**

ललितपुर/२०६६ असोज १ गते,
२०६४ भदौ ३० गते मोहित खाँको हत्याबाट कपिलवस्तु लगायतका जिल्लाहरूमा एक हप्तासम्म भड्किएको हिंसामा कम्तीमा १४ व्यक्ति मारिएका, कैयौं मानिस घाइते तथा विस्थापित भएका थिए । यसका साथै, घटनामा कैयौं सवारी साधन/मालबाहक गाडी, पसल तथा घरहरूमा आगजनी भएको तथा व्यापकस्तरमा सम्पति लुटपाटका घटनाहरू भएका थिए । यो घटना भएको दुई वर्ष पूरा भएको छ तर त्यस घटनाबाट विस्थापित भएका कैयौं घरपरिवार अझै विस्थापित अवस्थामै छन् ।

यो घटनामा दोषी पाइएका व्यक्तिलाई कानुनी कारबाहीको प्रक्रियामा ल्याउन र नागरिकको सुरक्षाका लागि कुनै ठोस पहल भएको आयोगको जानकारीमा छैन । घटनाको छानबिन गर्न नेपाल सरकारले गठन गरेको छानबिन समितिले समेत आफ्नो प्रतिवेदन २०६४ माघ महिनामा बुझाइ सकेको छ तर त्यो प्रतिवेदन अझै सार्वजनिक भएको छैन ।

राष्ट्रिय मानव अधिकार आयोगले यो घटनाका सम्बन्धमा स्थलगत अनुगमन गरी दोषीलाई कारबाही गर्न र पीडितलाई उचित राहत, पुनःस्थापना र क्षतिपूर्ति प्रदान गर्न मिति २०६४ असोज ६ गते नेपाल सरकारलाई सिफारिस गरेको थियो । तर, त्यसको समेत पूर्ण कार्यान्वयन गरिएको देखिंदैन । पीडितहरूको उद्धार र पुनःस्थापनामा ध्यान दिन नसक्दा तथा घटनाका दोषीलाई न्यायिक प्रक्रियामा ल्याउन नसक्दा विधिको शासन र नागरिक अधिकारका न्युनतम मान्यता माथि प्रतिकूल असर पर्छ ।

अतः कपिलवस्तु घटनाका पीडितहरूको अधिकार सुनिश्चित गर्न तथा दोषीलाई कानुनबमोजिम यथाशीघ्र कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकारसँग आग्रह गर्दछ । (विशाल खनाल, सचिब)

**मर्यादित व्यवहार गर्न सबै पक्षलाई आग्रह ।**

ललितपुर/२०६६ असोज २६ गते,
हालैका दिनहरूमा पर्सा जिल्ला लगायत देशका विभिन्न भागहरूमा राष्ट्रसेवक कर्मचारीहरू माथि मन्त्री, सभासद तथा राजनीतिक नेता तथा कार्यकर्ताहरूबाट आफ्नो नीहित स्वार्थ सिद्धिका

निम्ति विभिन्न प्रकृतिको अनुचित एवं गैरकानुनी दवाव दिने कृयाकलापहरूप्रति आयोगको गम्भीर ध्यान आकृष्ट भएको छ । शारिरीक र मानसिक यातना दिने, कालोमोसो लगाउने, कार्यालयमा तालावन्दी गर्ने र सार्वजनिक रूपमा गाली बेइज्जति गर्ने जस्ता अमर्यादित र मानवीय सम्मान विरूद्धका काम कारवाही जिम्मेवार तहवाट हुनु दुःखद् कुरा हो ।

कुनै पनि व्यक्तिलाई जात, धर्म, लिंग, पेशा र कामको आधारमा यातना दिनु, गाली वेइज्जति गर्नु तथा शक्ति र पदको आधारमा 'कानुनी राज्य' को सिद्धान्त विपरित हुने गरी कुनै पनि व्यक्ति, समूह वा समुदायलाई अपमान गर्नु  मानव मर्यादा र मानव अधिकारको उल्लंघन पनि हो ।

राष्ट्रसेवकको रूपमा कार्यरत कर्मचारीहरूलाई मर्यादित व्यवहार गर्नु सवैको कर्तव्य हो भने राष्ट्रसेवकहरूले पनि जनसाधारणको कामलाई विना भेदभाव, विना झञ्झट र ढिलासुस्ती तथा इमान्दारीपूर्वक सम्पन्न गर्नु परम कर्तव्य पनि हो ।

अतः आफ्नो कर्तव्य निर्वाह गर्ने सन्दर्भमा हरेक पक्षले सरोकार राख्ने सवै पक्षहरूसँग अत्यन्त संयमित रही मर्यादित व्यवहार गर्न तथा मानव अधिकारको सम्मान गर्न आयोग सम्पूर्ण राजनीतिक दलका कार्यकर्ताहरू, नेता, मन्त्री तथा राष्ट्रसेवक कर्मचारीहरू समेतलाई विशेष आग्रह गर्दछ । (विशाल खनाल, सचिब)

**आयोगको अनुगमन जारी, संयम अपनाउन आग्रह**

ललितपुर/२०६६ कार्तिक १८ गते

राष्ट्रिय मानव अधिकार आयोगले एकिकृत नेकपा (माओवादी) द्वारा यहि कार्तिक १५ गतेदेखि आह्वान गरिएको देशव्यापी विरोधका कार्यक्रमहरू नियमित अनुगमन गरिरहेको छ । आयोगले केन्द्रीय, क्षेत्रीय एवम् सम्पर्क कार्यालयहरू तथा मानव अधिकारसम्बन्धी विभिन्न सङ्घसंस्थाहरूसँग समेत आवश्यक सहकार्य गर्दै प्रदर्शनकारी, स्थानीय प्रशासन तथा सुरक्षा निकायहरूलाई मानव अधिकारको सम्मान र संरक्षण गर्न सचेत गराउने लगायतका कामहरू गरिरहेको छ ।

राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकार र एकिकृत नेकपा (माओवादी) दुवै पक्षलाई संयमता अपनाउन, उत्तेजनापूर्ण अभिव्यक्ति नदिन, संवाद मार्फत् सहमति निर्माण गर्न, आन्दोलनका गतिविधिहरू शान्तिपूर्ण रूपमा सञ्चालन गर्न, हरेक व्यक्तिको मानव अधिकार सम्मान र संरक्षण गर्नेतर्फ प्रभावकारी उपायहरू अवलम्बन गर्न आग्रह गर्दछ । (विशाल खनाल, सचिब)

**मर्यादित व्यवहार गर्न सबै पक्षलाई आग्रह ।**

ललितपुर/ २०६६ कार्तिक २६गते,

हालैका दिनहरूमा पर्सा जिल्ला लगायत देशका विभिन्न भागहरूमा राष्ट्रसेवक कर्मचारीहरू माथि मन्त्री, सभासद तथा राजनीतिक नेता तथा कार्यकर्ताहरूबाट आफ्नो नीहित स्वार्थ सिद्धिका निम्ति विभिन्न प्रकृतिको अनुचित एवं गैरकानुनी दवाव दिने कृयाकलापहरूप्रति आयोगको गम्भीर

ध्यान आकृष्ट भएको छ । शारिरीक र मानसिक यातना दिने, कालोमोसो लगाउने, कार्यालयमा तालावन्दी गर्ने र सार्वजनिक रूपमा गाली बेइज्जति गर्ने जस्ता अमर्यादित र मानवीय सम्मान विरूद्धका काम कारवाही जिम्मेवार तहवाट हुनु दुःखद् कुरा हो ।

कुनै पनि व्यक्तिलाई जात, धर्म, लिंग, पेशा र कामको आधारमा यातना दिनु, गाली वेइज्जति गर्नु तथा शक्ति र पदको आधारमा 'कानुनी राज्य' को सिद्धान्त विपरित हुने गरी कुनै पनि व्यक्ति, समूह वा समुदायलाई अपमान गर्नु  मानव मर्यादा र मानव अधिकारको उल्लंघन पनि हो ।

राष्ट्रसेवकको रूपमा कार्यरत कर्मचारीहरूलाई मर्यादित व्यवहार गर्नु सवैको कर्तव्य हो भने राष्ट्रसेवकहरूले पनि जनसाधारणको कामलाई विना भेदभाव, विना झञ्झट र ढिलासुस्ती तथा इमान्दारीपूर्वक सम्पन्न गर्नु परम कर्तव्य पनि हो ।

अतः आफ्नो कर्तव्य निर्वाह गर्ने सन्दर्भमा हरेक पक्षले सरोकार राख्ने सवै पक्षहरूसँग अत्यन्त संयमित रही मर्यादित व्यवहार गर्न तथा मानव अधिकारको सम्मान गर्न आयोग सम्पूर्ण राजनीतिक दलका कार्यकर्ताहरू, नेता, मन्त्री तथा राष्ट्रसेवक कर्मचारीहरू समेतलाई विशेष आग्रह गर्दछ । ( विशाल खनाल, सचिब)

**अदालतमार्फत् कारबाही गर्न आग्रह**

ललितपुर/२०६६ पुस ९ गते,

राष्ट्रिय मानव अधिकार आयोगले मैना सुनार तथा रामहरि श्रेष्ठ लगायतका मुद्दाहरू मानव अधिकार हनन् सम्बन्धी भएकाले अदालत मार्फत् कारबाही अघि बढाउन नेपाल सरकारको ध्यानाकर्षण गराएको छ ।

हाल काभ्रेपलान्चोक जिल्ला अदालतबाट पूर्पक्षका निम्ति मैना सुनारको हत्याको सिलसिलामा वारन्ट जारी भइसकेको अवस्थामा आरोपित नेपाली सेनाका मेजर निरञ्जन बस्नेतको विषयमा 'कोर्ट अफ इन्क्वायरी' गठन गरी कारबाही प्रकृया अगाडि बढाएको भन्ने आयोगको जानकारीमा आएकाले त्यसप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगले आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई एक पत्र लेखी मानव अधिकार उल्लङ्घनसम्बन्धी गम्भीर प्रकृतिका मुद्दाहरू नियमित अदालतबाहेक सैनिक अदालत वा जनअदालत भनिएको वा त्यस्तै प्रकृतिको अन्य कुनै अदालतको क्षेत्राधिकारभित्र नपर्ने बताएको छ । अदालतमा कारबाहीको प्रक्रियामा रहेका निज मेजर निरञ्जन बस्नेतलाई सर्वोच्च अदालतको आदेश, आयोगको सिफारिस र काभ्रेपलाञ्चोक जिल्ला अदालतको वारन्ट समेतलाई सम्मान गर्दै सम्बन्धित पक्षले निजबस्नेतलाई अदालतमा उपस्थित गराउनु पर्ने आयोगको निष्कर्ष रहेको छ। तसर्थ, त्यसैअनुसार गर्न गराउन आयोग नेपाल सरकारलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२ बमोजिम आग्रह गर्दछ ।

आयोगबाट पठाइएको पत्रमा नागरिक अदालतमा कारबाहीयुक्त अवस्थामा रहेका आरोपित व्यक्तिहरूलाई पक्राउ गरी बुझाउन र कानुनबमोजिम कारबाही अगाडि बढाउनका लागि नेपाल सरकारको ध्यानाकर्षण गराइएको छ । पत्रमा भनिएको छ- यस आयोगबाट भएको सिफारिस र सर्वोच्च अदालतबाट आदेश भइसकेका सम्पूर्ण मुद्दाहरूमा तत्काल कारबाही अगाडि बढाउन आयोगले विभिन्न मितिमा गरेका सिफारिसहरूबमोजिम कारबाही गर्न आयोग नेपाल सरकारलाई पुनः आग्रह गर्दछ । (विशाल खनाल, सचिब)

**आमहड्ताल जस्ता गम्भीर असर पर्ने गतिविधि नगर्न अनुरोध**

ललितपुर/२०६६ पुस ९ गते,

राष्ट्रिय मानव अधिकार आयोगले एकिकृत नेकपा (माओवादी) द्वारा आव्हान गरिएको तीन दिने आमहड्तालको नियमित र देशव्यापी अनुगमन सम्पन्न गरेको छ । आमहड्तालको आयोजक एकिकृत नेकपा (माओवादी) ले एम्बुलेन्स, मानव अधिकारकर्मी, सञ्चारकर्मी र पर्यटकका सवारीसाधनलाई आवागमन गर्न दिने प्रतिवद्धता व्यक्त गरेको भए पनि त्यसको उल्लङ्घन भएको पाइएको छ । अनुगमन र रिपोर्टिङको सिलसिलामा पुगेका मानव अधिकारकर्मी र केही पत्रकारहरू माथि आक्रमणहरू भएका छन् ।

सर्वसाधारणको दैनिकीमा व्यापक असर पार्ने आमहड्तालजस्तो गम्भीर कार्यक्रम फिर्ता लिन आयोगलगायत मानव अधिकार समुदायको पटकपटकको अनुरोध र आग्रहलाई आयोजक पक्षले बेवास्ता गऱ्यो । बन्दकर्ताहरूले राष्ट्रिय मानव अधिकार आयोगको सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालयको सवारीसाधनलाई नचलाउन धम्की दिए । आयोगका केन्द्रीय, क्षेत्रीय तथा सम्पर्क कार्यालयहरूबाट गरिएको अनुगमनमा देशका सबैजसो भागमा हड्तालको प्रत्यक्ष प्रभाव परेको, शैक्षिक संस्था, उद्योग कलकारखाना तथा यातायात ठप्प भएको छ । आमहड्तालले सर्वसाधारणको दैनिक जनजीवन कष्टकर बनेको, यात्रुहरू अलपत्र परेका, बिरामीहरूले समयमै अस्पताल पुग्न नसकेका र औषधोपचारबाट वञ्चित भएका, पसलहरू बन्द भएकाले उपभोक्ता, खासगरी वृद्ध, विरामी र बालबालिकाहरू प्रत्यक्ष प्रभावित भएका छन् । माओवादी कार्यकर्ताले अन्य दलका कार्यालयहरूमा समेत तोडफोड र आक्रमण गरेका छन् ।

आमहड्तालको पहिलो दिन देशका अन्य भागको तुलनामा राजधानी बढी अशान्त र तनाबग्रस्त बन्न पुग्यो । काठमाडौंको वानेश्वरमा सुरक्षाकर्मी तथा प्रदर्शनकारी दुवै पक्षबाट आवश्यकताभन्दा बढी बलप्रयोग भएकाले स्थिति तनाबग्रस्त र हिंसात्मक भएको थियो । शान्ति सुव्यवस्था कामय गर्न खटिएका सुरक्षाकर्मीले आफ्नै सहकर्मीलाई सुरक्षा दिन नसक्दा डिएसपी दिलिप चौधरी गम्भीर रूपमा घाइते भए । दोस्रो दिन, राजधानीबाहिरका विभिन्न सहरमा तनाबको स्थिति देखा पऱ्यो । एकिकृत नेकपा(माओवादी) का कार्यकर्ताहरूले मालपोत, शिक्षा, विद्युत, स्थानीय विकास,

**राष्ट्रिय मानव अधिकार आयोग**

नगरपालिका, गाविस लगायतका कार्यालय परिसरभित्रै गएर कर्मचारीहरूलाई आक्रमण गरे तथा भौतिक क्षति पुऱ्याए । एकिकृत नेकपा (माओवादी) समर्थित बाहेक अन्य निजी तथा भाडाका सवारीसाधन, मोटरसाइकलका तोडफोड र आगजनी गरिएको पाइएको छ ।

राजधानीमा साइकलयात्रीहरूलाई समेत आवागमनमा अवरोध गरिएको पाइयो । राजधानी उपत्यका लगायत देशका विभिन्न स्थानमा प्रदर्शनकारी र सुरक्षाकर्मीबीच बलप्रयोग र प्रतिकार का केही घटनाहरू भएका छन् । आमहड्तालको तेस्रो दिन मध्याह्नपछि जनजीवन अलि खुकुलो भएको अवस्था छ । तर कैलालीमा डुडेझरी घटनाका कारणले एकिकृत नेकपा (माओवादी) ले आयोजना गरेको बन्द अझै कायम छ ।

जुनसुकै पक्षबाट तथा जस्तोसुकै बहानामा आमहड्ताल र यातायात बन्द जस्ता गतिविधिको आयोजना गरिए पनि यसबाट सर्वसाधारणको जनजीवन कष्टकर हुने, लाखौं बालबालिकाको शिक्षाप्राप्तिको अधिकार, बिरामीहरूको औषधोपचारको अधिकार, सर्वसाधारणको पेसा, व्यवसाय गर्न पाउने अधिकार, आवागमन तथा उपभोगको अधिकार समेत गम्भीर रूपमा प्रभावित हुन्छ । तसर्थ, सबै किसिमका राजनीतिक मुद्दाहरूलाई संवादको माध्यमबाट सहमतिमा पुग्न सबै राजनीतिक दलहरूलाई राष्ट्रिय मानव अधिकार आयोग आग्रह गर्दछ । साथै, आगामी दिनमा आमहड्ताल जस्तो गम्भीर प्रकृतिका गतिविधि नगर्न समेत राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धित सबै राजनीतिक दलहरूलाई आग्रह गर्दछ । साथै, शान्ति सुरक्षा कायम गर्ने सिलसिलामा आवश्यकताभन्दा बढी बल प्रयोग नगर्न र संयम अपनाउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँछ । (विशाल खनाल, सचिब)

**राजनीतिक हिंसा अन्त्य गर्न आग्रह**

ललितपुर/२०६६ पुस २४ गते,

बाराको गञ्जभवानीपुरमा पुस २२ गते राति गोली प्रहारबाट एकीकृत नेकपा (माओवादी) का तीन कार्यकर्ताहरू रामप्रकाश यादव, दारा यादव र अम्बिका महतोको मृत्यु भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । घटनाको अनुगमन तथा अनुसन्धानका लागि आयोगको क्षेत्रीय कार्यालय जनकपुरबाट एक टोली घटनास्थल पुगी स्थानीय प्रशासन, सुरक्षा निकाय, पीडित परिवार तथा स्थानीय प्रतिनिधिहरूसँग आवश्यक सोधपुछ गरिरहेको छ ।

हत्यामा संलग्न दोषीहरूलाई पक्राउ गरी अबिलम्ब कानुनी कारबाही गर्न तथा घटनाका घाइतेहरूको प्रभावकारी उपचार र  पीडित परिवारलाई राहतको व्यवस्था गर्न समेत आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । घटनाको विरोध स्वरूप बारा, पर्सा र रौतहट जिल्लाहरूमा अनिश्चितकालीन हड्ताल गरिंदा लाखौं सर्वसाधारणको आवागमन तथा पेसाव्यवसाय गर्न

पाउने अधिकार प्रभावित भएकाले संवाद र सहकार्यबाट घटनाको टुङ्गो लगाउन समेत आयोग सम्बन्धित पक्षलाई आग्रह गर्दछ ।

'विशेष सुरक्षा कार्यक्रम' लागू भएको अवस्थामा समेत हत्या हिंसाका घटना भइरहनु दुःखद कुरा कुरा हो । हत्यामा संलग्न भएको भनी केही समूहले जिम्मेवारी दाबी गरिरहँदा सुरक्षा निकायले दोषीलाई तुरून्त कानुनी दायरामा ल्याउनु पर्ने देखिन्छ । यस प्रकारका घटना भविष्यमा दोहोरि न नदिन तथा उच्च सुरक्षा सतर्कता अपनाई नागरिकको भयरहित वातावरणमा बाँच्न पाउने अधिकारको सम्मान गर्न समेत आयोग नेपाल सरकारलगायत सम्बन्धित सबैलाई आग्रह गर्दछ ।

राजनीतिक दलका नेता तथा कार्यकर्तालाई लक्षित गरी हत्या, हिंसा, अपहरणजस्ता घटना हुनेक्रम बढ्दै गएकाले राजनीतिमा आपराधिकरण तथा अपराधमा राजनीतिकरण हुने परिपाटीलाई अन्त्य गर्न तत्काल पहल थाल्न राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकार, राजनीतिक दल तथा सम्बन्धित सबैलाई अनुरोध गर्दछ । (विशाल खनाल, सचिब)

**शान्तिसुरक्षा सुदृढ गर्न आग्रह**

ललितपुर/२०६६ माघ २५ गते,

आयोगको मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयको गाडी (बा ७ च ७४७७, टोयोटा पजेरो) कार्यालयकै कामको सिलसिलामा सुर्खेत रोड हुँदै नेपाल राष्ट्र बैंक नेपालगञ्जतर्फ जानेक्रममा नेपालगञ्ज नगरपालिका अगाडि तोडफोड गरिएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोग खेद प्रकट गर्दछ । यो घटनाका दोषीलाई तत्काल कानुनी कारबाही गर्न आयोग सम्बन्धित निकायलाई आग्रह गर्दछ । साथै, मानव अधिकारप्रति सधैं संवेदनशील रहन तथा सम्मान गर्न समेत सम्बन्धित सबैलाई अनुरोध गर्दछ ।

राष्ट्रिय मानव अधिकार आयोगको नियमित अनुगमनबाट बिगत केही समययता राजधानीलगायत देशका विभिन्न भागमा शृंखलाबद्ध रूपमा भइरहेका हत्याहिंसा, अपहरण लगायतका आपराधिक घटनाहरूले शान्तिसुरक्षाको अवस्था नाजुक बन्दैगएको पाइएको छ ।

अतः सर्बसाधारण सबैको शान्तिपूर्वक बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न तथा शान्तिसुर क्षाको अवस्थालाई अझ सुदृढ पार्न राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकारलाई आह्वान गर्दछ । घटनाका दोषीहरूलाई यथाशीघ्र कानुनी दायरामा ल्याउनुका साथै त्यस्ता घटना हुनै नदिन आवश्यक सतर्कता अपनाउन समेत नेपाल सरकार लगायत सम्बन्धित सबैलाई आयोग आग्रह गर्दछ । (विशाल खनाल, सचिब)

**राष्ट्रिय मानव अधिकार आयोग**

## खस्कँदो मानव अधिकार अवस्थाप्रति गम्भीर ध्यानाकर्षण

जनकपुर/२०६६ माघ २८ गते,

विगत केही दिनयता मध्य तराई क्षेत्रका पर्सा, बारा, महोत्तरी, धनुषा लगायतका जिल्लाहरूमा हत्या, अपहरण, धम्की, बमबिष्फोट जस्ता घटनाहरू दिनप्रतिदिन बढ्दै गइरहेकोप्रति राष्ट्रिय मानव अधिकार आयोगको जनकपुर कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

विधिको शासनलाई अवलम्बन गर्नगराउन सम्बन्धित निकायहरूबाट प्रभावकारी कारबाही प्रकृयाअघि बढाउनु पर्नेमा घटनाका दोषीहरू पक्राउ नपर्नु, अनुसन्धान प्रभावकारी नहुनुजस्ता कार्यले दण्डहीनताले प्रश्रय पाएको एवम् यस क्षेत्रको शान्तिसुरक्षाको अवस्था समेत खस्कँदै गएकाले आयोगको यो कार्यालय गम्भीर चिन्ता प्रकट गर्दछ । मानव अधिकार उल्लङ्घनका घटनाहरूको शृंखलाले गर्दा व्यक्तिको स्वतन्त्र र शान्तिपूर्वक बाँच्न पाउने अधिकार प्रभावित भएको छ । विभिन्न राजनीतिक दल, सशस्त्र एवम् अन्य समूहहरूले निरन्तर गरिरहने बन्द, हड्ताल, तालाबन्दीजस्ता गतिविधिले घटनाका दोषीहरूलाई कानुनी दायरामा ल्याउन मानव अधिकारको अवस्थामा समेत प्रतिकुल असर परिरहेको छ ।
अतः हत्या, अपहरण, धम्की, बमविष्फोट, बन्दहड्तालजस्ता कार्यहरू अबिलम्ब बन्द गरी मानव अधिकारको अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तअनुरूप हुने गरी आ-आफ्ना गतिविधिहरू सञ्चालन गर्न सम्बन्धित सबैलाई आयोग आग्रह गर्दछ । साथै, मध्य-तराई क्षेत्रको मानव अधिकारको अवस्थाका सम्बन्धमा नियमित अनुगमन/अनुसन्धान गरिरहेकाले आयोगलाई आवश्यक सहयोग गर्न समेत सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।
(प्रदीपकुमार झा, कार्यालय प्रमुख)

## शान्ति सुरक्षा सुदृढ गर्नेबारे सुरक्षा निकायसँग छलफल

ललितपुर/२०६६ माघ २८ गते,

राष्ट्रिय मानव अधिकार आयोगले पछिल्लो अवस्थामा देशको शान्तिसुरक्षा सुदृढ गरी सर्वसाधारणको मानव अधिकारको संरक्षण गर्ने सम्बन्धमा गृह मन्त्रालय तथा सुरक्षा निकायहरूको ध्यानाकर्षण गराएको छ । आयोगलाई प्राप्त जानकारी तथा उजुरीका आधारमा आपराधिक घटनामा बृद्धि भएको र सुरक्षा निकायको संलग्नतामा गैरन्यायिक हत्या हुने क्रम जारी रहेको सम्बन्धमा गृह मन्त्रालय तथा सुरक्षा निकायका पदाधिकारीसँग आयोगमा छलफल भएको छ ।

गृह सचिब डा. गोविन्द कुसुम र नेपाल प्रहरीका महानिरीक्षक रमेशचन्द्र ठकुरीलगायत सुरक्षा निकायका उच्चपदस्थ कर्मचारीहरूको उपस्थितिमा भएको छलफल कार्यक्रममा आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले सुरक्षा निकायजस्तो राज्यको जिम्मेवार निकायबाट मानव अधिकार र शान्तिसुरक्षा कायम राख्न कानुनसम्मत् तवरले बलप्रयोग हुनु स्वाभाविक भए पनि कब्जामा

लिइएका व्यक्तिको हत्या हुनु मानव अधिकारको गम्भीर उल्लङ्घन भएको बताउनुभयो । उहाँले भन्नुभयो, 'सुरक्षा निकायबाट बढी बल प्रयोग भएको भनी आयोगमा विभिन्न जानकारी तथा उजुरीहरू प्राप्त भएका छन्, यो निकै चिन्ताको विषय हो ।' आयोगका सदस्य गौरी प्रधानले पछिल्लो दुई वर्षमा सुरक्षा निकायबाट गैरन्यायिक हत्या भएको भनिएका करिब चार दर्जन घटनाबारे आयोगले जानकारी संकलन गरेको र आयोगको अनुसन्धानबाट १३ घटनाको पुष्टि भई आवश्यक कारबाहीका लागि सिफारिस समेत गरिसकिएको जानकारी दिनुभयो । उहाँले राज्यपक्षले गरेका मानव अधिकार उल्लङ्घनका घटनाहरू तुलनात्मक रूपमा गैरराज्यपक्षको भन्दा कम देखिएता पनि गैरराज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घन र ज्यादतिका घटनालाई रोक्ने काम पनि सुरक्षा निकायकै भएकाले अझ बढी क्रियाशील हुनु पर्ने बताउनुभयो । साथै, उहाँले नागरिकको मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्ने जिम्मेवारी बोकेको सुरक्षा निकायकै क्षमता अभिबृद्धि एवम् जनशक्ति विकास गर्नु पर्ने धारणा राख्नुभयो ।

गृहमन्त्रालयका सचिब डा. गोविन्द कुसुमले सरकार शान्तिसुरक्षा कायम गर्न यथाशक्य लागि परेको तर सीमित स्रोतसाधनका कारणले अपेक्षित सफलता प्राप्त हुन नसकेको बताउनुभयो । उहाँले देशभरि विभिन्न ११७ सशस्त्र समूहहरू देखिएकाले शान्तिसुरक्षाको अवस्थालाई सुदृढ गर्न अझै चुनौति थपिएको जानकारी दिनुभयो । नेपाल प्रहरीका महानिरीक्षक रमेशचन्द्र ठकुरीले राजमार्ग अवरोध, गुण्डागर्दी र जबर्जस्तिमा चन्दा असुली जस्ता गतिविधिमा विशेष सुरक्षा कार्यक्रम लागु भएपछि कमी आएको तर सीमित साधनस्रोतको अभावले आपराधिक घटनामा अपेक्षित सफलता प्राप्त गर्न नसकेको स्वीकार गर्नुभयो । उहाँले आयोगले मागेका सूचना तथा जानकारीहरू समयमै उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गर्दै आयोगका अनुसन्धानलाई सघाउने तथा आयोगका सिफारिस कार्यान्वयन गर्न आफ्नो संगठनको तर्फबाट सक्दो प्रयास गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

छलफल कार्यक्रममा आयोगका सचिब विशाल खनाल, नेपाल प्रहरीका अतिरिक्त प्रहरी महानिरीक्षकद्वय मदनबहादुर खड्का र किरणकुमार गौतम, आयोगका निर्देशकद्वय वेदप्रसाद भट्टराई र सुवर्ण कर्माचार्य, आयोगका अनुसन्धान विभागका प्रमुख कोषराज न्यौपाने, सशस्त्र प्रहरीका नायब महानिरीक्षक एम. गुरूङ, नेपाल प्रहरीका उपरीक्षक सर्वेन्द्र खनाल र आयोगका सञ्चार अधिकृत भानुभक्त आचार्यको उपस्थिति थियो । (विशाल खनाल, सचिब)

## सितापुर गा.वि.स.का सचिब इन्द्रबहादुर श्रेष्ठको हत्या प्रति आयोगको ध्यानाकर्षण

नेपालगञ्ज/२०६६ माघ १३ गते

विगत केही महिना देखि विभिन्न समूहको नामबाट बाँके जिल्ला लगायत मध्यपश्चिम क्षेत्रका विभिन्न जिल्लाहरूमा भएका नागरिकहरूको हत्या, अपहरण, चन्दा असुली, सम्पती कब्जा आदीका कारणले जनताको शान्तिपूर्ण तथा भयरहित तरिकाले वाँच्न पाउने अधिकार, स

**राष्ट्रिय मानव अधिकार आयोग**

वतन्त्र रूपमा आफ्नो पेशा रोजगार गर्न पाउने अधिकार, सम्पत्तीको उपभोग गर्न पाउने नागरिकहरूको अधिकारमा अवरोध पु-याउने जस्ता कृयाकलापहरू श्रृखलावद्वरूपमा बढीरहेको अवस्थामा हिजो मिति २०६६/१०/१२ गतेका दिन आफ्नो कार्यालयको काम सकेर हिडिरहेको अवस्थामा कर्तव्यनिष्ठ राष्ट्र सेवक सितापुर गा.वि.स.का सचिब इन्द्र बहादुर श्रेष्ठको हत्या प्रति राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ।

आयोग, मानव अधिकारको अन्तर्राष्ट्रिय मूल्य मान्यताअनुरूप व्यक्तिको जीवनको अधिकार लगायतका नैसर्गिक अधिकारहरूको पूर्णरूपमा सम्मान गर्न र यस्ता खाले घटनाहरू नदोहो-याउनसमेत सम्वन्धित पक्षहरूलाई आग्रह गर्दछ।

नागरिकहरूको जीवनको अधिकारसमेत लाई कुण्ठीत गर्ने गरी घटाइएका यस्ता घटनाका दोषीलाई तुरून्त कानुन बमोजिम कार्वाही गर्न र पीडितलाई उचित क्षतिपूर्ति दिलाउन स्थानीय प्रशाासन र नेपाल सरकारलाई आयोग आग्रह गर्दछ। साथै बाँके जिल्ला लगायत मध्यपश्चिम क्षेत्रको शान्ति सुरक्षाको स्थिति कमजोर भएका कारणले व्यक्तिको मानव अधिकार उपभोग गर्न बाधासमेत पुगेको हालको अवस्थामा आयोग स्थानिय प्रशासनलाई संम्वेदनसिल भै शान्ति सुरक्षाको स्थितिमा सुधार ल्याई नागरिकको जीवन रक्षा लगायतका मानव अधिकारको प्रत्याभूति गर्न समेत विशेषरूपमा ध्यानाकर्षण गराउँन चाहान्छ।( मुरारी प्रसाद खरेल, नि. निर्देशक )

**शान्तिसुरक्षा सुदृढ गर्न आग्रह**

ललितपुर/ २०६६ माघ २५ गते

आयोगको मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयको गाडी (बा ७ च ७४७७, टोयोटा पजेरो) कार्यालयकै कामको सिलसिलामा सुर्खेत रोड हुँदै नेपाल राष्ट्र बैंक नेपालगञ्जतर्फ जानेक्रममा नेपालगञ्ज नगरपालिका अगाडि तोडफोड गरिएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोग खेद प्रकट गर्दछ। यो घटनाका दोषीलाई तत्काल कानुनी कारबाही गर्न आयोग सम्बन्धित निकायलाई आग्रह गर्दछ। साथै, मानव अधिकारप्रति सधैं संवेदनशील रहन तथा सम्मान गर्न समेत सम्बन्धित सबैलाई अनुरोध गर्दछ।

राष्ट्रिय मानव अधिकार आयोगको नियमित अनुगमनबाट बिगत केही समययता राजधानीलगायत देशका विभिन्न भागमा शृंखलाबद्ध रूपमा भइरहेका हत्याहिंसा, अपहरण लगायतका आपराधिक घटनाहरूले शान्तिसुरक्षाको अवस्था नाजुक बन्दैगएको पाइएको छ।

अतः सर्बसाधारण सबैको शान्तिपूर्वक बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न तथा शान्तिसुरक्षाको अवस्थालाई अझ सुदृढ पार्न राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकारलाई आह्वान गर्दछ। घटनाका दोषीहरूलाई यथाशीघ्र कानुनी दायरामा ल्याउनुका साथै त्यस्ता घटना हुनै नदिन आवश्यक सतर्कता अपनाउन समेत नेपाल सरकार लगायत सम्बन्धित सबैलाई आयोग आग्रह गर्दछ। (विशाल खनाल, सचिब )

## जिल्लाको समग्र मानव अधिकारको अवस्था र शान्तिसुरक्षा सम्वन्धमा सुरक्षा निकायसँग छलफल

नेपालगंज/ २०६६ फागुन ४ गते,

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जले जिल्लाको शान्ति सुरक्षाको अवस्था र नागरिकको सुरक्षा, मानव अधिकार उलंघन तथा अपराधिक घटनाका दोषीलाई कानुनको दायरामा ल्याउन भएका प्रयासहरूका सन्दर्भमा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरूसँग छलफल तथा सोधपुछ गरेको छ । विगत केही समयता सितापुर गा.वि.स.का सचिब इन्द्रवहादुर श्रेष्ठ, खजुरा निवासी प्रकाश श्रेष्ठ, राजेश वर्मा लगायतका नागरिकको हत्या, अपहरण, सर्वसाधारण तथा व्यापारीहरूसंगको जर्वजस्ती चन्दा असुली तथा समग्र शान्ति सुरक्षा र अन्य आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिको पहीचान गरी दोषीलाई कानुनी दायरामा ल्याई परिणाममुखि शान्ति सुव्यवस्था कायम राख्न प्रभावकारी कदम चाल्न आयोगले सुरक्षा निकायका प्रमुखहरूलाई सुझाव दिएको छ ।

२०६६ माघ २४ गते राष्ट्रिय मानव अधिकार आयोगको गाडी तोडफोड तथा कुटपिटमा संलग्न दोषी तथा अन्य आपराधिक कार्यमा संलग्न व्यक्तिलाई लामो समयसम्म कानुनी प्रक्रियामा ल्याउन नसक्दा दण्डहीनताले प्रश्रय पाइरहेको भन्दै आयोगले आरोपित व्यक्तिलाई तत्कालै कानुनी प्रक्रियामा ल्याउन तथा नागरिकलाई शान्ति सुरक्षाको प्रत्याभुत गराउन स्थानिय प्रशासन तथा सुरक्षा निकायहरूको ध्यानाकर्षण गराएको हो ।

यस सम्बन्धमा जिल्लामा शान्तिसुरक्षको अवस्था सुदृढ गर्न र अपराधमा संलग्न आरोपित व्यक्तिलाई कानुनी दायरा ल्याउन प्रहरी प्रशासन तदारूकताका साथ लागि परेको साथै सरकारी निकाय, राजनीतिक पार्टी र सरौकारवालाहरूबीच समन्वय गरी अपराधमा संलग्न दाषीहरूलाई कानुनी दायरामा ल्याई छिट्टै शान्ति सुरक्षाको प्रत्याभूति हुने समेत प्रमुख जिल्ला अधिकारीले आयोगलाई जानकारी गराउनु भयो । उक्त छलफलमा राष्ट्रिय मानव अधिकार आयोगका निर्देशक मुरारी प्रसाद खरेल, मानव अधिकार अधिकृत हरि प्रसाद ज्ञवाली तथा रमेश कुमार थापा, प्रमुख जिल्ला अधिकारी वीरेन्द्र वहादुर वानिया, जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरिक्षक राम चन्द्र ढकाल,ससस्त्र प्रहरी उपरिक्षक तारादत्त पन्त, राष्ट्रिय अनुसन्धान वाँकेका प्रमुख इश्वर भक्त श्रेष्ठ लगायतका सुरक्षा अधिकारीहरूको उपस्थिति थियो ।( मुरारी प्रसाद खरेल, नि निर्देशक )

## बाँसपानी घटनामा आयोगको गम्भीर ध्यानाकर्षण

ललितपुर/ २०६६ फागुन २८ गते,

बर्दिया राष्ट्रिय निकुञ्जको बाँसपानीमा फागुन २६ गते राति सेनाले गोली चलाउँदा एक बालिकासहित स्थानीय तीन महिलाको मृत्यु भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको

**राष्ट्रिय मानव अधिकार आयोग**

गम्भीर ध्यानाकर्षण भएको छ । आयोगलाई प्राप्त जानकारीअनुसार निकुञ्ज सुरक्षार्थ खटिएका ज्वालादत्त गणका सेनाले चलाएको गोलीबाट मृत्यु हुनेहरूमा सुर्खेत हरिहरपुरकी १२ वर्षीया चन्द्रकला बिक, ३३ वर्षीया अमृता बिक र ३५ वर्षीया देवीसरा बिकरहेका छन् ।

आयोगको नेपालगञ्ज क्षेत्रीय कार्यालयको एक अनुसन्धान टोली यस घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गर्न घटनास्थलतर्फ प्रस्थान गरिसकेको छ । साथै, यस घटनाको सत्यतथ्य जानकारीका निम्ति आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाली सेना र गृहमन्त्रालयलाई पत्राचार गरेको छ ।

यो घटनाका सम्बन्धमा निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनबमोजिम अबिलम्ब कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकार र सम्बन्धित निकायहरूलाई आग्रह गर्दछ । (विशाल खनाल, सचिव)

**दण्डहीनताको अन्त्य गर्न आयोगको आग्रह**

जनकपुर / २०६६ चैत्र १५गते,

आयोगको पुर्ब कर्मचारी स्व दयाराम परियारको चौथो स्मृति दिवसका अबसरमाराष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय जनकपुर हार्दिक श्रद्धाञ्जली ब्यक्तगर्दछ ।

राष्ट्रिय मानव अधिकार आयोगको तत्कालीन सम्पर्क कार्यालय जनकपुरका कर्मचारी **दयाराम परियारको** मिति २०६२ चैत्र ११ गते साँझ जनकपुर नगरपालिकाको जनकचौकमा प्रहरीले चलाएको गोली लागि घाइते भई उपचारको क्रममा मिति २०६२ चैत्र १५ गते त्रिबि शिक्षण अस्पताल, महराजगञ्ज काठमाडौमा मृत्यु भएको थियो ।

आयोगले स्व.दयाराम परियारको घटना सम्बन्धमा २०६२ चैत्र २० गते घटनामा सलग्न प्रहरीहरूमाथि फौजदारी अभियोगमा कार्बाही चलाउनु भनी तत्कालीन श्री ५ को सरकारलाई सिफारीश गरेको थियो । आयोगको सिफारीशमा सोही घटनामा दयाराम परियारसँगै गोली लागेका जनकपुरका स्थानीयबासी रामचन्द्र यादबको घटना स्थलमा नै मृत्यु भएकोमा दुबै व्यक्तीको परिबारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्बाही तथा क्षतिपुर्ति निर्धारण नियमाबली,२०५७ को नियम १७ मा उल्लिखित आधारमा जनही रू दुई लाख पचास हजारको दरले क्षतिपुर्ति उपलब्ध गराउनु भनी सिफारीश गरेकोमा निजहरूले क्षतिपुर्ति पाईसके तापनि घटनामा सलग्न दोषीहरूमाथि अझै कार्बाही भएको छैन ।

साथै सो घटनामा सर्बोच्च अदालतले दोषीलाई कार्बाही गर्न गरेको आदेश समेत लामो समय बितिसक्दा पनि कार्बाही नभएको अबस्था रहेको छ । यसै घटना सम्बन्धमा आयोगले प्रधानमन्त्री,

गृहमन्त्री, प्रहरी महानिरीक्षक लगायत कानुन कार्बान्यवन तहका उच्च पदाधिकारीहरूलाई पटक पटक स्मरण गराईसकेको छ । तर यति लामो समय बितिसक्दा समेत आयोगको सिफारीश र सर्वोच्च अदालतको निर्णय कार्यान्वयन नहुनुले दण्डअीनतालाई प्रश्रय र गैरजवाफदेहिताको अवस्थालाई बृद्धि गर्दछ ।

अत सबै मानव अधिकार कर्मीहरूको सुरक्षाको प्रत्याभूति गर्न, मानव अधिकार उल्लंघन घटनाका दोषीहरूलाई कारबाही गर्न तथा आयोगको सिफारीश र सर्वोच्च अदालतका निर्णयहरूलाई कार्यान्वयन गरी दण्डहीनताको अबस्थाको अन्त्य गर्न राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय जनकपुर नेपाल सरकारलाई आग्रह गर्दछ । (प्रदीपकुमार झा, कार्यालय प्रमुख)

**संवाद र सहमति कायम गर्दै ऐतिहासिक जिम्मेवारी पूरा गर्न आग्रह**

ललितपुर/२०६७ वैसाख १४ गते

हालैका दिनमा मुख्य राजनीतिक दलहरूबीच उत्तेजनात्मक अभिव्यक्ति लगायतका कुराहरूले बढ्दै गएको असमझदारीले समग्र शान्ति प्रक्रिया तथा संविधान निर्माणको काम समेत अवरूद्ध हुँदै गएकाले जनसाधारण त्रसित र निराश हुनु पर्ने स्थिति पैदा भएको छ ।

एकिकृत नेकपा (माओवादी) ले अन्तर्राष्ट्रिय मजदुर दिवसका अवसरमा आयोजना गर्न लागेको शक्ति प्रदर्शन तथा त्यसको भोलिपल्टबाट आह्वान गरिएको अनिश्चितकालीन आमहड्ताल, त्यसका लागि देशका विभिन्न भागमा दिइएका घरेलु हातहतियार सहितका सुरक्षा तालिम, विभिन्न दलका जिम्मेवार व्यक्तिहरूले दिएका धम्कीपूर्ण अभिव्यक्तिले देशका सबै तह र तप्काका जनतालाई भयातुर बनाएको छ । एकातिर, लाखौं विद्यार्थीहरूको भविष्यलाई चुनौति दिने गरी विद्यालयको पठनपाठन ठप्प छ, परीक्षाको तयारी गरिरहेका लाखौं विद्यार्थीहरू अन्यौलमा छन्, राजनीतिक दलका कार्यकर्ताहरूबाट आपराधिक झडप र आक्रमणका गतिविधिहरू भइरहेका छन् । अर्कातिर, सरकार र सम्बन्धित निकायहरूले जनतालाई शान्तिपूर्ण र निर्भयतापूर्वक बाँच्न पाउने कुरामा आश्वस्त पार्न सकेको छैन । संविधान निर्माण गर्ने समयसीमा एक महिनामात्र बाँकी रहेको यो महत्वपूर्ण क्षणमा राजनीतिक तहमा सबैभन्दा बढी असमझदारी र दूरी बढेको देखिन्छ ।

संविधान निर्माणको काम शीघ्रातिशीघ्र पूरा गर्न संविधान सभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलहरू, खासगरी सत्तापक्ष र प्रमुख प्रतिपक्षबीच उच्च समझदारी, सहमति र सहकार्य हुनु अत्यावश्यक छ । ऐतिहासिक संविधान सभाबाट नेपालको नयाँ संविधान घोषणाको समयावधि एक महिना मात्रै बाँकी रहेको यो महत्वपूर्ण क्षणमा समग्र शान्तिप्रक्रियालाई सही निष्कर्षमा पुऱ्याउनु तथा संविधान निर्माणको कार्यलाई सफलतापूर्वक सम्पन्न गर्नु अहिलेको टड्कारो आवश्यकता हो । तसर्थ, आ-आफ्नो ऐतिहासिक दायित्व निर्वाह गर्न सरकार, सत्तापक्ष, प्रतिपक्षका

**राष्ट्रिय मानव अधिकार आयोग**

साथै सम्बन्धित सबै पक्षहरूसँग राष्ट्रिय मानव अधिकार आयोग निम्न आग्रह गर्दछ :

क) संवादबाट राजनीतिक सहमति कायम गर्दै सर्वसाधारणमा देखिएको भयपूर्ण वातावरणलाई तत्काल अन्त्य गर्न,

ख) जनप्रदर्शन जस्ता गतिविधिलाई शान्तिपूर्ण बनाउन, घरेलु हतियार सहितका तालिम, जबर्जस्ति चन्दा असुली, धम्की र झडपका गतिविधिहरू तत्काल रोक्न,

ग) शान्तिपूर्ण प्रर्दशनलाई सहज बनाउन तथा आवश्यकताभन्दा बढी बल प्रयोग हुन नदिन,

घ) विस्तृत शान्तिसम्झौता र अन्तरिम संविधानको भावना विपरित नबोल्न, तथा उत्तेजक र विद्वेषपूर्ण अभिव्यक्तिहरू नदिन ।

ङ) विवादित सवालहरूमा सहमति र सहकार्यबाट समझदारी कायम गर्दै संविधान निर्माण गर्ने काम अबिलम्ब सम्पन्न गर्न र शान्ति प्रकृयालाई सार्थक निष्कर्षमा पुऱ्याउन ।

पुनश्चः राष्ट्रिय मानव अधिकार आयोगले जनप्रदर्शन लगायतका गतिविधिहरूको देशव्यापि अनुगमन गर्नेछ । साथै, विभिन्न संघसंस्थासँग आवद्ध मानव अधिकार अनुगमनकर्ताहरूलाई समेत यो कार्यमा आयोगलाई सघाउन आग्रह गर्दछ । (विशाल खनाल, सचिव)

**आयोगद्वारा देशव्यापी अनुगमन, केही घटनाबाहेक शान्तिपूर्ण**

ललितपुर/२०६७ वैसाख १९ गते

राष्ट्रिय मानव अधिकार आयोगले एकिकृत नेकपा (माओवादी) ले २०६७ वैसाख १९ गतेबाट सुरू गरेको अनिश्चितकालीन आमहड्तालको पहिलो दिन काठमाडौं उपत्यका लगायत देशका विभिन्न भागमा अनुगमन गऱ्यो । देशका सबैजसो भागमा हड्तालको प्रत्यक्ष प्रभाव परेको, शैक्षिक संस्था, उद्योग कलकारखाना तथा यातायात ठप्प भएको छ । आयोगको केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूबाट खटिएका १३ ओटा टोलीहरूले प्राप्त गरेका तथ्यहरू निम्न छन् :

काठमाडौं उपत्यकाका विभिन्न स्थानहरू (कुपन्डोल, थापाथली, बानेश्वर, कोटेश्वर, पुतलीसडक, रत्नपार्क, सुन्धारा त्रिपुरेश्वर) मा भएका प्रदर्शन तथा अन्य गतिविधिहरू शान्तिपूर्ण रहेको । कोटेश्वरमा एउटा गाडी तोडफोड भएको । पर्यटक, मानव अधिकारकर्मी, एम्बुलेन्स, कुटनीतिक नियोगका साधनहरू, खानेपानी लगायतका अत्यावस्यक साधनहरू निर्वाध रूपमा चल्न दिएको ।

उच्च माध्यमिक शिक्षा परिपद्ले सञ्चालन गरेको कक्षा १२ को परीक्षा स्थगन तथा आजको परीक्षा समेत रद्द गर्न माग गर्दै विद्यार्थीहरूले उमाशिप, भक्तपुरमा धर्ना दिएको, परीक्षा समितिको बैठक बसी आवश्यक निर्णय लिइने परीक्षा नियन्त्रक देवीप्रसाद बुर्लाकोटीको जानकारी ।

पोखराको विरौटा र झारेपाटन, विराटनगरको रानी, विरगञ्ज, चितवन, बुटवल, दाङ र दैलेखमा झडपका घटनाहरू भएको । विराटनगरको सीमावर्ती क्षेत्रमा सुरक्षाकर्मी र प्रदर्शनकारीबीच झडप तथा ढुङ्गा हानाहान भएको । विराटनगरकै रानी क्षेत्रमा खुलेका पसलहरूमा तोडफोड भएको । स्थानीय व्यक्तिको प्रतिकारमा केही बन्द समर्थकहरू घाइते भएका ।

चितवनमा कक्षा १२ को परीक्षा सञ्चालन गर्ने क्रममा झडप हुँदा स्थिति नियन्त्रणमा लिन रबर बुलेट प्रयोग भएको । चितवनको कन्या क्याम्पसमा परीक्षा लिन खोज्दा भएको झडपमा केही घाइते । गम्भीर अवस्थाका एक घाइतेलाई उपचारका लागि काठमाडौं लगिएको ।

काठमाडौंकै सुन्धारामा सुराकी गर्न आएको भनी नेपाली सेनाका दुई जवानलाई पक्राउ गरी प्रहरीलाई बुझाइएको ।

आमहड्तालले सर्वसाधारणको जनजीवन कष्टकर हुँदै गएकाले संवादको माध्यमबाट सहमतिमा पुग्न सबै राजनीतिक दलहरूलाई तथा यथाशीघ्र आमहड्ताल फिर्ता लिन एकिकृत नेकपा (माओवादी) लाई राष्ट्रिय मानव अधिकार आयोग आग्रह गर्दछ । साथै शान्ति सुरक्षा कायम गर्ने सिलसिलामा आवश्यकताभन्दा बढी बल प्रयोग नगर्न र संयम अपनाउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँछ । ( विशाल खनाल, सचिब )

**आमहड्तालको दोस्रो दिन, सामान्यत: शान्तिपूर्ण**

ललितपुर/२०६७ वैसाख २० गते

राष्ट्रिय मानव अधिकार आयोगले एकिकृत नेकपा (माओवादी) ले २०६७ वैसाख १९ गतेबाट सुरू गरेको अनिश्चितकालीन आमहड्तालको दोस्रो दिन काठमाडौं उपत्यका लगायत देशका विभिन्न भागमा अनुगमन गऱ्यो । देशका सबैजसो भागमा हड्तालको प्रत्यक्ष प्रभाव परेको, शैक्षिक संस्था, उद्योग कलकारखाना तथा यातायात ठप्प भएको, पदयात्री तथा पर्यटकहरू बिचल्लीमा परेका एवम् सर्वसाधारणको जनजीवन थप कष्टकर बनेको पाइयो । आयोगको केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूबाट खटिएका १५ ओटा टोलीहरूले प्राप्त गरेका तथ्यहरू निम्न छन् :

काठमाडौं उपत्यका लगायत देशका विभिन्न भागमा पानी तथा दुध बोक्ने ट्यांकर, एम्बुलेन्स, मानव अधिकार आयोग, मानव अधिकार अनुगमनकर्ता, सञ्चारकर्मी रेडक्रस, कुटनीतिक नियोग, फोहोर सङ्कलनका सवारी साधनहरू सुचारू पाइएको । प्रदर्शनस्थल हुँदै जानै अत्यावश्यक सेवाका सवारी साधनहरूलाई प्रदर्शनकारीहरूले वैकल्पिक मार्ग प्रयोग गर्न लगाएको । कतिपय सवारीसाधनहरूमा सामान्य सोधपुछ गरिएको ।

दिउँसो १:३० बजे पोखरा नागढुँगास्थित सिसुवा मेडिकल हलमा स्लाइन पानी दिन ल्याएका तीन बर्षीय बालक सन्देश पौडेलको उपचार हुँदाहुदै ४५/५० को सङ्ख्यामा आएका प्रदर्शनकारीले उक्त मेडिकल हलमा तोडफोड गरेको । आक्रमणमा बच्चाको टाउकोमा चोट लाग्नुका साथै मेडिकल सञ्चालक टीकाराम शर्मा समेत घाइते भएका ।

**राष्ट्रिय मानव अधिकार आयोग**

प्रदर्शनकारीहरूले कीर्तिपुरमा एउटा मोटरसाइकल, बुटवलमा राष्ट्रिय वाणिज्य बैंक र सिद्धार्थ गार्मेन्टमा क्षति पुऱ्याएका ।

रूपन्देही देवदह खैरेनीमा ना १४ प १६४४ र बा १४ प ५३२६ नम्बरको मोटरसाइकलमा प्रदर्शनकारीले आगजनी गरेको । मोटरसाइकलमा आगजनी गरेको आरोपमा रूपन्देहीमा प्रहरीले ११ जना प्रदर्शनकारीलाई पक्राउ गरेको । उनीहरूलाई वडा प्रहरी कार्यालय रामनगर बुटवलमा राखिएको ।

पोखरा, धनगढी लगायतका स्थानमा प्रदर्शनका क्रममा बालबालिकाको प्रयोग भएको पाइएको । काठमाडौं उपत्यकामा केही प्रदर्शनकारीहरू बिरामी परेको पाइएको ।

आमहड्तालले सर्वसाधारणको जनजीवन थप कष्टकर हुँदै गएकाले सार्थक संवादको माध्यमबाट राजनीतिक सहमतिमा पुग्न नेपाल सरकार, एकिकृत नेकपा (माओवादी) तथा अन्य राजनीतिक दलहरूलाई राष्ट्रिय मानव अधिकार आयोग आग्रह गर्दछ । साथै, बिरामी प्रदर्शनकारीहरूको यथोचित उपचारको प्रबन्ध गर्न एकिकृत नेकपा (माओवादी) र नेपाल सरकारलाई ध्यानाकर्षण गराउँछ । ( विशाल खनाल, सचिब )

**सुरक्षा सतर्कता बढाउन आयोगको आग्रह**

ललितपुर/२०६७ वैसाख २१ गते

राष्ट्रिय मानव अधिकार आयोगले एकिकृत नेकपा (माओवादी) ले २०६७ वैसाख १९ गतेबाट सुरू गरेको अनिश्चितकालीन आमहड्तालको तेस्रो दिन काठमाडौं उपत्यका लगायत देशका विभिन्न भागमा अनुगमन गऱ्यो । देशका सबैजसो भागमा हड्तालको प्रत्यक्ष प्रभाव परेको, सर्वसाधारणको जनजीवन अझ कष्टकर बनेको तथा तनाब र झडपका घटनाहरूमा बृद्धि भएको पाइयो । आयोगको केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूबाट खटिएका १६ ओटा टोलीहरूले प्राप्त गरेका तथ्यहरू निम्न छन् :
काठमाडौंको अनामनगरमा बिहान खुलेका केहि पसलहरूमा प्रदर्शनकारीहरूले तोडफोड गरी क्षति पुऱ्याएको । काठमाडौं कै सतुंगलमा प्रदर्शनकारी र स्थानीय मानिसहरूबीच झडप हुँदा केहि व्यक्ति घाइते हुनाका साथै दिनभरि स्थिति तनाबपूर्ण रहेको ।

काठमाडौंस्थित पाकिस्तानी दुतावासमा कार्यरत एक नेपाली सुरक्षाकर्मीलाई प्रदर्शनकारीले बालाजुमा लगी कुटपिट गरेको निजको वीरेन्द्र प्रहरी अस्पताल, महाराजगञ्जमा उपचार भइरहेको । सुरक्षाको लागि खटिएका प्रहरी कर्मचारीहरू लामो समयको ड्युटीले गर्दा शीथिल र तनाबयुक्त देखिएको ।

प्रदर्शनकारीहरूलाई खानेपानीको समस्या रहेको, लगातारको बन्द हडतालको कारण प्रदर्शनकारीहरूमा सरसफाइको कमी देखिएकोले स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने अवस्था रहेको । कतिपय प्रदर्शनकारीहरू झाडापखाला, रूघाखोकी जस्ता रोगले ग्रसित भएको ।

पोखरामा बालुबाखानीमा काम गर्ने करिब ३ सय मजदुरहरूलाई प्रदर्शनकारीहरूले आमहड्ताल र जुलुसमा नगएको आरोपमा ३० जनालाई कुटपिट गरेको । पछि घटनाबारे बुझ्न गएका एकिकृत माओवादी कार्यकर्तालाई मजदुरहरूले आक्रमण गर्दा दुई कार्यकर्ता घाइते भएका । उनीहरूको अस्पत्तालमा उपचार हुँदै ।

विराटनगरको पुष्पलालचोकमा बिहान खोलिएका पसलहरूमा ठूलोको संख्यामा आएका प्रदर्शनकारीहरूले औषधी पसलसहित दुईओटा पसलहरूमा तोडफोड गरी क्षति पुऱ्याएको । यो घटनामा स्थानीय व्यक्तिहरूसँगको झडपमा एक प्रदर्शनकारी सामान्य घाइते भएको ।

बुटवलस्थित नेपाल बैक लिमिटेड र त्रिलोक जलपान गृहमा प्रदर्शनकारीहरूले तोडफोड गरेको । हड्ताल तथा प्रदर्शनसम्बन्धी गतिविधिमा काठमाडौं उपत्यका लगायत देशका विभिन्न भागमा बालबालिकाको प्रयोगलाई निरन्तरता दिइएको ।

आमहड्तालले सर्वसाधारणको जनजीवन अत्यन्त कष्टकर हुँदै गएकाले राजनीतिक संवादलाई छिट्टै टुङ्गोमा पुऱ्याउन नेपाल सरकार, एकिकृत नेकपा (माओवादी) तथा अन्य राजनीतिक दलहरूलाई राष्ट्रिय मानव अधिकार आयोग आग्रह गर्दछ । साथै, व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने र आक्रमण तथा कुटपिट जस्ता गतिविधि बन्द गर्न र प्रदर्शनलाई शान्तिपूर्ण बनाइराख्न एकिकृत नेकपा (माओवादी) लाई तथा शान्ति सुव्यवस्था कायम राख्न एवम् सुरक्षा सतर्कता बढाउन नेपाल सरकारलाई ध्यानाकर्षण गराउँछ । ( विशाल खनाल, सचिब )

**नागरिकको जीवीकोपार्जन अझ कष्टकर**

ललितपुर/२०६७ वैसाख २२ गते

राष्ट्रिय मानव अधिकार आयोगले एकिकृत नेकपा (माओवादी) ले २०६७ वैसाख १९ गतेबाट सुरू गरेको अनिश्चितकालीन आमहड्तालको चौथो दिन काठमाडौं उपत्यका लगायत देशका विभिन्न भागमा अनुगमन गऱ्यो । आमहड्तालका कारण देशका सबैजसो भागमा नागरिकको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार अत्यन्तै जटिल अवस्थामा पुगेको, न्युनआय भएका सर्वसाधारणको जीवीकोपार्जन दयनीय बनेको, साथै तनाब र झडपका घटनाहरूमा बृद्धि भएको पाइयो । आयोगको केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूबाट खटिएका १९ ओटा टोलीहरूले प्राप्त गरेका तथ्यहरू निम्न छन् :

भक्तपुरको न्यातपोल मन्दिर अगाडि एकिकृत नेकपा (माओवादी) का कार्यकर्ता जम्मा भएको थाहा पाएर गल्लीबाट निस्कँदै गरेका नेकपा (एमाले) निकट युवासंघ कार्यकर्तालाई एकिकृत (माओवादी) का कार्यकर्ताले लखेटेको । यस क्रममा भाग्दै गरेका युवासंघका कार्यकर्ताले प्रहार भएको गोली स्थानीय एक व्यक्तिको घरको छतमा लागि भुईमा खसेको । त्यसपछि गोली प्रहार गर्ने व्यक्ति ४ ओटा गोली र १ थान म्यागजिन भुईमा फाली भागेको । एकिकृत (माओवादी) कार्यकर्ताहरूले उक्त वस्तुहरू सङ्कलन गरी महानगरीय प्रहरी परिसर भक्तपुरमा बुझाएको ।

चौथो दिनसम्मको बन्द तथा हड्तालले गर्दा दुर्गम पहाडी जिल्लाहरू बाजुरा, अछाम, बझाङ र दार्चुलामा खाद्यान्न र आवश्यक औषधी ढुवानी हुन नसक्दा सङ्कट बढेको र औषधी अभाव चुलिँदै गएको पाइएको । यसले खाद्यान्न र औषधी अभावको कारणले दुर्गम जिल्लाहरूमा रोग फैलन सक्ने देखिएको ।

आमजनताको आधारभूत आश्यकताका वस्तु खाद्यान्न, तरकारी, दूध ढुवानीमा समेत अवरोध उत्पन्न भएको । दैनिक काम गरेर गुजारा चलाउनु पर्ने न्युनआय भएको वर्गको दैनिक जीवनचर्या अत्यन्तै जटिल बनेको ।

हिजो बिहान काठमाडौं चुच्चेपाटीस्थित नेसनल टेलिभिजन सम्बद्ध कर्मचारी राम थापालाई केहि प्रदर्शनकारीले आक्रमण गरी टाउकोमा गम्भीर चोट पुऱ्याएको । हिजै बेलुका ५ बजे कैलाली जिल्ला प्रशासन कार्यालय अगाडि प्रदर्शनकारीहरूले एकजना अपरिचित व्यक्तिलाई कार्यक्रम बिथोल्न आएको भन्दै कुटपिट गरेको ।

काठमाडौं उपत्यका, धनगढी लगायतका स्थानमा आज भएको प्रदर्शनमा बालबालिकाहरूको प्रयोग भएको पाइएको ।

काठमाडौंमा शान्तिसुक्षाका लागि खटिएका आधा दर्जनजति प्रहरीलाई प्रदर्शनकारीले घाइते बनाएको ।

नेपालका सीमावर्ती सहरहरूमा भारत तथा अन्य स्थानबाट आएका यात्रुहरू साथै, हवाइ तथा स्थल मार्ग हुँदै आन्तरिक आवागमन गर्ने यात्रुहरू अलपत्र परेका । कतिपय बिरामीहरू उपचारका लागि स्वास्थ्य केन्द्र वा अस्पत्ताल सम्म जान सक्ने अवस्था नरहेको । सुत्केरी लगायत अस्पत्तालबाट डिस्चार्ज भएका बिरामी समेत घर फर्कन नपाएको ।

भक्तपुर, धनुषा, रूपन्देही, बारालगायतका जिल्लाहरूमा युवासंघ, मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक), केही राजनीतिक दलहरू तथा किसानहरूले आमहड्तालको विरोधमा नाराजुलुस लगायतका गतिविधि गरेका ।

आमहड्तालले सर्वसाधारणको जनजीवन कष्टकर हुँदै गएकाले राजनीतिक संवादलाई छिट्टै टुङ्गोमा पुऱ्याउन नेपाल सरकार, एकिकृत नेकपा (माओवादी) तथा अन्य राजनीतिक दलहरूलाई राष्ट्रिय मानव अधिकार आयोग आग्रह गर्दछ । व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिमा क्षति नपुऱ्याउन र आक्रमण तथा कुटपिट जस्ता गतिविधि बन्द गर्न र प्रदर्शनलाई शान्तिपूर्ण बनाइराख्न एकिकृत नेकपा (माओवादी) को ध्यानाकर्षण गराउँछ । साथै, भक्तपुर घटनाको सम्बन्धमा आवश्यक छानबीन गर्न र कानुनबमोजिम कारबाही अघि बढाउन नेपाल सरकारलाई आग्रह गर्दछ । (विशाल खनाल, सचिब )

**प्रर्दशन र प्रतिकारका घटनाले हिंसा बृद्धि, आयोग चिन्तित**

ललितपुर/२०६७ वैसाख २३ गते

राष्ट्रिय मानव अधिकार आयोगले एकिकृत नेकपा (माओवादी) ले २०६७ वैसाख १९ गतेबाट सुरू गरेको अनिश्चितकालीन आमहड्तालको पाँचौं दिन काठमाडौं उपत्यका लगायत देशका विभिन्न भागमा अनुगमन गऱ्यो । काठमाडौंको बुढानीलकण्ठ, जोरपाटी र वसुन्धरा, विरगञ्ज, लमजुङ, स्याङ्जा, पर्वत, तनहुँ लगायतका विभिन्न स्थानमा प्रदर्शन र झडपका घटनाहरूमा बृद्धि हुँदैगएको छ । आयोगको केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूबाट खटिएका २१ ओटा टोलीहरूले प्राप्त गरेका केहि तथ्यहरू निम्न छन् :

विरगञ्जमा आमहड्तालको विरोध गर्ने व्यक्तिहरूको समूहले उपमहानगरपालिकाको टाउनहलमा रहेको एकिकृत नेकपा (माओवादी) का कार्यकर्ता बस्ने गरेको सेल्टर टेन्ट र रासन समेत जलाई स्थिति तनावपूर्ण बनाएको । माओवादी कार्यकर्ताले प्रयोग गरेको एउटा गाडी जलाइदिएको ।

प्रदर्शनकारीहरूको एक समूहले हिजो राति पर्वत जिल्लाको शिवालय गाविसका तरूण दलका विष्णु पोखरेललाई कुटपिट गरी घाइते बनाएको । यसै घटनाको विरोधमा स्थानीयवासीले आज बिहान एकिकृत नेकपा (माओवादी) को पार्टी कार्यालय तोडफोड गरेका । तनावपूर्ण स्थितिलाई नियन्त्रणमा लिन प्रहरीबाट अश्रुग्याँस प्रहार गरेको ।

जनकपुरमा मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) र तराई मधेस लोकतान्त्रिक पार्टीको आह्वानमा निस्किएको जुलुसले बजार खुलाउन आह्वान गरेको ।

लमजुङ जिल्लाको बेंसीसहरमा आमहड्तालको विरोध गर्ने स्थानीय व्यक्तिहरू र प्रदर्शनकारीबीच झडप हुँदा ६ जना घाइते भएका ।

प्रतिकारका नाममा नागरिक-नागरिक/समूह-समूहबीचमा हुने झडपका कृयाकलापले हिंसाका घटनाहरू बढ्दै गएकाले सुरक्षा व्यवस्था प्रभावकारी बनाउन नेपाल सरकारलाई आयोग आग्रह

गर्दछ । साथै, खुकुरी, लाठी, फलामे रड लगायतका विभिन्न घरेलु हतियारहरूसहित प्रदर्शन नगर्न र व्यक्तिगत तथा सार्वजनिक सम्पतिमा क्षति नपुऱ्याउन एकिकृत नेकपा (माओवादी), अन्य राजनीतिक दल लगायत सम्बन्धित सबैलाई आयोग ध्यानाकर्षण गराउँछ । आमहड्तालले सर्वसाधारणको जनजीवन अझै कष्टकर भई मानव अधिकारको अवस्था गम्भीर बन्दा समेत राजनीतिक दलहरूबीचको संवाद निष्कर्षमा नपुगेकाले आयोग चासो व्यक्त गर्दछ । तसर्थ, राजनीतिक संवादलाई छिट्टै निष्कर्षमा पुऱ्याउन नेपाल सरकार, एकिकृत नेकपा (माओवादी) तथा अन्य राजनीतिक दलहरूलाई राष्ट्रिय मानव अधिकार आयोग आग्रह गर्दछ । (विशाल खनाल, सचिब )

## शान्तिपूर्वक भेला हुने स्वतन्त्रतालाई सम्मान गर्न आग्रह

ललितपुर / २०६७ वैसाख २४ गते

राष्ट्रिय मानव अधिकार आयोगले एकिकृत नेकपा (माओवादी) ले २०६७ वैसाख १९ गतेबाट सुरू गरेको अनिश्चितकालीन आमहड्तालको छैठौं दिन काठमाडौं उपत्यकालगायत देशका विभिन्न भागमा अनुगमन गऱ्यो । आयोगको अनुगमनमा देशका विभिन्न भागमा प्रहरीले हिंसा र झडपका घटनाहरूलाई रोक्न संयमतापूर्वक कार्य सम्पादन गरेको, घाइतेहरूको उद्धार कार्यमा नेपाल रेडक्रसले प्रशंशनीय कार्य सम्पादन गरिरहेको, तथा विभिन्न मानव अधिकार संस्थाहरूले सुत्केरी, बिरामी लगायतलाई मानवीय उद्धार कार्यमा सहयोग गरेको पाइएको छ । आयोगको केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूबाट खटिएका विभिन्न टोलीहरूले प्राप्त गरेका केहि तथ्यहरू निम्न छन् :

कास्की जिल्ला लेखनाथ नगरपालिकाको भण्डारीकमा आज दिउँसो आमहड्तालको समर्थन र विरोधमा भएको झडपमा चारजना घाईते भए । तीन जनालाई गोली लागेको र अन्य पाँचलाई छर्रा लागेको । गोली कसले चलाएको भन्ने अझ सम्म पुष्टि नभएको ।

काठमाडौंको वसन्तपुर लगायत देशका विभिन्न भागमा आयोजना गरिएका 'शान्तिऱ्याली'मा सहभागी हुने समूहहरू र आमहड्ताल आयोजक पक्षहरूबीच झडप हुँदा स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले केहि स्थानमा बल प्रयोग तथा केही सेल अश्रुग्यास प्रहार गरेको ।

काठमाडौं उपत्यकाका जोरपाटी, रत्नपार्क, प्रदर्शनीमार्ग, कुपण्डोल तथा उपत्यका बाहिर पोखरा, लेखनाथनगरपालिका, तनहुँ लगायतका स्थानमा आमहड्तालको समर्थन र विरोधमा भएका प्रदर्शनमा झडपका घटनाहरू भएका ।

प्रदर्शनकारीहरूले लाठी, ढुङ्गा, फलामे रड जस्ता हतियारहरू बोकेको पाइएको । फलामे रडलाई नियन्त्रणमा लिने प्रयास गर्दा प्रहरी र प्रदर्शनकारीबीच काठमाडौंको धुम्बाराही क्षेत्रमा सामान्य झडप भएको ।

लगातारको बन्द र हड्तालले औषधी र खाद्यान्न लगायतका अत्यावश्यक सामग्रीहरूको अभाव बढ्दै गएको ।

काठमाडौं उपत्यकामा आमहड्तालको समर्थन र विरोधमा उत्रिएका पक्षहरू आज बढी आक्रामक देखिएका । देशभरि नै झडप र हिंसाका घटनाहरूमा बृद्धि भएको पाइएको ।

मानव अधिकारको विश्वव्यापीको घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ साथै मुलुकको संविधान तथा कानुनले व्यवस्था गरेबमोजिम शान्तिपूर्ण रूपमा भेला हुन पाउने तथा आ-आफ्ना विचार अभिव्यक्त गर्न पाउने हक सबैको मानव अधिकार भएकाले त्यसको सम्मान गर्न र आफ्ना अधिकारको प्रयोग गर्दा अरूको अधिकार को समेत सम्मान गर्न आयोग सम्बन्धित पक्षहरूलाई आग्रह गर्दछ । साथै, लगातारको बन्दका कारणले खाद्यान्न, औषधी लगायतका अत्यावश्यक वस्तुहरूको अभाव देखिएकाले त्यसको समुचित व्यवस्था मिलाउन आयोग नेपाल सरकारलाई ध्यानाकर्षण गराउँछ ।

**सार्थक संवादबाट सहमतिमा पुग्न आग्रह**

ललितपुर / २०६७ वैसाख २६ गते

देशमा समय सीमाभित्र नयाँ संविधान बनाउने मिति नजिकिदैं जाँदा राजनीतिक दलहरूबीच चुलिदै गएको विवादले राष्ट्रिय मानव अधिकार आयोगलाई गम्भीर बनाएको छ ।

वर्तमान अवस्थामा देशका जिम्मेवार राजनीतिक दलहरूले इतिहासले दिएको कार्यभार पूरा गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको निर्माण र दीगो शान्ति स्थापनालाई उच्च प्राथमिकतामा राख्न अपरिहार्य छ । यसका निम्ति ऐतिहासिक जनआन्दोलनका सहयात्रीहरू र बृहत् शान्ति सम्झौताका हस्ताक्षरकर्ताहरूबीच आफ्ना प्रतिबद्धताहरू पूरा गर्न राष्ट्रिय सहमतिको बाटो प्रशस्त गर्नु आजको आवश्यकता हो । राजनीतिक दलहरूबीच हुने समझदारी र सहमतिलाई कसैको हार, जीत वा प्रतिष्ठाको विषय नबनाई सम्पूर्ण जनताको हितमा रूपान्तरण गर्न आयोग सम्बन्धित सबै पक्षलाई आव्हान गर्दछ ।

आज बिहान एकिकृत नेकपा (माओवादी) को सिंहदरबार घेराउ गर्ने क्रममा निषेधित क्षेत्र तोड्ने र जोगाउने क्रममा केहि सुरक्षाकर्मी, प्रदर्शनकारी तथा आमसञ्चारकर्मीहरू घाइते हुन पुगेको पाइएको छ । यसैबीच प्रदर्शनकारीहरूको कब्जामा लिएका दुई सुरक्षा कर्मचारी र एक सर्वसाधार णलाई आयोग र राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयले उद्धार गरी प्रहरीको रोहवरमा सम्बन्धित पक्षहरूलाई बुझाईएको छ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

यसैबीच छ दिनलामो राजनीतिक आमहड्तालले सर्वसाधारणको जनजीवन कष्टकर भएको सन्दर्भमा एकिकृत नेकपा (माओवादी) ले गरेको आमहड्तालको स्थगनलाई राष्ट्रिय मानव अधिकार आयोग स्वागत गर्दछ। अब उप्रान्त कोहि कसैबाट नागरिकहरूको जीवन कष्टकर हुने र उनीहरूका मानव अधिकारमा प्रतिकूल असर पार्ने कुनै पनि गतिविधिहरू सञ्चालन नगर्न आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ।

अन्तमा, सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माणको बाटो सहमति, सहकार्य र सहभागितामूलक बनाई मानव अधिकारका आधारभूत मूल्य मान्यतालाई सार्थक बनाउन आयोग एकआपसमा जुधेर होइन जुटेर लाग्न सम्बन्धित पक्षहरूलाई राष्ट्रिय मानव अधिकार आयोग आग्रह गर्दछ। ( विशाल खनाल, सचिव)

२०७० भदौ ११ गते

कृष्णप्रसाद अधिकारी हत्याप्रकरण

**अधिकारी दम्पतीको जीवन रक्षाका लागि सहयोग गर्न आग्रह**

गोरखाका कृष्णप्रसाद अधिकारीको हत्यासम्बन्धी विषयमा आयोगले विगतमा गरेको सिफारिसलाई ध्यानमा राखेर हत्याबारे अनुसन्धान प्रक्रिया अघि बढिइरहेको जानकारी नेपाल सरकारबाट प्राप्त भएको छ।

यद्यपि, दोषीहरूमाथि कानुनी कारबाही हुनुपर्ने माग गर्दै मृतकका पिता नन्दप्रसाद अधिकारी र आमा गंगामाया अधिकारी एक महिनाभन्दा लामो समयदेखि आमरण अनसनमा बस्नुभएको छ। उहाँहरूको अवस्थाबारे आज पनि पुनः अनुगमन गरेको छ। अनुगमनबाट प्राप्त जानकारीअनुसार उहाँहरूको स्वास्थ्य स्थिति नाजुक बन्दै गएको छ।

आमरण अनसनमा रहनुभएका मृतकका मातापिताको जीवन रक्षाका लागि आयोगले गरेको पहललाई सहयोग गर्न र आरोपित व्यक्तिहरूमाथि अनुसन्धान हुनेबारे मृतकका परिवारजनलाई आश्वस्त तुल्याउन नेपाल सरकारसँग आयोग पुनः आह्वान गर्दछ। साथै, यस कार्यमा सहयोग पुऱ्याउन आयोग नेपाल सरकार, नागरिक समाजलगायत सबै सरोकारवालाहरूसँग आग्रह गर्दछ। (वेदप्रसाद भट्टराई) कामु सचिव

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी

### विस्थापित व्यक्तिहरूको अवस्था सम्बन्धमा आयोगको टोलीद्वारा दाङको लमही, भगवानपुर, घोराही तथा तुल्सीपुरको स्थलगत अनुगमन

नेपालगञ्ज /२०६४असोज १०गते,

राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको क्षेत्रीय निर्देशक सहितको एक टोलीले असोज ३ गते यता दाङ जिल्लामा भएका आगजनी, तोडफोड, लुटपाट तथा मुस्लिम समुदायको विस्थापनको सम्बन्धमा दाङको लमही, भगवानपुर, घोराही तथा तुल्सीपुरको स्थलगत अनुगमन गरेको छ। कपिलवस्तुको घटनालाई लिएर दाङमासमेत भड्काउन खोजिएको साम्प्रदायिक सद्भावलाई आयोगले गम्भीरतापूर्वक लिएको छ। भगवानपुर, लमही र तुलसीपुरमा भएको अपराधिक घटनाहरूबाट विस्थापित भएका मुस्लिम समुदायका ८९१ व्यक्ति मध्ये ६२१ व्यक्ति घर तथा सुरक्षित स्थान तर्फ फर्किसकेका (त्यसमध्ये २२० जना भारततर्फ) र लमहीको मदरसा तथा मस्जिदमा ६५ व्यक्ति, तुल्सीपुरको १९ नं बाहीनी अन्तर्गत एयरपोर्ट व्यारेकमा १२५ व्यक्ति र तुल्सीपुर कै नेपाल खाद्य संस्थानको गोदाममा ८० व्यक्ति गरी जम्मा २७० जना विस्थापित व्यक्तिहरूसँग आयोगको टोलीले भेटघाट गरी घटनाको सम्बन्धमा र तत्कालीन समस्याहरूको सम्बन्धमा जानकारी लिई स्थानिय प्रशासनलाई निजहरूको सुरक्षा, स्वास्थ्य उपचार, खानपान तथा पुनर्स्थापन सम्बन्धमा आवश्यक निर्देशन दिएको छ।

घटनाको पुर्वाभास हुनु अघि नै स्थानीय प्रहरी र प्रशासनलाई जानकारी गराउँदा गराउदै पनि प्रहरीहरू सामान्यस्थितिलाई नियन्त्रणमा लिन अग्रसर नहुनु, प्रहरी कै अगाडी तोडफोड र लुटपाट हुँदा पनि प्रहरी मुकदर्शक भएर रहिरहनु, लुटिएको सम्पतिहरू रहेको सम्भावित स्थानहरूकोबारे प्रहरीलाई जानकारी गराउँदा पनि ति स्थानहरूबाट हालसम्म सामान कब्जामा लिने प्रयास नगरि नु, स्थानीय प्रशासन र प्रहरी बीच प्रभावकारी समन्वयकोस्थिति अझै पनि नदेखिनु, घटनामा दोषी भनी पक्राउ गरिएका ४६ जनामध्ये अधिकांशलाई निर्दोष भनी छाड्नु र वास्तविक दोषीको पहिचान गरी कानुनी कारवाहीको दायरा भित्र ल्याउन नसक्नु जस्ता घटनाहरूबाट दण्डहीनताकोस्थितिले प्रश्रय पाउने तथा मानिसहरूको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार नै कुण्ठित हुने हुँदा यसतर्फ गम्भीर रहन र कानुनी राज्यको अवधारणालाई आत्मसात गर्न तथा पीडितहरूलाई उचित क्षतिपूर्ति दिन र पुनर्स्थापित गराउने वातावरण तयार गर्न आयोग नेपाल सरकारसमक्ष अनुरोध गर्दछ।

साथै यसताखाले मानवता विरोधी आपराधिक गतिविधि जुनसुकै व्यक्ति वा समूहबाट भएको भएतापनि उसको कुनै जात, धर्म, सम्प्रदाय वा आस्थानहुने हुँदा त्यसता प्रवृत्तिका व्यक्ति वा समूहउपर कानुनी कारवाहीको लागि अभूतपूर्व धार्मिक, साम्प्रदायिक, सामाजिक तथा राजनीतिक सद्भाव प्रदर्शन गर्दै एकजुट हुनसमेत आयोग सम्पूर्ण जात, धर्म र सम्प्रदायका मानिसहरूसँग आग्रह गर्दछ। (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

**राष्ट्रिय मानव अधिकार आयोग**

**जीवीकोपार्जनलाई सहज तुल्याउन आयोगको आग्रह**

ललितपुर/२०६५ असार ८ गते,

नेपाल सरकारले हालसालै तेलको भाउ बृद्धिगरेको विषयलाई लिएर केही दिनदेखि राजधानी काठमाडौंलगायत देशका विभिन्न भागमा विद्यार्थी एवम् तेल तथा यातायात व्यवसायीहरूले गर्दैआएका बन्द, हड्ताल, चक्काजाम जस्ता गतिविधिले सर्वसाधारणको जीवीकोपार्जन अस्तव्यस्त बन्दैगएकोप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ। अस्वाभाविक रूपमा बढ्दैगएको तेलको मूल्यका कारणले गर्दा दैनिक उपभोग्य सामग्रीहरूको भाउ अकास्सिदै गएकाले सर्वसाधारणको जीवनमा नकारात्मक असर परेको छ। यसलाई नेपाल सरकारले सहानुभूतिपूर्वक विचार गर्दै सरकारका अनुत्पादनशील खर्चहरूलाई कम गरी विद्यार्थीलगायत समाजका न्युनआय भएका व्यक्ति तथा परिवारहरूलाई उपयुक्त राहत र सहयोगको व्यवस्था गर्न जरूरी देखिन्छ।

अर्कातिर, विभिन्न माग राखी सडकमा ओर्लेका विद्यार्थी तथा अन्य सङ्घसङ्गठनले पनि मर्यादित ढङ्गबाट आफ्ना आन्दोलनका कार्यक्रम अगाडि बढाउनु पर्दछ। आफ्ना माग पूरा गर्न गरिएका आन्दोलनहरूले सर्वसाधारणको जीविकोपार्जन र मानव अधिकारलाई असर पार्नु हुँदैन।

अतः राष्ट्रले भर्खरै प्राप्त गरेका ऐतिहासिक उपलब्धिहरूलाई रक्षा गर्दै जनसरोकारका अत्यावश्यक विषयवस्तुहरूलाई प्राथमिकता प्रदान गर्न र संवादका माध्यमबाट वर्तमान सङ्कट समाधान गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ। आगामी दिनहरूमा गरिने आन्दोलनहरूमा पनि कसैको मानव अधिकारलाई हस्तक्षेप नगर्न, आन्दोलनका क्रममा व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिको संरक्षण गर्न तथा आन्दोलनकारीहरू माथि मानव अधिकारसम्मत व्यवहार गर्न आन्दोलनकारी, सुरक्षा निकाय लगायतसम्बन्धित सबै पक्षहरूलाई आयोग हार्दिक आह्वान गर्दछ। (विशाल खनाल, सचिव)

**नागरिकको स्वास्थ्यसम्बन्धी अधिकारप्रति आयोगको चासो**

ललितपुर/२०६५ असार २६ गते,

नेपाल चिकित्सक सङ्घको आयोजनामा हिजोदेखि भइरहेको (उपत्यकाव्यापी र देशव्यापी) हड्तालबाट आम-नागरिकमा परेको असरप्रति राष्ट्रिय मानव अधिकार आयोग गम्भीर चासो र चिन्ता प्रकट गर्दछ। वानेश्वरको एभरेस्ट नर्सिङ होममा भएको घटनाको विषयलाई लिएर स्वस्थ्यसेवा जस्तो अतिसंवेदनशील विषयमा बन्द-हड्ताल गरिंदा हजारौं सेवाग्राहीको बाँच्न पाउने र जीवनको अधिकार प्रभावित भएको छ।

नेपाल पक्षराष्ट भएको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १२ (२) घ मा 'बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा तथा हेरचाह सुनिश्चित गर्ने अवस्थाको सिर्जना गर्ने' दायित्व राज्यको हुने उल्लेख छ । त्यसैगरी उपभोक्ता संरक्षण ऐन २०५४ मा स्वास्थ्यसेवालाई अत्यावश्यकीय सेवाको रूपमा व्यवस्था गरिएको छ । अतः औषधोपचारका लागि आउने मानिसको स्वास्थ्यलाभको अधिकार कुनै पनि बहाना र निहुँमा प्रभावित गर्न हुँदैन ।

राष्ट्रिय मानव अधिकार आयोग स्वास्थ्यकर्मीहरूप्रति गरिने दुर्व्यवहारलाई नियन्त्रण गर्ने तथा चिकित्सक लगायतका स्वास्थ्य पेसाकर्मीहरूको सुरक्षा सुनिश्चित गर्न नेपाल सरकारलाई, तथा आफ्नो पेसागत मर्यादा र उत्तरदायित्वप्रति सधैं सचेत रहँदै सबैको मानव अधिकारको सम्मान र संरक्षणमा आवश्यक योगदान गर्न स्वास्थ्यकर्मीहरूलाई हार्दिक आग्रह गर्दछ । बन्द-हड्ताल जस्ता कार्यक्रमहरू फिर्ता लिई संवाद मार्फत् समस्या हल गर्न वा कानुनी उपाय अवलम्बन गर्न समेत आयोग आग्रह गर्दछ । कुनै घटना विशेषको निहुँ गरी अझ ठूलो मानवीय सङ्कटको अवस्था आउन नदिन तथा स्वास्थ्यपेसाकर्मीको सुरक्षामा देखापरेको जोखिमपूर्ण परिस्थितिको अबिलम्ब अन्त्य गर्न राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकार तथा सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराउँछ । (विशाल खनाल, सचिब)

**खाद्यान्नको अधिकार सुनिश्चित गर्न  सरकारी निकायका प्रमुखसँग छलफल**

ललितपुर/२०६५ साउन २ गते,

राष्ट्रिय मानव अधिकार आयोगले सर्वसाधरणको खाद्यअधिकार सुनिश्चित गर्ने सम्वन्धमा विद्यमान खाद्य सङ्कटको अवस्था, सुरक्षण, आपूर्ति, वितरण तथा व्यवस्थापन सम्बन्धमा नेपाल सरकार का विभिन्न मन्त्रालयका सचिब, सुरक्षा निकायका प्रमुखहरूसँग आज छलफल गरेको छ । छलफलमा आयोगले सुदूरपश्चिम र मध्यपश्चिमका खाद्य सङ्कट भएका जिल्लाहरूको अनुगमन पश्चात प्राप्त तथ्यहरू प्रस्तुत गरेको थियो । प्राप्त तथ्यहरूवाट खाद्य संकट भएका जिल्लाहरूमा यथेष्ट रूपमा खाद्यान्नको सुरक्षण नभएको र आपुर्ति, वितरण एवं व्यवस्थापन प्रभावकारी नभएको जानकारी गराईएको थियो । छलफलको क्रममा मन्त्रालयका सचिब ज्यु तथा सुरक्षा निकायहरूवाट खाद्य संचितीको अवस्था, वितरण, सुरक्षण, व्यवस्थापन आदीको बारेमा जानकारी गराउदै केही जिल्लाहरूमा खाद्य भण्डारण न्युन रहन गएको, ढुवानीमा सहजता हुन नसकेको एवं व्यवस्थापनलाई अझ चुस्त पार्दै थप सुधार ल्याइने  कुरामा जोड दिएका थिए ।

कार्यक्रममा आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले खाद्य र जीवनको अधिकारबीच अन्योन्याश्रित सम्बन्ध भएको बताउदै खाद्य सुरक्षण, वितरण तथा खाद्यान्नको पहुंच सर्वसाधारण सम्म पुरयाउन सचिबहरूको नीति निमार्ण तथा कार्यान्वयन तहमा महत्वपूर्ण योगदान रहने भएकोले आगामी दिनमा समस्याको समाधानमा क्रियाशिल रही खाद्यन्नको अधिकार सुनिश्चित गर्न जोड दिनु पर्ने बताउनु भयो  ।

**राष्ट्रिय मानव अधिकार आयोग**

उक्त छलफल कार्यक्रममा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदका सचिब माधव पौडेल, कृषि सचिब टेकबहादुर थापा, गृह सचिब उमेश प्रसाद मैनाली, रक्षा सचिब वामन प्रसाद न्यौपाने, शान्ति तथा पूर्ननिमार्ण सचिब माधव प्रसाद घिमिरे, प्रहरी महानिरीक्षक ओमविक्रम राणा, सशस्त्र प्रहरी महानिरीक्षक वासुदेव ओली खाद्य संस्थानका महाप्रबन्धक बेनीबहादुर रावललगायत अन्य उच्चपदस्थ सरकारी अधिकारीहरूको उपस्थिति थियो । कार्यक्रममा आयोगका सदस्यहरू, सचिब, क्षेत्रीय कार्यालयका प्रमुख तथा महाशाखा प्रमुखहरूको समेत उपस्थिति थियो । (विशाल खनाल, सचिब)

**हलियाप्रथा अन्त्य गर्न सरकारलाई आयोगको सिफारिस**

ललितपुर/२०६५ भदौ १९ गते,

राष्ट्रिय मानव अधिकार आयोगले नेपालको मध्य र सुदुरपश्चिमाञ्चल क्षेत्र तथा देशका अन्य भागमा प्रचलित हलियाप्रथा मानव अधिकारको सिद्धान्त विपरित देखिएकाले यसलाई तत्काल उन्मूलन गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई आज एक पत्र लेखी आयोगले हलियाप्रथाका सम्बन्धमा सर्वोच्च अदालतको परमादेश कार्यान्वयन गरी हलियाप्रथा समाप्त गर्न सिफारिस गरेको हो ।

सिफारिस पत्रमा भनिएको छ, 'विद्यमान हलियाप्रथा जातीय विभेदपूर्ण, मानवता विरोधी तथा प्रचलित कानुन समेतको विपरित छ । यसले नेपालको अन्तरिम संविधान २०६३ को धारा २९ (२) ले प्रथा परम्परा र प्रचलनका नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाईने छैन भन्ने व्यवस्थाको उल्लङ्घन गरेको छ । नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता २०६३ को बुँदा नं. ३.१० मा सुकुम्वासी, कमैया, हलिया, हरवाचरवा लगायतका विपन्न वर्गलाई आर्थिक र सामजिक सुरक्षाको व्यवस्था गर्ने नीति राज्यले अवलम्बन गर्ने उल्लेख छ ।' त्यस्तै, सिफारिस पत्रमा 'हलियाप्रथा मानव अधिकारको विश्वव्यापी घोषणा १९४८, संयुक्त राष्ट्रसङ्घीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६, निष्कृष्ट प्रकारको बाल श्रमसम्बन्धी महासन्धि १९९९ (नं.१८२) ले गरेका व्यवस्थाहरूको समेत प्रतिकूल रहेको देखिएको' उल्लेख छ । साथै, 'कमैया र हलियाको सम्बन्धमा संविधानले संरक्षण दिएबमोजिम आवश्यक कारबाही गर्नु' भनी सर्वोच्च अदालतले २०६३ वैशाख ३ गते जारी गरेको परमादेशलाई सिफारिस पत्रमा स्मरण गराइएको छ ।

शदियौंदेखि आर्थिक र सामाजिक शोषण गर्ने परिपाटीको अवशेषका रूपमा रहेको हलियाप्रथाबाट पीडित व्यक्तिको पुनर्स्थापनाका लागि आवश्यक व्यवस्था गर्न समेत आयोगले नेपाल सरकारलाई सिफारिस गरेको छ । यो प्रथा उन्मूलन गर्न राष्ट्रिय हलिया मुक्ति समाज महासंघ लगायतका संस्थाले गरिरहेका विभिन्न अभियानमुखी गतिविधिका बारेमा आयोगले निरन्तर अनुगमन गरिर हेको छ । (विशाल खनाल, सचिब)

**यातायात सेवालाई सुरक्षित गर्न आयोगको आव्हान**

ललितपुर/२०६५ कार्तिक २९ गते,

केहि दिनअघि वनभोज कार्यक्रममा सहभागी भई वुटवल फुलवारीबाट नारायणगढ फर्कंदै गर्दा नवलपरासी-६ मा भएको यातायात दुर्घटनामा दुई दर्जन बालबालिका र शिक्षकहरूको मृत्युले आयोग स्तब्ध भएको छ । उक्त हृदयविदारक दुर्घटनामा परी जीवन गुमाएका हिलवर्ड उच्च माविका सम्पूर्ण विद्यार्थी र शिक्षकहरूप्रति आयोग श्रद्धाञ्जली व्यक्त गर्दछ; साथै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै शोक सन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

मानवीय त्रुटि वा हेलचेक्र्याइँका कारण समय-समयमा हुने यस किसिमका गम्भीर यातायात दुर्घटनाले मानवीय क्षति हुनाको साथै परिवार र समाजमा दीर्घकालीन असर पारिरहेको हुन्छ । बालबालिकाहरू सहभागी हुने वनभोज, शैक्षिक भ्रमण, विवाह र सांस्कृतिक कार्यक्रमहरूमा भएका सामान्य असावधानीहरूले कैयन बालबालिकाहरूको जीवन जोखिममा परेका थुप्रै उदाहरणहरू हाम्रा सामु छन् । तर त्यस्ता गम्भीर घटनाहरूको गहन अनुसन्धान गरी भविष्यलाई बढी सुरक्षित बनाउने दिशातर्फ जिम्मेवार निकायहरूबाट क्रियाशीलता नदेखाइनु चिन्ताको विषय हो ।

अतः यसखाले दुःखद नियति फेरी भोग्न नपरोस् भन्ने सुनिश्चित गर्न विद्यालय व्यवस्थापन र यातायात सेवालाई अझबढी जिम्मेवार बनाउन जरूरी छ । बालबालिकाहरू सवार हुने यातायातमा कसैलाई पनि कुनै पनि बहानामा धुमपान र मद्यपान गर्न दिइनु हुँदैन । मद्यपान गरेका चालकहरूलाई पनि यातायात चलाउन नदिन अत्यावश्यक सुरक्षा प्रबन्ध लागू गरी त्यसको नियमित अनुगमन गर्न जरूरी छ । तसर्थ, अब आईन्दा बालबालिका चढ्ने यातायातको न्युनतम मापदण्ड तयार गरी तीनको जीवनलाई सुरक्षित एवम् जोखिमरहित बनाउनका लागि तत्काल आवश्यक कदम चाल्न आयोग नेपाल सरकारलाई आव्हान गर्दछ । (यज्ञप्रसाद अधिकारी, निमित्त सचिब)

**सम्पतिको भोगचलनमा बाधा नपुर्‍याउन आग्रह**

ललितपुर/२०६५ मङ्सिर २ गते,

दाङ जिल्लाको देउखुरी, तुलसीपुर, घोराही आसपासका क्षेत्र तथा श्रीगाउँ, पञ्चकुले, हेकुली, हलुवार, ढिकपुर, मानपुर समेतका गाविसहरूबाट नेकपा (माओवादी) कार्यकर्ताहरूले धानलगायतका अन्नबाली कब्जा गरेको र कमाइको अधिया भाग पाउने भनी सम्झौता गरिएको भए पनि तीनभागको एकभाग अन्नबाली मात्रै जग्गाधनीलाई दिन लगाएको, रोपाई गर्ने बेलामा फिर्ता भनिएका जग्गाहरूमा अन्न उठाउने बेलामा पुनः 'कब्जा' दाबी गरिएका र जग्गाहरू सम्बन्धित

## राष्ट्रिय मानव अधिकार आयोग

धनीलाई फिर्ता नगरेको गुनासो तथा उजुरीहरू आयोगमा दर्ता भएका छन् । त्यसैगरी, सिरहाको कल्याणपुर र कैलालीको टीकापुर वरपरका क्षेत्रमा समेत नेकपा (माओवादी) तथा यसका भ्रातृसङ्गठनका नेता/कार्यकर्ताहरू खेतमै गई चन्दा भन्दै बलपूर्वक धान सङ्कलन गर्न अभियानकै रूपमा लागिरहेको भन्ने सूचना तथा जानकारीहरू आयोगमा प्राप्त भएका छन् ।

त्यसैगरी सिन्धुली र पूर्वी तथा मध्य तराईका जिल्लामा केही सशस्त्र समूहहरूबाट पनि धानबाली कब्जा भएको दाबी गर्ने, खेतमा झण्डा गाडेर अन्नबाली नियन्त्रणमा लिने जस्ता गतिविधिहरू भइरहेका गुनासोहरू आयोगले प्राप्त गरेको छ ।

अतः उल्लिखित उजुरी तथा गुनासोहरू प्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ (१) को 'प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ' उल्लेख छ । त्यसैगरी, विस्तृत शान्तिसम्झौता, २०६३ को ५.२..१ मा 'इच्छा विपरीत तथा प्रचलित कानुन प्रतिकूल नगद तथा जिन्सी संकलन र कर असुली गर्न पाइने छैन' र ७.५.५ मा 'कानुन बमोजिम बाहेक कसैको पनि व्यक्तिगत सम्पत्ति जफत वा कब्जा गरिने छैन भन्ने कुरामा दुवै पक्ष सहमति व्यक्त गर्दछन्' भन्ने उल्लेख छ ।

अतः विस्तृत शान्ति सम्झौताको पक्षधर तथा सरकारको नेतृत्व गरेको दलका कार्यकर्ताहरू नै अन्नबाली कब्जा गर्ने वा चन्दाका रूपमा जबर्जस्ती धान सङ्कलन गर्नु विस्तृत शान्तिसम्झौताको गम्भीर उल्लङ्घन हो भन्दै यस्ता कार्यले व्यक्तिको सम्पति भोगचलन गर्न पाउने अधिकार कुण्ठित भएको राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धित पक्षलाई स्मरण गराउँछ । यस्ता कार्यको पुनरावृत्ति हुन नदिन सम्बन्धित पक्षहरूलाई र कानुन हातमा लिई नागरिकका अधिकार कुण्ठित गर्न खोज्ने जोसुकैलाई कानुन बमोजिम तत्काल कारबाही गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ। (विशाल खनाल, सचिव)

## कमलरी प्रथा उन्मूलन गर्न सरकारलाई सिफारिस

ललितपुर/२०६५पुस २३ गते,

राष्ट्रिय मानव अधिकार आयोगले नेपालका विभिन्न भागमा, खासगरी मध्य तथा सुदूरपश्चिम क्षेत्रमा, विद्यमान कमलरीप्रथा यथाशीघ्र उन्मूलन गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ। विद्यमान कमलरी प्रथाको अन्त्य गर्नुपर्ने निर्णय गर्दै आयोगले उल्लिखत व्यहोराको सिफारिसपत्र आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको छ । कमलरीप्रथा परम्परागत बालदासताको प्रतिक हो भन्दै आयोगको सिफारिस पत्रमा भनिएको छ, 'कमलरी बनेका बालिकाहरू आर्थिक रूपमा शोषित, शिक्षा र स्वास्थ्यको अधिकारबाट वञ्चित र यौन दुर्व्यवहारबाट पीडित भएका छन् । आयोगले केही कमलरी बालिकाहरूले घरेलुहिंसाबाट प्रताडित भई मानसिक रूपमा विक्षिप्त अवस्थामा रहेको पाएको छ। कमलरी प्रथाबाट बालअधिकारको गम्भीर

हनन् भएको र डरत्रासका कारण उनीहरू उपर भएका जघन्य अपराधहरू पनि सार्वजनिक हुन सकेका छैनन् ।'

आयोगको नियमित अनुगमनमा नेपालको दाङ, बाँके बर्दिया कैलाली र कञ्चनपुर जिल्लामा कमलरी प्रथा प्रचलनमा रहेको देखिएको छ, जसमध्ये दाङ कमलरीप्रथाबाट बढी प्रभावित छ। यो प्रथामा सात देखि १४ वर्षका थारू वा चौधरी समुदायका बालिकालाई घरेलु काम सघाउन राखिने भनिए पनि यसप्रथाकै आडमा बालिकाहरू नेपालका विभिन्न सहर एवम् भारतमा समेत लगिएका छन् र उनीहरूमाथि घरेलुहिंसा तथा यौन दुर्व्यवहारका घटनाहरू भएका छन्। परम्परागत रूपमा प्रत्येक वर्षको माघ १ गते माघी का दिन कमलरीको लेनदेन हुने गरेको पाइन्छ ।

विद्यमान कमलरीप्रथा विभेदपूर्ण, मानवता विरोधी, मानव अधिकारका प्रचलित सिद्धान्तको प्रतिकूल तथा प्रचलित राष्ट्रिय कानुनहरू समेतको विपरित देखिन्छ। नेपाल सरकारले अनुमोदन गरिसकेको बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९, न्युनतम उमेरसम्बन्धी आइएलओ अभिसन्धि नं. १३८ (१९७३), तथा नेपालको अन्तरिम संविधान २०६३ ले बालबालिकाको प्रतिष्ठापूर्ण जीवनयापनको अधिकार सुनिश्चित गरेका छन्। वर्तमान संविधानको धारा ३५ मा उल्लेख भएको राज्यका नीतिहरू मा मुक्त कमैयाको सङ्ख्या यकिन गरी उनीहरूको बसोबासको लागि आधारभूत भूमि र रोजगारीको व्यवस्था गर्ने नीति राज्यले अवलम्बन गर्ने कुरा उल्लेख छ । त्यसैगरी यो प्रथा निकृष्ट प्रकारको बालश्रमसम्बन्धी महासन्धि, १९९९ (नं.१८२), दासत्व महासन्धि १९२६ तथा दासत्व, दास-व्यापार र दासत्वसमान संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी इच्छाधीन आलेख, १९५६ ले गरेका व्यवस्थाहरूको समेत प्रतिकूल रहेको देखिएको छ । यसका साथै, कमलरीको विद्यमान प्रचलन बालश्रम (निषेधित तथा नियमित) सम्बन्धी ऐन, २०५६ का प्रावधानहरूको समेत विपरित छ ।

सिफारिस पत्रमा भनिएको छ, 'केही वर्षअघि नै कमैयाप्रथा उन्मूलन भईसकेको सन्दर्भमा त्यसैको अवशेषका रूपमा रहेको कमलरीप्रथा तत्काल उन्मूलन हुनुपर्ने देखिन्छ । तसर्थ, कमलरीप्रथा यथाशीघ्र उन्मूलनका लागि अबिलम्ब आवश्यक व्यवस्था गर्न र पूर्वकमलरी, हाल उद्धार गरिएका कमलरीहरू एवम् हालसम्म कायम रहेका कमलरी, सबैलाई उद्धार, पूर्नस्थापना र सामाजिक पुनःएकीकरणको व्यवस्था गर्न तथा यो प्रथाबाट पीडित भएकालाई क्षतिपूर्ति प्रदान गर्न आयोग सिफारिस गर्दछ। साथै, कमलरीप्रथा निर्मूलनका लागि प्रभावित क्षेत्रहरूमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्न र गराउन र त्यस्ता कार्यक्रम प्रभावकारी भएनभएको बारे नियमित अनुगमन गर्न समेत आयोग नेपाल सरकारलाई सिफारिस गर्दछ।' (विशाल खनाल, सचिब)

## एसएलसी परीक्षालाई शान्तिपूर्ण बनाउन आग्रह

ललितपुर/२०६५चैत्र ११ गते,

राष्ट्रिय मानव अधिकार आयोगले देशका विभिन्न भागको मानव अधिकारको अवस्थाबारे नियमित अनुगमन गरिरहेको छ। केहि दिनयता पूर्वाञ्चल क्षेत्र तथा अन्य कतिपय जिल्लामा विभिन्न समूहले

**राष्ट्रिय मानव अधिकार आयोग**

बन्द, हड्ताल लगायत विरोधका कार्यक्रमहरू सञ्चालन गरिरहेकाले ती क्षेत्रमा मानव अधिकार अवस्था असहज भएको पाइएको छ । यसै सन्दर्भमा भोलिदेखि सुरू हुन गइरहेको एसएलसी परीक्षामा बन्द हड्तालका वा विरोधका अन्य कार्यक्रमहरूका कारण बालबालिकाको शिक्षा प्राप्तिको अधिकारमा असर पुग्न सक्ने आयोगको नियमित अनुगमनबाट देखिएको छ ।

शिक्षा आर्जन गर्न पाउनु हरेक व्यक्तिको आधारभूत मानव अधिकार हो । बालबालिका शान्ति क्षेत्र हुन् भन्ने अवधारणालाई आत्मसात गर्दै बालबालिकाको शिक्षा प्राप्तिको अधिकारलाई सुनिश्चित गर्न पर्याप्त शान्तिसुरक्षाको व्यवस्था मिलाउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, बालबालिकाले भय र त्रासमुक्त वातावरणमा एसएलसी परीक्षामा सहभागी हुन पाउने अधिकारको सम्मान गर्नु सबैको कर्तव्य भएकाले सम्पूर्ण राजनीतिक दल, अधिकारकर्मी, नागरिक समाज, सरकारी तथा गैरसरकारी संङ्घसंस्थाका प्रतिनिधि लगायत सबैले आ-आफ्नो तर्फबाट जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्न आयोग आग्रह गर्दछ । (विशाल खनाल, सचिब)

**सम्पति कब्जा रोक्न तथा सुकुम्बासी समस्यालाई सम्बोधन गर्न आग्रह**

ललितपुर/२०६६ पुस ८ गते,

हाल देशका विभिन्न भागमा एकिकृत नेकपा (माओवादी), मातृका यादव नेतृत्वको नेकपा (माओवादी), मधेसी जनअधिकार फोरम लगायतका राजनीतिक दलहरूसँग सम्बद्ध विभिन्न संस्थाहरू, खासगरी अखिल नेपाल सुकुम्वासी संघ, ले देशका विभिन्न भागमा गैरकानुनी तरिकाले घरजग्गा र अन्नबाली कब्जा गर्ने जस्ता कृयाकलाप भइरहेको प्रति राष्ट्रिय मानव अधिकार आयोग गम्भीर चासो व्यक्त गर्दछ ।

गैरकानुनी ढङ्गबाट निजी तथा सार्वजनिक सम्पति कब्जा गर्ने र सुकुम्वासी बस्ती बसाल्ने कुराले विधिको शासनलाई मात्रै चुनौति दिने नभई समाजमा द्वन्द्वको स्थिति सिर्जना गरेको छ । यस्तो कार्य विस्तृत शान्तिसम्झौता, २०६३ को दफा ७.५.५ मा उल्लेखित 'कानुनबमोजिम बाहेक कसैको पनि व्यक्तिगत सम्पत्ति जफत वा कब्जा गरिने छैन' भन्ने भावनाको प्रतिकुल देखिन्छ । कुनै संस्था, राजनीतिक दल वा व्यक्ति विशेषबाट भएगरेका निजी तथा सार्वजनिक सम्पति कब्जा गर्ने, बाँड्ने, बस्ती बसाल्ने कुरा कानुनसम्मत् नभएको हुँदा त्यस्ता कृयाकलापलाई रोक्न आयोग सम्बन्धित सबैलाई अनुरोध गर्दछ ।

युगौंदेखि शोषण र दोहनमा पर्दै आएका तर राज्यको नीति, कार्यक्रम र सम्झौताअनुसार हालसम्म पनि कुनै व्यवस्था हुन नसकेका हलिया, कमैया, भूमिहीन किसान, सुकुम्बासी तथा प्राकृतिक प्रकोप पीडित जनताको जीविकासहित आधारभूत अधिकारको प्रत्याभूति गर्नु राज्यको दायित्व हो । तसर्थ, वास्तविक सुकुम्बासी, भूमिहीन, हलिया, कमैया आदि शोषित-पीडित जनताको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न, राज्यद्वारा हदबन्दी नाघेका जग्गाहरूलाई कानुनबमोजिम

हुने व्यवस्था गरी गैरकानुनी हस्तक्षेपलाई रोक्न, जनमुखी तथा वैज्ञानिक भूमिसुधार लागु गर्न नेपालपक्ष भएका अन्तर्राष्ट्रिय कानुन, नेपालको अन्तरिम संविधान २०६३, राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न मितिमा गरेका सिफारिसहरूअनुसार कारबाही अघि बढाउन राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकारलाई अनुरोध गर्दछ । (वेदप्रसाद भट्टराई, नि.सचिब)

**रेल्बे सेबा बन्दप्रति आयोगको ध्यानाकर्षण**

जनकपुर/२०६६ माध १८ गते,

अखिल नेपाल रेल्वे मजदुर सँधले रेल्वे सुधार गर्नुपर्ने,अस्थायी कर्मचारीलाई स्थायी गर्नुपर्ने लगायत बिभिन्न माँग राखि बिगत ६ दिनदेखि रेलसेबा अबरूद्ध पारेको र हालसम्म सो सम्बन्धमा कुनै पनि पहल नभएको भनी बिषय प्रति राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालयको गम्भीर ध्यानाकृष्ट भएको छ ।

नेपालको एक मात्र रेल्बे सेबा बन्दले गर्दा धनुषा जिल्लाको पूर्बी भेगबाट दैनिक जनकपुर आउने जाने हजारौ सर्बसधारण मार्कामा परेको र सो बन्दले व्यापार व्यबसाय समेतमा असर पारेकोले बन्द कार्यक्रम फिर्ता लिई आफनो जायज माँगलाई बार्ताको माध्यमबाट समाधान गर्न आयोग सम्बन्धित पक्षसँग आग्रह गर्दछ साथै मजदुरहरूको माँग प्रति आबश्यक पहल गरी अबिलम्ब रेलसेबा सुचारू गर्ने बाताबरणको सृजना गर्न स्थानीय प्रशासन तथा सम्बन्धित सबै पक्षको सक्रिय पहलको अपेक्षा राख्दछ । ( प्रदीपकुमार झा, कार्यालय प्रमुख)

**आयोगले SLC परीक्षाको आकष्मिक अनुगमन गर्ने**

ललितपुर/२०६६ चैत्र १० गते

राष्ट्रिय मानव अधिकार आयोगले बालबालिकाको शिक्षासम्वन्धी हक तथा उनीहरूले भयरहीत वातावरणमा आगामी चैत्र १२ देखि संचालन हुने सीत्र्र परीक्षामा सहभागी हुन पाए नपाएको सम्वन्धमा आफ्ना सबै क्षेत्रीय तथा उप-क्षेत्रीय कार्यालयहरू मार्फत आकष्मिक अनुगमन गर्ने छ । यस सम्वन्धमा आयोगले आफ्ना सबै क्षेत्रीय तथा उप-क्षेत्रीय कार्यालयहरूलाई अनुगमनको लागि निर्देशन समेत पठाइसकेको छ ।

आयोगले गत वर्ष मध्य-पश्चिम क्षेत्रका बाँके, बर्दिया, सुर्खेत र जुम्ला जिल्लामा गरेको आकष्मिक अनुगमनबाट बालबालिकाहरूले भयरहीत तथा शान्त वातावरणमा परीक्षा दिन नपाएको पाइएको थियो भने मुगु, डोल्पा, कालिकोट आदि दुर्गम तथा हिमाली जिल्लाका अधिकांश विद्यालयहरूमा SLC परीक्षा सुरू हुनुभन्दा अघिल्लो दिनसम्म पनि पाठ्यपुस्तकहरू पुग्न नसकेको पाइएको थियो । SLC परीक्षा संचालन भइरहँदा हातहतियारसहित सुरक्षाकर्मीहरू विद्यालय हाता भित्र प्रवेश गर्नाले परीक्षार्थीहरूमा मानसिक त्रास बढेको, परीक्षा अनुगमन तथा सुपरिवेक्षणमा खटिएका टोलीहरू एकै साथ ठूलो संख्यामा परीक्षा कोठा भित्र प्रवेश गर्ने गरेको, परीक्षा कोठामा नै

**राष्ट्रिय मानव अधिकार आयोग**

सुपरिवेक्षकहरूले मोवाइल फोनमा वार्ता गर्ने गरेको, धुम्रपान गर्ने गरेको, अभिभावकहरू नै हुल बाँधी चिट चोराउन उद्यत रहेको, परीक्षाको लागि खटिएका सुपरीवेक्षकहरूले नै परीक्षार्थीहरूलाई चिट दिने गरेको, परीक्षार्थीहरू गोलबद्ध भई चिट सारिरहेको, होहल्ला व्याप्त रहेको पाइएको थियो । यस सम्वन्धमा आयोगको क्षेत्रीय कार्यालयमार्फत तत्कालै सम्वन्धित निकायहरूको ध्यानाकर्षण समेत गराइएको थियो । साथै, अनुगमनबाट प्राप्त तथ्यहरूको सम्वन्धमा शिक्षा मन्त्रालय, ५ वटै क्षेत्रीय शिक्षा निर्देशनालयहरू तथा परीक्षा नियन्त्रण कार्यालय समेतलाई पत्राचार गरेको छ ।

अतः SLC परीक्षामा सहभागी परीक्षार्थीहरू, सुपरीवेक्षकहरू, अनुगमनकर्ताहरू, सुरक्षाकर्मीहरू तथा अभिभावकहरूको यसप्रकारको अमर्यादित व्यवहार र आचरणबाट स्वतन्त्र, निष्पक्ष र भयर हीत वातावरणमा परीक्षा संचालन गर्न र बालबालिकाको शिक्षासम्वन्धी हकलाई व्यवस्थित र सुनिश्चित गर्न कठिनाइ हुने हुँदा आयोग सम्वद्ध सबै पक्षहरूलाई जिम्मेवार हुन र त्यस्तो परिस्थिति पुनरावृत्ति हुन नदिने तर्फ अग्रसर रहन विशेष आग्रह गर्दछ । (विशाल खनाल,सचिब)

**नागरिकको स्वास्थ्य अधिकारको सम्मान गर्न आग्रह**

ललितपुर/२०६६ चैत्र १२ गते,
काठमाडौंको महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा चिकित्सक लगायतका पक्षहरूले विभिन्न माग राखी आकस्मिक सेवासमेत ठप्प पारी सर्वसाधारणको स्वास्थ्यप्राप्तिको अधिकारमा प्रत्यक्ष प्रभावित भएको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

अनुगमनका क्रममा आयोगले शिक्षण अस्पतालको बहिरङ्ग सेवा बन्द गरिएको साथै अस्पतालको आकस्मिक सेवा समेत बिगत ४ दिनदेखि बन्द भई सुचारू हुन नसकेको पाइयो । सेवाग्राही तथा स्थानीय सर्बसाधारणले दबाब दिएपछि आजबाट आकस्मिक सेवा खुल्ला गरिएता पनि कार्यसञ्चालन नियमति हुन सकेको पाइएन । अस्पतालमा भर्ना भएका बिरामी समेत राजधानीका अन्य सरकारी तथा निजी स्वास्थ्य केन्द्रहरूमा जान बाध्य भएका छन् ।

निर्वाध स्वास्थ्यप्राप्तिको अधिकार सामाजिक अधिकार मात्र नभई जीवनको अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने विषय हो । यस सम्बन्धमा मानव अधिकारको विश्वव्यापी घोषणापत्र (धारा ३ र २५) ले जीवनको अधिकार र स्वास्थ्यको अधिकारका बारेमा स्पष्ट उल्लेख गरेको छ । त्यस्तै, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (धारा १२.१) ले शारीरिक तथा मानसिक स्वास्थ्यको उच्चस्तरको मापदण्डअनुरूप हरेकलाई सेवाको सुनिश्चितता प्रदान गर्नु राज्यको दायित्व हो भनेको छ । त्यसैगरी नेपालको अन्तरिम संविधान २०६३ को धारा १६, अत्यावश्यक सेवा ऐन २०१४ (दफा ३, ६, ७ र ८), उपभोक्ता संरक्षण ऐन २०५४, नेपाल राजपत्रमा मिति २०६६ माघ १४ मा प्रकाशित अस्पतालमा हड्ताल गर्न

निषेधसम्बन्धी जानकारी लगायतले नागरिक तथा सर्वसाधारणको स्वास्थ्य अधिकार सुनिश्चित गर्न पर्याप्त व्यवस्था गरेका छन् ।

अतः सम्बन्धित सरोकारवालाहरूसँग संवाद र समभ्रूदारीका प्रक्रियाहरूलाई कायम राख्दै त्रिविवि शिक्षण अस्पतालमा अबिलम्ब स्वास्थ्य उपचार सेवा सुचारू गर्न आयोग सम्बन्धित सबैलाई आग्रह गर्दछ । साथै, भविष्यमा पनि स्वास्थ्य लगायतका अत्यावश्यक सेवाहरूमा कुनै किसिमको अवरोध हुने अवस्था आइपर्न नदिन आवश्यक व्यवस्था गर्न समेत राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकारलगायत सम्बन्धित सबैलाई आग्रह गर्दछ । (विशाल खनाल, सचिब)

**बेपत्ता तथा अपहरण सम्बन्धी**

**व्यक्ति बेपता पार्ने (कसूर र सजाय) ऐन २०६५ को विधेयकका सम्बन्धमा, राष्ट्रिय मानव अधिकार आयोगद्वारा नेपाल सरकारलाई सुझाव**

ललितपुर/२०६५पुस १४ गते,
राष्ट्रिय मानव अधिकार आयोगले व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय) ऐन २०६५ को विधेयकमा केही प्रावधानहरू संशोधनका लागि आवश्यक सुझाव नेपाल सरकारलाई पठाएको छ । आयोगले विधेयकका सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरू तथा नेपालको अन्तरिम संविधान २०६३ र सर्वोच्च अदालतको मिति २०६४।२।१८ को आदेश समेतको अध्ययन गरेको थियो । त्यसैगरी आयोगले यस विधेयकका सम्बन्धमा बेपत्ताको क्षेत्रमा कार्यरत सङ्घसंस्था र पीडित पक्ष एवम् सरोकारवालाहरूसँग छलफल गरेको थियो । आयोगले गरेको बृहत् छलफल र अध्ययनपश्चात् यो विधेयकलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकुल हुने गरी परिमार्जन गर्नको लागि आयोगले निम्नानुसार सुझावहरू नेपाल सरकारलाई पठाएको हो ।

आयोगका सुझावहरू निम्न अनुसार छन्-

सर्वोच्च अदालतको २०६४ साल जेठ १८ गतेको बलपूर्वक बेपत्तासम्बन्धी फैसला तथा यससम्बन्धी अन्य अन्तर्राष्ट्रिय मापदण्ड समेतका व्यवस्थाहरूलाई प्रस्तावित ऐनमा सम्बोधन गरिनु पर्ने ।

सशस्त्र द्वन्द्वको समयमा वा अस्थिर राजनीतक वातावरणमा बेपत्ता र अपहरणसम्बन्धी घटना भइरहने भएको हुँदा विगतमा झैं वर्तमान अवस्थामा र भविष्यमा पनि पुनः यस प्रकारका कार्य हुन सक्ने सम्भावनालाई ध्यानमा राखी दुवै प्रकारका घटनालाई विधयेकमा समेट्ने व्यवस्था हुनु उपयुक्त हुने ।

कुनैपनि युद्ध, सशस्त्र सङ्घर्ष वा राष्ट्रिय सुरक्षा वा सङ्कटकालको घोषणा वा अन्य कुनै निहुँमा कानुनतः व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने कार्य नगरिने कुरा स्पष्ट रूपमा उल्लेख गरिनु पर्ने । व्यापक र प्रणालीगत बेपत्तालाई मानव अधिकारको गम्भीर उल्लङ्घन एवम् मानवता विरोधी अपराध मानिने कुरा विधेयकमा उल्लेख गरिनुपर्ने ।

अनुसन्धानको क्रममा आयोगले आवश्यकताअनुसार सार्वजनिक सुनुवाई गर्न सक्ने प्रावधान राखिनु उपयुक्त हुने ।
बेपत्तासम्बन्धी घटनालाई निरूत्साहित गर्नका लागि कुनै व्यक्तिलाई पक्राउ गर्दा पक्राउ गर्ने निकाय वा व्यक्तिले पक्राउ गरेको मिति, समय, स्थान, पक्राउ गर्ने अधिकारी, निकाय, पक्राउ गर्नु पर्नाको कारण, पक्राउ गरिएको व्यक्तिको स्वास्थ्य स्थिति, निजलाई मुक्त गरेको वा अन्य कुनै निकाय वा अधिकारी समक्ष पेश गरेको भए सो समेतको सम्पूर्ण विवरण राखेको हुनु पर्ने कुरा उल्लेख गरिनु पर्ने ।

बलपूर्वक बेपत्ताका घटनाहरू मानवता विरूद्ध लक्षित हुने भएकाले यस्ता कार्यलाई रोकथाम गर्न देहाय बमोजिमका प्रतिरोधात्मक कार्य गर्ने व्यवस्था हुनु उपयुक्त हुनेः

(क) सार्वजनिक जानकारी र सचेतनाको निम्ति ऐनको प्रचार-प्रसार गर्ने ।
(ख) व्यक्तिहरूको सुरक्षाको निम्ति 'हटलाइन' टेलिफोनहरू संचालन गर्ने वा भइरहेका हटलाइन सेवाहरूलाई सुदृढ गर्ने र भरपर्दो सूचनाको आधारमा प्रतिरोधात्मक कार्य गर्ने ।
(ग) कुनै पनि व्यक्तिलाई गैरकानुनी थुना वा कब्जामा राख्न निषेध गर्ने ।
(घ) कुनै पनि निहुँमा व्यक्तिको कुनै पनि अपहरण कार्य निषेध गर्ने ।
(ङ) थुनामा रहेका हरेक व्यक्तिलाई थुनुवा पूर्जीसहित दर्ता नं. भएको परिचय पत्र प्रदान गर्ने ।
(च) थुनामा रहेको व्यक्तिलाई स्थानान्तरण गर्दा मुद्दा हेर्ने अधिकारीको रोहवरमा गर्नुपर्ने र सोको जानकारी निजको परिवार, आफन्त वा नजिकको हकवाला वा संरक्षकलाई दिनुपर्ने ।
(छ) कुनै पनि व्यक्ति बेपत्ता भएको अवस्थामा पीडितको परिवारलाई आवश्यक सुरक्षा, सल्लाह र मनोसामाजिक विमर्श सेवा प्रदान गर्नुपर्ने ।
(ज) बेपत्ता भएको व्यक्तिको विषयमा तत्काल आवश्यक अनुसन्धान गरी स्थिति पत्ता लगाउने र त्यस्तो व्यक्तिलाई कानुनी संरक्षणमा ल्याइने कुराको सुनिश्चितता गरिनु पर्ने ।
(झ) सबै प्रकारका गोप्य थुना र एकान्त कारावासका स्वरूपहरूलाई निषेध गर्नुपर्ने ।
(ञ) बेपत्ता पार्ने कार्यको विरूद्ध क्रियाशील र पीडित परिवारको राहत र मनोसामाजिक विमर्शको निम्ति क्रियाशील सङ्घसंस्थाहरूसँग सोसम्बन्धी कार्यका लागि सहयोग र समन्वय गर्नु पर्ने ।

बेपत्ता भएको व्यक्तिको नजिकको हकवाला वा निजको कानुन व्यवसायीलाई निजको विषयमा यथार्थ जानकारी प्राप्त गर्ने अधिकार प्रदान गरिनु पर्ने । साथै बेपत्ता पारिएको व्यक्तिको परिवार लाई कानुनी सहयोग सुनिश्चित गरिनु पर्ने ।

बेपत्ता भएको व्यक्तिको खोजी गर्न, स्थान किटान गर्न, मुक्त गर्न वा मृत्यु भइसकेको अवस्थामा निजको लाश उत्खनन गर्न, परीक्षण गर्न, पहिचान गर्न, लाशको अवशेष परिवारलाई उपलब्ध गराउन तथा आफ्नो रीतिथिति र धार्मिक परम्परा अनुसार काजक्रिया गर्ने गराउनेसम्बन्धी राज्यको दायित्वलाई विधेयकमा स्पष्ट रूपमा उल्लेख गरिनु पर्ने ।

नेपाल बाहिर बसी नेपाली नागरिकको विरूद्ध यस ऐन अन्तर्गतको कसूर गर्ने गराउने जुनसुकै व्यक्ति विरूद्ध नेपालमा कारबाही चलाउन सकिने कुराको समेत स्पष्ट व्यवस्था हुनु पर्ने । यस ऐन अन्तर्गतको कसूर गरेको भनी अभियोग लागेको व्यक्तिलाई प्राप्त प्रमाणको आधारमा कारण उल्लेख गरी सामान्यतया थुनामा राखी कारबाही गरिनेछ भन्ने व्यवस्था उल्लेख हुनु पर्ने ।

अनुसन्धानको क्रममा कुनैपनि जिम्मेवार अधिकारी व्यक्ति बेपता पार्ने कार्यमा संलग्न रहेको आधार देखिएमा त्यस्तो अधिकारीलाई तत्काल निलम्बनमा राखी कारवाही गरिने व्यवस्था राखिनु पर्ने ।

स्थापनाको क्रममा रहेका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग तथा संवैधानिक अङ्गको रूपमा क्रियाशील राष्ट्रिय मानव अधिकार आयोगको अधिकारक्षेत्रबीच उत्पन्न हुनसक्ने कानुनी समस्यालाई समाधान गर्नका लागि आवश्यक प्रावधानहरू (दोहोरोपन हटाउन समेत) विधेयकमा उल्लेख गरिनु उपयुक्त हुने र यी निकायहरू बीचको सहकार्य र समन्वयका सम्वन्धमा पनि स्पष्टता हुनु उपयुक्त हुने ।

आयोगको क्षेत्राधिकार नेपाली सेना तथा विद्रोही समूह समेतमा सहजताका साथ हुने व्यवस्था गरिनु पर्ने ।

बेपता परिवारको लागि अन्तरिम राहतको व्यवस्था ऐनमा नै राखिनु पर्ने ।

बलपूर्वक बेपत्ताको सन्दर्भमा प्रत्येक पीडितले सत्य तथ्य थाहा पाउनु उसको सूचनाको अधिकार भित्र पर्छ भन्ने कुराको सुनिश्चितता गरिनु पर्ने ।

आयोगको जाँचबुझ सम्वन्धी अधिकारमा वैज्ञानिक रूपमा पुष्टि गर्न म्ल्ब परीक्षण गर्ने राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको भौतिक व्यवस्था र आवाश्यकता अनुसार राष्ट्रिय अन्तर्राष्ट्रिय विशेषज्ञहरू राख्न सकिने भन्ने व्यवस्था गरिनु पर्ने ।

आयोगले आवश्यता अनुसार राष्ट्रिय मानव अधिकार अयोगसँग परामर्श गर्न सक्ने व्यवस्था राखिनु पर्ने । (विशाल खनाल, सचिब)

**बलर्पूवक बेपत्ता पारिएकाहरूको अन्तर्राष्ट्रिय दिवसको सन्र्दभमा ,बेपत्ता पार्ने कार्यलाई अपराध घोषणा गर्न आग्रह**

ललितपुर/२०६६ भाद्र १४ गते,
नेपालमा एक दशकभन्दा लामो सशस्त्र द्वन्द्वका क्रममा हजारौं नागरिकहरूलाई बलपूर्वक बेपत्ता पारिएका थिए । राष्ट्रिय मानव अधिकार आयोगको तथ्याङ्क अनुसार तिनीहरूमध्ये ८ सय ३५ जना नागरिकहरूको स्थिति अहिले पनि सार्वजनिक हुन सकेको छैन । जानकारीबिहीन अवस्थामा

रहेका तिनीहरूका आफन्तहरू र परिवारजन अझसम्म पनि तिनीहरूको अवस्था सार्वजनिक हुने अपेक्षामा प्रतिक्षारत छन् ।

विस्तृत शान्ति सम्झौता-२०६३ मा हस्ताक्षर सम्पन्न भएको करिब तीन वर्ष भएको छ । नेपाल सरकार र एकीकृत नेकपा (माओवादी) ले बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक गर्ने प्रतिवद्धता जनाए पनि त्यसको कार्यान्वयन गरेका छैनन् ।

सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकार हनन् तथा ज्यादतीका घटनाहरूको छानबिन गरी सत्यतथ्य पत्ता लगाउने, दोषीलाई कारबाही गर्ने र पीडितलाई न्याय, खासगरी राहत, पुनःस्थापना, क्षतिपूर्ति एवम् परिपूरणको व्यवस्था गर्नु सङ्क्रमणकालीन न्यायको महत्वपूर्ण पक्ष हो । सशस्त्र द्वन्द्वको क्रममा अवस्था अज्ञात पारिएका नागरिकहरूको यथार्थ स्थिति सार्वजनिक गर्न राज्यबाट अझ पनि सन्तोषजनक पहल नभएकोमा हामी चिन्ता प्रकट गर्दछौं ।

बलपूर्बक बेपत्ता पारिएकाहरूका लागि अन्तर्राष्ट्रिय स्मरण दिवस, ३० अगस्टका अवसरमा हामी सशस्त्र द्वन्द्वका क्रममा बलपूर्बक बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक गरी दोषीलाई कारबाही गर्न नेपाल सरकारलाई आग्रह गर्दछौ ।

बलपूर्वक बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक गर्ने अभियानमा संलग्न हामी मानव अधिकारसँग सम्बन्धित संस्थाहरू निम्न कार्यहरू तत्कालै सम्पन्न गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउछौं :

बलपूर्वक बेपत्ता पार्ने कार्यलाई फौजदारी अपराध घोषणा गर्ने तथा अन्तर्राष्ट्रिय मापदण्ड एवम् सर्वोच्च अदालतको मिति २०६४ जेठ १८ गतेको आदेश बमोजिम तत्काल कानुन तर्जुमा गर्ने ।

सशस्त्र द्वन्द्वको क्रममा बलपूर्वक बेपत्ता पारिएका नागरिकहरूको अवस्था अबिलम्ब सार्वजनिक गर्ने ।

बलपूवर्क बेपत्ता पारिएका नागरिकहरूलाई उचित राहत, पुर्नस्थापना, क्षतिपूर्ति एवम् परि पूरणको व्यवस्था गर्ने ।

बलपूर्वक बेपत्ता पारिएका घटनाहरूको छानबिन गर्न अधिकारसम्पन्न एवम् स्वतन्त्र आयोगको गठन गर्ने ।

सर्वोच्च अदालतको फैसला र राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरू तत्काल कार्यान्वयन गर्ने ।

बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई अनुमोदन गर्ने ।

## महिला तथा बालअधिकार सम्बन्धी

## अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसका अवसरमा,जातीय विभेद विरूद्धका कानुनलाई व्यवहारमा लागू गर्न आयोगको आग्रह

ललितपुर/२०६४ चैत्र ७ गते,
राष्ट्रिय मानव अधिकार आयोग अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवस (मार्च २१) अवसरमा जातीय विविधताले भरिपूर्ण नेपालमा सबै जातजातिलाई सम्मान गर्न र सबैको प्रतिष्ठा समान भएको कुरा सम्बद्ध पक्षलाई पुनः स्मरण गराउन चाहन्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १ मा 'सबै जन्मजात स्वतन्त्र छन् र ती सबैको समान प्रतिष्ठा र अधिकार छ' भन्ने उल्लेख छ। यस महान् दिनलाई सफल पार्न 'जातीय विभेद उन्मूलनका लागि न्याय र प्रतिष्ठा' यस वर्षको अन्तर्राष्ट्रिय नारा तय गरिएको छ।

नेपालले 'सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५' लाई बिना कुनै सर्त १९७१ मा अनुमोदन गरिसकेको छ। त्यस्तै नेपालको अन्तरिम संविधान २०६३ को धारा १४ मा छुवाछुत तथा जातीय भेदभाव विरूद्धको हकलाई पहिलो पटक मौलिक हकका रूपमा व्यवस्था गरिएको छ । संविधानको धारा १४ को उपधारा (१) मा 'कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्वारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउनेछ' भन्ने उल्लेख छ।

नेपाललाई छुवाछूत मुक्त राष्ट्र घोषणा गरिएको छ साथै संविधान र कानुनमा जातीय आधारमा गरिने कुनै पनि विभेदलाई कानुनद्वारा दण्डनीय बनाइएको छ। तर सम्बद्ध पक्षहरू ती वैधानिक प्रावधानहरूलाई व्यवहारमा गर्न वा गराउन प्रतिबद्ध देखिएका छैनन्। आज एक्काइसौं सताब्दीमा पनि जातीय र अन्य आधारमा मानव-मानवबीच विभेद गर्नु मानवीय प्रतिष्ठा विरूद्धको कार्य मात्र होइन, समग्र मानवताकै लागि कलङ्क हो। यसप्रति राष्ट्रिय मानव अधिकार आयोग गम्भीर चासो र चिन्ता व्यक्त गर्दछ।

नजिकिंदो संविधान सभा निर्वाचनमा जातीय विभेद विरूद्धको अजेन्डाले प्राथमिकता पाउन जरूरी छ। साथै बिना कुनै भेदभाव सबै जातजातीको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुन जरूरी छ। कानुनी प्रावधानलाई व्यवहारमा रूपान्तरण गर्न तथा जातीय लगायत सबै प्रकारका भेदभाव अन्त्यका लागि विशेष व्यवस्था लागू गर्न राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकार लाई आग्रह गर्दछ। साथै, 'हरेक मानवमा समान प्रतिष्ठा छ' भन्ने भावनालाई आत्मसात गर्न राजनीतिक दल, नागरिक समाज र सम्बद्ध सबै पक्षलाई आयोग हार्दिक आग्रह गर्दछ। (भानुभक्त आचार्य, प्रबर्द्धन अधिकृत)

**राष्ट्रिय मानव अधिकार आयोग**

## महिलाहिंसा विरूद्ध कारबाही गर्न सरकारलाई आयोगको सिफारिश

ललितपुर/२०६५ जेठ ३ गते,

मिति २०६४ जेठ २० गते संखुवासभा जिल्ला खाँदबारी नगरपालिका वडा नं १० बस्ने बसन्त कुमार चापागाईले विवाहमा मोटरसाइकल, कम्प्युटर र सुन नदिएको भन्दै सोही जिल्ला खाँदबारी ३ बस्ने बेहुली र निजका परिवारलाई अभद्र व्यवहार गरेको, बारा जिल्ला खोपवा गाविस वडा नं.-२ बस्ने रीतादेवी साहको २०६१ साल फागुनमा रौतहट जिल्ला संग्रामपुर ८ बस्ने गजेन्द्र साहसँग सामाजिक परम्पराअनुसार मागी विवाह भएको केही दिन पश्चात बेहुली २ वर्ष माइतीमा बसेपछि बेहुला पक्षले बेहुलीको घरमा गई पुनः विवाह गरेको तर, बेहुलीलाई घर नभित्र्याएको,

उल्लिखित घटनाहरू केही नमूना मात्र हुन् । पछिल्ला दिनहरूमा आयोगमा महिला हिंसासम्बन्धी उजुरीहरू पर्ने क्रम बढेको छ । यस सम्बन्धमा विभिन्न सञ्चारमाध्यमहरूले महिलाहिंसासम्बन्धी विभिन्न घटनाका समाचार प्रकाशित गरिरहेका छन् । तर, राज्यका निकायबाट महिला हिंसा नियन्त्रण गर्न पर्याप्त सुरक्षाको व्यवस्था र दोषीलाई कारबाही भएको जानकारी आयोगमा प्राप्त भएको छैन । महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्न महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धिमा नेपाल पक्षराष्ट्र भइसकेको सन्दर्भमा समेत महिलाबिरूद्ध घरेलु हिंसाका घटनाहरू भइरहनु निश्चय नै खेदपूर्ण छ ।

राष्ट्रिय मानव अधिकार आयोगले यस्ता घटनाहरूको नियमित अनुगमन गरिरहेको छ । महिलाविरूद्धका घरेलु हिंसाका घटनाविरूद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न, आयोगले विगतमा गरेका सिफारिशहरू बमोजिम महिलाविरूद्ध भएका हिंसामा संलग्न दोषीलाई कानुनी कारबाही गर्न तथा पीडितलाई उचित न्याय प्रदान गर्न आयोग नेपाल सरकारलाई सिफारिश गर्दछ । (भानुभक्त आचार्य, प्रवर्द्धन/सञ्चार अधिकृत)

## महिला हिंसा नियन्त्रणमा पहल गर्न आयोगको निर्देशन

ललितपुर/२०६५असार ९ गते,

राष्ट्रिय मानव अधिकार आयोगले गृहमन्त्रालयका सचिब उमेशकान्त मैनाली र प्रहरी महानिरीक्षक ओमविक्रम राणालाई आज आयोगमा बोलाई हालैका दिनहरूमा महिला हिंसासम्बन्धी घटनाहरू बढ्दै गएकाले त्यसलाई नियन्त्रण गर्न तत्कालै प्रभावकारी कदम चाल्न निर्देशन दिएको छ । अनुसन्धानको क्रममा हिरासतमा रहेका व्यक्तिलाई दोषी प्रमाणित नभई सञ्चारमाध्यममा प्रस्तुत गर्ने गरिएको र त्यसबाट मानव अधिकार उल्लङ्घन हुने भएकाले त्यस्तो प्रचलन तत्काल रोक्न समेत आयोगले निर्देशन दिएको छ ।

पछिल्ला दिनहरूमा महिलाहिंसा सम्बन्धी घटनाहरू बढ्दै गएका र यस सम्बन्धमा आयोगका कार्यालयहरूमा उजुरीहरू पर्ने क्रम बढेको छ । आयोगलाई प्राप्त उजुरी तथा जानकारी अनुसार पछिल्लो समयमा महिलामाथि श्रीमान्लगायत परिवारका अन्य सदस्यहरूबाट निर्मम यातना दिने, बोक्सीको आरोपमा यातना दिने, निर्वस्त्र पारेर घुमाउने, मट्टितेल खन्याएर जलाउने, हत्या गर्ने, दाइजोको निहुँमा विवाह वहिष्कार गर्ने, बलात्कार लगायतका अमानवीय व्यवहार गरिएका घटनाहरू भएका छन् ।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९ मा नेपाल पक्षराष्ट्र भइसकेको सन्दर्भमा समेत महिलाविरूद्ध घरेलु हिंसाका घटनाहरू दिन प्रतिदिन बढिर हनु मानव अधिकारको गम्भीर उल्लङ्घन हो । छलफलका क्रममा महिलाहिंसा सम्बन्धी घटना रोकथाम सम्बन्धमा हालसम्म भएका प्रयास र आगामी दिनमा चाल्नुपर्ने कदमका सम्बन्धमा साथै गहमन्त्रालय र नेपाल प्रहरीका तर्फबाट गर्न सकिने कामका सम्बन्धमा छलफल भएको थियो । छलफलका क्रममा गृहसचिब मैनालीले महिलाहिंसा विरूद्ध सचेतना कार्यक्रम सञ्चालन गर्न गृहमन्त्रालयले देशका सबै जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिने बताउनु भयो । यसैगरी प्रहरी महानिरीक्षक राणाले त्यस्ता हिंसमा संलग्न व्यक्तिहरू तदारूकताका कारबाही गर्न नेपाल प्रहरी अझ सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

छलफलमा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगीना सिंह, गौरी प्रधान, डा. लिला पाठक, डा. के.बी. रोकाया, सचिब विशाल खनाल लगायत आयोगका अधिकृतहरू उपस्थित हुनुहुन्थ्यो । (विशाल खनाल, सचिब)

**महिला हिंसाका घटना नियन्त्रण गर्न आयोगको अपिल**

ललितपुर/२०६५असार १९ गते,

राष्ट्रिय मानव अधिकार आयोग दाइजो सम्बन्धी महिला हिंसाका निम्न घटनाहरूमा गम्भीर चिन्ता र चासो प्रकट गर्दछ-रौतहट जिल्ला गौर नगरपालिका वडा नं-३ बस्ने संगीतादेवीलाई दाइजो नल्याएको भनी उनका पति उदय साह र परिवारका अन्य सदस्य समेतले लगातार कुटपिट गर्ने गरेको, घरमा थुनेर राखेको, बिजुलीको तार र इँटा प्रयोग गरी विभिन्न किसिमबाट चरम यातना दिएको । संगीतादेवीका तीन छोराछोरी समेतलाई घरबाट निकालेको ।

सुनसरी जिल्ला लौकहीका विजय साहले पर्याप्त दाइजो नल्याएको निहुँमा रिना साहलाई कुटपिट गरी बेपत्ता बनाएको । स्थानीय मानव अधिकारकर्मीले उनी असार १२ गतेदेखि बेपत्ता भएको बताएका छन् । निज रिना साहकी दिदी बबितालाई समेत निर्घात कुटपिट गरिएको ।

यस सम्बन्धमा आयोगको अनुगमन टोली घटनास्थल पुगी सकेको र दोषीलाई नियन्त्रणमा लिई तत्काल कानुनी कारबाही चलाउन स्थानीय प्रशासन र प्रहरी संयन्त्रसँग आवश्यक छलफल र समन्वय गरिरहेको छ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

महिला हिंसाका घटनाहरू बढ्दै गएकाले त्यसलाई नियन्त्रण गर्न र यस सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आयोगले अघिल्लो हप्ता मात्रै गृहमन्त्रालयका सचिब उमेशकान्त मैनाली र प्रहरी महानिरीक्षक ओमविक्रम राणालाई आयोगमा बोलाई तत्कालै प्रभावकारी कदम चाल्न निर्देशन दिएको थियो । त्यस्तै, अघिल्लो महिनामा संखुवासभा जिल्ला विवाहमा दाइजो नदिएको भन्दै बेहुली र निजका परिवारलाई अभद्र व्यवहार गरेको र बारा जिल्लामा पुनः विवाह गरेर बेहुली फिर्ता गरेका सम्बन्धमा पनि आयोगले गम्भीर चासो प्रकट गरेको थियो ।

महिलाविरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ को धारा २ (च) ले स्पष्ट रूपमा महिलाविरूद्धका सबै भेदभाव र हिंसाका घटना उन्मूलन गर्न कानुन बनाउने लगायत आवश्यक सबै उपाय अवलम्बन गर्नु राज्यको दायित्व भनेको छ । नेपाल यो महासन्धिको पक्षराष्ट्र भइसकेको सन्दर्भमा दिन प्रतिदिन बढिरहनु मानव अधिकारको गम्भीर उल्लङ्घन हो । त्यसैगरी नेपालको अन्तरिम संविधान २०६३ को धारा २० (३) मा 'कुनै पनि महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ' भनी उल्लेख छ ।

अतः महिलाविरूद्धका हिंसाका घटनाविरूद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न, आयोगले विगतमा गरेका सिफारिशहरू बमोजिम ती घटनामा संलग्न दोषीलाई यथाशीघ्र कानुनी कारबाही गर्न तथा पीडितलाई उचित न्याय प्रदान गर्न आयोग नेपाल सरकारसँग जोडदार आग्रह गर्दछ । (विशाल खनाल, सचिब)

**महिला पत्रकार सिंहको हत्याबाट आयोग स्तब्ध, पत्रकारको सुरक्षामा ध्यान दिन सरकालाई आग्रह**

ललितपुर/२०६५ पुस २८ गते,

जनकपुरधामस्थित जनकपुर टुडे रेडियोमा कार्यरत पत्रकार उमा सिंहलाई हिजो साँझ अज्ञात सशस्त्र समूहले धारिलो हतियार प्रयोग गरी हत्या गरेको घटनाबाट आयोग स्तब्ध भएको छ । राष्ट्रिय मानव अधिकार आयोग यस किसिमको बर्बर र कायरतापूर्ण कार्यको निन्दा गर्दछ । आयोगको जनकपुर सम्पर्क कार्यालयले त्यस घटनाको सम्बन्धमा अनुसन्धान सुरू गरिरहेको छ । आयोगको केन्द्रीय कार्यालयबाट एक उच्चस्तरीय टोली भोलि त्यसतर्फ प्रस्थान गर्दैछ ।

पछिल्लो समयमा जनकपुर र आसपासका क्षेत्रमा शान्तिसुरक्षामा आवश्यक सुधार नभएको भनी आयोगले गृहमन्त्री लगायत सुरक्षा निकायका पदाधिकारीलाई पटकपटक ध्यानाकर्षण गराउँदा समेत शृङ्खलाबद्ध हिंसात्मक गतिविधि जारी छन् । यो घटनाले समेत जनकपुर क्षेत्रमा शान्ति सुरक्षाको अवस्था ज्यादै कमजोर रहेको पुष्टि गरेको छ । हिजो राति नै जनकपुरस्थित कान्तिपुर

संवाददाता मोनिका झालाई ज्यानमार्ने धम्की दिई अपशब्द प्रयोग गरेको घटना पनि आयोगको जानकारीमा आएको छ । पत्रकारहरू माथि भइरहेका यस्ता घटनाबाट नागरिकको अभिव्यक्ति स्वतन्त्रताको अधिकारमाथि गम्भीर प्रहार भएको आयोगको धारणा छ ।

पत्रकार उमा सिंहको हत्यामा संलग्न दोषीको पहिचान गरी यथाशीघ्र कानुनबमोजिम कारबाही गर्न तथा सञ्चारकर्मी लगायतका मानव अधिकार रक्षकहरूको सुरक्षाको पूर्ण प्रत्याभूति गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, अधिकारकर्मी र सञ्चारकर्मीलाई शान्तिपूर्ण वातवरणमा स्वतन्त्रपूर्वक काम गर्ने अवस्था सिर्जना गर्न आयोग नेपाल सरकारसँग आग्रह गर्दछ । (विशाल खनाल, सचिब)

## यातना तथा घरेलु हिंसा जस्ता मानवीय संवेदनाहीन घटनाहरूप्रति आयोग गम्भीर

नेपालगञ्ज /२०६५ साउन २६ गते,
जिल्ला बाँके नेपालगञ्ज नगरपालिका वार्ड नं १२ मा डेरागरी बस्ने शैलेन्द्र ठाकुर र निजकी पत्नी ममता ठाकुरले आफ्नो घरमा घरेलु कामदारको रूपमा राखेकी भारत विहार समस्तिपुर घर भएकी १२ बर्षिया रिङकुकुमारी धानुकलाई कुटपिट गरी शारीरिक यातना तथा घरेलु हिंसा गरेको भनी आयोगको यस कार्यालयमा दर्ता हुन आएको उजुरीका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ ।

प्राप्त उजुरीका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जबाट संरक्षण अधिकृत सरिता ज्ञवाली र रमेशकुमार थापा तथा सिविनका प्रतिनिधि, पत्रकार तथा सुरक्षाकर्मीहरूको संयुक्त टोलीले निज शैलेन्द्र ठाकुरको डेरामा गै पीडित भनिएकी रिङकुकुमारी धानुकको उद्धार गरी हाल निज धानुकलाई सिविनमा राखिएको छ भने आरोपित शैलेन्द्र ठाकुर र ममता ठाकुरलाई अनुसन्धानको लागि वडा प्रहरी कार्यालय नेपालगञ्जमा लगिएको छ ।

अतः कानुन विपरित बालवालिकालाई घरेलु कामदारको रूपमा राखिने र राखे पश्चात कडा काममा लगाउने तथा कुटपिट गरी शारीरिक यातना तथा मानसिक यातना दिने, भेदभाव गर्ने जस्ता मानवीय संवेदनाहीन घरेलु हिंसाका घटनाहरूप्रति आयोग गम्भीर रहँदै आएको छ ।

अतः भविष्यमा समाजमा घट्न सक्ने यस्ता मानव अधिकार विरोधी घटनाहरूप्रति गम्भीर रहन तथा घटनाको बारेमा तत्काल जानकारी दिन आयोग सम्बन्धित सबैसँग आग्रह गर्दछ । साथै घटनामा संलग्न व्यक्तिहरूलाई कानुन बमोजिम गर्न तथा पीडित वालिकालाई सकुशल आफन्तजनको सम्पर्कमा पुऱ्याउने व्यवस्था मिलाउन समेत सुरक्षा निकायलाई आग्रह गर्दछ । (सरिता ज्ञवाली, नि.क्षेत्रीय निर्देशक)

**राष्ट्रिय मानव अधिकार आयोग**

**महिला अधिकारकर्मी माथि दमन नगर्न आयोगको अपिल**

ललितपुर/२०६५ भदौ ९ गते,
काठमाडौंको नयाँ वानेश्वरस्थित संविधान सभा भवन वरपर सभासद्‌हरूको ध्यानाकर्षण गराउन पर्चा वितरण गरिरहेका १३ जना महिला मानव अधिकार रक्षकहरूलाई गिरफ्‌तार गरिएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ। आयोगलाई प्राप्त जानकारी अनुसार कञ्चनपुर जिल्ला दैजी गाविस-८ की महिला मानव अधिकारकर्मी लक्ष्मी बोहोराको हत्याको निष्पक्ष छानबीनको माग गर्दै महिला मानव अधिकार रक्षक सञ्जालले दबाबमूलक कार्यक्रम चलाउँदै आएको छ।

घटनाको अनुगमनबाट आयोगले प्राप्त गरेको तथ्य अनुसार त्यसरी गिरफ्‌तार हुनेहरूमा डा. रेणु राजभण्डारी (काठमाडौ), रीता रावल (जाजरकोट), विमला वि.क. (बर्दिया), शारदा चन्द (कञ्चनपुर), लक्ष्मी श्रीस (सुर्खेत), सीमा पाण्डे (मकवानपुर), आरती पौडेल (बाँके), टीका सम्सेली (बर्दिया), पार्वती कोइराला (बर्दिया), गौरा नेपाली (काठमाडौं), दीपा धिताल (दाङ), शोभा वि.क. (कैलाली) र तुलसा पौडेल (कैलाली) हुनुहुन्थ्यो। आयोग टोलीको रोहबरमा गिरफ्‌तार गरिएका सबैजनालाई प्रहरीले मुक्त गरिसकेको छ।

महिला हिंसाका घटनाहरू बढ्दै गएकाले त्यसलाई नियन्त्रण गर्न र यस सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आयोगले असार ९ गते गृहमन्त्रालयका सचिब उमेशकान्त मैनाली र प्रहरी महानिरीक्षक ओमविक्रम राणालाई आयोगमा बोलाई तत्कालै प्रभावकारी कदम चाल्न निर्देशन दिएको थियो।

महिलाविरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ को धारा २ (च) ले स्पष्ट रूपमा महिलाविरूद्धका सबै भेदभाव र हिंसाका घटना उन्मूलन गर्न कानुन बनाउने लगायत आवश्यक सबै उपाय अवलम्बन गर्नु राज्यको दायित्व भनेको छ। नेपाल यो महासन्धिको पक्षराष्ट्र भइसकेको सन्दर्भमा दिन प्रतिदिन बढिरहनु मानव अधिकारको गम्भीर उल्लङ्घन हो। त्यसैगरी नेपालको अन्तरिम संविधान २०६३ को धारा २० (३) मा 'कुनै पनि महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ' भनी उल्लेख छ।

अतः महिलाविरूद्धका हिंसाका घटनाविरूद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न, महिला मानव अधिकार रक्षकहरूको सुरक्षा सुनिश्चित गर्न, आयोगले विगतमा गरेका सिफारिसहरू बमोजिम महिला हिंसाका घटनामा संलग्न दोषीलाई यथाशीघ्र कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकारसँग पुनः आग्रह गर्दछ। (विशाल खनाल, सचिब)

## प्युटार घटनाका सम्बन्धमा तीन आयोगबीच छलफल, बोक्सीको आरोपसम्बन्धी घटनामा संयुक्त अनुसन्धान गरिने

ललितपुर/२०६५चैत्र १७ गते,
ललितपुरको प्युटारस्थित गडिभञ्ज्याङ प्राथमिक विद्यालयका प्रधानाध्यापक विमला लामाले स्थानीय कल्लीकुमारी विकलाई बोक्सीको आरोपलगाई अमानवीय व्यवहार गरेको घटनाका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगका पदाधिकारीबीच राष्ट्रिय मानव अधिकार आयोगमा आज छलफल भएको छ ।

विद्यालयको प्रधानाध्यापकजस्तो जिम्मेवार पदमा बसेको व्यक्तिबाट समेत यस्तो जघन्य अपराधिक घटना भएको भन्दै तीनओटै आयोगले यो घटनालाई गम्भीर रूपमा लिएका छन् । घटनाको अनुसन्धानलाई संयुक्त रूपमा अगाडि बढाउने, घटनामा संलग्न दोषीहरूलाई कानुनी कारबाही गर्न र पीडितलाई राहत, सुरक्षा तथा क्षतिपूर्तिको लागि पहल गर्ने विषयमा बैठकमा छलफल भएको थियो । साथै, घटनाबारे थप जानकारी लिन ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखलाई आयोगमा बोलाई अनुसन्धान कारबाहीका बारेमा आवश्यक सोधपुछ गर्ने निर्णय समेत भएको छ ।

प्युटार घटना नेपाल पक्षराष्ट्र भएको सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ र महिलाविरूद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ को विपरित भएको बैठकले ठहर गरेको छ । यसले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४ (छुवाछुत तथा जातीय भेदभावविरूद्धको हक), धारा २० (महिला हक), धारा २१ (सामाजिक न्यायसम्बन्धी हक), धारा २६ (यातनाविरूद्धको हक) मा प्रत्याभूत नागरिकको मानव अधिकार उल्लङ्घन भएको तथा गत माघ १२ गते प्रधानमन्त्रीले व्यक्त गरेको महिला हिंसा उन्मूलन गर्ने प्रतिवद्धतासमेत ओझेलमा परेको निष्कर्ष निकालेको छ ।

छलफलमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगीना सिंह, गौरी प्रधान, डा.लीला पाठक, राष्ट्रिय दलित आयोगका अध्यक्ष रामलाल विश्वकर्मा, राष्ट्रिय महिला आयोगका सदस्यहरू मन्जुकुमारी यादव (चौधरी), धनकुमारी सुनार र सचिब ऋतुराज भण्डारी लगायतको उपस्थिति थियो ।(विशाल खनाल सचिब)

## सीता विकलाई तेजाब खन्याइएको घटनामा आयोगको अनुगमन, महिला हिंसा नियन्त्रण गर्न आयोगको आग्रह

ललितपुर/२०६६ वैसाख ७ गते,
उदयपुर निवासी सीता विकलाई निजका पतिले तेजाब खन्याई गम्भीर घाइते बनाई वीर

**राष्ट्रिय मानव अधिकार आयोग**

अस्पतालमा उपचार हुन नसकेको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगका सदस्य डा. लीला पाठक समेतको टोलीले अनुगमन तथा आवश्यक पहल गरेको छ। राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय महिला आयोगका सदस्यहरूले वीर अस्पताल प्रशासनलाई हिजो अनुरोध गरेका थिए। यसअघि गत शुक्रबार राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र महिला अधिकार मञ्चले गत शुक्रबार छलफल गरेका थिए।

उदयपुर जिल्ला जोगीदह गाविस-६ बस्ने सीता विकलाई निजका पति राजकुमार विकले गत चैत्र २० गते बिहान ५ बजे सुतिराखेको अवस्थामा तेजाब खन्याइ गम्भीर घाइते बनाएका थिए। यसबाट उनको घाँटी र छाती जलेको छ र देब्रे कानमा गम्भीर असर परेको छ।

आयोगको आग्रहमा वीर अस्पतालले निज विकको उपचार खर्च निःशुल्क गरिदिएको छ। घाइते सीता विकलाई 'साथी' संस्थाले संरक्षकत्व प्रदान गर्ने जनाएको छ। आयोगले निज घाइतेको उपचारका लागि अन्तरिम राहत प्रदान गर्न गृह मन्त्रालयलाई र आवश्यक औषधोपचार उपलब्ध गराउन स्वास्थ्य मन्त्रालयलाई अनुरोध गरिसकेको छ।

यस घटनामा संलग्न दोषीलाई कानुन बमोजिम सजाय गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ। साथै, महिला हिंसाका घटना नियन्त्रण गर्न, सामाजिक सुरक्षा सुदृढ गर्न तथा महिला हिंसा रोक्नेसम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न समेत आयोग नेपाल सरकारका सम्बन्धित निकायहरूलाई आग्रह गर्दछ। (विशाल खनाल, सचिब)

**अछाममा महिला प्रहरीमाथि भएको भनिएको बलात्कारको घटनामा नेपाल सरकारलाई आयोगको ध्यानाकर्षण**

ललितपुर/२०६६असोज २१ गते,

जिल्ला प्रहरी कार्यालय अछाममा कार्यरत महिला प्रहरी (नाम गोप्य राखिएको) लाई सोही कार्यालयमा कार्यरत प्रहरीहरूद्वारा सामूहिक बलात्कार भएको भन्ने घटनाका बारेमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। आयोगको सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय धनगढीले यो घटनाको बारेमा अनुसन्धान प्रारम्भ गरिसकेको छ।

घटना विवरण अनुसार जिप्रका अछाममा कार्यरत सहायक प्रहरी निरीक्षकलगायत छजना प्रहरी कर्मचारीको संलग्नतामा नशालु पदार्थ खुवाई बेहोस अवस्थामा बलात्कार गरिएको भन्ने जानकारी आयोगले प्राप्त गरेको छ। पीडित महिला प्रहरीलाई घटनाबारे केही नबोल्न शारीरिक र मानसिक दबाब दिइएको साथै घटना सार्वजनिक हुने डरले दुई दिनसम्म कार्यालय परिसरबाहिर जान नदिई विक्षिप्त अवस्थामा राखिएको जानकारी आयोगले प्राप्त गरेको छ।

आयोगको प्रारम्भिक अनुगमन र अनुसन्धानबाट आरोपित व्यक्तिहरूद्वारा प्रहरी कार्यालयभित्रै बलात्कार जस्तो जघन्य अपराध भएको विश्वास गर्न सकिने पर्याप्त कारणहरू देखिएकाले घटनाका अभियुक्तहरूलाई तत्कालै निलम्बन गरी हिरासतमा लिई कारबाही अगाडि बढाउनु पर्ने देखिन्छ । अर्कातिर पीडित महिला प्रहरीको सुरक्षा, स्वास्थोपचार र मनोसामाजिक विमर्शको उचित व्यवस्था गर्न समेत आयोग सम्बन्धित निकायलाई आग्रह गर्दछ ।

साथै, प्रहरी संयन्त्र भित्रका केही प्रहरी अधिकृत समेतका व्यक्तिहरूबाट घटनालाई अर्कैतर्फ मोड्ने, प्रमाण नष्ट गर्ने र म्मिलित हुने अनुसन्धान तहकीकात स्वतः विश्वसनीय हुन नसक्ने हुँदा महिला मानव अधिकार रक्षकसहितको स्वतन्त्र अनुसन्धान टोली निर्माण गरी अनुसन्धान कार्य अगाडि बढाउन राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँछ । (वेद भट्टराई, निमित्त सचिब)

## सीतादेवी मण्डललाई गाउँ निकाला गर्ने सम्बन्धमा आयोगको ध्यानाकर्षण

विराटनगर/२०६६ पौष २६गते,
सप्तरी जिल्ला कञ्चनपुर गाविस वडा नं.३ रूपनगर बस्ने बर्ष २५ की सीतादेवी मण्डललाई गाउँमा पञ्चायती राखी देश निकाला गर्ने निर्णय भएको भनी विभिन्न सञ्चारमाध्यममा प्रकाशित/प्रसारित समाचारप्रति यस कार्यालयको गम्भीर  ध्यानाकर्षण भएको छ ।

यस घटनालाई गम्भीरतापूर्वक लिई आयोगका सदस्य डा.केबी रोकायाले हिजो पिडितसँग भेटगरी उक्त घटना र पीडितको स्वस्थ्य स्थितिबारे आवश्यक जानकारी लिनुभएको थियो । यो घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोग गम्भीर भएको र आगामी दिनमा यस्ता प्रकृतिका सम्भावीत घटना नियन्त्रण गर्न नेपाल सरकार र सम्वद्ध निकायको ध्यानाकर्षण गराउन तत्कालै पहल गर्ने कुरा आयोगका सदस्य डा.केबी रोकायले बताउनु भयो ।

उक्त घटनालाई मानव अधिकारको गम्भीर विषय ठानी थप जानकारी लिने उद्देश्यले आयोगको यस कार्यालयका संरक्षण अधिकृतहरूको एक टोली पुस २५ गते नै घटनास्थल पुगी विभिन्न पक्षहरूसँग घटनाका बारेमा आवश्यक जानकारी लिएको तथा सो घटनाका सम्वन्धमा स्थानिय प्रशासन र प्रहरीले बहन गर्नुपर्ने जिम्मेवारी र दोषीलाई कारबाही गर्ने सम्वन्धमा प्रारम्भिक अनुसन्धान शुरू गरेको छ । सो कार्यमा आवश्यक सहयोग गर्न सबै पाक्षसँग आयेग आग्रह गर्दछ । (प्रदिप कुमार झा, निमित्त निर्देशक)

## सन्दर्भ १०० औं अन्तर्राष्ट्रिय नारी दिवस, सवैको बिकासका लागि समान अवसर र समान अधिकार

नेपालगंज/२०६६ फागुन २४ गते,

जनसख्याको आधा भाग ओगटेको महिलाहरू लामो काल खण्ड देखि भेदभावबाट गुज्रिएकोमा बिगत ६ दशक देखि महिला भेदभावको विरूद्धमा अगैसर भइरहेको छ । महिला विरूद्ध गरिने र

**राष्ट्रिय मानव अधिकार आयोग**

गरिएका सवै किसिमका भेदभावहरू विरूद्धको लडाईमा महिला एक्लैले गरेको आन्दालन भन्दा राज्यले नै महिला अधिकारको सुनिस्चित गर्ने र महिला माथी हुनै र भईरहेका सवै किसिमका अन्याय, अत्याचार र भेदभावहरू अन्त्य गरि भेदभाव रहित समाजको श्रृजना गर्न र महिला विरूद्ध हुने गरेका सवै किसिमका कृयाकलापलाई अपराधको रूपमा स्थापित गर्नको लागि महिला विरूद्धको भेदभावका सवै स्वरूपहरूको उल्मुलन विषयक संयुक्त राष्ट्र संघिय सन्धि सन् १९७९ पारित भएको छ र नेपालले पनि यस सन्धिमा हस्ताक्षर गरिसकेको छ । हाल सम्म विश्वव्यापी रूपमा ४ वटा बिश्व महिला सम्मेलनहरू भैसकेका छन् । तदनुरूप नेपालले महिला विरूद्धका सवै प्रकारका विभेदको अन्त्य गर्नको लागि संवेधानिक, कानुनि व्यवस्था तथा प्रभावकारी कार्यान्वयनको लागि विभिन्न संयन्त्रहरू जस्तै महिला आयोग, समेत निर्माण गएिको अवस्था रहेको छ ।

नागरिकका मानव अधिकारको संरक्षण गर्न र देशमा मानव अधिकारको सस्कृतिको विकाश गर्ने उद्धेश्यका साथ Paris principle को आधारमा स्थापित राष्ट्रिय मानव अधिकार आयोगले महिला माथि हुने सवै प्रकारका विभेद तथा हिंसाका विरूद्धमा गतिविधि संचालन गरी संरक्षण र संवर्घनको क्षेत्रमा कृयासिल रहेको छ । आयोगले राज्यको दायित्व पुरा गराउनको लागि व्यक्तिगत उजुरी उपर अनुसन्धान गरी सिफारिस गर्ने, महिला विभेदको अत्य गर्नको लागि उपयुक्त कानुन तथा प्रभावकारी कार्यान्वयनका लागि कानुनि संयन्त्रको निर्माणको लागि सिफारिस गर्ने जस्ता कामहरू गर्दै आई रहेको छ ।

१०० औ अन्तर्राष्ट्रिय नारि दिवस मनाई रहेको वर्तमान अवस्थामा समेत नेपाली समाज नारी अधिकारका विरूद्धका विभिन्न रूपहरूको चपेटमा परि रहेको र नेपालि नारिहरू विविध प्रकार र रूपका हिंसामा जिउन वाद्य भइरहेका छन् । नेपालि समाजको वर्तमान अवस्थाको महिला हिंसाको प्रबृति लाई हेर्दा नेपालि समाज घरेलु हिंसा,वेचविखन,वलात्कार/यौनजन्य हिंसा, वोक्सी,एकल महिला तथा विविध प्रकारका सामाजिक कुरीतिहरूको सीकार वन्न वाध्य भएका छन् ।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जले गत एक वर्षको विचमा आयोगमा परेका विभिन्न महिला अधिकार संवन्धि उजुरीहरू तथा विभिन्न पत्रपत्रिकामा प्रकासित समाचार हरूको मिडिया अनुगमनको क्रममा प्राप्त तथ्यहरूको अध्ययनवाट पनि यस क्षेत्र पनि हालसम्म पनि महिला अधिकार मैत्रि वन्न नसकेको, राज्यका निकायहरूले प्रभावकारी ढंगले राज्यका कानुनहरूको कार्यान्वयन गर्न नसकेको स्पस्ट रूपमा देखाएको छ । आयोगमा परेका उजुरीहरूको रेकर्डको आधारमा ५० प्रतिसत उजुरीहरू वाँके जिल्लावाट मात्र परेको देखिन्छ भने करिव १५ प्रतिसतका दरले  उनुरीहरू वर्दीया र सुर्खेत, दैलेख जिल्लावाट परेको देखिन्छ, उजुरीहरूको प्रकृतिको अध्ययन गर्दा घरेलुहिंसा प्रमुख रूपमा रहेको छ ।  जसले गर्दा प्रबृतिगत रूपमा देशको तराई भुभागमा महिलाहरूका विरूद्धमा घरेलु हिंसाका घटनाहरू भइरहेको देखिन्छ । विगत द्धन्दकाल देखिका उजुरहिरूको विक्ष्लेषण गर्ने हो भने ५५ प्रतिसत भन्दा वडी राज्यका निकायहरूवाट गरिएका महिला विरूद्धका घटनाहरू रहेका छन् । जसमा हत्या, वेपत्ता, अपहरण, जर्वजस्तिकरणी वेचविखन जस्ता घटनाहरू प्रमुख रूपमा रहेका छन् ।

यसैगरी पत्रपत्रिका तथा आयोगको अनुगमन वाट प्राप्त तथ्याङ्कका आधारमा हेर्ने हो भने करिव ६० प्रतिसत महिला हिंसाका समाचारहरू बाँकेका रहेका छन् भने करीव ३० प्रतिसत घटनाहरू वर्दिया जिल्लाका रहेका छन्, जुन अधिकांस घरेलुहिंसा( श्रमिान वाट हत्या,वेपत्ता/अपहरण, वेचविखन, वलात्कार संग सम्वन्धित रहेका छन् । यसरी महिला विरूद्ध हुने हिंसा रोगथाम तथा न्युनिकरण गर्नको लागि राज्यले विभिन्न ऐन कानुनहरू निर्माण गरिसकेको र सोको प्रभावकारी कार्यान्ययनको लागि विधिन्न संयन्त्रहरू भएका अवस्थामा पनि यस प्रकारका घटनाहरूको निरन्तरताले राज्य महिला विरूद्धहुने हिंसा रोक्न सकेको अवस्था देखिदैन । जसले गर्दा सरकारले यस प्रकारका घटनामा संलग्न व्यक्तिहरूलाई कानुनको दायरामा ल्याउन सकिरहेको छैन । महिला हिंसा कसुर र सजाय ऐन २०६६ ले आई सकेको अवस्थामा समेत महिला हिंसा रोक्न प्रयाप्त कार्य र उचित सजायको व्यवस्था प्रभावकारी रूपले समावेश तथा कार्यान्यन गर्न नसकेको स्पस्ट छ। तसर्थ यस अर्न्तराष्ट्रिय नारि दिवसका सन्दर्भमा विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन गर्न र महिला हिंसाको विरूद्धमा आवस्यक कानुन तथा संयन्त्रको निमार्णको लागि राज्य तथा अन्य सरोकार वालाहरू प्रतिवद्धहुन जरूरी भै सकेको छ। त्यसोहुन सकेमा मात्र यस २०१० को नारी दिवसको अन्तर्राष्ट्रिय नारा सवैको बिकासका लागि समान अवसर र समान अधिकार सार्थक हुन सक्दछ। (मुरारीप्रसाद खरेल, नि. निर्देशक)

## विद्यालयवाट बेसक्याम्प हटाउन सरकारलाई सिफारिस

ललितपुर/२०६४ माघ २ गते,
राष्ट्रिय मानव अधिकार आयोगले सप्तरी जिल्लाको हनुमाननगर स्थित लिलजा ठाकुर राष्ट्रिय प्राथमिक विद्यालय भवन तथा परिसरबाट सशस्त्र प्रहरीको बेसक्याप्त हटाउन आज नेपाल सहकारलाई पत्राचार गरेको छ ।

सो विद्यालय भवनमा विगत दुई बर्षदेखि सूरक्षाकर्मी बस्दै आएको र सशस्त्र प्रहरयिको दन्तकाली गणले जबरजस्ती कब्जा गरी क्याम्प राखेको जानकारी प्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै आयोगले सो विद्यालय परिसरबाट तत्काल क्याम्प हटाई त्यसको जानकारी आयोगलाई दिन भनी सिफारिस गरेको हो ।

विद्यालय सशस्त्र प्रहरीले प्रयोग गरेपछि सो विद्यालयका एक हजार भन्दा बढी विद्यार्थीहरू परिसर बाहिर खुला चउरमा बसेर पढ्न बाधय रहेको कुरा २०६४माघ १ गतेको नयाँ पत्रिकाले तस्वीर सहित प्रकाशित गरेको थियो ।

निर्भयता पूर्वक शिक्षा आर्जन गर्न पाउनु बालबालिकाको अधिकार हो। यस अधिकारलाई नेपालको संविधान, मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले स्पष्टसंग प्रत्याभूत गरेकाछन् । सशस्त्र प्रहरी क्याम्प विद्यालय भवनमा राख्ने कार्यले नेपालको अन्तरिम संविधान र

**राष्ट्रिय मानव अधिकार आयोग**

बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि तथा नेपाल सरकार र नेकपा माओवादी बीच समपन्न बिस्तृत शान्ति सम्झौताको समेत प्रत्यक्ष उल्लघंन भएको देखाउछ ।

साथै विद्यालयलाई शान्ति क्षेत्रका रूपमा विकसित गर्नुपर्छ भन्ने कुरा आयोगले विगतदेखि नै उठाउदै आएको हो । सशस्त्र प्रहरी कयाम्प त्यहाँ राखेबाछ सो विद्यालयका बालबालिकाले शिक्षा पाउने अधिकारमाथि हस्तक्षेप हुनुका साथै विद्यालय तथा बालबालिका शान्ति क्षेत्र हुन भन्ने प्रतिबद्धता पनि पालना भएको देखिदैन ।

यसै बीच यस सम्बन्धमा थप अनुगमन/अनुसन्धानका लागि आयोगको बिराटनगरस्थित क्षेत्रीय कार्यालयबाट एक टोली भोलि त्यसतर्फ प्रस्थान गर्दैछ । (विमलबाबु खत्री, संचार अधिकृत )

**आमसभा अनुगमन**

नेपालगञ्ज /२०६४ चैत्र १९ गते, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको संरक्षण अधिकृतद्वय सरिता ज्ञवाली र मोहनदेव जोशी सहितको अनुगमन टोलीले संविधान सभा र निर्वाचन आचार संहिता २०६४ साथै संविधान सभा प्रचार प्रसारका लागि नेकपा ए.मा.लेद्वारा बाँकेको खजुराक्षेत्रमा आयोजित क्षेत्रीय आमसभा कार्यक्रम सम्बन्धमा स्थलगत अनुगमन गऱ्यो। अनुगमनको क्रममा टोलीले कार्यक्रम शान्तिपूर्ण तथा सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको पाएको थियो । आयोजक पार्टीले वालवालीकाको प्रयोग गरी वालवालीकालाई पार्टीका चुनाव चिन्ह सहितको रूमाल बाँध्न, पार्टीको पर्चा वितरण गर्न लगाई प्रचार प्रसारमा बालवालिकाको प्रयोग गरेको पाइएको छ । त्यसै गरी नेपालको अन्तरिम संविधानले स्वास्थ्यसम्बन्धी मौलिक अधिकारको व्यवस्था गरेको छ सोको परिपूर्तिको लागि राज्यले सुविधा सम्पन्न निकायको रूपमा अस्पतालको व्यवस्था गरेको हुन्छ । जिल्ला प्रशासन कार्यायलय वाँकेले अस्पताल जस्तो संवेदनशिल निकायको लोगो **H** लेखिएको सवारी साधन सम्बन्धित निकायलाई प्रयोग गर्नवाट बञ्चित गरी सुरक्षा निकायलाई प्रयोग गर्न दिएको पाइएको छ । सो कार्यले आयोगको ध्यानाकर्षण भएको छ ।

संविधान सभा प्रचार प्रसारको क्रममा चैत्र १८ गते भएको नेकपा ए.मा.लेद्वारा आयोजना गरेको आमसभामा राजनीतिक अभिष्ट पूर्तिको लागि बालबालिकाको प्रयोग गर्नु निर्वाचन आचार संहिता विपरित हो । राजनीतिक उद्देश्य परिपूर्तिका लागि बालबालिकाको प्रयोग गर्नु आचारसंहिताको ठाडो उल्लघन हुने भएकाले आयोग सम्पूर्ण राजनीतिक दलहरूलाई आउदा दिनहरूमा निर्वाचन आचारसंहिताप्रति पूर्ण सजग र प्रतिवद्ध रहन आग्रह गर्दछ । साथै स्वास्थ्य जस्तो संम्वेदनशिल निकायको सवारी साधन अन्यत्र प्रयोग गर्दा जनताको स्वास्थ्य सम्बन्धी हकमा प्रतिकूल प्रभाव पर्न सक्ने हुदा सुरक्षाको लागि वैकल्पिक प्रवन्ध मिलाउन समेत आयोग स्थानीय प्रशासनलाई ध्यानाकर्षण गराउँदछ ।

साथै यसै हप्ता सल्यान, कालिकोट, रूकुम, जुम्ला, दैलेख आदि जिल्लाहरूमा चुनाव प्रसार प्रचारमा एक राजनीतिक दलका कार्यकर्ताहरूले अर्को राजनीतिक दलका कार्यकर्ताहरू माथि

कुटपिट तथा आक्रमणका घटनाहरू घटिरहेको पाइएको हुदा त्यस्ता घटनाहरूलाई पूर्णविराम दिई निर्वाचन आचारसंहिताको पालना र व्यक्तिको राजनीतिक अधिकारको सम्मान गर्न समेत आयोग आग्रह गर्दछ । (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## पाठ्यपुस्तक सर्वसुलभ नभएकोमा आयोगको ध्यानाकर्षण

ललितपुर/२०६५ असार २४ गते,
राष्ट्रिय मानव अधिकार आयोगले असार महिना बित्न लाग्दा समेत विद्यालय तहका पाठ्यपुस्तक सर्वसुलभ हुन नसकेकोमा गम्भीर चासो प्रकट गर्दै शिक्षा मन्त्रालयलाई विद्यार्थीहरूको शिक्षाप्राप्तिको अधिकारको सुनिश्चित गर्न पत्राचार गरेको छ । विभिन्न भाषामा तयार गरिनु पर्ने पाठ्यपुस्तक उपलब्ध नभएको, त्यस्तै कक्षा नौ र १० का पाठ्यपुस्तक नेपालभर अझसम्म उपलब्ध हुन नसक्नुको कारण र अहिलेसम्म भएगरेका प्रगति विवरणका बारेमा सात दिनभित्र आयोगलाई जानकारी दिन गत १९ गते शिक्षा तथा खेलकुद मन्त्रालयलाई पत्राचार गरेको थियो ।

शिक्षाप्राप्ति व्यक्तिको मौलिक अधिकार हो । यस अधिकारलाई मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २६ ले सुनिश्चित गरेको छ । नेपाल पक्षराष्ट्र भएको 'आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा १३ मा बालबालिकालाई शिक्षा प्रदान गर्ने विषयमा राज्यको दायित्व स्पष्ट रूपमा उल्लेख गरिएको छ । त्यसैगरी बालअधिकार महासन्धिको धारा २८ मा पनि बालबालिकाको शिक्षाप्राप्तिको अधिकार पूरा गर्न राज्यका दायित्वहरू किटान गरिएका छन् । नेपालको अन्तरिम संविधान २०६३ को धारा १७ (२) मा 'प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ' भन्ने उल्लेख छ ।

सन् २०१५ सम्ममा सबैका लागि शिक्षा सम्बन्धी डाकर घोषणापत्रमा नेपालले प्रतिबद्धता जनाइसकेको भए पनि सिमान्तिकृत वर्ग तथा दुर्गम भेगका बालबालिकाहरूले शिक्षा आर्जनमा अझ बढी उपेक्षित भइरहनु खेदपूर्ण कुरा हो । शिक्षामा सबैको पहुँच र गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्वहरूलाई राज्यले सम्मान, र सुनिश्चित गर्नु पर्दछ र त्यो समयमै गरिनु पर्दछ । हरेक व्यक्तिको शिक्षाप्राप्तिको अधिकारलाई परिपूर्ति गर्नु र त्यसलाई व्यवहारमा उतार्नु राज्यको दायित्व भएकोले राष्ट्रिय मानव अधिकार आयोग राज्यका सम्बद्ध सबै निकायलाई यसतर्फ ध्यानाकर्षण गराउँछ । (विशाल खनाल, सचिब)

## आयोगद्वारा माओवादी सेनाको शिविरमा अनुगमन, 'बालअधिकारको अवस्था नाजुक'

नेपालगञ्ज/२०६५ भदौ २३ गते, राष्ट्रिय मानव अधिकार आयोगका सदस्य सहितको उच्चस्तरीय टोलीले हिजो सुर्खेतस्थित जनमुक्तिसेनाको ६ नम्बर डिभिजनमा मानव अधिकार तथा

**राष्ट्रिय मानव अधिकार आयोग**

बालअधिकार अवस्थाको अनुगमन सम्पन्न गरेको छ। आयोगका सदस्य गौरी प्रधान, क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई सहित अधिकृतहरूको एक टोली नेकपा (माओवादी) का सेनाको दशरथपुरस्थित ब्यारेकभित्र रहेका सेना तथा बालबालिकाको अवस्था अनुगमन गरेको हो । आयोगको माथिल्लो तहबाट जनसेना शिविरको अनुगमन भएको यो पहिलो पटक हो ।

अनुगमनका क्रममा शिविरभित्र करीब २ सयको सङ्ख्यामा ४ बर्ष मुनिका बालबालिका रहेको, युद्धको समयमा घाइते भई हालसम्म शारीरिक तथा मानसिक अशक्त अवस्था भएका २२ जनाको तत्काल उचित स्वस्थ्योपचार गराउनुपर्ने अवस्था रहेको, भरपर्दो सञ्चार व्यवस्था नरहेको तथा बाल स्याहार केन्द्रको व्यवस्था नरहेको पाइएको छ । यसले गर्दा शिविरभित्र बालअधिकारको अवस्था ज्यादै नाजुक देखिएकाले तत्काल आवश्यक कदम चाल्नु पर्ने देखिएको छ। त्यस्तै, शिविर श्रोतले आयोग टोलीलाई दिएको जानकारी अनुसार नेपाल सरकारबाट प्राप्त हुनुपर्ने मासिक रकम विगत ११ महिनादेखि उपलब्ध हुन नसकेको देखिएको छ। सैन्य शिविरभित्रको आधारभूत मानव अधिकार अवस्था सुधार्न तथा विस्तृत शान्ति सम्झौता अनुसार शिविरभित्र रहेका १८ वर्ष मुनिका बालसैन्यहरूको सामाजिक पुनः एकीकरणको प्रबन्ध गरिनु पर्नेमा आयोग सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँछ ।

यसैबीच आयोगको मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयद्वारा आयोजित 'बाल सहभागिताः बाल आवाज' बिषयक कार्यशाला सुर्खेतमा गत भाद्र २१ गते सम्पन्न भएको छ । एक दिवसीय कार्यशालामा प्रमुख अतिथिको रूपमा बोल्दै आयोगका सदस्य गौरी प्रधानले राज्यले नयाँ नेपाल निर्माणको सपना साकार पार्न बालअधिकार र बालविकासको क्षेत्रमा लगानी बढाउनु पर्ने बताउनु भयो । आजको लगानीको प्रतिफल २५ बर्षपछि देखिने उहाँले उल्लेख गर्नुभयो । सदस्य प्रधानले भन्नुभयो, 'राज्यले बालअधिकार महासन्धिमा हस्ताक्षर गरेको दुई दशक हुनलाग्दा पनि त्यसअनुरूप व्यवहार गर्न अझै सकेको छैन । फलस्वरूप नेपाली बालबालिकाको अधिकार संरक्षित भएको छैन र बालबालिका अझै जोखिमपूर्ण अवस्थामा छन् ।' उक्त अवसरमा सदस्य प्रधानले कार्यशालाका सहभागीद्वारा सोधिएका विभिन्न जिज्ञासाको जवाफ दिनुभएको थियो । क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराईको अध्यक्षतामा सम्पन्न उक्त कार्यशालालाई आयोगका संरक्षण अधिकृतद्धय हरि ज्ञवाली तथा रमेश थापाले सहजीकरण गर्नुभएको थियो। कार्यक्रममा सुर्खेतस्थित सुरक्षा निकायका प्रमुख, पत्रकार, राजनीतिक दलका प्रतिनिधि, अधिवक्ता तथा मानव अधिकारकर्मी लगायत ८१ जना भन्दा बढिको सहभागिता थियो । (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## अन्तर्राष्ट्रिय बालअधिकार दिवसका सन्दर्भमा आयोगबाट जारी गरिएको प्रेस बक्तव्य (बालअधिकार सम्बन्धी प्रतिबद्धताहरू कार्यान्वयन गर)

ललितपुर/२०६५ मङ्सिर ४ गते,
हरेक वर्ष नोभेम्बर २० तारिखमा अन्तर्राष्ट्रिय बालअधिकार दिवस संसारभर मनाउने गरिन्छ। यो वर्षका लागि हाम्रो देशमा 'नयाँ नेपालको नयाँ संविधान, बालअधिकारको पूर्ण सम्मान' को नारा

तय गरिएको छ । १९ औं अन्तर्राष्ट्रिय बालअधिकार दिवसका अवसरमा राष्ट्रिय मानव अधिकार आयोग नेपालका सम्पूर्ण बालबालिका रोग, भोक, शोषण, दुर्व्यवहार, अशिक्षा तथा द्वन्द्वको मार बाट मुक्त भई उज्ज्वल भविष्यतर्फ अग्रसर हुन सकून भनी कामना गर्दछ । साथै, यस दिवसका अवसरमा बालअधिकार सुदृढीकरण अभियानमा समर्पित सम्पूर्ण मानवसन्तति प्रति आयोग हार्दिक सम्मान प्रकट गर्दछ ।

नेपाल बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ को पक्षराष्ट्र भइसकेको छ, जसले बालबालिकाका आधारभूत मानव अधिकार संरक्षण र परिपूर्ति गरी बालबालिकाको सर्वाङ्गिण विकासका लागि सम्बन्धित देशलाई उत्तरदायी बनाउँछ ।सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगसम्बन्धी इच्छाधीन आलेख (२०००), बालबेचविखन, बाल वेश्यावृति र अश्लील कार्यमा बालबालिकाको प्रयोग विरूद्धको इच्छाधीन आलेख (२०००), निकृष्ट प्रकारका बालश्रमसम्बन्धी आइएलओ महासन्धि, १९९९ मा समेत नेपालले हस्ताक्षर र अनुमोदन गरिसकेको छ । त्यसैगरी, नेपालको अन्तरिम संविधान, २०६३ ले बालअधिकारलाई मौलिक हकको रूपमा स्थापित गरेको छ ।

संविधान सभा मार्फत् संविधान लेखनको यो महत्वपूर्ण समयमा राज्यका विभिन्न निकायहरूबाट समय-समयमा गरिएका बालअधिकारसम्बन्धी प्रतिबद्धताहरूको कार्यान्वयन स्थितिको समीक्षा गर्ने बेला आएको छ । आयोगले संविधान सभामार्फत् बन्न लागेको संविधान मानव अधिकारमैत्री हुनुपर्छ भनी आवाज उठाइरहेको छ र यसमा बालअधिकारले उचित स्थान पाउनु पर्दछ भन्ने आयोगको धारणा छ ।

बालअधिकार संरक्षण, प्रवर्द्धन र परिपूर्तिका लागि आयोगले नेपाल सरकारलाई विभिन्न समयमा सिफारिसहरू गरिरहेको छ । कार्यान्वयन हुन बाँकी रहेका सिफारिसको कार्यान्वयनका लागि नेपाल सरकारले तत्काल पहल थाल्नु पर्दछ । हिजोको द्वन्द्वको असरबाट गुज्रिरहेका बालबालिका र अन्य विभिन्न जोखिमपूर्ण परिस्थितिबाट आफ्नो सुदूर भविष्यलाई चियाइरहेका नेपालका हजारौं बालबालिकाहरूलाई राहत, पुनःस्थापना र सामाजिक पुनःएकीकरणको खाँचो टड्कारो छ । अब बन्ने संविधानमा नेपालका सबै बालबालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा, स्वास्थ्य र संरक्षण प्राप्तिलाई सुनिश्चित गर्न नेपाल सरकार र सम्बद्ध सबैलाई राष्ट्रिय मानव अधिकार आयोग यो अन्तर्राष्ट्रिय दिवसका अवसरमा हार्दिक आग्रह गर्दछ । संविधानको धारा २२ मा व्यवस्था गरेबमोजिमको बालअधिकार प्रत्याभूत गर्ने तर्फ आवश्यक पहल थाल्न र बालअधिकारसम्बन्धी विगतमा भएका प्रतिवद्धताहरूलाई यथाशीघ्र कार्यान्वयन गर्न आयोग नेपाल सरकारलाई पुनः आग्रह गर्दछ । (विशाल खनाल, सचिब)

## बालबालिका सम्बन्धी राष्ट्र सङ्घका विशेष प्रतिनिधि आयोगमा, शान्ति सम्झौताको प्रावधान बमोजिम बालबालिकाको संरक्षण नभएको टिप्पणी

ललिपुर /२०६५ मङ्सिर १९ गते, संयुक्त राष्ट्रसङ्घका महासचिबका विशेष प्रतिनिधि राधिका कुमारास्वामीले नेपालमा द्वन्द्वप्रभावित बालबालिकाको स्थितिमा अपेक्षित सुधार हुन नसकेको बताउनु भएको छ । गत सोमबारदेखि एकसाता लामो नेपाल भ्रमणमा आउनु भएकी बालबालिकासम्बन्धी

## राष्ट्रिय मानव अधिकार आयोग

विशेष प्रतिनिधि कुमारास्वामीले आज राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूसँगको छलफलमा उक्त कुरा बताउनु भएको हो । उहाँले भन्नुभयो, 'नेपालपक्ष भएका बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौता र विस्तृत शान्तिसम्झौताको प्रावधान बमोजिम द्वन्द्व प्रभावित बालबालिकाको उद्धार तथा संरक्षण हुन सकेको पाइएन ।' आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले बालअधिकार र मानव अधिकारसम्बन्धी आयोगले गरेका सिफारिसहरूलाई नेपाल सरकारले उचित प्राथमिकता नदिंदा द्वन्द्वप्रभावित बालबालिकाको अवस्था सुधार हुन नसकेको बताउनु भयो । उहाँले भन्नुभयो, 'सशस्त्र द्वन्द्वमा संलग्न तथा आवद्ध बालबालिकाको संरक्षण र उनीहरूको सामाजिक पुनः एकीकरण सम्बन्धमा राज्यले गरेका प्रतिबद्धताहरू पूरा भएनन् ।'

आयोगका सदस्य गौरी प्रधानले बालअधिकारलाई मौलिक हकको रूपमा अन्तरिम संविधानमा उल्लेख भएको बताउँदै अब बन्ने संविधानमा बालअधिकारको संरक्षण गर्न उचित प्रावधान राख्न आयोगले विशेष जोड दिने बताउनु भयो । उहाँले पूर्वी तथा मध्य तराइका जिल्लामा सक्रिय सशस्त्र समूहहरूले पनि बालबालिकालाई प्रयोग गरेको पाइएको उल्लेख गर्नुभयो ।

नेपाल बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ को पक्षराष्ट्र हो । त्यसैगरी यही महासन्धि अन्तर्गतको सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगसम्बन्धी इच्छाधीन आलेख (२०००), बालबेचविखन, बाल वेश्यावृति र अश्लील कार्यमा बालबालिकाको प्रयोग विरूद्धको इच्छाधीन आलेख (२०००), निकृष्ट प्रकारका बालश्रमसम्बन्धी आइएलओ महासन्धि, १९९९ मा समेत नेपालले हस्ताक्षर र अनुमोदन गरिसकेको छ ।

नेपाल भ्रमणपछि विशेष प्रतिनिधि राधिका कुमारास्वामीले नेपालमा द्वन्द्वप्रभावित बालबालिकाको अवस्थाबारेमा राष्ट्रसङ्घका महासचिब बानकि मुनलाई प्रतिवेदन बुझाउनु हुनेछ । छलफलमा आयोगका सदस्यहरू रामनगीना सिंह, डा. लीला पाठक र सचिब विशाल खनालसमेत सहभागी हुनुहुन्थ्यो । (विशाल खनाल, सचिब)

## बालबालिकाको सुरक्षा, संरक्षण र निगरानीमा विशेष ध्यान पुऱ्याउन आयोगको आग्रह

विराटनगर/ २०६६ जेठ ७ गते,
विगत केही दिनदेखि पूर्वी तराईका केही जिल्लाहरूमा बालबालिका अपहरण गर्ने गिरोह सक्रिय रहेको भन्ने आशंकामा स्थानीय व्यक्तिहरूबाट आसंकित व्यक्तिहरूलाई कुटपिट गर्ने गरिएको र ती मध्ये सप्तरी जिल्लामा ३ र सुनसरी जिल्लामा १ गरी ४ जनाको हत्या भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगले यस विषयमा विभिन्न जिल्लाका सुरक्षा निकायबाट प्राप्त तथ्य अनुसार बालबालिका अपहरणका कुनै पनि घटना नघटेको तथा सूचना समेत नआएको भन्ने जानकरी आयोगको यस कार्यालयलाई प्राप्त हुन आएको छ । बालबालिकाकृ अपहरण भएको र गिरोह नै सक्रिय रहेको

भन्ने कुरा निराधार भएको हूँदा सबैलाई संयम हुन र हल्लाको भरमा कुटपिटमा संलग्न नहुन समेत अनुरोध गर्दै आफ्नो बालबालिकाको सुरक्षा, संरक्षण र निगरानीमा विशेष ध्यान पुऱ्याउन समेत यस कार्यालय सम्वन्धित सबैपक्षसँग आग्रह गर्दछ ।

कोही पनि व्यक्ति बालबालिका अपहरण गर्ने जस्ता गैरकानुनी कार्यमा संलग्न भएको आफुलाई थाहा भएमा तत्काल स्थानीय प्रहरी, प्रशासनामा जानकारी दिई कानुनी कार्वाही अगाडी बढाई कानुनी राज्यको आधारणालाई मजबुत बनाउने कर्तब्य तथा दायित्व सबै नागरिकको हो । अनुसन्धानको दायरामा नल्याई व्यक्तिलाई कुटपिट गर्ने र हत्या गर्ने र हत्या भएको पाइएबाट सो कार्यले व्यक्तिको स्वतन्त्र र भयमुक्त वातावरणमा बाँच्न पाउने अधिकार कुण्ठीत भएको र अर्कोतर्फ कानुन विरूद्धको कार्य समेत भएको हुँदा यसखाले घटनामा कुनै पनि व्यक्ति/समूह संलग्न नहुन आयोगको कार्यालय सम्वन्धित सबैसंग आव्हान गर्दछ । (सुवर्ण कर्माचार्य , निर्देशक )

## संस्थागत दण्डसजाय र बालअधिकारसम्बन्धी कार्यशाला सम्पन्न, संस्थागत दण्डसजाय अन्त्य गर्न सरोकारवालाको जोड

ललितपुर/२०६६ मङ्सिर ३ गते
विद्यालयमा हुने संस्थागत दण्डसजाय (कर्पोरल पनिसमेन्ट) लाई शीघ्र उम्मूलन गर्न राष्ट्रिय अभियान नै सञ्चालन गर्नु पर्ने कुरामा जोड दिएका छन् । अन्तर्राष्ट्रिय बालअधिकार दिवसका सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले आज ललितपुरमा आयोजना गरेको ‘संस्थागत दण्डसजाय र बालअधिकार’ विषयक कार्यशालाका सहभागीहरूले यस्तो विचार व्यक्त गरेका हुन् ।

कार्यक्रममा सहभागी बालअधिकारसम्बन्धी सरोकारवाला संस्थाहरूले शिक्षक-विद्यार्थीबीच आचार संहिता निर्माण, अहिंसात्मक शिक्षण-सिकाइ प्रक्रिया अघि बढाउन तथा संस्थागत दण्डसजायलाई उन्मूलन गर्न आयोगले नेतृत्वदायी भूमिका खेल्नु पर्ने बताए । कार्यक्रममा बोल्दै आयोगका सदस्य तथा प्रवक्ता गौरी प्रधानले विद्यालयमा विद्यार्थीहरूलाई दिइने दण्डसजायको अन्त्यका लागि सवै सरोकारवालाहरूले आ-आफ्नो ठाउबाट प्रयास गर्नु पर्ने बताउनु भयो । उहाँले सबै विद्यालयले बालमैत्री शिक्षा पद्धति अपनाउनु पर्नेमा जोड दिनुभएको थियो । कार्यशालामा शिक्षा पत्रकार समूहका संस्थापक अध्यक्ष राजन शर्माले नेपालका विद्यालयहरूमा दिइने ‘शारीरिक सजाय र दुर्व्यवहार’ विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । आयोगका निर्देशक तथा कार्यशालाको अध्यक्ष वेदप्रसाद भट्टराईले मानव अधिकारमैत्री शिक्षामा आयोगले जोड दिइरहेकाले दण्डसजाय दिएर मानव अधिकारमैत्री शिक्षा लागू गर्न नसकिने बताउनुभयो ।

कार्यक्रममा प्याब्सन, एनप्याब्सन तथा नेपाल राष्ट्रिय शिक्षक संगठन र नेपाल शिक्षक संघ, शिक्षा मन्त्रालयका, केन्द्रीय बालकल्याण समिति, नेपाल प्रहरी महिला बालबालिका सेवा केन्द्र, विभिन्न विद्यालयका शिक्षक-विद्यार्थी लगायत बालबालिकाको क्षेत्रमा काम गर्ने विभिन्न संघ-संस्थाका प्रतिनिधिहरू सहभागी थिए । (विशाल खनाल, सचिब )

**राष्ट्रिय मानव अधिकार आयोग**

**अन्तर्राष्ट्रिय बालअधिकार महासन्धिको बीसौं वर्ष पुगेका सन्दर्भमा, बालअधिकारका लागि अझ क्रियाशील हुन आयोगको आग्रह**

ललितपुर /२०६६ मंसिर ५ गते,
संयुक्त राष्ट्रसङ्घले अन्तर्राष्ट्रिय बालअधिकार महासन्धि, १९८९ पारित गरेको बीस वर्ष पुगेको अवसरमा राष्ट्रिय मानव अधिकार आयोग नेपालका समस्त बालबालिकाहरूको नैसर्गिक अधिकार र सर्वाङ्गीण विकासका लागि हार्दिक शुभकामना व्यक्त गर्दछ । बालबालिकाका लागि सुहाउँदो विश्व भन्ने मर्मलाई आत्मसात गर्दै 'मर्यादा, विकास र संवाद' सन्देशका साथ विश्वभर आज यो दिवस मनाइदै छ ।

संयुक्त राष्ट्रसङ्घका १९३ सदस्य देशहरू पक्षराष्ट्र बनिसकेको यो महासन्धिलाई नेपाल सरकारले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको थियो । यो महासन्धिले बिना कुनै भेदभाव संसारका सबै बालबालिकाको जीवनको अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार प्रत्याभूत गरेको छ । त्यसैगरी, नाम र राष्ट्रियताको अधिकार, अभिव्यक्ति स्वतन्त्रता र उचित विचारले मान्यता पाउने अधिकार, शिक्षाप्राप्तिको अधिकार, स्वास्थ्य तथा सामाजिक सुरक्षाको अधिकार एवम् विभिन्न किसिमका शोषणबाट मुक्ति पाउने अधिकार यो महासन्धिमा सुनिश्चित गरिएका छन् ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२ मा बालबालिकाको हकलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरिएको छ । संवैधानिक प्रावधानका अतिरिक्त बालबालिकाको बृहत्तर हितका लागि विभिन्न तहमा राज्यका संयन्त्र र वैधानिक प्रावधानहरू निर्माण भएका छन् । तर, राज्यको प्रतिबद्धता रहँदा रहँदै पनि राज्यले सुनिश्चित गरेका बालबालिकाका अधिकारहरू पूर्ण कार्यान्वयनमा आउन सकेका छैनन् । साथै, सहश्राब्दी विकास लक्ष्यसम्बन्धी नेपालका राष्ट्रिय लक्ष्यहरू अझै पूरा हुन सकेका छैनन् । नेपालको सन्दर्भमा बाल मृत्युदर घटाउन, बालबालिकाको पोषणको अवस्थामा सुधार गर्न, बालन्यायलाई प्रभावकारी रूपमा लागू गर्न तथा नयाँ संविधानमा बालअधिकारलाई सुनिश्चित गर्न अझै धेरै काम गर्न बाँकी छ ।

मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने राष्ट्रिय निकायका हैसियतले राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकार र सम्बद्ध निकायहरू, सबै राजनीतिक दल, सरोकारवाला संघसंस्थालगायत सम्बद्ध सबैलाई बालबालिकाको अधिकार सुनिश्चित गर्न अझ बढी क्रियाशील हुन आग्रह गर्दछ ।
(केदारनाथ उपाध्याय, अध्यक्ष)

**अयोग्य लडाकु बिदाइ कार्यक्रमको स्वागत**

ललितपुर/२०६६ पुस २ गते,
नेपाल सरकार, एकिकृत नेकपा (माओवादी) र संयुक्त राष्ट्रसङ्घबीच माओवादी सेनाका अयोग्य

एवम् नाबालिग लडाकुहरूको बिदाइ कार्ययोजनामा हस्ताक्षर भएकोमा राष्ट्रिय मानव अधिकार आयोग स्वागत गर्दछ । बहिर्गमन गरिन लागिएका नाबालिग समेतका लडाकुहरूको प्रभावकारी पुनःस्थापना हुनेमा आयोग आशावादी छ ।

साथै नेपालको सशस्त्र द्वन्द्वका कारण हजारौं बालबालिका प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित भएकाले त्यस्ता सबै बालबालिकाहरूका लागि समेत उपयुक्त पुनःस्थापना कार्ययोजना तर्जुमा गरी लागू गर्न समेत आयोग नेपाल सरकारसँग आग्रह गर्दछ । (विशाल खनाल, सचिब)

## यातना, कारागार तथा भेदभाव सम्बन्धी
## केन्द्रीय कारागार शाखा कार्यालय बाँकेको अनुगमन

नेपालगंज/२०६४ असोज २३ गते,
राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जका संरक्षण अधिकृतद्धय रमेशकुमार थापा र पवनकुमार भट्ट रहेको अनुगमन टोलीले मिति २०६४ असोज २२ गते केन्द्रिय कारागार कार्यालय बाँकेका बन्दी तथा कैदीहरूले मिति २०६४/०६/१६ गतेबाट आमरण अनसनको अनुगमन गरेको थियो ।

अनुगमनको क्रममा कारागारमा २११ पुरूष र २१ जना महिला गरी जम्मा २३२ जना बन्दी तथा कैदीहरू रहेको पाईयो । आमरण अनसन बसेका १८ जना पुरूष तथा २ जना महिला गरी जम्मा २० जना मध्य राजेन्द्र वलीको अवस्था चिन्ताजनक रहेको पाईयो । अनुगमनको क्रममा टोली समक्ष बन्दी तथा कैदीहरूले आमरण अनसन बसे यता आफुहरू सूचना तथा सञ्चारको अधिकारबाट बन्चीत भएको तथा स्थानीय प्रशासनबाट आफ्नो मागहरू प्रति वेवास्ता गरेको भन्ने गुनासो रहेको पाईयो ।

राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा आज मिति २०६४ असोज २३ गतेबाट भइरहेको "मानव अधिकार कर्मीहरूलाई मानव अधिकार तालीम" विषयक तालीममा बाँके, बर्दिया र सुर्खेत जिल्लाका विभिन्न संघ संस्थाका जम्मा २८ जना स्थानीय मानव अधिकारकर्मीहरूको सहभागीता रहेको छ । असोज २३ र २४ गते दुई दिनसम्म सञ्चालन हुने उक्त तालीमको उदघाटन समारोहमा राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालयका क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई, नेपाल मानव अधिकार संगठन बाँके अध्यक्ष गणेश रेग्मी, सासंमका सिपी सिंह र काउराष्ट्र नेपालका लल्लनप्रसाद श्रीवास्तव लगायतका व्यक्तिहरूले आ-आफ्नो मन्तव्य ब्यक्त गर्नुभएको थियो ।

अतः आमरण अनसनमा बसेका बन्दी तथा कैदीहरू सूचना तथा स्वास्थ्यको हक लगायतका आधारभूत मानव अधिकारको प्रत्याभूती गर्न, कैदी तथा बन्दीहरूको समस्याहरूलाई गंम्भीर तापूर्वक लिई वार्ताद्धारा समस्याको समाधान गर्न राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय

**राष्ट्रिय मानव अधिकार आयोग**

नेपालगञ्ज केन्द्रिय कारागार व्यवस्था विभाग तथा नेपाल सरकारलाई अनुरोध गर्दछ । ( वेद भट्टराई, क्षेत्रीय निर्देशक)

**मानव अधिकारको सम्मान गर्न आयोगको आग्रह**

नेपालगञ्ज/ २०६५ साउन १५ गते,
नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलमा तल्लो दर्जाका प्रहरीहरू माथि भएको भनिएको यातना, विभेद र दुर्व्यवहारसम्बन्धी आयोगमा पर्न आएका उजुरीहरूप्रति राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगले प्रहरी सङ्गठनभित्र भइरहेका समस्याहरूका बारेमा गत माघदेखि नै विभिन्न अनुगमन/अनुसन्धान टोलीहरू खटाई बाँके, दाङ तथा सुर्खेतस्थित सुरक्षा निकायमा कार्यरत सुरक्षा निकायका प्रमुखहरू एवम् तल्लो दर्जाका प्रहरीहरूसँग सोधपुछ गरी त्यहाँ भइर हेका मानव अधिकारसम्बन्धी गतिविधिहरूका बारेमा आवश्यक जानकारी लिदैंआएको थियो । अनुगमनमा प्राप्त तथ्य अनुसार तल्लो दर्जाका प्रहरीहरू माथि मानव अधिकार सम्मत व्यवहार गर्न एवम् मानव अधिकारसम्बन्धी बिषयहरूलाई तत्काल सम्बोधन गर्न आयोगले त्यहाँ कार्यरत सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन समेत दिएको थियो ।

उल्लिखित उजुरीसँग मिल्दोजुल्दो बिषयहरूलाई लिएर बाँके जिल्लाको समसेरगञ्जमा गत असार ७ गते र नेपालगञ्जमा असार २८ गते भएको प्रहरी बलभित्र विद्रोहका रूपमा असन्तुष्टि सार्वजनिक भएका थिए, जसलाई आयोगले नजिकबाट अनुगमन गरेको छ । समसेरगञ्जको घटनामा नेपाल सरकारका अख्तियारप्राप्त अधिकारी तथा प्रहरी बलका उच्चपदस्थ अधिकृतहरूले मानव अधिकारकर्मी, सञ्चारकर्मी तथा राष्ट्रिय मानव अधिकार आयोगको टोली समेतको रोहबरमा आन्दोलनकारीहरूका मागप्रति सहमति जनाई फर्केका थिए । त्यसको करिब ३ हप्ता पछि सङ्गठनमा विद्रोह गरेको आरोपमा केही प्रहरीहरूलाई कारबाही प्रक्रिया सुरू गरिएको छ । आरोपित प्रहरीहरूलाई अझैसम्म पनि परिवारसँग सम्पर्क गर्न नदिइएको, तीमध्येका एक प्रहरीकी पत्नीलाई विद्रोहीकी श्रीमती भनी मानसिक यातना तथा धम्की दिएको लगायतका घटनाहरूले मानव अधिकारका न्यूनतम मापदण्डहरू समेत कुण्ठित भएका छन् ।

यसै सन्दर्भमा यस्ता प्रकृतिका समस्याबाट हुनसक्ने शान्ति सुरक्षामा संवेदनशीलता र मानव अधिकार उल्लङ्घनलाई रोकथाम गर्न आयोगले गत असार २९ गते नेपाल सरकारलाई गरेको सिफारिस पुनःस्मरण गराइन्छ-

प्रहरी सेवाका विभिन्न तहका कर्मचारीहरूबीच विद्यमान भेदभावको स्थिति र अनियमितता सम्बन्धी सत्यतथ्य पत्ता लगाई त्यसलाई हटाउने सम्बन्धमा छलफल लगायतका शान्तिपूर्ण प्रकृया अवलम्बन गर्नु पर्ने,

कुनै पनि खालको अत्यधिक शक्ति(Excessive Force) प्रयोग नगरी शान्तिपूर्ण वातावरण बनाउन तथा जीउज्यान र सम्पतिको नोक्सानी नहुने अवस्था सिर्जना गर्नु पर्ने,

प्रहरी सङ्गठनमा अनुशासन र 'चेन अफ कमान्ड' (Chain of Command) पनि महत्वपूर्ण हुने भएकाले सो कायम गर्ने सम्बन्धमा कानुनी प्रक्रिया अवलम्बन गर्ने ।

अतः प्रहरी सङ्गठनमा अनुशासन महत्वपूर्ण हुने भएकाले त्यसलाई कायम गर्न, सङ्गठनभित्र भएको भनिएका मानव अधिकार विरोधी गतिविधि रोक्न, तथा समसेरगञ्जमा गरिएको सहमतिमा उल्लिखित मानव अधिकारसँग सम्बन्धित अन्य सवालहरूलाई तत्काल सम्बोधन गर्न राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धित पक्षहरूको पुनः ध्यानाकर्षण गराउँदछ । (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

**कारागारको सुरक्षाप्रबन्ध सुदृढ गर्न आयोगको आग्रह**

ललितपुर/ २०६६चैत्र २३ गते,रामेछाप जिल्ला बेथान गाविस-५ स्थायी बसोबास गर्ने र हाल नख्खु कारागारमा कैद भुक्तान गरिरहेका सोनाम भन्ने भक्तबहादुर लामा (वर्ष ३६) लाई सोही जेलमा रहेका दैलेख जिल्लामा स्थायी बसोबास गर्ने अर्का बन्दी टीका विक (वर्ष ३३) ले चैत २० गते बिहान ईंटा प्रहार गरी हत्या गरेको घटनाका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस घटनाबारे आयोगले जानकारी पाएलगत्तै गत चैत २१ गते केन्द्रीय कार्यालयबाट आवश्यक अनुगमन तथा अनुसन्धानका लागि एक टोली घटनास्थल नख्खु कारागार पठाएको थियो। आयोगको अनुगमनमा निज टीका विकले मानसिक रोगको उपचार गराइरहेका र १७५ व्यक्ति क्षमताको उक्त कारागारमा ४ सयभन्दा बढी बन्दीहरू राखिएको पाइएको छ। राष्ट्रिय मानव अधिकार आयोगले कारागारको क्षमताभन्दा बढी संख्यामा बन्दीहरू नराख्न तथा कारागारको भौतिक अवस्था सुधार गर्न समेत नेपाल सरकार र सम्बन्धित निकायहरूलाई पटकपटक ध्यानाकर्षण गराएको पुनः स्मरण गराइन्छ। यो घटनाका सम्बन्धमा आयोगमा उजुरी समेत दर्ता भई आवश्यक अनुसन्धान भइरहेको छ । यसै सम्बन्धमा आयोगले गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग, कारागार शाखा लगायतमा आवश्यक पत्राचार गरिसकेको छ ।

हिरासत वा कैदजस्तो राज्यको सुरक्षा घेराभित्र रहेको अवस्थामा कैदीबन्दीहरूको हत्या वा मृत्यु हुने अवस्था आउनु मानव अधिकारको गम्भीर उल्लङ्घन हो । आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन तथा आवश्यक सुरक्षा सतर्कता अपनाउन पर्याप्त व्यवस्था गर्न, असामान्य स्वास्थ्य अवस्था रहेका बन्दीहरूलाई अलग्गै राख्न तथा उनीहरूको स्वास्थ्योपचारको व्यवस्था गर्न, बालबालिकाहरूलाई वयस्क व्यक्तिहरूभन्दा अलग राख्न, स्वच्छ खानेपानी, आवश्यक सरसफाई

र शौचालयको उचित प्रबन्ध गर्न, तथा घटनाका दोषीहरूको पहिचान गरी आवश्यक कारबाही र पीडित पक्षलाई कानुनबमोजिम क्षतिपूर्तिको व्यवस्था गर्न समेत आयोग नेपाल सरकार र सम्बन्धित निकायहरूलाई आग्रह गर्दछ । (विशाल खनाल, सचिव)

**यातना विरूद्धको सहकार्यद्वारा जारी गरेको संयुक्त प्रेस वक्तव्य, यातनालाई फौजदारी कसूर ठहर गर्ने बृहत कानुन लागू गर् ।**

ललितपुर⁄ यातना पीडितहरूको सहयोगका लागि संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय दिवस – २००९ का अवसरमा यातना विरूद्धको सहकार्यका सहयोद्धाहरू हामी राष्ट्रिय मानव अधिकार आयोग, संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालय–नेपाल, आइसिजे, एड्भोकेसी फोरम, इन्सेक, सिभिक्ट, इन्हुरेड इन्टरनेशनल, पीपीआर, फोरहिड र जवाफदेही निगरानी समिति–नेपाल सरकारलाई यातनालाई अपराधीकरण गर्ने बृहत कानुनको निर्माण गर्न माग गर्दै यातनाको सवालमा जारी दण्डहीनताको श्रृङ्खलाको अन्त्य गर्न निरन्तर लडिरहेने आफ्नो अडानप्रति पुनःप्रतिबद्धता दोहोऱ्याउन चाहन्छौ ।

सन् १९९१ मा नेपाल सरकारले यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजाय विरूद्धको महासन्धिलाई अनुमोदन गरेको पनि झण्डै अठार बर्ष पुग्न लागिसकेको छ । तर पनि नेपालले अझैसम्म यातनालाई अपराधीकरण गर्ने र पीडितलाई प्रयाप्त पुनर्लाभको व्यवस्था गर्ने कानुन भने पारित गरेको छैन ।

विद्यमान यातनासम्बन्धी कानुनले नेपालमा निर्वाधरूपमा जारी यातनासम्बन्धी विकराल समस्यालाई सम्बोधन गर्न लगभग असफल भई सकेको छ । यसले सशस्त्र द्वन्द्वकालका दौरान बृहत र योजनाबद्धरूपमा घटाईएका यातनाका घटनाहरूलाई रोक्न र कानुनी उपचार प्रदान गर्न पूर्णरूपमा असफल रह्यो । अचम्म र दुखदपूर्ण कुरा त के भने हजारौं पीडितहरूकोले न्याय र पुनर्लाभका लागि पर्खिरहे तापनि हालसम्म पीडकलाई  कारवाही गरिएको एकै मात्र दृष्टान्त पनि छैन ।

नेपालमा अझसम्म पनि यातना निरन्तर जारी छ । यातनाको मात्रामा हाल केही कमी आएता पनि यसको अवस्था अझै विकरालनै रहेको छ । एड्भोकेसी फोरमको हिरासत अनुगमन तथ्याङ्क अनुसार जुन २००८–मे २००९ का बीच ४३२८ थुनुवाहरूलाई भेटिएकोमा ८४२ जनाले आफूलाई यातना र दूर्व्यवहार गरिएको जनाएका थिए । त्यस्तै गरी इन्सेकले २००८ मा २९४ जना थुनुवाहरूलाई राज्य पक्ष र गैर राज्यद्वारा यातना दिईएको जनाएको छ । त्यस्तैगरी राष्ट्रिय मानव अधिकार आयोगले अप्रिल २००८ देखि मे २००९ का बीच  गैर राज्य पक्षद्वारा द्वारा ७२ र गैर राज्य पक्षवाट ३९ वटा यातनाका मुद्दाहरूको अभिलेखिकरण गरेको छ भने एड्भोकेसी फोरमले गैर राज्य पक्षद्वारा घटाईएका ९५ वटा मुद्दाहरूको अभिलेख गरेको छ । अधिकांश यातना पीडितहरू आपराधिक गतिविधिका संलग्न भएको आशंकामा प्रहरीले सोधपुछका क्रममा  यातना दिने गरेको भन्ने कुरा प्राप्त तथ्याङ्कहरूको विश्लेषणबाट प्रष्ट हुन्छ ।

यातना विरूद्धको सहकार्यमा जुटेका नागरिक समाजका संघसंस्थाहरूले यस अन्तर्राष्ट्रिय दिवसको अवसरमा "यातनाः गम्भीर फौजदारी अपराध" नामक प्रतिवेदन सार्वजनिक गरेका छौं । यस प्रतिवेदनमा नेपालमा जारी यातनासम्बन्धी विभिन्न सवालहरूमाथि केन्द्रित रहदै यातनाको समस्यालाई समाधान गर्न आवश्यक एक बृहत कानुनको खाका तयार गरी प्रस्तुत गर्ने जमर्को गरिएको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय विशेषज्ञहरू र नेपालको नागरिक समाजको अनुभवको प्रतिफल यो नमूना कानुन यातनालाई अपराधिकरण गर्ने कानुन निमार्णमा सरकारलाई मार्गनिर्देश गर्ने कुरामा दुईमत छैन ।

यस प्रतिवेदनले नेपालमा यातनालाई अझैसम्म पनि फौजदारी कसूर मानिएको छैन भन्ने तथ्यको पनि उजागर गर्दछ। नेपालको अन्तरिम संविधानले यातनालाई फौजदारी कसूरको रूपमा स्थापित गरेता पनि पीडिकलाई उचित अभियोजन गर्ने स्पष्ट निर्देशिका भने प्रस्तुत गरेको छैन।

नेपाल सरकारले यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक दूर्व्यवहार वा सजाय विरूद्धको महासन्धिलाई अनुमोदन गरेको झण्डै अठार बर्ष भैसक्दा पनि र यातना र मानव अधिकार हननका विरूद्ध कडा कदम चाल्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूले बारम्बार आग्रह गरे पनि सरकारले त्यसलाई वेवास्ता गरेको तथ्य त सर्वविदितै छ । फौजदारी न्याय प्रणालीका प्रमूख सरोकारवालाहरू यस समस्यालाई समाधान गर्न इच्छुक छन तर उनीहरूको प्रयासले मात्रै यातना दिने परिपाटीलाई समाप्त गर्न सकिदैन भन्ने हाम्रो ठहर पनि छ। त्यसैले व्यवस्थापिका संसदले रचनात्मक प्रणालीको विकास गरी यातनालाई फौजदारी कसूर ठहर गर्ने, यातनाका आरोपहरूमाथि अनुसन्धान गर्ने एक संयन्त्रको निमार्ण गर्ने र पीडितलाई पूर्ण पुनर्लाभ प्रदान गर्ने बृहत कानुनी मार्गर्निदेशनका व्यवस्था गर्ने तथा दण्डहीनताको अन्त्य गरी जन आन्दोलनको म्याण्डेट पूरा गर्ने घडि आएको छ भन्ने हामीलाई लाग्दछ। यस अवसरमा हामीले सरकारलाई निम्नलिखित कार्यहरू गर्न आवह्नान गर्दछौ

व्यवस्थापिकाबाट प्रजातान्त्रिक मूल्यमान्यताहरूलाई अँगाल्दै यातनालाई अपराधीकरण गर्ने प्रक्रियाको शुरूवात गनुपर्ने

यातनाविरूद्धको महासन्धिको ऐच्छिक आलेखलाई शीघ्र अनुमोदन गर्नुपर्ने

यातना दिने कार्यविरूद्ध अनुसन्धान गर्न एक स्वतन्त्र राष्ट्रिय अनुगमन संयन्त्र निमार्ण गर्नुपर्ने ।

**मानव अधिकारको सम्मान गर्न आयोगको आग्रह**

नेपालगंज/२०६५ साउन १५ गते,
नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलमा तल्लो दर्जाका प्रहरीहरू माथि भएको भनिएको यातना, विभेद र दुर्व्यवहारसम्बन्धी आयोगमा पर्न आएका उजुरीहरूप्रति राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

आयोगले प्रहरी सङ्गठनभित्र भइरहेका समस्याहरूका बारेमा गत माघदेखि नै विभिन्न अनुगमन/अनुसन्धान टोलीहरू खटाई बाँके, दाङ तथा सुर्खेतस्थित सुरक्षा निकायमा कार्यरत सुरक्षा निकायका प्रमुखहरू एवम् तल्लो दर्जाका प्रहरीहरूसँग सोधपुछ गरी त्यहाँ भइरहेका मानव अधिकारसम्बन्धी गतिविधिहरूका बारेमा आवश्यक जानकारी लिदैंआएको थियो । अनुगमनमा प्राप्त तथ्य अनुसार तल्लो दर्जाका प्रहरीहरू माथि मानव अधिकार सम्मत व्यवहार गर्न एवम् मानव अधिकारसम्बन्धी बिषयहरूलाई तत्काल सम्बोधन गर्न आयोगले त्यहाँ कार्यरत सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन समेत दिएको थियो ।

उल्लिखित उजुरीसँग मिल्दोजुल्दो बिषयहरूलाई लिएर बाँके जिल्लाको समसेरगञ्जमा गत असार ७ गते र नेपालगञ्जमा असार २८ गते भएको प्रहरी बलभित्र विद्रोहका रूपमा असन्तुष्टि सार्वजनिक भएका थिए, जसलाई आयोगले नजिकबाट अनुगमन गरेको छ । समसेरगञ्जको घटनामा नेपाल सरकारका अख्तियारप्राप्त अधिकारी तथा प्रहरी बलका उच्चपदस्थ अधिकृतहरूले मानव अधिकारकर्मी, सञ्चारकर्मी तथा राष्ट्रिय मानव अधिकार आयोगको टोली समेतको रोहबरमा आन्दोलनकारीहरूका मागप्रति सहमति जनाई फर्केका थिए । त्यसको करिब ३ हप्ता पछि सङ्गठनमा विद्रोह गरेको आरोपमा केही प्रहरीहरूलाई कारबाही प्रक्रिया सुरू गरिएको छ । आरोपित प्रहरीहरूलाई अझैसम्म पनि परिवारसँग सम्पर्क गर्न नदिइएको, तीमध्येका एक प्रहरीकी पत्नीलाई विद्रोहीकी श्रीमती भनी मानसिक यातना तथा धम्की दिएको लगायतका घटनाहरूले मानव अधिकारका न्युनतम मापदण्डहरू समेत कुण्ठित भएका छन् ।

यसै सन्दर्भमा यस्ता प्रकृतिका समस्याबाट हुनसक्ने शान्ति सुरक्षामा संवेदनशीलता र मानव अधिकार उल्लङ्घनलाई रोकथाम गर्न आयोगले गत असार २९ गते नेपाल सरकारलाई गरेको सिफारिस पुनःस्मरण गराइन्छ-

- प्रहरी सेवाका विभिन्न तहका कर्मचारीहरूबीच विद्यमान भेदभावको स्थिति र अनियमितता सम्बन्धी सत्यतथ्य पत्ता लगाई त्यसलाई हटाउने सम्बन्धमा छलफल लगायतका शान्तिपूर्ण प्रकृया अवलम्बन गर्नु पर्ने,
- कुनै पनि खालको अत्यधिक शक्ति(Excessive Force) प्रयोग नगरी शान्तिपूर्ण वातावरण बनाउन तथा जीउज्यान र सम्पतिको नोक्सानी नहुने अवस्था सिर्जना गर्नु पर्ने,
- प्रहरी सङ्गठनमा अनुशासन र 'चेन अफ कमान्ड' (Chain of Command) पनि महत्वपूर्ण हुने भएकाले सो कायम गर्ने सम्बन्धमा कानुनी प्रक्रिया अवलम्बन गर्ने ।

अतः प्रहरी सङ्गठनमा अनुशासन महत्वपूर्ण हुने भएकाले त्यसलाई कायम गर्न, सङ्गठनभित्र भएको भनिएका मानव अधिकार विरोधी गतिविधि रोक्न, तथा समसेरगञ्जमा गरिएको सहमतिमा उल्लिखित मानव अधिकारसँग सम्बन्धित अन्य सवालहरूलाई तत्काल सम्बोधन गर्न राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धित पक्षहरूको पुनः ध्यानाकर्षण गराउँदछ । (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक )

## अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसका अवसरमा राष्ट्रिय मानव अधिकार आयोगबाट जारी गरिएकोजातीय विभेद विरूद्धका कानुनलाई व्यवहारमा लागू गर्न आयोगको आग्रह

ललितपुर/२०६४ चैत्र ७ गते,

राष्ट्रिय मानव अधिकार आयोग अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवस (मार्च २१) अवसरमा जातीय विविधताले भरिपूर्ण नेपालमा सबै जातजातिलाई सम्मान गर्न र सबैको प्रतिष्ठा समान भएको कुरा सम्बद्ध पक्षलाई पुनः स्मरण गराउन चाहन्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १ मा 'सबै जन्मजात स्वतन्त्र छन् र ती सबैको समान प्रतिष्ठा र अधिकार छन्' भन्ने उल्लेख छ। यस महान् दिनलाई सफल पार्न 'जातीय विभेद उन्मूलनका लागि न्याय र प्रतिष्ठा' यस वर्षको अन्तर्राष्ट्रिय नारा तय गरिएको छ।

नेपालले 'सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५' लाई बिना कुनै सर्त १९७१ मा अनुमोदन गरिसकेको छ। त्यस्तै नेपालको अन्तरिम संविधान २०६३ को धारा १४ मा छुवाछुत तथा जातीय भेदभाव विरूद्धको हकलाई पहिलो पटक मौलिक हकका रूपमा व्यवस्था गरिएको छ । संविधानको धारा १४ को उपधारा (१) मा 'कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्वारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउनेछ' भन्ने उल्लेख छ।

नेपाललाई छुवाछूत मुक्त राष्ट्र घोषणा गरिएको छ साथै संविधान र कानुनमा जातीय आधारमा गरिने कुनै पनि विभेदलाई कानुनद्वारा दण्डनीय बनाइएको छ। तर सम्बद्ध पक्षहरू ती वैधानिक प्रावधानहरूलाई व्यवहारमा गर्न वा गराउन प्रतिबद्ध देखिएका छैनन्। आज एक्काइसौ सताब्दीमा पनि जातीय र अन्य आधारमा मानव-मानवबीच विभेद गर्नु मानवीय प्रतिष्ठा विरूद्धको कार्य मात्र होइन, समग्र मानवताकै लागि कलङ्क हो । यसप्रति राष्ट्रिय मानव अधिकार आयोग गम्भीर चासो र चिन्ता व्यक्त गर्दछ।

नजिकिंदो संविधान सभा निर्वाचनमा जातीय विभेद विरूद्धको अजेन्डाले प्राथमिकता पाउन जरूरी छ। साथै बिना कुनै भेदभाव सबै जातजातीको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुन जरूरी छ। कानुनी प्रावधानलाई व्यवहारमा रूपान्तरण गर्न तथा जातीय लगायत सबै प्रकारका भेदभाव अन्त्यका लागि विशेष व्यवस्था लागू गर्न राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकार लाई आग्रह गर्दछ । साथै, 'हरेक मानवमा समान प्रतिष्ठा छ' भन्ने भावनालाई आत्मसात गर्न राजनीतिक दल, नागरिक समाज र सम्बद्ध सबै पक्षलाई आयोग हार्दिक आग्रह गर्दछ। (भानुभक्त आचार्य, प्रबर्द्धन अधिकृत)

**राष्ट्रिय मानव अधिकार आयोग**

**अपाङ्ग, आप्रवासी कामदार, आदिवासी जनजाती, अल्पसंख्यकहरूको अधिकार सम्बन्धी**

**अभूतपूर्व धार्मिक, साम्प्रदायिक, सामाजिक तथा राजनीतिक सद्भाव प्रर्दशन गर्दै एकजुट हुन सम्पूर्ण जात, धर्म र सम्प्रदायका मानिसहरूसँग आग्रह**
नेपालगञ्ज/ २०६४, असोज १० गते,

राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको क्षेत्रीय निर्देशक सहितको एक टोलीले असोज ३ गते यता दाङ जिल्लामा भएका आगजनी, तोडफोड, लुटपाट तथा मुस्लिम समुदायको विस्थापनको सम्बन्धमा दाङको लमही, भगवानपुर, घोराही तथा तुल्सीपुरको स्थलगत अनुगमन गरेको छ। कपिलवस्तुको घटनालाई लिएर दाङमा समेत भड्काउन खोजिएको साम्प्रदायिक सद्भावलाई आयोगले गम्भीरतापूर्वक लिएको छ। भगवानपुर, लमही र तुलसीपुरमा भएको अपराधिक घटनाहरूबाट विस्थापित भएका मुस्लिम समुदायका ८९१ व्यक्ति मध्ये ६२१ व्यक्ति घर तथा सुरक्षित स्थान तर्फ फर्किसकेका (त्यसमध्ये २२० जना भारततर्फ) र लमहीको मदरसा तथा मस्जिदमा ६५ व्यक्ति, तुल्सीपुरको १९ नं बाहीनी अर्न्तरगत एयरर्पोट व्यारेकमा १२५ व्यक्ति र तुल्सीपुर कै नेपाल खाद्य संस्थानको गोदाममा ८० व्यक्ति गरी जम्मा २७० जना विस्थापित व्यक्तिहरूसंग आयोगको टोलीले भेटघाट गरी घटनाको सम्बन्धमा र तत्कालीन समस्याहरूको सम्बन्धमा जानकारी लिई स्थानिय प्रशासनलाई निजहरूको सुरक्षा, स्वास्थ्य उपचार, खानपान तथा पुनर्स्थापन सम्बन्धमा आवश्यक निर्देशन दिएको छ।

घटनाको पुर्वाभास हुनु अघि नै स्थानीय प्रहरी र प्रशासनलाई जानकारी गराउँदा गराउदै पनि प्रहरीहरू सामान्यस्थितिलाई नियन्त्रणमा लिन अग्रसर नहुनु , प्रहरी कै अगाडी तोडफोड र लुटपाट हुँदा पनि प्रहरी मुकदर्शक भएर रहिरहनु, लुटिएको सम्पतिहरू रहेको सम्भावित स्थानहरूको बारे प्रहरीलाई जानकारी गराउँदा पनि ति स्थानहरूबाट हालसम्म सामान कब्जामा लिने प्रयास नगरिनु , स्थानीय प्रशासन र प्रहरी बीच प्रभावकारी समन्वयको स्थिति अझै पनि नदेखिनु, घटनामा दोषी भनी पक्राउ गरिएका ४६ जना मध्ये अधिकांशलाई निर्दोष भनी छाड्नु र वास्तविक दोषीको पहिचान गरी कानुनी कारवाहीको दायरा भित्र ल्याउन नसक्नु जस्ता घटनाहरूबाट दण्डहिनताको स्थितिले प्रश्रय पाउने तथा मानिसहरूको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार नै कुण्ठित हुने हुँदा यसतर्फ गम्भीर रहन र कानुनी राज्यको अवधारणालाई आत्मसात गर्न तथा पीडितहरूलाई उचित क्षतिपुर्ति दिन, पीडितहरूलाई पुनस्थापित गराउन आयोग नेपाल सरकार समक्ष अनुरोध गर्दछ।

साथै यस्ताखाले मानवता विरोधी गतिविधि जुनसुकै व्यक्ति वा समूहबाट भएको भएतापनि उसको कुनै जात, धर्म, सम्प्रदाय वा आस्था नहुने हुँदा त्यस्ता प्रवृत्तिका व्यक्ति वा समूह उपर कानुनी कारवाहीको लागि अभूतपूर्व धार्मिक, साम्प्रदायिक, सामाजिक तथा राजनीतिक सद्भाव प्रर्दशन गर्दै एकजुट हुन समेत आयोग सम्पूर्ण जात, धर्म र सम्प्रदायका मानिसहरूसंग आग्रह गर्दछ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक )

**अपाङ्गता भएका व्यक्तिहरूको १८ औं अन्तर्राष्ट्रिय दिवस, यूएन्सिआरपीडीलाई अनुमोदन र कार्यान्वयन गर्न आग्रह**

ललितपुर/२०६६ मंसिर १८ गते,

राष्ट्रिय मानव अधिकार आयोगलगायत विभिन्न सरोकारवाला संघसंस्थाहरूले 'अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको प्रत्याभूति, सहस्राब्दी विकास लक्षमा हुनुपर्छ यसको अनुभूति' भन्ने सन्देशका साथ अपाङ्गता भएका व्यक्तिहरूको १८औं अन्तर्राष्ट्रिय दिवस मनाइरहेका छन् । अपाङ्गता भएका व्यक्तिको मानव अधिकार प्रवर्द्धन गर्न संयुक्त राष्ट्र संघको आह्वानमा सन् १९९२ देखि यो दिवस मनाउन थालिएको हो । यो अभियानमा राष्ट्रसंघीय निकायका अतिरिक्त अन्तर्राष्ट्रिय संस्थाहरू, सरकारहरू, गैरसरकारी संघसंस्था र नागरिक समाजका विभिन्न तहहरू जुटेका छन् ।

यसै सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोग मध्यमाञ्चल क्षेत्रीय कार्यालय, जनकपुर र नेपाल अपाङ्ग संघ, धनुषाको संयुक्त आयोजनामा 'मानव अधिकार तथा अपाङ्गता भएका व्यक्तिहरू अधिकार' विषयक अन्तरक्रिया सम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथिको रूपमा बोल्दै आयोगका सदस्य रामनगीना सिंहले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (आईसिआरपिडी) अनुमोदन गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई आग्रह गर्नुभयो । नेपाल अपाङ्ग संघ, धनुषाका संस्थापन अध्यक्षसमेत रहनु भएका सदस्य सिंहले भन्नुभयो, 'राष्ट्रियमानव अधिकार आयोगले अब बन्ने संविधान मानव अधिकारमैत्री हुनुपर्छ भन्ने कुरामा विशेष जोड दिइरहेकाले त्यस्तो संविधानले अपाङ्गता भएका व्यक्तिहरूलाई समेत न्याय गर्न सक्ने छ ।' कार्यक्रममा धनुषा जिल्लामा रहेका सरकारी निकाय, गैरसरकारी संघसंस्था, सुरक्षाकर्मी, अपाङ्गतासम्बन्धी संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो ।(वेद भट्टराई, निर्देशक)

**तिब्बती शरणार्थीहरूको प्रदर्शनलाई दमन नगर्न आयोगको आग्रह**

ललितपुर/२०६४ चैत १२ गते,

विगत सप्ताह तिब्बतको राजधानी ल्हासामा भएको हिंसात्मक प्रदर्शन पाथि त्यहाका सूर क्षाकर्मीहरूले गरेको दमनको कुरा विश्वचर्चाको विषय बनेको छ । यसै विषयलाई लिएर नेपालमा बस्दैआएका तिब्बती शरणार्थीहरूले संयुक्त राष्ट्रसंघ बिकास परियोजना परिसर बाहिर केहि दिन देखि गर्दै आएका विरोध प्रदर्शनीहरूमा प्रहरीले गरेको हस्तक्षेप र कार्यबाही प्रति राष्ट्रिय मानव अधिकार आयोगको गंभिर ध्यानाकर्षण भएको छ । यस्का साथसाथै हिजो मितिः२०६४ चैत ११ मा यस विषयलाई लिएर आफ्नो विरोध प्रदर्शन गर्न खोजेका राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य सुशिल प्याकुरेल लगायतका मानव अधिकार रक्षकहरूको कार्यक्रममा प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरेकोमा आयोगको ध्यानाकर्षण भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग शान्तिपूर्ण रूपमा आफ्नो हक अधिकारको विषयलाई लिएर संगठन गर्न पाउने, सभा जुलुशमा भाग लिन पाउने र बिरोध कार्यक्रमहरू आयोजना गर्न पाउने अधिकारको सम्मानको पक्ष रहेको सर्वविदितै छ । त्यसकारण त्यस्ता कार्यक्रमहरूमा कुनै पनि

किसिमको बलयुक्त हस्तक्षेप गर्ने र त्यस्मा संलग्न मानिसहरूलाई गिरफ्तार गर्ने कार्यको भर्त्सना गर्दछ । साथसाथै आफ्ना मागहरू पूरा गर्न गरिने कुनै पनि खाले हिंसात्मक आन्दोलन र त्यसलाई समर्थन गर्ने कामप्रति पनि आयोग विमति प्रकट गर्दछ । अतः नेपालमा बसोबास गर्दै आएका तिब्बति शरणाथीहरूलाई शरण लिएका राष्ट्र ९ज्यकत ऋयगलतचथ० को कानुनलाई सम्मान गर्न र सरकारलाई पनि आफ्नो देशमा रहेका शरणार्थीहरूको अधिकारको सम्मान गर्न हार्दिक आह्वान गर्दछ । (विशाल खनाल, सचिब )

## विशेष गतिविधि सम्बन्धी

## आयोगहरूको एसिया-प्रशान्त बैठकमा नेपाल सहभागी, मानव अधिकारमैत्री संविधान निर्माण आयोगको मुख्य  प्राथमिकता

ललितपुर/२०६५ साउन २० गते,
एसिया-प्रशान्त क्षेत्रको मानव अधिकारको अवस्था सुदृढ गर्ने तथा दण्डहीनतालाई अन्त्य गर्ने सामूहिक प्रतिबद्धता जनाउँदै मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको १३औं वार्षिक सम्मेलन मलेसियाको राजधानी क्वालालम्पुरमा सम्पन्न भएको छ । गत साउन १३ देखि १६ गतेसम्म चलेको उक्त सम्मेलनमा नेपाल लगायत १७ देशका राष्ट्रिय मानव अधिकार आयोगहरू, राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालय, विभिन्न देशका सरकार एवम् संसदका प्रतिनिधिहरू तथा क्षेत्रीय र राष्ट्रिय गैरसरकारी संस्थाहरू सहभागी थिए ।

सम्मेलनलाई सम्बोधन गर्दै राष्ट्रिय मानव अधिकार आयोग, नेपालका अध्यक्ष केदारनाथ उपाध्यायले सशस्त्र द्वन्द्वको एक दशक लामो अवस्था पार गर्दै नेपाल शान्ति सम्झौता, संविधान सभा निर्वाचन र गणतन्त्र कार्यान्वयनमार्फत् नयाँ नेपालको निर्माणमा जुटेको र अहिले मानव अधिकारको अवस्था तुलनात्मक रूपमा सुध्रिएको बताउनु भयो । अध्यक्ष उपाध्यायले भन्नुभयो, 'राष्ट्रिय मानव अधिकार आयोगको मुख्य प्राथमिकता संविधान सभाबाट बन्न लागेको नयाँ संविधानलाई मानव अधिकारमैत्री बनाउनु हो । त्यसैगरी यातना विरूद्धको महासन्धिको ऐच्छिक आलेखलाई अनुमोदन गर्न नेपाल सरकारलाई आग्रह गरिने छ ।' उहाँले आयोगका सिफारिसहरू कार्यान्वयन गर्न नेपाल सरकारले पर्याप्त चासो नदेखाएको, बेचबिखनबाट पीडित भएकाहरूलाई सरकारको तर्फबाट पूनर्वास तथा सामाजिक एकीकरणको व्यवस्था नगरेको सम्बन्धमा पनि मञ्चको ध्यानाकर्षण गराउनु भएको थियो ।

सम्मेलनमा सदस्य देशहरूमा मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्न राष्ट्रिय मानव अधिकार आयोगहरूको भूमिका प्रभावकारी बनाउने, मानव अधिकार संरक्षण गर्न क्षेत्रीय संयन्त्रको विकास गर्ने, मृत्युदण्डलाई विश्वव्यापी उन्मूलन गर्ने, आदिवासी तथा अल्पसङ्ख्यक जनजातिका अधिकारका सम्बन्धमा यो वर्ष विशेष कार्यक्रम सञ्चालन गर्ने, सदस्य देशहरूमा भइरहेको मानव बेचबिखनलाई रोक्ने लगायतका विषयमा छलफल भएको थियो ।

एसिया-प्रशान्त मञ्चमा यस क्षेत्रका १४ देशहरू नेपाल, अस्ट्रेलिया, अफगानिस्तान, भारत, इन्डोनेसिया, जोर्डन, मलेसिया, मङ्गोलिया, न्युजिल्यान्ड, फिलिपिन्स, दक्षिण कोरिया, श्रीलङ्का, थाइल्यान्ड र पूर्वी टिमोर पूर्ण सदस्य छन् । त्यस्तै तीन देशहरू इरान, कतार र प्यालेस्टाइनले एसोसिएट सदस्यको दर्जा पाएका छन् । आयोजक राष्ट्रको अध्यक्षतामा सम्मेलन सञ्चालन हुने प्रचलन अनुरूप सम्मेलनको अध्यक्षता मलेसियाको राष्ट्रिय मानव अधिकार आयोग (सुखाम) का अध्यक्ष तान श्री अबु तालिब ओट्म्यान (Tan Sri Abu Talib Othman) ले गर्नुभएको थियो । आगामी सम्मेलन एसियाली राष्ट्र जोर्डनमा हुनेछ ।

राष्ट्रिय मानव अधिकार आयोग, नेपालका तर्फबाट आयोगका अध्यक्षका साथै सदस्य रामनगीना सिंह र सचिब विशाल खनाल यो सम्मेलनमा सहभागी हुनुहुन्थ्यो । ( पद्मा माथेमा, निमित्त सचिब)

## अधिकारकर्मी सिवाकोटीको निधनमा आयोगको समवेदना

ललितपुर/२०६५ कार्तिक २० गते,

लामो समयदेखि बिरामी अवस्थामा रहनु भएका वरिष्ठ मानव अधिकारकर्मी तथा पत्रकार कृष्णप्रसाद शिवाकोटीको हिजो निधन भएको खबरले हामीलाई गहिरो दुःख पुगेको छ । निरङ्कुश पञ्चायत कालका अँध्यारा दिनहरू र खासगरी जनआन्दोलन भाग-१ को दौरान उहाँले मानव अधिकार संरक्षण मञ्च मार्फत् मानव अधिकार र लोकतन्त्रको पक्षमा खेल्नु भएको भूमिका स्मरणीय छ । उहाँको निधनले देशको मानव अधिकार आन्दोलनले एक सच्चा रक्षक गुमाएको छ । उहाँको आत्माको चीर-शान्तिको कामना गर्दै राष्ट्रिय मानव अधिकार आयोग उहाँलाई हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ साथै शोकसन्तप्त परिवारमा आयोग हार्दिक समवेदना व्यक्त गर्दछ । (विशाल खनाल, सचिब)

## राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्रधानमन्त्रीलाई स्मरणपत्र

ललितपुर/२०६५ माघ ५ गते,

राष्ट्रिय मानव अधिकार आयोगले प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटी मानव अधिकारका विभिन्न विषयमा आयोगका चासोहरू उल्लेख भएको स्मरणपत्र बुझाएको छ । आयोगका पदाधिकारीहरूले प्रधानमन्त्रीको कार्यालय सिंहदरबारमा आज प्रधानमन्त्रीलाई स्मरणपत्र बुझाउँदै आयोगले हाल सामना गर्नु परेका चुनौतीहरू तथा वर्तमान मानव अधिकारको अवस्थाबारेमा जानकारी गराउनु भएको हो । स्मरणपत्रमा आयोगले वर्तमान मानव अधिकार अवस्था निराशाजनक रहेको जनाइएको र मुख्यतः तराई क्षेत्रमा दिनानुदिन मानव अधिकार उल्लङ्घनका गतिविधिहरू भइरहेको उल्लेख छ । त्यसैगरी मुलुकमा विद्यमान दण्डहीनताको स्थितिले मानव अधिकार संरक्षणमा गम्भीर चुनौती

खडा गरेकाले मौजुदा कानुन कार्यान्वयन गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन कुनै किसिमको विलम्ब गर्न नहुने कुरा स्मरण गराइएको छ ।

आयोगको स्मरणपत्र बुझ्दै प्रधानमन्त्री पुष्पकमल दाहालले वर्तमान सरकार लोकतन्त्र, मानव अधिकार र विधिको शासनप्रति प्रतिवद्ध रहेको र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न प्रयासरत रहेको बताउनु भयो । उहाँले मानव अधिकारसँग सम्बन्धित विषयहरूमा आयोगको नियमित परामर्श लिइने, राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालय लगायत नेपालमा रहेका मानव अधिकारसम्बन्धी विभिन्न सङ्घसंस्थाहरूलाई नेपालमा राख्ने/नराख्ने सम्बन्धमा, साथै विभिन्न दातृनिकायहरूसँग मानव अधिकारसँग सम्बन्धित विषयमा सम्झौता गर्दा आयोगसँग परामर्श गरेर मात्र निर्णय लिइने जानकारी दिनुभयो । प्रधानमन्त्रीले शान्तिसुरक्षाको अवस्था सुधार्न तीनमहिने विशेष अभियान सञ्चालन गर्न लागिएको जानकारी समेत दिनुभयो ।

प्रधानमन्त्रीसँगको भेटमा आयोगका पदाधिकारीहरूले आयोगका सिफारिस कार्यान्वयन गर्न सरकारले उच्च प्राथमिकता दिनु पर्ने र आयोगको सिफारिस बमोजिम पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारबाही गरिनु पर्ने कुरामा प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनु भयो । त्यस्तै आयोग पदाधिकारीले मानव अधिकारसँग सम्बन्धित विधेयकहरू व्यवस्थापिका संसदमा पेस गर्नुपूर्व आयोगसँग परामर्श लिइनु पर्ने, नेपालपक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकार संन्धिसम्झौताको प्रतिवेदन पठाउनुअघि अनिवार्य रूपमा आयोगसँग परामर्श गरिनु पर्ने लगायतका सुझावहरू नेपाल सरकारलाई दिनुभयो ।

स्मरणपत्रमा दण्डहीनताको अन्त्यका लागि सुरक्षा निकायको सुदृढीकरणमा विशेष जोड दिइनु पर्ने, मानव अधिकार ल्लङ्घनमा दोषी पाइएकालाई कुनै किसिमको राजनीतिक संरक्षण दिन नहुने, मानव अधिकारको गम्भीर उल्लङ्घनमा संलग्न व्यक्तिउपर भएका मुद्दाहरू फिर्ता लिन नहुने लगायतका सुझावहरू दिइएका छन् । साथै, द्वन्द्वका क्रममा बेपत्ता भएकाहरूको यथार्थ स्थिति सार्वजनिक गरी पीडित वा तिनका परिवारलाई सरकारले आवश्यक राहत प्रदान गर्नुपर्ने, विस्थापित व्यक्तिलाई पूर्ववर्ती स्थानमा पुनःस्थापना गर्नु पर्ने सुझावहरू स्मरणपत्रमा छन् । मरणपत्र बुझाउने क्रममा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगीना सिंह, गौरी प्रधान, डा. लीला पाठक, डा. के.बी. रोकाया र सचिब विशाल खनाल उपस्थित हुनुहुन्थ्यो । त्यसैगरी नेपाल सरकारका मुख्य सचिब डा. भोजराज घिमिरे, कानुन सचिब माधव पौडेल, प्रधानमन्त्रीको कार्यालयका सचिब प्रतापकुमार पाठक, प्रधानमन्त्रीको कार्यालयका सहसचिब प्रमोदकुमार कार्की समेतको उपस्थिति थियो । (विशाल खनाल, सचिब)

## आयोग र ओएचसिएचआरबीच सहकार्यसम्बन्धी मार्गनिर्देशनमा हस्ताक्षर

ललितपुर/२०६५ फागुन ९ गते,
राष्ट्रिय मानव अधिकार आयोग नेपाल र संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार उच्चायुक्तको

नेपाल कार्यालय (ओएचसिएचआर नेपाल) ले आज शुक्रबार दुई संस्थाहरूबीचको सहकार्यसम्बन्धी मार्गनिर्देशन मा हस्ताक्षर गरेका छन् । आयोगका तर्फबाट सचिब विशाल खनाल र ओएचसिएचआरका तर्फबाट रिचार्ड बेनेटले हस्ताक्षर गर्नुभयो ।

हस्ताक्षर कार्यक्रममा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले भन्नुभयो, 'आयोग, ओएचसिएचआर र नागरिक समाजबीचको सहकार्यले नेपालमा मानव अधिकारको अवस्था सुदृढ गर्न मद्दत गर्नेछ । यो ओएचसिएचआर र आयोगबीच भइरहेको सुसम्बन्धको निरन्तरता हो ।' कार्यक्रममा आयोगका सदस्य गौरी प्रधानले सहकार्यसम्बन्धी मार्गनिर्देशन पढेर सुनाउनु भयो ।

यो मार्गनिर्देशनले आयोग र ओएचसिएचआर-नेपालबीचको निरन्तर र उच्च सहकार्यका लागि प्रारूप तयार पारेको छ । मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि नेपालको अन्तरिम संविधानमा संवैधानिक निकायका रूपमा आयोगको भूमिका उल्लेख गरिएको छ भने नेपाल सर कारसँगको सम्झौतामा ओएचसिएचआर-नेपालको कार्यादेश उल्लेख छ । विभिन्न सीप, ज्ञान र अनुभवहरूमा आधारित भएर यो मार्गनिर्देशनले नेपालको मानव अधिकार सुदृढ पार्न आयोग र उच्चायुक्तको कार्यालय-नेपालबीचको सहयोगी सम्बन्धलाई थप सुदृढ पार्नेछ । आपसी सहकार्यका मुख्य क्षेत्रहरूमा सूचनामूलक तथा शैक्षिक सामग्रीहरूको प्रचारप्रसार गर्ने साथै सभासद्, सरकार, कानुन कार्यान्वयन अधिकारी, नागरिक समाजका सदस्य, मानव अधिकार रक्षक र आयोगका कर्मचारीहरूलाई तालिम-गोष्ठीको आयोजना गर्ने लगायतका गतिविधिहरू यी संस्थाहरूले संयुक्त रूपमा गर्नेछन् । मानव अधिकारको उद्देश्य प्राप्तिका लागि आयोग र उच्चायुक्तको कार्यालय-नेपाल दुवैले नागरिक समाजको निकटमा रहेर सक्रिय रूपमा कार्यहरू गर्नेछन् ।

ओएचसिएचआर नेपालले आफ्नो कार्यादेशमा भएअनुसार नेपालको मानव अधिकार अवस् थाको नियमित अनुगमन गर्नेछ र विगत चार वर्षमा आफूले अनुसन्धान गर्दै आएका घटनाहरूको अनुगमन गर्नेछ । तर, मानव अधिकार उल्लङ्घनसम्बन्धी नयाँ उजुरीहरूलाई आयोगमा पठाउने छ । मानव अधिकार प्रवर्द्धन र संरक्षण गर्दै दण्डहीनताको अन्त्य गर्न यी दुई संस्थाहरूले राष्ट्रिय र क्षेत्रीय स्तरमा आपसी सहकार्यका लागि नियमित रूपमा बैठक र छलफलहरू गर्नेछन् । कार्यक्रममा आयोगका सदस्यहरू रामनगीना सिंह, डा. लीला पाठक, ओएचसिएचआर का उपप्रमुख ज्योति सांघेरा, विभागीय प्रमुखहरू, सञ्चारकर्मी लगायतको उपस्थिति थियो । (विशाल खनाल, सचिब)

## थैव हत्याका आरोपित आयोगमा नआएको स्पष्टोक्ति

ललितपुर/२०६५ चैत्र २७ गते,
प्रचण्ड थैवको हत्याका आरोपित सुजित विक आयोग परिसरबाट भागेको वा निजलाई भगाइएको भन्ने आसयका समाचारहरू विभिन्न सञ्चारमाध्यमबाट प्रकाशन/प्रसारण भएकोमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आरोपित सुजित विक हालसम्म

**राष्ट्रिय मानव अधिकार आयोग**

आयोगमा उपस्थित नभएकाले यहाँबाट भाग्ने वा भगाउने सवालै उठ्दैन । साथै, कुनै आरोपित व्यक्तिलाई कानुनी दायराबाट उम्कन दिने वा भगाउने कार्यमा आयोग संलग्न रहँदैन । निज सुजीत विकलाई 'आयोगमार्फत् प्रहरीमा बुझाउने' भनी एकीकृत नेकपा (माओवादी) को तर्फबाट संविधान सभा/संसदमा व्यक्त कुराहरूको सम्बन्धमा आयोगलाई कुनै औपचारिक जानकारी छैन ।

आयोगसम्बन्धी समाचार प्रकाशन/प्रसारण गर्नुपूर्व आयोगमा सम्पर्क गरी सूचनाको वास्तविकता पुष्टि गर्नुहुन समेत सबै सञ्चारमाध्यमलाई आयोग अनुरोध गर्दछ । (विशाल खनाल, सचिव)

**संवाद र सहमतिबाट निकास निकाल्न आग्रह**

ललितपुर/२०६६ वैसाख २१ गते,

राष्ट्रिय सुरक्षाको संवेदनशील क्षेत्र नेपाली सेनाको प्रधान सेनापतिसम्बन्धी विवादले देशको राजनीतिक क्षेत्रमा देखिएको असहज परिस्थितिले राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । यसले विस्तृत शान्तिसम्झौता, नेपालको अन्तरिम संविधान २०६३ र जनआन्दोलनको उपलब्धिलाई संस्थागत गर्ने दिशामा गम्भीर अवरोध पुगेको छ। यस परिस्थितिले जनताको जीविका, मानव अधिकार र शान्ति सुरक्षामा दीर्घकालीन असर पार्न सक्ने सम्भावना छ । यस अवस्थामा संविधान र कानुनलाई आ-आफ्नो राजनीतिक स्वार्थको पक्षमा व्याख्या-विश्लेषण नगरी वृहत्तर राष्ट्रिय हितका निम्ति उपयोग गर्नु जरूरी छ ।

तसर्थ, विस्तृत शान्ति सम्झौतालाई पूर्ण रूपमा कार्यान्वयन गर्न, घोषित समय तालिका अनुसार संविधान बनाउन तथा समस्त नेपालीको मानव अधिकारको सम्मान र संरक्षण गर्न, संवाद र सहमतिको माध्यमबाट विद्यमान सङ्कटको निकास निकाल्न राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धित पक्षहरूलाई हार्दिक आव्हान गर्दछ । (विशाल खनाल, सचिव)

**शान्ति सम्झौताको पूर्ण पालना गर्न आयोगको आग्रह**

ललितपुर/२०६६ वैसाख २३ गते,

एकीकृत नेकपा (माओवादी) को जिल्ला संगठन रामेछापले पाँच दिनभित्र अन्य राजनीतिक दलका नेता कार्यकर्तालाई 'पाँच दिनभित्र गाउँ तथा सहर छाड्न नत्र कारबाहीको सामना गर्न' हिजो प्रेस विज्ञप्ति जारी गरेको तथा हिजै एकीकृत नेकपा (माओवादी) को भ्रातृसङ्गठन वाईसीएलले समाचार प्रसारणको विषयलाई लिएर इमेज टेलिभिजनमा अवरोध गर्ने प्रयास गरेको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस सम्बन्धमा आयोगले आजै रामेछापका प्रमुख जिल्ला अधिकारी, एकीकृत नेकपा (माओवादी) रामेछापका सभासद्, स्थानीय मानव अधिकारकर्मी लगायतका व्यक्तिहरूसँग सम्पर्क गरी विभिन्न सूचना तथा जानकारीहरू सङ्कलन गरेको छ । साथै, रामेछाप जिल्लाको मानव अधिकार अवस्थाको अनुगमन गर्न आजै आयोगको टोली त्यसतर्फ प्रस्थान गरिसकेको छ ।

यस प्रकारका गतिविधिले मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा ३, १३ (१), १९ र २२ को उल्लङ्घन भएको देखिन्छ। त्यस्तै नागरिक तथा राजनीतक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६ लगायत मानव अधिकारका आधारभूत सिद्धान्तहरूको गम्भीर उल्लङ्घन भएको छ। साथै, तत्कालीन नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न विस्तृत शान्ति सम्झौता, २०६३ को दफा ५(२) ४-९ का प्रावधानहरू उल्लङ्घन भएका छन्।

तसर्थ, विस्तृत शान्तिसम्झौताका प्रावधानहरूको पूर्ण परिपालन गर्न, त्रास र भयको वातावरण नबनाउन, उत्तेजन अभिव्यक्ति नदिन, विधिको शासनलाई सम्मान गर्न, शान्ति, संवाद र सहमतिको माध्यमबाट समझदारी कायम गर्न तथा मानव अधिकारको आधारभूत सिद्धान्तहरूको परिपालन गर्न राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धित पक्षहरूलाई आग्रह गर्दछ। (विशाल खनाल, सचिब)

**द्वेषपूर्ण अभिव्यक्ति नदिन राजनीतिक दलहरूलाई आग्रह**

ललितपुर/२०६६ जेठ २६ गते,
पछिल्लो चरणमा देशमा विकसित राजनीतिक घटनाक्रमहरू सँगसँगै राजनीतिक नेता र कार्यकर्ताहरूबाट सार्वजनिक कार्यक्रमहरूमार्फत् समाजमा घृणा, द्वैष र हिंसा फैलाउने खालका अभिव्यक्ति प्रकट हुनु दुःखपूर्ण कुरा हो। यस्ता अभिव्यक्तिहरूले शान्ति-प्रक्रिया र संविधान निर्माणको काममा अवरोध खडा हुने मात्रै नभई समाजमा हिंसा भड्किन सक्ने सम्भावना हुन्छ। बृहत्तर शान्ति-सम्झौता र नेपालको अन्तरिम संविधानका पक्षधर मूलधारका राजनीतिक दलहरूका नेता र कार्यकर्ताहरूद्वारा त्यसकै मूल मर्ममा प्रहार हुने गरी सार्वजनिक अभिव्यक्ति दिनु खेदपूर्ण छ।

हालैका दिनहरूमा राजनीतिक दलका नेता-कार्यकता तथा कार्यालयहरू समेतलाई लक्षित गरी हुने गरेका आक्रमण र तोडफोड, तथा त्यस्ता घटनाको प्रतिक्रिया स्वरूप आह्वान गरिएका बन्द-हड्ताल जस्ता गतिविधिले राजनीतिक दलहरूबीचको सम्बन्धमा थप तिक्तता ल्याएको छ। यसले आम सर्वसाधारणको जीवन, जीवीकोपार्जन र मानव अधिकारका सवालहरूमा पनि गम्भीर असर पारेको छ। यस प्रकारको प्रवृत्तिले समाजमा हिंसाको संस्कारलाई बढावा दिने र मानव अधिकारको संस्कारलाई उपेक्षा गर्ने काम पनि गर्दछ।

नेपाल पक्ष भएको 'अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६' को धारा १९ को उपधारा ३ ले अरूको प्रतिष्ठा र अधिकारलाई सम्मान गर्नका लागि कुनै प्रकारको युद्धलाई उकास्ने कुनै पनि किसिमको प्रचारबाजीलाई निषेध गरेको छ। यसले राष्ट्रिय, जातीय वा धार्मिक विभेद फैलाउने वा हिंसालाई बढावा दिने अभिव्यक्ति माथि पनि बन्देज लगाएको छ। त्यस्तै, नेपाल पक्ष भएको 'सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय

महासन्धि, १९६५' को धारा ४ ले समेत कुनै पनि किसिमको जातीय भेद र हिंसालाई बढावा दिने अभिव्यक्ति दिन वन्देज लगाएको छ ।

समाजमा घृणा, द्वेष र हिंसा फैलाउने अभिव्यक्तिहरूले समाजको सद्भाव, शान्ति र सुरक्षा माथि नै चुनौति दिन्छन् । तसर्थ, कुनै आस्था, जातजाति, लिङ्ग, संस्कृति र भूगोललाई लक्षित गरी कुनै पनि माध्यमबाट त्यसखाले सार्वजनिक अभिव्यक्ति नदिन र संवाद र सहमतिको बाटो अवलम्बलन गर्न सम्बद्ध सबै राजनीतिक दल र सरोकारवाला पक्षहरूलाई राष्ट्रिय मानव अधिकार आयोग आग्रह गर्दछ । (पद्मा माथेमा, निमित्त सचिव)

## जनकपुरमा आयोगको पाँचौं क्षेत्रीय कार्यालयको उद्घाटन

ललितपुर/२०६६ जेठ २६ गते,
राष्ट्रिय मानव अधिकार आयोगको पाँचौं क्षेत्रीय कार्यालयको आज जनकपुरमा उद्घाटन सम्पन्न भएको छ । मध्य-तराईमा बढ्दै गएको मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनालाई न्युन गर्ने उद्देश्यले आयोगको रणनीतिक योजना २००८-२०१० को अनुरूप यो कार्यालयको स्थापना गरिएको हो । आयोगका सदस्य रामनगीना सिंहले यो कार्यालयको उद्घाटन गर्दै क्षेत्रीय कार्यालयको स्थापना, मानव अधिकार संरक्षण र प्रवर्द्धनमा आयोग सर्वसाधारणको घरदैलोमा पुग्ने एउटा प्रयास भएको बताउनु भयो । उहाँले अगाडि भन्नुभयो, 'यो कार्यालय स्थापनाबाट आयोगले मध्य-तराई र आसपासका क्षेत्रमा मानव अधिकार अवस्था सुदृढ तुल्याउन मद्दत मिल्ने आशा लिएको छ । आगामी दिनमा सरोकारवाला सबै पक्षसँग समन्वय र सहकार्य गरी मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न आयोगको यो कार्यालयले अग्रणी भूमिका खेल्ने छ ।'

कार्यक्रममा बोल्दै आयोगका सचिव विशाल खनालले आयोगले खोटाङ, बुटवल र जुम्लामा रहेका सम्पर्क कार्यालयहरूलाई चाँडै नै उपक्षेत्रीय कार्यालयमा स्तरीकरण गर्ने र थप उपक्षेत्रीय कार्यालयहरू स्थापना गर्ने योजना रहेको जानकारी दिनुभयो । कार्यक्रममा पुनरावेदन अदालत, जनकपुरका मुख्य न्यायाधीश लोकेन्द्र मल्लिक, प्रमुख जिल्ला अधिकारी शम्भू कोइराला, जनकपुर अञ्चल प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक गोपाल भण्डारी, वरिष्ठ पत्रकार राजेश्वर नेपाली, गैरसरकारी संस्था महासंघका धनुषा जिल्ला अध्यक्ष रामचन्द्र साह, नेपाल बार एसोसिएसन, धनुषाका अध्यक्ष बद्रिनारायण यादवले पनि आयोगको क्षेत्रीय कार्यालयको स्थापनाबाट आफूहरू उत्साहित भएको र आयोगसँग सहकार्य गरी अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरू, राजनीतिक दल र नागरिक समाजका प्रतिनिधि, स्थानीय निकायका प्रमुखहरू, कानुन व्यवसायी, विभिन्न व्यावसायिक संघसंस्थाका प्रमुख एवम् प्रतिनिधिहरू,सञ्चारकर्मी लगायतको उपस्थिति थियो ।

यो क्षेत्रीय कार्यालय जनकपुर नगरपालिका वार्ड नं. १० देबीचोक, सरस्वती टोलमा स्थापना गरिएको छ । यसले मध्यमाञ्चलका महोत्तरी, धनुषा, बारा, पर्सा, सिन्धुली, सर्लाही, रौतहट र मकवानपुर जिल्लामा मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्न अनुगमन, अनुसन्धान र प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्नेछ । यसअघि जनकपुरमा आयोगको सम्पर्क कार्यालय २०६३ जेठ २१ गते स्थापना भई सञ्चालन हुँदै आएको थियो । (पद्‌मा माथेमा, निमित्त सचिब)

### आयोगद्वारा माओवादी प्रतिनिधिसँग छलफल

**ललितपुर/२०६६ असार १** राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय तथा खोटाङ्गस्थित सम्पर्क कार्यालयका प्रतिनिधिहरू एवं नेकपा.(माओवादी) लगायत अनेरास्ववियू (क्रान्तिकारी) खोटाङ्ग, जिल्ला भोजपुर समितिका प्रतिनिधिहरूबीच एक छलफल कार्यक्रम सम्पन्न भयो ।

छलफल कार्यक्रममा नेकपा.(माओवादी) तथा अनेरास्ववियू (क्रान्तिकारी) का प्रतिनिधिहरूले जिल्लामा आफुहरूबाट मानव अधिकार ज्यादती गरिएका भनिएका विषयहरूमा पार्टी तथा संगठन भित्र छानबीन गरी उक्त कुराको जानकारी आयोगलाई गराउने र दोषी ठहरिएमा कार्वाही प्रक्रिाय अगाडि बढाउने कुरा व्यक्त गर्नुभयो । समुदायमा हस्तान्तरण गरिएका विद्यालय प्रशासनहरूमा लगाइएका तालाबन्दीका विषयमा वहाँहरूले सरोकारवाला सबै पक्षहरूसँग बहस तथा छलफल गरी  उपयूक्त निष्कर्षबाट समस्याको सामाधान गर्ने कुरा बताउनृ भयो । साथै आफ्नो पार्टी तथा संगठनले कसैसंग पनि जबरजस्ती चन्दा नलिने कुरा व्यक्त गर्दै वहाँहरूले आयोगको मानव अधिकार संरक्षण तथा संवर्द्धनको कार्यमा आफुहरू सहयोग पुऱ्याउन सदैब तयार रहेको कुरा जनाउनु भयो ।

छलफल कार्यक्रममा नेकपा.(माओवादी) भोजपुर जिल्ला समिति प्रतिनिधि मुक्ति बान्तवा, अनेरास्ववियू (क्रान्तिकारी) का खोटाङ्ग भोजपुर संयोजक डिल्लीराम अधिाकारी तथा, अनेरास्ववियू (क्रान्तिकारी) खोटाङ्ग एरिया संयोजक नवीन बान्तवाको उपस्थिति थियो । त्यसैगरी आयोगका तर्फबाट सम्बर्द्धन महाशाआ प्रमुख मुरारीप्रसाद खरेल तथा खोटाङ्ग सम्पर्क कार्यालयका प्रमुख लोकनाथ बास्तोला हुनुहुन्थ्यो । ध्रुव नेपाल, निमित्त सचिब

### राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्रधानमन्त्रीलाई ज्ञापनपत्र

ललितपुर/२०६६ असार १२ गते,
राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूले प्रधानमन्त्री माधवकुमार नेपाललाई भेटी मानव अधिकारका विभिन्न विषयमा आयोगका चासोहरू उल्लेख भएको ज्ञापनपत्र बुझाउनु भएको छ । उहाँहरूले आज प्रधानमन्त्रीको कार्यालय सिंहदरबारमा प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै आयोगले हाल सामना गर्नु परेका चुनौतीहरू तथा वर्तमान मानव अधिकारको अवस्थाबारेमा जानकारी गराउनु भयो । ज्ञापनपत्रमा आयोगले वर्तमान मानव अधिकार अवस्था उत्साहवर्द्धन

नरहेको जनाइएको र खासगरीः तराई क्षेत्रमा दिनानुदिन मानव अधिकार उल्लङ्घनका गतिविधिहरू भइरहेको उल्लेख छ । त्यसैगरी मुलुकमा विद्यमान दण्डहीनताको स्थितिले मानव अधिकार संरक्षणमा गम्भीर चुनौती खडा गरेकाले मौजुदा कानुन कार्यान्वयन गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन कुनै किसिमको विलम्ब गर्न नहुने कुरा स्मरण गराइएको छ ।

आयोगको ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री मानवकुमार नेपालले वर्तमान सरकार लोकतन्त्र, मानव अधिकार र विधिको शासनप्रति प्रतिवद्ध रहेको र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न प्रयासरत रहेको बताउनु भयो । उहाँले दण्डहीनता अन्त्य गर्न, अपराध नियन्त्रण गर्न र मानव अधिकारको प्रवर्द्धन गर्नेसम्बन्धी विषयहरू सरकारको प्राथमिकतामा रहेको बताउँदै मानव अधिकारसँग सम्बन्धित विषयहरूमा आयोगसँग परामर्श गरेर मात्र निर्णय लिइने जानकारी दिनुभयो ।

प्रधानमन्त्रीसँगको भेटमा आयोगका पदाधिकारीहरूले आयोगका सिफारिस कार्यान्वयन गर्न सरकारले उच्च प्राथमिकता दिनु पर्ने र आयोगको सिफारिस बमोजिम पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारबाही गरिनु पर्ने कुरामा प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनु भयो । त्यस्तै आयोग पदाधिकारीले मानव अधिकारसँग सम्बन्धित विधेयकहरू व्यवस्थापिका संसदमा पेस गर्नुपूर्व आयोगसँग परामर्श लिइनु पर्ने, आयोगलाई पर्याप्त स्रोतसाधन उपलब्ध गराउनु पर्ने, द्वन्द्वपीडित, बेपत्ता तथा विस्थापित भएका व्यक्तिलाई राहत दिने सम्बन्धमा, महिला हिंसा नियन्त्रण, सुकुम्वासी, भूमिहीन तथा हलियाको हकहित संरक्षण, खाद्य सुरक्षा र व्यवस्थापन तथा बन्द, हडताल र चक्काजामको रोकथाम सम्बन्धमा प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनु भएको थियो ।

ज्ञापनपत्रमा दण्डहीनताको अन्त्यका लागि सुरक्षा निकायको सुदृढीकरणमा विशेष जोड दिइनु पर्ने, मानव अधिकार उल्लङ्घनमा दोषी पाइएकालाई कुनै किसिमको राजनीतिक संरक्षण दिन नहुने, मानव अधिकारको गम्भीर उल्लङ्घनमा संलग्न व्यक्तिउपर भएका मुद्दाहरू फिर्ता लिन नहुने लगायतका सुझावहरू दिइएका छन् । साथै, द्वन्द्वका क्रममा बेपत्ता भएकाहरूको यथार्थ स्थिति सार्वजनिक गरी पीडित वा तिनका परिवारलाई सरकारले आवश्यक राहत प्रदान गर्नुपर्ने, विस्थापित व्यक्तिलाई पूर्ववर्ती स्थानमा पुनःस्थापना गर्नु पर्ने सुझावहरू उल्लेख गरिएको छ । ज्ञापनपत्र बुझाउने क्रममा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगीना सिंह, गौरी प्रधान, डा. लीला पाठक, डा. के.बी. रोकाया र सचिब विशाल खनाल उपस्थित हुनुहुन्थ्यो । त्यसैगरी नेपाल सरकारका राजनीतिक सल्लाहकार रघुजी पन्त, मुख्य सचिब डा. भोजराज घिमिरे लगायतको उपस्थिति थियो । (विशाल खनाल, सचिब)

**आयोगको ध्यानाकर्षण**

ललितपुर/२०६६ असार २१ गते,

आयोगमा कर्मचारी व्यवस्थानसम्बन्धी विषयलाई लिएर केही दिनयता विभिन्न सञ्चारमाध्यममा प्रकाशित/प्रसारित भएका समाचार तथा टिप्पणी प्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

आयोगमा विभिन्न पदमा रहेर विगत लामो समयदेखि काम गरेका, स्वदेश तथा विदेशबाट शिक्षा, तालिम तथा कार्यगत अनुभवप्राप्त कर्मचारीहरूलाई हाल विद्यमान कानुनसम्मत तवरले प्रतिस्पर्धात्मक परीक्षा लिने गरी यो प्रक्रिया अगाडि बढाइएको हो । विद्यमान कानुनले दिएको अधिकारलाई प्रयोग गरी आयोगलाई संस्थागत रूपमा सुदृढ र व्यावसायिक रूपमा सक्षम संस्था बनाउने अभिप्रायले गरिएको यो कार्यमा आयोग र यसका पदाधिकारीहरूको कुनै स्वार्थ छैन । आयोगमा विभिन्न पदमा गरी कूल ३०९ दरबन्दी रहेको र आन्तरिक प्रतिस्पर्धा बाहेकका सबै पदहरू खुला प्रतिस्पर्धामार्फत् निकट भविष्यमा पूर्ति गरिने योजना रहेको छ ।

कर्मचारी व्यवस्थापनको प्रक्रियालाई २०६५ साल साउन महिनादेखि अघि बढाइएको हो । यस क्रममा लोक सेवा आयोग, प्रधानमन्त्रीको कार्यालय लगायत सम्बन्धित सबै निकायमा आवश्यक पर्ने प्रक्रिया पूरा गर्ने प्रयास गरिए पनि ती निकायहरूबाट अपेक्षित सहयोग प्राप्त नभएको अवस्था विद्यमान छ । स्मरण रहोस् राष्ट्रिय मानव अधिकार आयोग पेरिस सिद्धान्तबाट निर्देशित स्वतन्त्र निकाय हो, जसलाई सरकारी हस्तक्षेपबाट जोगाउनु जरूरी छ ।

कर्मचारी व्यवस्थापनको विषयलाई लिएर सर्वोच्च अदालतमा रिट परिसकेको सन्दर्भमा सम्मानित अदालतबाट यससम्बन्धमा उपयुक्त निर्क्यौल हुने नै छ र आयोगले त्यस निर्णयलाई सम्मान गर्नेछ । साथै, आयोगसम्बन्धी समाचार सम्प्रेषण गर्दा आयोगमा सम्पर्क गरी वास्तविकतालाई मात्रै प्रकाशन/प्रसारण गर्न सम्बन्धित सबैलाई आयोग आग्रह गर्दछ । (विशाल खनाल, सचिब)

**भारत भ्रमणका सन्दर्भमा प्रधानमन्त्रीलाई आयोगको सुझाव**

ललितपुर/२०६६ साउन ३२ गते,
प्रधानमन्त्रीको आसन्न भारत भ्रमणका सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले नेपाल र भारतबीच देखिएका मानव अधिकारका साझा समस्याहरूलाई सम्बोधन गर्न प्रधानमन्त्रीलाई सुझाव दिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आज एक सुझाव-पत्र पठाउँदै आयोगले मुख्यतः निम्न सवालहरूलाई सम्बोधन गर्न आग्रह गरेको हो -

**राष्ट्रिय मानव अधिकार आयोग**

क) नेपालबाट वर्षेनी हजारौंको सङ्ख्यामा महिला तथा बाल बालिकाहरू भारतमा र भारत हुँदै अन्य मुलुकमा बेचिने गरेको पाइएको छ । तसर्थ, मानवता विरूद्धको यस प्रकृतिको गम्भीर अपराधको रोकथाम, नियन्त्रण, पीडित र प्रभावित पक्षहरूको मुक्ति, राहत, पुनःस्थापना र सामाजिक पुनःएकीकरणका लागि दुई देशबीच आवश्यक संयन्त्र बनाउन पहल गर्ने,

ख) भारतसँग जोडिएका नेपालका सीमाक्षेत्र (खासगरी तराईमा) वरपरका नागरिकहरूको दैनिक जीवनयापन बिगत केही समयदेखि सशस्त्र वा आतङ्ककारी गतिविधिहरूबाट प्रभावित छ । ती नागरिकहरूको शान्तिपूर्ण वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न, प्रभावकारी संयन्त्र निर्माण गर्न पहल गर्न, तथा हातहतियार तथा विस्फोटक पदार्थहरूको ओसारपसार नियन्त्रण गर्नेसम्बन्धी प्रभावकारी विधि अवलम्बन गर्ने, र

ग) सार्क राष्ट्रहरूमा देखिएका मानव अधिकारसम्बन्धी सबै समस्याहरूलाई सम्बोधन गर्न मानव अधिकार सम्बन्धी सार्क चार्टरको आवश्यकताबारे छलफल गर्ने । ( विशाल खनाल, सचिब)

## संसदलाई अनिर्णयको बन्दी नबनाउन तथा उत्तरदायी सरकार र जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्न आग्रह

ललितपुर/२०६६ कार्तिक १२ गते,
जनताको लामो सङ्घर्षबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै संविधान निर्माण प्रक्रिया अबेर भइरहेको परिप्रेक्ष्यमा निषेध, आक्रमण र भीडन्तका घटनाक्रम बढ्दै गएकोतर्फ राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

हालैका दिनहरूमा राजनीतिक दलका नेता-कार्यकर्ताहरूलाई लक्षित गरी भएका आक्रमण र तोडफोड, तथा त्यस्ता घटनाको प्रतिक्रिया स्वरूप आह्वान गरिएका विरोध र निषेधका गतिविधिले राजनीतिक दलहरूबीचको सम्बन्धमा तिक्तता ल्याएको छ । यसै हप्ता चितवनको भरतपुर, तनहुँको दमौली, भोजपुर, झापाको सुरूङ्गा लगायतका स्थानमा निषेध, आक्रमण र भीडन्तका घटनाहरू भएका छन् । त्यसैगरी, राजनीतिक दलका नेता र कार्यकर्ताहरूबाट सार्वजनिक कार्यक्रमहरूमार्फत् समाजमा घृणा, द्वैष र हिंसा फैलाउने तथा विस्तृत शान्ति सम्झौताकै औचित्य माथि प्रश्न उठाउने खालका अभिव्यक्ति प्रकट हुनु दुःखद कुरा हो । सत्ता साझेदार र प्रतिपक्षमा रहेका मुख्य राजनीतिक दलका नेताहरूले दिएका अभिव्यक्तिले शान्ति-प्रक्रिया र संविधान निर्माणको काममा अवरोध खडा हुने तथा समाजमा हिंसा भड्किन सक्ने सम्भावना बढेको छ ।

जनताबाट संविधान निर्माणको जिम्मेवारी पाएका राजनीतिक दलहरूले आपसी सहमति जुटाउनै नसक्नु खेदपूर्ण छ ।

यस प्रकारको प्रवृत्तिले समाजमा हिंसाको संस्कारलाई बढावा दिने र मानव अधिकारको संस्कारलाई उपेक्षा गर्ने काम भएको छ। फलस्वरूप देशमा विधिको शासन समाप्त हुने, संविधान निर्माणमा अवरोध पुग्ने र दण्डहीनता मौलाउँदै जाने सम्भावना छ।

समाजमा शान्ति सुव्यवस्था खल्बल्याउने, हिंसालाई प्रोत्साहित गर्ने किसिमका उत्तेजक अभिव्यक्ति तथा गतिविधिहरूले मानव अधिकार संरक्षण र विधिको शासनलाई प्रतिकूल प्रभाव पार्दछन्। तसर्थ, उत्तरदायी सरकार र जिम्मेवार प्रतिपक्षको रूपमा आ-आफ्नो भूमिकालाई गहन रूपमा अनुभूत गर्न, संसदलाई अनिर्णयको बन्दी नबनाउन, तथा संवाद र सहमति मार्फत् निकास खोज्न राष्ट्रिय मानव अधिकार आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ। (विशाल खनाल, सचिब)

## आयोगको कर्णालीमा रहेको सम्पर्क कार्यालयको स्तर बृद्धि, पहिलो उप-क्षेत्रीय कार्यालय जुम्लामा उद्घाटन

ललितपुर/२०६६ कार्तिक २७ गते,
राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो पहुँच विस्तार गर्ने उद्देश्यले कर्णाली अञ्चलको सदर मुकाम, जुम्लामा पहिलो उप-क्षेत्रीय, कार्यालयको रूपमा उद्घाटन भई आज देखि सेवा प्रारम्भ गरेको छ। यस अघि सम्पर्क कार्यालयको रूपमा रहेका जुम्ला कार्यालयलाई स्तर बृद्धि गरि उप-क्षेत्रीय कार्यालयको रूपमा विकास गरिएको हो। कार्यालयको समुद्घाटनको अवसरमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष केदारनाथ उपाध्यायले एक सन्देश दिदै कार्यालयको स्थापनाबाट कर्णाली क्षेत्रको मानव अधिकार संरक्षण र प्रबर्द्धनमा प्रभावकारी सेवा उपलब्ध हुने विश्वास व्यक्त गर्नु भयो। कार्यालयको समुद्घाटन पुनरावेदन अदालत, जुम्लाका माननीय मुख्य न्यायाधिश केदारप्रसाद चालिसेले रिबन काटेर र कार्यालयको साईन बोर्ड अनावरण गरि गर्नु भएको थियो। मुख्य न्यायाधिश केदारप्रसाद चालिसेले कार्यालयको स्तरबृद्धि भएकोमा खुसी व्यक्त गर्दै यसबाट कर्णालीका जनताहरूको मानव अधिकार संरक्षण र संबर्द्धनमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नु भयो।

कार्यक्रममा जुम्ला जिल्ला अदालतका न्यायाधिश ऋषिराम निरौला, प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारी, नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य डिल्ली प्रसाद काफ्ले, पुनरावेदन अदालत बार एशोसिएशनका अध्यक्ष तथा कर्णाली रेडियो एफ.एम.का स्टेशन म्यानेजर देवी बहादुर सेजुवाल लगायतले कार्यालयको स्तर बृद्धि भएकोमा शूभकामना मन्तव्य व्यक्त गर्दै आयोगको यस कार्यालयको स्थापनाबाट मानव अधिकारको संरक्षण र संबर्द्धनमा मद्दत पुग्ने र आयोगलाई आवश्यक पर्ने जुनसुकै सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो। मानव अधिकारकर्मीहरू, सञ्चारकर्मीहरू, सरकारी तथा सुरक्षा निकायका प्रतिनिधिहरूको उपस्थितिमा भएको कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार अधिकृत वीरबहादुर बुढामगरको अध्यक्षतामा भएको थियो भने कार्यक्रमको सञ्चालन प्रशासन सहायक राजेन्द्र प्रसाद न्यौपानेले गर्नु भएको थियो। (विशाल खनाल, सचिब)

### राष्ट्रिय मानव अधिकार आयोग

**आयोग पदाधिकारीद्वारा व्यवस्थापिका संसदका अध्यक्षसँग भेट, आयोगको स्वायत्तता र स्वतन्त्रता रक्षामा सघाउन आग्रह**

ललितपुर/२०६६ मंसिर ३ गते,
व्यवस्थापिका संसदका सभामुख र राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूबीच आयोगको स्वतन्त्रता र स्वायत्तत्तालाई नयाँ ऐनमा समेत कायमै राख्नु पर्ने विषयमा छलफल भएको छ । छलफलका लागि आयोगका अध्यक्षसहित सदस्यहरू हिजो व्यवस्थापिका संसदका सभामुखको सभाकक्षमा सिंहदरबारमा पुग्नु भएको थियो ।

छलफलका क्रममा आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले मानव अधिकार आयोग ऐन, २०५३ को प्रस्तावनामा राष्ट्रिय मानव अधिकार आयोगलाई 'स्वतन्त्र' र 'स्वायत्त' निकाय भनी उल्लेख गरिएको तर अहिले संविधान सभा संसदमा विचाराधीन मानव अधिकार आयोग विधेयक, २०६६ को ती शब्दहरू नपरेकाले आयोगको स्वतन्त्रता तथा निष्पक्षतामा प्रश्न उठ्न सक्ने बताउनु भयो । अध्यक्ष उपाध्यायले आयोगले नेपालको संविधान र कानुनका अतिरिक्त संयुक्त राष्ट्रसङ्घले जारी गरेको पेरिस सिद्धान्त अनुरूप समेत काम गर्नु पर्ने भएकाले आयोगको स्वतन्त्रता र स्वायत्ततालाई सीमित गर्न नहुनेमा जोड दिनुभयो । आयोगका सदस्य गौरी प्रधानले स्वतन्त्रता र स्वायत्तता बिनाको आयोग संवैधानिक हैसियत प्राप्त भए पनि हिजोको कानुनी हैसियतमा उभिएको आयोग जत्तिको समेत नहुने बताउनुभयो । उहाँले दोस्रो जनआन्दोलन पछि नेपाली जनता अझ बढी स्वतन्त्र र सार्वभौम भएको परिप्रेक्ष्यमा आयोगलाई अझ सशक्त र क्षमतावान् संस्था बनाउँदै लानु पर्ने धारणा राख्नु भयो ।

सभामुख सुवास नेम्वाङले आयोगलाई वर्तमान हैसियतभन्दा अझ सुदृढ गर्नु पर्नेमा आफ्नो मतैक्यता रहेको भन्दै हिजोका उपलब्धिहरूलाई संस्थागत गर्दै अघि बढ्नु पर्ने धारणा राख्नुभयो । आयोगको स्थापनाका लागि भएको सङ्घर्षमा आफ्नो सक्रिय सहभागिता रहेको सस्मरण गर्दै उहाँले सबै राजनीतिक दलका मुख्य सचेतक तथा सभासद्हरूलाई आयोगको स्वतन्त्रता र स्वायत्तता रक्षामा सघाउन अनुरोध गर्ने बताउनु भयो ।

छलफलका अवसरमा आयोगका सदस्यहरू रामनगीना सिंह, डा. लीला पाठक, डा. के.बी. रोकाया, सचिब विशाल खनाल लगायत सहभागी हुनुहुन्थ्यो । (विशाल खनाल, सचिब)

**आयोगका सिफारिस कार्यान्वयन गर्न संयन्त्र निर्माण गरिने**

ललितपुर/२०६६ पुस २८ गते,
राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरू कार्यान्वयन गर्न सरकारी निकायहरूबीच संयन्त्र निर्माण गरी कार्यान्वयनलाई छिटो र प्रभावकारी बनाइने भएको छ । राष्ट्रिय मानव

अधिकार आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र महान्यायाधिवक्ताको कार्यालयका पदाधिकारीहरू बीच आयोगमा आज भएको छलफलमा यस्तो संयन्त्रमार्फत् आयोगका सिफारिसहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने जनाइएको हो ।

आयोगका सिफारिसहरू प्राथमिकताका साथ कार्यान्वयन गरी मानव अधिकारप्रति नेपाल सरकारको प्रतिवद्धता पूरा गर्ने विषयमा छलफल गर्न नेपाल सरकारका मुख्य सचिब, महान्यायाधिवक्ता लगायतलाई आयोगमा बोलाएको थियो । आयोगका सदस्यहरूले मानव अधिकार उल्लङ्घनका दोषीहरूलाई कारबाही गर्नेसम्बन्धी सिफारिसहरू कार्यान्वयनमा ढिलाइ भएको भनी सरकारको ध्यानाकर्षण गराउनु भएको थियो । नेपाल सरकारका मुख्य सचिब माधवप्रसाद घिमिरेले आयोगका सिफारिसलाई यथाशीघ्र कार्यान्वयन गर्न सरकारका तर्फबाट प्रतिबद्धता व्यक्त गर्दै क्षतिपूर्ति तथा राहतका लागि सरकारले करिब ७ करोड रूपैया छुट्याइसकेको जानकारी दिनुभयो ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ बमोजिम आयोगले मानव अधिकार उल्लङ्घनका घटनामा दोषीलाई कारबाही तथा पीडितलाई क्षतिपूर्ति भराउन नेपाल सरकारलाई सिफारिस गर्न सक्ने व्यवस्था छ । आयोगले स्थापनादेखि मङ्सिर मसान्त सम्ममा ३०३ ओटा सिफारिसहरू गरेकोमा सरकारले ३४ सिफारिसहरू पूर्ण कार्यान्वयन गरेको, ७३ ओटा आंशिक कार्यान्वयन भएका, ६६ मा कार्यान्वयन प्रक्रिया अघि बढेको र १३० सिफारिसहरू पूर्णरूपमा कार्यान्वयन नभएको अवस्थामा छन् ।

छलफलमा आयोगका सदस्यहरू रामनगीना सिंह, गौरी प्रधान, डा. लीला पाठक, डा. के.बी. रोकाया, महान्यायाधिवक्ता प्रा.डा. भरतबहादुर कार्की, नेपाल सरकारका मुख्य सचिब माधवप्रसाद घिमिरे, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिब डा. त्रिलोचन उप्रेती, आयोगका सचिब विशाल खनाल, तथा नायब महान्यायाधिवक्ता पुष्पराज कोइराला लगायतको उपस्थिति थियो । (विशाल खनाल, सचिब)

**बुटवलमा आयोगको उपक्षेत्रीय कार्यालय स्थापना**

ललितपुर/२०६६ पुस २९ गते,
राष्ट्रिय मानव अधिकार आयोगले रूपन्देहीको बुटवलमा उपक्षेत्रीय कार्यालयको स्थापना गरेको छ । पश्चिम-तराईमा मानव अधिकार संरक्षण र प्रवर्द्धनलाई अझ प्रभावकारी बनाउन आयोगको रणनीतिक योजना २००८-२०१० अनुरूप यो कार्यालयको स्थापना गरिएको हो । यसअघि २०६३ जेठ २८ गतेदेखि बुटवलमा आयोगको सम्पर्क कार्यालय सञ्चालन हुँदैआएको थियो ।

कार्यालयको उद्घाटन गर्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले भन्नुभयो, 'यो कार्यालय स्थापनाबाट पश्चिम-तराई र आसपासका क्षेत्रमा मानव अधिकार अवस्था सुदृढ तुल्याउन मद्दत मिल्ने आशा लिएको छु । आगामी दिनमा सरोकारवाला सबै पक्षसँग समन्वय र सहकार्य

गरी मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न आयोगको यो कार्यालयले अग्रणी भूमिका खेल्ने छ ।' अध्यक्ष उपाध्यायले अगाडि भन्नुभयो, 'मुख्य राजनीतिक दलहरूले अर्धसैनिक दस्ता खडा गरी आपराधिक गतिविधिमा संलग्न हुने, कानुन हातमा लिने र दोषीलाई संरक्षण दिनेजस्ता कार्यहरू गरेकाले मानव अधिकारको अवस्था सुध्रन सकेको छैन । एकातिर राजनीतिक दलहरूले विभिन्न बहानामा अपराधीलाई संरक्षण दिने गरेको र अर्कातिर सरकारकै तर्फबाट मानव अधिकार उल्लङ्घनका अभियुक्तहरूको मुद्दा फिर्ता लिने काम भइरहेकाले दण्डहीनता अझ बढेको छ ।'

कार्यक्रममा बोल्दै पुनरावेदन अदालत बुटवलका मुख्य न्यायाधीश दुर्गाप्रसाद उप्रेतीले आयोग कार्यालयको स्तरीकरणबाट लुम्बिनी अञ्चलमा मानव अधिकारको अवस्थामा सुधार आउने अपेक्षा राख्नुभयो । कार्यक्रममा रूपन्देहीका प्रमुख जिल्ला अधिकारी नागेन्द्रकुमार झाले आयोगको उपक्षेत्रीय कार्यालय आयोगसँग सहकार्य गरी मानव अधिकार अवस्था सुदृढ गरिने बताउनु भयो । कार्यक्रममा एकीकृत नेकपा (माओवादी), नेकपा (एमाले), तराईमधेस लोकतान्त्रिक पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रतिनिधिहरूले आयोगसँग सहकार्य गरी अघिबढ्ने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा लुम्बिनी अञ्चलका विभिन्न सरकारी निकाय, गैरसरकारी संस्था, नागरिक समाजका प्रतिनिधि मानव अधिकारकर्मी, सञ्चारकर्मीलगायतको उपस्थिति थियो ।

यो उपक्षेत्रीय कार्यालयले नवलपरासी, रूपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची र चितवन गरी सात जिल्लामा मानव अधिकार अनुगमन, अनुसन्धान र प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्नेछ । उद्घाटन कार्यक्रम आयोगका उपनिर्देशक दीपकजंगध्वज कार्कीको अध्यक्षतामा सम्पन्न भएका थियो । (विशाल खनाल, सचिब)

**संविधान निर्माणमा केन्द्रित हुन आग्रह**

ललितपुर/२०६६ माघ ७ गते,
ऐतिहासिक संविधान सभाबाट नेपालको नयाँ संविधान घोषणाको समयावधि करिब चार महिना मात्रै बाँकी छ । समय सीमाभित्र सो कार्य पूरा गर्न संविधान सभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलहरू, खासगरी सत्तापक्ष र प्रमुख प्रतिपक्षबीच उच्च समझदारी, सहमति र सहकार्य हुनु अत्यावश्यक छ ।

तथापि, यस्तो संवेदनशील घडिमा पनि नेपाल सरकारका वरिष्ठ मन्त्रीलगायत सत्तापक्ष र प्रतिपक्षका जिम्मेवार नेताहरूबाट विस्तृत शान्ति सम्झौता, २०६३ र नेपालको अन्तरिम संविधान, २०६३ को भावना विपरित अभिव्यक्ति सार्वजनिक हुनु दुःखद कुरा हो । तोकिएको समयावधिभित्र नयाँ संविधानको घोषणा गर्नु, त्यसअघि नै माओवादी लडाकूहरूको समायोजन र ब्यवस्थापन गर्नु, निजी तथा सार्वजनिक सम्पत्तिहरू कब्जा गर्ने काम बन्द गर्नु, दण्डहीनतालाई अन्त्य गर्नु, देशमा शान्ति निर्माण र कानुनी व्यवस्थालाई दुरूस्त राख्नु सरकार, सत्तापक्ष र प्रतिपक्ष दलहरू सबैको मूल कर्तव्य हो ।

अतः संविधान निर्माण र शान्ति प्रकृयालाई कुनै पनि पक्षबाट बाधा-अड्चन नपुऱ्याउन, विस्तृत शान्ति सम्झौता र वर्तमान् संविधानको भावना विपरित नबोल्न, विवादित सवालहरूमा एकआपसमा सहमति, सहकार्य र समझदारी कायम गरी आ-आफ्नो ऐतिहासिक दायित्व निर्वाह गर्न राष्ट्रिय मानव अधिकार आयोग सरकार, सत्तापक्ष, प्रतिपक्षका साथै सम्बन्धित सबै पक्षहरूसँग आग्रह गर्दछ। (विशाल खनाल, सचिब)

## राजनीतिक आन्दोलनका शिखर व्यक्तित्व गिरीजा प्रसाद कोइरालाको निघनमा शोक विज्ञप्ति

ललितपुर/२०६६ चैत्र ८ गते,
नेपाली राजनीतिक आन्दोलनका शिखर व्यक्तित्व, लोकतान्त्रिक आन्दोलनका नायक तथा शान्ति स्थापनाका प्रण्ता पूर्व प्रधानमन्त्री तथा नेपाली काँग्रेशका पार्टीका सभापति श्री गिरिजा प्रसाद कोइरालाको असामयिक निधन प्रति राष्ट्रिय मानव अधिकार आयोग गम्भीर शोक व्यक्ति गर्दै दीवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्राद्धान्जली व्यक्त गर्दछ।

वहाँको प्रधानमन्त्री कालमा भएका लोकतन्त्रको स्थमावपना र मानव अधिकारको सांगढा र प्रवर्द्धन को निम्ति वहाँले पुऱ्याउिनु भएको योगदानको आयोग उच्च मूल्याङकन गर्दछ।

अन्तमा देशमा ऐतिहासिक जनआन्दोलनको भावनाअनुसार  नेपालको संविधान निर्माण, शान्ति सम्झौताको तार्किक निष्कर्ष र मानव अधिकारको सस्कृति निर्माणको नीम्ति एकताबद्ध भएर हामी सबैले काम गर्न सके आयोग उहाँ प्रति सच्चा श्रद्धान्जली भएको ठान्दछ। (केदारनाथ उपाध्याय, अध्यक्ष)

## बल्खु घटनाप्रति आयोगको गम्भीर आपत्ति

ललितपुर/२०६१ वैसाख १३ गते,
यहि मिति २०६२ वैशाख १२ गते ४ बजे नेकपा. एमालेको केन्द्रीय कार्यालय बल्खुमा स्वर्गीय साधना अधिकारीको श्रद्धाञ्जली सभापश्चात सादा पोशाकमा आएका प्रहरीहरू तथा उनीहरूसंगै मुख छोपेर हतियार सहित आएका व्यक्तिहरूले कार्यालयको ढोका तोडफोड गर्ने, कार्यकर्तालाई पेस्तोल देखाई धम्काउने तर्साउने गरेको विषयमा आयोगमा उजुरी पर्न आएकोले आज २०६२।०१।१३ गते राष्ट्रिय मानव अधिकार आयोगका सदस्यद्वय डा. गौरीशंकर लाल दास र कपिल श्रेष्ठ लगायत आयोगका कर्मचारीहरू सम्मिलित टोलीले उक्त राजनीतिक दलको कार्यालयमा स थलगत अनुगमन र निरीक्षण गऱ्यो।

आयोगको टोलीले निरीक्षणको क्रममा पार्टी कार्यालयमा उक्त समूहबाट तोडफोड गरिएको पाइयो। साथै पार्टी कार्यकर्ताहरूलाई पेस्तोल देखाई आतङ्कित तुल्याइएको, विद्यार्थिहरूलाई धर

पकड समेत गरिएको बुझियो । श्रद्धाञ्जली सभा भैरहेको सम्वेदनशील अवस्थामा भएको यस प्रकारको घटना प्रति आयोग दुःख व्यक्त गर्दछ ।

आजै आयोगको सोही टोलीले पहरा गण त्रिपुरेश्वरमा थुनामा राखिएको वन्दीको अवस्था बुझ्न जाँदा आयोगको टोलीलाई माथिको आदेश नभएको भनी बन्दीसँग भेटघाट गर्नबाट वञ्चित गरि एकोमा आयोगको टोलीले त्यहाँ उपस्थित सम्वद्ध अधिकारीलाई वारम्वार सम्झाई बुझाई आग्रह गर्दा समेत वेवास्ता गरि आयोगको ऐन प्रदत्त अधिकारमा वाधा पार्नुका साथै श्री ५ को सरकारले राष्ट्रिय तथा अन्तर्राट्रिय मञ्चहरू लगायत आयोगमा नै उपस्थित भै वारम्वार व्यक्त गरिएको प्रतिवद्धताको समेत विपरीत हुन गएकोले सो घटनाप्रति समेत आयोग गम्भीर आपत्ति प्रकट गर्दछ । (मुरारीप्रसाद खरेल, संवर्द्धन महाशाखा)

## प्रधानमन्त्री देउवासँग मानव अधिकारको वर्तमान अवस्था र सरकारले तत्काल गर्नुपर्ने काम बारे जानकारी

ललितपुर/२०६१ साउन १३ गते,
राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष नयनवहादुर खत्रीको नेतृत्वमा आयोगका सदस्यद्वय डा. गौरीशंकरलाल दास र सुशिल प्याकुरेल सहितको टोलीले आज अपरान्ह प्रधानमन्त्रि श्री शेरवहादुर देउवासंग भेट गरी मानव अधिकारको वर्तमान अवस्था र श्री ५ को सरकारले तत्काल गर्नुपर्ने काम बारे जानकारी गरायो । सो सम्बन्धमा आयोगका तर्फवाट प्रधानमन्त्रीलाई एक पत्र समेत बुझाइएको छ । उक्त अवसरमा आयोगका कामु सचिब केदारप्रसाद पौड्यालको पनि उपस्थिति थियो ।

छलफलको क्रममा सुरक्षाकर्मीबाट मानिस पक्राउ गर्दा पक्राउ परेपछि अवलम्बन गर्नुपर्ने कानुनी प्रक्रियाको अवज्ञा भएको प्रति प्रधानमन्त्रिको ध्यानाकर्षण गराइयो । कानुनी प्रक्रियाको अभावमा जनताको कानुनी उपचार पाउने आधारभूत मानव अधिकारको हनन् भएको छ । पक्राउ परेको तथा हिरासतमा राखिएिको स्थानवारे सूचना नदिने प्रवृत्तिले गर्दा पनि अन्तर्राष्ट्रिय समुदायले राज्यद्वारा बेपत्ता पारिने मुलुकहरूको सुचिमा नेपाललाई अग्रस्थानमा राखेको दुखद स्थिति सिर्जना भएको छ भनी प्रधानमन्त्रीलाई हस्तान्तरण गरिएको पत्रमा उल्लेख गरिएको छ ।

पत्रमा हिरासतमा राखिएको ठाउँ निरिक्षण गर्न पाउने आयोगको कानुनी अधिकार भएतापनि व्यारेकमा जान खोज्दा "पूर्व सूचना र माथिको आदेश नभएको" भन्दै तत्काल प्रबेश निषेध गरी आयोगको कानुनी दायित्व पुरा गर्ने काममा बाधा परिरहेको छ । आयोगले पत्रमा भनेको छ– "बेपत्ता पारिने कार्य प्रमुख समस्याको रूपमा देखिएकै अवस्थामा मुठभेडमा मारिएका मानिसका व्यक्तिहरूको शव आफन्तलाई नदिने, घटनाको जानकारी रेकर्ड नगर्ने, मुचुल्का पनि नगर्ने, जस्ता कार्यहरू राज्यको सुरक्षा निकायबाट हुने र नागरिक प्रशासन यस्तो अवस्थाको मुकदर्शक

मात्र भैदिनुले मानव अधिकार संगिन अवस्थामा पुगेको छ भन्न आयोग बाध्य छ ।" आयोगले बेपत्ता पारिएको विषयलाई केन्द्रित गरी आगामी दिनमा विशेष कार्यक्रमहरू संचालन गर्न लागेको पनि प्रधानमन्त्रिलाई जानकारी दिएको छ ।

प्रधानमन्त्री समक्ष आयोगले २०६० चैत्र १३ गते गरिएको " मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको कार्यान्वयन मा श्री ५को सरकारको प्रतिवद्धतापत्र "पूर्ण रूपमा अविलम्ब लागु गर्न अनुरोध गर्दै १ बर्ष अगाडि श्री५को सरकार तथा नेकपा(माआवादी ) लाई हस्ताक्षर गर्न भनी मस्यौदा प्रस्तुत गरेको "मानव अधिकार सम्झौता "मा हस्ताक्षर हुन सकेमा मानव अधिकारको संरक्षणमा युद्धरत पक्ष बीच सहयोगको वातावरण बन्ने विश्वास व्यक्त गरिएको छ ।

साथै उक्त सम्झौतापत्र प्रति सवै प्रमुख राजनैतिक दलहरू एवम् नागरिक समाजले समेत समर्थन जनाएको पनि स्मरण गराईको छ । आयोगले प्रभावकारी अनुगमनको लागि संयुक्त राष्ट्र संघीय उच्चयुक्तको कार्यालयबाछ प्राप्त हुने प्राविधिक सहयोग प्राप्त गर्न श्री ५ को सरकारले उच्चायुक्तको कार्यालयसित अविलम्ब सम्झौतापत्रमा हसताक्षर गर्न अनुरोध गरेको छ ।

भेटघाटको क्रममा प्रधानमन्त्रीले आयोगद्वारा प्रस्तुत बुँदाहरूमा आफू गम्भीर रहेको बताउदै मानव अधिकारको संरक्षणको लागि विगतमा श्री ५को सरकारले गरेका प्रतिबद्धताहरू दृढताका साथ लाागु गर्ने एवम् आयोगको कामलाई प्रभावकारी रूपममा कार्यान्वयन गर्ने वातावरण बनाउन ठोस कदम चालिने बताउनुभयो । साथै बेपत्ता पारिएका सम्बन्धी समस्या समाधानका लागि थुनुवा केन्द्र को स्थापना गर्नुका साथै प्रक्राउ परेका व्यक्तिहरूलाई अविलम्ब कानुनी प्रक्रियामा लैजाने कुरा आयोयलाई बताउनुभयो । (केदारप्रसाद पौड्याल कामु सचिब)

**आयोगका सदस्यहरूद्वारा पूर्व प्र.म.देउवा र पूर्व मन्त्री सिंहसँग भेट**

ललितपुर/२०६२ साउन ३ गते,
राष्ट्रिय मानव अधिकार आयोगले थुनामा राखिनुभएका पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा तथा पूर्व मन्त्री प्रकाशमान सिंहको मानव अधिकार संरक्षणमा विशेष चासो राखेको छ ।

यस सिलसिलामा आयोगका पदाधिकारीहरू संलग्न एक टोलीले आज राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा गई पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा र पहरा गण त्रिपुरेश्वरमा गई पूर्व मन्त्री प्रकाशमान सिंहसँग भेट गऱ्यो । टोलीले उहाँहरूको स्वास्थ्य स्थिति, थुनामा राखिएको कानुनी प्रक्रिया र समग्र मानव अधिकार स्थितिका बारेमा जानकारी लिएको थियो ।

उक्त टोलीमा आयोगका सदस्यहरू सुदीप पाठक, सुशीला सिंह सिलु र गोकुल पोखरेल संलग्न हुनुहुन्थ्यो । ( केदारप्रसाद पौड्याल, कामु. सचिब)

**राष्ट्रिय मानव अधिकार आयोग**

**आयोग पदाधिकारीद्वारा व्यवस्थापिका संसदका अध्यक्षसँग भेट, आयोगको स्वायत्तता र स्वतन्त्रता रक्षामा सघाउन आग्रह**

ललितपुर/२०६६ मङ्सिर ३ गते,
व्यवस्थापिका संसदका सभामुख र राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूबीच आयोगको स्वतन्त्रता र स्वायत्तत्तालाई नयाँ ऐनमा समेत कायमै राख्नु पर्ने विषयमा छलफल भएको छ । छलफलका लागि आयोगका अध्यक्षसहित सदस्यहरू हिजो व्यवस्थापिका संसदका सभामुखको सभाकक्षमा सिंहदरबारमा पुग्नु भएको थियो ।

छलफलका क्रममा आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले मानव अधिकार आयोग ऐन, २०५३ को प्रस्तावनामा राष्ट्रिय मानव अधिकार आयोगलाई 'स्वतन्त्र' र 'स्वायत्त' निकाय भनी उल्लेख गरिएको तर अहिले संविधान सभा संसदमा विचाराधीन मानव अधिकार आयोग विधेयक, २०६६ को ती शब्दहरू नपरेकाले आयोगको स्वतन्त्रता तथा निष्पक्षतामा प्रश्न उठ्न सक्ने बताउनु भयो । अध्यक्ष उपाध्यायले आयोगले नेपालको संविधान र कानुनका अतिरिक्त संयुक्त राष्ट्रसङ्घले जारी गरेको पेरिस सिद्धान्त अनुरूप समेत काम गर्नु पर्ने भएकाले आयोगको स्वतन्त्रता र स्वायत्ततालाई सीमित गर्न नहुनेमा जोड दिनुभयो । आयोगका सदस्य गौरी प्रधानले स्वतन्त्रता र स्वायत्तता बिनाको आयोग संवैधानिक हैसियत प्राप्त भए पनि हिजोको कानुनी हैसियतमा उभिएको आयोग जत्तिको समेत नहुने बताउनुभयो । उहाँले दोस्रो जनआन्दोलन पछि नेपाली जनता अझ बढी स्वतन्त्र र सार्वभौम भएको परिप्रेक्ष्यमा आयोगलाई अझ सशक्त र क्षमतावान् संस्था बनाउँदै लानु पर्ने धारणा राख्नु भयो ।

सभामुख सुवास नेम्वाङले आयोगलाई वर्तमान हैसियतभन्दा अझ सुदृढ गर्नु पर्नेमा आफ्नो मतैक्यता रहेको भन्दै हिजोका उपलब्धिहरूलाई संस्थागत गर्दै अघि बढ्नु पर्ने धारणा राख्नुभयो । आयोगको स्थापनाका लागि भएको सङ्घर्षमा आफ्नो सक्रिय सहभागिता रहेको सस्मरण गर्दै उहाँले सबै राजनीतिक दलका मुख्य सचेतक तथा सभासद्हरूलाई आयोगको स्वतन्त्रता र स्वायत्तता रक्षामा सघाउन अनुरोध गर्ने बताउनु भयो ।

छलफलका अवसरमा आयोगका सदस्यहरू रामनगीना सिंह, डा. लीला पाठक, डा. के.बी. रोकाया, सचिब विशाल खनाल लगायत सहभागी हुनुहुन्थ्यो । (विशाल खनाल, सचिब)

**विविध विषयसंग सम्बन्धित**

**आयोगमा गृह, आपूर्ति र सुरक्षा अधिकारीसँग छलफल**

ललितपुर/ २०६४ फागुन ११ गते,
तराईका ११ जिल्लामा गत फागुन १ गतेदेखि लगातार भइरहेको बन्दले राजधानीलगायत

सिङ्गो देशमा शान्ति सुरक्षा तथा मानव अधिकार स्थिति खस्कँदै गएकाले राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भई आयोगले गृह मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाल आयल निगमका उच्च पदस्थ अधिकारीलाई आज आयोगको कार्यकक्षमा बोलाइ हाल आपूर्तिमा देखिएका कमीकमजोरीहरू, शान्तिसुरक्षाको स्थिति तथा समग्र मानव अधिकारको अवस्थाबारे छलफल गरेको छ ।

तराईका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, मोरङ, सुनसरी र बाँके जिल्लाहरूमा आयोगले गरिरहेको नियमित अनुगमनबाट प्राप्त तथ्यका आधारमा ती जिल्लाहरूको मानव अधिकारको अवस्था अत्यन्तै नाजुक भइरहेको पाइएको छ । लामो समयसम्म जारी आमहडताल तथा बन्दका कारण उपभोक्तालाई दैनिक अत्यावश्यकीय आधारभुत आवश्यकताका वस्तुहरू खाना पकाउने ग्याँस, पेट्रोलियम पदार्थ, खाद्यान्न, औषधीलगायतको आपूर्तिमा गम्भीर असर पर्न गई आमजनताको आधारभूत मानव अधिकारको उल्लङ्घन भइरहेको भन्दै आयोगले अविलम्ब त्यसको प्रभावकारी आपूर्ति व्यवस्था मिलाउन र आवश्यकता अनुसार अत्यावश्यकीय कानुनी लगायत अन्य उपाय अवलम्बन गर्न नेपाल सरकारको ध्यानाकर्षण गरायो ।

साथै, बन्दका कारण सर्वसाधारणले स्वतन्त्ररूपमा आवतजावत गर्न नपाएको, दैनिक उपभोग्य सामग्रीको खरिद बिक्री तथा ढुवानीमा गम्भीर अवरोध सिर्जना भएको, विद्यालय बन्दका कारण नजिकिँदो एसएलसी परीक्षाको तयारीमा जुटेकालगायतका विद्यार्थीहरू शिक्षाको अधिकारबाट वञ्चित भएको तथा तराई, राजधानी लगायत देशका विभिन्न भागमा आमनागरिकको जनजीवन दिनप्रतिदिन अत्यन्त कष्टकर हुँदैगईरहेको पाइएकोले अधारभूत मानव अधिकारको रक्षा गर्न सरकारका सम्बन्धित निकायहरूलाई तत्काल प्रभावकारी कदम चाल्न राष्ट्रिय मानव अधिकार आयोगले निर्देशन दिएको छ । त्यसैगरी, तराई आन्दोलनको क्रममा मृत्यु भएका व्यक्तिहरू, शान्तिसुरक्षामा खटिई मृत्युभएका सुरक्षाकर्मीका परिवारलाई अबिलम्ब क्षतिपूर्ति उपलब्ध गराउन तथा घाईतेहरूको उपचार गर्न एवम् दोषीलाई कानुनबमोजिम कारबाही गर्न सरकारलाई आग्रह गरेको छ ।

सो छलफलमा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगिना सिंह, गौरी प्रधान र डा. के.बी रोकाया तथा सचिब विशाल खनालसमेतको उपस्थिति थियो । साथै, सशस्त्र प्रहरी महानिरीक्षक बासुदेव वली, नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक श्यामसिंह थापा, गृह मन्त्रालयका सहसचिब प्रतापकुमार पाठक, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिब तेजराज शाक्य, नेपाल आयल निगमका उपनिर्देशक इच्छाविक्रम थापा लगायतको उपस्थिति थियो । (विशाल खनाल,सचिब)

## संविधान सभा र निर्वाचन आचार संहिता, २०६४ को पालनाको सम्बन्धमा बर्दिया जिल्लाको अनुगमन

नेपालगंज/ २०६४ फागुन ३०गते,
राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको क्षेत्रीय निर्देशक सहितको टोलीले संविधान सभा र निर्वाचन आचार संहिता, २०६४ को पालनाको सम्बन्धमा हालै बर्दिया जिल्लाको अनुगमन गरेको छ । अनुगमनको क्रममा टोलीले गुलरियास्थित मानव अधिकारकर्मीहरू, पत्रकारहरू, नागरिक समाजका अगुवाहरू, राजनीतिक दलका प्रतिनिधिहरूसँग छलफल गरेको थियो । छलफलमा मानव अधिकारकर्मीहरू तथा पत्रकारहरू स्वयंको तटस्थता, निष्पक्षता, पेशागत धर्म, निर्वाचन आचार सहिता, निर्वाचन पर्यवेक्षण र प्रतिवेदनका विषयहरूसमेत समावेश थिए । छलफको क्रममा प्राप्त सूचना अनुसार निर्वाचन आचारसंहिता विपरित बर्दियाका दुई राजनीतिक दलहरू नेकपा. माओवादी र नेकपा. एमालेले उपस्वास्थ्य चौकी तथा बिद्यालयमा छुट्टा छुट्टै आमसभा आयोजना गरेकोप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगको अनुगमन टोलीले संविधान सभा निर्वाचनकै सन्दर्भमा बर्दिया जिल्लाका प्रमुख निर्वाचन अधिकृत तथा ४ वटै निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतहरू, प्रमुख जिल्ला अधिकारी, सशस्त्र तथा जनपद प्रहरी प्रमुख, जिल्ला निर्वाचन कार्यालय प्रमुखहरूसँग छुट्टा छुट्टै भेट गरी निर्वाचन आचार संहिता, सुरक्षा व्यवस्था, निर्वाचन सामग्रीहरूको पर्याप्त वितरण, संचाकर्मीहरूलाई निर्वाचन सम्बन्धी ताजा अवस्था बारे जानकारी गराउने संयन्त्रको विकास सम्बन्धमा छलफल गरेको थियो । टोलीले क्षेत्र नं. १ अन्तर्गतका कालिका, महम्मदपूर, मैनापोखर, मोतीपुर, बाँसगढी क्षेत्रको स्थलगत अनुगमन गरेको थियो ।

त्यसैगरी आज आयोगको टोलीले संविधान सभा निर्वाचनकै सन्दर्भमा बाँके जिल्लाका प्रमुख निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरू, जिल्ला निर्वाचन कार्यालय प्रमुख, जनपद प्रहरी प्रमुखसँग  भेट गरी निर्वाचन आचारसंहिता, सुरक्षा व्यवस्था, निर्वाचन सामग्रीहरूको पर्याप्त वितरण, निर्वाचन पर्यवेक्षकहरूसँगको समन्वयको आवश्यकता, संचारकर्मीहरूलाई निर्वाचन सम्बन्धी ताजा अवस्था बारे जानकारी गराउने विषयहरू सम्वन्धमा छलफल गरेको थियो । टोलीमा संरक्षण अधिकृतद्वय सरिता ज्ञवाली र हरि ज्ञवाली सहभागी हुनुहुन्थ्यो । (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## रूकुम, सल्यान र दाङ्ग अनुगमन

नेपालगञ्ज/ २०६४ चैत्र ११ गते,
राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगंजका क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई, संरक्षण अधिकृतद्वय पवनकुमार भट्ट र हरिप्रसाद ज्ञवाली सहितको टोलीले हालै

रूकुम र सल्यान जिल्लामा संविधान सभा निर्वाचन तयारी, आपसी समन्वय, शान्ति सुरक्षाको स्थिति तथा प्रबन्ध, मतदाता तथा उम्मेदवारहरूको मताधिकार, प्रचारप्रसार, निर्वाचन आचार संहिताको पालना एवं भयरहित ढगंबाट निर्वाचन सम्पन्न भई जनताको राजनीतिक अधिकारको सुनिश्चितताको सम्बन्धमा अनुगमन गरेको छ। टोलीले अनुगनको क्रममा रूकुम तथा सल्यानका मानव अधिकारकर्मी, निर्वाचन पर्यवेक्षकहरू, पत्रकार, बिभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, मुख्य निर्वाचन/निर्वाचन अधिकृतहरू, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुखहरू तथा नागरिक समाजका प्रतिनिधिहरूसंग छलफल गरेको थियो । यसै सन्दर्भमा टोलीले दाङ्ग तुलसीपुरस्थित मानव अधिकारकर्मी, निर्वाचन पर्यवेक्षक तथा नागरिक समाजका अध्यक्षसँगसमेत छलफल गर्यो ।

अनुगमनको क्रममा समग्रमा पाइएका तथ्यहरू देहायनुसार छन् :-

१. दाङ्गको फुलबारी, उरहरी क्षेत्रमा निर्वाचन चिन्हसहित भित्तेलेखन तथा सामान्य पोष्टरिङ भएको पाइयो ।
२. सल्यान, रूकुमका सदरमुकाम लगायत विभिन्न स्थानहरूका निजि घरहरूमा स्वीकृति बिना तथा सार्वजनिक स्थल, धार्मिक स्थलमा व्यापक मात्रामा रूख, सूर्य, गोलाकार भित्र हसिया हथौडा, हलो, छाता, र गिलास चुनाव चिन्ह अंकित पर्चाहरू टाँसिएको पाइयो ।
३. दलहरूले चुनाव प्रचारको लागि माईकिङ गरेको पाइयो ।
४. सल्यानमा निर्वाचन पर्यवेक्षणका लागि खटिएका पर्यवेक्षकहरू टोपी सहित चुनाव प्रचार प्रसारको लागि दलको चुनाव चिन्ह र झण्डा सहितको गाडीमासँगै हिँडेको पाइयो भने पर्यवेक्षण अनुमति लिएका संस्थाका प्रतिनिधिहरू पनि चुनाव प्रचारमा संलग्न रहेको बुझियो ।
५. रूकुम कारागारका कैदीहरूले पानी चुहिने घरभित्र चिसो भुईंमा सुत्नु पर्ने अवस्था रहेको र राति सुत्ने कोठा भित्रै बाल्टिनमा पिसाब फेर्नु पर्ने अवस्था रहेको पाइयो ।
६. माओवादी श्रम कैदमा अझै रूकुममा १२ जना र सल्यानमा ४ जना रहेको स्वीकार गरेको पाइयो
७. रूकुमका १०१ परिवार विस्थापित पुनर्स्थापित भएको पाइयो ।
८. आयोगबाट विभिन्न मितिमा क्षतिपूर्तिको लागि सिफारिस भएका पीडितका परिवारहरूलाई तत्काल क्षतिपूर्ति रकम उपलब्ध गराउन स्थानीय प्रशासनलाई निर्देशन दिइयो ।
९. माओवादी पक्षबाट गाउँ गाउँमा मतदाताहरूलाई आफ्नो पक्षमा मतदान गर्न धम्क्याएको भन्ने भनाइ रूकुम, सल्यान, दाङका आम गैरमाओवादी पक्षबाट आएको पाइयो ।
१०. निर्वाचन तयारी र शान्ति सुरक्षाको अवस्था सन्तोषजनक रहेको पाइयो भने दलहरूको प्रचार प्रसारमा उल्लेखनीय रूपमा कुनै पनि बाधा अवरोध नरहेको पाइयो ।

अनुगमनका क्रममा पाइएका तथ्यहरूउपर सम्पूर्ण सरोकारवालाहरूले गम्भीरतापूर्वक ध्यानपुर्याई निष्पक्ष, स्वतन्त्र र भयरहीत ढंगले जनताले मताधिकार प्रयोग गर्न पाउने वातावरण तयार गर्न तथा मानव अधिकार रक्षाको पूर्ण प्रत्याभूति गर्दै संविधान सभाको निर्वाचन सफल पार्न राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्ज विशेष आग्रह गर्दछ । (क्षेत्रीय निर्देशक, वेदप्रसाद भट्टराई)

## संविधान सभा आचार सहिंता अनुगमन तथा छलफल

नेपालगंज/ २०६४ चैत्र १५ गते,
राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको संरक्षण अधिकृतद्वय रमेशकुमार थापा र पवनकुमार भट्ट रहेको अनुगमन टोलीले संविधान सभा र निर्वाचन आचार संहिता, २०६४ को पालनाको सम्बन्धमा हालै बर्दिया जिल्लाको राजापुर क्षेत्र तथा जिल्लाका मनाउ, मानपुरटपरा, बदालपुर, नयाँगाउँ, पशुपतिनगर, पाताभार, गोला, दौलतपुर, राजापुर, भिम्मापुर, खैरिचन्दनपुर, सानोश्री, ठाकुरद्धारा, सुर्यपटवा, शिवपुर, नेउलापुर, मोतीपुर क्षेत्रको स्थलगत अनुगमन गरेको छ। अनुगमनको क्रममा टोलीले विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, संविधान सभा निर्वाचनका उम्मेदवारहरू, कार्यकर्ताहरू, मतदाताहरू, नागरिक समाजका प्रतिनिधिहरूसँग भेटघाट तथा छलफल गरेको थियो । अनुगमनको क्रममा टोलीले राजनीतिक दलहरूको चुनावी प्रचार प्रसार कार्यक्रम तथा संविधान सभा निर्वाचन आचार सहिंताको पालना गरे नगरेको, मतदाताहरूले भयरहित बातावरणमा मतदान गर्न पाउने अवस्था भए नभएको, मतदाता शिक्षा, भित्ते लेखन तथा पर्चा पम्पलेटीङको सम्बन्धमा अनुगमन गरेको थियो ।

आयोगको अनुगमन टोलीले संविधान सभा निर्वाचनकै सन्दर्भमा बर्दिया जिल्लाको राजापुर क्षेत्रमा रहेका प्रहरी चौकीका प्रमुखसँग छुट्टा छुट्टै भेट गरी निर्वाचन आचारसंहिता, सुरक्षा व्यवस्था र दलहरूको राजनीतिक गतिविधि तथा प्रहरी चौकीहरूको भौतिक संरचनाको समेत अनुगमन गरेको थियो । अनुगमनको क्रममा टोलीले अनुगमन गरेका क्षेत्रहरूमा राजनीतिक दलहरूले संविधान सभा निर्वाचन आचार सहिंताको पालना गरेका, व्यक्तिगत घर तथा सार्वजनिक स्थलमा पर्चा पम्पलेटीङ नगरेका, शान्तिपूर्ण बातावरणमा चुनाव प्रचार प्रसार गतिविधि गरिरहेको पाइएता पनि मतदाता शिक्षा सम्वन्धी कार्यक्रम प्रभावकारीरूपमा हुन नसकेको पाइयो भने ठाकुरद्धारा बजार क्षेत्र तथा शिवपुर गाविस अन्तरगत पर्ने श्री जगदम्वा उच्च माविको पर्खालमा राजनीतिक दलद्धारा भित्ते लेखन गरेको पाइयो । त्यसै गरि नागरिकको शान्ति सुरक्षाको जिम्मेवारी लिएको प्रहरी चौकी मनाउको भौतिक संरचनाको अवस्था एकदमै नाजुक रहेको पाइयो ।

साथै, बाँके जिल्लाको नेपालगञ्जस्थित त्रिभुवन चौकमा १४ चैत्र २०६४ मा मधेशी जन अधिकार फोरम र तराई मधेसी लोकतान्त्रीक पार्टीका कार्यकर्ताहरू बीच भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यान आर्कषण भएको छ। अतः संविधान सभा निर्वाचन आचार सहिंताको पूर्ण पालना गर्दै भयरहीत एवं शान्तिपूर्ण रूपमा जनताले मताधिकार प्रयोग गर्न पाउने तथा उम्मेदवारहरूलाई निर्वाचित हुन पाउने अधिकारबाट वञ्चित नगर्ने दिशातर्फ प्रतिवद्धरहँदै उच्चसंयमता अपनाउन सम्बन्धित सबै पक्षलाई आग्रह गर्दछ। (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## संविधान सभा निर्वाचन आचार सहिंता अनुगमन

पोखरा/ २०६४ चैत्र १५ गते,
विगत केही दिनदेखि कास्कीका जिल्लामा संविधान सभा निर्वाचनको प्रचार प्रसारको क्रममा राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल) द्वारा आयोजना गरिएको कार्यक्रम स्थलमा केही राजनीतिक दलका युवा कार्यकर्ताहरूद्वारा आक्रमण गरी कार्यक्रममा सहभागी नेता तथा कार्यकर्ताहरू माथि कुटपिट तथा डर, धाक धम्की देखाउने कार्य भैरहेको तथा यसै जिल्ला अन्तर्गत लेखनाथ नगर पालिकाको सिशुवाचौकमा नेकपा माओवादीका कार्यकर्ताहरूमाथि चैत्र १२गते भएको हमला प्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त कार्यहरूबाट संविधान सभा निर्वाचनमा निर्वाध रूपमा मतदान गर्ने तथा राजनीतिक दल तथा उम्मेदवारहरूले राजनीतिक गतिविधि संञ्चालन गरी निर्वाचित हुन पाउने लगायत अभिव्यक्तिको स्वतन्त्रता तथा आवतजावत गर्ने स्वतन्त्रता आदि जस्ता आधारभूत मानव अधिकार तथा निर्वाचन आचारसंहिता समेतको हनन् हुन पुगेको छ ।

यस कार्यालय उल्लेखित कार्यहरू गर्ने पक्षलाई त्यस्ता कार्यहरू पुनः नदोहऱ्याई संविधान सभा निर्वाचनलाई स्वच्छ र निर्भय रूपमा सम्पन्न हुने वातावरण तयार गर्न सम्बन्धित राजनीतिक दलहरूलाई आग्रह गर्दछ । साथै त्यस्ता कार्यक्रमहरूमा पर्याप्त सुरक्षा प्रबन्ध मिलाउन र दोषी माथि कानुनी कारवाही गर्न नेपाल सरकारलाई समेत अनुरोध गर्दछ । (अच्युत आर्चाय, नि.निर्देशक)

## भारतीय मानव अधिकार आयुक्तको आयोग भ्रमण

ललितपुर/२०६५जेठ २ गते,
भारतीय राष्ट्रिय मानव अधिकार आयोगका पूर्व अध्यक्ष तथा भारतको सर्वोच्च अदालतका पूर्वप्रधान न्यायाधीश जगदीश शरण वर्माले नेपाल र भारतका सरकारहरू मानव अधिकार आयोगले गरेका सिफारिसहरू लागू गर्न त्यत्ति सचेत नदेखिएको बताउनु भएको छ । राष्ट्रिय मानव अधिकार आयोग नेपालको ललितपुरस्थित केन्द्रीय कार्यालयको भ्रमण गर्ने क्रममा आयोजित स्वागत कार्यक्रममा सन् १९९९ देखि २००३ सम्म भारतीय राष्ट्रिय मानव अधिकार आयोगका प्रमुख समेत रहनु भएका वर्माले आज उक्त कुरा बताउनु भएको हो । उहाँले **मानव अधिकार संरक्षणको विषय नाफामूलक नभएका**ले सरकारहरू मानव अधिकार संरक्षणसम्बन्धी कार्य गर्ने संस्थाहरूलाई पर्याप्त बजेट दिन आनाकानी गर्ने नेपाल र भारतको अनुभवले देखाउँछ भन्नुभयो ।

'मानव अधिकारको संरक्षण र प्रवर्द्धन हरेक मानव अधिकार आयोगको पहिलो प्राथमिकता हुने भए पनि मेरो विचारमा नेपालको मानव अधिकार आयोगले अब बन्ने संविधान निर्माणमा आफ्नो ध्यान केन्द्रित गर्नु पर्दछ' न्यायाधीश वर्माले सुझाव दिनु भयो । उहाँले देशको मूल कानुन मानिएको

**राष्ट्रिय मानव अधिकार आयोग**

संविधान नै मानव अधिकारमैत्री हुन सकेमा नागरिकको मानव अधिकार संरक्षण गर्न ज्यादै सजिलो हुने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा बोल्दै आयोगका अध्यक्ष माननीय केदारनाथ उपाध्यायले आयोगका सिफारिसहरू कार्यान्वयन गर्न नागरिक समाजसँगको सहयोग र सहकार्यलाई बढाउनु पर्ने बताउनु भयो । विशिष्ट अतिथिहरूलाई स्वागत गर्दै आयोगका सचिव विशाल खनालले राष्ट्रिय मानव अधिकार आयोगका काम, कर्तव्य र वर्तमान अवस्थामा भोगिरहेका चुनौतिहरूका बारेमा सङ्क्षेपमा जानकारी गराउनु भएको थियो । कार्यक्रममा भारतका वरिष्ठ अधिवक्ता वेंकटरमन, आयोगका सदस्य माननीय गौरी प्रधानलगायतको उपस्थिति थियो ।(भानुभक्त आचार्य प्रवर्द्धन/सञ्चार अधिकृत)

**आयोगका सिफारिस कार्यान्वयन गर्न सरकारलाई निर्देशन**

ललितपुर/२०६५ जेठ २१ गते,
राष्ट्रिय मानव अधिकार आयोगले अहिलेसम्म गरेका सिफारिसहरू सरकारले तदारूकताका साथ कार्यान्वय नगरेको स्मरण गराउदै प्रधानमन्त्रीको कार्यालयका सचिव माधव पौडेललाई आज आयोगमा बोलाइ आयोगका सिफारिसहरूलाई सरकारले प्राथमिकताका साथ कार्यान्वयन गर्न निर्देशन दिएको छ ।

आयोगका कर्मचारी दयाराम परियारको जनकपुरमा सुरक्षाकर्मीको गोली प्रहारबाट मृत्युभएको, कोटवाडा कालिकोट घटनामा नेपाली सेनाद्वारा निर्दोष श्रमिकहरूको हत्या गरेको, जनकपुरमा संजीव कर्णलगायत ५ जनाको हत्या भएको लगायतका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरूमा आयोगका सिफारिसहरू कार्यान्वयन हुन नसकेको प्रति गम्भीर चासो प्रकट गर्दै आयोगका पदाधिकारीहरूले सचिव पौडेल मार्फत् सरकारको ध्यानाकर्षण गराउनु भएको थियो । आयोगका सिफारिसहरू कार्यान्वयन गर्न कुनै कानुनी जटिलता भए त्यसलाई सुल्झाउन आवश्यक सहयोग गर्न आयोग तयार रहेको जानकारी पनि सरकारलाई गराइयो । स्थापना कालदेखि हालसम्ममा गरेका १८७ सिफारिसहरूमध्ये ३८ सिफारिस मात्र आंशिक वा पूर्णरूपमा कार्यान्वयन हुनुलाई आयोगले गम्भीरताका साथ लिएको छ ।

प्रधानमन्त्री कार्यालयका सचिव माधव पौडेलले सरकार मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्न पूर्ण प्रतिबद्ध रहेको र त्यस सम्बन्धमा सरकारले गरिरहेका काम कारबाहीबारे जानकारी गराउनु भएको थियो । उहाँले आयोगका सिफारिसहरूको कार्यान्वयनका सम्बन्धमा सम्बन्धित निकायमा जानकारी गराइसकिएको र केही मात्रामा कार्यान्वय भइसकेको र बाँकी कार्यान्वयन हुने क्रममा रहेको बताउनु भयो ।

सरकारले मानव अधिकार सन्धि अनुगमनसम्बन्धी कतिपय आवधिक प्रतिवेदनहरू सोझै जेनेभास्थित राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयमा पठाउनुभन्दा संवैधानिक

अङ्गको हैसियत प्राप्त गरेको राष्ट्रिय मानव अधिकार आयोगसँग अनिवार्य परामर्श गर्न समेत सरकारको ध्यानाकर्षण गराएको छ ।

त्यसैगरी आयोगको कार्यालयमा सर्वसाधारणको पहुँचलाई अझ सहज बनाउन तथा आयोग रहेको भवन जीर्ण भएकाले उपयुक्त व्यवस्था गर्न पनि छलफलका क्रममा सरकारको ध्यानाकर्षण गराइएकोमा सचिब पौडेलले आवश्यक सहयोग गर्न सरकारका तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुभयो । छलफलमा आयोग अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगीना सिंह, गौरी प्रधान, डा. लिला पाठक, डा. के.बी. रोकाया र सचिब विशाल खनाल उपस्थित हुनुहुन्थ्यो । (विशाल खनाल, सचिब)

## धनगढीको घटना सम्बन्धमा आयोगद्वारा सुरक्षा प्रमुखहरूसँग छलफल

धनगढी/ २०६५जेठ २७ गते,
राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिामाञ्चल क्षेत्रीय कार्यालय, धनगढीले मिति २०६५/२/१५ गते धनगढीमा घटेको घटनाको अनुसन्धानको सिलसिलामा आज कैलाली जिल्लाका सुरक्षा प्रमुखहरूलाई कार्यालयमा बोलाई घटनाका बारेमा विस्तृत जानकारी लिएको छ ।

गत जेठ १५ गते जिल्ला प्रशासन कार्यालय अगाडी प्रहरी र सर्वसाधारणबीच भएको झडपका क्रममा गोली लागि ३ जना व्यक्तिको मृत्यु र अन्य केही सर्वसाधारण र प्रहरीहरू समेत घाईते भएका थिए ।

सो घटनाको अनुसन्धान गरिरहेको आयोगले आज प्रमुख जिल्ला अधिकारी क्षेत्र बहादुर भण्डारी, प्रहरी उपरिक्षक सुरेश कुमार के.सी. र प्रहरी नायव उपरिक्षक भोला रावललाई छलफलका लागि कार्यालयमा बोलाएको हो । छलफलमा आयोगबा तर्फबाट निमित्त क्षेत्रीय निर्देशक कोषराज न्यौपाने, संरक्षण अधिकृत बद्री प्रसाद सुवेदी र मानव अधिकार अधिकृत दिपेन्द्र वहादुर सिंहको उपस्थिति थियो ।

यस अघि नै अनुसन्धानको क्रममा आयोगले मृतकका परिवार, घाइतेहरू, घटनाका प्रत्यक्षदर्शीहरूसँग समेत भेटघाट गरी घटनाको बारेमा आवश्यक जानकारी लिएको थियो । (कोषराज न्यौपाने, नि. क्षेत्रीय निर्देशक )

## क्षेत्रीय प्रमुखहरूसँग समन्वयात्मक बैठक र अनुगमन ।

नेपालगंज /२०६५ असार १ गते, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जका क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई तथा संरक्षण अधिकृत मोहनदेव जोशी सहितको टोलीले हालै सुर्खेतमा मध्यपश्चिम क्षेत्रका क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रहरी प्रमुख, पृतनापति, नि.क्षेत्रीय

**राष्ट्रिय मानव अधिकार आयोग**

शिक्षा निर्देशक, प्रमुख जिल्ला अधिकारीसँग यस क्षेत्रका मानव अधिकारसँग सम्बन्धित विषयमा छुट्टाछुट्टै भेट गरी समन्वयात्मक बैठक तथा छलफल गरेको छ । सोही क्रममा सुर्खेत कारागार को पछिल्लो अवस्था बारे अनुगमन तथा पाठ्यपुस्तकको सहज र शीघ्र आपूर्तिको माग गर्दै सुर्खेतस्थित विद्यालयका बालबालिकाहरूले गरेको प्रर्दशनकोसमेत अनुगमन गरेको छ । समन्वयात्मक बैठक तथा अनुगमनपश्चात मध्यपश्चिम क्षेत्रको पछिल्लो समयको मानव अधिकार को अवस्थाको सम्बन्धमा सुर्खेतस्थित सञ्चारकर्मी तथा मानव अधिकारकर्मीहरूसँग अन्तर्कृया तथा छलफलसमेत गरेको छ ।

मध्यपश्चिम क्षेत्रका प्रशासन, शिक्षा तथा सुरक्षा निकायका प्रमुखहरूसँग देहायका विषयमा छलफल भई आगामी दिनमा यस क्षेत्रका १५ वटै जिल्लाका प्रशासन प्रमुख तथा सुरक्षा निकायका प्रमुखहरू तथा सरकारी निकायका प्रमुखहरूलाई मानव अधिकारको सवालहरूमा अत्यन्त संवेदनशील भई कार्य गर्न, सुशासनको प्रत्याभूति दिँदै दण्डहीनताको स्थिति अन्त्य गर्न क्रियाशील रहन आग्रह गरिएकोछ ।

छलफलका विषयहरू:

१. आयोगबाट भएका यस क्षेत्रसँग सम्बन्धित सबै निर्णयहरू कार्यान्वयन गर्नु पर्ने, पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने तथा दोषीउपर कार्वाही नभएको सम्बन्धमा ।
२. वेपत्ता पारिएको नागरिकहरूको खोजी तथा अनुसन्धान सम्बन्धमा ।
३. दैलेख, जाजरकोट, रूकुम र कर्णालीमा रहेको “सट्टा शिक्षक” समस्या सम्बन्धमा ।
४. जाजरकोटको सडक आवागमन समस्या, रूकुम र कर्णालीको अव्यस्थित हवाई सेवा प्रणाली तथा सुर्खेत विमानस्थलमा अलपत्र परेका यात्रुहरूको सम्बन्धमा ।
५. विस्थापितहरू घर फर्कन सके नसकेको सम्बन्धमा ।
६. बढ्दो हत्या , हिंसा, शान्ति सुरक्षाको व्यवस्था तथा सुशासनको सम्बन्धमा ।
७. थुना वा हिरासतमा दिने गरिएको यातना बन्द गर्नु पर्ने विषयमा ।
८. कारागारमा राख्ने गरिएका बालबालिकाहरूको सम्बन्धमा ।
९. दुर्गम जिल्लाहरूमा हुने गरेको खाद्य आपुर्तिको समस्या सम्बन्धमा ।
१०. पाठ्यपुस्तकको कमजोर आपुर्ति व्यवस्थामा क्षेत्रीय स्तरबाट भएको प्रयास र बालबालिकाको अधिकार, प्रदर्शन र विरोध सम्बन्धमा ।
११. माओवादी श्रम शिविरमा प्यूठान, रूकम, जाजरकोट, सल्यानमा अझै रहेका भनिएका मानिसहरूको उद्दार गर्नु पर्ने सम्बन्धमा ।
१२. सुर्खेत कारागारमा क्षमता भन्दा झण्डै ३ गुणा बढी रहेका थुनुवा तथा वन्दीहरूको अवस्था, स्वास्थ्य, सञ्चार सम्बन्धी समस्याहरूका सम्बन्धमा ।
१३. राष्ट्रिय मानव अधिकार आयोग तथा मध्यपश्चिम क्षेत्रका सबै प्रशासनिक निकायहरू बीच मानव अधिकारका सवालहरूमा प्रभावकारी समन्वय विस्तार गरिनु पर्ने सम्बन्धमा ।

माथि उल्लेखित सम्पूर्ण समस्याहरूप्रति आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्ज गम्भीर रहँदै तिनको प्रभावकारी निराकरण र मानव अधिकारको संरक्षण र सुनिश्चितताकोलागि सम्पूर्ण सरोकारवालाहरूको ध्यानाकर्षण गराउन चाहन्छ । (वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## प्रहरी सङ्गठनभित्र भएका घटनासम्बन्धमा, नेपाल सरकारलाई आयोगको सिफारिस

ललितपुर/२०६५ असार २९ गते, हालसालै नेपालगञ्जस्थित विभिन्न प्रहरी कार्यालयहरू (जनपद तथा सशस्त्र) का प्रमुख तथा अधिकृतहरूलाई तल्लो दर्जाका प्रहरीहरूले निजहरू उपर विभेदपूर्ण व्यवहार भएको र सङ्गठनमा अनियमतिता गरेको भनी नियन्त्रणमा लिएको र त्यस्ता कृयाकलापबाट शान्ति सुरक्षा र सर्वसाधारणको मानव अधिकारमा समेत असर पर्ने भएकाले त्यस्ता घटनाहरूप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

यस प्रकृतिका समस्याबाट हुनसक्ने शान्ति सुरक्षामा संवेदनशीलता र मानव अधिकार उल्लङ्घनलाई रोकथामका निम्ति सावधानीका निम्न उपायहरू अवलम्बन गर्न आयोगले नेपाल सरकार प्रधानमन्त्रीको कार्यालयलाई लेखिपठाएको छ र यसको बोधार्थ एवम् कार्यार्थ गृहमन्त्रालयलाई पठाइएको छ-

प्रहरी सेवाका विभिन्न तहका कर्मचारीहरूबीच विद्यमान भेदभावको स्थिति र अनियमितता सम्बन्धी सत्यतथ्य पत्ता लगाई त्यसलाई हटाउने सम्बन्धमा छलफल लगायतका शान्तिपूर्ण प्रकृया अवलम्बन गर्नु पर्ने,

कुनै पनि खालको अत्यधिक शक्ति (Excessive Force) प्रयोग नगरी शान्तिपूर्ण वातावरण बनाउन तथा जीउज्यान र सम्पतिको नोक्सानी नहुने अवस्था सिर्जना गर्नु पर्ने,

प्रहरी सङ्गठनमा अनुशासन र 'चेन अफ कमान्ड' (Chain of Command) पनि महत्वपूर्ण हुने भएकाले सो कायम गर्ने सम्बन्धमा कानुनी प्रक्रिया अवलम्बन गर्ने । (विशाल खनाल, सचिब)

## रोम विधान अनुमोदन गर्न सरकारलाई सिफारिस

ललितपुर/२०६५ साउन २२ गते,
राष्ट्रिय मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ (२) (छ) अनुसार अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ । रोम विधानसम्बन्धी आयोगले गरेको अध्ययन प्रतिवेदन समेत संलग्न गरी आयोगले आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सिफारिस पत्र पठाएको हो ।

सिफारिस पत्रमा रोम विधान अनुमोदन गर्न पुनःस्थापित प्रतिनिधिसभाले वि.सं. २०६३ साउन ३ गते सङ्कल्प प्रस्ताव पारित गरी नेपाल सरकारलाई निर्देशन दिएको तथा वि.सं. २०५९ को रिट नं. २९४२ का सम्बन्धमा सर्वोच्च अदालतले मानवीय कानुनसम्बन्धी सन् १९४९ को जेनेभा महासन्धिलाई व्यवहारमा लागू गर्न आवश्यक कानुन निर्माणका लागि नेपाल सरकारका नाममा आदेश जारी गरेको स्मरण गराइएको छ । जेनेभा महासन्धिमा उल्लिखित मानवता विरूद्धको अपराधलाई रोम विधानले स्पष्ट रूपमा सम्बोधन गर्ने भएकाले आयोगले रोम विधानलाई अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिस गरेको हो ।

### राष्ट्रिय मानव अधिकार आयोग

आयोगको सिफारिस पत्रमा भनिएको छ, 'मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाहरूले रोम विधानलाई अनुमोदन गर्न लामो समयदेखि पटक-पटक नेपाल सरकारको ध्यानाकर्षण गराउँदै आएको र मानव अधिकार, मानवीय कानुन तथा फौजदारी न्यायको सन्दर्भमा समेत रोम विधान कोशेढुङ्गा हुने भएकाले यसलाई तत्काल अनुमोदन गर्नु उपयुक्त देखिन्छ।'

आमनरसंहार, मानवता विरूद्धको अपराध, युद्ध अपराध, आक्रमणको अपराध जस्ता अति गम्भीर अपराधहरूमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार स्वतः हुने भएकाले त्यस्ता अपराधका अभियुक्त उपर कारबाही गर्न यो अनुमोदनले मार्ग प्रशस्त गर्नेछ। साथै, यसको अनुमोदनले मानव अधिकारलाई सुदृढ गर्न र दण्डहीनताको संस्कृतिको अन्त्य गर्न थप सघाउ पुग्नेमा आयोग विश्वस्त छ। (विशाल खनाल, सचिब)

### श्रृखलाबद्ध बम विष्फोट सम्बन्धमा आयोगको ध्यानकर्षण

पोखरा/२०६५ साउन २३ गते,
मिति २०६५ साल साउन २२ गते बुधवार साझ पोखराको सभागृहचोक र सृजनाचोकको सर्वसाधारण हिड्डुल गरिरहने सार्वजनिक स्थलमा श्रृखलाबद्ध बम विस्फाट भएको र सो विस्फोटनमा परी ६ जना घाइते भएका सो मध्ये एकजनाको अवस्था गम्भीर रहेको भन्ने विभिन्न समाचार माध्याममा प्रकासित तथा प्रसारित समाचारवाट यस कार्यालयको गम्भीर ध्यानकर्षण भएको छ।

उपरोक्त घटनाले प्रत्येक व्यक्तिको शान्तिपूर्ण तरिकाबाट बाँच्न पाउने तथा सामान्य अवस्थामा देशको जुनसुकै भागमा हिडडुल गर्न पाउने अधिकारमा गम्भीर असर पुग्न गएको छ। सो घटना घटाउन जिम्बेवार व्यक्तिहरूलाई कानुनको दायरामा ल्याई घटनाबाट पीडितहरूको स्वास्थ्य उपचारकाो सम्पूर्ण व्यवस्था गर्न तथा शान्ति सुरक्षामा थप सतर्कता अपनाउन यो कार्यालय सरकारलाई अनुरोध गर्दछ। (अच्युत आर्चाय, नि.निर्देशक)

### उपप्रधान तथा गृहमन्त्री र आयोग पदाधिकारीबीच छलफल (आयोगका सिफारिस कार्यान्वयन गर्न आयोगको जोड)

ललितपुर /२०६५ मंसिर ४ गते,
उपप्रधान तथा गृहमन्त्री बामदेव गौतमले राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरू यथाशीघ्र कार्यान्वयन गर्ने तर्फ नेपाल सरकार प्रतिवद्ध रहेको बताउनु भएको छ। आयोगका पदाधिकारीहरूसँग भएको छलफलमा मन्त्री गौतमले भन्नुभयो, 'मानव अधिकार उल्लङ्घन र ज्यादति सम्बन्धी आयोगले गरेका सिफारिसहरू कार्यान्वय गर्न सरकारले पर्याप्त चासो दिनेछ र गृहमन्त्रालय र आयोगबीचको कार्यगत समन्वयलाई अझ सुदृढ बनाउनु पर्छ।'

छलफलमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले शान्तिसुरक्षाको अवस्थामा पर्याप्त सुधार नभई नागरिकले सबै अधिकारहरूको उपभोग प्रभावित हुनेतर्फ मन्त्री गौतमको ध्यानाकर्षण गराउनु भएको थियो । अध्यक्ष उपाध्यायले पूर्वी तथा मध्य तराईका जिल्लाहरूको सुरक्षास्थिति अझै सुदृढ हुन नसकेको, त्यहाँ दिनहुँ अपहरण, जबर्जस्ती चन्दा र हत्याका घटनाहरू भइरहेका, आयोगका सिफारिसहरू कार्यान्वयन गर्नेतर्फ सरकारले पर्याप्त चासो नदिएको लगायतका विषयमा आयोगको गम्भीर चासो प्रकट गर्नुभयो । उहाँले विस्तृत शान्ति सम्झौताको नियमित अनुगमन गर्न आयोगलाई जिम्मेवारी दिएको तर सरकारले दाङ र कपिलवस्तु घटनामा दोषी पाइएकाहरू लगायतको मुद्दा फिर्ता लिएकाले दण्डहीनताको अवस्था कायमै रहन सक्ने औंल्याउनु भयो ।

आयोगका सदस्य रामनगीना सिंहले मानव अधिकार उल्लङ्घनका घटनामा प्रहरीहरूको संलग्नता पाइएको र विभिन्न जिल्लाबाट धानबाली लुट्न कतिपय राजनीति दलका कार्यकर्ता र आपराधिक गिरोह सक्रिय रहेको तर्फ गृहमन्त्रीको ध्यानाकर्षण गराउनु भयो । त्यसैगरी आयोगका सदस्य गौरी प्रधानले राजनीतिक दलका युवा दस्ताले कानुन हातमा लिने काम गरिरहेकाले त्यस्ता घटनामा दोषी पाइएकालाई राजनीतिक सहमतिमा उन्मुक्ति दिन नहुने बताउनु भयो । उहाँले आयोगका कर्मचारी दयाराम परियारको हत्यामा दोषी पाइएका प्रहरी कर्मचारीलाई सरकारले कानुनी कारबाही नगरेको तर्फ गृहमन्त्रीको ध्यानाकर्षण गराउनु भयो । आयोगका सदस्य डा. लीला पाठकले महिला हिंसाका घटनामा प्रहरीले उजुरी दर्ता नगरेका उजुरीहरू आयोगले प्राप्त गरिरहेको अवस्थाबारे जानकारी गराउँदै महिलाको संरक्षणमा जिल्ला प्रशासन कार्यालयले अभिभावकको भूमिका निर्वाह गरोस् भनी गृहमन्त्री समक्ष आग्रह गर्नुभयो ।

छलफलमा बोल्दै गृहमन्त्री बामदेव गौतमले सरकार दण्डहीनताको अन्त्य गर्न र काननुको परि पालन गर्न लगाउन कटिबद्ध रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'मानव अधिकारको अवस्था बिग्रनु भनेको देशकै प्रतिष्ठा खस्कनु हो । हिजोको द्वन्द्वको अवशेषका रूपमा अझै पनि हिंसात्मक गतिविधिहरू भइरहेका छन् । तिनलाई नियन्त्रण गरी सुशासन कायम गर्न र कानुनलाई हातमा लिई आफूखुशी गर्न दिंदैनौं ।' छलफलमा गृहसचिब डा. गोविन्द कुसुम, प्रहरी महानिरीक्षक हेमबहादुर गुरूङ, सशस्त्र प्रहरी महानिरीक्षक वासुदेव ओली, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख धनसिंह कार्की, प्रहरी अतिरिक्त महानिरीक्षक रविन्द्र श्रेष्ठ, प्रहरी उपमहानिर्देशक (मानव अधिकार) विनोद सिंह, आयोगका सचिब विशाल खनाल लगायतको उपस्थिति थियो । (विशाल खनाल, सचिब)

## आयोगका सिफारिस कार्यान्वयन गर्न मन्त्रालयलाई पत्राचार, सरकारको सक्रियताबाट आयोग उत्साहित

ललितपुर/२०६६ साउन २८ गते,
राष्ट्रिय मानव अधिकार आयोगले २०५८ सालदेखि हालसम्म गरेका सिफारिसहरू कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले देखाएको सक्रियताबाट आयोग उत्साहित भएको छ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न समयमा गरेका सिफारिसहरू कार्यान्वयन गर्ने सम्बन्धमा सरकारले सम्बन्धित मन्त्रालयहरूलाई गरेको पत्राचार आयोगले प्राप्त गरेको छ। विगत द्वन्द्वको समयदेखि हालसम्म मानव अधिकार उल्लङ्घनसम्बन्धी आयोगले गरेका सिफारिसहरू कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गृह, रक्षा र शान्ति तथा पुनःनिर्माण मन्त्रालयहरूलाई साउन २३ गते पत्राचार गरेको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी गरिएको पत्रमा 'आयोगबाट भएको उपरोक्त सिफारिसहरूमध्ये यसअघि केकति कार्यान्वयन भएका छन् र पीडित पक्षलाई के-कति क्षतिपूर्ति उपलब्ध गराइएको छ, सो को पीडित पक्षको नामावलीसहितको यथार्थ विवरण समेत अविलम्ब पठाई राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयमा पूर्ण सहयोग गरिदिन हुन आदेशानुसार अनुरोध छ' भन्ने व्यहोरा उल्लेख छ ।

आयोगका सिफारिसहरू कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले देखाएको यो सक्रियताका निम्ति राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ । (वेदप्रसाद भट्टराइ, निर्देशक)

**माओवादी पीडितहरूका तर्फबाट आयोगमा ज्ञापन, सिफारिस कार्यान्वयन गर्न आयोगले थप पहल गर्ने**

ललितपुर / २०६५ मंसिर ३०गते,
सरकार-माओवादी द्वन्द्वको समयमा नेकपा (माओवादी) बाट पीडित भएका व्यक्तिहरूको संस्था नेपाल माओवादी पीडित सङ्घ र माओवादी पीडित राष्ट्रिय सङ्घर्ष समितिले आफूहरूलाई शीघ्र पुनःस्थापित गर्न माग गर्दै आज राष्ट्रिय मानव अधिकार आयोग समक्ष ज्ञापनपत्र बुझाएका छन् । ज्ञापनपत्र बुझ्दै आयोगका सदस्य गौरी प्रधानले पीडितहरूका माग र चासोलाई सर कारसमक्ष पुऱ्याउन आयोगले थप पहल गर्ने बताउनु भयो । उहाँले भन्नुभयो, 'द्वन्द्वका क्रममा आन्तरिक रूपमा विस्थापित भएकाहरूका सम्बन्धमा आयोगले विभिन्न मितिमा नेपाल सरकार लाई सिफारिस गरिसकेको छ। ती सिफारिसहरूलाई कार्यान्वयन गराउन आयोगले तत्काल पहल गर्नेछ ।'

ज्ञापनपत्र बुझाउँदै नेपाल माओवादी पीडित संघका अध्यक्ष धर्मराज  न्यौपाने र माओवादी पीडित राष्ट्रिय सङ्घर्ष समितिका संयोजक भोजराज तिमिल्सिना लगायतले गणतन्त्र स्थापना भई संविधान सभा निर्वाचन सम्पन्न भईसक्दा समेत माओवादी ज्यादति कायमै रहेको र कब्जा भएका सम्पति फिर्ता नपाएको गुनासो गरे । आफ्नो घरजग्गा निःशर्त फिर्ता पाउनु पर्ने, आफ्नो पूर्ववर्ति थातथलोमा जान र पुनर्वास गर्न पाउनु पर्ने, उचित क्षतिपूर्ति पाउनु पर्ने, विस्थापितका बालबालिकाको औषधोपचार र निःशुल्क शिक्षाको व्यवस्था हुनु पर्ने लगायतका मागहरू पूरा

गराउन पहल गरिदिन उनीहरूले आयोग समक्ष आग्रह गरे । साथै, विगतमा मानव अधिकार उल्लङ्घन र ज्यादतिमा संलग्न भएकाहरूलाई कानुन बमोजिम कारबाही नभएसम्म आफ्नो आन्दोलन जारी रहने बताए । छलफलको क्रममा आयोगका तर्फबाट सदस्यहरू डा. लीला पाठक र डा. के. बी. रोकाया लगायतको उपस्थिति थियो ।

तत्कालीन नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ मङ्सिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौताको दफा ५ (१) ८, कब्जा गरिएका सम्पति फिर्ता गर्ने, दफा ५ (२) ८ मा विस्थापितलाई आ-आफ्नो थातथलोमा फिर्ता जान दिने उल्लेख छ । त्यसैगरी, नेपाल सरकार र नेकपा (माओवादी) बीच मिति २०६४ कार्तिक ८ गते सम्पन्न २३ बुँदे सहमतिमा १ महिनाभित्र विस्थापितहरूको कब्जा गरिएको घरजग्गा तथा अन्य सम्पति फिर्ता गर्ने उल्लेख छ । (यज्ञप्रसाद अधिकारी, निमित्त सचिव)

## मानव अधिकारमैत्री संविधान निर्माणसम्बन्धी कार्याशाला

जनकपुर/२०६५ पुस १ गते,
राष्ट्रिय मानव अधिकार आयोगको जनकपुर सम्पर्क कार्यालयले 'मानव अधिकारमैत्री संविधान निर्माणमा हाम्रो भूमिका" विषयक दुईदिने कार्यशाला सम्पन्न गरेको छ । गत मङ्सिर ३० र पुष १ गते सञ्चालन भएको उक्त कार्यशालामा प्रमुख अतिथिका रूपमा बोल्दै आयोगका सदस्य रामनगीना सिंहले मानव अधिकारमैत्री संविधान भएमा मात्रै सबै किसिमका द्वन्द्वहरू न्युनीकरण हुने र देश शान्ति र विकासतर्फ अग्रसर हुनसक्ने बताउनु भयो । उहाँले भन्नुभयो, 'मानव अधिकार सम्मत् संविधानमा सबै वर्ग, क्षेत्र र समुदायका आवाजहरूलाई समेटिएको हुन्छ । यसले उनीहरूलाई राष्ट्रिय एकतामा गोलबद्ध गराउँछ ।' सदस्य सिंहले मानव अधिकारमैत्री संविधान निर्माण गर्न आयोगले देशव्यापी रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको बताउनु भयो । सबै क्षेत्रबाट प्राप्त राय-सुझावहरूलाई संकलन तथा संश्लेषण गरी संविधान सभा समक्ष प्रस्तुत गरिने कुराको जानकारी समेत उहाँले दिनु भएको थियो । कार्यक्रममा विशेष अतिथिको रूपमा बोल्दै सभासद रामसरोज यादवले मानव अधिकारमैत्री संविधान निर्माणका लागि आफ्नो तर्फबाट संविधान सभामा विषेश पहल गर्ने प्रविद्धता व्यक्त गर्नु भयो । त्यसैगरी पुनरावेदन अदालतका माननीय न्यायाधीश डा. हरिवंश त्रिपाठीले दण्डहीनताको अन्त्यका लागि सबैको पहल आवश्यक रहेको औंल्याउनु भयो ।

कार्यशालामा पुनरावेदन अदालत जनकपुरका न्यायाधीश डा. हरिवंश त्रिपाठीले 'मानव अधिकार मैत्री संविधान निर्माणमा विधिको शासनको अनिवार्यता' विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने आयोगका विधिविषय परामर्श महाशाखाका प्रमुख शंकरनाथ अधिकारी तथा योजना महाशाखाका सूर्यबहादुर देउजाले संविधान निर्माण प्रक्रिया तथा मानव अधिकारमैत्री संविधानका विषयमा प्रशिक्षण दिनु भएको थियो । कार्यक्रममा मानव अधिकारको क्षेत्रमा कार्यरत संघसंस्थाका

प्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू, कानुन व्यवसायी, पत्रकार, नागरिक समाजका प्रतिनिधि लगायतको उपस्थिति थियो । आयोग सदस्य रामनगीना सिंहबाट उद्घाटन भएको उक्त कार्यशालामा मध्यमाञ्चल क्षेत्रका ७ जिल्लाबाट विभिन्न संस्थाका प्रतिनिधिहरू सहभागी हुनुहुन्थ्यो। कार्यक्रममा आयोगको जनकपुर सम्पर्क कार्यालय प्रमुख बुद्धनारायण साहनी लगायतको उपस्थिति थियो । (बुद्धनारायण सहनी, कार्यालय प्रमुख)

## आयोगमा मानव अधिकार हटलाइन सुरू

ललितपुर/२०६५ माघ १५ गते, मानव अधिकार आयोगको संरक्षण र प्रवर्द्धनको कार्यलाई अझ प्रभावकारी बनाउने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोगले हटलाइन टेलिफोनको व्यवस्था सुरू गरेको छ। चौबिसै घन्टा खुला रहने यो हटलाइन सेवा मार्फत् पीडित र सरोकारवालाहरूको उजुरी तथा अन्य गुनासोहरूका बारेमा आयोगमा उजुरी गर्न सकिने छ। हटलाइन टेलिफोन नम्बर २-११-११-११ (दुई एघार एघार एघार) हो । मानव अधिकार उल्लङ्घन र ज्यादतीका विषयमा तत्कालै आयोगलाई जानकारी गराई सहयोग गरिदिन हुन राष्ट्रिय मानव अधिकार आयोग सबै राजनीतिक दल, सरकारी निकाय, गैरसरकारी संस्थाहरू, नागरिक समाज, सञ्चारकर्मी लगायत सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक अनुरोध गर्दछ । (पद्मा माथेमा, निमित्त सचिब)

## बेलायती संसदीय टोली आयोगमा, मानव अधिकारको अवस्था अझै चुनौतीपूर्ण

ललितपुर/२०६५ फागुन ३ गते,
राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले नेपालमा मानव अधिकारको अवस्था अझै चुनौतीपूर्ण रहेको बताउनु भएको छ । नेपालको मानव अधिकार अवस्था बुझ्न बेलायती संसदीय टोलीको आयोगमा उपस्थित भएको अवसरमा अध्यक्ष उपाध्यायले आयोगका निर्णयहरू कार्यान्वयन गर्न सरकारले पर्याप्त प्रयास नगरेको गुनासो गर्नुभयो । नेपालमा मानव अधिकार संरक्षण गर्न कानुनको अभाव नभएपनि कार्यान्वयन तहमा इच्छाशक्तिको अभाव रहेको र ढिलो कार्यान्वयन गर्दा मानव अधिकार संरक्षणमा प्रतिकुल प्रभाव पार्ने । (विशाल खनाल, सचिब)

## ओएचसिएचआर प्रमुख पिल्लाई आयोग भ्रमणमा

ललितपुर/२०६५चैत्र ६ गते,
संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्त श्री नवनितम पिल्लाईले राष्ट्रिय मानव अधिकार आयोग र ओएचसिएचआर नेपालले गरेका सिफारिसहरू कार्यान्वयन नभएकाले नेपालमा दण्डहीनताको स्थिति बढ्दै गएको बताउनु भएको छ । राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूसँगको भेटमा प्रमुख आयुक्त पिल्लाइले नेपालको मानव अधिकार अवस्था सुदृढ गर्न, आयोग तथा नागरिक समाजको क्षमता अभिबृद्धि गर्न आफ्नो कार्यालयले सदैव सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

यस अवसरमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले वर्तमान आयोग संवैधानिक निकायका रूपमा स्थापित भएको र विद्यमान शान्ति प्रक्रियामा मानव अधिकारको नियमित अनुगमन गर्दै आएको जानकारी गराउनु भयो । उहाँले दण्डहीनता अन्त्य गर्नकै लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधान अनुमोदन गर्न आयोगले नेपाल सरकारलाई सिफारिस गरिसकेको स्मरण गराउनुभयो । अध्यक्ष उपाध्यायले आयोग तथा ओएचसिएचआरका सिफारिसहरूलाई सरकारले कार्यान्वयन नगर्नु, दण्डहीनता संस्थागत बन्दै जानु, अपराधलाई राजनीतिक संरक्षण दिइनु, शान्तिसम्झौतामा व्यक्त प्रतिवद्धताहरू कार्यान्वयन नहुनु लगायतका समस्याहरूले नेपालको मानव अधिकार अवस्था सन्तोषजनक नरहेको बताउनु भयो। उहाँले भन्नुभयो, 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार समुदाय, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी लगायतका सरोकारवालाहरूसँगको जिम्मेवारीपूण सहकार्यले मात्र मानव अधिकारका सवालहरू सम्बोधन हुनसक्छ ।'

आयोगका सदस्य डा. लीला पाठकले आयोग संवैधानिक अङ्ग भएकाले दातृसंस्थाहरूको सहयोगमा मात्र निर्भर हुन नहुने बताउँदै आयोगलाई पर्याप्त बजेट उपलब्ध गराउने जिम्मेवारी नेपाल सरकारको भएको धारणा राख्नुभयो । सदस्य डा. के. बि. रोकायाले नेपाल संविधान निर्माणको प्रक्रियामा रहेकाले नयाँ राजनीतिक परिवेश अनुसार ओएचसिएचआरसँग सहकार्य गरिने बताउनु भयो । कार्यक्रममा ओएचसिएचआर नेपालका प्रतिनिधि रिचार्ड बेनेट, आयोगका सदस्य रामनगीना सिंह, ओएचसिएचआर जेनेभाका पदाधिकारीहरू तथा आयोगका कर्मचारीहरू लगायतको उपस्थिति थियो । (विशाल खनाल, सचिब)

**बन्दले जनजीवनमा पारेको प्रभावबारे अनुगमन र थरूहट संयुक्त संघर्ष समितिसंग छलफल**

नेपालगंज/२०६६ वैसाख १९गते,
थरूहटसंयुक्त संघर्ष समितिले गत बैशाख ९ गते देखि आव्हान गरेको प्रदर्शन, बन्द र आम हड्तालबाट मानव अधिकारको स्थिति दिन प्रतिदिन कष्टकर बन्दै गइरहेकोमा राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्ज चिन्ता र चासो प्रकट गर्दछ ।

यस सम्बन्धमा आयोगबाट नियमितरूपमा बाँके, बर्दिया लगायतका विभिन्न स्थानहरूको अनुगमन गरेको छ । अनुगमनको क्रममा सार्वजनिक यातायातका साधनहरू पूर्णतः बन्द रहेको, पसलहरू आंशिकरूपमा खुल्ला रहेको पाइएको छ । बन्दको प्रभाव सम्बन्धमा स्थानीय मानव अधिकारकर्मी तथा उद्योग व्यापार संघका अध्यक्षहरूसँग छलफल गरिएको छ । छलफलको क्रममा दैनिक उपभोग्य सामाग्रीहरूको आपूर्ति न्यून हुदै गएको, शिक्षा, स्वास्थ्य लगायत न्याय प्राप्तिमासमेत आमनागरिकको पहूँचमा कठिनाइ भइरहेकोप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

अनुगमनबाट प्राप्त तथ्यहरू, दाङमा स्वास्थ्य चौकीको सवारी साधन माथि भएको क्षति, बन्दले जनजीवनमा पारेको प्रभाव तथा मानव अधिकारको क्षेत्रमा कृयाशील राष्ट्रिय/स्थानीय संघ

### राष्ट्रिय मानव अधिकार आयोग

संस्थाहरूलाई अनुगमन गर्न रोक लगाइएको सम्बन्धमा थरूहट संयुक्त संघर्ष समिति पश्चिम कमाण्डका संयोजक डिल्लीबहादुर चौधरीसँग आयोगको कार्यालयमा शनिवार छलफल भएको छ। छलफलको क्रममा मानव अधिकारको क्षेत्रमा कृयाशील राष्ट्रिय/ स्थानीय संघ संस्थाहरूलाई अनुगमन गर्न रोक नलगाइएको र अव उप्रान्त पनि रोक नलगाइने, आमनागरिकको जनजीवनलाई सहज बनाउनेतर्फ आफ्नो सहयोग रहने वताउनु भएको छ। ( वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक )

### मानव अधिकारको अवस्थाबारे कुटनीतिज्ञहरूसँग छलफल

ललितपुर/२०६६ वैसाख ३१ गते,
राष्ट्रिय मानव अधिकार आयोगसँग मानव अधिकारको वर्तमान अवस्थाबारे युरोपेली तथा अमेरिकी कुटनीतिक नियोगका प्रतिनिधिहरूले छलफल गर्नुभएको छ । आयोगमा आज सम्पन्न छलफल कार्यक्रममा बदलिंदो राजनीतिक पृष्ठभूमिमा मानव अधिकारको अवस्थाका विभिन्न सवालहरूका बारेमा छलफल भएको थियो ।

नेकपा (माओवादी) नेतृत्वको सरकारले राजिनामा दिएपछि उत्पन्न मानव अधिकारको अवस्थाका बारेमा आयोगले गरिरहेको नियमित अनुगमनका सम्बन्धमा समेत कुटनीतिज्ञहरूले जिज्ञासा राख्नुभएको थियो । उहाँहरूले संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयको म्याद थप गर्नेसम्बन्धमा आ-आफ्नो चासो प्रकट गर्नुभयो ।

छलफलमा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगीना सिंह, गौरी प्रधान, डा. लीला पाठक, सचिब विशाल खनाल तथा विभागीय प्रमुखहरूको उपस्थिति थियो । साथै, कुटनीतिज्ञहरूको तर्फबाट युरोपियन युनियनका नेपाल प्रतिनिधि, बेलायत, डेनमार्क, नर्वे, फिनल्यान्ड, फ्रान्स, अमेरिका, जर्मनीका राजदूत तथा दूतावासका वरिष्ठ अधिकृतहरू उपस्थित हुनुहुन्थ्यो । (विशाल खनाल, सचिब)

### मानव अधिकार ऐनमा परिमार्जन गर्न सुझाव

ललितपुर/२०६६ साउन १५ गते,
राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार आयोगसम्बन्धी ऐनमा नयाँ व्यवस्था गर्न नेपाल सरकारलाई लिखित सुझाव दिएको छ । नेपालको अन्तरिम संविधान २०६३ ले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक अङ्गको रूपमा स्थापित गरेको सन्दर्भमा प्रधानमन्त्रीको कार्यालयलाई यो सुझाव पठाइएको हो । नयाँ बन्न लागेको ऐनमा परिमार्जन गर्न नेपाल सरकार लाई आयोगले दिएका मुख्य सुझावहरू निम्न छन्:

राष्ट्रिय मानव अधिकार संस्थाहरूसम्बन्धी पेरिस सिद्धान्तको 'स्वायत्तता र स्वतन्त्रता' भन्ने शब्दहरू वर्तमान ऐनमा थप गरिनु पर्ने,

मानव अधिकारको उल्लङ्घनकर्ताहरूलाई राष्ट्रिय मानव अधिकार आयोगले कारबाही गर्न आवश्यक कार्यविधि समावेश गरिनु पर्ने,

मानव अधिकार उल्लङ्घनबाट मृत्यु भएका व्यक्ति परिवारलाई दिइने क्षतिपूर्ति रकम ३ लाख रूपैयाँबाट ५ लाख पुऱ्याइनु पर्ने,

बोक्सी जस्ता आरोपमा कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भएमा दोषी व्यक्तिले नै निज पीडितलाई आवश्यक क्षतिपूर्ति भराउनु पर्ने व्यवस्था गर्ने,

आयोगमा कार्यरत कर्मचारीहरूका निम्ति छुट्टै 'मानव अधिकार सेवा' समूह गठन गर्ने र कर्मचारीको नियुक्ती आयोगले नै गर्ने, नेपाल सरकारले अन्तर्राष्ट्रिय दातृसंस्थासँग मानव अधिकार सम्बन्धी सन्धिसम्झौता गर्दा आयोगसँग परामर्श गर्ने ।. (विशाल खनाल, सचिब)

**आयोग पदाधिकारी र प्रधान सेनापतिबीच छलफल(आयोगका सिफारिस कार्यान्वयन गर्न सघाउने प्रतिबद्धता)**

ललितपुर /२०६६ असोज २७ गते,

राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारी र नेपाली सेनाका प्रधान सेनापति छत्रमानसिंह गुरूङबीच मानव अधिकारको अवस्था र अन्य समसामयिक विषयमा छलफल सम्पन्न भएको छ ।

आयोगको सभाकक्षमा आज भएको उक्त छलफलमा आयोगले नेपाली सेनासँग सम्बन्धित आयोगको अनुसन्धानलाई सहयोग गर्न तथा आयोगका सिफारिस कार्यान्वयनमा सघाउन नेपाली सेनाका तर्फबाट प्रधान सेनापति गुरूङले प्रतिवद्धता जनाउनु भयो । उहाँले नेपाली सेनाले आयोगका निर्देशनहरूलाई पालना गरिरहेको र मानव अधिकार संरक्षण र प्रवर्द्धनका क्षेत्रमा आवश्यक सबै सहयोग गर्ने बताउनु भयो ।

यसअघि आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले नेपाली सेनासँग सम्बन्धित मुद्दाहरूमा आयोगको अनुसन्धानलाई सहयोग गर्न तथा आयोगका सिफारिसहरू कार्यान्वयन गर्न आग्रह गर्नु भएको थियो । मानव अधिकारका विषयमा नेपाली सेनाको क्षमता अभिबृद्धि गर्ने सम्बन्धमा आयोगको सहयोग र सहकार्यका बारेमा पनि छलफल भएको थियो । यसैबीच आयोगका पदाधिकारीहरूले प्रधान सेनापति गुरूङलाई नेपाली सेनाको प्रमुख पदमा नियुक्त हुनुभएकोमा बधाई दिँदै उहाँको कार्यकालमा मानव अधिकारको अवस्था सुदृढ हुन सकोस् भन्ने शुभकामना दिनुभएको थियो ।

छलफल कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका सदस्यहरू रामनगीना सिंह, गौरी प्रधान, डा. लीला पाठक, डा. के.बी. रोकाया, सचिब विशाल खनाल, तथा नेपाली सेनाका कार्यरथि विभागका प्रमुख नेपालभुषण चन्द र मानव अधिकार निर्देशनालयका प्रमुख निरेन्द्र अर्याल लगायतको उपस्थिति थियो । (विशाल खनाल, सचिब)

**राष्ट्रिय मानव अधिकार आयोग**

## मानव अधिकार आयोग ऐनको मस्यौदामा सरकारको ध्यानाकर्षण

ललितपुर/२०६६ कार्तिक ११ गते,
व्यवस्थापिका संसदमा विचाराधीन रहेको मानव अधिकार आयोग ऐन, २०६६ को मस्यौदामा राष्ट्रिय मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय मापदण्ड अनुसार आयोगलाई स्वतन्त्र र स्वायत्त निकायका रूपमा स्थापित गर्न नेपाल सरकारलाई आग्रह गरेको छ ।

आयोगले नेपाल सरकारका मुख्य सचिब माधवप्रसाद घिमिरे, र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिब डा. त्रिलोचन उप्रेतीलाई हिजो आयोगमा बोलाई यस विषयमा सरकारलाई ध्यानाकर्षण गराएको हो । आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले 'पेरिस सिद्धान्तअनुसार आयोगको स्थापना भएकाले सक्षम मानव अधिकार आयोगका लागि स्वतन्त्रता र स्वायत्तता महत्वपूर्ण विषय' भएको बताउनुभयो । मानव अधिकार ऐन, २०५३ को प्रस्तावनामा 'आयोग स्वतन्त्र र स्वायत्त निकाय हुनेछ' भनी स्पष्ट उल्लेख भएको तर संसदमा हाल विधाराधीन विधेयकको प्रस्तावनामा आयोग 'स्वतन्त्र' र 'स्वायत्त' निकाय हो भन्ने भावना नसमेटिएकाले त्यसलाई नछुटाउन तथा दण्डहीनतालाई अन्त्य गर्ने सवालमा आयोगलाई अझ सुदृढ बनाउने विभिन्न विषयमा आयोगमा हिजो छलफल भएको थियो । छलफलमा मुख्य सचिब घिमिरेले आयोगको चासोलाई सरकारले सकारात्मक रूपमा लिने बताउनु भयो । उहाँले आयोगका सिफारिसहरू कार्यान्वयन गर्न सरकारले पर्याप्त चासो दिएर कामकारबाही अघि बढाएको जानकारी दिनुभयो ।

केही दिनअघि मन्त्रिपरिषद्ले आयोगका पदाधिकारीहरूको सेवा सुविधाका विषयमा निर्णय गरेको भनी केही पत्रपत्रिकामा आएको समाचारका विषयमा मुख्य सचिबले त्यस्तो निर्णय नभएको स्पष्ट पार्नुभयो । मानव अधिकार आयोग ऐन २०५३ को दफा सातमा आयोगका पदाधिकारीहरूको सेवासुविधा सर्वोच्च अदालतका न्यायाधीश सरह हुने व्यवस्था गरेको छ ।

छलफलमा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू गौरी प्रधान, डा. लीला पाठक, डा. के.बी रोकाया, मुख्य सचिब माधव घिमिरे, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिब डा. त्रिलोचन उप्रेती तथा आयोगका सचिब विशाल खनाल उपस्थित हुनुहुन्थ्यो । ( विशाल खनाल, सचिब)

## ६१औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस सप्ताहव्यापी रूपमा मनाउने

पोखरा/२०६६ मंसिर १७ गते,
राष्ट्रिय मानव अधिकार आयोग पश्चिमाञ्चल क्षेत्रीय कार्यालय र शान्तिका लागि नागरिक समाजको सञ्जाल लगायत यस क्षेत्रमा कार्यरत मानव अधिकारसंग सम्बन्धित अन्य सघंसस्थाहरूको संयुक्त आयोजनामा ६१औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर २००९) "विविधतालाई आत्मसात गरौं, विभेदको अन्त्य गरौं" भन्ने मूलनाराका साथ सप्ताव्यापी रूपमा मनाउने कार्यक्रमको सम्बन्धमा आज राष्ट्रिय मानव अधिकार आयोगको सभाकक्षमा पत्रकार सम्मेलनको आयोजना गरियो ।

सो पत्रकार सम्मेलनमा आयोगको नि.क्षेत्रीय निर्देशक यज्ञप्रसाद अधिकारीले मानव अधिकार सस्कृतिको विकासका लागि राज्य, गैरसरकारी संघसस्था र मानव अधिकार रक्षकको महत्वपूर्ण योगदान हुने भएकाले पश्चिमाञ्चल क्षेत्रमाा सप्ताव्यापी रपमा अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको उपलक्ष्यमा मनाउने विविध कार्यक्रमवाट अधिकार सचेतना र प्रबर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने विचार व्यक्त गर्नु भयो ।

कार्यक्रममा पोखरामा मानव अधिकारको क्षोत्रमा कार्यरत शान्तिका लागि नागरिक समाजको सञ्जाल, एम्नेष्टी इन्टरनेशनल, नेपाल जेशिज, नेपाल पत्रकार महांसघ, लगायतका प्रतिनिधिको उपस्थिति थियो । (यज्ञप्रसाद अधिकारी, नि.निर्देशक)

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको ६१ औं वर्षका अवसरमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले दिनुभएको सन्देश**

ललितपुर/२०६६ मंसिर २४, (९ डिसेम्बर २००९),
मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको अवसरमा आज हामी ६१ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइरहेका छौं । राष्ट्रिय मानव अधिकार आयोगले विविधतालाई आत्मसात् गरौं, विभेदलाई अन्त्य गरौं भन्ने सन्देशका साथ यो दिवस मनाइरहेको छ । यस दिवसका अवसरमा मानव अधिकार सुदृढीकरण अभियानमा समर्पित सम्पूर्ण मानवसन्ततिप्रति आयोग हार्दिक सम्मान प्रकट गर्दछ ।

विस्तृत शान्ति सम्झौता, २०६३ र संविधान सभाको निर्वाचन २०६४ पछि देश सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ । देश नयाँ संविधान निर्माणको क्रममा छ । राष्ट्रिय मानव अधिकार आयोग अब बन्ने संविधान मानव अधिकारमैत्री हुनुपर्छ भन्ने कुरामा दृढ छ ।

राजनीतिक दलका नेताहरूबीच शान्ति प्रकृयालाई अघि बढाउन सहकार्य हुन नसक्नु र विस्तृत शान्तिसम्झौताको प्रावधान विपरित अभिव्यक्ति दिने र आ-आफ्नो अनुकूल हुने गरी यो सम्झौताको व्याख्या गर्ने परिपाटीले सर्वसाधारण निराश बन्दैछन् ।

सशस्त्र द्वन्द्वको अवधिमा भएका मानव अधिकार उलङ्घन र ज्यादतीहरूको सम्बोधन गर्न संविधानमा उल्लेख गरिएका सत्य निरूपण आयोग, शान्ति तथा पुनर्निमाण आयोग, बेपत्ता आयोग लगायतका आयोगहरू गठन हुन सकेका छैनन् । साथै, मानव अधिकार हनन् गर्ने उपर कानुनी कारबाही हुन सकेको छैन । अपराधीहरूलाई राजनीतिक संरक्षण दिने कार्य भइरहेकाले दण्डहीनता बढेको छ । त्यसको निरूपण हुनु पर्दछ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

द्वन्द्वकालमा बेपत्ता पारिएका ८३५ जनाको स्थिति सार्वजनिक गर्न नेपाल सरकारले पर्याप्त ध्यान नदिएको कुरामा आयोग विशेष चासो प्रकट गर्दछ र तत्कालै उनीहरूको स्थिति सार्वजनिक गरी दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिन सरकार कटिबद्ध हुनुपर्छ । यस्तै द्वन्द्वबाट विस्थापित भएकालाई पुनःस्थापना गर्न र कब्जा गरिएका सम्पति फिर्ता गराउन सरकारले यथेष्ट पहल गरेको छैन ।

महिला तथा बालबालिका माथि हुने हिंसा र शोषण बन्द गर्न, सञ्चारकर्मी र मानव अधिकार कर्मी माथि भएका हिंसाका घटनाका दोषीहरूलाई कानुनी कारबाही गर्न र आवश्यक जनचेतना जगाउन, आयोग नेपाल सरकार र सम्बद्ध सबैलाई अनुरोध गर्दछ ।

नेपालमा कुनै पनि किसिमको जातीय वा लिङ्गीय वा अन्य प्रकारका भेदभावलाई व्यावहारिक रूपमै अन्त्य गरिनु पर्दछ । नेपालपक्ष भएका सबै किसिमका अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सन्धिहरू तथा राष्ट्रिय कानुनहरूलाई कार्यान्वयन हुने वातावरण बनाउनु पर्दछ ।

राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरूलाई तत्कालै उचित प्राथमिकता दिई तिनको कार्यान्वयन गरिनु पर्दछ ।

अन्त्यमा, अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा नेपाल सरकारले गरेका मानव अधिकार सम्बन्धी प्रतिवद्धताहरूको पूर्णपालना गरी मुलुकमा विद्यमान दण्डहीनताको संस्कारलाई अन्त्य गर्न नेपाल सरकारलगायत सम्बद्ध सबै पक्षलाई राष्ट्रिय मानव अधिकार आयोग हार्दिक आग्रह गर्दछ । (केदारनाथ उपाध्याय, अध्यक्ष)

**अर्धसैनिक प्रकृतिको चरित्र अन्त्य गर्न आग्रह**

ललितपुर/२०६६ पुस १३ गते,
हालै नेपाल तरूण दलका महासचिब पुष्प पराजुली, गोरखा जिल्ला सचिब ध्रुव पन्तलगायत तरूणदलका कार्यकर्ता माथि भएको कुटपिट तथा अभद्र व्यवहारसम्बन्धी घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । हालैका दिनहरूमा राजनीतिक दलका युवा दस्ताहरूबीच झडप भएका यस्ता प्रकृतिका घटनाहरू गोरखालगायत देशका अन्य भागहरूमा समेत भइरहेको कुरालाई आयोगले नजिकबाट नियालिरहेको छ ।

संविधान सभामा प्रतिनिधित्व गर्ने र अन्य विभिन्न राजनीतिक दलहरू समेतले आ-आफ्नै अर्धसैनिक प्रकृतिका युवादस्ता गठन गरेको विषयलाई लिएर आयोगले विभिन्न समयमा त्यस्ता समूहहरूबाट झडपको स्थिति सिर्जना हुने, शान्ति सुव्यवस्था खल्बलिने र विस्तृत शान्तिसम्झौता कार्यान्वयनमा थप जटिलता उत्पन्न हुनेतर्फ सचेत गराइसकेको कुरा पुनः स्मरण गराउँछ ।

अतः अर्धसैनिक प्रकृतिका युवादस्ता जस्ता संरचनाहरूलाई प्रोत्साहित नगर्न, विद्यमान अर्धसैनिक प्रकृतिको चरित्रलाई अन्त्य गर्न र त्यस्ता प्रकृतिका समूहहरूलाई सामान्यीकरण गर्न आयोग राजनीतिक दलहरूलगायत सम्बन्धित सबैलाई आग्रह गर्दछ। साथै, विधिको शासन, अभिव्यक्ति स्वतन्त्रता र सबैको मानव प्रतिष्ठाको सम्मान गर्न तथा संविधान निर्माण गर्नेतर्फ सम्पूर्ण गतिविधिहरू केन्द्रित गर्न समेत राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धित सबैलाई आग्रह गर्दछ। (विशाल खनाल, सचिव)

**हत्याको निष्पक्ष अनुसन्धान गर्न र शान्तिसुरक्षा सुदृढ गर्न ध्यानाकर्षण**

ललितपुर/२०६६ फागुन १८ गते,
सुर्खेतमा नेकपा एमालेको भातृ संगठन युथ फोर्स र एकिकृत नेकपा माओवादीको भातृ संगठन योंग कम्युनिष्ट लिग (वाइसिएल) बीच भएको झडपमा परी वाइसिएल सम्बद्ध आशाराम सुनारको हत्या भएको  राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

विगत केही समय यता देखि पत्रकार विरेन्द्र साह, प्रकाश ठकूरी, जेपी जोशी, उमा सिंह, जमीम शाह, टिका विष्ट लगायत आमसञ्चारसँग सम्बन्धित व्यक्ति र संस्थाहरू विरूद्ध निरन्तर भएका हत्या, आक्रमण र धम्किका घटनाहरूले सञ्चार र अभिव्यक्ति स्वतन्त्रतामा गम्भीर चुनौतिहरू देखिएकोमा हिजो जनकपूरमा अरूण सिंहानियाको हत्याको पछिल्लो घटनाले शान्ति सुरक्षा अवस्था सुदृढ पार्ने र निर्वाध रूपमा अभिव्यक्ति स्वतन्त्रताको उपभोगको वातावरण निर्माण गर्ने सरकारको प्रतिवद्धता कार्यान्वयन भएको पाइदैन। राष्ट्रिय मानव अधिकार आयोगले सुर्खेतको घटना र हिजो जनकपुरमा भएको उक्त घटनाको सकृयतासाथ अनुगमन गरिरहेको छ।

बढ्दो नागरिक असुरक्षा, हत्या, हिंसाका घटनाहरूका बारेमा राष्ट्रिय मानव अधिकार आयोगले गत हप्ता मात्रै गृह सचिव लगायत सुरक्षा निकायका प्रमुखहरूलाई जानकारी गराई शान्ति सुरक्षा सुदृढ पार्न ध्यानाकर्षण गरेको भएतापनि आपराधिक घटनामा कमी नआएका कारण भयरहीत वातावरणमा बाँच्न पाउने र पेशा व्यवसाय गर्न पाउने नागरिकहरूको अधिकार अतिक्रमित र कुण्ठित हुन पुगेको छ।

अतः कुनै पनि घटनाको निष्पक्ष अनुसन्धान गरी आरोपितहरूलाई यथाशिघ्र कानुनी दायरामा ल्याउन, दण्डहीनताको अवस्था अन्त्य गर्न, शान्ति सुरक्षा बहाली गर्न र बढ्दो नागरिक असुरक्षा, हत्या, हिंसाका घटनाहरूको रोकथाम गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गर्दछ। (विशाल खनाल, सचिव)
**सरकार सत्तापक्ष र प्रतिपक्षलाई संयमित हुन आग्रह**ललितपुर/२०६६ माघ ७ गते,

ऐतिहासिक संविधान सभाबाट नेपालको नयाँ संविधान घोषणाको मिति अब करिब ४ महिना मात्रै बाँकी छ। समय सिमाभित्र सो कार्य पूरा गर्न संविधान सभामा उपस्थित सम्पूर्ण दलहरू खासगरी सत्तापक्ष र प्रतिपक्षका दलहरूविच उच्च समझदारी, सहमति र सहकार्य अत्यावश्यक छ।

तर यस्तो संवेदनशील घडिमा पनि सरकारका बरिष्ठ मन्त्रिहरू , सत्तापक्ष र प्रतिपक्षका जिम्मेवार नेताहरूबाट बृहत्तर शान्ति सम्झौता, २०६३ र नेपालको अन्तरिम संविधान, २०६३ को भावना विपरित बिचार र भाषणहरू सार्वजनिक हुनु दुःखको बिषय हुन पुगेको छ। समय सिमाभित्र नयाँ संविधानको घोषणा गर्नु, त्यस अघि नै माओवादी लडाकहरूको समायोजन र व्यवस्थापन गर्नु, व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिहरू कब्जा गर्ने काम बन्द गर्नु, दण्डविहिनतालाई अन्त्य गर्नु, देशमा शान्ति निर्माण र कानुनी ब्यवस्थालाई दुरूस्त राख्नु सरकार, सत्तापक्ष र प्रतिपक्ष दलहरू सबैको परम कर्तब्य हो ।

अतः संविधान निर्माण र शान्ति प्रकृयालाई कुनै पनि पक्षबाट बाधा अड्काउ नपुऱ्याउन, बृहत्तर शान्ति सम्झौता र संविधानको भावना विपरित नबोल्न, बिवादित मुद्दाहरूमा एकआपसमा सहमति, सहकार्य र समझदारी कायम गरी आ-आफ्नो ऐतिहासिक दायित्व निर्वाह गर्न राष्ट्रिय मानव अधिकार आयोग सरकार, सत्तापक्ष, प्रतिपक्षका साथै सबै सम्बन्धित पक्षहरूसँग आग्रह गर्दछ । (विशाल खनाल, सचिब)

**बर्दिया बाँसपानी घटनाको सिफारिश सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको**

**कार्यालयलाई पत्राचार सम्बन्धमा** ललितपुर/२०६६ चैत्र १९ गते,
बर्दिया राष्ट्रिय निकुञ्जको बाँसपानी क्षेत्रमा २०६६ फागुन २६ गते नेपाली सेनाको ज्वालादल गण ठाकुरद्वाराबाट खटिएको गस्ती टोलीद्वारा प्रहार गरिएको गोलीबाट सुर्खेत जिल्ला हरिहरपुर गाविस वडा नं. २ बस्ने १२ बर्षिया बालिका चन्द्रकला बिक, ३५ बर्षिया देवीसरा बिक र ३२ बर्षिया अमृता बिक समेत तीन जना महिलाहरूको मृत्यु भएको घटनाको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगबाट अनुसन्धान गरी आयोगको मिति २०६६/१२/१९ को निर्णय बमोजिम तपसिल बमोजिमको व्यवस्था गर्नको लागि सिफारिश गरिएको छ। घटनाको सम्बन्धमा आयोगबाट गरिएको अनुसन्धान प्रतिवेदनको संक्षिप्त विवरण यसैसाथ संलग्न गरिएको छ ।

सिफारिसहरू:
घटनामा एकजना बालिका (चन्द्रकला बिक) र दुईजना महिलाहरू (देवीसरा बिक र अमृता बिक) मारिएका र निजहरूलाई नियन्त्रणमा लिन सकिने पर्याप्त सम्भावना रहँदारहँदै अत्याधिक बल प्रयोग गरी गोली चलाउन आदेश दिने नेपाली सेना ज्वालादल गण, ठाकुरद्वारा बर्दियाबाट खटिई गएका उपसेनानी सुवोध कुवँर लगायत अन्य संलग्न सेनाका व्यक्तिहरूको पहिचान गरी नियमित अदालतमा फौजदारी मुद्धा चलाउन साथै घटनासँग सम्बन्धित सबुत प्रमाणहरू हेरफेर गर्ने व्यक्तिहरूको पहिचान गरी कानुन बमोजिम कारवाही गर्न ।

मृतकहरूका कानुन बमोजिमका हकवालाहरूलाई क्षतिपूर्ति स्वरूप राष्ट्रिय मानव अधिकार आयोग उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण नियमावली, २०५७ बमोजिम जनही रू. तीन लाख उपलब्ध गराउन ।

मृतकका बालबालिकाहरूलाई राज्यको तर्फबाट निःशुल्क शिक्षाको व्यवस्था गर्न ।

मृतकहरूका परिवारको आर्थिक अवस्था कमजोर भएका कारण दैनिक जीविकोपार्जनको लागि काउलोको रूखको बोक्रा काट्न गएको अवस्थामा मृत्यु भएको देखिँदा त्यस क्षेत्रका दलित समुदाय लगायत स्थानीयवासीहरूको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउन नेपाल सरकारबाट सरोकारवाला निकायहरूसँग समन्वय गरी उपयुक्त कार्यक्रमहरू सञ्चालन गर्न ।

राष्ट्रिय निकुञ्जको क्षेत्रमा यस प्रकारका घटनाहरू दोहोरिन नदिन सम्पूर्ण राष्ट्रिय निकुञ्जहरूसँग सम्बन्धित जनशक्तिलाई मानव अधिकार संरक्षण सम्बन्धी तालीमको व्यवस्था गर्न ।
(विशाल खनाल, सचिब)

## आयोगका सिफारिस कार्यान्वयन गर्न नागरिक समाजको चासो

ललितपुर/२०६६ चैत्र २५ गते,
बर्दिया राष्ट्रिय निकुञ्जको बाँसपानीमा गत फागुन २६ गते राति सेनाले गोली चलाउँदा एक बालिकासहित स्थानीय तीन महिलाको मृत्यु भएको घटनाका सम्बन्धमा नागरिक आन्दोलन तथा दलित आन्दोलनका अगुवा तथा प्रतिनिधिहरूले आयोगका पदाधिकारीहरूलाई भेटी चासो र चिन्ता व्यक्त गर्नुभएको छ ।

बर्दिया घटनाको अनुसन्धान सम्पन्न गरी गत चैत १९ गते आयोगले नेपाल सरकारलाई गरेको सिफारिसप्रति आभार व्यक्त गर्दै आयोगको उक्त सिफारिसको अबिलम्ब कार्यान्वयनका लागि आवश्यक पहल गर्नसमेत उहाँहरूले आयोगका पदाधिकारीहरूलाई अनुरोध गर्नुभएको छ । आयोगले 'घटनामा एक बालिका र दुई महिलाहरू मारिएका र निजहरूलाई नियन्त्रणमा लिन सकिने पर्याप्त सम्भावना रहँदारहँदै अत्यधिक बल प्रयोग गरी गोली चलाउन आदेश दिने कमान्डरलगायत दोषीहरूका विरूद्ध नियमित अदालतमा फौजदारी मुद्दा चलाउन साथै घटनासँग सम्बन्धित सबूत प्रमाणहरू हेरफेर गर्ने व्यक्तिहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्ने, साथै, मृतकहरूका हकवालाहरूलाई क्षतिपूर्ति स्वरूप जनही रू. तीन लाख उपलब्ध गराउने' लगायतका सिफारिसहरू गरेको थियो ।

छलफलमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले 'आयोगले संवैधानिक दायित्व बमोजिम मानव अधिकार उल्लङ्घनसम्बन्धी विषयमा अनुसन्धान गरी तथ्यहरू सार्वजनिक गरेको छ, अब यो सिफारिस कार्यान्वयन गर्नु नेपाल सरकारको दायित्व भएको' बताउनु भयो । उहाँले आयोगका सिफारिसहरू कार्यान्वयन गर्न नागरिक समाजको पहल र सहकार्य ज्यादै महत्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो ।

छलफलमा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगीना सिंह र गौरी प्रधान, मानव अधिकारकर्मी तथा नागरिक आन्दोलनका अगुवाहरू श्याम श्रेष्ठ, रेणु राजभण्डारी, शर्मिला कार्की, दुर्गा शोब लगायतको उपस्थिति थियो । (विशाल खनाल, सचिब)

**राष्ट्रिय मानव अधिकार आयोग**

**सम्माननीय प्रधानमन्त्रीज्यू**

**मिति:२०६८/५/१८**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं,
नेपाल ।

**विषय: मुद्दा खारेज र माफी ।**

**सम्माननीय महोदय,**

सर्वप्रथम नेपालको प्रधानमन्त्रीको पदमा निर्वाचित हुनुभएकोमा तपाईंलाई र सरकार सञ्चालनमा सम्मिलित माननीय मन्त्रीज्यूहरू समेतलाई हार्दिक शुभकामना र बधाई दिन चाहन्छु । अर्थमन्त्रीको हैसियतमा तपाईंले बिताउनु भएका पूर्व कार्यकालका उपलब्धि र हाल बहालीपछि एनेकपा (माओवादी) लडाकुका हतियार रहेको कन्टेनरको साँचो विशेष समितिलाई बुझाउँने कार्यमा देखाउनु भएको तत्परताले तपाईंको नेतृत्वमा शान्ति प्रकृयाले अग्रगति पाउने विश्वास गर्न सकिन्छ । मानव अधिकार र शान्तिपूर्ण वातावरणवीच अन्योन्याश्रित सम्वन्ध मात्र होइन, बर्तमान समयमा शान्तिपूर्ण वातावरणको अधिकार पनि मानव अधिकारको अभिन्न अंग भएको छ । तसर्थ, शान्ति प्रकृयाका थप आयामहरूमा पनि तपाईंबाट शीध्र र सशक्त पहल हुनेछ भन्ने मैले आशा राख्नु स्वभाविक छ । यसै प्रसंगमा अघिअघि भएका काम कारवाहीहरूको सम्वन्धमा केही चर्चा गर्नुपर्ने हुन्छ ।

संक्षेपमा, बिस्तृत शान्ति सम्झौता पछिका दिनहरू मानव अधिकारको दृष्टिले उत्साहजनक रहन सकेका छैनन् । शान्ति सम्झौतालाई इमान्दारितापूर्वक पूरा गर्ने र मानव अधिकार सम्वन्धित प्रतिवद्धता पालना गर्नेभन्दा भङ्ग गर्नमा धेरै समय बितेको प्रतीत हुन्छ । यस विषयमा राष्ट्रिय मानव अधिकार आयोगले प्रकाशनमा ल्याएका विस्तृत शान्तिपूर्ण सम्झौता सम्वन्धी आवधिक प्रतिवेदनहरूबाट स्पष्ट हुने नै छ ।ती प्रतिवेदनहरू मध्ये अन्तिम प्रतिवेदन यसैसाथ छ । द्वन्द्वकालमा मानव अधिकार हनन् र मानवीय कानुनको उल्लंघन सम्वन्धी अपराध राष्ट्रिय कानुनको विषय मात्र नभएर अन्तर्राष्ट्रिय कानुनका विषय पनि हुन्छन् । यस्ता विषयमा नागरिक समाज, मानवअधिकर कर्मी र विश्वसमुदायको पनि सरोकार रहने गर्दछ । बर्तमान समयमा पूर्व योगोस्लाभिया, दक्षिण अमेरिका एवं दक्षिण अफ्रिकामा द्वन्द्वका क्रममा भएका मानव अधिकार हनन् सम्वन्धमा अन्तर्राष्ट्रिय फौजदारी अदालतमा कारवाही भएको पनि छ । युद्ध अपराध एवं वा मानवता विरूद्धका अपराधउपर मुद्दा चलाई दण्ड सजाय दिलाउनु स्वाभाविक र सामान्य न्यायिक प्रकृया हो । तथापि, सामान्य न्यायिक प्रकृयमा हुने विलम्व, लाग्ने खर्च तथा पीडित पक्षलाई तत्कालै राहत र परिपूरण दिलाउन नसकिने र द्वन्द्वका परस्पर विरोधी पक्षहरू एउटै राज्य, समाज र गाउँघरका समेत हुनेहुँदा पीडित र पीडकवीच शत्रुवत् व्यवहार मेटाई मेलमिलापको संयन्त्र स्थापना गर्नुपर्ने हुन्छ । यस्ता अवस्थामा शन्ति समितिको अतिरिक्त द्वन्द्वकालका अपराधहरू मध्ये

खास स्थितिका अपराधहरू सहज र सरल किसिमले निराकरण गर्न संक्रमणकालीन न्यायिक संयन्त्र विकल्पको रूपमा अपनाइन्छ। हामी कहाँ बिस्तृत शान्ति सम्झौता र त्यसलाई आत्मसात् गर्ने नेपालको अन्तरिम संविधान, २०६३ मा यो उद्देश्य र भावना लक्षित रहेको विदितै छ। द्वन्द्व पीडित र तिनका परिवारहरूलाई राहत र परिपूरण स्वरूप तत्कालै राष्ट्रबाट सहयोग हुनु संक्रमणकालीन न्यायको एउटा महत्वपूर्ण पक्ष हुन सक्दछ र नेपाल सरकारबाट क्रमिक रूपमा सो कार्य हुँदै आएको निश्चय पनि सह्राहनीय नै छ।

नेपाल सरकारबाट संक्रमणकालीन न्यायलाई सार्थक परिणतिमा पुऱ्याउनका लागि भएका यस्ता केही प्रयासहरूको अतिरिक्त बिस्तृत शान्ति सम्झौताको झण्डै ५ बर्ष बित्न लाग्दा पनि सो सम्वन्धमा छानवीन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न विलम्व भइराखेको छ। एकातिर यी आयोगहरू गठन गरी द्वन्द्वकालका मानव अधिकार हनन्को सवालमा पीडकहरूलाई कानुनको दायरामा ल्याई पीडित र तिनका परिवारजनहरूलाई न्यायको अनुभूति हुने काम नहुनु र अर्कोतिर आरोपित सुरक्षाकर्मी (पीडक) हरूलाई पदोन्नती गर्दै जाने र प्रत्येक राजनीतिक दलले आ-आफ्नो दलसँग सम्वद्ध व्यक्तिलाई कुनै औचित्य र विवेकपरक मापदण्ड नै नबनाई मनपर्दो मुद्दाहरू फिर्ता लिंदै जाने प्रकृयाले नेपाल सरकारको मुद्दा फिर्ता लिने र अदालतबाट दोषी ठहर भएका मुद्दाहरू माफी गर्ने नीति कहिल्यै स्पष्ट र न्याय सम्मत हुनसकेको पाइएन। न्यायोचित आधार र मापदण्डविना यसप्रकार मुद्दा फिर्ता लिने कार्य राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै स्तरमा विवादास्पद हुन्छ, यस्ता कार्यको बैधताको अन्तर्राष्ट्रिय अपराधिक कानूको आधारमा जहिले पनि चुनौति दिन सकिन्छ।

यहाँ यो कुरा स्पष्ट गर्नु पनि बाञ्छनीय छ की दशबर्षे द्वन्द्वकालको मानव अधिकारको उल्लंघन र द्वन्द्वकालपछिको मानव अधिकार हनन् र मानवताबिरूद्धका अपराधसम्वन्धी दुइ पृथक-पृथक अवधिका मुद्दाहरूलाई बिस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधानले एउटै कक्षमा राखेको पाईंदैन। तसर्थ दुबैथरी मुद्दालाई समान तहमा राख्ने र समान मापदण्ड लागू गर्न न्याय, विवेक र अन्तर्राष्ट्रिय मानव अधिकारको मूल्य-मान्यता अनुकुल नहुने स्वतः स्पष्ट छ। राष्ट्रिय मानव अधिकार आयोगको यस सम्वन्धमा निश्चित धारणा छ र त्यस धारणा अनुकल २०६३ सालपछि नेपाल सरकारको नेतृत्व गर्ने नेपाली काँग्रेस, एनेकपा (माओवादी) र नेकपा -एमाले), तीनवटै राजनैतिक दलका प्रधानमन्त्रीहरूको पालमा मुद्दा फिर्ता लिने गरी भएका निर्णयहरू र मानव अधिकार हनन्को विवादमा परेका सुरक्षाकर्मीहरूको पदोन्नती गर्ने कामहरू समस्त मानव अधिकारकर्मीहरूको वीचमा विवाद र विरोधको विषय बन्दैआएको कुरा सम्मानीयज्यूलाई अवगत भएकै हुनुपर्दछ। अहिले पुनः तपाईंको दल - एनेकपा (माओवादी) र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा बीच भएको सम्झौतामा घोषित उद्देश्यमा माओवादी युद्धकाल, जनआन्दोलन, मधेश आन्दोलन, जनजाती आन्दोलन, दलित आन्दोलन, थरूहट आन्दोलन, पिछडा वर्ग आन्दोलन इत्यादि आन्दोलनका क्रममा चलाइएका मुद्दाहरू खारेज गर्ने र माफी दिने विषयले मानव अधिकार हनन् र मानवताविरूद्धको अपराधका मुद्दाहरू पनि समेट्न सक्ने आशंकाले यस विषयलाई

आयोगले निकै गम्भीरताका साथ लिएको छ । खासगरी, नागरिकहरूको अपहरण फिरौतीका लागि बन्धक बनाउने, हत्या, हिंसा र यातनाको अपराध, व्यक्तिगत इवी-अदावत वा स्वार्थ सन्निहित अपराध समेत फिर्ता लिनु अन्तर्राष्ट्रिय मानवीय कानुन र मानव अधिकारविरूद्ध कामकुरा हुन्छ । सत्य निरूपण र मेलमिलाप आयोगको संयन्त्रणाबाट निरूपण गरिनु पर्ने विषय नेपाल सरकारले बेवास्ता गरी उपरोक्त प्रकृतिका मानव अधिकारबिरूद्धका फौजदारी अपराधका मुद्दाका फिर्ता लिने वा अपराधीलाई माफी दिने गरी गर्दै आएको कार्यको बैधतामा जहिले पनि प्रश्न चिन्ह हुनेछ ।

नेपाल सरकारतर्फबाट र हालै पनि सम्माननीयज्यूबाट मानव अधिकारकर्मीहरू समक्ष सरकारले झुठा मुद्दा फिर्ता लिन लागेको भन्ने विचार व्यक्त भएको छ । कुनै मुद्दामा लगाएको आरोप सबूत प्रमाण वा परिबन्दबाट झूठा हुन् वा साँचो हुन् भन्ने कुराको निरूपण नेपाल सरकारले गर्ने हो वा न्यायिक निकायले अथवा बर्तमान स्थितिमा विस्तृत शान्ति सम्झौता अन्तर्गत स्थापित हुनुपर्ने सत्य निरूपण तथा मेलमिलाप आयोगले गर्ने हो ? स्थापित न्यायिक संयन्त्र र अन्तरकालीन न्यायिक संयन्त्रले निरूपण गर्ने विषय हठात् नेपाल सरकारले निरूपण गर्दैजाने हो भने न्यायिक संयन्त्रहरू रहनु वा खडा गरिनुको औचित्य नै रहँदैन ।

तपाईले पदग्रहण गर्नुभन्दा पहिले देखिनै उद्घोषित सम्झौताको मुद्दा खारेज गर्ने र माफि दिने उपरोक्त बूँदाले मुलुकमा मानव अधिकारकर्मीहरूलाई स्तब्ध बनाएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५१ ले गरेको माफीको व्यवस्था र सरकारी मुद्दासम्वन्धी ऐन, २०४९ को दफा २९ (१) ले नेपाल सरकारको आदेश भएमा अदालतको मञ्जुरीले सरकारी मुद्दा फिर्ता लिने र गैरसरकारी व्यक्तिको सम्पत्ति सम्बन्धी कुरा बाहेकको मुद्दा फिर्ता लिने व्यवस्था गरेपनि सम्वन्धित प्रावधानहरू कुनै शर्तबन्देजरहित हुनु खेदपूर्ण विषय हो । मन्त्रिपरिषद्ले जुनसुकै अदालत, विशेष अदालत, सैनिक अदालत वा अन्य कुनै न्यायिक, अर्ध न्यायिक, प्रशासनिक अधिकारीले गरेका सजायलाई माफी, मुल्तवी वा कम गर्न सक्नेछ भन्ने प्रावधानहरू कुनै शर्तबन्देजरहित निरंकुश छन् । नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय मावनअधिकार महासन्धीहरू र तिनमा नेपालले अभिव्यक्त गरेको प्रतिबद्धताहरूको अथवा तिनका अन्तरनिहित भावनाहरूको कुनै उल्लेख वा अपावाद नहुनु र नेपालका अदालतबाट समेत अन्तर्राष्ट्रिय मापदण्डको ख्यालै नगरी नेपाल सरकारलाई मुद्दा फिर्ता लिन अनुमति दिने जस्ता कुराहरूले मुलुकमा अराजकता, दण्डहीनता र आपराधिकताले प्रश्रय र प्रोत्साहन पाएकोछ र यस किसिमको अप-संस्कार हाम्रो समाजमा स्थापित हुँदैजानु निकै डरलाग्दो भएको छ ।

यसप्रकार, नेपाल सरकारबाट सम्वन्धित घटनाको सम्वन्धमा विस्तृत छानविन नै नगरी मुद्दा फिर्ता लिने र आममाफी दिने संबैधानिक वा कानुनी प्रावधानहरूमा औचित्यपूर्ण एवं न्यायसम्मत अन्तर्राष्ट्रिय मानव अधिकारका मूल्य-मान्यता अनुकुलका शर्तबन्देज कममा पनि रहनु पर्दछ भन्ने आयोगको धारणा रहेको छ । यस विषयमा राष्ट्रिय मानव अधिकार आयोग र संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालय नेपालले आफ्नो धारणा संयुक्त रूपमा सार्वजनिक

गरिसकेको छ र सोको एकप्रति सम्माननीयज्यूको जानकारीको लागि यसै साथ संलग्न रहेको छ। तसर्थ, अझै पनि नेपाल सरकारद्वारा पर्याप्त छानविन नै नगरी हचुवा आधारमा मुद्दा फिर्ता लिने र अपराधिक ठहर भइसकेकालाई आममाफी दिलाउने भएमा त्यो निश्चय पनि खेदपूर्ण हुनेछ। यसले अन्तर्राष्ट्रिय समुदाय, कानुनाको शासनप्रति आस्था राख्ने नेपाली नागरिक समाज र समस्त मानव अधिकारकर्मीहरूलाई निराश बनाउने मात्र होइन जनसामान्यको दृष्टिमा अघि-अघिको सरकारहरूभन्दा पनि बर्तमान सरकार मानव अधिकारको सवालमा असंवेदनशील रहेको देखाउने संभावना सहजै अनुमान गर्न सकिन्छ। तसर्थ कृपया, यस विषयको निर्णय लिनुपूर्व नेपाल सरकार बाट निकै गम्भीरतापूर्वक चिन्तन गरियोस्, पर्याप्त गृहकार्य गरियोस् र मानव अधिकारसम्वन्धी राष्ट्रिय संयन्त्रहरूको परामर्श समेतलाई यथोचित मनन् गरियोस् भनी सविनय अनुरोध गर्दछु।

केदारनाथ उपाध्याय अध्यक्ष | राष्ट्रिय मानव अधिकार आयोग

**श्री अध्यक्ष**

**विषय: ध्यानाकर्षण र सहयोगका लागि आग्रह । २०६८ असोज ५**

**महोदय,**

मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्ने सिलसिलामा राजनीतिक दलहरूको योगदान ज्यादै महत्वपूर्ण हुन्छ भन्ने कुरा सर्वविदितै छ । नेपालको अन्तरिम संविधान २०६३, विस्तृत शान्तिसम्झौता लगायतका वैधानिक दस्तावेजहरूले शान्ति, मानव अधिकार र सङ्क्रमणकालको यथोचित व्यवस्थापन गर्ने जिम्मेवारी नेपालका राजनीतिक दलहरूलाई नै दिएका छन् । नेपालमा जारी शान्तिप्रक्रियालाई टुङ्गोमा पुऱ्याउन यहाँको राजनीतिक दल तथा व्यक्तिगत रूपमा यहाँले पुऱ्याइरहनु भएको योगदानलाई राष्ट्रिय मानव अधिकार आयोगले नजिकबाट अवलोकन गरिरहेको जानकारी गराउन चाहन्छु । संस्थागत वा व्यक्तिगत तवरबाट समेत मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि यहाँको दलले व्यक्त गरेका प्रतिवद्धताहरूका लागि म राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्षको हैसियतले धन्यवाद दिन चाहन्छु ।

आज, यस पत्र मार्फत् मैले उठाउन खोजेका सवालहरू मुख्यतः तीन छन् : क) आयोगको स्वतन्त्रता र स्वायत्तताको सम्बन्धमा, ख) सङ्क्रमणकालीन न्याय र मुद्दाफिर्ताको सम्बन्धमा, र ग) राजनीतिक अपराधिकरणको सम्बन्धमा । यी विषयहरूमा नेपालको प्रमुख राजनीतिक दलको नेतृत्वकर्ताको हैसियतले यहाँ स्वयम् र यहाँको राजनीतिक दलबाट सक्रिय र परिणाममुखी सहयोगको अपेक्षा गरेको छु ।

**क) आयोगको स्वतन्त्रता र स्वायत्तताको सम्बन्धमा,**

राष्ट्रिय मानव अधिकार आयोगको स्थापना मानव अधिकार आयोग ऐन, २०५३ बाट भएको र यसलाई नेपालको अन्तरिम संविधान २०६३ ले संवैधानिक निकायका रूपमा स्थापना गरेको यहाँलाई विदितै छ । एकातिर मानव अधिकार आयोग सम्बन्धी विधेयक २०६४ सालदेखि संसदमा विचाराधीन छ भने अर्कातिर नयाँ संविधानमा मानव अधिकार आयोगको स्वतन्त्रता र स्वायत्तताको विषयलाई लिएर विभिन्न बहसहरू भएका छन् । अन्य संवैधानिक निकायहरूजस्तै प्रकारले सरकारकै खटनपटनमा रहने भएमा यो संस्थाले नेपाली जनताको मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि संविधानले तोकेको जिम्मेवारी पूरा गर्न सक्दैन । तसर्थ, संयुक्त राष्ट्रसंघले निर्धारण गरेका मापदण्डहरू (पेरिस सिद्धान्त) को आधारमा यसको कार्यक्षेत्र सुनिश्चित गरिनु पर्दछ भन्ने आयोगको धारणा छ । यसैगरी राष्ट्रिय मानव अधिकार आयोगले दिएका सिफारिसहरू कार्यान्वयन गर्न सरकारका निकायहरूले पर्याप्त ध्यान दिएका छैनन् किनभने दोषीलाई कानुनबमोजिम कारबाही गर्न आयोगले गरेका सिफारिसहरूलाई बेवास्ता गरिएको अवस्था छ । तसर्थ, आयोगको स्वतन्त्रता र स्वायत्तताको विषयमा यहाँको राजनीतिक दलको धारणा जान्न हामी उत्सुक छौं ।

साथै, आयोगका सिफारिसहरू कार्यान्वयन गर्नका लागि प्रभावकारी कानुनी व्यवस्थाको निर्माण गर्न यहाँको राजनीतिक दलको तर्फबाट सक्रिय सहयोगको अपेक्षा गरेको छु ।

**ख) सङ्क्रमणकालीन न्याय र मुद्दाफिर्ताको सम्बन्धमा,**
मैले सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईलाई 'मुद्दा खारेजी र माफी' विषयमा पठाएको पत्रका सम्बन्धमा सञ्चारमाध्यमहरूमार्फत् यहाँले केही जानकारी पाउनुभएकै होला । त्यस पत्रमा शान्ति प्रकृयाका आयामहरूका बारेमा प्रधानमन्त्रीज्यूबाट ठोस कदम चाल्न तथा 'राजनीतिक' नाम दिइएका फौजदारी प्रकृतिका मुद्दाहरू फिर्ता नगर्न र विधिसम्मत तवरले शासन व्यवस्था सञ्चालन गर्न मैले औपचारिक रूपमा प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको थिएँ ।

विस्तृत शान्ति सम्झौतापछिका दिनहरू मानव अधिकारको दृष्टिले उत्साहजनक रहन सकेका छैनन् । शान्ति सम्झौतालाई इमान्दारितापूर्वक पूरा गर्ने र मानव अधिकार सम्बन्धित प्रतिवद्धता पालना गर्नेभन्दा भङ्ग गर्नमा धेरै समय बितेको प्रतीत हुन्छ। नेपाल सरकारबाट सङ्क्रमणकालीन न्यायलाई सार्थक परिणतिमा पुऱ्याउनका लागि भएका यस्ता केही प्रयासहरूको अतिरिक्त विस्तृत शान्ति सम्झौता सम्पन्न भएको झण्डै ५ बर्ष बित्न लाग्दा पनि द्वन्द्वकालमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा बलपूर्वक बेपत्तासम्बन्धी आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न विलम्ब भइराखेको छ । एकातिर यी आयोगहरू गठन गरी द्वन्द्वकालका मानव अधिकार हनन्को सवालमा पीडकहरूलाई कानुनको दायरामा ल्याई पीडित र तिनका परिवारजनहरूलाई न्यायको अनुभूति हुने काम नहुनु र अर्कोतिर आरोपित सुरक्षाकर्मी (पीडक) हरूलाई पदोन्नती गर्दै जाने र प्रत्येक राजनीतिक दलले आ-आफ्नो दलसँग सम्वद्ध व्यक्तिलाई कुनै औचित्य र विवेकपूर्ण मापदण्ड नै नबनाई मनपर्दो मुद्दाहरू फिर्ता लिंदै जाने प्रकृयाले नेपाल सरकारको मुद्दा फिर्ता लिने र अदालतबाट दोषी ठहर भएका मुद्दाहरू माफी गर्ने नीति कहिल्यै  स्पष्ट र न्याय सम्मत हुनसकेको पाइएन ।

यहाँ यो कुरा स्पष्ट गर्नु पनि वाञ्छनीय छ की दशवर्षे द्वन्द्वकालको मानव अधिकारको उल्लङ्घन र द्वन्द्वकालपछिको मानव अधिकार हनन् र मानवताबिरूद्धका अपराधसम्बन्धी दुइ पृथक-पृथक अवधिका मुद्दाहरूलाई विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधानले एउटै कक्षमा राखेको पाइँदैन । तसर्थ दुवैथरी मुद्दालाई समान तहमा राख्ने र समान मापदण्ड लागू गर्न न्याय, विवेक र अन्तर्राष्ट्रिय मानव अधिकारको मूल्य-मान्यता अनुकूल नहुने स्वतः स्पष्ट छ । राष्ट्रिय मानव अधिकार आयोगको यस सम्वन्धमा निश्चित धारणा छ जसअनुसार २०६३ सालपछि नेपाल सरकारको नेतृत्व गर्ने नेपाली काँग्रेस, एकीकृत नेकपा (माओवादी) र नेकपा (एमाले), तीनवटै राजनीतिक दलका प्रधानमन्त्रीहरूको पालामा मुद्दा फिर्ता लिने गरी भएका निर्णयहरू र मानव अधिकार हनन्को आरोपमा परेका सुरक्षाकर्मीहरूको पदोन्नती गर्ने कामहरू समस्त मानव अधिकारकर्मीहरूको बीचमा विवाद र विरोधको विषय बन्दैआएको कुरा यहाँलाई अवगत भएकै हुनुपर्दछ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

हालै एकीकृत नेकपा (माओवादी) र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच भएको सम्झौतामा घोषित उद्देश्यमा माओवादी युद्धकाल, जनआन्दोलन, मधेस आन्दोलन, जनजाति आन्दोलन, दलित आन्दोलन, थरूहट आन्दोलन र पिछडा वर्ग आन्दोलनका क्रममा चलाइएका मुद्दाहरू खारेज गर्ने र माफी दिने कुराहरू उल्लेख भएको र त्यसमा मानव अधिकार हनन् र मानवताविरूद्धको अपराधका मुद्दाहरू पनि समेटिन सक्ने विषयलाई आयोगले निकै गम्भीरताका साथ लिएको छ । सशस्त्र द्वन्द्वकालमा राजनीतिक कारणले लगाएका मुद्दा हो कि होइन भनी निर्क्यौल गर्न सत्यनिरूपण तथा मेलमिलाप आयोगको व्यवस्था विस्तृत शान्ति सम्झौता, २०६३ ले गरिसकेको स्मरण गराउन चाहन्छु । तसर्थ, कुन मुद्दा राजनीतिक हुन्, कुन आपराधिक प्रकृतिका मुद्दा हुन् वा होइनन् भन्ने छुट्याउने काम उक्त आयोगको हो । राजनीतिक नेता वा कार्यकर्ताको संलग्नता भएको वा हुनसक्ने भन्दैमा त्यस्तो मुद्दा स्वतः झूठो हुन्छ वा राजनीतिक कारणले नै लगाइएको हुन्छ भन्ने स्वतः अनुमान गर्न सकिँदैन, अथवा उनीहरूले अपराध गरेकै होइन भनेर उक्त आयोगको स्थापना गर्ने प्रक्रियालाई नै पन्छाउन मिल्दैन । यदि त्यसो गरिएमा त्यो विद्यमान संविधान र शान्तिप्रकृयाको विपरित हुनजान्छ ।

संविधानकै हिस्साको रूपमा राखिएको विस्तृत शान्ति सम्झौता, २०६३ ले सेना समायोजन, पुनर्स्थापना र हतियार व्यवस्थापन, मानव अधिकारको प्रत्याभूति र स्थितिको सामान्यीकरणलाई मुख्य रूपमा जोड दिएको छ । शान्ति सम्झौताको दफा ५.२.५ मा 'दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन्' भन्ने उल्लेख छ । विगतको द्वन्द्व (२०५२ फागुन-२०६३ मंसिर) को समयमा भएको मानव अधिकार उल्लङ्घन र ज्यादतिसम्बन्धी घटनाहरूको छिनोफानो विस्तृत शान्ति सम्झौता र नेपालको संविधानले व्यवस्था गरेबमोजिम सत्यनिरूपण तथा मेलमिलाप आयोगबाट गरिनु पर्दछ । द्वन्द्वोत्तरकाल अर्थात् शान्तिसम्झौतापछि भएका घटनाहरूका सम्बन्धमा विद्यमान कानुनी प्रकृयालाई अवलम्बन गरिनु पर्दछ । यो विषयमा विस्तृत शान्ति सम्झौतापछि गठन भएका हरेक सरकारलाई आयोगले लिखित र मौखिक रूपमा समेत जानकारी गराउँदै आएको छ ।

जनआन्दोलन एवम् विभिन्न उपेक्षित वर्ग वा जातिद्वारा आफ्नो स्वायत्तता र अधिकारका लागि गरेका आन्दोलनका क्रममा लगाइएका झूठा मुद्दा र सशस्त्र द्वन्द्वका क्रममा राजनीतिक कारणले लगाइएका मुद्दा फिर्ता लिन हुन्न भन्ने आयोगको मान्यता होइन, न त झूठो आरोपमा चलाइएका मुद्दा फिर्ता लिने कुरामा आयोगको कुनै आपत्ति रहेको छ । आयोग यस्ता मुद्दाको फिर्ता लिने वा अदालतबाट ठहर भैसकेकोमा पनि माफी गराउने कुरामा प्रकृयागत रूपमा असन्तुष्ट छ । यस्तो मुद्दामा नेपाल सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोगको अन्वेषण र अनुसन्धानबाट निर्क्यौल गराउनु अनिवार्य हुन्छ भन्ने कुरालाई आयोग विशेष जोड दिन चाहन्छ ।

**ग) राजनीतिक अपराधिकरणको सम्बन्धमा,**

राजनीतिक आस्थालाई आधार बनाएर विगतमा मुद्दा फिर्ता लिई न्यायिक प्रकृयाबाट उन्मुक्ति दिइएका व्यक्तिहरूले राजनीतिक दलहरूमा आफ्नो प्रभुत्व बलियो बनाउँदै लगेकाले दण्डहीनता बढ्दै गएको छ । फलस्वरूप, न्याय प्रशासन र प्रहरीले विद्यमान कानुन कार्यान्वयन गर्नै नसक्ने अवस्थामा पुगेको छ । हालै पूर्वाञ्चलका केही स्थानमा मैले गरेको भ्रमणका क्रममा राजनीतिक सम्बन्ध भएको भनिएका अपराधका घटनाहरू प्रहरी वा प्रशासनसम्म नपुग्ने अवस्था बन्दै गएको पाइयो, यदि पुगिहालेमा पनि प्रहरीले उजुरी दर्ता नगर्ने वा मुद्दा नचलाउने वा ढिलासुस्ती गर्ने जनगुनासो रहेको पाइयो ।

शान्तिसम्झौतापछि विभिन्न राजनीति व्यक्तिहरूको अपराधमा संलग्नता हुनु वा जघन्य अपराधका दोषीहरू कुनै खास राजनीतिक संरक्षणमा आइपुग्नाले समग्र राजनीतिप्रति नै जनताको वितृष्णा पैदा हुने सम्भावना छ, जुन अवाञ्छनीय स्थिति हो । राजनीतिकर्मीहरूप्रति अविश्वास र आक्रोश बढ्नु र राजनीतिप्रति वितृष्णा फैलिनु लोकतन्त्र र मानव अधिकारका निम्ति खतरनाक अवस्था हुने सर्वविदितै छ । राजनीतिमा आपराधिक व्यक्तिको चलखेल बढेकाले एउटै राजनीतिक दलभित्र समेत हिंसा र अपराधका घटनाहरू बढ्दै गएका छन् । त्यस्तो अपराधमा संलग्न व्यक्तिलाई नियमित प्रक्रियाबाट कानुनी दायरामा ल्याउन कठिन बन्दै जानुले मानव अधिकार र विधिको शासन दिनानुदिन सङ्कटासन्न हुँदै गएको छ ।

अन्त्यमा, नेपाल सरकारबाट सम्बन्धित घटनाको सम्बन्धमा विस्तृत छानबिन नै नगरी मुद्दा फिर्ता लिने र आममाफी दिने संवैधानिक वा कानुनी प्रावधानहरूमा औचित्यपूर्ण एवम् न्यायसम्मत अन्तर्राष्ट्रिय मानव अधिकारका मूल्य-मान्यता अनुकूलका सर्तबन्देज हुनैपर्दछ भन्ने आयोगको धारणा रहेको छ । द्वन्द्वकालसँग सम्बन्धित घटनाहरूको छिनोफानो गर्ने एकमात्र वैधानिक निकाय सत्यनिरूपण तथा मेलमिलाप आयोग भएकाले त्यसलाई अविलम्ब गठन गरी अवरूद्ध न्यायिक प्रक्रियालाई सुचारू गर्न तथा राजनीतिक दलहरूमा आपराधिक पृष्ठभूमि भएका व्यक्तिहरूको प्रभुत्व बढ्दै गएकाले त्यसलाई निर्मूल गरी मानव अधिकारको संरक्षण र विधिको शासन कायम गर्न तपाईंको राजनीतिक दलको सक्रिय सहयोगको अपेक्षा गर्दछु ।

**केदारनाथ उपाध्याय**
**अध्यक्ष**
**मानव अधिकार सबैको साझा सरोकारको विषय**

**राष्ट्रिय मानव अधिकार आयोग**

ललितपुर, २०६९असार १७ गते ।
राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले नेपालमा मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा सवैको सहयोग र सहकार्य आवश्यक भएको बताउनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र राष्ट्रिय मानव अधिकारआयोगद्वारा राजधानीमा आयोजना गरिएको 'विश्वव्यापी आवधिक समीक्षापछिको एक वर्ष' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै अध्यक्ष उपाध्यायले उक्त कुरा बताउनुभएको हो ।

उहाँले मानव अधिकार सवैको साझा सरोकारको विषय भएकोले सवैले साझा प्रयासबाट मानव अधिकार संस्कृतिको संरक्षण र संवर्द्धन गर्न सहज हुने धारणा राख्नुभयो ।

कार्यक्रममा बोल्दै नेपाल सरकारको मुख्य सचिव माधवप्रसाद घिमिरेले 'विश्वव्यापी आवधिक समीक्षा' प्रक्रियाअन्तर्गत प्राप्त सिफारिशलाई नेपाल सरकारले उच्च प्राथमिकतासाथ कार्यान्वय गरिरहेको बताउनुभयो ।

मुख्य सचिव घिमिरले 'विश्वव्यापी आवधिक समीक्षा' प्रक्रिया नयाँ भएको, यस प्रक्रियाबारे जानकारी राख्ने दक्ष जनशक्ति नभएको, सिफारिश कार्यान्वयनको लागि पर्याप्त स्रोत साधन नभएकोजस्ता कारणले कार्यान्वियन पक्ष केही कमजोर हुन पुगेको बताउनुभयो ।

उहाँले मानव अधिकारसम्बन्धी लगभग १६ वटा विधेयक तयार भइसकेको तर संसद नभएकोले तिनलाई पारित गर्न नसकिने अवस्था आएको पनि बताउनुभयो ।

कार्यक्रममा बोल्दै संयुक्त राष्ट्रसंघीय आवसीय संयोजक रोबर्ट पाइपरले 'विश्वव्यापी आवधिक समीक्षा' ले अन्तर्राष्ट्रियस्तरको संक्रमणकालीन न्यायसम्बन्धी संयन्त्र छिटोभन्दा छिटो स्थापना गर्नमा जोड दिएको बताउनुभयो ।

तर यसको व्यवहारिक कार्यान्वयकाल लागि आवश्यक कानुन बनाउने पक्षमा भने प्रगति नभएको धारणा उहाँको धारणा थियो ।

**देश र नागरिकप्रति जिम्मेवार बन्न आग्रह असार १८, २०६९**
देशमा देखापरेको हत्या-हिंसा, अपरहरण, बढ्दो महंगी, मलको अभाव, राजनीतिक झै-झगडा, राजनीतिक असहिष्णुता, त्रिभुवन विश्वविद्यालयमा भएको आगजनी, सडक दुर्घटना एवम् प्राकृतिक विपत्तिका घट्नाप्रति आयोगको ध्यानाकर्षण भएको छ ।

देशमा भइरहेको हत्या-हिंसा र अपहरणका अपराधिक घट्नाहरू तत्कालन नियन्त्रण गरी नागरिकको स्वतन्त्रतापूर्वक एवम् निर्भयतापूर्वक बाँच्न पाउने हकको सम्मान गर्न आयोग सरकारलाई आग्रह गर्दछ ।

देशमा आकाशिंदो किसिमले महंगी बढिरहेको छ । यसरी अप्राकृतिक रूपमा बढेको महंगीको कारण पत्ता लगाई त्यसलाई रोक्न र सर्वसाधारण नागरिकलाई महंगीको मारबाट बचाउन तत्काल कामकारबाही अघि बढाउन पनि आयोग सरकारलाई आग्रह गर्दछ ।

अर्कोतिर मलको अभाव देखापरेको छ । यसबाट सर्वसाधारण किसानको जीविकामा मात्रै होइन, अन्न उत्पादनमा समेत असर पर्ने देखिन्छ । यसर्थ किसानलाई समयै द्रूत ढंगले मल उपलब्ध गराउने चाँजोपाँजो मिलाउन आयोग सरकारलाई आग्रह गर्दछ ।

झै-झगडा र आरोप प्रत्यारोपमा रूमल्लिन पुगेका राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूलाई संयमित रहन एवम् देश र जनताप्रति जिम्मेवार भई व्यवहार गर्न आयोग आग्रह गर्दछ ।

बढ्दो सडक दुर्घटनालाई नियन्त्रण गर्न सवारीसम्बन्धी नियम कानुनको पालना गर्ने र सडक प्रयोगकर्ताहरूलाई सचेत तुल्याउने दिशामा सरकार जागरूक हुनुपर्ने अवस्था छ । यसतर्फ पनि सरकारको ध्यान जान आवश्यक छ ।

वर्षायामसंगै शुरू भएको बाढीपहिरोलगायतका प्राकृतिक प्रकोपबाट पीडित नागरिकलाई उचित राहत प्रदान गर्न, औषधिको व्यवस्था गर्न, उनीहरूको यथोचित पुनःस्थापना गर्न तथा प्राकृतिक प्रकोपलाई नियन्त्रण एवम् रोकथाम गर्न समयमै उचित तयारी गर्न पनि आयोग सरकारलाई आग्रह गर्दछ ।

देशमा रोगको रूपमा रहेको दण्डहीनतालाई अन्त्य गर्न, राज्यको पुनःसंरचना तथा संघीयतालगायत थाँती रहेका राजनीतिक विवादलाई यथाशक्य छिटो अन्त्य गर्न एवम् देशको राजनीतिक अस्थिरतालाई छलफल र सहमतिबाट तार्किक निष्कर्षमा पुऱ्याउन सवै सरोकारवाला पक्षहरूसंग पनि आयोग आग्रह गर्दछ ।

**अपाङ्गतामैत्री फुटपाथ निर्माण गर्न ध्यानाकर्षण**

ललितपुर, **२०६९**असार १९ गते ।
काठमाडौं उपत्यकामा सडक विस्तार कार्य अघि बढिरहेको बेलामा राष्ट्रिय मानव अधिकार आयोगले अपाङ्गतामैत्री फुटपाथ निर्माण गर्नका निम्ति सरोकारवाला निकायहरूलाई पत्राचार गरेको छ ।

## राष्ट्रिय मानव अधिकार आयोग

अपाङ्गतामैत्री फुटपाथ निर्माण गर्न आग्रह गर्दै आयोगले काठमाडौं उपत्यका विकास प्राधिकरण,काठमाडौं महानगरपालिका, ललितपुर उपमहानगरपालिका तथा भक्तपुर नगर पालिकालाई पत्राचार गरको हो ।

ती निकायहरूलाई पठाइएको पत्रमा भनिएको छ, 'अपाङ्गताभएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (UNCRPD)को नेपाल पक्षराष्ट्र भइसकेको वर्तमान अवस्था र अपाङ्गता भएका व्यक्तिहरूको हकअधिकारको सुनिश्चितताको लागि अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ लागू रहेको अवस्था छ ।'

अपाङ्गता भएका व्यक्तिलगायत सबै मानिसको सहज पहुँचका निम्ति फुटपाथ नभएको सडकमा फुटपाथ विस्तार गर्न जोड दिंदै 'ह्वील चियर' तथा सेतो छडी प्रयोगकर्तालगायत अपाङ्गता भएका व्यक्तिहरूलाई फुटपाथ प्रयोग गर्न सहज हुने गरी अपाङ्गतामैत्री सडक-पेटी निर्माण गर्न पत्रमा ध्यानाकर्षण गरिएको छ ।

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ असार १९ गते

नेपाली नागरिकको उद्दारका लागि पत्राचार

**राष्ट्रिय मानव अधिकार आयोगले अफगानिस्तानको 'अफगानिस्तान स्वतन्त्र मानव अधिकार आयोग' लाई पत्र पठाई त्यहाँ झण्डै महिनादेखि नेपाली नागरिकलाई बन्धक तुल्याएको सम्बन्धमा ध्यानाकर्षण गरेको छ ।**

**सञ्चारमाध्यममा प्रकाशित समाचारलाई उधृत गर्दै अफगानिस्थानको बग्राम शहरस्थित एक 'गेष्ट हाउस' मा १० जना नेपालीलाई बन्धक तुल्याएको खबर आएकोले त्यसको सत्य तथ्य पत्ता लगाई आवश्यक जानकारी गराउन पनि पत्रमा आग्रह गरिएको छ ।**

**बन्धक बनाएका नेपाली नागरिकहरूलाई मानवीय आधारमा उद्दार गर्ने वातावरण मिलाइदिन पनि उक्त पत्रमा आग्रह गरिएको छ ।**

**'अफगानिस्तान स्वतन्त्र मावन अधिकार आयोग' लाई पठाएको पत्रको याधार्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई पनि दिएइको छ ।**

## आगलागी र डढेलो नियन्त्रण गर

२०७० वैशाख ४ गते

देशका विभिन्न भागमा भएको आगलागी र डढेलोबाट भएको जनधन र प्राकृतिक सम्पदाको क्षतिप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

विगतका वर्षहरूमा जस्तै चैत-वैशाखको खडेरी याममा अनियन्त्रित रूपमा आगलागी हुने र जनधनको क्षति हुने क्रम बढ्दो छ । तराई बस्तीमा आगलागी भएर सयौं घरहरू खरानी भएका एवम हिमाली र पहाडी जिल्लाका सयौं हेक्टर वनमा आगलागी भएको जानकारी आमसञ्चार माध्यम र आयोग स्वयंले गरेको अनुगमनबाट प्राप्त भइरहेको छ ।

आयोगले विभिन्न स्रोतबाट संकलन गरेको जानकारीअनुसार सुनसरी, झापा, सप्तरी, सिरहा, मोरङ, बारा, पर्सा, ताप्लेजुङ, बाँकेलगायतका जिल्लामा आगलागीका कारण ६ जनाको मृत्यु भएको छ। यसैगरी, ६ सय ४४ घर जलेको, २ सय ९४ परिवार विस्थापित भएको र देशभरका ७ सय ५६ वनमा आगलागी भएको जानकारी प्राप्त भएका छन्।

आगलागीबाट पीडित नागरिकहरू - खासगरी बालबालिका, बृद्धबृद्धा, बिरामी एवम सुत्केरीको पहिचान गरी तिनलाई तत्काल सुरक्षित ठाउँमा स्थानान्तरण गर्न एवम् आवास, औषधोपचार, राहत, उद्दार र परिपूरणका कामहरू द्रूत गतिमा अघि बढाउन नेपाल सरकार र सरोकारवाला निकायहरूसँग आयोग आग्रह गर्दछ। साथसाथै पीडितहरूको पुनःस्थापना र उपयुक्त परिपूरणको व्यवस्था गर्न आयोग आह्वान गर्दछ।

गाउँबस्ती र वनमा लागेको डढेलो तत्काल निभाउन र आउँदा दिनमा आउनसक्ने यस्ता बिपदहरूको समयमै निराकरण गर्नका लागि आवश्यक सतर्कता अपनाउन, नीति-नियम बनाउन तथा पर्याप्त बजेटको व्यवस्था मिलाउन पनि आयोग नेपाल सरकार र सबै सरोकारवाला निकायहरूसँग आग्रह गर्दछ।

**शवोत्खनन् मार्गनिर्देशिका जारी**

२०६९ असार १३ गते
राष्ट्रिय मानव अधिकार आयोगले नेपालमै पहिलोपटक 'शवोत्खनन् मार्गनिर्देशिका, २०६९' हालै जारी गरेको छ।

गैरन्यायिक ढंगबाट हत्या गरी गाडिएका व्यक्तिहरूको तहकिकात गरी पीडित पक्षलाई न्याय प्रदान गर्न र दोषीमाथि कारबाही गर्न सजिलो होस् भनी सो मार्गनिर्देशिका जारी गरिएको हो।

यसैबीच राष्ट्रिय मानव अधिकार आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई पत्राचार गरी बाग्मती करिडोरमा बस्दै आएका सुकुम्बासीहरूको घर टहरा भत्काउँदा हुन गएको क्षतिको उचित मूल्यांकन गरी क्षतिपूर्ति दिन आग्रह गरिएको छ।

अन्य स्थानको अतिक्रमित सरकारी जग्गा खाली गर्नुभन्दा अघि वैकल्पिक व्यवस्था मिलाउन र सोको जानकारी आयोगलाई दिन पनि आग्रह गरिएको छ।

काठमाडौंको बाग्मती किनारलगायत मुलुकका विभिन्न स्थानमा बसोबास गर्दै आएका सुकुम्वासीको घर टहरा भत्काउने सरकारको निर्णयले आर्थिक एवम् सामाजिक अधिकारबाट बञ्चित गरेकोले न्यायोचित वैकल्पिक व्यवस्था गरी अधिकारको संरक्षण गरीपाउँ भनी आयोगमा उजुरी दर्ता भएको थियो।

**राष्ट्रिय मानव अधिकार आयोग**

देशमा देखापरेको राजनीतिक झै-झगडा, राजनीतिक असहिष्णुता, हत्या-हिंसा, अपरहरण, बढ्दो महंगी, त्रिभुवन विश्वविद्यालयमा भएको आगजनी, सडक दुर्घटना एवम् प्राकृतिक विपत्तिका घट्नाप्रति आयोगको ध्यानाकर्षण भएको छ ।

झै-झगडा र आरोप प्रत्यारोपमा रूमल्लिन पुगेका राजनीतिक दलहरूलाई संयमित रहन एवम् देश र जनताप्रति जिम्मेवार बन्न आयोग आग्रह गर्दछ ।

देशमा भइरहेको हत्या-हिंसा र अपहरणका घट्नाहरू तत्कालन नियन्त्रण गरी नागरिकको स्वतन्त्रतापूर्वक बाँच्न पाउने हकको सम्मान गर्न आयोग सरकारलाई आग्रह गर्दछ ।

देशमा ज्यामितीय ढंगमा महंगी बढिरहेको छ । यसरी अप्राकृतिक रूपमा बढेको महंगीको कारण पत्ता लगाई त्यसलाई रोक्न र सर्वसाधारण नागरिकलाई महंगीको मारबाट बचाउन तत्काल कामकारबाही अघि बढाउन पनि आयोग सरकारलाई आग्रह गर्दछ ।

बढ्दो सडक दुर्घटनालाई नियन्त्रण गर्न सवारीसम्बन्धी नियम कानुनको पालना गर्ने र सडक प्रयोगकर्ताहरूलाई सचेत तुल्याउने दिशामा सरकार जागरूक हुनुपर्ने अवस्था छ । यसतर्फ पनि सरकारको ध्यान जान आवश्यक छ ।

वर्षायामसंगै शुरू भएको बाढीपहिरोलगायतका प्राकृतिक प्रकोपबाट पीडित नागरिकलाई उचित राहत प्रदान गर्न, उनीहरूको यथोचित पुनःस्थापना गर्न तथा प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्न समयमै उचित तयारी गर्न पनि आयोग सरकारलाई आग्रह गर्दछ ।

देशमा दीर्घरोगको रूपमा रहेको दण्डहीनतालाई अन्त्य गर्न, संघीयतालगायत थाँती रहेका राजनीतिक विवादलाई यथाशक्य छिटो अन्त्य गर्न एवम् देशको राजनीतिक अस्थिरतालाई छलफल र सहमतिबाट तार्किक निष्कर्षमा पुऱ्याउन सबै सरोकारवाला पक्षहरूसंग पनि आयोग आग्रह गर्दछ ।

## सुकुम्बासी समस्याको दीर्घकालीन समाधान गरियोस्

२०६९ असार १९ गते
सुर्खेत, बर्दिया र कपिलबस्तुका सुकुम्बासीहरूको एक प्रतिनिधि मण्डलले राष्ट्रिय मानव अधिकार आयोगमा ज्ञापनपत्र बुझाएको छ । 'भूमि अधिकार मञ्च' को नेतृत्वमा आएको प्रतिनिधि मण्डलले सुर्खेत, बर्दिया र कपिलबस्तु जिल्लामा सरकारद्वारा सुकुम्बासी बस्तीहरू मध्य वर्षात्मा अमानवीय ढंगले हटाउँदा उनीहरूको मानव अधिकार हनन् भएको तथा भौतिक क्षति भएको उल्लेख गर्दै न्यायको माग गरेको छ । यस मानवीय समस्याप्रति आयोगको ध्यानाकर्षण भएको छ ।

देशका विभिन्न भागमा सुकुम्बासी बस्ती हटाउने क्रममा भएका भौतिक तथा मानवीय क्षतिबारे आयोग स्वंयले गरेको अनुगमन, मानव अधिकारसम्बन्धी संस्थाले सार्वजनिक गरेको प्रतिवेदन एवम् आमसञ्चार माध्यममा आएका जानकारीलाई आधार मान्दा सुकुम्बासीको मुद्दाप्रति सरकार खासै सम्वेदनशील नबनेको पाइयो ।

सुकुम्बासीहरूलाई हटाउनुभन्दा अघि मानव अधिकारसम्मत पर्याप्त वैकल्पिक व्यवस्था अपनाउन आयोगले विगतमा थुपै पटक ध्यानाकर्षण गरिसकेको छ । सुर्खेत, बर्दिया र कपिलबस्तुका सुकुम्बासीहरूलाई हटाइएको सम्बन्धमा पनि आयोग उही कुरा दोहोऱ्याउन चाहन्छ ।

सुकुम्बासी समस्याबारे विगतमा बनेको उच्चआयोगहरूको प्रतिवेदन एवम् राष्ट्रिय मानव अधिकार आयोगले समय समयमा सरकारको नाममा जारी गरेको सिफारिश तथा निर्देशनलाई गम्भीर तापूर्वक अध्ययन एवम् मनन गर्दै सुकुम्बासी समस्या समाधानका लागि 'राष्ट्रिय कार्ययोजना' बनाई अघि बढ्न आयोग सरकारको ध्यानाकर्षण गर्दछ ।

आयोगको निर्देशन एवम् सिफारिशहरूको प्रभावकारी कार्यान्वय गरी बिचल्लीमा परेका वास्तविक सुकुम्बासीहरूको गास, बास र कपाससम्बन्धी समस्याको दीर्घकालीन समाधानमा सम्वेदनशील बन्न आयोग सरकारको ध्यानाकर्षण गर्दछ ।

**खानेपानीको आपूर्ति सहज बनाऊ**

२०७० असार १६ गते

हालसालै विभिन्न माग राखी खानेपानी व्यवसायीहरूले खानेपानीको आपूर्तिमा खडा गरेको अवरोध र त्यसबाट उत्पन्न परिस्थितिप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

खानेपानीजस्तो अत्यावश्यक र सम्वेदनशील विषयलाई लेनदेनको विषय बनाई बजारमा अभाव पैदा गरी उपभोक्ताको दैनिक जीवनमा असर पार्न खोज्नु अमानवीय र मानव अधिकारविरोधी कार्य हो ।

खानेपानीजस्तो नागरिकको मौलिक अधिकार र मानव अधिकारसँग गाँसिएको कुरामा कहीँ कतैबाट खेँलाची हुनु शोभनीय कुरा होइन । त्यसकारण उपभोक्ताको मौलिक अधिकारलाई ध्यानमा राखेर खानेपानीको आपूर्ति व्यवस्था सहज र सुचारू बनाउन आयोग नेपाल सरकारलाई आह्वान गर्दछ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

**विधिसम्मत रूपमा सडक विस्तार गर्नुपर्छ : अध्यक्ष**

२०७० साउन १ गते
सरकारले अरनिको लोकमार्गको दायाँ तथा बायाँ ३१-३१ मिटर गरी ६२ मिटर जग्गा मुआब्जाबिना जबरजस्ती अधिग्रहण गर्न लागेकोले आफूहरू मर्कामा परेको भन्दै सिन्धुपाल्चोक, काभ्रे र भक्तपुर का बासिन्दाहरूको एक प्रतिनिधि मण्डलले राष्ट्रिय मानव अधिकार आयोगमा ज्ञापनपत्र बुझाएको छ ।

ज्ञापनपत्र बुझ्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले नागरिकको कानुनसम्मत मागहरूप्रति आयोगको समर्थन रहेको बताउनुभयो । अध्यक्ष उपाध्यायले भन्नुभयो, 'सरकारले विधिसम्मत रूपमा सडक विस्तार गर्नुपर्छ ।'

उहाँले यस विषयमा सरोकारवाला निकायहरूसँग सोधपुछ गरी समस्या समाधानको दिशामा आयोगले सहयोग गर्ने जानकारी पनि दिनुभयो ।

सो अवसरमा बोल्दै आयोगका सदस्य रामनगिना सिंहले कानुनसम्मत र प्रक्रियासम्मत ढङ्गमा आफ्ना मागहरू सरकारसामु पेश गर्न प्रतिनिधि मण्डलका सदस्यहरूलाई आग्रह गर्नुभयो ।

आयोगका अर्का सदस्य गौरी प्रधानले समस्या समाधानका लागि क्षतिपूर्ति र अन्य वैधानिक विकल्पबारे सोंच्नु श्रेयस्कर हुने धारणा अघि सार्नुभयो ।

उहाँले प्रतिनिधि मण्डलको सरोकारबारे सम्बन्धित पक्षलाई बोलाएर छलफल गरिने बताउनुभयो ।

प्रतिनिधि मण्डलका सदस्यहरूले आफूहरूले वैधानिक रूपमा भोगचलन गरेको जग्गा मुआब्जाबिना सडक विस्तार गर्दा ३ हजार ५ सय घर भत्कने तथा करिब ३५ हजार नागरिकको बिचल्ली हुने जानकारी दिनुभयो ।

**मुक्तिको माग लिएर हरूवा-चरूवाहरू आयोगमा**
**२०७०**
सिरहा र सप्तरीमा हरूवा-चरूवाहरूको रूपमा काम गर्दै आएका नागरिकहरूको एक समूहले राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूलाई भेटेर आफूहरूले वर्षौंदेखि भोगेका समस्याबाट मुक्ति दिने दिशामा पहल गरिदिन आग्रह गरेको छ ।

'हरूवा-चरूवा अधिकार मञ्च सप्तरी/सिरहा' अध्यक्ष दशन मण्डलको नेतृत्वमा आएको प्रतिनिधि मण्डलले आयोगसँग त्यस किमिसको आग्रह गरेको हो ।

प्रतिनिधि मण्डलसँग कुराकानी गर्दै आयोगका सदस्य रामनगिना सिंहले हरूवा-चरूवाहरूको रूपमा काम गर्दै आएका नागरिकको समस्याप्रति आयोग गम्भीर हरेको बताउनुभयो ।

सदस्य सिंहले आफ्ना समस्या समाधानका लागि आफूसँग भएका आधिकारिक कागजपत्रसहित आयोगमा उजुरी दिन प्रनिनिधि मण्डललाई आग्रह गर्नुभयो ।

सो अवसरमा आयोगका सदस्य गौरी प्रधानले रूवा-चरूवाहरूको न्यायोचित मागप्रति आयोगको नैतिक समर्थन रहेको बताउँदै प्रक्रियासम्मत ढङ्गमा आफ्ना माग राख्न आग्रह गर्नुभयो ।

भेटका क्रममा प्रतिनिधि मण्डलले आयोगमा पेश गरेको पत्रमा भनिएको छ, 'सरकारले मध्यपश्चिमका कमैयालाई २०५७ सालमा मुक्त घोषित गरी पुनःस्थापना थाल्यो । २०६५ सालमा सुदुरपश्चिमका हलिया मुक्तिको घोषणा भयो तर पूर्वी तराईका हरूवा-चरूवाहरूलाई कसैले हेरेनन् ।'

**आयोगले पचहत्तरै जिल्लामा कार्यालय खोल्ने २०७०**

जनस्तरमा मानव अधिकारको सचेतना बढाउने, मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने एवम् मानव अधिकार हनन्को सवालमा नागरिकको पहुँच बढाउने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोगले देशको पचहत्तरै जिल्लामा सम्पर्क कार्यालय खोल्नेबारे अवधारणापत्र अघि सारेको छ । देशभरका सबै जिल्लामा क्रमिक रूपमा सम्पर्क कार्यालय खोल्ने सम्बन्धमा अवधारणापत्रसहित आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा आजै पत्राचार गरेको छ ।

पचहत्तरै जिल्लामा आफ्नो कार्यालय खोल्दै जाने सम्बन्धमा आयोगले २०६९ फागुन २८ गते नीतिगत निर्णय लिएको थियो ।

केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालय गरी अहिले नौवटा जिल्लामा आयोगका कार्यालय रहेका छन् । विराटनगर, जनकपुर, पोखरा, नेपालगञ्ज र धनगढीमा आयोगका क्षेत्रीय कार्यालय छन् भने बुटवल, जुम्ला र खोटङमा उपक्षेत्रीय कार्यालय छन् ।

देशको सबै जिल्लामा सम्पर्क कार्यालय खोल्ने कार्यले नेपाल सरकारले लागू गरेको मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको भावना र अन्य स्थानीयस्तरमा मानव अधिकार हनन्को सवाललाई तत्काल सम्बोधन गर्न सहयोग मिल्ने आयोगले विश्वास गरेको छ ।

**कमलरीहरूले भोगेका समस्याप्रति आयोगको चासो २०७०**

'कमलरी प्रथा उन्मूलन संयुक्त संघर्ष समिति' को एक प्रतिनिधि मण्डलले कमलरीहरूमाथि भएको हत्या, हिंसा एवम् यौन शोषणका घटनाहरू तत्काल अन्त्य हुनुपर्ने माग राख्दै राष्ट्रिय मानव अधिकार आयोगमा ज्ञापनपत्र बुझाएको छ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

आयोगका सदस्य गौरी प्रधानले ज्ञापनपत्र बुझ्दै कमलरीहरूमाथि भइरहेको तमाम दुर्व्यवहारका घटनाहरूप्रति आयोग गम्भीर भएको जानकारी दिनुभयो ।

सदस्य प्रधानले कमलरीहरूको मुक्ति, दीर्घकालीन पुनःस्थापना, सामाजिक एकीकरण र क्षतिपूर्तिको व्यवस्था यथासक्य छिटो हुनुपर्ने खाँचो औंल्याउँदै यस दिशामा सरकार गम्भीर हुनुपर्ने धारणा अघि सार्नुभयो ।

उहाँले २०६९ साल चैत १४ गते ललितपुरस्थित चाकुपाटमा मालिकको बालमजदुर बनिरहेकै अवस्थामा १२ वर्षीय सिर्जना चौधरीको भएको रहस्यमय मृत्युबारे आयोगले अनुगमन गरिरहेको जानकारी दिनुभयो ।

उहाँले राजधानीलगायत विभिन्न जिल्लामा कमलरीहरूमाथि भएको हत्या, हिंसा, शोषण, उत्पीडन र विभेदबारे प्राप्त उजुरीका आधारमा तत्काल विशेष टोली गठन गरी स्थलगत अनुगमन गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो ।

प्रतिनिधि मण्डलको नेतृत्व गरेर आउनुभएका फकला चौधरीले हालसम्म छजना कमलरीको हत्या भएको, २७ कमलरीलाई बेपत्ता पारिएको र ११ जना कमलरीले मालिकको यौन शोषणबाट गर्भ बोकी 'कुमारी आमा' नियति भोग्नुपरेको जानकारी दिनुभयो ।

उहाँले कमलरीहरूमाथि भएका तमाम दुर्व्यवहारप्रति सरकारको ध्यानाकर्षण बाध्यतावश वैशाख ३ र ४ गते  दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर  बन्द गरेको तर सरकारले यसप्रति कुनै चासो नदिएको दुःखेसो पोख्नुभयो ।

प्रतिनिधि मण्डलमा मुक्त कमलरीहरू पनि संलग्न हुनुहनुभएको थियो ।

**मानव अधिकार संरक्षणमा रिट क्षेत्राधिकारको प्रभावकारी प्रयोग सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न २०७०**

राष्ट्रिय मानव अधिकार आयोग र न्यायाधीश समाज, नेपालद्वारा संयुक्त रूपमा आयोजित **मानवअधिकार संरक्षणमा रिट क्षेत्राधिकारको प्रभावकारी प्रयोग सम्बन्धी** २ दिने **कार्यशाला गोष्ठी** आज सम्पन्न भएको छ ।

कार्यशालामा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले "मानव अधिकार संरक्षणमा न्यायपालिका र राष्ट्रिय मानव अधिकार आयोगको भूमिका", सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश तथा न्यायाधीश समाज, नेपालका अध्यक्ष रामकुमार प्रसाद साहले

"मानव अधिकार उल्लंघनका रिटहरूमा अन्तरिम आदेश" र "मानव अधिकार उल्लंघनको रोकथामको लागि निषेधाज्ञाको प्रयोग", सर्वोच्च अदालतका न्यायाधीश सुशिला कार्कीले "व्यक्तिगत स्वतन्त्रताको संरक्षणको प्रभावकारी उपायको रूपमा बन्दी प्रत्यक्षीकरण"को बारेमा कार्यपत्र तथा धारणाहरू प्रस्तुत गरिएको थियो ।

यस्तै राष्ट्रिय मानव अधिकार आयोगका सदस्य रामनगिना सिंहले "मानव अधिकार संरक्षणमा पुनरावेदन तथा जिल्ला अदालतहरूको रिट क्षेत्राधिकार" को बारेमा र पुनरावेदन अदालत हेटौडाका न्यायाधीश डा. आनन्दमोहन भट्टराईले "आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको कार्यान्वयन र रिट क्षेत्राधिकार" का बारेमा कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो ।

मानव अधिकार संरक्षण र संवर्द्धनका लागि न्यायपालिका र मानव अधिकार आयोगले निरन्तर सहकार्य गर्नुपर्ने र मानव अधिकारको प्रभावकारी कार्यान्वयनका लागि राज्यका सबै निकाय तथा नागरिक समाज समेतले हातेमालो गर्दै अघि बढ्नु पर्नेमा सहभागीहरूमा एकमत रह्यो । यस्तै बन्दी प्रत्यक्षीकरण तथा निषेधाज्ञालगायतका रिट अधिकार क्षेत्रको प्रभावकारी प्रयोगबाट नागरिकहरूको वैयक्तिक स्वतन्त्रता तथा मानव अधिकार संरक्षणमा अत्यन्त महत्वपूर्ण योगदान रहने विषयमा कार्यशालामा जोड दिइयो ।

पूर्वाञ्चल क्षेत्र अन्तर्गतका पुनरावेदन तथा जिल्ला अदालतहरूका ४६ जना न्यायाधीशहरूको सहभागिता रहेको दुई दिवसीय उक्त कार्यशाला वैशाख १५ गतेदेखि विराटनगरमा शुरू भएको हो ।

## जातीय विभेद र शोषणबाट पीडित नागरिकलाई न्यायमा पहुँच आवश्यक २०७०

भेदभावरहित समाज निर्माणको दिशामा नेपाली समाज अघि बढिरहेकै बेलामा दलित र गैर दलितबीच अन्तरजातीय विवाह भएकोमा डर-धम्कीको वातावरण पैदा गर्ने, दलितले पानी छोइदिएकोमा दण्ड दिनेजस्ता मानव-मर्यादाविरूद्धको निकृष्ट व्यवहार अझै जारी रहनु खेदजनक विषय हो ।

'मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८', 'जातीय भेदभावविरूद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९६५' 'नेपालको अन्तरिम संविधान, २०६३', 'जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन' लगायत थुप्रै अन्तर्राष्ट्रिय महासन्धि र राष्ट्रिय कानुनले जातीय भेदभावलाई दण्डनीय अपराध ठहऱ्याएको छ । तर पनि जातीय भेदभाव तथा छुवाछूतको गलत परम्परा जारी नै छ । यसका लागि सामाजिक जागरण जति आवश्यक छ, त्यति नै जातीय विभेद र शोषणबाट पीडित नागरिकलाई न्यायको पहुँचमा पुऱ्याउन राज्यसंयन्त्र प्रभावकारी हुन आवश्यक छ । साथै समाजका सदस्यहरूबीच सद्भाव र सहकार्य विस्तार हुनु उत्तिकै जरूरी छ ।

यसैगरी, मानव अधिकारमा आधारित सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्नु र जातीय विभेदमुक्त प्रक्रिया र व्यवहार अङ्गिकार गर्नु पनि नितान्त आवश्यक छ। साथै, कानुन कार्यान्वयन गर्ने निकायलाई अझ क्रियाशील बनाई दोषीमाथि कानुनी कारबाही गर्न र भविष्यमा हुनसक्ने जातीय भेदभावविरूद्धको निकृष्ट व्यवहारलाई रोकथाम र अन्त्य गर्न आयोग सरकारसँग आह्वान गर्दछ ।

**वास्तविक सुकुम्बासीको पहिचान गरी बसोबासको व्यवस्था गर्न आग्रह ।**

२०६८ माघ ६

बर्षौदेखि चुनौतीपूर्ण रूपमा विद्यमान नेपाली सुकुम्बासीहरूको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य लगायतका समस्याहरू समाधानको लागि विगतमा पनि विभिन्न प्रयत्नहरू भएका हुन्। सुकुम्बासी समस्या र समाधानको लागि विगतमा बनेका उच्चस्तरीय आयोगलगायत विभिन्न निकाय समय-समयमा विभिन्न सुझाव र सिफारिसहरू नेपाल सरकारलाई प्रस्तुत गरेको भएतापनि त्यसको पूर्ण समाधान हुन सकेको छैन । हाल आएर काठमाडौं जिल्लाभित्र बागमती करिडोरलगायतका क्षेत्रहरूमा शहरको व्यवस्थित बसोबासको निम्ति नेपाल सरकारबाट भएका प्रयत्नहरू विरूद्ध सुकुम्बासीसंग सम्बन्धित संघसंस्थाहरूले आफ्ना हकहित संरक्षणका लागि विभिन्न अभियान र आन्दोलनहरू चलाइराखेको देखिन्छ । यस विषयमा सरकार र सुकुम्बासी आन्दोलनका नेताहरू बीच भएका संवाद र संघर्षबारे यस आयोगको ध्यानाकर्षण भएको छ ।

लामो समयदेखि समाधानको प्रकृयामा रहेका सुकुम्बासीहरूको समस्या र हकहित संरक्षणको विषयलाई संघर्ष र द्वन्द्वबाट भन्दा शान्तिपूर्ण संवादको माध्यमबाट समाधान होस् भन्ने आयोगको चाहना रहेको छ । सुकुम्बासीको नाममा कोही कसैले राज्यको स्वामित्वमा रहेको घर-जग्गा गैर कानुनी ढंगले हासिल गर्न नपाओस् तर बर्षौदेखि बस्दै आएका घर-जग्गा र आश्रमविहीन वास्तविक सुकुम्बासीहरूको सही ढंगले पहिचान गरी उनीहरूको हकहितको संरक्षणमा राज्यबाट सकारात्मक पहल होस् भन्ने आयोगको विचार रहेको छ। तसर्थ, शहरको ब्यवस्थित र वातावरण मैत्री बसोबास सुरक्षित गर्न र वास्तविक सुकुम्बासीको हक-हित संरक्षणको निम्ति राज्यलगायत सबै सम्बन्धित पक्षबाट संवाद र शान्तिपूर्ण माध्यमबाट समस्याको समाधान गर्न पहल होस् भनी आयोग आर्दिक आग्रह गर्दछ ।(विशाल खनाल, सचिव)

**मानव अधिकारविरूद्ध अपराधिक मुद्दाहरू फिर्ताबारे आयोगको चासो**

२०६८ फागुन २१ गते ।

हालै नेपाल सरकारले ३४९ व्यक्ति संलग्न मुद्दाहरू फिर्ता लिने निर्णय गरेको भन्नेबारे सञ्चार माध्यममार्फत् आएको समाचारप्रति चासो राख्दै आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आजै पत्र पठाएको छ ।

नेपाल सरकारले फिर्ता लिने निर्णय गरिएको भनिएका मुद्दाहरूको बादी, प्रतिबादी, मुद्दाको विषय, मुद्दा दायर भएको अदालत वा जाहेरी दर्ता भएको प्रहरी कार्यालय र दर्ता मितिसमेत खुलाई १५ दिनभित्र विवरण उपलब्ध गराइदिन आयोगले नेपाल सरकारसमक्ष अनुरोध गरेको छ । (विशाल खनाल, सचिव)

## विद्यालय बन्दको घोषणा तत्काल फिर्ता गरियोस्

२०६८ फागुन २८ गते

नेपाल शिक्षक युनियनसमेतको शिक्षक संघ/संगठनको संलग्नतामा गरिएको २०६८ साल फागुन २८ गतेदेखि अनिश्चितकालीन रूपमा विद्यालय बन्दको घोषणाप्रति राष्ट्रिय मानव अधिकार आयोगको  गम्भीर रूपमा ध्यानाकर्षण भएको छ ।

पटक पटकको विद्यालय बन्दको घोषणाबाट निर्वाध शिक्षा प्राप्त गर्न पाउने बालबालिकाहरूको नैसर्गिक हकको हनन् भएको छ । शैक्षिक क्षेत्रमा भएको निरन्तरको बन्द र हड्तालबाट लाखौं विद्यार्थीहरूको शैक्षिक अधिकारमा धक्का लाग्नुका साथै शिक्षक संघ/संगठनको समेत सहभागितामा नेपाल सरकारले जारी गरेको 'विद्यालय शान्ति क्षेत्र ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८' को समेत उल्लंघन भएको छ ।

शिक्षक समुदायले उठाएको जायज मागलाई वार्ताको माध्यमबाट न्यायसंगत एवम् विवेकपूर्ण ढंगले सम्बोधन गर्न र विद्यालय बन्दको घोषणा तत्काल फिर्ता लिने वातावरण तयार पार्न शिक्षक, नेपाल सरकार एवम् सरोकारवाला निकायहरूसंग राष्ट्रिय मानव अधिकार आयोग आग्रह गर्दछ ।

नेपाल सरकार र शिक्षक संघ/संगठनको सार्वजनिक अभिव्यक्तिबाट पैदा भएको असहज र तनावपूर्ण वातावरणलाई यथाशक्य छिटो अन्त्य गर्न पनि दुवै पक्षलाई आयोग हार्दिक आव्हान गर्दछ । (वेदप्रसाद भट्टराई , निर्देशक)

**कानुनसम्मत ढंगमा सडक विस्तार गर्न जोड**
**ललितपुर, चैत ३ गते ।**

काठमाडौं उपत्यकामा सडक विस्तार कार्य अघि बढिरहेको बेलामा राष्ट्रिय मानव अधिकार आयोगले सरोकारवाला निकायहरूलाई आयोगकै कार्यालयमा बोलाएर परामर्श बैठक गरेको छ । बैठकमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले सडक विस्तार गर्ने अघि बढाउँदा विद्यमान ऐन कानुन र मानव अधिकारका आधारभूत मान्यताहरूलाई आत्मसात गर्न सरोकार वाला निकायहरू आग्रह गर्नुभयो ।

उहाँले सडक विस्तार गर्दा प्रभावित क्षेत्रका नागरिकलाई यथासमयमा जानकारी दिन एवम् कसैको घर जग्गा पर्न गएमा बमोजिम क्षतिपूर्ति पाउने भए क्षतिपूर्ति दिन पनि सुझाव दिनुभयो ।

**राष्ट्रिय मानव अधिकार आयोग**

आयोगका सदस्य गौरी प्रधानले सडक विस्तार गर्ने क्रममा आफूहरूमाथि अन्याय भएको भन्दै स्थानीय नागरिकले आयोगमा उजुरी दिएको जानकारी गराउनुभयो ।

उहाँले सडक विस्तार गर्ने क्रममा असमान व्यवहार भएको सुनिन आएको जानकारी दिंदै त्यस्तो व्यवहार भएको भए त्यसलाई तत्कालन बन्द गर्न र राजनीतिक दवावको आधारमा कसैलाई काख र कसैलाई पाख नगर्न पनि जोड दिनुभयो ।

सदस्य प्रधानले सडक विस्तार गर्ने क्रममा नियम कानुन र विधि-विधानलाई पूर्ण रूपमा पालना गर्न सरोकारवाला निकायहरूसंग आग्रह गर्नुभयो ।

महानगरीय प्रहरी ट्राफिक महाशाखाका प्रहरी वरिष्ठ उपरीक्षक जयबहादुर चन्दले बैठकमा उठेका प्रश्नहरूको जवाफ दिंदै आफूहरूले कुनै भेदभावविना नै विधिसम्मत ढंगमा सडक विस्तार कार्य अघि बढाइएको जानकारी दिनुभयो ।

प्रहरी वरिष्ठ उपरीक्षक चन्दले सडक विस्तार गर्नुभन्दा अघि प्रक्रियाबद्ध ढंगमा सार्वजनिक सूचना जारी गरिएको, भत्काउनुपर्ने स्थानको पहिचान गरी 'मार्किङ' गरिएको र संरचाना भत्काउनुभन्दा अघि 'माइकिङ' गरिएको  बताउनुभयो ।

सडक विस्तार गर्ने क्रममा फुटपाथको व्यवस्था भए नभएको बारेमा आयुक्तहरूले राख्नुभएको जिज्ञासामा उहाँले यस विषयमा पनि आफूहरूले ध्यान दिएको बताउनुभयो ।

भौतिक योजना तथा निर्माण मन्त्रालय, काठमाडौं उपत्यका नगर विकास समिति र काठमाडौं महानगरपालिकाका प्रतिनिधिहरू क्रमशः रमेशराज बिष्ट, अनन्तकुमार बस्नेत र विष्णुप्रसाद जोशीले बैठकमा उठेका प्रश्नहरूको जवाफ दिनभएको थियो ।

बैठकमा आयुक्त रामनागिना सिंह, निर्देशक वेदप्रसाद भट्टराई तथा आयोग अधिकृतहरूको उपस्थिति थियो ।

(विशाल खनाल, सचिव)

## आप्रवासी कामदारहरूको अधिकारको सुनिश्चित हुनुपर्नेमा जोड

ललितपुर, चैत ६ गते ।
राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले नेपालबाट विदेशमा काम गर्न पुगेका आप्रवासी कामदारहरूको हकहित र सुरक्षाका लागि मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूबीच सहयोग र समन्वय हुनुपर्ने खाँचो औंल्याउनुभएको छ ।

राजधानीमा आयोजित 'आप्रवासी कामदारहरूको  विद्यमान अवस्था,चुनौती एवम् भावी कदम' विषयक राष्ट्रिय कार्यशाला गोष्ठीलाई सम्बोधन गर्दै उहाँले उक्त खाँचो औंल्याउनुभएको हो ।

थुप्रै नेपाली घरपरिवारमा आयस्रोत जुटाउने काममा सरिक आप्रवासी कामदारहरूको मानव अधिकार र सुरक्षाको प्रत्याभूति हुनुपर्नेमा जोड दिंदै अध्यक्ष उपाध्यायले यस विषयमा सरकार गम्भीर हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा बोल्दै आयोगका सदस्य गौरी प्रधानले आप्रवासी कामदारहरूको हकहित रक्षका लागि 'आप्रवासी कामदार तथा तिनका परिवारको सदस्यको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९०' यथाशक्य छिटो अनुमोदन हुनुपर्ने धारणा अघि सार्नुभयो ।

नेपालबाट विदेश पुगेका कामदारमाथि भएका तमाम भेदभाव र अत्याचारहरूको नालीबेली केलाउँदै सदस्य प्रधानले नेपालीले भोगेका दुःखपीडा अन्त्य गर्ने दिशामा उक्त महासन्धि सहायक हुने विचार व्यक्त गर्नुभयो ।

उक्त महासन्धिलाई पारित गर्ने दिशामा आयोग प्रयासरत रहेको बताउँदै उहाँले यस कार्यमा सवैको सहयोग आवश्यक भएको राय प्रकट गर्नुभयो ।

कार्यक्रममा बोल्दै राष्ट्रिय योजना आयोगका सचिव युवराज भूसालले आप्रवासी कामदारहरूको भलाइका लागि सरकारले योजनाबद्ध ढंगमा कार्यक्रम अघि सारेको जानकारी दिनुभयो ।

कार्यक्रममा आफ्नो धारण अघि सार्दै 'यूएन उमन' का 'कन्ट्री डिरेक्टर' नेपाल सरकारले अघि सारेको आप्रवासी कामदारसम्बन्धी नीति तुलनान्मक रूपमा राम्रो हुँदाहुँदै पनि त्यसको कार्यान्वयन कमजोर भएकोले प्रभावहीन हुन पुगेको बताउनुभयो ।

कार्यक्रममा परराष्ट्र मन्त्रालयका सहसचिव अर्जुनबहादुर थापा, राष्ट्रिय मानव अधिकार आयोग विशेष न्योटियर पद्मा माथेमा, आप्रवासी कामदारहरूको सुरक्षाका लागि राष्ट्रिय सञ्जालका अध्यक्ष सोम लुइँटेललगायतका वक्ताहरूले आप्रवासी कामदाहरूको हकहितका लागि राष्ट्रिय मानव अधिकार आयोगका संस्था तथा व्यक्तिहरू एकजुट भाई लाग्नुपर्ने धारणा अघि सार्नुभएको थियो ।

**राष्ट्रिय मानव अधिकार आयोग**

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका निर्देशक वेदप्रसाद भट्टराईलगायतका उच्चपदस्थ अधिकृतहरूको उपस्थिति रहेको थियो । (विशाल खनाल, सचिव)

## सत्यको निरूपण गरौ, दण्डहीनता अन्त्य गरौं !

२०६८ चैत २०

संविधान सभाको कार्यावधि सम्बन्धमा सम्मानित सर्वोच्च अदालत हालसालै गरेको फैसला पश्चात शान्ति र संविधान निर्माणको पक्षमा राष्ट्रिय राजनीतिक वृत्तमा देखापरेका संवाद र सहमतिको वातावरणलाई आयोगले सकारात्मक रूपमा लिएको छ ।

सोही परिप्रेक्ष्यमा सशस्त्र द्वन्द्वकालीन घटनाहरूलाई संवोधन गर्न विस्तृत शान्ति सम्झौतामा उल्लेखित प्रावधान अनुसार ढिलै भए पनि 'सत्य निरूपण आयोग' र 'व्यक्ति बेपत्ता छानबिन आयोग' बनाउन गरिएका पछिल्ला प्रयत्नहरूलाई आयोग हार्दिक स्वागत गर्दछ । यस्ता आयोगहरूको स्वतन्त्रता, निष्पक्ष र सक्षम हुनुपर्छ भन्ने विषयमा यसअघि नै आयोगले आफ्ना सुस्पष्ट धारणा नेपाल सरकार र राजनीतिक पार्टीहरू समक्ष प्रस्तुत गरी सार्वजनिक गरिसकेको सर्वविदित्तै नै छ ।

सशस्त्र द्वन्द्वकालीन समयमा घटेका मानव अधिकार र मानवता विरूद्धका वारदातहरूलाई गम्भीर ताका साथ अध्ययन अनुसन्धान गरी समाजमा पीडितलाई न्याय, पीडकलाई कानुनी कारवाही र राजनीतिक विषयवस्तुहरूमा मेलमिलाप गर्ने उद्देश्यको लागि स्वतन्त्र र अधिकार सम्पन्न आयोगहरू गठन गर्नु संक्रमणकालीन न्यायको दृष्टिकोणले महत्वपूर्ण छ। तर यी आयोगहरूले सत्य निरूपण गर्नु अघि सरकारले एकपक्षीय रूपमा मुद्दाहरू फिर्ता लिने र आरोपीहरूलाई आममाफी दिनेजस्ता क्रियाकलाप गर्नु मानव अधिकार र पीडितन्याय विपरीत कुरा हुन् ।

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको सम्मान, संरक्षण र पालना गर्न आफ्नो संवैधानिक दायित्व अनुसार सशस्त्रद्वन्द्वकालीन समयका हजारौं उजुरीहरूउपर अध्ययन, अनुगमन र अनुसन्धान गरी पीडितलाई राहत-परिपूरण-क्षतिपूर्ति र पीडकलाई कारवाही गर्न नेपाल सरकार समक्ष सिफारिश गरिसकेको छ। तर गम्भीर प्रकृतिका मानव अधिकार हनन् र मानवता विरूद्धको अपराधका घटनाक्रमहरूमा सत्य निरूपण, अभियोजन र पीडितको स्विकृति बेगर मेलमिलापलाई राजनीतिक तहमा मात्रै 'बिर्स र माफी' को मान्यता स्थापित भएमा भविष्यको निम्ति गम्भीर भूल हुनेछ ।

तसर्थ, नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ साल मंसिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौतापछि बेला-बेलामा नेपाल सरकारद्वारा फिर्ता लिएका फौजदारी प्रकृतिका मुद्दाहरूमध्ये राजनीतिक कारणले लगाइएका मुद्दा र झूठ्ठा मुद्दा छुट्याई मानवता विरूद्धका अपराध र मानव अधिकारको गम्भीर उल्लंघनका विषयमा समेत क्षेत्राधिकार हुने गरी 'उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग' गठनका लागि विधेयक प्रस्तुत गर्न नेपाल सरकारसंग आयोग

आग्रह गर्दछ । देशमा मानव अधिकार सम्मत शान्ति, संविधान र मेलमिलापको वातावरण सृजना गर्न र दण्डहीनताको संस्कृति अन्त्य गर्न आयोगको भूमिका सधैं सकारात्मक र जागरूक रहिरहने छ भनी सवै सराकारवाला पक्षहरूलाई आयोग आश्वस्त गर्न चाहन्छ ।(विशाल खनाल, सचिव)

## पत्रकार हत्याको निष्पक्ष छानबिन गरियोस्

चैत २२, २०६८

एभिन्यूज टीभी तथा राजधानी दैनिकका संवाददाता यादव पौडेलको अज्ञात समूहद्वारा हत्या गरिएको घट्नाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

घट्नाको निष्पक्ष छानबिन गरी सत्यतथ्य सार्वजनिक गरेर दोषी उपर कारबाही गर्न तथा मृतकका परिवारलाई छतिपूर्ति र राहतको व्यवस्था यथाशीघ्र गर्न पनि सरकारसंग अग्रह गर्दछौं ।

पछिल्लो समयमा मानव अधिकार रक्षक र पत्रकारहरूमाथि हुँदै आएको हत्या, हिंसा र आक्रमणको पनि आयोग भर्त्सना गर्दछ ।

घट्नाको अनुगमनका लागि आयोगको विराटनगरस्थित क्षेत्रीय कार्यालयबाट एक टोली खटाइसकिएको व्यहोरा पनि जानकारी गराउँदछौं । (विशाल खनाल, सचिव)

## घिमिरे र झालाई 'स्व.दयाराम परियार स्मृति मानव अधिकार सम्मान'

२०६८ चैत ३० गते

राष्ट्रिय मानव अधिकार आयोगले 'स्व.दयाराम परियार स्मृति मानव अधिकार सम्मान, २०६८' 'एबीसी नेपाल' का अध्यक्ष दुर्गा घिमिरे तथा पत्रकार चन्द्रकिशोर झालाई प्रदान गर्ने निर्णय गरेको छ ।

दुर्गा घिमिरे महिला अधिकार र सामाजिक विकासको क्षेत्रमा लामो समयदेखि कार्यरत हुनुहुन्छ भने चन्द्रकिशोर झा मानव अधिकार, सामाजिक न्याय र सामाजिक समावेशीकरणको पक्षमा कलम चलाउने स्वतन्त्र पत्रकार हुनुहुन्छ ।

राष्ट्रिय मानव अधिकार आयोगको स्थापना दिवसको अवसर पारेर आगामी जेठ १३ गते एक समारोहबीच सो सम्मान प्रदान गरिनेछ ।

कर्मक्षेत्रमा खटिएकै बखत आयोगका जनकपुर कार्यालयमा कार्यरत तत्कालीन कर्मचारी दयाराम परियारलाई२०६२ साल चैत्र ११ गते नेपाल प्रहरीले चलाएको गोली लागेको थियो । उहाँलाई

उपचारकालागि शिक्षण अस्पताल (काठमाडौं) मा ल्याई भर्ना गरिएको थियो । उपचारकै क्रममा २०६२ साल चैत्र १५ गते उहाँको देहान्त भएको थियो ।

मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा प्रतिवद्ध व्यक्ति वा संस्थाले पुऱ्याएको योगदानका लागि 'स्व.दयाराम परियार स्मृति मानव अधिकार सम्मान' यसै वर्षदेखि स्थापना गरिएको छ । (विशाल खनाल, सचिव)

**नीतिनिर्माण तहमा महिलाको समान सहभागिता हुनुपर्ने**
ललितपुर, फागुन ३० गते ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले महिलामाथि हुने हिंसा अन्त्य गर्न राज्यको नीतिनिर्माण तहमा समान सहभागिता आवश्यक भएको बताउनुभएको छ ।

१०२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको पश्चघडीमा आयोगको सभाकक्षमा आयोजित अन्तरक्रिया कार्यक्रमका सहभागीहरूलाई सम्बोधन गर्दै उहाँले उक्त धारणा अघि सार्नुभएको हो ।

उहाँले महिलाको अधिकार रक्षा गर्न र महिलामाथि हुने सबै प्रकारको हिंसा अन्त्य गर्न घरपरिवारमै लैङ्गिक विभेद हटाउने परिपाटी बसाउनपर्ने आवश्यकतामाथि जोड दिनुभयो ।

अन्तरक्रिया कार्यक्रममा बोल्दै महिला अधिकारकर्मी दुर्गा घिमिरेले महिलामाथिको हिंसा अन्त्य गर्न नेपाली समाजमा विद्यमान 'मौनताको संस्कृति' तोड्न अत्यावश्यक भएको बताउनुभयो ।

उहाँले महिलामाथि हुने हिंसा रोक्नका लागि प्रभावकारी कानुन बन्न नसकेकोले यसतर्फ सबैको ध्यान जान जरूरी भएको विचार पनि अघि सार्नुभयो ।

जमघटका सहभागीहरूलाई सम्बोधन गर्दै राष्ट्रिय मानव अधिकार आयोगका पूर्वसदस्य सुदीप पाठकले हिंसालाई सोंच र प्रवृत्तिको रूपमा परिभाषित गनुभयो ।

उहाँले सबै प्रकारको हिंसा अन्त्य गर्न घट्नाका साक्षी र मानव अधिकार रक्षकलाई रक्षा गर्न आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा महिला अधिकारकर्मी हरिप्रिया पाण्डेले राजनीति र अपराधबीच नाता कायम र हँदासम्म महिला हिंसा अन्त्य हुन नसक्ने राय प्रकट गर्नुभयो ।

महिला हिंसाको प्रसंग कोट्याउँदै अधिकारकर्मी पाण्डेले देशको राजधानी शहर काठमाडौंमा अदृश्य किसिमको महिला हिंसा कायम रहेको धारणा पेश गर्नुभयो ।

सो अवसरमा आफ्नो धारण अघि सार्दै मानव अधिकारकर्मी चरण प्रसाईले मुद्दा फिर्ता लिनेसरकार को निर्णयले मानव अधिकारको उपहास गरेको बताउनुभयो ।

उहाँले सरकारको यसप्रकारको निर्णयले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा तयार पारिएको 'महिला हिंसा अन्त्य गरौं, शून्य सहिष्णुता कायम गरौं' भन्ने नाराको पनि उपहास गरेको विचार व्यक्त गर्नुभयो ।

अधिकारकर्मी रेणु राजभण्डारीले नेपाली समाजमा विद्यमान संरचनागत हिंसा अन्त्य गर्नुपर्ने आवश्यकता औंल्याउँदै कतिपय महिलाहरू संरचनागत हिंसाकै कारण प्रहरीमा जाहेरी दिन जान नसक्ने अवस्थामा रहेको तथ्य अघि सार्नुभयो ।

कतिपय विभेदकारी कानुनले महिलाको अधिकारमा धक्का पुऱ्याएको चर्चा गर्दै अधिकारकर्मी राजभण्डारीले यसप्रकारको कानुनलाई निस्तेज बनाउन राष्ट्रिय मानव अधिकार आयोगले भूमिकाले खेल्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा अधिवक्ता कोपिला अधिकारी, चक्रमान विश्वकर्मा, पार्वती बस्नेत, लीलानाथ पहाडी, वसुधा गुरूङ, भक्ति शाह, गीता न्यौपानेलगायतका वक्ताले महिला अधिकारका विविध आयाम र पाटाहरूमाथि प्रकाश पार्नुभएको थियो । (विशाल खनाल, सचिव)

## १.४ नेपाल सरकारसँगको महत्वपूर्ण पत्राचारहरू

## १.५ आयोगको सांगठनिक ढाँचा

**Regional Offices**
**Nepalgunj, Biratnagar, Janakpur, Dhangadhi, Pokhara**

| | |
|---|---|
| Regional Director(1x5) | 5 |
| HR Officer *(Prof.)*(2x5) | 10 |
| HR Officer *(Prom)*(1x5) | 5 |
| HR Officer*(Gender & Soc. Incl)*(1x5) | 5 |
| HR Officer*(Complain Handling)*(1x5) | 5 |
| Admin/Finance Officer(1x5) | 5 |
| Admin/Finance Assistant(1x5) | 5 |
| IT & Documentation Assistant(1x5) | 5 |
| Receptionist *(Secretarial Sc.)* (1x5) | 5 |
| Driver (2x5) | 10 |
| Officer Helper (2x5) | 10 |
| Security Guard (3x5) | 15 |

Note:
*Prof.* = *Protection*
*Prom* = *Promotion*
*Soc. Incl* = *Social Inclusion*
*HR* = *Human Rights*
*IT* = *Information Technology*
*PM & PR* = *Project Management & Policy Research*
*HRD* = *Human Rights Development*
*IME* = *Internal Monitoring & Evaluation*
*BC&E* = *Board Coordination & Enforcement*
*RRR* = *Rapid Coordination/Rescue*
*Admin.* = *Administration*
*INDG* = *Indigenous*
*ICP* = *Information, Communication & Publication*
*Int's Relation* = *International Relation*
*Secretarial Sc.* = *Secretarial Science*

## १.६ माननीय अध्यक्षको वक्तव्य
## अन्तर्राष्ट्रिय नारी दिवसका सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगबाट जारी गरिएको प्रेस वक्तव्य २०६४ फागुन २४

### महिला सशक्तिकरणका लागि आयोगको जोड

राष्ट्रियता, जाती, भाषा, संस्कृति, आर्थिक हैसियत, राजनीतिक आस्था जस्ता सबै सिमालाई छिचोल्दै विश्वका सबै महिलाहरूको सशक्तिकरणका लागि दिगो अभियानको प्रतीकका रूपमा अन्तर्राष्ट्रिय महिला दिवस प्रत्येक वर्ष आजका दिन (८ मार्च) मा मनाउने गरिएको छ। राष्ट्रिय मानव अधिकार आयोग यस दिवसका अवसरमा महिला सशक्तिकरण अभियानमा समर्पित सम्पूर्ण मानवसन्तति प्रति हार्दिक सम्मान प्रकट गर्दछ।

यस दिवसले मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १ मा घोषित सबै मानवजातिको जन्मजात स्वतन्त्रता, समानता र पारस्परिक सद्भावको आवश्यकतालाई स्मरण गराउँछ। विशेषतः धारा २ मा सबै मानवसन्ततिले समानरूपमा घोषणापत्रमा उद्घोषित अधिकार हरू उपभोग गर्न पाउने कुरालाई सुनिश्चित गर्दछ। नेपालको अन्तरिम संविधान २०६३ को धारा २० ले महिलालाई स्वास्थ्य तथा प्रजननसम्बन्धी हक, महिलाविरूद्ध शारीरिक, मानसिक वा कुनै किसिमको हिंसाजन्य कार्य नगरिने प्रत्याभूति र पैतृक सम्पतिमा समान हक प्रदान गरेको छ।

यस महान् दिवसका लागि संयुक्त राष्ट्रसङ्घले यस वर्ष **'महिला र बालिकाहरूका लागि लगानी'** भन्ने नारानिरूपण गरेको छ । त्यसैगरी नेपाल सरकारले 'लैङ्गिक हिंसाको अन्त्य आजको आवश्यकता र राज्यको पुनःसंरचनामा महिलाको समानुपातिक प्रतिनिधित्व' को नारा चयन गरेको छ । यथार्थमा विश्वका प्रत्येक सम्प्रदायमा परम्परा, कानुन, धर्म र व्यवहारको आधारमा प्रचलित लैङ्गिक हिंसा महिला सशक्तिकरण र समान हक उपभोगका लागि ठूलो बाधक रहेका छन् । त्यसैले लैङ्गिक हिंसात्मक वातावरणको अन्त्य गरी राज्यको पुनःसंरचनामा महिलाको समानुपातिक सहभागिताका लागि सक्षम नारी जनशक्ति सिर्जना गर्न महिला र बालिकाका लागि राष्ट्रले विशेष लगानी गर्नु पर्ने र राष्ट्रको प्रत्येक तहमा महिलाको समानुपातिक प्रतिनिधित्व हुनु नितान्त आवश्यक छ।

'महिलाविरूद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९' र त्यसको इच्छाधीन आलेख १९९९ लाई अनुमोदन गरी नेपाल त्यसको पक्षराष्ट्र भइसकेको सन्दर्भमा महासन्धि अनुमोदनको १७ वर्ष बितिसक्दा पनि नेपाली महिलाको वास्तविक अवस्थामा खासै उल्लेख्य प्रगति देखिएको छैन । महिला विरूद्ध भेदभावको उन्मूलन र महिला र पुरूषबीचको समानता संविधान र कानुनमा लेख्दैमा समाप्त हुने नभई राष्ट्रद्वारा लैङ्गिक विभेद उन्मूलनका लागि विशेष लगानीको आवश्यकता अपरिहार्य हुन्छ । राष्ट्रको प्रतिबद्धता बेगर लैङ्गिक विभेदको अन्त्य र

महिला सशक्तिकरणको उद्देश्य यथार्थमा साकार हुन सक्दैन । अन्तर्राष्ट्रिय नारी दिवसका अवसर मा आगामी चैत्र २८ गते हुने संविधान सभाको निर्वाचनमा महिलाको सक्रिय सहभागितालाई सुनिश्चित गर्न, सबै क्षेत्र र तहमा महिलाको समानुपातिक प्रतिनिधित्व गराउन तथा महिला सशक्तिकरणका लागि सक्रिय योगदान गर्न सरकार, राजनीतिक दल, र सम्बद्ध सबै पक्षलाई राष्ट्रिय मानव अधिकार आयोग हार्दिक आग्रह गर्दछ ।

**केदारनाथ उपाध्याय**
**अध्यक्ष**

**राष्ट्रिय मानव अधिकार आयोगको आठौं वार्षिक दिवसका अवसरमा आयोगका अध्यक्ष माननीय केदारनाथ उपाध्यायले दिनुभएको वक्तव्य**
**(वि.सं. २०६५ जेठ १३ गते)**

सम्माननीय प्रधानमन्त्रीज्यू,
सम्माननीय प्रधान न्यायाधीशज्यू तथा माननीय न्यायाधीशज्यूहरू,
माननीय मन्त्रीज्यूहरू,
व्यवस्थापिका संसदका सांसदज्यूहरू तथा नवनिर्वाचित सभासदज्यूहरू,
राजनीतिक दलका नेता तथा प्रतिनिधिज्यूहरू,
संवैधानिक अंगका प्रमुख तथा सदस्यज्यूहरू,
महामहिम राजदुतज्यूहरू,
नेपाल स्थित का UN प्रमुखज्यू,
UNOHCHR का प्रतिनिधिज्यू,
तथा यू.एन. एजेन्सीका प्रतिनिधिज्यूहरू
नागरिक समाजका प्रतिनिधिज्यूहरू
आयोगका माननीय सदस्यज्यूहरू तथा सहकर्मीहरू
नेपाल सरकारका उच्च पदस्थ अधिकारी, मानव अधिकारकर्मी, पत्रकार मित्रहरू
उपस्थित आदरणीय भद्र महिला तथा सज्जनवृन्द ।

राष्ट्रिय मानव अधिकार आयोगको आठौ वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित यस कार्यक्रममा आयोगको निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुहुने सम्पूर्ण अतिथि महानुभावहरूलाई सर्वप्रथम म स्वागत गर्दछु । मैले आजको यस कार्यक्रमलाई वर्षभरिको मानव अधिकारको स्थितिको संक्षिप्त चर्चा गर्न र आउँदा दिनको कार्यक्रमको जानकारी गराउने अवसरको रूपमा लिएको छु ।

मुलुकमा आच्छादित सशस्त्र द्वन्द्व, हत्या हिंसा र नानाथरीका अराजकताको पृष्ठभूमिमा आठ वर्षअघि राष्ट्रिय मानव अधिकार आयोग एउटा कानुनी संस्थाको रूपमा स्थापित भएको कुरा सर्वविदितै छ । प्रतिकुल स्थिति, सस्थागत कमिकमजोरीको बाबजुद आयोग हालको अवस्थामा आइपुगेको छ । आज कानुनी संस्थाको हैसियतबाट यो आयोग संवैधानिक निकायमा रूपान्तरित भएको छ । यसको स्वायत्तता, विश्वसनीयता र कार्य प्रगतिको आधारमा संयूक्त राष्ट्रसङ्घको International CoordinationCommittee**(ICC)** को मुल्याङ्कन समितिबाट **"A"** श्रेणीमा स्थापित हुन सक्षम भएको छ । यस संस्थाको विश्वसनीयता वा स्वायत्तता सम्बन्धमा उठेका प्रश्न चिन्ह, मेटिएका छन् । **ICC** को सो निर्णयलाई हामी सहर्ष स्वागत गर्दछौ ।

जनआन्दोलन-२ र त्यसपछिको स्वस्फुर्त लोकतान्त्रिक समाजको अभ्युदय र जनाधिकारको चेतनाले राष्ट्रिय मानव अधिकार आयोगलाई राजनीतिक दल, नागरिक समाज, मानव अधिकारवादी संस्था , अन्तराष्ट्रिय समुदाय र अन्य नेपाली जनताले विशेष महत्व दिंदै आएका छन् । हामीलाई थाहा छ, यो स्वाभाविक पनि छ किन कि लोकतन्त्र, मानव अधिकार र कानुनको शासन परस्पर अन्योन्याश्रित छन्, र एकको अभावमा अर्को दुर्बल र निकम्मा हुनजान्छ । त्यसैले संविधान सभाका सभासदज्यूहरू सँग हाम्रो विनम्र आग्रह छ, आयोग सम्बन्धी अन्तरिम संविधानको वर्तमान व्यवस्थालाई उहाँहरूले निरन्तरता प्रदान गर्नु नै हुनेछ । साथै, सो व्यवस्थाको सुदृढीकरण र आयोगको स्वायत्तताको लागि आवश्यक विशेष प्रावधानहरू राख्न समेत उहाँहरू सजग हुनुहुनेछ भन्ने मैले विश्वास लिएको छु ।

ऐतिहासिक जनआन्दोलन - २ को पृष्ठभुमि र त्यस पछिका श्रृखलावद्ध घटनाक्रमको उल्लेख नगरी विगत वर्षको मानव अधिकारको स्थितिको चर्चा हुन सक्तैन । विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधानको निर्माण, संविधान सभाको निर्वाचन जस्ता मानव अधिकारलाई प्रत्यक्ष वा परोक्ष रूपले प्रभावित पार्ने एक पछि अर्को कोशेढुङ्गा पार गर्दै मुलुक आजको स्थितिमा आईपुगेको छ । राजनीतिक दलहरू, मुलुकलाई नेतृत्व प्रदान गर्ने व्यक्तिहरू जसमा सम्माननीय प्रधानमन्त्री स्वयम्ले पनि ऐतिहासिक भूमिका निर्वाह गर्नु भएको छ, सबैले मुलुकको राजनीतिलाई सशस्त्र द्वन्द्वबाट शान्ति प्रक्रियामा अवतरण गराउन गरेका प्रयासहरू नेपाली सन्ततिका लागि अविश्मरणीय रहिरहने छन् । अन्तरिम संविधान अन्तर्गतको व्यवस्थापिका संसदबाट पनि छोटो कार्यावधिमा मानव अधिकारमूलक महत्वपूर्ण कानुनहरू निर्माण भएको कुरा यहाँ उल्लेखनीय छ । नागरिकको सुसूचित हुने अधिकारलाई प्रत्याभूत गर्ने सूचनाको हक सम्बन्धी ऐन २०६४, मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४, मुलुकी ऐन २०२० मा १२ औं संशोधनमा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महल थप गरी अपहरण विरूद्धको कानुन निर्माण जस्ता ऐनहरू मानव अधिकारको पक्षमा सकारात्मक कानुनी प्रयासका उदाहरण हुन् । त्यस्तै, आदिवासी जनजातिको अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय श्रम सङ्गठनको १६९ नं. अभिसन्धिलाई सरकारले अनुमोदन गर्नु र सर्वोच्च अदालतले वेपत्ता पारिएका व्यक्ति तथा परिवारलाई अन्तरिम क्षतिपूर्तिको अतिरिक्त वेपत्ता पारिने कार्यविरूद्धको प्रभावकारी कानुन निर्माण र वेपत्तासम्बन्धी

**राष्ट्रिय मानव अधिकार आयोग**

आयोग गठनको आदेश दिनु पनि मानव अधिकार संरक्षण र संवर्द्धनको दिशामा उल्लेखनीय छन् । लैङ्गिक अलपसङ्ख्यकहरूको हक अधिकारको विषयमा भएका सर्वोच्चको निर्णयलाई पनि सकारात्मक रूपमा ग्रहण गर्न सकिन्छ । विधायिका, कार्यपालिका र न्यायपालिकाबाट मानवीय सम्मान र मानव जीवनको विशिष्टतालाई अनुभूत हुने गरी भएका यी संवेदनशील अभ्यासहरूलाई आयोग स्वागत गर्दछ ।

तथापि, विगत एक वर्षको मानव अधिकारको समग्र अवस्थाको विश्लेषण गर्दा उत्साहजनक स्थिति देखिंदैन । शान्ति-सम्झौता बमोजिम वेपत्ता तथा अपहरण गरिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्ने काम राज्य र ने.क.पा (माओवादी) दुवै पक्षबाट भएको छैन । द्वन्द्वको अवस्थामा बिच्छ्याइएको बारूदी सुरूङ र बेवारिसे विष्फोटक पदार्थको रेखाङ्कन, भण्डारण, एक अर्कालाई जानकारी गराउने र निष्क्रिय गराउने कार्यमा सघाउने भनिएका कार्य अझै व्यवस्थित तरिकाले भएका छैनन् । त्यस्ता बम विष्फोटनमा परी केहि निर्दोष नागरिक र अबोध बालबालिका मरेका छन् त केही घाईते भएका छन् । विस्थापितहरूलाई घर फर्काउन र ने.क.पा.(माओवादी) ले कब्जामा लिएको सम्पति फिर्ता गर्ने सम्बन्धी सहमतिको कार्यान्वयन हुनसकेको छैन । यस सम्बन्धमा बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, दाङ, झापा, ईलाम जिल्लाका पीडित व्यक्तिहरूको उजुरी आयोगमा पर्ने क्रम जारी छ । तराईमा सशस्त्र समूहद्वारा अपहरण, हत्या-हिंसा र ज्यादतिका घटनाहरू रोकिएका छैनन् । आयोगमा बाँकी रहेका उजुरीहरूमध्ये अधिकांश उजुरीहरू विगतको द्वन्द्वको समयमा घटेका घटनाहरूसँग सम्बन्धित रहेका छन् । हिजोका दिनहरूमा आयोगमा उजुरी गर्न आउनका लागि भय-त्रासको स्थितिबाट सम्भव नभएको भन्ने समेत बुझिन आएको छ । जीवनको अधिकार, रोजगारीका सवालहरू अन्तरिम संविधान र शान्ति-सम्झौताहरूमा उल्लेख भएता पनि तदअनुसार कार्यान्वयन भएको देखिंदैन । वर्तमान समयमा खाद्यान्न अभाव, खासगरी पेट्रोलियम पदार्थको अभावद्वारा सिर्जित चिन्ताजनक स्थितिबाट सामान्य मानिसको जीवन अत्यधिक प्रभावित भएको छ । मानव अधिकारको समष्टिगत स्थिति सम्बन्धमा आयोगको सङ्क्षिप्त प्रतिवेदन उपस्थित प्रबुद्ध महानुभावबीच वितरण गरिने हुदाँ, त्यसको थप चर्चा गर्न यहाँ आवश्यक देखिदैन ।

मानव अधिकार संस्कृतिको सम्बर्द्धन र विकास गर्नका लागि मानव अधिकार विरूद्ध ज्यादति वा हनन गर्ने व्यक्तिलाई कानुनको दायरामा ल्याई सजाय दिलाउने कुरामा राज्य सक्रिय र सशक्त हुनुपर्दछ भन्ने विषयमा आयोगको स्पष्ट धारणा रहेको छ । त्यस्ता व्यक्ति राज्यका माथिल्लो वा तल्लो तहका पदाधिकारी, अथवा कुनै राजनीतिक दलका नेता वा सम्बन्धित जोसुकै हुन सक्दछन् । अपराधी वा अपराधलाई प्रश्रय दिने व्यक्ति कानुनभन्दा माथि हुन सक्दैन र त्यस्तो व्यक्तिले कानुनद्वारा निर्धारित सजाय व्यहोर्न लगाउनुपर्ने कुरामा राज्य प्रतिवद्ध र समर्पित हुनु पर्दछ । कानुनको शासनमा सबै नागरिक समान हुन्छन् । राजनीतिक दल वा सरकारसँग आवद्ध रहेकै कारणले त्यस्ता अपराधीले सजायबाट उन्मुक्ति पाउने कुरा हुनुहुँदैन । दण्डहीनताको संस्कृतिले मानव अधिकारको लागि चिन्ताजनक एवम् प्रतिकूल स्थिति सिर्जना गर्ने भएकाले राज्यले त्यस्तो संस्कारको अन्त्य गर्नुपर्दछ । आयोगको अध्ययनमा राज्यवाट यस दिशामा ध्यान दिएको

देखिदैन । अघिल्ला वर्षहरूमा व्यक्तिगत उजुरी र नीतिगत सुधार विषयका समेत गरी जम्मा १४७ ओटा सिफारिस भएको र वर्तमान पदाधिकारीहरू नियुक्त भैसके पछि गत ९ महिनामा ३१ ओटा व्यक्तिगत मानव अधिकार उल्लङ्घनका र ९ ओटा नीतिगत सुधारको सिफारिस गरी जम्मा ४० ओटा सिफारिस भएका छन् । हालसम्ममा गरिएका १८७ सिफारिसहरूमध्ये कूल ३८ सिफारिस मात्र आंशिक वा पूर्णरूपमा कार्यान्वयन हुनुलाई आयोगले गम्भीरताका साथ लिएको छ । नेपाल सरकारलाई यी सिफारिसहरू कार्यान्वयनमा कुनै प्राविधिक वा व्यावहारिक कठिनाई भए त्यसको समाधानको लागि आवश्यक सहयोग प्रदान गर्न आयोग तत्पर रहेको जानकारी गराउन चाहन्छु । त्यस्तै, राजनीतिमा बढ्दो आपराधिक क्रियाकलाप विरूद्ध ने.क.पा.माओवादी र अन्य राजनितिक दलका संवद्ध संगठनहरूमा मानव अधिकार आयोगवाट चेतनामुलक एंव शिक्षाप्रद कार्यक्रमका लागी सहकार्य गर्न सकिने कुरा पनि अवगत गराउन चाहन्छु ।

संविधान सभाको निर्वाचनका क्रममा यस आयोगले निर्वाचन आयोगसँग सम्पर्क राखी संविधान सभामा मानव अधिकारका सवाल र मतदाता शिक्षाको चेतनामूलक प्रयासहरू गरेको कुरा विदितै छ । खासगरी आयोगले विभिन्न क्षेत्रमा ५ ओटा क्षेत्रीय गोष्ठीहरू सम्पन्न गरेको र त्यसमा व्यापक रूपले स्थानीय मानव अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधिहरू विभिन्न राजनीतिक तथा पेसागत संस्थाहरू समेतको सहभागिता रहेको कुरा उल्लेख गर्न चाहन्छु । आयोगले केन्द्रीय, क्षेत्रीय र जिल्ला सम्पर्क कार्यालयहरूमार्फत् ५० जिल्लाहरूमा अन्तरक्रिया तथा छलफल आयोजना गरी संविधान सभा निर्वाचनमा मानव अधिकारको सवालसम्बन्धी जानकारी सरोकारवालाहरूलाई दिने कार्य गरेको थियो । मानव अधिकारको अवस्था र संविधान सभा निर्वाचन प्रक्रियाको अनुगमन कार्य आयोगद्वारा ६९ जिल्लामा गरिएको कुरा आयोगको प्रेस विज्ञप्तिमार्फत् अवगत गराइएकै छ । विद्यालयस्तरमा मानव अधिकारको प्रचार-प्रसार तथा पाठ्यक्रममा मानव अधिकार विषयलाई समावेश गर्नका लागि समेत आयोगबाट पहल भइरहेको छ । समाजका पिछडिएका वर्ग, दलित, जनजाति र महिलाहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारका क्षेत्रमा सहभागी बनाई विकास प्रक्रियाको मूलधारमा ल्याउन आयोगको तीनवर्षे रणनीतिक योजना तयार पार्ने काम अन्तिम चरणमा पुगेको छ । मानव अधिकारको समष्टिगत प्रश्नहरूमा संरक्षण र सम्बर्द्धनका लागि विभिन्न मानव अधिकारवादी संघ संस्था, नागरिक समाज संग सहकार्यको लागी उक्त रणनीति योजना लागु भएपछि विशेष कार्यक्रमहरूको पहल गरिनेछ । हालसम्म त्यस्ता संस्थाहरूको कार्यक्रममा आयोगद्वारा सहभागी भएर एवम् त्यस्ता संस्थाहरूलाई आफ्नो कार्यक्रममा आमन्त्रण गरेर पारस्परिक सद्भावनाको अभिवृद्धि र मानव अधिकारमूलक कार्यक्रममा सहयोगको पूर्वाधार स्थापित गर्ने प्रयास भएको छ । यो प्रयासमा विभिन्न मानव अधिकारवादी संस्था राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले देखाएका सदासयता र सहयोगका लागि आयोग हृदयदेखि नै धन्यवाद दिन चाहन्छ । साथै, नेपाल सरकार र नेपाल सरकारका विभीन्न अधिकारीहरूले आयोगले बुझ्न चाहेका कुरामा देखाउनु भएको तत्परता र सहयोगका लागि धन्यवाद दिन चाहन्छ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

**भद्र महिला तथा सज्जनवृन्द**

राष्ट्रिय मानव अधिकार आयोग नेपाली जनताको मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि स्थापित राष्ट्रिय संस्था भएकाले यसको सुदृढीकरणबाट नै हाम्रो मानव अधिकार संरक्षित र संवर्द्धित हुन सक्तछ भन्ने कुरामा दुई मत नहोला । आयोगको आवश्यकता र यसको संवैधानिक प्रत्याभूति आयोगका पदाधिकारी र कर्मचारीका लागि नभएर यसको प्रयोजन नेपाली जनताको मानव अधिकार संरक्षण र संवर्द्धनका लागि हो भन्ने कुरामा हामी आयोगका पदाधिकारी एवं कर्मचारी स्पष्ट छौ । यो संस्थाको स्वायत्तता र विश्वसनीयता जनताको धरोहर हो भन्ने हामीले ठानेका छौ ।

अन्त्यमा, 'मानव अधिकार', संस्कृति र सभ्यताको परिष्कृत उपज भएकाले, यसमा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूबीच प्रतिष्पर्धा होइन, सहयोग, सामूहिक पहल र सहकार्यको आवश्यकता छ । यस प्रकारको सहयोग, सामुहिक पहल र सहकार्यलाई सघाउन नेपाल सरकार, राजनीतिक दल, नागरिक समाज, पत्रकार, गैरसरकारी संस्था तथा सम्बद्ध सबै पक्षबाट सद्भाव र मैत्रीपूर्ण वातावरण पाउने अपेक्षा गर्दै आफ्नो भनाइ यही टुङ्ग्याउँछु ।

**धन्यवाद ।**

**राष्ट्रिय मानव अधिकार आयोगको दशौ वार्षिकोत्सवको उपलक्ष्यमा**
**माननीय अध्यक्ष श्रीकेदारनाथ उपाध्यायले दिनुभएको मन्तब्य, २०६७।२।१३.**

सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय संविधान सभाका अध्यक्षज्यू, सम्माननीय प्रधान न्यायाधीशज्यू, विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनीधिज्यूहरू, विभिन्न मित्र राष्ट्रका महामहिम राजदूत र नियोग प्रमुखज्यूहरू,संवैधानिक आयोगका प्रमुखज्यूहरू, विभिन्न कार्यालयका प्रमुखज्यूहरू, विभिन्न गैरसरकारी संस्थाका प्रमुखज्यूहरू, नागरिक समाजका प्रतिनीधि एवं मानव अधिकारकर्मी मित्रहरू, संचारकर्मी र यस कार्यक्रममा उपस्थित अन्य सम्पूर्ण अतिथिवृन्द ।

राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भएको आज दश वर्ष पुरा भएको छ । संयोगवश आजै शान्तिका अग्रदूत गौतम बुद्धको जन्म दिन पनि परेको छ । शान्ति मानव अधिकारको पूर्वाधार भएको सन्दर्भमा आजको दिनलाई विशेष महत्वका साथ हेर्न सकिन्छ । कुनैपनि संस्थाको स्मृति र इतिहास त्यस संस्थाको लागि कति महत्वपूर्ण हुन्छ, त्यो मैले भनिरहनु पर्ने विषय हैन । यस स्मृतिपूर्ण ऐतिहासिक घडीमा आयोग स्थापनाको दशौं वार्षिक उत्सव समारोह मनाउन हामी भेला भएका छौं । यस उल्लासपूर्ण समारोहमा आज सार्वजनिक बिदाको दिनमा पनि आफ्नो अमुल्य समय दिई यहाँ पाल्नु भएकोमा प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री ज्यू लगायत सम्पूर्ण अतिथि महानुभावहरूलाई म हार्दिक स्वागत र अभिवादन गर्दछु ।

विगत एक दशक मानव अधिकारको लागि संघर्ष र चुनौतिको दशक मात्र हैन, केही प्रेरणादायी समय पनि रह्यो । यस अवधिमा मानव अधिकार संरक्षण सम्बर्द्धनकालागि विभिन्न क्षेत्रबाट गरिएका कतिपय प्रतिबद्धताहरू परिणाममुखी नभएपनि केही सकारात्मक संकेतहरू देखा परेका छन् । मानव अधिकार आयोग ऐन २०५३ लागू भएको चारवर्षपछि सशस्त्र द्वन्द्वको मध्यकालमा हत्या, हिंसा र अपहरण जस्ता मानव अधिकार उलंघनका घटनाहरू संगिन रूपमा घटिरहेको अवस्थामा आयोगको स्थापना हुनु र आयोगबाट मानव अधिकार समुदाय तथा नागरिक समाजको सहकार्यमा शैसव अवस्थामा नै महत्वपूर्ण अनुगमन भएको छ । साथै आयोगले अनुसन्धान र सिफारिशहरू गर्नु स्वयंमा स्मरणीय छ । यद्यपि आयोग वर्तमानमा पनि आफ्नो स्वायत्तता र स्वतन्त्रताको लागि पुनः लडिरहनु परेको अवस्था छ । सशस्त्र संघर्षरत पक्षहरूबीच सम्पन्न विस्तृत शान्ति सम्झौता र त्यस अनुसार हतियार व्यवस्थापनको परिस्थिति बन्दै जानुलाई शान्ति स्थापना र मानव अधिकार संस्कृति निर्माणको लागि कोशेढुङ्गाको रूपमा लिन सकिन्छ । यसै अवधिमा बहुप्रतिक्षित संविधान सभाको निर्वाचन सम्पन्न भई समावेशी संविधान सभाको निर्माण भएको सर्व विदितै छ । खासगरी ३३ प्रतिशत महिला सहभागिता र समाजका पिछडिएका जातजाती र वर्गको उल्लेख्य सहभागिता विशेष महत्वको विषय बस्तु रहेको छ । देश संघिय लोकतान्त्रिक गणतन्त्र घोषित भएको छ । संक्रमणकालीन न्यायका प्रमुख संयन्त्रको रूपमा रहेका सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता नागरिक छानबिन आयोगको गठनसम्बन्धि विधेयकहरू व्यवस्थापिका संसदमा पेश भएका छन् । सशस्त्र द्वन्द्व पीडितको उद्धार, भौतिक संरचनाको पुनः निर्माण लगायतका विषयमा सरकारबाट बजेट छुट्टयाउने कार्य शुरू भएको छ । एकीकृत ने.क.पा. (माओवादी) को सैन्य शीविरमा रहेका अयोग्य र उमेर नपुगेका भनिएका लडाकुहरूको बहिर्गमन भएको छ । नेपाल सरकार मातहतका सबै सुरक्षा निकायहरूमा मानव अधिकार इकाइको छुट्टै व्यवस्था भएको छ । सुरक्षाकर्मीको तालिम पाठ्यक्रममा मानव अधिकारको विषयलाई समावेश गर्ने कार्यको शुरूवात भएको छ । शिक्षा, स्वास्थ्य, खाद्यान्न र रोजगारको अधिकारलाई राज्यले मौलिक हकको रूपमा ग्रहण गरेको छ ।

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धि महासन्धिको इच्छाधीन आलेख १९९९, वेश्यावृतिका लागि महिला तथा बालबालिकाको बेचबिखन नियन्त्रण सम्बन्धी सार्क क्षेत्रिय महासन्धि २००२, दक्षिण एसियाली बालकल्याण अभिवृद्धिका लागि क्षेत्रिय व्यवस्था सम्बन्धि सार्क महासन्धि २००२, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि महासन्धि २००६, आई.एल.ओ. महासन्धि नम्बर १६९ लगायतका महत्वपूर्ण महासन्धिहरूको नेपाल पक्ष राष्ट्र भएको छ । आयोगले मानव विरूद्ध लक्षित वारूदी सुरूङ्गको प्रयोग, भण्डारण, उत्पादन तथा ओसार पसारको माथि प्रतिवन्ध तथा तीनको विनाश सम्वन्धी महाससन्धी (ओटावा महासन्धी) लाई अनुमोदन गर्न सिफारिस गरेको छ । नेपालले अनुमोदन गरेका विभिन्न मानव अधिकार सम्बन्धि महासन्धिमा भएका व्यवस्थाहरू बमोजिम संयुक्त राष्ट्रसंघीय विषयगत समितिहरूमा पेश गर्नु पर्ने प्रार म्भीक तथा आवधिक प्रतिवेदनहरू पेश गर्ने कार्य भएका छन् । सर्वोच्च अदालतले मानवीय कानुन बनाउन, बलपूर्वक वेपता विरूद्धको कानुन निर्माण र आयोग गठन गरी कारवाही गर्न,

विस्थापितहरूको अधिकार सुनिश्चित गर्न र सर्वोच्च अदालतले नै दलितहरूको घर भाडामा लिन पाउने अधिकारबाट बञ्चित नगर्ने कुरा निश्चित गर्न तथा बालविवाह रोक्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ। यसको साथै मानव अधिकार अमैत्री कतिपय कानुनहरूको खारेज गर्ने आदेशहरू जारी गरेको छ । यौनिक अल्पसंख्यकहरूको अधिकारको सम्बन्धमा पनि अदालतले आदेश जारी गरेको छ । संसदले अन्तराष्ट्रिय फौजदारी अदालतको पक्ष राष्ट्र बन्ने सरकारलाई निर्देशन दिएको छ । आयोगले पनि त्यसकालागि सरकारलाई छुट्टै सिफारीश गरेको छ । ज्येष्ठ नागरिक ऐन, घरेलु हिंसा (नियन्त्रण) ऐन, मुलुकी ऐनमा अपहरणको महल थप गरी कतिपय मानव अधिकारमैत्री कानुनहरूको निर्माण पनि भएका छन् ।

सरकारबाट यसै अवधिमा लैङ्गिक हिंसा अन्त्य गर्नको लागि अभियानको घोषणा भएको छ । पुर्नस्थापित प्रतिनीधिसभाले देशलाई पुनः छुवाछुत र भेदभावमुक्त राष्ट्र भनी घोषणा गरेको छ । दण्डहीनता अन्त्यको लागि उचस्तरीय छानबिन आयोग गठन गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिश कार्यान्वयनमा पछिल्लो अवधिमा केही सकारात्मक संकेतहरू पनि देखिएका छन् । पछिल्लो अवधिमा सशस्त्र द्वन्द्वपीडित व्यक्ति वा परिवारले राहत पाउने कार्यमा संख्यात्मक रूपमा वृद्धि भएको छ। विगतको तुलनामा प्रहरी हिरासतमा दिईने यातनामा न्युनिकरण भएकोछ । देशको शासन व्यवस्थाको प्रमुख जिम्मेवारी रहेका राजनैतिक दलका चुनावि घोषणापत्रहरूमा मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा प्रतिबद्धता व्यक्त गरिएको छ । आयोगको सिफारिश पछि कमैया, कमलहरी, हलिया प्रथाको अन्त्य भएको घोषणा भएको छ । समष्टिगत रूपमा विगत १० वर्षमा मानव अधिकार संरक्षण, सम्बर्द्धन र मानव अधिकार संस्कृतिको निर्माणमा केही न केही उपलब्धि कार्यपालिका, व्यबस्थापिका र न्यायपालिका लगाएत राज्यका विभिन निकाय र गैर सरकारी संस्थाको पहलमा अवश्यपनि भएका छन् ।

तथापि उल्लिखित सकारात्मक संकेतहरूको प्रकृति यति गौंढ र अदृष्य छन कि यस अवधिमा मानव अधिकारको समग्र अवस्थालाई सन्तोषजनक भन्न र चित्त बुझाउन सकिने स्थिति भने देखिदैंन । नागरीक तथा राजनैतिक अधिकार, यातना विरूद्धको अधिकार, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार, महिला अधिकार, बलपूर्वक वेपता पार्ने कार्य विरूद्धको अधिकार, बाल अधिकार, जातीय विभेद विरूद्धको अधिकारको उपभोगमा प्रशस्त मात्रामा बाधा र कठिनाईहरू देखिएका छन् । यस दश वर्षको अवधिमा मानव अधिकार रक्षकको अधिकार समेत निरन्तर जोखिममा पर्दै आएको पाईन्छ । यस क्रममा आयोगले आफ्नै कर्मचारी दयाराम परियारलाई समेत गुमाउनु परेको दृष्टान्त निकै दुःखदायी रहेको छ। दण्डहीनताले समग्र मानव अधिकारको अवस्थालाई अत्यन्त कमजोर बनाई दिएको छ। नागरीक तथा राजनैतिक अधिकारको प्रचलनमा प्रशस्त अवरोधहरू उत्पन्न भएका छन् । विशेष गरि सशस्त्र द्वन्द्वको कारण हजारौ व्यक्तिहरूले ज्यान गुमाउनु परेको, शसस्त्र द्वन्द्वमा भाग नलिएका सर्वसाधारण पनि मारिएका, घाइते भएका र वेपत्ता पारिएका छन् । राजनैतिक दलका कार्यकर्ता, मानव अधिकारकर्मी, पत्रकार, व्यापारी, उद्योगि तथा विद्यार्थी समेतले द्वन्द्वरत पक्षको जर्वजस्ती चन्दा तथा धम्की व्यहोर्नु परेका प्रशस्तै

उदाहरणहरू छन् । अझैपनि देशमा शान्ति सुरक्षामा उल्लेख्य सूधार हुन सकेको छैन । विशेष गरि तराई र पूर्वी पहाडमा देखिएका सशस्त्र समूहको कारण देशको शान्ति र कानुनको शासन चुनौतिपूर्ण अवस्थामा छ । राजधानीमा पनि अपहरण र व्यक्ति हत्याका घटना यदाकदा भैरहेका छन् ।

आयोगमा प्राप्त उजूरीहरूको तथ्याँङ्क अनुसार अझैपनि सुरक्षाकर्मीबाट ६२० र एकीकृत माओवादीबाट २०५ जना व्यक्तिहरूलाई बलपूर्वक वेपता पारिएको आरोप दुवैपक्ष माथि छदैंछ । सशस्त्र द्वन्द्वको कारण सबै विस्थापित व्यक्तिहरूको समस्या हालसम्म समाधान हुन सकेको छैन । बलजफित् कव्जा गरिएका सम्पतिहरू पनि फिर्ता भईसकेको अवस्था छैन । विस्तृत शान्ति सम्झौताको पालनामा नेपाल सरकार र एकीकृत ने.क.पा.(माओवादी) दुवै पक्षको इमान्दारिता व्यवहारमा पालना भएको देखिएको छैन ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान अनुमोदन गर्न संसद र राष्ट्रिय मानव अधिकार आयोगले दिएको निर्देशन सरकारबाट पालना हुन सकेको छैन । जातिय छुवाछुत तथा विभेद अन्त्य गर्ने संसदीय घोषणा समेत व्यवहारमा लागू भएको छैन । संक्रमणकालीन अवस्थाको नाममा कानुन कार्यान्वयन पक्ष कमजोर भईदिँदा देशमा दण्डहीनता मौलाउँदै गएको छ । सरकारबाट गम्भीर प्रकृतिका फौजदारी मुद्दाहरू समेत फिर्ता लिने कार्य भएका छन् । सत्य निरूपण तथा मेलमिलाप र वेपता खोजबिन तथा छानबिन आयोग अझैसम्म पनि गठन हुन सकेको छैन ।

रोजगारीको लागि विदेश जाने नेपालीहरूको मानव अधिकार समेत जोखिममा पर्ने कार्य जारी नै रहेको छ । रोकथामका विभिन्न प्रयासहरूको वावजुद पनि मानव वेचविखन कार्य रोकिएको छैन । बाल अधिकारको क्षेत्रमा केही सकारात्मक पहल भएपनि विशेष गरी बालश्रम उन्मूलनमा खासै कार्य हुन सकेको छैन । सडक बालबालिकाको संख्यामा पनि न्युनिकरण हुन सकेको भन्ने देखिदैंन । दशवर्षको अवधिमा मुलुकमा सधैं राजनीतिक एजेण्डाले मात्र प्राथमिकता पाउँदा नागरिकको आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार र विकासको अधिकार निरन्तर ओझेलमा परेको छ । जुन अधिकार वास्तवमा मानिसका आधारभुत अधिकारहरू हुन् ।

उल्लेख्य मात्रामा अपराधका घटनामा राजनैतिक हस्तक्षेप हुँदा देशमा दण्डहीनता बढ्ने क्रम रोकिन सकेको छैन । आपराधिक घटनाहरूलाई पनि राजनीतिकरण गर्ने र प्रत्यक्ष वा परोक्ष रूपले संरक्षण दिने कार्य भएको छ । राजनैतिक व्यक्ति संलग्न अपराधिक घटनाहरूको स्वतन्त्र र निष्पक्ष अनुसन्धान हुन नपाउने स्थिति पाईएको छ । यसबाट एकातिर पीडित व्यक्तिले न्याय पाउने अधिकारबाट बञ्चित हुनु परेको अबस्था छ । देशभरी सयभन्दा बढी सशस्त्र समूहहरूको बिगबिगिबाट नेपाली जनता समय समयमा असुरक्षा व्यहोर्न बाध्य हुनु परेको छ ।

देशमा अनियमित र आकस्मिक रूपमा विभिन्न संगठित समूहको नाममा हुने गरेका बन्द हड्तालले सर्वसाधारण नागरीकहरूको मानव अधिकार प्रचलन र उपभोगमा बाधा अवरोध र

हनन हुने गरेको छ । शिक्षा, स्वास्थ्य, खाद्यान्न, आवत जावत, पेशा रोजगार गर्ने लगायतका अधिकार पटक-पटक हनन् हुने गरेका छन् । दवावमुलक आन्दोलनको नाममा अत्यन्त संवेदनशील क्षेत्र मानिएका अस्पतालको सेवा समेत बन्द गर्ने अवाञ्छित दुष्परिणाम नेपाली जनताले निरीहताका साथ भोग्ने गरेका छन् ।

देशको मानव अधिकारको उपरोक्त अवस्थाको परिप्रेक्ष्यमा सीमित श्रोत र साधन तथा विगतबाट सरेर आएका समस्याहरूले आयोगको संवैधानिक कर्तव्य पालनालाई थप चुनौतिपूर्ण बनाएको छ । मानव अधिकारको संरक्षणको विस्तारित आवश्यकतालाई दृष्टिगत गरी आयोगले आफुलाई एउटा केन्द्रीय कार्यालयबाट विस्तार गरी हाल ५ क्षेत्रिय, ३ उपक्षेत्रिय कार्यालयको स्थापना गरेको छ । ती कार्यालयहरू मार्फत आयोग आफुलाई तोकिएको जिम्मेवारी पूरा गर्ने क्रममा देशका सबै जिल्लाका अधिकाँश गाउँहरू समक्ष पहुँच बनाउने क्रममा छ । स्थापनाकाल देखि २०६६ चैत्र मसान्त सम्म दर्ता भएका १० हजार ४ सय बहतर उजुरी मध्ये २८५५ उजूरी फच्र्छौट गरिएका छन् । त्यसमध्ये ३८२ उजूरीमा पीडितलाई न्याय दोषीलाई कारवाहीको लागि सिफारिश गरी पठाइएको छ । बाँकी २ हजार ४ सय ७३ उजूरीमा तामेलीमा राख्ने, खारेजी गर्ने तथा टुङ्ग्याउने कार्य भएको छ । उजूरी फर्छौटको संख्या गणना गर्दा विगतको अवधि भन्दा वर्तमान आयोगको गठनपछि सर्वाधिक फर्छौट खख्या अर्थात जम्मा २८५५ फर्छौट सख्यामा १५७६ उजूरीहरू हालको आयोगबाट फर्छौट भएको देखिन्छ ।  यसभित्र चर्चित भैरवनाथ तथा युद्धभैरव गणबाट व्यक्ति वेपता पारिएको भनिएको घटना तथा चितवनको माडी क्षेत्रमा तत्कालीन माओवादीबाट शक्तिशाली बम विष्फोट गराई सर्वसाधारणलाई मारिएको लगायतका घटनाहरू समेत समावेश छन् । आयोगले गरेका सिफारिश कार्यान्वयनको अवस्था भने चिन्ताजनक छ । हालसम्म आयोगबाट भएका सिफारिश मध्ये पूर्ण रूपमा **३४** आँशिक रूपमा **१३६** र कार्यान्वयन नै नभएको उजूरीको संख्या **२१२** रहेको छ ।  यस सम्बन्धमा आयोगले पटक पटक सरकार र सम्माननीय प्रधानमन्त्री समेतको ध्यानाकर्षण गराउँदा ती निकायको प्रतिबद्धता बाहेक व्यवहारत त्यसको कार्यन्वयन भएन । यसबाट सरकारको मानव अधिकार प्रतिको प्रतिबद्धतामा प्रश्न उठ्न सक्ने अवस्था विद्यमान रहेको छ ।

विगत १० वर्षमा आयोगबाट भएका काम कारवाहीलाई तथ्याङ्क र ग्राफ चार्ट मार्फत प्रर्दशनमा राखिएका छन् । यस बाहेक आयोगबाट समय समयमा प्रकाशित गरिएका आयोगका विभिन्न विषयगत प्रतिवेदनहरूबाट पनि आयोगले गरेका कार्यहरूको बारेमा सर्वसाधारणलाई जानकारी गराउने कार्य निरन्तर भईरहेको छ । आयोगबाट आजैपनि १० वर्षे तस्वीर पुस्तिका, विगत दश वर्षमा प्रकाशित गरिएका प्रमुख प्रेस विज्ञप्तिहरूको संगालो प्रकाशित गरिएको छ भने आयोगले दश वर्षमा गरेका सिफारिशहरूको अवस्था र मानव बेचबिखन सम्बन्धि राष्ट्रिय प्रतिवेदन निकट भविष्यमा नै प्रकाशित हुन गईरहेको व्यहोरा यहाँहरूमा जानकारी गराउन चाहन्छु । मलाई आशा छ, प्रदर्शनी र प्रकाशन भएका एवं निकट भविष्यमा नै प्रकाशनमा रहेका सामाग्रीहरू आयोगको कामको बारेमा जानकारी लिनको लागि उपयोगि हुनेछन् ।

राष्ट्रिय मानव अधिकार आयोगलाई समय समयमा प्रत्यक्ष परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्व एवं संघसंस्थाहरू, दातृ राष्ट्र तथा निकायहरू, संयुक्त राष्ट्र संघ, कुटनैतिक नियोग तथा नियोगका प्रतिनीधिहरू, न्यायकर्मी, कानुन व्यावसायी, मानव अधिकार कर्मी मित्रहरू, सञ्चार जगत, विद्वत समुदाय एवं नागरीक समाज प्रति म पुनः आभार व्यक्त गर्दछु । अन्त्यमा, शान्ति र मानव अधिकारको सम्मान कानुनी राज्य र जनसम्मतीमा आधारित संविधानबाट मात्र संभवहुने कुरा हो । यसकोलागि संविधान सभाको निर्वाचन गरी नेपाली जनताले आफ्नो कर्तव्य पुरा गरिनै सकेका छन् । नेपाली जनताको मताधिकारको सम्मान नै जनतामा निहित सार्वभौमिकताको सम्मान हो । यस प्रयोजनकालागि राजनीतिक दल, सभासदज्यूहरू, नेपाल सरकार सबैको संलग्नता र सहकार्य जरूरी छ । र, साथै संविधान सभामा हामिले निर्वाचित गरेका प्रतिनीधिज्यूहरूबाटै हामिले अपेक्षा गरेको, हाम्रो हकहित संरक्षण गर्ने हाम्रो संविधान बन्न सक्ने हाम्रो दृढ विश्वास छ । तसर्थ, संविधान सभाबाट संविधान जारी हुनका लागि धेरै विलम्म हुनु हुन्न । पुंस्तौ देखि गरीबि, शोषण, पीडादायि जीवन भोगी राखेका विगतको द्वन्द र त्यस पछिको बेथितिले सताइएका नेपाली जनताले निकै दुःख पाई सकेका छन् । त्यसैले देशमा शान्ति, विकाश, प्रगति र सुखका क्षणहरू ल्याउन सबै पक्षको सक्रिय सहभागिताका लागि विनम्र अनुरोध गर्दछु । आफ्नो मन्तव्य समाप्त गर्नु अघि आयोगको निमन्त्रणा स्वीकार गरी पाल्नुहुने सबैमा एकपटक पुनः विशेष धन्यवाद दिन चाहन्छु

धन्यवाद ।

## राष्ट्रिय मानव अधिकार आयोगको बाह्रौ स्थापना दिवसको अवसरमा आयोगका माननीय अध्यक्ष श्री केदारनाथ उपाध्यायले दिनुभएको सम्बोधन मन्तव्य

मितिः २०६८/०२/१३

**सम्माननीय प्रधानमन्त्री ज्यु,**
**सम्माननीय प्रधानन्यायाधिश ज्यु,**
**सम्माननीय संविधान सभाका अध्यक्ष ज्यु,**
**माननीय मन्त्रीज्युहरू,**
**विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्युहरू,**
**संवैधानिक आयोगका पदाधिकारीज्युहरू,**
**विभिन्न आयोगका पदाधिकारीज्युहरू,**
**विभिन्न मित्रराष्ट्रका महामहिम राजदुतज्युहरू तथा नियोग प्रमखज्युहरू,**
**OHCHR Nepal का प्रमुखज्यु,**
**नागरिक समाजका प्रतिनिधिज्युहरू,**
**गै.स.स.का महासंघ प्रमुख तथा प्रतिनिधिज्युहरू, विभिन्न गै.स.स.का प्रमुख तथा प्रतिनिधिज्युहरू,**
**र सम्पूर्ण मानव अधिकारकर्मी मित्रहरू,**

**राष्ट्रिय मानव अधिकार आयोग**

राष्ट्रिय मानव अधिकार आयोग आफ्नो स्थापनाको बाह्रौं वर्षमा प्रवेश गरेको छ । यस अवसरमा आयोजित यो कार्यक्रममा हाम्रो निमन्त्रणा स्विकार गरी पाल्नुहुने प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यु लगायत सम्पूर्ण अतिथि वृन्दहरूमा म हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

संयोगवश आजको दिन संविधान सभाबाट संविधान निर्माणको प्रतिक्षाको आखिरी दिन हो । विधीको शासन र ऐतिहासिक जनआन्दोलन – २ को उपलब्धिको संस्थाकरण संविधानबाटै हुने कुरा हो । यसको साथै मानव अधिकारको सुनिश्चितता र सम्बन्धित दायित्व र जवाफदेहिताको आधार पनि संविधानबाटै भएमा बढी सबल हुने भएकोले मानव अधिकारमैत्री संविधान निर्माणको लागि यो आयोगले निरन्तर प्रयत्न गर्दै आएको सर्वविदितै छ । तर संविधान सभाको पहिले थपिएको एक वर्षको अवधिमा संवैधानिक विषयका सैद्धान्तिक मतभेदका विषयवस्तुहरूको निराकरण वा गम्भीर छलफल सम्म नहुनु खेदपूर्ण कुरा हो । अवका दिनमा पनि संविधान सभाको म्याद थप्ने र त्यस अवधिमा पनि केही हुन नसक्ने आशंकाले जनतामा निराशा छाएको छ । यस्तो स्थितिले आउँदा दिनहरूमा निरन्तरता नपाओस भनी आयोग सवै पक्षलाई विनम्र आग्रह गर्दछु ।

राष्ट्रिय मानव अधिकार आयोगको स्थापना द्वन्द्वकालमा भएकोले तिनैताकाको समस्याहरूको विरासत आयोगले अहिले सम्म पनि व्यहोर्दै आएको छ । अधिकांश वक्यौता उजुरीहरूको निराकरण नहुनु र आयोगमा नियुक्त गरिएका कर्मचारीहरूलाई निरन्तर अस्थायी करार सेवामा झुलाई राख्नु प्रमुख समस्या रहेको छ । पुराना उजुरीहरूको किनारा लगाउने सम्बन्धमा विगत वर्ष सम्म बाँकी रहेका उजुरीहरू मध्ये अव ६०१३ थान उजुरीहरू बाँकी रहेका छन भने गतवर्षसम्म ३८६ थान सिफारिश गरेकोमा यसवर्ष मात्र ५३ वटा थान उजुरी  उपर सिफारिस हुँदा कुल सिफारिश संख्या ४३९ पुगेको छ । यस वाहेक नितीगत रूपमा पनि आयोगले नेपाल सरकारलाई २५ वटा सिफारिस गरेको छ । यसरी आयोगको कुल सिफारिस ४६४ पुगेको छ । यसवर्ष आयोगद्वारा ५३ थान उजुरी  उपर सिफारिस सहित कुल ३४६ थान मुद्दाहरूको निराकरण भएको अवगत गराउन चाहन्छु । विगतमा आयोगबाट गरिएका सिफारिसहरू मध्ये ८ प्रतिशत मात्रको पूर्ण कार्यान्वयन, ३२ प्रतिशतको आशिंक र ६० प्रतिशतको विल्कुलै कार्यान्वयन नभएको स्थिति रहेकोमा हिजो मात्र नेपाल सरकार तथा मन्त्रिपरिषद कार्यालयवाट आयोगको सिफारिसको कार्यान्वयन उपरको वर्तमान अवस्थामा जानकारी गराईएको छ । तद्अनुसार पूर्ण कार्यान्वयन १२१ (२८%), आंशिक कार्यान्वयन २३६ (५५%), र  कार्यान्वयन नभएका ७९ (१७%),  भनी जानकारी प्राप्त भएको छ । उक्त कार्यालयले यसरी आयोगको सिफारिस प्रति देखाएको चासो सकारात्मक छ । यसमा पीडितलाई सिफारिस प्रदान गरिएको र दोषी उपर आवश्यक कानुनी कारवाही भए नभएको आयोगवाट वुझ्ने काम भए पछि सिफारिस कार्यान्वयनको पछिल्लो अवस्था पत्ता लाग्ने छ ।

एकातिर आयोगमा यस वर्ष परेका उजुरीहरूहरू विगत वर्षको भन्दा ११० थान कम देखिएको छ भने अर्कोतिर ती मध्ये धेरैजसो उजुरीहरू द्वन्द्वकालका घटनासँग सम्बन्धित  रहेका छन् । विस्तृत शान्ति सम्झौता पछिका दिनहरूमा मानव अधिकार हनन् गर्ने आरोपीहरूमा द्वन्द्वकालको

स्थिति भन्दा फरक गैह्रराज्यपक्ष उपर वढी उजुरी परेको देखिन्छ । सामान्यतया, त्यस्ता उजुरीको सम्वन्धमा पनि नागरिकका मानव अधिकारको संरक्षणको प्रमुख दायित्व राज्यको नै भएकोमा राज्यद्वारा आफ्नो भूमिका प्रभावकारी रूपमा सम्पन्न गरेको पाइदैंन । केही उजुरीहरूमा सुरक्षाकर्मीद्वारा संकास्पद व्यक्तिहरूलाई कव्जामा लिईसकेपछि हत्या गरिएको अथवा कुनै अभियोगको अनुसन्धानको क्रममा हिरासतमा लिइएका व्यक्तिको यातनाको कारण मृत्यु भएको भन्ने सम्वन्धमा पनि आयोगवाट अनुसन्धान भई सिफारिस गरिएको छ ।

वर्तमान समयमा आयोगले बेहोर्नुपरेको विभिन्न समस्याहरूमा दण्डहीनताको समस्या सबैभन्दा चुनौंतिपूर्ण हुँदै गएको छ । यद्यपि राष्ट्रिय मानव अधिकार आयोगको भूमिका प्रतिपक्षी राजनीतिक दल सरह अथवा गैर सरकारी मानव अधिकार संस्था सरह हुन सक्दैन । तथापि वहालवाला मन्त्रीउपर दायर भएको मुद्धाको स्वतन्त्र र निष्पक्ष अनुसन्धानको वातावरण स्वतः नरहने र सो प्रकृतिका मुद्धाहरू फिर्ता लिने अभिव्यक्ति अर्को मन्त्रीवाट आउनुले राष्ट्रिय र अर्न्तराष्ट्रिय स्तर मै दण्डहीनता प्रति नेपाल सरकारको प्रवृति शंकास्पद वन्न गएको छ । यस्तो स्थितिले नेपाल सरकारको मानव अधिकार प्रतिको प्रतिवद्वतालाई नै औचित्यहीन वनाउन सक्ने स्वतः स्पष्ट छ । विगत केही वर्षदेखि मुलुकको राजनीतिसँग देखिएको अपराधिक सम्वन्धन र अपराधको राजनीतिकरणको परिप्रेक्ष्यमा प्रमुख राजनीतिक दलहरूवाट आफ्नो आफ्नो नेतृत्वमा सरकार रहेको समयमा भएका मुद्धा फिर्ता लिने निर्णयहरू उपर अर्न्तराष्ट्रिय मानव अधिकार कानुन र मानवीय कानुनको मुल्य र मान्यताको दृष्टिले प्रश्न उठाउन सक्ने देखिएको छ । त्यसमाथि विस्तृत शान्ति सम्झौता वमोजिम सत्य निरूपण तथा मेलमिलाप आयोग अद्यापि गठन हुन नसक्नु र सो आयोगवाट निराकरण हुने भनिएको मुद्धा नै हाल फिर्ता लिने राजनीतिक संस्कार फौजदारी न्याय र मानव अधिकार विरूद्धको संस्कार हो । यसले गर्दा वाँकी रहेका मानव अधिकार उल्लघंनका आरोपीहरूको मुद्धा अभियोजनको औचित्यमा नै प्रश्न उठाउने स्थिति पैदा गरेको छ । यसरी फिर्ता लिइने मुदा शुद्ध राजनीतिक कारणले उठान भएको मुद्धा मात्र हुनु पर्छ र त्यस प्रकृयाले मानव अधिकारको राष्ट्रिय तथा अर्न्तराष्ट्रिय मापदण्डलाई आत्मसात गर्ने पनि हुनु पर्छ ।

मानव अधिकारका चुनौतिहरू एकपछि अर्को गर्दै थपिदैं गईरहेको अहिलेको अवस्था छ । द्वन्द्वपश्चात संक्रमणकालीन न्याय निर्माणका संयन्त्रहरू नवन्नाले द्वन्द्वपीडित परिवारमा निराशा गहिंरिदैं गएको छ । विस्तृत शान्ति सम्झौता पछिका ४ वर्ष वितिसक्दा पनि द्वन्द्वकालमा जर्वजस्ती वेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्ने वेपत्ता सम्वन्धी आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग गठन हुन नसक्नु, कव्जामा लिईएका सम्पति फिर्ता नहुनु, विस्थापितहरूको समस्या सम्वोधन नहुनु राज्यको निस्कृयताको उदाहरण वनेको छ । यसले नेपालको मानव अधिकारको अवस्थामा निश्चय पनि राम्रो छाप नदिने सहजै अनुमान गर्न सकिन्छ ।

अन्त्यमा, आज हामी इतिहासको निर्णायक घडीमा संविधान सभा प्रति ठुलो विश्वास र भरोषाका साथ महत्वपूर्ण उपलव्धीको अपेक्षा राखेका छौं । यस अन्तिम अवस्थामा जे जस्तो निर्णय हाम्रा

वरिष्ठ राजनीतिज्ञहरूले गर्नेछन, त्यसमा अवश्य पनि नेपाली नागरिक र तीनका सन्ततिको कालान्तरसम्म हकहित संरक्षित रहने छ र नेपालका विभिन्न जातजाति र सम्प्रदाय विचको शान्ति व्यवस्था र सुसम्वन्ध सुदृढ हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं । नेपाली नागरिकको मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनमा सवैसँग एकवद्व भई अगाडी वढ्ने दृढ विश्वासका साथ अन्तमा सवैलाई धन्यवाद ज्ञापन गर्दै विदा हुन्छु ।

धन्यवाद ।

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन ललितपुर

## ६० औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको उपलक्ष्यमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष श्री केदारनाथ उपाध्यायले दिनुभएको मन्तब्य भाषण ।

सम्माननीय प्रधान मन्त्रीज्यू,
सम्माननीय प्रधान न्यायाधीशज्यू र माननीय न्यायाधीज्यूहरू,
सम्माननीय सभामुखज्यू,
माननिय मन्त्रीज्यूहरू तथा संविधान सभाका सभासदज्यूहरू,
संवैधानिक अङ्गका प्रमुखज्यूहरू,
महामहिम राजदूतज्यूहरू,
राजनीतिक दलका नेता तथा प्रतिनीधिज्यूहरू, संविधान सभासदज्यूहरू,
UNDP का आवासिय प्रतिनिधि र विभिन्न मिसनका पदाधिकारीज्यूहरू,
UNOHCHRका प्रतितिधि श्री रिचार्ड बेनेटज्यू,
आयोगका सहकर्मी साथीहरू,
नागरिक समाजका प्रतिनिधिज्यूहरू,
नेपाल सरकार र राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरू,
मानव अधिकारकर्मी, पत्रकार
आमन्त्रित सम्पूर्ण पाहुनाहरू

अन्तर्राष्ट्रिय मानव अधिकार घोषणा भएको ६० औ वार्षिक उत्सव मनाउन हाम्रो आतिथ्य स्वीकार गरी पाल्नु भएका सम्पुर्ण महानुभावहरूलाई राष्ट्रिय मानव अधिकार आयोग स्वागत गर्दछ ।

आजको दिन मानव ईतिहासको एउटा गरिमामय दिन हो । विश्वका समस्त मानव सन्ततिलाई मानिस भएर जन्मनुको महत्व र मनुष्य जातीमा निहित सम्मानको अनुभूति दिलाउने एक अविश्मरणीय दिन हो । विगत शताब्दीका दुई विनासकारी विश्वयुद्ववाट भएको विशाल धनजनको क्षति, हिंसा र मनुष्यजातीको परस्परको बर्वरताले क्षत विक्षत भएका लाखौं मनुष्य सन्ततिको दारूण अवस्था, पिडा र व्यथा देखेर क्षोभ, पश्चाताप र ग्लानीले संवेदनशिल मनुश्य हृदयबाट विवेक र सद्विचारको प्रणयपत्र घोषणा गरेको दिन हो । यही दिनलाई संयुक्त राष्ट्र संघ र संयुक्त राष्ट्र संघका समग्र सदस्यहरू लगाएत विश्वका सम्पुर्ण मानव जातीले अन्तर्राष्ट्रिय मानव अधिकार दिवशको रूपमा मनाइरहेका छौ । मानव अधिकार, स्वतन्त्रता र कानुनको शासनमा आस्था राख्ने समस्त नेपालीहरूलाई यस दिवशलाई आफ्नो जीवनको मुल्य र मान्यताको उत्सवको रूपमा मनाउन राष्ट्रिय मानव अधिकार आयोग हार्दिक अनुरोध गर्दछ ।

शान्ति, स्वतन्त्रता र न्यायकालागी विश्वभरिका मानव - मानव विच अविभेद र समानता र मनुष्य जातिको प्रगति र समुन्नतीको लागी आव्हान गर्ने मानव अधिकारको विश्वव्यापि घोषणापत्रका अमर वाणीहरूलाई व्यवहार र जीवनको धरातलमा उतार्ने सहकार्यकालागी भएका सम्पुर्ण प्रयास सग आयोग तादात्म्य र एक्यवैद्वता व्यक्त गर्दछ । संसारका विभिन्न देशहरूमा र नेपालमा पनि सरकारी र गैर सरकारी स्तरमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइरहेको यस दिवशलाई यस आयोगले पनि **"मर्यादा न्याय र शान्ति, मानव अधिकार हामी सवैका निम्ती"** नाराका साथ आफ्नो केन्द्रिय, क्षेत्रिय तथा सम्पर्क कार्यालयहरूमा विभिन्न कार्यक्रमका साथ मनाइरहेको जानकारी यस विशिष्ट समारोहमा गराउन चाहन्छु । एक दशकको आन्तरिक द्वन्द र त्यसका नाममा भएका अनगीन्ती हत्या, हिंसा र पाषणयुग विर्षाउने बर्वरता निश्चय पनि अति हृदय विदारक थिए र त्यो घाउँ अझैपनि आलो नै छ। विस्तृत शान्ति सम्झौता पछि केही त्राणको सास फेर्न पाँउनु पनि नेपाली जनताको निम्ति एउटा ठुलो उपलव्धि सिद्व भएको छ। द्वन्द रूपान्तरण र शान्तिलाई स्थायित्व प्रदान गर्ने प्रकृया विश्वको लागी नै उदाहरणीय रहेको छ ।

एकपछि अर्को वाधा अवरोध पार गर्दै शान्ति प्रक्रिया संविधान सभा सम्म आउनु र संविधान सभा समावेशी हुनुको साथै लैङ्गीक एवं सिमान्तकृत समुहको पहिचान सहितको प्रतिनिधीत्व राष्ट्रिय गौरवको विषय बनेको छ। देशका कुना काप्चामा रहेका समस्त नेपालीमा चेतना र स्वाभिमानको अभिवृद्धि मानवअकिारको दृष्टिले ठूलो उपलव्धि मान्न सकिन्छ । त्यसका अतिरिक्त प्रत्येक जात जाति समुह वा क्षेत्रगत रूपमा रहेका नेपालीका सुसुप्त भावना र आकाँक्षाहरू राष्ट्रिय स्तरमा स्फुटित भएका छन् । संविधान निर्माण क्रममा ती सम्पूर्ण नेपालीका आकाँक्षाहरूलाई समेट्ने प्रयास हुनेछ र तिनका मानव अधिकारहरू सुनिश्चित गर्न सवै राजनितीक दलवाट भरमजदुर प्रयत्न गरिनेछ भन्ने राष्ट्रिय मानव अधिकार आयोग अपेक्षा राख्दछ ।

तथापि शान्ति प्रकृया र शिध्राति शिध्र संविधान निर्माण राष्ट्रको मुख्य एजेण्डा हुन पर्नेमा राजनीतिक दलहरू विचको आन्तरिक र अन्तर दलिय खिचातानी वाट उत्पन्न वर्तमान तनावहरू आम नेपालीको लागी अति डरलाग्दो भएका छन् । विस्तृत शान्ति सम्झौता पछिका उपरोक्त

**राष्ट्रिय मानव अधिकार आयोग**

उपलव्धिहरूलाई ओभ्फेलमा पार्ने अशान्ति र अराजकताका घट्नाहरू दुःखदायी छन् । विभिन्न राजनीतिक दलहरूद्वारा आ- आफ्नो भातृ संगठनको स्थापना र संचालन जनकल्याणकारी एवं राजनीतिक कार्यक्रमको प्रयोजनको लागी भनिए पनि केहि त्यस्ता संगठन कानुन आफ्नो हातमा लिने र मानव अधिकार विरोधी गंभिर अपराधमा संलग्न हुने गरेको पाइएको छ, जसलाई कानुन र न्यायप्रेमी नेपाली जनताले अपराधीहरूको विगविगीको रूपमा अनुभव गर्दै आएका छन् । त्यस्ता अपराध र अपराधिहरूलाई सम्वन्धित राजनीतिक दलले ढाकछोप गर्नाले दण्डहिनताले प्रश्रय पाएको छ ।

यस प्रसंगमा विगत सरकार र हालको सरकारले फिर्ता लिएका मुद्दाहरूको गंभिर समिक्षा गरी त्यसवाट दण्डहिनताको संस्कारलाई टेवा मिले, न मिलेको कुराको विश्लेषण आयोगवाट हुने नै छ । विगतमा आयोगबाट सवुत प्रमाण संकलन गरी कानुनी कारवाई र सजायका लागी उपयुक्त देखिएका मुद्दाहरू सरकारवाट फिर्ता लिए न लिएको स्वभाविक रूपले हेरिने छ । तत्काल आयोगवाट माग भए वमोजीम फिर्ता लिएका मुद्दाको सूचि नेपाल सरकारद्वारा आयोगमा उपलब्ध गराई सकेको जानकारी समेत दिन चाहन्छु ।

पुर्वी तराईका ६/७ जिल्लामा विस्तृत शान्ति सम्झौताको २ वर्ष वितिसक्ता पनि जनताले त्यस क्षेत्रमा सरकार र प्रशासनको उपस्थिती अनुभव गर्न पाएका छैनन् । अपहरण, हत्या, हिंसाका घटनाहरू भै नै राखेका छन् । नागरिकहरूको सम्पत्ती बलजफ्ती कव्जा गर्ने र त्रासदी फैलाउने कार्यहरू सीमा वर्तिय अपराधिक समुहवाट र राजनितीक दलका भातृ संगठनको नाममा हुनु र कानुन आफ्नो हातमा लिने र विधिको शासनसँग अपराधिक खेलवाड गर्नेहरूलाई सहि ठाउँ देखाउन नसक्नु प्रशासन र प्रहरीको लाचारी देखिएको छ । आयोगले आफ्नो वार्षिक प्रतिवेदन र विश्तृत शान्ति सम्झौता अन्तरगत सरकारलाई दिएको प्रतिवेदन, सिफारिसहरू एवम् समय - समयमा विज्ञप्तिद्वारा यस्ता घटनाहरूको विस्तृत विवरणहरू दिइसकेको छ । तथापी आयोगको अधिकांस सिफारिसहरू कार्यान्वयन नहुनु र कार्यान्वयन प्रति निरन्तरको उदाशिनताले नेपाली जनता समक्ष यस आयोगको औचित्य र  आवश्यकतामा नै प्रश्न चिन्ह खडा गरेको छ ।

स्मरणिय छ कि, जन आन्दोलन – २, पछि राष्ट्रिय मानव अधिकार आयोगलाई कानुनी निकाय वाट संवैधानिक निकायमा उकाल्नुमा नागरिक समाज, मानव अधिकारकर्मीहरूको विशिष्ठ भूमिका छ । खासगरी जनआन्दोलनमा र त्यस पछि पनि नागरिक समाज र मानव अधिकारकर्मीहरूले आयोगको पुर्नगठन र मानव अधिकार तथा स्वतन्त्रताको संस्थाकरणका लागी महत्वपूर्ण काम गरेका छन् । तसर्थ, राष्ट्रिय मानव अधिकार आयोग आफ्नो अधिकांस सिफारिसहरू कार्यान्वयन नभएको विषयमा नागरिक समाज र राजनीतिकदलहरू संग गंभिर विचार विमर्शका लागी गृहकार्यमा संलग्न छ ।

महिला हिंसा, बाल बालिकाको ओसार पसार, अपहरण र हिंसा, पत्रकारहरू र मानव अधिकार रक्षकहरू उपर भय, त्रास अपहरण पछि हिंसा जस्ता अपराधिक कार्यहरू नियमित घट्ना हुदै गै राखेका छन् । आयोगद्वारा आफ्नो विज्ञप्ति र प्रतिवेदन द्वारा पनि यस्ता घट्नाहरूको नियन्त्रण र कसुरदार उपर कारवाइका लागी नेपाल सरकारलाई पटक - पटक आग्रह गर्दै आएको छ ।

द्वन्दकालको अपहरण, हत्या, हिंसा, यातना र मानवता विरोधी अपराधहरू, वलजफ्ती वेपत्ता पारिएका र कब्जामा लिई स्थिति अज्ञात वनाइएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्न, कब्जामा लिइएका निजी सम्पति फिर्ता गर्ने विषय र विस्थापित नागरिकहरूको पुनस्थापन समस्याहरू दिन प्रतिदिन पुरानो र उपेक्षित हुदै गै राखेका छन् । द्वन्द रूपान्तरण र दीगो शान्ति स्थापनाका लागी अन्तरकालिन न्याय अत्यावस्यक भएकोले द्वन्द पिडित नागरिकहरूको लागी अन्तरिम राहत वा क्षतिपूर्तिको व्यबस्था तत्कालै हुनु पर्छ भन्ने आयोगको धारणा रहेको छ ।

कानुन र व्यवस्था स्थापना गर्नु सरकारको प्रमुख कर्तव्य रहको र मानव अधिकारको अहिलेको प्रमुख समस्या यसै संग आवद्व रहेको छ । मुलुकमा स्वायत्तताको नाममा साम्प्रदायिकता, क्षेत्रिय शासनको नाममा विखण्डनकारी स्वार्थहरूले पश्रय पाउने स्थिति देखिएको र त्यसवाट मानव अधिकार आन्दोलन कुण्ठित हुने स्वतः स्पष्ट छ ।

समग्रमा अन्तर्राष्ट्रिय मानव अधिकारको विधिशास्त्र र त्यसको पालनको अनुगमन संयुक्त राष्ट संघ र संवद्व मानव अधिकारवादी अन्तर्राष्ट्रिय निकायको भए पनि राष्ट्रिय सरकारवाट आ- आफ्नो नागरिकको मानव अधिकार सुनिश्चित गर्ने जिम्वेवारी पुरा हुनु पर्छ । अधिकांश नेपाली गरीवीको रेखामुनी जीवन निर्वाह गरी रहेकोमा तिनको जीवनस्तर उकाल्ने कुनै योजना कार्यान्वयन तहमा प्रभावकारी रहेको देखिदैन् । देशमा वढ्दै गएको संकटलाई समाधान गर्न एवम् अराजकता, साम्प्रदायिकता र राष्ट्र विखण्डनकारी गतिविधिलाई परास्त गर्न संम्पुर्ण राजनीतिक दलको साझा कार्यक्रम र सहकार्य नभएमा मानव अधिकारका लागी आउदाँ दिन अझै विकट हुने देखिन्छन् । तसर्थ, राष्ट्रिय मानव अधिकार आयोग सवै सम्वद्व पक्षलाई मुलुकमा शान्ति र संविधान निर्माण प्रकृयालाई गतिशिल वनाउन संयुक्त प्रयासका लागी हार्दिक अनुरोध गर्दछ ।

अन्त्यमा, आफ्नो अति व्यस्तताको बावजुद हामीलाई केहि समय दिनु भएकोमा प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रिज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै हाम्रो निमन्त्रणा स्विकार गरी यहाँ पाल्नु भएका समस्त अतिथिहरूमा आभार व्यक्त गर्दै आफ्नो मन्तव्य यहीं टुङ्गयाउछु ।

धन्यवाद ।

**राष्ट्रिय मानव अधिकार आयोग**

## ६३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको उपलक्ष्यमा
## राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष श्री केदारनाथ उपाध्यायले दिनुभएको मन्तव्य

सम्माननीय प्रधानमन्त्रीज्यू, २०६८ मंसिर २४

.................................

..................................

विगत वर्षहरूमा जस्तै यस वर्ष हामी ६३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउन भेला भएका छौं । विश्वका समस्त मानव सन्ततीलाई गौरवमय अनुभूती दिलाउने यस महान दिनलाई मनाउन हामीलाई साथ दिनु हुने हाम्रा समस्त अतिथिज्यूहरूलाई म हार्दिक अभिवादन गर्दछु ।

मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन बेगर विश्वको कुनैपनि मुलुकमा शान्ति र विकास सम्भव छैन । यस कुरालाई हृदयङ्गम गरेर नै यस वर्षको अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको लागि **"मानव अधिकार मनाऔं(Celebrate Human Rights)** भन्ने अन्तर्राष्ट्रिय नारा चयन गरिएको छ । संभवत नेपालको लागि हालै विकसित राजनीतिक स्थितिले यस नारा बमोजिम मानव अधिकार मनाउन केही अनुकूल बातावरण बन्दै गएको छ ।

शान्ति प्रकृया निष्कर्षमा पुऱ्याई संविधान निर्माणको काम छिट्टै सम्पन्न गर्न संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा सहित तीन प्रमुख राजनीतिक दलहरूले गरेको हालैको सहमति, संविधान निर्माणको म्यादको सुनिश्चितता हुनु र कार्यतालिका बन्नु, राज्य पुनः संरचना सुझाव उच्चस्तरीय आयोगको गठन हुनु, माओवादी लडाकूहरूको वर्गीकरण, स्वेच्छिक अवकाश, समायोजन र पुनर्स्थापन प्रकृयामा क्रमिक रूपमा देखिँदै गरेका प्रगतिहरू निश्चय पनि मानव अधिकारमैत्री वातावरण बन्दै गरेका प्रारम्भिक संकेतहरू हुन् । विगत केही वर्षदेखि प्रमुख राजनीतिक दलहरूबीच चलेको किचलो, राजनीतिक अनिश्चितता, कानुन र व्यवस्थाको स्थितिको ह्रास र खासगरी तराई र पूर्वी पहाडी क्षेत्रमा बढेको जीउ-धनको असुरक्षाको स्थितिबाट आजको स्थितिसम्म आइपुग्नुले हामी केही सतर्क हुनुका साथै केही आश्वस्त पनि हुन पुगेका छौं । आगामी दिनमा नेपाली जनतालाई निर्धक्कका साथ बाँच्न र आफ्नो सबै मानव अधिकारको उपभोग गर्न सक्ने वातावरण श्रृजना गर्ने थप प्रकृया समेतको अनवरत थालनी गर्न सबै राजनीतिक दलहरूलाई राष्ट्रिय मानव अधिकार आयोग आजको दिनमा हार्दिक आग्रह गर्न चाहन्छ ।

विगतको दशवर्षे सशस्त्र द्वन्दको समाप्तिका लागि तत्काल सरकारमा रहेका राजनीतिक दलको सरकार र नेकपा माओवादीवीच भएको विस्तृत शान्ति सम्झौता, त्यसपछि नेपालको अन्तरिम

संविधानको निर्माण, संविधान सभाको निर्वाचन र सरकारको गठनका प्रकृयाहरू समस्त नेपाली एवं नेपालमा दीगो शान्ति र उन्नती चाहने सम्पूर्ण विश्व समुदायका लागि उत्साह र उमङ्गका वातावरण थिए । यथार्थमा विस्तृत शान्ति सम्झौता द्वन्दको रूपान्तरणको प्रमुख शर्तहरू सहितको मार्ग-दर्शन थियो, जसको सख्तता साथ परिचालन अनिवार्य थियो । हालका दिनहरूमा एकातिर शान्ति सम्झौताका शर्तहरूको पालना नहुनु र अर्को तिर द्वन्द्वपछिका दिनमा विस्तृत शान्ति सम्झौताले अपेक्षा गरेबमोजिम शान्ति, संविधान निर्माण र मानव अधिकारको विषय अगाडि बढ्न नसकेको सर्वविदित छ ।

शान्ति प्रकृयामा निरन्तरता नहुनु, निर्धारित समयभित्र मानव अधिकारमैत्री संविधान निर्माण हुन नसक्नु, मुलकमा दण्डहीनताले प्रश्रय र प्रोत्साहन राजनीतिक तहबाटै पाँउदै जानु जस्ता मानव अधिकारका गम्भीरतम सवालहरू रहँदै आएका छन् । यिनै सन्दर्भहरूलाई राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो परम्परागत शैलीभन्दा पृथक प्रमुख तीन राजनीतिक दलका शीर्षस्थ नेताहरूलाई छुट्टाछुट्टै भेटेर नै भएपनि अवगत समेत गराउनु परेको कुरा स्मरण गराउन चाहन्छु । बर्तमान राजनीतिक दलहरूबीच भएका पहल संविधान निर्माण र सहमतीय सरकारका लागि सकारात्मक भएपनि मुलुकमा दीगो शान्ति र राष्ट्रिय मेलमिलापका लागि संक्रमणकालीन न्यायका संयन्त्रहरूको स्थापना, द्वन्दको कारणले प्रभावित भएका व्यक्ति, पीडित परिवारहरूलाई राहत क्षतिपूर्ति र शीघ्रातिशीघ्र न्याय दिने दिलाउने कार्य हुनैपर्दछ । यस कार्यमा विगतदेखि हुँदै आएको ढिलासुस्ती र वेवास्ताले गर्दा यी कुराहरूसँग सम्बन्धित मानव अधिकारका समस्याहरू झन् झन् जटील र असाध्य हुँदै गएका छन् । विस्तृत शान्ति सम्झौताको लगत्तैपछि गरिनुपर्ने संक्रमणकालीन न्याय र राष्ट्रिय मेलमिलापको विषयलाई उपेक्षा गरी राजनीतिकवृत्तको संकीर्णता, सत्ता-संघर्ष र राज्यशक्ति एवं पदको लुछाचुँडीबाट उत्पन्न मानव अधिकारका संकटासन्न स्थितिको नेपाल सरकार, प्रमुख राजनीतिक दल सबै मिलेर शीघ्र अन्त्य गरून् भन्ने अयोगको अनुरोध छ ।

विज्ञान र प्रविधिमा भएका उन्नतिका साथै मानव अधिकारका विषयवस्तु व्यापक हुँदै गएका छन् । राजनीतिक र सामाजिक मानव अधिकारका साथै आर्थिक र सांस्कृतिक अधिकारका परिधि पनि व्यापक भएका छन् ।

बर्तमान समयमा दिन प्रतिदिन चुनौतिपूर्ण हुँदै गएको महिला तथा बालवालिकाको वेचविखन र ओसार-पसारको समस्याको अतिरिक्त बैदेशिक रोजगारबाट उत्पन्न मानव अधिकार समस्याहरूको सम्वन्धमा सरकारी तहबाट खासै पहल हुनेगरेको पाइँदैन । मुलूक भित्र असुरक्षा र रोजगारीको अभावका कारण बैदेशिक रोजगारमा गएका प्रायः धेरै जसो नेपाली युवाशक्ति असुरक्षित रोजगार र शोषणका शिकार भएका छन् । खासगरी कतार, मलेसिया, युएई, कोरिया जस्ता मूलुकका सरकारसँग नेपाली कामदारको शोषण र आधारभूत मानव अधिकारको विषयमा आधारभूत सम्झौताको पहलका लागि आयोग अनुरोध गर्दछ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

बालवालिका र महिलाको ओसारपसार एवं बेश्यावृतिमा प्रयोग सम्वन्धमा दक्षिण एसियाली राष्ट्रवीच सम्झौता रहेपनि यस्को कार्यान्वयनमा सहजता आउन सकेको छैन । प्रतिवर्ष राष्ट्रिय मानव अधिकार आयोगले यस विषयमा आफ्नो प्रतिवेदन प्रकाशित गर्दै आएको छ । यसबर्ष पनि सो प्रतिवेदन आज सार्वजनिक गरिएको छ ।

देशमा मानव अधिकारको सम्मान र संरक्षण र पालनाको निमित्त मानव अधिकार आयोगको गठन भएको सर्वविद्वितै छ । अन्तरिम संविधानद्वारा संवैधानिक हैहियस प्राप्त यस आयोगले मानव अधिकारको संरक्षण सम्वन्धमा विगत चार वर्षमा अनुसन्धान पश्चात ४१६ वटा उजुरीहरूको सम्वन्धमा र आयोग स्थापना भएदेखिको एघार वर्षमा जम्मा ५६६ वटा उजुरीहरूको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरिसकेको छ । यसबाहेक नीतिगत तहमा आयोगले हलियामुक्ति र पुनर्स्थापना, कारागार तथा हिरासत अनुगमन मार्ग-निर्देशिका, उपभोक्ता अधिकार अनुगमन मार्ग-निर्देशिका र विद्यालय वालसंरक्षण सम्वन्धी नीति तर्जुमा गरी नेपाल सरकारलाई कार्यान्वयन गर्न सिफारिस गरेको छ । आयोगले गरेको सिफारिसहरूको कार्यान्वयनको अवस्थामा सरकारको सम्वोधन बढ्दै गएको भएपनि गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनका दोषीहरूमाथि गरिएका कारवाहीहरू भने अत्यन्तै निराशाजनक छन् ।

अन्त्यमा, माथि उल्लेख भएबमोजिम मानव अधिकार सम्बन्धी समस्यामा नेपाल सरकारको समयमा नै ध्यान गएमा निर्धक्कताकासाथ मानव अधिकार दिवस मनाउनका लागि स्थिति बन्ने अपेक्षा राखेको छु । यस्तो दिनको अपेक्षा र शुभकामना सहित आफ्नो दुई शब्द यही टुङ्गयाउँदछु ।

**धन्यवाद ।**

६३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको उपलक्ष्यमा

**राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष श्री केदारनाथ उपाध्यायले दिनुभएको मन्तव्य**

मिति:२०६८
मंसिर २४

...........

विगत वर्षहरूमा जस्तै यस वर्ष हामी ६३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउन भेला भएका छौं । विश्वका समस्त मानव सन्ततीलाई गौरवमय अनुभूती दिलाउने यस महान दिनलाई मनाउन हामीलाई साथ दिनुहुने हाम्रा समस्त अतिथिज्यूहरूलाई म हार्दिक अभिवादन गर्दछु ।

मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन बेगर विश्वको कुनैपनि मुलुकमा शान्ति र विकास सम्भव छैन । यस कुरालाई हृदयङ्गम गरेर नै यस वर्षको अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको लागि **"मानव अधिकार मनाऔं (Celebrate Human Rights)** भन्ने अन्तर्राष्ट्रिय नारा चयन गरिएको छ । संभवत नेपालको लागि हालै विकसित राजनीतिक स्थितिले यस नारा बमोजीम मानव अधिकार मनाउन केहि अनुकूल बातावरण बन्दै गएको छ ।

शान्ति प्रकृया निष्कर्षमा पुऱ्याई संविधान निर्माणको काम छिट्टै सम्पन्न गर्न संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा सहित तीन प्रमुख राजनीतिक दलहरूले गरेको हालैको सहमति, संविधान निर्माणको म्यादको सुनिश्चितता हुनु र कार्यतालिका बन्नु, राज्य पुनः संरचना सुझाव उच्चस्तरीय आयोगको गठन हुनु, माओवादी लडाकूहरूको वर्गीकरण, स्वेच्छिक अवकाश, समायोजन र पुनर्स्थापन प्रकृयामा क्रमिक रूपमा देखिँदै गरेका प्रगतिहरू निश्चय पनि मानव अधिकार मैत्री वातावरण बन्दै गरेका प्रारम्भिक संकेतहरू हुन् । विगत केही वर्षदेखि प्रमुख राजनीतिक दलहरूबीच चलेको किचलो, राजनीतिक अनिश्चितता, कानुन र व्यवस्थाको स्थितिको ह्रास र खासगरी तराई र पूर्वी पहाडी क्षेत्रमा बढेको जीउ-धनको असुरक्षाको स्थितिबाट आजको स्थितिसम्म आइपुग्नुले हामी केही सतर्क हुनुका साथै केही आश्वस्त पनि हुन पुगेका छौं । आगामी दिनमा नेपाली जनतालाई निर्धक्कका साथ बाँच्न र आफ्नो सबै मानव अधिकारको उपभोग गर्न सक्ने वातावरण श्रृजना गर्ने थप प्रकृया समेतको अनवरत थालनी गर्न सबै राजनीतिक दलहरूलाई राष्ट्रिय मानव अधिकार आयोग आजको दिनमा हार्दिक आग्रह गर्न चाहन्छु ।

विगतको दशवर्षे द्वन्दको समाप्तिका लागि तत्काल सरकारमा रहेका राजनीतिकदलको सरकार र नेकपा माओवादीवीच भएको विस्तृत शान्तिसम्झौता त्यसपछि नेपालको अन्तरिम संविधानको निर्माण, संविधान सभाको निर्वाचन र सरकारको गठनका प्रकृयाहरू समस्त नेपाली एवं नेपालमा

**राष्ट्रिय मानव अधिकार आयोग**

दीगो शान्ती र उन्नती चाहने संम्पूर्ण विश्व समुदायका लागि उत्साह र उमंगका वातावरण थिए । यथार्थ विस्तृत शान्ति सम्झौता द्वन्दको रूपान्तरणको प्रमुख शर्तहरू सहीतको मार्ग दर्शन थियो । जसको सख्तता साथ परिचालन अनिवार्य थियो । हालका दिनहरूमा एकातिर शान्ती सम्झौताका शर्तहरूको पालना नहुनु र अर्को तिर

द्वन्दपछिका दिनमा विस्तृत शान्ती सम्झौताले अपेक्षा गरे बमोजीम शान्ती, संविधान निर्माण र मानव अधिकारको विषय अगाडि बढ्न न सकेको सर्वविद्वित छ। शान्ति प्रकृयामा निरन्तरता नहुनु, निर्धारित समयभित्र मानव अधिकार मैत्री संविधान निर्माण हुन नसक्नु, मुलकमा दण्डहीनताले प्रश्रय र प्रोत्साहन राजनीतिक तहबाटै पाँउदै जानु जस्ता मानव अधिकारका गम्भीरतम सवालहरू रहँदै आएका छन् । यिनै सन्दर्भहरूलाई राष्ट्रिय मानव अधिकार  आयोगले आफ्नो परम्परागत शैलीभन्दा पृथक प्रमुख तीन राजनीतिक दलका शीर्षस्थ नेताहरूलाई छुट्टाछुट्टै भेटेर नै भएपनि अवगत समेत गराउनु परेको कुरा स्मरण गराउन चाहन्छु । बर्तमान राजनीतिक दलहरूबीच भएका पहल संविधान निर्माण र सहमतीय सरकारका लागि सकारात्मक भएपनि मुलुकमा दीगो शान्ति र राष्ट्रिय मेलमिलापका लागि संक्रमणकालीन न्यायका संयन्त्रहरूको स्थापना, द्वन्दको कारणले प्रभावित भएका व्यक्ति, पीडित परिवारहरूलाई राहत क्षतिपूर्ति र शीघ्रातिशीघ्र न्याय दिने दिलाउने कार्य हुनैपर्दछ । यस कार्यमा विगतदेखि हुँदै आएको ढिलासुस्ती र वेवास्ताले गर्दा यी कुराहरूसँग सम्बन्धित मानव अधिकारका समस्याहरू झन् झन् जटील र असाध्य हुँदै गएका छन् । विस्तृत शान्ति सम्झौताको लगत्तैपछि गरिनुपर्ने संक्रमणकालीन न्याय र राष्ट्रिय मेलमिलापको विषयलाई उपेक्षा गरी राजनीतिक बृतकोसंकीर्णता, सत्ता-संघर्ष र राज्यशक्ति एवं पदको लुछाचुँडीबाट उत्पन्न मानव अधिकारका संकटासन्न स्थितिको नेपाल सरकार, प्रमुख र ाजनीतिकदल सबै मिलेर शीघ्र अन्त्य गरोसभन्ने अयोगको अनुरोध छ ।

विज्ञान र प्रविधिमा भएका उन्नतिका साथै मानव अधिकारका विषयवस्तु व्यापक हुदै गएका छन् । राजनीतिक र सामाजिक मानव अधिकारका साथै आर्थिक र सांस्कृतिक अधिकारका परिधि पनि व्यापक भएका छन् ।

बर्तमान समयमा दिनप्रतिदिन चुनौतिपूर्ण हुदै गएको महिला तथा वालवालिकाको वेचविखन र ओसारपसारको समस्याको अतिरिक्त बैदेशिक रोजगारबाट उत्पन्न मानव अधिकार समस्याहरूको सम्वन्धमा सरकारी तहवाट खासै पहल हुने गरेको पाइदैन । मुलूक भित्र असुरक्षा र रोजगारीको अभावका कारण बैदेशिक रोजगारमा गएका प्रायः धेरै जसो नेपाली युवाशक्ति असुरक्षित रोजगार र शोषणका शिकार भएका छन् । खासगरी कतार, मलेसिया, कोरिया जस्ता मूलुकका सरकारसंग नेपाली कामदारको शोषण र आधारभूत मानव अधिकारको विषयमा आधारभूत सम्झौताको पहलकालागि आयोग अनुरोध गर्दछ ।

बालबालिका र महिलाको ओसारपसार एवं बेश्यावृतिमा प्रयोग सम्वन्धमा दक्षिण एसियाली राष्ट्रवीच सम्झौता रहेपनि यस्को कार्यान्वयनमा सहज आउन सकेको छैन । प्रतिवर्ष राष्ट्रिय मानव अधिकार आयोगले यस विषयमा आफ्नो प्रतिवेदन प्रकाशित गर्दै आएको छ। यस बर्ष पनि संम्भवत यो महिना भित्र सो प्रतिवेदन सार्वजनिक गरिने छ।

अन्त्यमा, माथि उल्लेखित भए बमोजिम मानव अधिकार सम्वन्धि समस्यामा नेपाल सरकारको समयमा नै ध्यान गएमा निर्धक्क मानव अधिकार मनाउनका लागि स्थिति बन्ने अपेक्षा राखेको छु। यस्तो दिनको अपेक्षा र शुभकामना सहीत आफ्नो दुई शब्द यही टुङ्गयाउदछु।

**धन्यवाद ।**

**६१ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको उपलक्ष्यमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष श्री केदारनाथ उपाध्यायले दिनुभएको मन्तब्य भाषण ।**

मितिः २०६६।८।२५

सम्माननीय प्रधानमन्त्रीज्यू,
सम्माननीय प्रधान न्यायाधीशज्यू र माननीय न्यायाधीशज्यूहरू,
सम्माननीय अध्यक्षज्यू, संविधान सभा,
माननीय उपप्रधानमन्त्रीज्यूहरू तथा माननीय मन्त्रीज्यूहरू
सर्बोच्च अदालतका माननीय न्यायाधीसज्यूहरू
संविधान सभाका सभासदज्यूहरू,
संवैधानिक अङ्गका प्रमुखज्यूहरू,
महामहिम राजदूतज्यूहरू,
राजनीतिक दलका नेता तथा प्रतिनिधिज्यूहरू,
UNDPका आवासीय प्रतिनिधि Mr. Robert Piper ज्यू र विभिन्न नियोगका पदाधिकारीज्यूहरू,
UN OHCHR का प्रतिनिधि Mr. Richard Bennett ज्यू,
मञ्चमा हुनु भएका विशिष्ट व्यक्तिहरू
नागरिक समाजका प्रतिनिधिज्यूहरू,
मानव अधिकारकर्मी तथा पत्रकार मित्रहरू
आमन्त्रित सम्पूर्ण पाहुनाहरू

१. अन्तर्राष्ट्रिय मानव अधिकार घोषणा भएको ६१ औं वार्षिक उत्सव मनाउन हाम्रो आतिथ्य स्वीकार गरी पाल्नु भएका सम्पूर्ण महानुभावहरूलाई राष्ट्रिय मानव अधिकार आयोगको प्राङ्गणमा स्वागत गर्दछु ।

२. संयुक्त राष्ट्रसंघ मानव अधिकार उच्च आयुक्तद्वारा यस वर्षका लागि चयन गरिएको **विविधतालाई आत्मसात् गरौं र बिभेदलाई त्यागौं** भन्ने विश्वव्यापी सन्देश हाम्रै सन्दर्भलाई दृष्टिगत गरी तर्जुमा गरिएझैं प्रतित हुन्छ । विभिन्न जातजाती, धर्म संस्कृति रहेको हाम्रो मुलूकको लागि सवै थरी नेपालीका आकांक्षा अंकुरित समाबेसी संविधान बनाउने जिम्मेवारी संविधान सभाको रहेको छ । युगौं देखि जातीय, धार्मिक र लैङ्गिक विभेद हाम्रो धर्म, परम्परा र कानुनमा रहिआएकोमा त्यसलाई निर्मूल गर्ने कानुन बनिसके पनि कार्यान्वयन तहमा अझै जोड दिनु पर्ने अवस्था छ । छुवाछुत र भेदभावको अन्त्य गर्न सामाजिक चेतनामूलक कार्यक्रमहरू सवै सामाजिक संस्था, राजनीतिक दल एवं नेपाल सरकार समेतवाट संयुक्त रूपमा संचालन हुनु अझै आवश्यक छ ।

३. मानव अधिकार सम्बन्धी विश्वले अंगीकार गरेका थुप्रै महासन्धिहरू मध्ये एसियामा नै सर्वाधिक महासन्धिहरूलाई निशर्तः अनुमोदन गर्ने राष्ट्रहरू मध्ये नेपाल पनि रहनु अर्को सुखद् पक्ष हो, यद्यपि मानव अधिकारको दृष्टिकोणवाट अति महत्वपूर्ण अन्य कतिपय महासन्धिहरूमा राष्ट्रले अनुमोदन गर्न बाँकी नै रहेको छ । आयोगले गत वर्ष नेपाल सरकारलाई अन्तर्राष्ट्रिय फौजदारी अदालत (रोम विधान, **(ICC)**को अनुमोदन गर्नको लागि सिफारिस गरिसकेकोमा कार्यान्वयनका लागि आज एक पटक फेरि स्मरण गराउन चाहन्छु । त्यसैगरी, बलपूर्वक वेपत्ता पारिएका व्यक्तिहरूसम्बन्धी महासन्धि **(ICED),** अपाङ्गता भएका व्यक्तिहरू सम्बन्धी महासन्धि **(ICRPD)**, तथा बैदेशिक रोजगारीमा कार्यरत कामदारहरू तथा तिनको परिवारको सुरक्षा सम्बन्धी महासन्धि **(ICPRMW)**समेतलाई अनुमोदन गरी व्यबहारमा लागू गर्न समेत ढिलो भइसकेको छ ।

४. विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान, संविधान सभाको निर्वाचन पछि नयाँ संविधान निर्माणप्रति नागरिक समाज, मानव अधिकारकर्मीहरूले देखाएको चासो, सक्रियाता र चिन्ताले निर्धारित समयमै संविधान निर्माण हुनसक्ने कुरामा आशावादी हुने ठाउँ रहेता पनि राजनैतिक वृत्तमा असान्दर्भिक सत्ता र शक्ति संघर्षले मानव अधिकारको आधारभूमिमा नै कतै दीर्घकालीन प्रहार हुने त होइन ? भन्ने आशंका आच्छादित छ ।

५. देशका विभिन्न भागमा मानव अधिकार रक्षकहरूको रूपमा अग्रपंतिमा कृयाशील मानव अधिकार रक्षक, संचारकर्मीहरू तथा शिक्षकमाथिको आक्रमण, महिला, वालवालिका, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाती, यौन अल्पसख्यक तथा तेस्रो लिङ्गि, सुकुम्वासी तथा अन्य सीमान्तकृत एवम् पछाडि पारिएका समुदायको हकहित र अधिकारको सुनिश्चितता गरिनु आबश्यक भैसकेको छ ।

६. सामान्य औषधिमूलो र उपचारवाट निको हुने झाडापखाला जस्तो समस्याबाट यस वर्ष जाजरकोटलगायत मध्य तथा सुदूर पश्चिमका जिल्लाहरूमा करिव ४०० जनाले अकाल मृत्यु वरण गर्नु पर्यो, ६५ हजारभन्दा बढि मानिसहरूले समयमानै उपचार नपाउँदा जीवन र मरणको स्थितिमा लामो समय रहनु पर्यो । भोकमरी र खाद्य संकटको कारण बाँच्न पाउने अधिकारवाट बञ्चित मध्य तथा सुदूर पश्चिमाञ्चल र हिमाली भेगका वालवालिका र नागरिकहरूको पीडाको दीर्धकालीन निवारणको खोजीलाई प्राथमिकता दिन जरूरी छ ।

७. अझै पनि गाउँगाउँमा रहेका स्वास्थ्य चौकी तथा अस्पतालहरूमा दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरू छैनन् । पाठ्यपुस्तकहरूको आपुर्ति समयमा हुन सकेको छैन । सवै गा.वि.स. कार्यालयहरू सुचारू रूपले संचालन हुन सकिरहेका छैनन् । कानुनको शासन र सुशासनको स्थिति कमजोर देखिएको छ । कर्णाली क्षेत्र लामो समयदेखि खाद्य अभाव र दैनिक उपभोग्य सामाग्रीहरूको अभाववाट ग्रस्त छ, भरपर्दो आवागमन सुविधाबाट विमूख छ । यातना, हत्या, अपहरण, चन्दा, सम्पत्ति कव्जा, बलात्कार, महिला हिंसा, दुर्व्यबहार आदि अझै रोकिन सकेको

छैन । आम जनसमुदायले असुरक्षाको महशुस गरिरहेको स्थिति छ । यि समस्याहरूको निदानका साथै सुदूर एवं विकट भौगोलिक स्थितिमा बसोवास गर्ने र द्वन्दकालमा अति पीडित बर्दिया, रूकुम, रोल्पा, कालिकोट जस्ता स्थानका बासिन्दाहरूमा राहत, क्षतिपूर्ति र जीवनस्तरको उत्थान गर्ने कार्यक्रम शीघ्र आउनु जरूरी छ ।

८. विस्तृत शान्ति सम्झौता, २०६३ ले प्राथमिकताका साथ अंगीकार गरेका मानव अधिकारका विषयहरूमा समेत सन्तोष लिन सकिने अवस्था देखिँदैन । आयोगले भरखरै सार्वजनिक गरेको शान्ति सम्झौताको त्रि-वर्षीय प्रतिवेदनवाट यस सम्बन्धी तथ्यांकहरूको विश्लेषण गरिसकिएको छ र यस सम्बन्धमा सम्झौतारत पक्षहरूलाई सम्झौताका शर्तहरू अक्षरसः पालना गर्न आवश्यक सिफारिस तथा आग्रह गरिएको छ ।

९. मानव अधिकार, लोकतन्त्र र कानुनको शासन एक अर्काका पूरक हुन् भन्ने कुरा हामी सबैलाई अवगत भएकै बिषय हो । हत्या, अपहरण, बलात्कार, यातनाजस्ता मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने सयकडौं मुद्दाहरू सरकारले हठात् फिर्ता लिनुले दण्डहीनतालाई प्रश्रय दिएको जनसामान्यमा धारणा बन्न गएको छ । नेपाल सरकारवाट मानव अधिकार सम्वन्धी मुद्वा फिर्ता लिँदा राष्ट्रिय मानव अधिकार आयोगको पनि परामर्श लिने परम्परा बसाल्नु मनासिव हुन्छ भन्ने आयोगको मान्यता छ । अन्यथा, आयोगले मानव अधिकार उल्लंघनको दोषी ठहर गरेका मानिसहरूलाई कानुनी कार्यबाहीको परिणतिमा ल्याउनुको साटो तिनको मुद्वा फिर्ता लिनु, पीडित पक्षलाई उचित क्षतिपूर्ति तथा परिपूरणको व्यवस्था नगरिनु जस्ता कुराले मानव अधिकारको मर्म माथि नै प्रहार गर्ने हुँदा प्रकारान्तमा आयोगको सिफारिस र तदअनुकुल मुद्दा सम्पादनको औचित्यमा नै प्रश्न चिन्ह खडा गर्छ ।

१०. अतः यिनै परिप्रेक्ष्य र सन्दर्भमा यो दिवस मनाइरहँदा यस वर्ष मानव अधिकारवादी एवं गैर सरकारी संस्थाको संजाल र सरोकारवालाहरू समेत सम्मिलित भै आयोजना गरिएको महाभेला, प्रभातफेरी लगाएतका अन्य कार्यक्रमहरू अत्यन्त उत्साहबर्धक छन् । मलाई लाग्छ, यस्को निरन्तरताले मानव अधिकार अभियानलाई अझै सुदृढ, अझै सवल र अझै संगठित गराउने छ । महाभेलाका आयोजक सम्पूर्ण मानव अधिकारकर्मी र गैर सरकारी संस्थाका सदस्यहरूप्रति बधाई दिन चाहन्छु ।

११. अन्त्यमा, राष्ट्रिय मानव अधिकार आयोग एउटा **स्वायत्त र स्वतन्त्र** कानुनी संस्थाको रूपमा स्थापित भै संम्बत २०५७ साल देखि नै कार्यरत रहेकोमा जनआन्दोलन २ पछि हाल संबैधानिक अंगको रूपमा स्थापित भएको छ । संबैधानिक अंगको रूपमा स्थापित भएपछि कानुनत अझै सशक्त र सबल हुनु पर्नेमा संविधानको अपव्यख्या हुने गरी सरकारद्वारा प्रस्तावित मानव अधिकार आयोग ऐन, २०६६ विधेयकमा **"स्वायत्त र स्वतन्त्र"** भन्ने शब्द हटाइएको विषयमा मानव अधिकारकर्मी, नागरिक समाजले ध्यानाकर्षण गराएको सम्बन्धमा ऐक्यवद्वता व्यक्त गर्दै त्यस्मा गंभिरपूर्वक विचार गर्न सम्माननीय प्रधानमन्त्रीज्यूलाई विनम्र अनुरोध गर्दछु ।

आफ्नो अति व्यस्तताको बावजुद हामीलाई समय दिनुभएकोमा प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । र, साथै हाम्रो आमन्त्रण स्वीकार गरी यहाँ पाल्नुभएका समस्त अतिथिहरूमा आभार व्यक्त गर्दै आफ्नो मन्तव्य यहीं टुङ्गयाउँछु ।

**धन्यवाद ।**

**६१ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको उपलक्ष्यमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष श्री केदारनाथ उपाध्यायले दिनुभएको मन्तब्य भाषण ।**

मिति: २०६६।८।२५

सम्माननीय प्रधानमन्त्रीज्यू,
सम्माननीय प्रधान न्यायाधीशज्यू र माननीय न्यायाधीशज्यूहरू,
सम्माननीय अध्यक्षज्यू, संविधान सभा,
माननीय उपप्रधानमन्त्रीज्यूहरू तथा माननीय मन्त्रीज्यूहरू
सर्बोच्च अदालतका माननीय न्यायाधीसज्यूहरू
संविधान सभाका सभासदज्यूहरू,
संवैधानिक अङ्गका प्रमुखज्यूहरू,
महामहिम राजदूतज्यूहरू,
राजनीतिक दलका नेता तथा प्रतिनिधिज्यूहरू,
UNDP का आवासीय प्रतिनिधि Mr. Robert Piper ज्यू र विभिन्न नियोगका पदाधिकारीज्यूहरू,
UN OHCHR का प्रतिनिधि Mr. Richard Bennett ज्यू,
मञ्चमा हुनु भएका विशिष्ट व्यक्तिहरू
नागरिक समाजका प्रतिनिधिज्यूहरू,
मानव अधिकारकर्मी तथा पत्रकार मित्रहरू
आमन्त्रित सम्पूर्ण पाहुनाहरू

१. अन्तर्राष्ट्रिय मानव अधिकार घोषणा भएको ६१ औं वार्षिक उत्सव मनाउन हाम्रो आतिथ्य स्वीकार गरी पाल्नु भएका सम्पूर्ण महानुभावहरूलाई राष्ट्रिय मानव अधिकार आयोगको प्राङ्गणमा स्वागत गर्दछु ।

२. संयुक्त राष्ट्रसंघ मानव अधिकार उच्च आयुक्तद्वारा यस वर्षका लागि चयन गरिएको **विविधतालाई आत्मसात् गरौं र बिभेदलाई त्यागौं** भन्ने विश्वव्यापी सन्देश हाम्रै सन्दर्भलाई दृष्टिगत गरी तर्जुमा गरिएझैं प्रतित हुन्छ । विभिन्न जातजाती, धर्म संस्कृति रहेको हाम्रो मुलूकको लागि सवै थरी नेपालीका आकांक्षा अंकुरित समाबेसी संविधान बनाउने जिम्मेवारी संविधान सभाको रहेको छ । युगौं देखि जातीय, धार्मिक र लैङ्गिक विभेद हाम्रो धर्म, परम्परा र कानुनमा रहिआएकोमा त्यसलाई निर्मूल गर्ने कानुन बनिसके पनि कार्यान्वयन तहमा अझै जोड दिनु पर्ने अवस्था छ । छुवाछुत र भेदभावको अन्त्य गर्न सामाजिक चेतनामूलक कार्यक्रमहरू सवै सामाजिक संस्था, राजनीतिक दल एवं नेपाल सरकार समेतवाट संयुक्त रूपमा संचालन हुनु अझै आवश्यक छ ।

३. मानव अधिकार सम्बन्धी विश्वले अंगीकार गरेका थुप्रै महासन्धिहरू मध्ये एसियामा नै सर्वाधिक महासन्धिहरूलाई निशर्तः अनुमोदन गर्ने राष्ट्रहरू मध्ये नेपाल पनि रहनु अर्को सुखद् पक्ष हो, यद्यपि मानव अधिकारको दृष्टिकोणवाट अति महत्वपूर्ण अन्य कतिपय महासन्धिहरूमा राष्ट्रले अनुमोदन गर्न बाँकी नै रहेको छ । आयोगले गत वर्ष नेपाल सरकारलाई अन्तर्राष्ट्रिय फौजदारी अदालत (रोम विधान, (ICC)को अनुमोदन गर्नको लागि सिफारिस गरिसकेकोमा कार्यान्वयनका लागि आज एक पटक फेरि स्मरण गराउन चाहन्छु । त्यसैगरी, बलपूर्वक वेपत्ता पारिएका व्यक्तिहरूसम्बन्धी महासन्धि (ICED), अपाङ्गता भएका व्यक्तिहरू सम्बन्धी महासन्धि (ICRPD), तथा बैदेशिक रोजगारीमा कार्यरत कामदारहरू तथा तिनको परिवारको सुरक्षा सम्बन्धी महासन्धि (ICPRMW) समेतलाई अनुमोदन गरी व्यबहारमा लागू गर्न समेत ढिलो भइसकेको छ ।

४. विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान, संविधान सभाको निर्वाचन पछि नयाँ संविधान निर्माणप्रति नागरिक समाज, मानव अधिकारकर्मीहरूले देखाएको चासो, सक्रियाता र चिन्ताले निर्धारित समयमै संविधान निर्माण हुनसक्ने कुरामा आशावादी हुने ठाउँ रहेता पनि राजनैतिक वृत्तमा असान्दर्भिक सत्ता र शक्ति संघर्षले मानव अधिकारको आधारभूमिमा नै कतै दीर्घकालीन प्रहार हुने त होइन ? भन्ने आशंका आच्छादित छ ।

५. देशका विभिन्न भागमा मानव अधिकार रक्षकहरूको रूपमा अग्रपंतिमा कृयाशील मानव अधिकार रक्षक, संचारकर्मीहरू तथा शिक्षकमाथिको आक्रमण, महिला, वालवालिका, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाती, यौन अल्पसख्यक तथा तेस्रो लिङ्गि, सुकुम्वासी तथा अन्य सीमान्तकृत एवम् पछाडि पारिएका समुदायको हकहित र अधिकारको सुनिश्चितता गरिनु आबश्यक भैसकेको छ ।

६. सामान्य औषधिमूलो र उपचारवाट निको हुने झाडापखाला जस्तो समस्याबाट यस वर्ष जाजरकोटलगायत मध्य तथा सुदूर पश्चिमका जिल्लाहरूमा करिव ४०० जनाले अकाल मृत्यु वरण गर्नु पर्यो, ६५ हजारभन्दा बढि मानिसहरूले समयमानै उपचार नपाउँदा जीवन र मरणको स्थितिमा लामो समय रहनु पर्यो । भोकमरी र खाद्य संकटको कारण बाँच्न पाउने अधिकारवाट बञ्चित मध्य तथा सुदूर पश्चिमाञ्चल र हिमाली भेगका वालवालिका र नागरिकहरूको पीडाको दीर्घकालीन निवारणको खोजीलाई प्राथमिकता दिन जरूरी छ ।

७. अझै पनि गाउँगाउँमा रहेका स्वास्थ्य चौकी तथा अस्पतालहरूमा दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरू छैनन् । पाठ्यपुस्तकहरूको आपुर्ति समयमा हुन सकेको छैन । सवै गा.वि.स. कार्यालयहरू सुचारू रूपले संचालन हुन सकिरहेका छैनन् । कानुनको शासन र सुशासनको स्थिति कमजोर देखिएको छ । कर्णाली क्षेत्र लामो समयदेखि खाद्य अभाव र दैनिक उपभोग्य सामाग्रीहरूको अभाववाट ग्रस्त छ, भरपर्दो आवागमन सुविधाबाट विमूख छ । यातना, हत्या, अपहरण, चन्दा, सम्पत्ति कव्जा, बलात्कार, महिला हिंसा, दुर्व्यबहार आदि अझै रोकिन सकेको

छैन । आम जनसमुदायले असुरक्षाको महशुस गरिरहेको स्थिति छ । यि समस्याहरूको निदानका साथै सुदूर एवं विकट भौगोलिक स्थितिमा बसोवास गर्ने र द्वन्दकालमा अति पीडित बर्दिया, रूकुम, रोल्पा, कालिकोट जस्ता स्थानका बासिन्दाहरूमा राहत, क्षतिपूर्ति र जीवनस्तरको उत्थान गर्ने कार्यक्रम शीघ्र आउनु जरूरी छ ।

८. विस्तृत शान्ति सम्झौता, २०६३ ले प्राथमिकताका साथ अंगीकार गरेका मानव अधिकारका विषयहरूमा समेत सन्तोष लिन सकिने अवस्था देखिँदैन । आयोगले भरखरै सार्वजनिक गरेको शान्ति सम्झौताको त्रि-वर्षीय  प्रतिवेदनवाट यस सम्बन्धी तथ्यांकहरूको विश्लेषण गरिसकिएको छ र यस सम्बन्धमा सम्झौतारत पक्षहरूलाई सम्झौताका शर्तहरू अक्षरसः पालना गर्न आवश्यक सिफारिस तथा आग्रह गरिएको छ ।

९. मानव अधिकार, लोकतन्त्र र कानुनको शासन एक अर्काका पूरक हुन् भन्ने कुरा हामी सबैलाई अवगत भएकै बिषय हो । हत्या, अपहरण, बलात्कार, यातनाजस्ता मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने सयकडौं मुद्दाहरू सरकारले हठात् फिर्ता लिनुले दण्डहीनतालाई प्रश्रय दिएको जनसामान्यमा धारणा बन्न गएको छ । नेपाल सरकारवाट मानव अधिकार सम्वन्धी मुद्दा फिर्ता लिँदा राष्ट्रिय मानव अधिकार आयोगको पनि परामर्श लिने परम्परा बसाल्नु मनासिव हुन्छ भन्ने आयोगको मान्यता छ । अन्यथा, आयोगले मानव अधिकार उल्लंघनको दोषी ठहर गरेका मानिसहरूलाई कानुनी कार्यबाहीको परिणतिमा ल्याउनुको साटो तिनको मुद्दा फिर्ता लिनु, पीडित पक्षलाई उचित क्षतिपूर्ति तथा परिपूरणको व्यवस्था नगरिनु जस्ता कुराले मानव अधिकारको मर्म माथि नै प्रहार गर्ने हुँदा प्रकारान्तमा आयोगको सिफारिस र तदअनुकुल मुद्दा सम्पादनको औचित्यमा नै प्रश्न चिन्ह खडा गर्छ ।

१०.अतः यिनै परिप्रेक्ष्य र सन्दर्भमा यो दिवस मनाइरहँदा यस वर्ष मानव अधिकारवादी एवं गैर सरकारी संस्थाको संजाल र सरोकारवालाहरू समेत सम्मिलित भै आयोजना गरिएको महाभेला, प्रभातफेरी लगाएतका अन्य कार्यक्रमहरू अत्यन्त उत्साहबर्धक छन् । मलाई लाग्छ, यस्को निरन्तरताले मानव अधिकार अभियानलाई अझै सुदृढ, अझै सवल र अझै संगठित गराउने छ । महाभेलाका आयोजक सम्पूर्ण मानव अधिकारकर्मी र गैर सरकारी संस्थाका सदस्यहरूप्रति बधाई दिन चाहन्छु ।

११.अन्त्यमा, राष्ट्रिय मानव अधिकार आयोग एउटा **स्वायत्त र स्वतन्त्र** कानुनी संस्थाको रूपमा स्थापित भै संम्बत २०५७ साल देखि नै कार्यरत रहेकोमा जनआन्दोलन २ पछि हाल संबैधानिक अंगको रूपमा स्थापित भएको छ । संबैधानिक अंगको रूपमा स्थापित भएपछि कानुनत अझै सशक्त र सबल हुनु पर्नेमा संविधानको अपव्यख्या हुने गरी सरकारद्वारा प्रस्तावित मानव अधिकार आयोग ऐन, २०६६ विधेयकमा **"स्वायत्त र स्वतन्त्र"** भन्ने शब्द हटाइएको विषयमा मानव अधिकारकर्मी, नागरिक समाजले ध्यानाकर्षण गराएको सम्बन्धमा ऐक्यवद्वता व्यक्त गर्दै त्यस्मा गंभिरपूर्वक विचार गर्न सम्माननीय प्रधानमन्त्रीज्यूलाई विनम्र अनुरोध गर्दछु ।

आफ्नो अति व्यस्तताको बावजुद हामीलाई समय दिनुभएकोमा प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । र, साथै हाम्रो आमन्त्रण स्वीकार गरी यहाँ पाल्नुभएका समस्त अतिथिहरूमा आभार व्यक्त गर्दै आफ्नो मन्तव्य यहीं टुङ्गयाउँछु ।

**धन्यवाद ।**

## ६२ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको उपलक्ष्यमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष श्री केदारनाथ उपाध्यायले दिनुभएको मन्तब्य

...................................................................................................................................
...................................................................................................................................
.......................................................................................

विभिन्न मित्रराष्ट्रका महामहिम राजदूत र नियोग प्रमुखज्यूहरू, विभिन्न कार्यालयका प्रमुखज्यूहरू, विभिन्न गैरसरकारी संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरू, नागरिक समाजका प्रतिनिधि एवं सम्पूर्ण मानव अधिकारकर्मी मित्रहरू, संचारकर्मी तथा कार्यक्रममा उपस्थित अन्य सम्पूर्ण अतिथिवृन्द ।

विगत वर्षहरूमा झैं यस वर्ष पनि हामी ६२ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउने सन्दर्भमा आयोगको यस प्राङ्गणमा उपस्थित भएका छौं । आयोगको निमन्त्रणालाई स्वीकार गरी यस कार्यक्रममा पाल्नु हुने प्रमुख अतिथिज्यू लगायत सम्पूर्ण महानुभावहरूमा म राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट र व्यक्तिगत रूपमा समेत धन्यवाद दिन चाहन्छु ।

यस दिवसलाई आज हामी **"खुलेर बोलौं, विभेद रोकौं" (Speak Up! Stop Discrimination)** भन्ने नाराका साथ मनाउन लागेका छौं । मानव सन्तती, स्त्री वा पुरूष, जुनसुकै वर्ण, धर्म, संस्कृति वा आस्थाका भएपनि समानता, विभेदरहित, सम्मानजनक व्यवहारका हकदार हुन्छन् । तर पनि नेपाली समाजमा पुरातनवादी सोच माथिल्ला जातका व्यक्तिहरूको तल्लो जातप्रति रहँदै आएको परम्परागत हेपजन्य पूर्वाग्रह, सपाङ्ग-अपाङ्ग, मधेसी-पहाडि, सम्पन्न-विपन्न, शिक्षित-अशिक्षित, महिला-पुरूष आदि नानाथरी विभेदजन्य व्यवहारहरू अझै पनि हाम्रो रिति, नीति, कानुन र व्यवहारमा रहँदै आएको छ । जनआन्दोलन २ पछि पनि सामाजिक भेदभावलाई हटाउने खासै प्रयत्न भएको पाइदैन । जातीय विभेद र छुवाछुत विरूद्धका कानुन र संवैधानिक व्यवस्थाबाट मात्र यी समस्याहरूलाई अन्त्य गर्न नसकिने हुँदा यस समस्याको आधिपत्य राजनैतिक दलहरूले नै लिनुपर्छ र नागरिक समाजको सहयोग समेत लिएर आफ्नो कार्यकर्ताहरू मार्फत गाउँ-गाउँ घरधुरीमा जातीय विभेद र छुवाछुत जस्ता अमानवीय व्यवहार विरूद्ध सशक्त अभियान

संचालन गर्नुपर्छ भन्ने आयोगको धारणा रहेको छ । तसर्थ यस विषयमा शीघ्रातिशीघ्र पहल हुन र विभेदजन्य व्यवहार क्रमैसंग अन्त्य गर्न सवै राजनैतिक दलहरू र नेपाल सरकारलाई अनुरोध गर्न चाहन्छु ।

आजको दिवस मनाउने क्रममा गएको एक बर्षको मानव अधिकारका चुनौति र प्रयासहरूको प्रसंग पनि उठाउनु जरूरी हुन्छ । अघि-अघिका वर्ष देखिका मानव अधिकारका समस्याहरू कतिपय थुप्रेर बसेका छन् भने कतिपयमा समाधानका केहि सकारात्मक पक्ष देखिएका छन् । द्वन्दकालमा बलजफ्ती बेपत्ता पारिएका व्यक्तिहरूको स्थिति अहिलेसम्म पनि सार्वजनिक हुन सकेको छैन । विस्थापितहरू मध्ये कतिपयका लागि कव्जा गरिएका घरजग्गा फिर्ता गर्ने र आफ्नो थात थलोमा फर्कन सकिने सुरक्षित वातावरण बनेको छैन; द्वन्दकालमा निकै गंभीर प्रकृतिको दोष लागेका मानव अधिकार हनन्कर्ता – ए.ने.क.पा. (माओवादी)सँग सम्बन्धित व्यक्ति र नेपाल सरकारका सुरक्षाकर्मीहरूउपर यस आयोगको सिफारिस बमोजिम मुद्दा चलाउने काम भएको छैन । शान्ति प्रकृयाका संयन्त्रात्मक व्यवस्था बमोजिम सत्य निरूपण तथा मेलमिलाप आयोग, बलजफ्ति बेपत्ता पारिएका व्यक्तिहरूसम्बन्धी छानविन आयोगहरू खडागरी द्वन्द्व रूपान्तरण एवं शान्ति प्रकृयालाई तार्किक निष्कर्षमा पुऱ्याउनुको बदला तीनवटै प्रमुख राजनीतिक दलहरूको नेतृत्वमा पालो-पालो बनेको सरकारले दलको स्वार्थ निहीत मुद्दा फिर्ता लिने काम गरेको छ । शान्ति सम्झौता भएको ४ वर्ष बितिसक्दा पनि द्वन्द्वकालका मानव अधिकार हनन्कर्ताहरूउपर मुद्दा नचलाइनाले दण्डहीनताको कुसंस्कारले निरन्तरता पाइरहेको छ । यसले कानुनको शासन कायम गर्ने कर्तव्य भएका राष्ट्र सेवकहरूको मनोवल समेत खस्केको छ । एकातिर बढाइएको म्याद भित्र पनि सम्विधान नबन्ने हो की भन्ने अन्यौलको वातावरण रहेको र अर्को तिर विगत पाँच महिनादेखि नेपाल सरकारको नेतृत्वको ठेगान पनि नलागेकोले मूलुकको राजनीतिको प्रत्यक्ष दुष्परिणाम नेपाली जनताको मानव अधिकारको उपभोग र संबर्धनमा पर्दै आएको छ ।

यी निराशाजनक कुराहरूको वावजुद केहि सकारात्मक पहलहरू पनि नभएका होइनन् । यसै अवधिमा एकीकृत ने.क.पा.(माओवादी)को सैन्य शिविरहरूमा रहेका अयोग्य र उमेर नपुगेका भनिएका लडाकुहरूको बहिर्गमन भएको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (CRPD), २००६ को नेपाल पक्ष राष्ट्र भएको छ । नेपाल सरकारले सशस्त्र द्वन्द्वपीडित व्यक्ति तथा परिवारको लागि राहत दिने उद्देश्यबाट २०६६ मंसीर ३० गते नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि २०६६ जारी गरी लागू गरेको छ । बहुप्रतिक्षित नयाँ संविधानमा टुङ्ग्याउन बाँकी रहेका विषयहरूलाई राजनैतिक दलहरूबाट छलफल पछि निष्कर्षमा पुऱ्याउने कार्य भइरहेकै छ । संक्रमणकालीन न्यायलाई सम्वोधन गर्न सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयक २०६६ फागुनमा व्यवस्थापिका संसदमा पेश भएको छ । नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट द्वन्द्वपीडितहरूको अभिलेख संकलन गर्ने तथा द्वन्द्वपीडित व्यक्ति र परिवारहरूले राहत प्राप्त गर्ने कार्य जारी रहेको मन्त्रालय श्रोतबाट अवगत भएको छ ।

माओवादी सैन्य शिविरबाट बहिर्गमन भएका २,९७३ जना लडाकुहरू मध्ये कम्तिमा १,५६३ जनालाई केन्द्रीय बाल कल्याण समितिले पुनःस्थापनासम्बन्धी परामर्श दिने तथा शीपमुलक तालिम प्रदान गर्ने कार्य गरेको छ । शिविरमा रहेका वाकि लडाकुहरूको सम्वन्धमा पनि अनमिनको म्याद सकिनै लागेकोले त्यसको लागि सिध्रातिशिध्र कुनै व्यवस्था हुनु नितान्त आवश्यक भएको छ । व्यक्ति लक्षित गरी बिछ्याइएका कम्तिमा पनि ३४ वटा बारूदी सुरूङ्गहरू नष्ट गर्ने कार्य सरकारबाट भएको बुझिएको छ । यी र यस्ता कार्यहरूलाई मानव अधिकारको सम्मान, संरक्षण र कार्यान्वयनको दृष्टिकोणबाट सकारात्मक रूपमा लिन सकिने अवस्था रहेको छ ।

तथापि, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकारको सुदृढिकरणका लागि विशेष पहलको आवश्यकता छ । मानव अधिकार सुचिश्चित गर्ने कुरामा नेपाल सरकारवाट रोम विधान (ICC Statute),बलपूर्वक वेपत्ता पारिएका व्यक्तिहरू सम्वन्धि महासन्धि (ICED),बैदेशिक रोजगारीमा जानेहरू तिनका परिवारको सुरक्षा सम्वन्धि महासन्धि (CMW)समेतलाई अनुमोदन गर्न नेपाल सरकारवाट खासै प्रयास भएको देखिदैन ।

विशेष गरी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सम्बन्धमा पर्याप्त ध्यान दिन नसक्दा एकातिर गुणस्तरीय खाद्यान्न र आधारभूत स्वास्थ्य उपचार नपाएर नागरिकले अनाहकमा जीवन गुमाउनु परेका दुखान्त घटनाहरू हाम्रा सामु छन् भने अर्को तिर विकासको गति नै अल्मलिन पुगेको छ । देशमा अकाशिदै गएको मूल्यवृद्धि, बढ्दो बेरोजगारी, अव्यवस्थित र असुरक्षित बैदेशिक रोजगार र हालै अपारदर्शिढंगवाट बढाइएको पेट्रोलियम पदार्थको मूल्य बृद्धि जस्ता जनसरोकारका सवालहरूमा कुनै पनि राजनीतिकदलवाट सरोकार देखाइएको पाइदैन । यस्तै, नागरिक तथा राजनैतिक अधिकार, यातनाविरूद्धको अधिकार, महिला अधिकार, बलपूर्वक वेपत्ता पार्ने कार्यविरूद्धको अधिकार, बालअधिकार, जातीय विभेदविरूद्धको अधिकारको उपभोगमा समेत अवरोध र असन्तोष बढ्दो छ । मानव अधिकारको संरक्षण र संबर्द्धनमा अहोरात्र खटिनु पर्ने मानव अधिकार रक्षक तथा पत्रकारहरूको जीवन र अधिकारसमेत विशेषतः अपराधिक समूहहरूको कारण जोखिममा पर्ने र त्यसतर्फ सरकारबाट प्रभावकारी सुरक्षा गर्न सकेको छैन ।

मूलुकको संक्रमण कालीन स्थितिमा मानव अधिकारका समस्याहरू स्वाभाविक रूपले रहने भए पनि त्यसको निदान हुदै जानु पर्छ भन्ने कुरामा दुई मत हुन सक्दैन । एकातिर द्वन्द्वको समस्या समाधान नहुनु र अर्कोतिर संक्रमणकाल लम्बीदै जानुको साथै जतिजति समय बढ्दै गयो मानव अधिकारका समस्याहरू जेलीदै जानु चाहि हुनु हुदैन । कि त संक्रमणकालको अन्त र शान्ति प्रकृयाको तार्किक परिणति शिघ्र हुनु पर्दछ । सो हुन नसकेमा पनि मानव अधिकारका समस्याहरू समाधानका लागि नेपाल सरकारले आफ्नो कार्यक्रममा प्राथमिकता दिनु पर्दछ भन्ने आयोगको धारणा रहेको छ । अतः तद् अनुकूल नेपाल सरकारलाई आयोग द्वारा गरिएका सिफारिस, आग्रह, अनुरोधलाई यथेष्ट ध्यान दिन यस अवसरमा म विशेष अनुरोध गर्दछु ।

**धन्यवाद**